CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाकवि अश्वघोष रचित

बुद्ध चरित्र

महाकाव्य

(नेपाली भाषानुवाद संस्कृत मूलसहित)

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

संस्कृति विभाग

काठमाडौं, नेपाल।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक:—
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
संस्कृति विभाग
नेपाल ।

प्रथम संस्करण
२०२५

मुद्रक:—
श्री अन्नपूर्णा-प्रेस
असनटोल
काठमाडौं, नेपाल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ महाराजाधिराज (कुलपति) बाट बक्सेको सन्देश

हिमवत्खण्डले साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि दिईआएको विशेष योगदानको महत्त्वलाई सबैले बुझेकै छन्— ऐतिहासिक कारणहरूले गर्दा त्यस परम्परामा बीचमा पर्न आएका व्यवधानलाई अब पन्छाएर नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ—

यसको प्रयत्नले देशका आवश्यकताहरूको क्रमशः पूर्ति हुनेछ, र साथै देशान्तरमा पनि हाम्रो जीवनको परिचय दिने छ भन्ने आशा गर्दछु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्री ५ महाराजाधिराज
महेन्द्र वीर विक्रम शाहदेव

कुलपति
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गौतम बुद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीयः—

श्री विश्वनाथ शर्मा भट्टराईजीले गर्नु भएको महाकवि अश्वघोष रचित बुद्ध चरित्रको अनुवाद नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, संस्कृति विभागको योजनानुसार भएको हो। विश्वका चौथाइ जनताले मानी-आएको नेपाली एक धर्म - बौद्ध धर्म-को महत्वपूर्ण ग्रन्थ नै नेपाली भाषामा नहुनु ज्यादै दुःखको कुरा थियो। यस्तो ग्रन्थको सरल र सुन्दर भाषामा अनुदित हुनु अनुवादकको सफलता नै हो।

केवल उपदेशक, धर्म-प्रवर्तक र महात्मामात्र भन्नु सट्टा ऐतिहासिक, राजनैतिक, सामाजिक, सांस्कृतिक एवं आध्यात्मिक आदि दृष्टिकोणले अश्वघोषले महात्मा बुद्धलाई हेरे भैं हामीले पनि उनलाई हेरेमा हामी एक राष्ट्रिय-विभूतिको वैभव प्रशस्त उपलब्ध गर्न पाउने छौं र नेपाली भाषा गौरवान्वित पनि हुने छ भन्ने मेरो धारणा छ।

काठमाडौं,
२०२५ मार्ग २७ गते

वालकृष्ण सम
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

मनुष्य चेतनशील प्राणी हो। उसमा अनेक प्रकारको विचारको उत्पत्ति हुनु स्वाभाविकै हो। जब मनुष्य संसारको विचार गर्न थाल्दछ, यो कसरी बन्यो ? कसले बनायो ? कहिलेदेखि बन्यो ? वा आफैं बन्यो ? वा ईश्वरले बनायो ? मनुष्य कसरी मर्दछ ? मरेर कहाँ जान्छ ? आदि। तब यो विषय अत्यन्त गहन बन्दछ।

यो अत्यन्त गहन विषय भएकोले सामान्य मनुष्य यसको विचार गर्न नै नसकी यसलाई उपेक्षा-दृष्टि राखी भोगतर्फ झुक्दछन्। भोगमा इन्द्रियतृप्त पार्नु नै मुख्य लक्ष्य हुन्छ। भोगासन्न मनुष्य इन्द्रियतृप्त गर्न लाई अरुको भाग हरण गर्नु र अर्काको जीवन नाश गर्नसम्म पनि हिचकिचाउँदैन। त्यसैले गर्दा संसारमा अशान्तिको प्रादुर्भाव हुन्छ। दुर्बलवर्ग पीडित हुन्छ। बलवान्वर्ग प न क्रोध र अभिमानको वशले आक्रान्त हुन्छ। सर्वत्र हाहाकार मच्चिन्छ। यस्तो भएपछि कुनै दिव्य पुरुष प्रादुर्भाव भएर आफ्नू सिद्धान्तद्वारा सबैको रक्षा गर्दछ। बुद्ध पनि त्यस्तै अवतारमध्येका एक अवतार हुन्। त्यस बखतका मानिस भोग-लोलुपमात्र होइनन्, हिंसापरायण पनि थिए।। यहाँ-संम कि मनुष्य नै मनुष्यको बलिदान गर्थ्यो। नरबलि शास्त्रविहित मानिन्थ्यो। स्वर्ग-सुखको कामनाले हजारौं बलि चढ्दथे। कुनै घोर तपस्याद्वारा तामसी तप गर्दथे। अन्न-जलको त्याग गरी शरीर सुकाउँथे तथा शरीर त्यागसंम पनि गर्दथे। उनको मतमा लौकिक सुख अपूर्ण र स्वर्गीय सुख पूर्ण छ भन्ने थियो। यस्तैमा भगवान् बुद्धले तपस्या, त्याग र भोगको यथार्थ भेद बताए। उनले मध्यम मार्गलाई नै कल्याणकारक छ भने। सर्वजनसुखाय र सर्वजनहितायको महामन्त्र दान दिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गौतम बुद्धको जन्मले २५०० शय वर्ष बितेर २६ शयमा प्रवेश गरेको छ । उनलाई दशावतारमध्ये एक अवतार मानेका छन् । उनको जन्म हाम्रो नेपाल राज्यको तराईभाग – लुम्बिनी नामको जङ्गलमा भएको हुनाले नै त्यस अञ्चलको नाम पनि लुम्बिनी हुन गएको हो ! उनी राजवंशका हुन र हाम्रो राष्ट्रिय विभूतिमध्ये एक हुन् । उनका पिताको नाम शुद्धोदन र माताको नाम मायादेवी हो । उनी जन्मदा अत्यन्त सुन्दर, तेजिला, सबैको मन हरण गर्ने थिए । राजा शुद्धोदनले ज्योतिषीहरु बोलाई देखाउँदा राज्य गरेमा यी चक्रवर्ती हुनेछन्, तर राज्य गर्दैनन्, संन्यासी हुन्छन् र धर्मको उपदेशक हुन्छन् भने । यसले राजालाई ठूलो चिन्ता पऱ्यो ।

त्यसै बखत असित नामले प्रसिध्द एक मुनि आई राजालाई सान्त्वना दिंदै भन्नलागे – 'हे राजन ! मलाई सूर्यमार्गमा आकाशवाणी भयो । म यिनको दर्शनका निंति आएको हूँ । यी धर्मका प्रतिष्ठाता र विषयमा अनासक्त हुनेछन् । ठूलो तपस्या गरी संसारमा मोहरूपी अन्धकार नष्ट पारी ज्ञानरूपी सूर्यको उदय गराउने छन् । यिनी बुद्धत्व प्राप्त गर्नेछन् । 'यस्तो ऋषिको वचन सुनी राजाले धैर्य धारण गरे । दान – प्रदानहरू गरे । सानै उमेरदेखि विलक्षण प्रतिभा-संपन्न यी राजकुमारलाई राजाले अनेकौं विषयभोगका सामग्रीहरु एकत्रित गराई विषयभोगतर्फ लगाउने कोसिस गरे । यिनको यशोधरा नामकी कन्याका साथ विवाह भई राहुल भन्ने पुत्रको जन्म भयो । तर यी विचारशील राजकुमारलाई बूढो, रोगी तथा मरेको मनुष्य देखेर संसारको अनित्यतामा दृढ–निश्चय भयो र तीव्र वैराग्यको लहर उठ्यो । अन्त्यमा यिनी राजप्रासादको वैभव, सबै उपभोगका सामग्री, आफ्ना माता, पिता, पत्नी र सानो बालक पुत्रलाईसमेत त्याग गरेर जङ्गलतर्फ गए । जङ्गलमा नाना आश्रममा घुम्दै विचारविमर्ष गर्दै शान्तिको खोजमा हिंडेका राजकुमारलाई कहीं पनि शान्ति मिलेन । कठोर तपस्याको आश्रय लिएर पनि शान्ति उपलब्ध भएन । अन्त्यमा नैरञ्जना नदीमा स्नान गरी गोपकन्या नन्दबालाले श्रद्धासँग ल्याएको पायस खाई बोधि-वृक्षको आश्रय लिई ध्यान गर्दा उनलाई तत्वोपदेशको ज्ञान खुल्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि उनले संन्यासरूप धारण गरी सांसारिक तापले संतप्त भएका मनुष्यको उद्धार गर्छु भन्ने प्रतिज्ञा गरी संसारका धेरै भागको भ्रमण गरे। उनले धेरैको संख्यामा भिक्षुहरु बनाए। उनका सबैभन्दा प्यारा शिष्य आनन्द नामका भिक्षु थिए। बुद्धले वाराणसीको नगीचमा रहेको सारनाथमा बसी आफ्नो धर्मको प्रचार गरे। वाराणसीका धेरै विद्वानलाई परास्त पारी आफ्नो मतको स्थापना गरे।

उनले आफ्नो मत प्रचार गर्दै जाँदा गयामा तपोमुनि काश्यपलाई देखे। उनले काश्यपसँग केही दिन बस्नाका निंति वासको याचना गरे। काश्यपले ईर्ष्यावश अग्निशालामा बस भने। त्यहाँ एउटा विषधर सर्प थियो। त्यो जसलाई पनि डसी नाश पार्दथ्यो। काश्यपको आशय पनि त्यही नै थियो! सर्पले शान्तमुद्रामा निर्भय भई बसेका बुध्दलाई देखी आफ्नो विषको ज्वाला उकेल्यो। त्यस विषको अग्निले अग्निशाला जल्यो, तर बुध्दलाई अग्निले स्पर्शसंम पनि गरेन। भोलिपल्ट बिहान बुध्दले आफ्नो भिक्षापात्रमा त्यस सर्पलाई राखी मन्द मुस्कानका साथ काश्यपलाई देखाए। बुद्धको प्रभावले आकर्षित भएका काश्यपले बुद्धधर्म ग्रहण गरे। उनका भाइ औरुविल्व काश्यप र गयकाश्यपले पनि बुद्ध धर्म ग्रहण गरे। बुद्धधर्म प्रचार गर्नमा यी काश्यपहरूको ठूलो हात छ।

बुद्धको यस्तो प्रभाव बढेको देखी देवदत्त नामको एक मनुष्य-लाई ठूलो रीस उठ्यो। उसले गृध्रकूट पर्वतमा मुनिलाई नाश गर्न एउटा ठूलो ढुङ्गा खसाल्यो, तर त्यो ढुङ्गा मुनिलाई नलागी धेरै टुका भएर अन्तै खस्यो। अन्तमा केही नलागी उसले बुद्ध आउन लागेको बखत एउटा, मत्त - बहुला हात्ती छोडी बुद्धलाई नष्ट पार्ने चेष्टा गऱ्यो, तर करुणा र मित्रताका मूर्ति स्वरूप-बुद्धलाई हात्तीले केही पनि गरेन। मुनिको दिव्य कान्तिले अन्तर्बुद्ध भएको त्यो हात्ती नतमस्तक भई प्रणाम गर्न लाग्यो। यस्ता अनेकौं घटना बुध्दको जीवनीमा पाइन्छन्, जो यहाँ लेखी साध्यै छैन। एवं क्रमले चक्रवर्ती राजा र अरु अनेक विशिष्ट पुरुषले बुध्दधर्म ग्रहण गरेको हुँदा यसको ठूलो प्रचार भयो र संसारभर यो धर्म फैलियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धले संसारलाई जन्मदा, मर्दा, रोग लाग्दा, बूढो हुँदा आदि गरी सर्वदा दुःखमय नै देखे। उनले संसारमा रमाएका पुरुषको विवेचना गर्दा चारैतर्फबाट आगो लागेको घरमा बेहोश भई बसेको मानिसजस्तो भनी तुलना गरेका छन्। त्यसैले—

दुःख, दुःखको उत्पत्ति, दुःखको निवृत्ति, दुःख – निवृत्तिको उपाय, यी चार आर्यसत्यको विवेचना गर्नु पर्दछ भन्ने उनको भनाइ छ। उनले खोज गर्दा तृष्णालाई नै दुःखको मूलकारण मानेका छन्। त्यसैले तृष्णाको क्षय गर्नु पर्छ भन्ने उनको मुख्य भनाइ छ। तृष्णाले नै पुनर्जन्म हुन्छ भनी उनी मान्दछन्। उनी जो अनित्य छ, त्यसमा दुःख छ, जो अनात्म छ, त्यो अनित्य छ, भनी निर्वाण-सुखको चाहना गर भन्दछन्। अन्त्यमा उनले तृष्णालाई जरैदेखि उखेलेर फ्याँकेमात्र आनन्दको अनुभव हुन्छ भने। दुःखनाश गर्नाका निंति उनले अष्टाङ्गिक मार्गको उपदेश गरे, जसका अङ्ग यस्ता प्रकारका छन्:-

सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि।

यसमध्ये

कर्म, वाणी, आजीविका, शीलको अन्तर्गत,
दृष्टि, विचार, प्रयत्न, प्रज्ञाको अन्तर्गत,
स्मृति, समाधि, समाधिको अन्तर्गत
मानेका छन्।

शील नरहेमा काम, क्रोध, मोह अङ्कुरित हुन पाउँदैन। समाधिले क्लेशहरुलाई रोक्छ। प्रज्ञाले दोषहरू नाश पार्छ।

यस मार्गमा हिड्नलाई धैर्य, सरलता, लज्जा, अप्रमाद, एकान्त, संतोष, अनासक्ति, सांसारिक प्रवृत्तिमा अरुचि र क्षमाको आवश्यकता पर्छ। उनले शीलको अत्यन्त नै सराहना गरेका छन्। उनी भन्दछन्:-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्ति, यश, विश्वास, पारलौकिक आनन्द, यी सबै शीलरूपी वृक्षका पाकेका फल हुन् । जस्तो पृथ्वी चराचर विश्वको आधार छ, त्यस्तै शील पनि संपूर्ण गुणको आश्रय छ । जस्तो चरा पखेटा नभई उड्न सक्तैन, नाउ नभई नदी पार जान सँकिदैन, त्यस्तै शील नभई मोक्ष पाउन सकिंदैन, । उनले कामलाई यस मार्गको परम शत्रु मानेका छन । सदाचारी हुनु पर्छ भन्ने उनको मुख्य भनाइ छ । अन्त्यमा आत्मामा रहेको अहंभावसम्मलाई पनि समाधिद्वारा नाश गरी निर्वाण हुनु पर्छ भन्ने उनको भनाइ छ । त्यसैले शून्यं शून्यं भन्दै शून्यवादको सृष्टि भयो । शान्तिका पुजारी महामानव गौतम बुद्धको जीवनीलाई महाकवि अश्वघोषले गङ्गाको प्रवाहले भारतभूमिलाई सेचन गरी सुवर्णमय बनाए झैं सुललित पदविन्यास र सुन्दर उपमाद्वारा कविता-प्रवाह बगाई सिंगारेका छन् ।

कवि अश्वघोष उपदेशक, आचार्य र संन्यासी थिए । उनी साकेतका बासिन्दा हुन् । उनको जन्म ब्राह्मण-कुलमा भएको थियो । उनले ब्राह्मण धर्मको शिक्षादीक्षा पाएका थिए । उनी आफ्नो प्रारम्भिक कालमा अत्यन्त काम-भोगमा आसक्त थिए र पछि बुद्धधर्ममा दीक्षित भई संन्यास लिएको बुझिन्छ । उनी मध्यदेशमा घुमी घुमी बुद्ध-धर्मको प्रचार गर्दथे । यस काममा उनले काव्य र संगीतको सहारा लिएका थिए ।

उनले वेद, उपनिषद्, रामायण र महाभारतको अध्ययन गरेका थिए । साथै उनी कामशास्त्र, राजशास्त्र, दण्डनीति, सांख्य योग, काव्य, व्याकरण र छन्दशास्त्रका पनि ज्ञाता थिए ।

बुद्ध-धर्ममा दीक्षित भएपछि उनले बौद्ध धर्मको गम्भीर अध्ययन गरेर बुद्धका उपदेशहरूलाई हृदयङ्गम गरे । उनी हीनयानी थिए । उनको आदर्श अर्हत (जीवन्मुक्त) थियो ।

बुद्धचरित्रको अन्तिम सर्गमा कविले अशोकका धर्मप्रेमको वर्णन गरेका छन् । त्यसैले यस कुराको सिद्धि हुन्छ कि उनी अशोक (२६५-२११ ई. पू.) पछिका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्रको चीनी भाषामा अनुवाद पाँचौं शताब्दीको आरम्भमा भएको थियो । उनी कालिदास र भासभन्दा पहिलेका हुन । उनले बुद्धचरित्र, सौन्दरानन्द र शारिपुत्र-प्रकरणको रचना गरे । कालिदासले विषय-सुखमा लागेका मनुष्यलाई आनन्द दिलाउन काव्य, नाटकहरू लेखे, तर यिनले विषयमा प्रेम गर्ने मनुष्यलाई सन्मार्गमा लगाउन काव्य र नाटक लेखे । यिनले मोक्षधर्मरूपी गहन विषयलाई काव्यरूपी मधुर प्रयोगद्वारा स्वादिष्ट बनाए ।

काव्य-विकासको क्रममा अश्वघोष वाल्मीकिभन्दा पछि र कालिदासभन्दा पहिलेका हुन् । जसरी उनी काव्यमा वाल्मीकिका ऋणी र उत्तराधिकारी छन् , त्यस्तै कालिदास पनि उनका ऋणी छन् । अश्वघोषले बाल्मीकिलाई आदिकवि र धीमान् भनी आदरभाव प्रकट गरेका छन् ।

बुद्धचरित्रमा रामायणको दृश्यसँग तुलना गर्दै कविले भनेका छन:-

"राजा अजका बुद्धिमान् पुत्र दशरथसंग मलाई ईर्ष्या छ, जो छोरा वनमा गएपछि स्वर्ग गए, व्यर्थ आँसु बगाई दुःखी भई जीवित रहेनन् ।"

अश्वघोषको शैली सरल छ । स-साना समास छन् । अश्वघोषले उपमा खूब प्रयोग गरेका छन् । उनले उपमाकै सहाराद्वारा नै कठिन बौध्द-सिध्दान्तलाई सरलतापूर्वक संझाएका छन् ।

किन्तु अश्वघोषरचित बुद्धचरित्रमा प्रथम सर्गको ७ श्लोक र चौधौं सर्गको ३२ देखि ११२ श्लोकसम्म अगाड़िका श्लोक ७ अनुपलब्ध छन् (ती सूर्यनारायण चौधरीजीको हिन्दीको आधारमा अनूदित हुन्) ।

त्यस्तै दोस्रो भागको मूल पनि धेरै दिनदेखि अनुपलब्ध छ । त्यसको अनुवाद तिब्बती भाषामा पाइन्छ । त्यसैको आधार मानेर चीनी विद्वान्ले आफ्नो भाषामा अनुवाद गरे । चीनी अनुवादबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अक्सफोर्ड विश्वविद्यालयका संस्कृतका अध्यापक डाक्टर जॉन्सटनले अंग्रेजीमा उल्था गरे। त्यसैको आधारमा सूर्यनारायण चौधरीले हिन्दीमा अनुवाद गरे। त्यसको आधारमा सर रामचन्द्रदास शास्त्रीले संस्कृतमा व्यक्त गरेका छन्।

यस पुस्तकमा पनि दोस्रो भागको मूल ग्रन्थ अप्राप्त भएकोले हिन्दी र संस्कृतको आधार रामचन्द्रजीका संस्कृत श्लोकको आधार लिई अनुवाद राखिएको छ।

श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवको असीम करुणा बाट संस्थापन भएको यो नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट हाम्रो नेपाली वाङ्मय जगत्मा अनेकौं पुष्पको रचना गर्दै आएको सिलसिलामध्ये यो पनि एक सानो पुष्प हो। यस पुष्पको प्रकाशन गर्नमा अनुमति दिने नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान तथा संपादन गर्नमा प्रेरणा र उचित परामर्श दिने माननीय श्री सूर्यविक्रम ज्ञवालीज्यू र सहयोगी साथी श्री वसन्तकुमार शर्मामा धन्यवाद ज्ञापन गर्दै यसमा भएका त्रुटिहरू प्रति क्षमाको याचना र सुझाउको आशा गर्दछु।

विनीत

विश्वनाथ शर्मा भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुक्रमणिका

क्रमसंख्या	विषयवस्तु	पृष्ठसंख्या
	(प्रथम सर्ग बुध्दको जन्म)	
१.	ईश्वाकुवंशी शुद्धोदन शाक्य र महारानी महामाया	१
२.	गर्भाधारण र लुम्बिनी-वन-प्रस्थान	३
३.	पुष्य नक्षत्रमा गौतमको जन्म र दिव्य उत्सव	३–१०
४.	ब्राह्मणहरुको भविष्यवाणी। पूर्व-महापुरुषहरुः भृगु, अंगिरा, वृहस्पति, शुक्र, सारस्वत, व्यास, वसिष्ठ, बाल्मीकि, च्यवन, अत्रि, आत्रेय, कुशिक, विश्वामित्र, सगर, जनक, शौरि आदिको परिचय। असित महर्षिको आगमन र स्वागतसत्कार। गौतमको भविष्यवर्णन। बालक गौतमको वर्णन। गौतमका भावी गुणको वर्णन आदिमा राजा र असित महर्षिको प्रश्नोत्तर, राजपुत्रोत्पत्तिको उत्सव। कपिलवस्तु नगरमा फिर्ती प्रवेश	१०–२६
	दोस्रो सर्ग (अन्तःपुरमा विहार)	
१.	बुद्धको बाल्यजीवन र त्यसबाट कपिलवस्तुमा परेको प्रभाव	२६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. कपिलवस्तु नगरको धनधान्य । वन्यजन्तुहरुः हिमालयीय हात्ती, घोडा, सुवर्ण, गाई । शत्रुमा प्रभाव, मित्रमा प्रभाव, सहकाल, अकृष्टपच्या अन्नहरु, अयाचन, सच्चरित्रता, सत्कर्म, सद्धर्म, नगरसुधार, आधिव्याधिबाट निर्भयता । सुखमयजीवन । अहिंसा आदि नैतिकतापूर्ण व्यवहार र सर्वार्थसिद्धिको वर्णन । मायादेवीको मृत्यु । गौतमको व्रतबन्ध आदि संस्कार । विद्याध्ययन । राजाद्वारा विषयवस्तुको घेरा । सर्वांग सुन्दरी र सर्वगुणसंपन्ना यशोधरासित विवाह, सुखभोग । राजाको चरित्र र नीतिको वर्णन । गौतमकी पत्नी यशोधराबाट गुणसंपन्न राहुलको जन्म । राजाको विविध धर्मको अनुष्ठान आदिको वर्णन २६-४३

तेस्रो सर्ग (वैराग्योदय)

१. वनश्रीको वर्णन सुनेर वनविहारको इच्छा प्रकट गरी राजाबाट स्वीकृति लिई राजाको प्रबन्धमा गौतम वनविहारमा जानु ४४-४५

२. गौतमलाई लगाइएका अप्रत्यक्ष प्रतिबन्धहरू ४५-४६

३. गौतमको वनप्रस्थान, नगरका मार्गहरूको शृंगार, नगरवासीहरुबाट संमान, नगरवासीहरुको वर्णन, नगरस्त्रीहरुको अवस्था । राजकुमार गौतमप्रति स्त्रीहरूको आकर्षण र प्रेम, ४६-५१

४. देवताद्वारा वृद्धपुरुषको उत्पत्ति र सारथीबाट बूढो हुनाको कारण बताइनु । राजकुमारलाई आयुविषयक ज्ञान र उद्विग्नता । गौतमको खिन्नता र राजादरबारतिर फिर्ती प्रस्थान ५१-५५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. राजकुमार गौतमलाई वार्धक्य - विषयक चिर-- चिन्ता । फेरि राजाज्ञाद्वारा वनविहारलाई गमन र रोगग्रस्त एक मनुष्य देखिनु । फेरि सारथी-द्वारा रोगको अनिवार्यताको वर्णन र रोगबाट चिन्तित राजकुमारको फिर्ती सवारी ५५-५८

६. राजाबाट कुमारको चिन्ताको ज्ञान हुनु । कोप प्रकट गरिनु र विषय--भोगका सामग्रीद्वारा बन्धन-ग्रस्त पार्ने प्रयत्न गरिनु, वेश्याहरु समेत खटाइनु । फेरि सबै प्रयत्न गरी वनविहारलाई पठाइनु । मुर्दाको दर्शन र मृत्युको ज्ञान ५८-६१

७. कुमारमा दुःखानुभव, सारथीलाई दरबार फर्कने आदेश, सारथीद्वारा बलजफती पद्मषण्ड वनमा पुऱ्याइनु । सुन्दरीहरूद्वारा बाध्यतापूर्वक वनविहार ६१-६३

चौथो सर्ग (स्त्री निवारण)

१. सुन्दरी युवतीहरूद्वारा कुमारलाई विलासतिर आकर्षित पार्ने दुष्प्रयास, युवतीहरूको हाउ-भाउ र अभियन । बुद्धिमान् पुरोहितपुत्र उदायीबाट स्त्रीलीलाको वर्णन र कुमारलाई लुब्ध पार्ने प्रेरणा गर्ने आशयको प्रोत्साहन ६४-६८

२. काशीसुन्दरी व्यास, मंथालगौतम र जंघा, महर्षि गौतम र एउटी स्त्री, ऋष्यश्रृंग र शान्ता, विश्वामित्र र घृताची अप्सरा ६८-६९

३. उदायीबाट युवतीहरूलाई प्रोत्साहन र युवती-हरूले कुमारलाई प्रलोभनार्थ अभियन प्रदर्शन ६९-७८

४. स्त्रीहरूको आकर्षणार्थ गरिएको अभिनयन उपर गौतमको विचार-संघर्ष र धीरता ७८ ८०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.	उदयीद्वारा मित्रताको वर्णन	८०-८१
६.	उदायीद्वारा स्त्रीहरूको इच्छाको अनुकूल व्यवहार गर्ने नैतिक कुराहरूको शिक्षा। स्त्री जातिलाई आवश्यक तत्वहरूको वर्णन	८१-८३
७.	इन्द्र र गौतमी, अगस्त्य र चन्द्रपत्नी रोहिणी र लोपामुद्रा, उतथ्य-पत्नी ममता तथा भरद्वाज र वृहस्पति, गुरुपत्नी तारा एवं चन्द्रमा र बुध, पराशर र काली, वसिष्ट तथा अक्षमाला र कपिंजलाद, ययाति र विश्वाची अप्सरा, पाण्डु र माद्री, कराल र जनक ब्राह्मणपुत्रीहरुको परिचय	८३-८५
८.	संभोग र विषयभोगमा प्रवृत्त हुने प्रेरणा। जगत्को आसक्ति	८५-८६
९.	कुमारबाट उदायीलाई उत्तर। विषयभोग मात्र जीवन र जगत्को सुखको कारण होइन भन्ने प्रवचन	८६-९०
१०.	कामुक युवतीहरूमा नैराश्य। राजकुमारको राजप्रासादप्रस्थान। राजा र मंत्रीगणमा राजकुमारको अनासक्ति विषयक ज्ञानले निरन्तर चिन्ता	९१

पाँचौं सर्ग (घरबाट बाहिर निस्कनु)

१.	गौतम न धैर्य न शान्ति मिलेकोले वनभ्रमण गर्न भनी घरबाट कन्थकमा सवार भई बाहिर निस्कनु	९२-९३
२.	इच्छा आदि मानसिक रोगबाट मुक्ति र शान्त ध्यानको स्थिति	९५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. आत्मगत अभिमानको समाप्ति । भिक्षुभेषधारी पुरुषको आगमन ९५-९६

४. भिक्षु श्रमण र गौतमको संवाद । पुनः नगरप्रवेश ९७-९९

५. राजकन्या र गौतमको संवाद । प्रासादप्रवेश ९९-१००

गौतम र राजाको संवाद । राजाको नैतिक उपदेश-गौतमको मरण-रोग । वार्धक्य र विपत्तिबाट बच्ने माग । राजा तथा मंत्रीद्वारा संझाउनु । राजप्रासादको विलास वर्णन । प्रासादका समस्त प्रमदाहरूलाई अकनिष्ठ नामक देवताद्वारा निद्रा पार्नु । रनिवासका नारीहरूको निद्रित अवस्थाको वर्णन । विषयभोगबाट विरक्ति । कन्थक अश्व र छन्दक सारथीका साथ अमरत्व प्राप्तिका लागि घरबाट प्रस्थान । अश्वको वर्णन । राजकुमारको सिंहनाद १००-११७

छैटौं सर्ग (छन्दक परित्याम)

भार्गवाश्रम, गौतम र छन्दकको अन्तिम दार्शनिक संवाद । कन्थकलाई उपदेश र मुकुट छेदन । शिकारी वेषधारी-देवता र गौतमको वस्त्र-परिवर्तन । छन्दकको नगरतिर प्रत्यावर्तन ११८-१३६

सातौं सर्ग (तपोवनप्रवेश)

१. राजकुमार सर्वार्थसिद्धको वनप्रवेश । आश्रमको बयान, आश्रमवासीबाट संमानप्राप्ति । वन भ्रमण । तपस्वी र गौतमको संवाद १३६-१४०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. तपस्याको विशेषता। तपस्वी र गौतमको प्रश्नोत्तर १४०-१४३

३. जन्ममृत्युको रहस्य, धर्मरहस्य, जीवनरहस्य, सांसारिक रहस्य १४४-१४५

४. कर्ममय वनमा प्रवेश। तपोधन मुनिसंग संवाद। मुनिहरू र तपस्याको वर्णन। प्रमुख तपस्वी र संवाद। ब्रह्मचारी ब्राह्मण र गौतमको संवाद। मोक्षधर्मको वर्णन। विन्ध्यकोष्ठ र अराडमुनिको परिचयप्राप्ति। ब्रह्मचारीब्राह्मणबाट गौतमको भविष्य रेखांकन १४५-१५२

आठौं सर्ग (अन्तःपुरमा विलाप)

१. छन्दकको शोकवर्णन। कन्थकको शोकवर्णन। कपिलवस्तु नगरीमा दुवैको प्रवेश। नगरको शून्यताको वर्णन। छन्दक र भक्तहरूको संवाद। शोकाभिव्यंजन। राजा शुद्धोदनको देवपूजा। राजभवनका समस्त मनुष्यको शोकवर्णन। वत्सला गौतमी (महारानी) को शोक-संतप्तता। यशोधराको विलाप १५३-१६१

२. यशोधराबाट कन्थक र छन्दकलाई व्यंग्यो पदेशपूर्ण विलाप १६१-१६४

३. छन्दकबाट यशोधरासँग रहस्य--वर्णनोपदेश। दैवीविधानको संकेत। गौतमीको मूर्च्छा र विलाप। गौतमीबाट राजकुमारका अवयवको वर्णन १६४-१६८

४. पतिशोकमूर्च्छिता यशोधराको विलापवर्णन। १६८-१७२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. राजा शुद्धोदनको मूर्च्छा र विलाप : सुवर्ण छीवीको प्रसंग, प्रजापति विवस्वानपुत्र मनुको प्रसंग, दशरथको प्रसग । पुरोहित र मंत्रीले राजालाई संझाउनु । राजाबाट मंत्रीपुरोहितलाई वन जाने आज्ञा १७२-१७६

नवौं सर्ग (कुमारको खोजी)

१. मंत्री र पुरोहितको वनभ्रमण :- भार्गवाश्रम, संवाद, राजकुमारसंग भेट; परस्परमा सम्मान-आदर-संवाद । विभिन्न राजाहरूको प्रसङ्ग-राजाको संदेश र वर्णन,-नैतिक उपदेश-महारानी र यशोधरा तथा राहुलको प्रसंग-राजादरबार र नगरको प्रसंग। गौतमको उत्तर। गौतमबाट मानव-जीवनको रहस्यवर्णन । वैराग्य-संदेश । विषयभोगको मुख्य रहस्य वर्णन। राजपुरोहित र मंत्री निराश बनी शहर फर्कनु १७७-१९९

दशौं सर्ग (राजा विम्बसारको आगमन)

१. गौतमको राजगृह (पटना) मा गमन । राजगृहको वर्णन । गौतमको प्रभाव । राजा श्रेण्य (विम्बसार) गौतमको बयान सुनी आकृष्ट हुनु। गौतमको पाण्डव नामक पर्वतारोहण । पर्वत वर्णन, विम्बसार र गौतमको संवादोपदेश। विम्बसारको प्रलोभन। धर्म, जीवन तथा नीतिको सुझाउ र गौतमको दृढतापूर्ण मौन उत्तर २००-२११

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एघारौं सर्ग (कामनिन्दा)

१. बिम्बसारलाई धैर्यपूर्ण उत्तर र सदुपदेश। गौतमबाट कामनिन्दा, राजनीतिको वर्णन। गौतमबाट निष्काम वन-प्रस्थान गरेको हूँ भन्ने उत्तर। राजाबाट गौतमलाई शुभकामना व्यक्त गर्नु र वैश्वन्तरको आश्रमतिर गौतम र गिरिव्रजातिर राजाको गमन २१२-२३०

बाह्रौं सर्ग (अराडमुनिसँग भेट)

१. गौतमकोअराड-आश्रम गमन, स्वागतादर, अराडबाट सर्वार्थसिद्धको ससम्मान प्रशंसा। अराड र गौतमको दार्शनिक संवाद। संसारको उत्पत्ति र विनाशको अराड मुनिबाट वर्णन २३१-१३६

२. ब्रह्मचर्य धर्मको व्याख्या। ब्रह्मज्ञानको वर्णन। अध्यात्मचिन्तनको रहस्य। आत्मज्ञानको परिचय २३६-२४४

३. क्षेत्रज्ञमा उत्पत्ति गर्ने धर्म र बीजधर्म हुन्छ भन्ने गौतमको उक्ति। अस्तित्ववादको परिचय, गौतमबाट अराडको वक्तव्यमा मन्तव्य प्रदर्शन, अंगांगीभावको परिचय, ज्ञ र ज्ञेयको अस्तित्व। कल्प आदिमा तर्कवितर्क। उद्रक मुनिको प्रासंगिक वर्णन। गौतम र अराडमुनिले सँगसँगै आहार-मूलक जीवनको संझौता गरी भोजनगर्नु २४१-२५२

४. नन्दबलाको आगमन। नन्दबलाबाट पायस भोजन, पायसबाट गौतमको छ ओटै इन्द्रिय तृप्त हुनु। काल सर्पबाट पिप्पल वृक्षमुनि सुतेका गौतमलाई बुद्धत्व प्राप्तिको सफलता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मिल्ने सन्देश, गौतमको मौन प्रतिज्ञा, अनशन बस्नु २५२-२५५

तेह्रौं सर्ग (कामदेवमा विजय पाउनु)

१. महामुनि गौतमको प्रतिज्ञा-बद्धताबाट कामदेव कंपित हुनु, कामदेवको वर्णन, काम-परिवारको परिचय, कामदेवको तैयारी, कामदेवको आह्वान-आक्रमण-भूतगणद्वारा तर्साउने प्रयत्न। भूतगणको वर्णन, आक्रमण अन्तरिक्षभर हाहाकार, मुनिलाई संकष्ट दिनु, मुनिको स्थिरता को प्रभावमा पराजय, कामदेवको भीषण क्रोध, तथा आकाशवाणी, कामदेव विफल भई फर्कनु, पुष्प-वर्षा २५६-२७२

चोधौं सर्ग (बुद्धत्व प्राप्ति)

१. मुनिको ध्यान। संसारको वास्तविकताको निश्चयः प्रथम प्रहर। परम दिव्य चक्षुप्राप्तिः दोस्रा प्रहर। विश्व-दर्शन, दयाभावनाको वृद्धि। नरक वर्णन। मनुष्ययोनि दुःखको कारण हो भन्ने परिचय २७३-२७६

अवशेष अंश (चौधौं सर्ग, बुद्धत्व प्राप्ति)

१ मनुष्य-जीवन, तृष्णा, चिन्ता, काम, विषयासक्ति स्वर्ग-नर्क, पुनर्जन्म, वियोग, मरणशीलता, मोह, जरा, रोगग्रस्तता, भव, उपादान, आत्मा, वेदना, अतृप्ति, स्पर्श, आयतन, नामरूप, विज्ञान, विद्या (ज्ञेय वस्तु) आदिको कार्य-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारण ज्ञान २७६--२८५

२. बुद्धत्व (बोध वा चैतन्य प्राप्ति, सर्वज्ञताप्राप्ति, पुष्पवृष्टि। जगत्भर बुद्धत्व प्राप्तको प्रभाव २८५--२८७

३. निश्चलता। अनात्मवादको पद्धतिमा दृढता। पूर्व-प्रतिज्ञाको पुनःस्मृति। शान्तिको उपदेश दिने निर्णय। उपदेश सुन्न स्वर्गका दुई प्रधान देवताको आगमन। दुवै देवताबाट स्तुति र संसारको हितार्थ अनुरोध। मुनिको भिक्षाटन। वाराणसीतिर उपदेशार्थ जाने मुनिको निधो २८७--२८८

पन्ध्रौं सर्ग (धर्मचक्र-प्रवर्तन र काशीगमन)

१. बाटामा एक भिक्षुबाट परिचयको खोज, बुद्धबाट परिचय-दान २८६--२६१

२. काशी घुमेर मृगदावमा प्रवेश। पाँच महर्षिहरुको परस्पर सल्लाह र प्रभावबाट पराजित भई बुद्धको सेवा-स्वागत २६१--२६२

३. गौतम बुद्ध र पाँच भिक्षु महर्षिहरुको प्रश्नोत्तर, बुद्धको बुद्धत्वप्रति पाँच महर्षिहरुको अविश्वास-प्रकट र बुद्धबाट उपदेश-प्रवचन २६२--२६६

४. पाँचै महर्षिहरुमा जन-सुखका निमित्त धर्मचक्र प्रवर्तन २६६

सोह्रौं सर्ग (शिष्यहरुलाई दीक्षा)

१. अश्वजित् आदि संयमी मुनिहरुलाई दीक्षा। पाँच मुनिका माझमा स्थित बुद्धको लोक-प्रसिद्धि २६७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. 'यश' नामक कुल-पुत्रलाई स्त्रीहरुको नांगो शरीरबाट क्षोभ पैदा हुनु र बुद्धबाट उनलाई सुगत भावमा पुग्ने आशा र शान्ति प्राप्त गर्नु २६७

३. धर्मको परिभाषा र लक्षण २६८

४. कुलपुत्र र चवन्न जना उनका शिष्यको दीक्षा। बुद्धबाट उपदेश र गया गई काश्यपहरुलाई सदुपदेश गर्ने आशय। गयामा जानु र त्रास बस्ने ठाउँ माग्दा काश्यपले अग्निशालामा बस्ने अनुमति दिनु। अग्निशालाको विषधर सर्पले विष-अग्नि वमन गर्नु, अग्निशाला सबै जलेर भस्म हुनु, तर बुद्धलाई अग्निको वा विषको असर नपर्नु। महासर्पलाई भिक्षापात्रमा राखी बुद्धले काश्यपसंग भेट गर्नु र त्यसै प्रभावको कारण काश्यप, गय काश्यप, औरुविल्व काश्यप, नदी काश्यपहरु र पाँचशय शिष्यहरुलाई दीक्षा र उपदेश दिनु। मगधराजकहाँ जानु ३०१

५. वेणुवनमा बुद्धको वास र मगधराज जनपदका साथ आउनु। बुद्धले जनताकै सामु काश्यप-सँग मूर्ति-पूजा छोड्नाको कारण सोध्नु र काश्यपले कारणहरु खोली वर्णन गर्नु। काश्यपलाई आफ्नो शक्तिको चमत्कार देखाउने बुद्धको आज्ञा ३०१-३०३

६. काश्यपले आफ्नो तपश्चर्याको चमत्कार देखाउनु ३०३-३०४

७. मगधराज विम्बसारलाई ज्ञानोपदेश ३०४-३०६

सत्रौं सर्ग (महाशिष्यहरुको संन्यास)

१. अश्वजित् र शरद्वतीका छोरा भिक्षुको बाटामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भेटघाट र संवाद, बुद्धको वर्णन । अश्वजित्बाट ज्ञानोपदेश ३०७-३७८

२. अतिव्य नामक ब्राह्मणको आँखा खुल्नु । ईश्वर, प्रकृति र वस्तु-परिणामको लक्षण । आत्मा छैन भन्ने सिद्धान्त । उपतिष्यको संतुष्टि । मौद्गल्यायन र अश्वजित्को संवाद र तत्व-ज्ञान । काश्यपवंशी एक ब्राह्मण-वशंवद: महा-काश्यप र आत्माराम बन्नु । निर्वाणको लक्षण । जीवनको क्षणिकता ३०८-३११

अठारौं सर्ग (अनाथपिण्डलाई दीक्षा)

१. कोशल-नरेश सुदत्तलाई बुद्धको उपदेश, चार आर्यसत्यको उपदेश, निर्गुण आत्मज्ञान, जगत् ईश्वरनिर्मित होइन भन्ने मान्नु । ईश्वरको अस्तित्व बारे राजाको वैचारिक निर्णय । जगत् बारे राजाको मत । स्वभाव-काल-पुरुष-सुख-दु:खसंबन्धी ज्ञानप्राप्ति ३११-३१७

२. बुद्धबाट राजालाई श्रावस्ती नगरदान गरेबापत धन्यवाद-ज्ञापन र धर्म-अनाशक्ति-दान आदिको महत्व-ज्ञापन । विविध दानको परिभाषा, लक्षण र फल-निर्देशन । मुनिबाट विहार-निर्माणको आज्ञा लिई सुदत्तले उपतिष्यका साथ राज्यभरमा सुन्दर जेतवन जेतसँग भूमिभरको धन ओच्छ्याई किन्नु र त्यसबाट प्रभावित भएका जेतले पनि संपूर्ण धन बुद्धलाई सुम्पी आफूले बुद्धधर्म ग्रहण गर्नु । दिव्यविहार बनाउने काममा अनाथपिण्ड मुनिको अध्यक्ष-तामा उपतिष्यले काम गर्नु ३१७-३२१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनइसौं अध्याय (बाबु-छोराको भेट)

१. राजगृहबाट बुद्धको कपिलवस्तुतिर प्रस्थान । शिष्य र उपशिष्यहरुका साथ नगरबाहिर आएका बुद्धलाई स्वयं गई स्वागत गर्दा भिक्षु भेषधारी गौतमलाई देख्दा राजाको विह्वलता र नैराश्य थाहा भई बुद्धले आफ्नो चमत्कार देखाउनु, राजालाई उपदेश दिनु ३२१-३२५

२. राजाबाट बुद्धको गुणको र योगको विजय-प्रशंसा ३२५-३२६

३. कृमिल, उपनन्द, कुण्डधान्य, अनिरुध्दक आनन्द, नन्द, विरोधी मिथ्या दोषारोपक देवदत्त, उदायी, उपालि, राजा शुध्दोदनहरुले बुध्दधर्म लिनु ३२६

४. बुध्दको कपिलवस्तु-नगरको यात्रा, स्त्रीहरुबाट प्रशंसात्मक वर्णन, बुध्दको वटवनतिर फिर्ती गमन ३२६-३२८

बीसौं सर्ग (जेतवन-स्वीकार)

१. कपिलवस्तुबाट बिदा हुनु । प्रसेनजित्को रम्य नगर हेर्नु । जेतवनमा प्रवेश । प्रसेनजित्को अनुनय-विनय र बुध्दबाट उपदेशः आर्य, काल, कर्म, कीर्ति, धर्म, इन्द्रिय, कुमार्ग, वासना, मद, ब्रह्मचर्य, भोगलोलुपता, परमार्थ, कर्ता-कर्म, जन्म, मृत्यु, वृध्दावस्था, व्याधि, परवशता, आयु, सांसारिक स्थिति, मित्रता, शरीर, निर्वाण, जन्म, जीवन, योगकर्म आदिको परिचयात्मक लक्षण । ३२८-३३२

२. प्रसेनजित्ले राज्य त्याग गरी श्रावस्तिबिर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्थान गर्नु । आमालाई ज्ञानो पदेश दिन
बुध्दको स्वर्गगमन, देवगणलाई ज्ञानोपदेश ३३२–३३७

एक्काईसौं सर्ग (संन्यासको भरना)

१. तथागतको स्वर्गबाट पृथ्वीतिर आगमन । ज्योतिष्क, जीवक, शूर, श्रेण र अङ्गदक देशलाई दीक्षा । अभय, उपालि, श्रीगुप्त, न्यग्रोध आदि राजालाई – गान्धारनरेश पुष्कर र विपुल पर्वतवासी हैमवत र शाताग्र यक्षलाई दीक्षा । पाँच सय भार्या भएका अजातशत्रुलाई दीक्षा । पारायण, नन्दमाता, कूटदन्त, पंचशिख आदि राक्षसहरु, श्रेष्ठ र पिंगलक आदि नागहरु, पूर्णभद्र यक्ष, केन्य र शैल, अंगुलिमाल, मेंढक-लाई दीक्षा । ब्रम्हायुलाई परास्त गर्नु । मर्कट राक्षसलाई दीक्षा । उत्तर, सत्यक र सिंह आदि लिच्छविलाई दीक्षा । भद्र यक्ष, जंगली यक्ष, कुमार हस्तक, नागायन यक्ष, शूचीलोम, खर यक्ष, कात्यायन ब्राम्हण, स्तंभकर्णी सेठ, कपिल तपस्वी, वारण यक्ष, मथुराको भयानक गधा, राष्ट्रपाल, विरंजा नगर, कल्माषदम्य स्थान, श्रावस्तीका निर्ग्रन्थ, नप्तृपुत्र, सभिय, तीर्थिक आदि जन, पुष्कल, याज्ञिक, कोशलराज, जातिश्रेणी, मैना र सुगा, जंगली, नागर, क्रूरकर्मा, कालक, कुंभीर, भेषक यक्ष, नकुकु-मातापिता, कौशाम्बीका घोषल, कुब्जा र उत्तरा स्त्रीहरु, गान्धारको अपलाप सर्प, जलचर तथा आकाशचर प्राणीहरुलाई दीक्षादान ३३७–३४०

२. देवदत्तले संघमा फूट पार्नु, बुद्धलाई दुःख दिनु,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्थरले हान्नु, यमराज जस्तो मत्त हात्तीद्वारा हमला, हात्तीद्वारा शहरभर हत्याकांड र बुध्दद्वारा दीक्षादान र अजातशत्रुलाई प्रभाव पर्नु, देवदत्तको पतन ३४०–३४४

बाईसौं सर्ग (आम्रपालीको उपवन)

१. बुध्दको राजगृहबाट पाटलीपुत्र गमन, वर्षकारको निर्मित किल्लाको प्रशंसा, गंगाकिनार गमन, गौतमद्वारका नामकरण, योगबलद्वारा गंगा पार हुनु, गौतमतीर्थले प्रसिध्दि । कूटग्राममा उपदेश । नादो ग्रामका मानिसको भूत-जीवनको वर्णन ३४४–३५१

२. आम्रपालीको वन-प्रवेश, आम्रपालीको पूजार्थ प्रवेश, बुध्द र आम्रपालीको संवाद र आम्रपालीलाई उपदेश ३४७–३५१

तेईसौं अध्याय (आयु—निर्णय)

१. आम्रपाली प्रत्यावर्तन । लिच्छविहरुको जमघट, बुध्दको उपदेश र आशीर्वाद, लिच्छविहरुको भिक्षाको निम्ति प्रार्थना, मुनिबाट आम्रपालीको निम्तो ग्रहण, लिच्छविहरु क्रुध्द हुनु । आम्रपालीबाट भोज । वेणुमती नदी गमन, वैशाली गमन, मार्कट सरोवरमा कुटी, कामदेवको अनुरोध, अब तीन महीनामा निर्वाण लिने बुध्दको प्रतिज्ञा, कामदेवको प्रसन्नता । मुनिको प्राणायाम, साधना, पृथ्वीमा उत्पात, शरीर-त्याग गर्ने प्रसंग ३५१–३५६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौबीसौं अध्याय (लिच्छविहरुमा दया)

१. आनन्दको मूर्च्छा । बुद्धको आनन्दसँग संवाद, आनन्दको दुःखविलाप, जगत्को रहस्य वर्णन बुद्धको संझाइ, परम कल्याणका चार स्थानको वर्णन । लिच्छविहरुको पुनरागमन र बुद्धको उपदेश । लिच्छविहरुको विषाद, विलाप। उदासीन लिच्छविहरू नगरतिर फर्कनु ३६०-३६६

पच्चीसौं अध्याय (निर्वाण–मार्गमा)

१. महामुनिले निर्वाणका लागि वैशाली छाडेर हिंडेपछिको वैशालीको शोभाहीनता–विलाप र विह्वलता । महात्मा बुद्धका गुणगरिमा र सद्-भावनाहरुको वर्णन । महामुनिले वैशाली नगरी हेर्दै विदा माग्नु । भोगवती नगरी पुगी केही विश्रामका समय विनय–पत्रिका आदिको वर्णन गर्नु । सूत्र, आचार र शुद्ध मनुष्यको वचन बारे प्रवचन छ ३६६–३७२

२. पापापुरीका मल्लहरुमध्ये परम भक्त चुन्दको घरमा अन्तिम भोजन । कुशीनगरतर्फ प्रस्थान । चुन्दका साथ इरावतीतटमा उपवनको तलाउको छेउमा विश्राम । हिरण्यवती नदीमा स्नान र आनन्दलाई उपदेश । आनन्दले आज्ञानुसार दुई सालको रूखको बीचमा शयन–स्थान निर्माण गरिदिनु र बुद्ध अन्तिम चिरनिद्राका निंति शय्यामा चढ्नु ३७२-३७३

३. बुद्धको शयनावस्थाको वर्णन । करुणामय बुध्दले आनन्दलाई मल्लहरुलाई बोलाउने आज्ञा र विव्हल मल्लहरुको जमघटलाई संबोधन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दै बुध्दबाट सान्त्वना । वृध्दमल्लको बुध्द-निर्वाणबारे र बुध्दका उपदेशबाट नसुध्रिकाउपर शोकप्रकट । योगशास्त्र अध्ययन गर्ने बुध्दको शिक्षा र मल्लहरुको बिदाइ ३७६-३७५

छब्बीसौं सर्ग (महापरिनिर्वाण)

१. निर्वाणको समाचारले त्रिदण्डी सुभद्रको आगमन । सुभद्र र गौतम बुध्दको संवादः— अष्टांग मार्गको व्याख्या । सुभद्रले त्रिदण्डी धर्म त्याग्नु र बुध्दमत तथा अन्य मतको विभिन्नता । मौनधारणद्वारा सुभद्रले निर्वाण प्राप्त गर्नु र बुध्दको आज्ञाले उनको अन्तिम संस्कार हुनु । ३७५-३७८

२. शिष्यहरुलाई अर्ति, उपदेश र निर्देशन । २७८-३८५

३. अनिरुध्दले समर्थनपूर्ण प्रशंसा गर्नु । बुध्दबाट फेरि शिक्षा ३८५-३८६

४. बुद्धले क्रमशः नौ समाधि र फेरि प्रथम समाधि लिनु । पुनः चतुर्थ ध्यानमा आई सदाका लागि शान्त हुनु । पृथ्वीभर शोक-विह्वलता ३८६-३८७

सत्ताईसौं सर्ग (निर्वाण प्रशंसा

१. कुनै श्रेष्ठ देवताले विमानबाट सर्वज्ञतिर हेरी आकाशवाणी गर्नु ३८८

२. अनिरुद्धले संसारप्रति लक्ष्य गर्दै मनुष्यलाई भन्नु ३८९-३९३

३. वृद्धमल्लले धर्म-परायणताको आधारमा भन्नु । मल्लहरुमा शोकाकुलता । मुनिको शवयात्रा-वर्णन । हिरण्यवतीतटमा मुकुट चैत्यमा चिता चढाउनु । काश्यप मुनिको आगमन अनि चिता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सल्कनु । हाड नजल्नु र हाडलाई सुवर्ण-कलशमा मल्लपुरीमा संस्थापन गरिनु । पूजा–भवन तैयार गरिनु ६६३–३६६

अट्ठाईसौं सर्ग (धातु–विभाजन)

१. मुनिको अस्थि-धातुका निम्ति छिमेकका सात राजाका दूतहरू मल्लपुरीमा भेला हुनु । धातु दिनु सट्टा युध्द गर्न मल्लहरु तैयार हुँदा रिसाएका सातै राज्यका सैन्य मल्लपुरीमा घेर्न आइपुग्नु । मल्लपुरीमा शोकाकुलता, चिन्ता-व्यग्रता । पुरवासीहरूबाट युध्दसंचालन । दुवैतर्फबाट भयानक युध्दको संभावना ३६७–३६८

२. द्रोण नामक आचार्यद्वारा दुवै सन्य र राजाहरुलाई संझाउनु र युध्द बन्द गरी मल्लहरुले मुनिको आस्थिधातु आठभागमा बाँड्नु । स्तूप बनाउनु । मल्लपुरीमा १ भाग राखिनु, द्रोणलाई घट मिल्नु । पिसल बचेको भस्ममात्र लिई फर्कनु । दशै ठाउँमा स्तूपहरु बन्नु ६६८-४०३

३. मुनिका उपदेशहरु भिक्षुसंघले संग्रह गर्नु । आनन्दले मुनिका सबै उपदेश यथार्थरूपले दोहोऱ्याउनु । मुनिको धर्मशास्त्रको निश्चिति । ४०३ ४०३

४. अशोकको जन्म । अशोक मौर्यले धर्म - प्रचार गर्नु । चण्ड–अशोक धर्मराज–अशोक कहलिनु । अशोकले सातै धातु-स्तूपबाट धातुहरु लिई अनेक भागमा विभाजित पारी असी हजार स्तूप स्थापना गर्नु । रामपुरको स्तूपबाट नागको रक्षा भएकोले धातु झिक्न नसक्नु ४०३–४०५

५. अश्वघोषको बुध्दधर्मप्रतिको प्रेमको घोषणा ४०५

★समाप्त★

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्ध चरित्र

प्रथम सर्गः (पहिलो सर्ग)

श्री भगवान् बुद्धको जन्म

ऐक्ष्वाक इक्ष्वाकुसमप्रभावः शाक्येष्वशक्येषु बिशुद्धवृत्तः ।
प्रियः शरच्चन्द्र इव प्रजानां शुद्धोदनो नाम बभूव राजा ॥१॥

इक्ष्वाकुवंशमा शुद्धोदन नाम भएका राजा भए । उनी अजेय शाक्यकुलका अधिपति तथा इक्ष्वाकु झैं प्रभावशाली थिए । उनको आचरण पवित्र थियो । उनी आफ्नू प्रजाका निति शरद्चन्द्र झैं प्यारा थिए ॥१॥

तस्येन्द्रकल्पस्य बभूव पत्नी दीप्त्या नरेन्द्रस्य समप्रभावा ।
पद्मेव लक्ष्मीः पृथिवीव धीरा मायेति नाम्नानुपमेय माया ॥२॥

ती इन्द्र जस्ता राजाको शची जस्ती रानी थिइन् । उनको तेज राजाको शक्ति समान थियो । उनी पद्मा जस्तै सुन्दरी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथिवी समान धीर थिइन । अनुपम माया हुनाले उनको नाम महामाया थियो ॥२॥

सार्धं तयासौ विजहार राजा नाचिन्तयत् वैश्रवणस्य लक्ष्मीं ।
ततश्च विद्येव समाधियुक्ता गर्भं दधे पापविवर्जिता सा ॥३॥

राजाले रानीका साथ विहार गर्दा कुवेरको सम्पत्ति उपभोग गरे झैं गरे । त्यसपछि पापनाश भएकी ती रानीले फलदायक समाधिसहितको विद्याजस्तो गर्भ धारण गरिन् ॥३॥

प्राग्गर्भधानान् मनुजेन्द्रपत्नी सित ददर्श द्विपराजमेकम् ।
स्वप्ने विशन्तं वपुरात्मनः सा नतन्निमित्तं समवाप तापम् ॥४॥

ती महारानीले गर्भ धारण गर्नु भन्दा पहिले स्वप्नामा ठूलो सेतो हात्ति आफूभित्र प्रवेश गर्न लागेको देखिन्, तर उनलाई त्यसले ताप भएन ॥४॥

सा तस्य देवप्रतिमस्य देवी गर्भेण वंशश्रियमुद्वहन्ती ।
श्रमं न लेभे न शुचं न मायां गन्तु वनं सा निभृतं चकाङ्क्ष ॥५॥

ती देवता जस्ता राजाकी महारानीले गर्भमा आफ्नू वंशको सौभाग्यलाई धारण गरिन् । परिश्रम, शोक, मायालाई त्यागी पवित्रवनमा जाने इच्छा गरिन् ॥५॥

सा लुम्बिनीं नाम वनान्तभूमिं चित्रद्रुमां चैत्ररथाभिरामाम् ।
ध्यानानुकूलां विजनामियेष तस्यां निवासाय नृपं बभाषे ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्यान गर्नयोग्य एकान्तवनजाने इच्छाभएकी रानीले चित्रविचित्रका वृक्षहरूभएको चैत्ररथ झैं सुन्दर लुम्बिनी नामक बनमा बस्ने इच्छाले राजालाई यो कुरा भनिन् ॥६॥

आर्याशयां तां प्रवणां च धर्मे विज्ञाय कौतूहलहर्षपूर्णः ।
शिवात् पुरात् भूमिपतिर्जगाम तत्प्रीतये नापि बिहारहेतोः ॥७॥

राजा कुतूहल तथा हर्षपूर्ण भई धार्मिकता सहितको उनको उत्तम आशयजानी उनलाई प्रसन्न गर्न सुन्दर सहरबाट हिँडे, तर उनी बिहारगर्न हिँडेका थिएनन् ॥७॥

तस्मिन् बने श्रीमति राजपत्नी प्रसूतिकालं समवेक्षमाणा ।
शय्यां वितानोपहितां प्रपेदे नारीसहस्रैरभिनन्द्यमाना ॥८॥

हजारौं नारीहरूले सेवा गरिएकी महारानी आफ्नू सुत्केरीहुने समय नजिकै आएको बुझी चँदुवाले सजसजाउ भएको शैय्यामा गइन् ॥८॥

ततः प्रसन्नश्च बभूव पुष्यस्तस्याश्च देव्या व्रतसंस्कृतायाः ।
पार्श्वात् सुतो लोकहिताय जज्ञे निर्वेदन चैव निरामयं च ॥९॥

त्यसबखत निर्मल पुष्य नक्षत्र उदाएको थियो । व्रतले शुद्ध भएकी महारानीको कोखाबाट लोककल्याणको निति छोरा उत्पन्न भए । रानीलाई पीडा पनि भएन । रोग पनि लागेन ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऊरोर्यथोर्वस्य पृथोश्च हस्तान्मान्धातुरिन्द्रप्रतिपस्य मूर्ध्नः ।
वक्षीवतश्चैव भुजांसदेशा तथाविधं तस्य बभूव जन्म ॥१०॥

जसरी जाँघबाट और्वको, हातबाट पृथुको, शिरबाट इन्द्र जस्ता मान्धाताको, कोखाबाट कक्षीवान्को जन्म भएको थियो, उसै गरी ई शिशुको पनि कोखाबाट जन्म भयो ॥१०॥

क्रमेण गर्भादभिनिःसृतः सन् बभौ च्युत : खादिव योन्यजातः ।
कल्पेष्वनेकेषु च भावितात्मा यः संप्रजानन् सुषुवे न मूढः ॥११॥

एवं क्रमले गर्भबाट निस्केका ती अयोनिजबालक आकाशबाट खसे जस्तै शोभायमान देखिए । उनी कल्प कल्पको ज्ञानले पवित्र अन्तःकरणलिई जाग्रतरूपमा प्रकट भए । साधारण बालकको जस्तो मूढ अवस्थामा जन्मेनन् ॥११॥

दिप्त्या च धैर्येण च यो रराज बालो रविर्भूमिमिवावतीर्णः ।
तथातिदीप्तोऽपि निरीक्ष्यमाणो जहार चक्षूंषि यथा शशाङ्कः ॥१२॥

तेज र धैर्यले गर्दा ती बालक पृथ्वीमा उदाएका बालसूर्य झैं अत्यन्त सुन्दर देखिए । उनी अत्यन्त तेजस्वी भएता पनि हेर्ने मानिसको दृष्टिलाई चन्द्रमाले झैं आकर्षण गर्दथे ॥१२॥

स हि स्वगात्रप्रभया ज्वलन्त्या दीपप्रभां भास्करवन्मुमोष ।
महार्हजाम्बूनदचारुवर्णो विद्योतयामास दिशश्च सर्वाः ॥१३॥

उनले आफ्नू शरीरबाट निस्केको तेजिलोकिरणले सूर्यले झैं वत्तिको प्रकाशलाई हरण गरे । असलसुवर्ण झैं सुन्दरवर्ण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएका ती बालकले सबै दिशालाई उज्यालो तुल्याए ॥१३॥

अनाकुलान्युब्जसमुद्भृतानि निष्पेषवद्व्यायतविक्रमाणि ।
तथैव धीराणि पदानि सप्त सप्तर्षितारासदृशो जगाम ॥१४॥

उनले सप्तर्षि तारा ले झैं सात पाऊ चाले । उनका सात पाइला शान्त, सोझा, अग्ला, पहिले नै अभ्यास भएका, लामा, पराक्रम सहित र धीर थिए ॥१४॥

बोधाय जातोऽस्मि जगद्धितार्थमन्त्या भवोत्पत्तिरियं ममेति ।
चतुर्दिशं सिंहगतिर्विलोक्य वाणीं च भव्यार्थकरीमुवाच ॥१५॥

सिंहको जस्तो गति भएका ती बालकले चारै तर्फ हेरेर सुन्दर र सारगर्भित वचन भने । मैले विश्वकल्याणको निंति र ज्ञान पाउनाको निंति जन्म ग्रहण गरेको हूँ । संसारमा यो मेरो अन्तिम जन्म हो ॥१५॥

खात्प्रस्रुते चन्द्रमरीचिशुभ्रे द्वे वारिधारे शिशिरोष्णवीर्ये ।
शरीरसंस्पर्शसुखान्तराय निपेततुर्मूर्धनि तस्य सौम्ये ॥१६॥

चन्द्रमाको किरण झैं निर्मल तातो चीसो पानीका दुई धारा आकाशबाट वगेर उनलाई आन्तरिक सुखदिन उनका शरीरको स्पर्शगर्दै सुन्दर शिरमा खस्यो ॥१६॥

श्रीमद्वितानं कनकोज्ज्वलाङ्गं वैडूर्यपादं शयनं शयानम् ।
यद्गौरवात्काञ्चनपद्महस्ता यक्षाधिपा संपरिवार्य तस्थुः ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिलो सर्गः

उनी राम्रो चँदुवाहालेको सुनको उज्ज्वल र खुट्टामा पन्नाहरू जडिएको पलङमा सुतेका थिए। उनको प्रभाव देखेर यक्षपतिगणहरू हातमा सुवर्णमय कमल लिएर उनका चारैतिर उभिएका थिए ॥१७॥

अदृश्यरूपाश्च दिवौकसः खे यस्य प्रभावात् प्रणतैः शिरोभिः ।
आधारयन् पाण्डरमातपत्रं बोधाय जेपुः परमाशिषश्च ॥१८॥

इनको प्रभावले प्रभावित भएका अदृश्यदेवताहरूले शिर निहुराई आकाशमा उभिएर इनलाई सेतो छाता ओढाए तथा इनले बुद्धत्व प्राप्त गरून् भनी शुभाशीर्वाद दिए ॥१८॥

महोरगा धर्मविशेषतर्षाद् बुद्धेष्वतीतेषु कृताधिकाराः ।
यमन्यजन् भक्तिविशिष्टनेत्रा मन्दारपुष्पैः समवाकिरंश्च ॥१९॥

पहिलेका बुद्धहरूको सेवागर्ने ठूला ठूला सर्पहरूले धर्म विशेषको लालसागरी इनलाई पङ्खा हंकेर भक्तियुक्त नजरले हेर्दै उनीमाथी मन्दारफूलको वर्षा गरे ॥१९॥

तथागतोत्पादगुणेन तुष्टाः शुद्धाधिवासाश्च विशुद्धसत्वाः ।
देवा ननन्दुर्विगतेऽपि रागे मग्नस्य दुःखे जगतो हिताय ॥२०॥

बुद्धको जन्मले प्रसन्न भएका तथा पवित्र अन्तःकरण र शुद्धवस्त्र पहिरेका देवगणहरू आफुरागरहित भएता पनि दुःखमा डुबेको जगतको हुने हितको कुरा सुनेर खुसी भए। किनभने दुःख पीडितविश्वको कल्याणका निंति नै उनको जन्मभएको थियो ॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्य प्रसूतौ गिरिराजकीला वाताहता नौरिव भूश्चचाल ।
सचन्दना चोत्पलपद्मगर्भा पपात बृष्टिर्गगनादनभ्रात् ॥२१॥

उनको जन्मकालमा सुमेरूपर्वतरूपी कीलोमा अडेकी पृथ्वी पनि वायुले हल्लाएको नाऊ झैँ काम्न थालिन् । बिना बादलको आकाशबाट चन्दन मिश्रित रातो र नीलो कमलको वृष्टि भयो ॥२१॥

वाता ववुः स्पर्शसुखा मनोज्ञा दिव्यानि वासांस्यवपातयन्तः ।
सूर्य स एवाभ्यधिकं चकाशे जज्वाल सौम्यार्चिरनीरितोऽग्निः ॥२२॥

स्पर्शगर्दा आनन्ददिने मनलाई लोभ्याउने वायु, असल असल वस्त्रको वर्षागर्दै वहनलाग्यो । सूर्य पनि अत्यन्त तेजिला देखिए । आगो राम्रोसँग बल्न लाग्यो ॥२३॥

प्रागुत्तरे चावसथप्रदेशे कूपः स्वयं प्रादुरभूत्सिताम्बुः ।
अन्तःपुराण्यागतविस्मयानि यस्मिन् क्रियास्तीर्थ इव प्रचक्रुः ॥२३॥

बसेको ठाऊँको उत्तर पूर्व दिशामा निर्मल पानी भएको कुवा आफैँ प्रकट भयो । यसलाई तीर्थ जस्तो ठानी अन्तःपुरमा बस्ने स्त्रीहरू आश्चर्य भएर आफ्ना सबै कर्महरू गर्न थाले ॥२३॥

धर्मार्थिभिर्भूतगणैश्च दिव्यै स्तद्दर्शनार्थं वनमापुपूरे ।
कौतूहलेनैव च पादपेभ्यः पुष्पाण्यकालेऽप्यवपातयद्भिः ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनको दर्शनगर्न आएका धर्मको इच्छागर्ने दिव्यपुरूषले त्यो वन ढाकियो । उनीहरू खुसीभएर वृक्षहरूबाट असमयमा नै फूलको वर्षा गराए ॥२४॥

भूतैरसौम्यैः परित्यक्तहिंसैर्नाकारि पीडा स्वगणे परे वा ।
लोके हि सर्वाश्च विना प्रयासं रूजो नराणां शमयांबभूवुः ॥२५॥

क्रूरप्राणीहरूले हिंसात्यागी आफ्ना परिवार र अरूहरू-लाई पनि कष्ट दियेनन् । संसारका मान्छेलाई लाग्ने सबै रोगहरू आफैँ नै शमन भए । २५ ॥

कलं प्रसेदुः मृगपक्षिणश्च शान्ताम्बुवाहा सरितो बभूवुः ।
दिशः प्रसेदुर्विमले निरभ्रे विहायसे दुन्दुभयो निनेदुः ॥२६॥

मृगपक्षीहरूले मीठो बोली बोले । नदीहरू शान्तभयेर बग्न लागे । दिशाहरू निर्मल भए । मेघ न भयेको स्वच्छ आकाशमा नगराहरू बजन लागे ॥ २६ ॥

लोकस्य मोक्षाय गुरौ प्रसूते शमं प्रपेदे जगदव्यवस्थम् ।
प्राप्येव नाथं खलु नीतिमन्तं एको न मारो मुदमाप लोके ॥२७॥

संसारको मोक्ष (कल्याण) का निंति गुरूको उदयभयेको हुनाले संसारको सबै अव्यवस्था नीतिमान् राजाको उदयमा झैँ लोप भयो । एक कामदेवलाई मात्र उनको जन्मले आनन्द भएन ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिव्यादद्भुतं जन्म निरीक्ष्य तस्य धीरोऽपि राजा बहुक्षोभमेतः ।
स्नेहादसौ भीतिप्रमोदजन्ये द्वे वारिधारे मुमुचे नरेन्द्रः ॥२८॥

उनको त्यस्तो अद्भुतजन्म भयेको देखी राजा धैर्य युक्त भयेता पनि अत्यन्त क्षुब्ध भए । उनको स्नेहजनित भय र आनन्दका दुई किसिमका आँसुका धारा बगे ॥ २८ ॥

अमानुषीं तस्य निशम्य शक्तिं माता प्रकृत्या करुणार्द्रचित्ता ।
प्रीता च भीता च बभूव देवी शीतोष्णमिश्रेव जलस्य धारा ॥२९॥

उनको त्यस्तो अमानवीय शक्तिभएको कुरा सुनेर स्वभाबले नै करूणार्द्र चित्तभएकी उनकी आमा, चिसो र तातो पानीको संमिश्रणभएको धारा झैं आनन्द र भयले युक्त भइन् ॥२९॥

निरीक्षमाणा भयहेतुमेव ध्यातुं न शेकुः वनिताः प्रबृद्धाः ।
पूताश्च ता मङ्गलकर्म चक्रुः शिवं ययाचुः शिशवे सुरौघान् ॥३०॥

भयले गर्दा बुढीस्त्रीहरुले उनलाई देखेर पनि उनको ध्यान गर्न सकेनन् । केवल पवित्रभयेर मङ्गलकर्म गरे । देवसमुदाय सँग बालकका निंति कल्याणको याचना गरे ॥३०॥

विप्राश्च ख्याताः श्रुतशीलवाग्भिःश्रुत्वा निमित्तानि विचार्य सम्यक् ।
मुखैः प्रफुल्लैश्चकितैश्च दीप्तैः भीतं प्रसन्नं नृपमेत्य प्रोचुः ॥३१॥

शास्त्रजान्ने राम्रो स्वभावभयेका बोलैय्या ब्राह्मणहरुले बालक जन्मेको सुनी आश्चर्य सहित हँसिलो र उज्यालो अनुहार लाई, भयभीत र प्रसन्न भयेका राजालाई भने ॥ ३१ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शमेप्सवो ये भुवि सन्ति सत्त्वाः पुत्रं विनेच्छन्ति गुणं न कञ्चित् ।
त्वत्पुत्र एषोऽस्ति कुलप्रदीपः नृत्योत्सव त्वद्य विधेहि राजन् ॥३२॥

हेमहाराज ! संसारमा शान्तिको इच्छागर्ने जति प्राणी छन् ती पुत्रवाहेक अरू कुनै वस्तुको पनि इच्छा गर्दैनन् । तपाँईका ई छोरा पनि कुलका बत्ति जस्ता हुनेछन्, त्यसैले आज नृत्य उत्सव गर्नुहोस् ॥ ३२ ॥

विहाय चिन्तां भव शान्तचित्तो मोदस्व वंशस्तव वृद्धिभागी ।
लोकस्य नेता तव पुत्रभूतः दुःखार्दितानां भुवि एष त्राता ॥३३॥

चिन्ताछोडी शान्तचित्तभयेर आनन्द मनाउनु होस् । तपाँईको बंश उन्नतिशील हुनेछ । ई तपाईको पुत्र भयेर जन्मने दुःखी मनुष्यको रक्षक र विश्वको नेता हुने छन् ॥ ३३

दीपप्रभोऽयं कनकोज्ज्वलाङ्गः सुलक्षणैर्यस्तु समन्वितोऽस्ति ।
निधिर्गुणानां समये स गन्ता बुद्धर्षिभाव परमां श्रियं वा ॥३४॥

बत्ति झैं प्रकाशवान्, सुवर्ण झैं उज्ज्वल ई बालक राम्रा लक्षणहरुले संपन्न छन् । ई सभय आयेपछि गुणका खानी हुनेछन् । बुद्धमा ऋषि हुनेछन्, कि ठूलो (राज्य) श्री पाउने छन्, ॥ ३४ ॥

इच्छेदसौ वै पृथिवीश्रियंचेत् न्यायेन जित्वा पृथिवीं समग्राम् ।
भूपेषु राजेत यथा प्रकाशः ग्रहेषु सर्वेषु रवेर्विभाति ॥३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथ्वी र राज्यको इनले इच्छागरे भने संपूर्ण पृथ्वीलाई इनी न्यायपूर्वक जित्ने छन् । राजाहरूमध्ये सबैभन्दा श्रेष्ठ भयेर संपूर्ण ग्रहहरूमा सूर्यको प्रकाशले झँ इनले घेरै शोभा पाउनेछन् ॥३५॥

मोक्षाय चेद्वा वनमेव गच्छेत् तत्त्वेन सम्यक् स बिजित्य सर्वान् ।
मतान् पृथिव्यां बहुमानमेतः राजेत शैलेषु यथा सुमेरूः ॥३६॥

यादि इनी मोक्षका निंति वनमा गये भने तत्वज्ञानले सबै मतमतान्तर माथी विजयप्राप्त गरेर पृथ्वीमा ठूलो सन्मान पाउने छन्, र पर्वतहरू मध्ये सुमेरू पर्वतझैं इनको शोभा हुनेछ ॥३६॥

यथा हिरण्यं शुचि धातुमध्ये मेरूर्गिरीणां सरसां समुद्रः ।
तारासु चन्द्रस्तपतां च सूर्यः पुत्रस्तथा ते द्विपदेषु वर्यः ॥३७॥

जस्तो धातुहरू भध्ये सुवर्ण पवित्र छ । जस्तो पर्वतमा सुमेरू, जलाशयमा समुद्र, ताराहरुमा चन्द्रमा, अग्निमा सूर्य श्रेष्ठ छन् । त्यस्तै मनुष्यमा तपाईंका छोरा श्रेष्ठ हुने छन् ॥३७॥

तस्या क्षणी निर्निमिषे विशाले स्निग्धे च दीप्ते विमले तथैव ।
निष्कम्पकृष्णायतशुद्धपद्मे द्रष्टुं समर्थे खलु सर्वभावान् ॥३८॥

इनका आँखा झिमझिम नगर्ने, ठूला, चिल्ला, प्रकाशवान्, निर्मल, निश्चल, काला र लामा लामा परेलाले युक्त छन् । त्यसैले ई सबै कुरा देख्न सक्ने हुने छन् ॥३८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस्मान्नु हेतोः कथितान्भवद्भिः वरान्गुणान् धारयते कुमारः ।
प्रापुर्न पूर्वे मुनयो नृपाश्च राज्ञेति पृष्टा जगदुर्द्विजास्तम् ॥३९॥

राजाले भने हेब्राह्मणदेव हो ! तपाँईले बताएका ई श्रेष्ठगुणहरू कुमारमा विद्यमान हुनु र पहिलेका ऋषि एवं राजाहरूमा किन भएनन् ? यस्तो उनको प्रश्न सुनी ब्राह्मणहरूले भने ॥३९॥

ख्यातानि कर्माणि यशो मतिश्च पूर्वं न भूतानि भवन्ति पश्चात् ।
गुणा हि सर्वाः प्रभवन्ति हेतोः निदर्शनान्यत्र च नो निबोध ॥४०॥

प्रसिद्धकाम, कीर्ति र बुद्धि पहिले कसैमा थिएन, पछि कसैमा देखियो भनि सन्देहगर्नु मुनासिब छैन, किनभने सबै प्रकारका गुणहरू कुनै कारणवश नै उत्पन्न हुन्छन् । यसमा दृष्टान्तहरू सुन्नुहोस् ॥४०॥

यद्राजशास्त्रं भृगुरङ्गिरा वा मै चक्रतुर्वंशकरावृषी तौ ।
तयोः सुतौ सौम्य ससर्जतुस्तत्कालेन शुक्रश्च बृहस्पतिश्च ॥४१॥

हे शान्त स्वभाव भएका राजा ! वंशपरंपरा चलाउने भृगु र अङ्गिराऋषिले राजनीति शास्त्र रचना गरेनन्, तर उनका छोरा शुक्र र बृहस्पतिले त्यो निर्माण गरे ॥४१॥

सारस्वतश्चापि जगाद नष्टं वेदं पुनर्यं ददृशुर्न पूर्वे ।
व्यासस्तथेनं बहुधा चकार न यं वसिष्ठः कृतवानशक्तिः ॥४२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नष्ट भएको वेदलाई पहिले कसैले देखेनन् । पछि सरस्वतीका छोरा सारस्वतले भने । व्यासले उसको धेरै भाग गरे । त्यो काम शक्तिनभएका वसिष्ठले गर्न सकेका थिएनन् ॥४२॥

वाल्मीकिरादौ च ससर्ज पद्यं जगन्थ यत्न च्यवनो महर्षिः ।
चिकित्सितं यच्च चकार नात्रिः पश्चात्तदात्रेय ऋषिर्जगाद ॥४३॥

सर्वप्रथम वाल्मीकिले पद्यको सृष्टि गरे; यो कुरा महर्षि च्यवनले गर्न सकेका थिएनन् । त्यस्तै अत्रिले चिकित्साशास्त्रको रचना गर्नसकेनन्, त्यो आत्रेयले पूर्ण गरे ॥४३॥

यच्च द्विजत्वं कुशिको न लेभे तद्गाधिनः सूनुरवाप राजन् ।
वेलां समुद्रे सगरश्च दध्रे नेक्ष्वाकवो यां प्रथमं बबन्धुः ॥४४॥

हेमहाराज ! विश्वामित्रका पूर्वज कुशिकले ब्राह्मणत्व प्राप्त गर्न सकेनन् तर गाधिपुत्र विश्वामित्रले प्राप्त गरे । सगरले समुद्रमा बाँध बाँधे । यो काम इक्ष्वाकुको वंशमा कसैले गर्न सकेका थिएनन् ॥४४॥

आचार्यकं योगविधौ द्विजानामप्राप्तमन्यैर्जनको जगाम ।
ख्यातानि कर्माणि च यानि शौरेः शूरादयस्तेष्वबला बभूवुः ॥४५॥

ब्राह्मण, क्षत्री, वैश्यहरू मध्ये योगविधिमा कसैले पनि नपाएको आचार्यपद जनकले पाये । शौरिले जुन प्रसिद्ध कर्म गरे, त्यस्तो कर्म गर्न शूर आदि असमर्थ नै रहे ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्मात्प्रमाणं न वयो न वंशः कश्चित्क्वचिच्छ्रैष्ठ्यमुपैति लोके ।
राज्ञामृषीणां च हि तानि तानि कृतानि पुंत्रैरकृतानि पूर्वैः ॥४६॥

त्यसकारण ठूलो हुन अवस्था पनि प्रमाण हुँदैन । वंश पनि प्रमाण हुँदैन । संसारमा कुनै मानिस कुनै अवस्थामा पनि आफ्नू शक्तिद्वारा श्रेष्ठहुन शक्त छ । राजा र ऋषिहरूका छोराले जुन जुन काम गरे त्यो उनका पूर्वजहरूले गर्न सकेका थिएनन् ॥४६॥

एवं नृपः प्रत्ययितैर्द्विजैस्तैराश्वासितश्चाप्यभिनन्दितश्च ।
शङ्कामनिष्टां बिजहौ मनस्तः प्रहर्षमेवाधिकमारूरोह ॥४७॥

यसप्रकार ती विश्वासी ब्राह्मणहरूद्वारा सान्त्वना तथा अभिनन्दन पाएका राजा आफ्ना मनको अनिष्ट शङ्का छोडी अत्यन्त प्रसन्न भए ॥४७॥

प्रीतश्च तेभ्यो द्विजसत्तमेभ्यः सत्कारपूर्वं प्रददौ धनानि ।
भूयादयं भूमिपतिर्यथोक्तो यावज्जरामेत्य वनानि चेति ॥४८॥

खुसी भएका राजाले ती ब्राह्मणहरूलाई आदरपूर्वक धनहरू दिए । उनको मनमा ब्राह्मणहरूले भने अनुसार ई बालक पहिले राजा हुन र पछि वृद्धावस्थामा वनमा जाउन् भन्ने थियो ॥४८॥

अथो निमित्तैश्च तपोवलाच्च तज्जन्म जन्मान्तकरस्य बुद्धा ।
शाक्येश्वरस्यालयमाजगाम सद्धर्मतर्षादसितो महर्षिः ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धेरै लक्षणले र तपोबलद्वारा उनी जन्मको नाश गर्नै जन्मेका हुन् भन्ने जानी सद्धर्मको जिज्ञासाले, असित नाम भएका महर्षि शाक्यराजको घरमा आए ॥४६॥

तं ब्रह्मविद्ब्रह्मविदं ज्वलन्तं ब्राह्म्या श्रिया चैव तपः श्रिया च ।
राज्ञो गुरुर्गौरवसत्क्रियाभ्यां प्रवेशयामास नरेन्द्रसदम ॥५०॥

ब्रह्मवेत्ता राजगुरूले ब्रह्मतेज र तपस्याको तेजले देदीप्यमान ती ब्रह्मज्ञानी ऋषिलाई गौरव तथा सत्कारपूर्वक राजदरवारमा प्रवेश गराए ॥५०॥

स पार्थिवान्तः पुरसन्निकर्षं कुमारजन्मागतहर्षवेगः ।
बिवेश धीरो वनसंज्ञयेव तपः प्रकर्षाच्च जराश्रयाच्च ॥५१॥

असितमुनि पनि बालक जन्मेको हर्षले गर्दा राजाका अन्तःपुरको नगीचमा गए । तपस्याको आधिक्य र वृद्धावस्थाले गर्दा उनी राजदरवारलाई वन नै हो भनी ठान्थे ॥५१॥

ततो नृपस्तं मुनिमासनस्थं पाद्यार्घ्यपूर्वं प्रतिपूज्य सम्यक् ।
निमन्त्रयामास यथोपचारं पुरा वसिष्ठं स इवान्तिदेवः ॥५२॥

त्यसपछि आसनमा बसेका ती मुनिको पाद्य अर्घ्यसहित राम्रो रीतिले विधिपूर्वक पूजा गरेर उनीसित, पूर्वकालमा अन्तिदेवले वसिष्ठलाई विन्ति गरे झैं राजाले भने ॥५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धन्योऽस्म्यनुग्राह्यमिदं कुलं मे यन्मां दिदृक्षुर्भगवानुपेतः ।
आज्ञाप्तां किं करवाणि सौम्य शिष्योऽस्मि विश्रम्भितुमर्हसीति ॥५३॥

म धन्य रहेछु । मेरो यो कुल पनि धन्य रहेछ । आज तपाँई जस्ता ऋषि पनि मलाई भेट्न आउनु भो । हे शान्तऋषि ! आज्ञा गर्नु होस्, म तपाँईको के सेवा गरूँ ? म तपाँईको शिष्य हूँ भनी विश्वास गर्नु होला ॥५३॥

एवं नृपेणोपनिमंत्रितः सन् सर्वेण भावेन मुनि र्यथावत् ।
स विस्मयोत्फुल्लविशालदृष्टिर्गम्भीरधीराणि वचांस्युवाच ॥५४॥

यसरी राजाले सर्वात्मभावद्वारा मुनिलाई उचित निवेदन गरे पछि मुनिका आँखा पनि आश्चर्यले चकित र ठूलठूला भए । उनले राजालाई गंभीर र धीरवचन भन्नलागे ॥५४॥

महात्मनि त्वय्युपपन्न मेतत्प्रियातिथौ त्यागिनि धर्म कामे ।
सत्वान्वयज्ञानवयोऽनुरूपा स्निग्धा यदेवं मयि ते मतिः स्यात् ॥५५॥

तपाँई जस्ता अतिथिप्रिय प्यागी धर्मको इच्छागर्ने महात्मामा ई कुरा हुनु योग्य हुन् । तपाईको स्वभाव, वंश, ज्ञान र अवस्थाको अनुरूप नै ममा यस्तो प्रेम बुद्धि भयेको हो ॥५५॥

एतच्च तद्येन नृपर्षयस्ते धर्मेण सूक्ष्मेण धनान्यवाप्य ।
नित्यं त्यजन्तो विधिवद्बभूवु स्तपोभिराढ्या बिभवैर्दरिद्राः ॥५६॥

यो त्यै बिधि हो, जुन सूक्ष्मधर्मलाई पालना गरेर राजर्षिहरू धनोपार्जन गरी बिधि पूर्वक नित्य दान गर्दै तपस्यामा धनी र धनले दरिद्र भए ॥५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयोजन यत्तु ममोपयाने तन्मे शृणु प्रीतिमुपेहि च त्वम् ।
दिव्या मयादित्य पथे श्रुता वाग्बोधाय जातस्तनय स्तवेति ॥५५॥

किन्तु म तपाईंकहाँ आउनाको कारण सुन्नुहोस् र खुशी पनि हुनुहोस् । मैले सूर्यमार्गमा यी तपाईंका छोरा बुद्धत्व प्राप्त गर्न उत्पन्न भएका हुन् भन्ने दिव्यवाणी सुने ॥५७॥

श्रुत्वा वचस्तच्च मनश्च युक्त्वा ज्ञात्वा निमित्तै श्चततोऽस्म्युपेतः ।
दृदिदृक्षया शाक्यकुलध्वजस्य शक्र ध्वजस्येव समुच्छ्रितस्य ॥५८॥

यस्तो दिव्य वाणी सुनेर मनलाई योगयुक्त पारेर तथा अरू निमित्तहरूबाट पनि तपाईंका पुत्रजन्मको वृत्तान्त जानेर इन्द्रको ध्वजा झैं उन्नत यो शाक्यकुलको ध्वजा हेर्ने इच्छाले यहाँ आएको हूँ ॥५८॥

इत्येवदेवं वचन निशम्य प्रहर्षसम्भ्रान्तगतिं नरेन्द्रः ।
आनाय धात्यङ्कगतं कुमारं संदर्शयामास तपोधनाय ॥५९

यस्तो ऋषिको वचन सुनी प्रसन्नताले गति लरबरिएका राजाले धाईको काखबाट कुमारलाई ल्याई तपोधन ऋषिलाई देखाए ॥५९॥

चक्राङ्कपादं स ततो महर्षिर्जालावनद्धाँगुलिपाणिपादम् ।
सोर्णाभ्रुवं वारणवस्तिकोशं सविस्मयं राजसुतं ददर्श ॥६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महर्षिले पनि आश्चर्यसहित राजकुमारलाई हेरे । उनको पाउमा चक्रको चिन्ह थियो । औंला र हात खुट्टाहरूमा रेखाहरू जाल जस्तै फिँजिएका थिए । उनका भुंवा जस्तै आंखीभौं र हात्तीको झैं सानू अण्डकोश थियो ॥६०॥

धान्यङ्क संविष्टमवेक्ष्य चैनं देव्यङ्क संविष्ट मिवाग्निसूनुम् ।
बभूव पद्मान्तविचञ्चिताश्रु निश्वस्य चैव त्रिदिवोन्मुखोऽभूत् ॥६१॥

पार्वतीको काखमा बस्ने अग्निका छोरा स्वामीकार्तिक झैं धाईको काखमा सुतेका कुमारलाई देखी परेलाभरी आँसु लिएका महर्षिले लामो सास फेरी आकाशतर्फ हेरे ॥६१॥

दृष्ट्वासितं स्वश्रु परिप्लुताक्षं स्नेहात्तनूजस्य नृपश्चकम्पे ।
सगद्गदं बाष्पकषायकण्ठः पप्रच्छ स प्राञ्जलिरानताङ्गः ॥६२

आँसुको आंखा टलपल्ल भएका असितमुनिलाई देखेर पुत्र-वात्सल्यले गर्दा (अनिष्टको शङ्का लिएर) राजा काम्न थाले । उनको घाँटी निसासिएर खसखसायो र शिर झुकाई हात जोरेर उनी गद्गद स्वरले ऋषिसँग सोध्न लागे ॥६२॥

अल्पान्तरं यस्य वपुः सुरेभ्यो बह्वद्भुतं यस्य च जन्म दीप्तम् ।
यस्योत्तरं भाविनमात्थ चार्थं तं प्रेक्ष्य कस्मात् तव धीर बाष्पः ॥६३॥

हे धीर ऋषि ! तपाईंले यिनको शरीर देवताहरूको शरीर—भन्दा अलकतामात्र भिन्न छ, यिनको देदीप्यमान जन्म अत्यन्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अद्भुत छ, यिनले भविष्यमा गर्ने कार्य उत्तम छ भनी भन्नु भो। उनैलाई देखदा किन तपाईंका आँखामा आँसु आए ? ॥६३॥

अपि स्थिरायु र्भगवन् कुमारः कच्चिन्न शोकाय मम प्रसूतः।
लब्धा कथंचित्सलिलाञ्जलि में न खल्विम पातुमुपैति कालः ॥६४

हे सर्वगुणसंपन्न ऋषिः यी कुमार दीर्घायु छन ? यिनले के मेरो शोक बढाउन जन्म लिएका ता होइनन ?! कुनै प्रकारले मैले पाउने जलाञ्जलिहरू पान गर्न काल त आएको होइन ? अर्थात् म मरेपछि जलाञ्जलि दिन यी कुमार के जीवित रहँदैनन् ? ॥६४॥

अप्यक्षयं मे यशसो निधान कच्चिद्ध्रुवो मे कुलहस्तसारः।
अपि प्रयास्यामि सुखं परत्र सुप्तोऽपि पुत्रेऽनिमिषैकचक्षुः ॥६५॥

के मेरो कीर्तिरूपी ढुकुटी त अक्षय छ ? के मेरा कुलपुरुषको कमाइ निश्चल छ ? के म यी छोरालाई एक टक लगाई हेर्दै सुखैसँग परलोक जान पाउँला ? ॥

कच्चिन्न मे जातमफुल्लमेव कुलप्रवालं परिशोषभागि।
क्षिप्रं बिभो ब्रूहि न मेऽस्ति शान्तिःस्नेहं सुते वेत्सि हि बान्धवानाम्॥६६

के यो मेरो भरखर जन्मेको कुलको अंकुर नफुलीकनै सुक्ला ?। हेसर्वज्ञ ऋषि ! चाँडै नै आज्ञा गर्नुहोस्, मलाई शान्ति छैन, किन भने पुत्रमा पिताको जुन प्रेम हुन्छ त्यो तपाईं जान्नु नै हुन्छ ॥ ६६ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्यागतावेगमनिष्ट बुद्ध्या बुद्ध्वा नरेन्द्रं स मुनिर्बभाषे !
माभून्मतिस्ते नृप काचिदन्या निःसंशयं तद्यदवोचमस्मि ॥६७।

यसरी भयले अनिष्ट चिताउन लागेका राजालाई मुनिले भने हेराजन् ! तपाईंको धारणा अर्को हुनु हुँदैन । मैले जुन कुरा भनें त्यो निःसंदेह हुनेछ ॥ ६७ ॥

नास्यान्यथात्वं प्रति विक्रिया मे स्वां वञ्चनां तु प्रति विक्लवोऽस्मि ।
कालो हि मे यातुमयं च जातो जातित्रयस्यासुलभस्य बोद्धा ॥६८॥

हेराजन् ! यिनको अनिष्ट शङ्काले मलाई विकार भएको होइन । आफू नै ठगिएँ भनी बिव्हल भएको हूँ । किनभने मेरो मरणकाल आयो । यसै बेला सजिलोसँग नजानिने जन्मनाशका विज्ञाता यिनको जन्म भयो ॥ ६८ ॥

विहाय राज्यं विषयेष्वनास्थस्तीव्रैः प्रयत्नै रधिगम्य तत्त्वम्
जगत्ययं मोहतमो निहन्तुं ज्वलिष्यति ज्ञानमयो हि सूर्यः ॥६९॥

विषयमा अनासक्त भएका यिनी राज्यलाई त्यागेर ठूलो प्रयत्नद्वारा तत्वज्ञान पाएर संसारमा फिंजिएको मोहरूपी अन्धकार नाश गर्न जानरूपी सूर्यरूप भएर जगमगाउनेछन् ॥ ६९ ॥

दुःखार्णवात् व्याधिविकीर्णफेनाज्जरातरङ्गान्मरणोग्रवेगात् ॥
उत्तारयिष्यत्यपमुह्यमानमार्तं जगज्ज्ञानमहाप्लवेन ॥७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनी रोगरूपी फींजले व्याप्त, बुढयाइँरूपी तरङ्गले पूर्ण, मृत्युरूपी अति वेगले बग्ने दुःखरूपी समुद्रमा बग्दै गएको संसारलाई ज्ञानरूपी ठूलो डुङ्गाद्वारा पारी पुऱ्याउने छन् ॥ ७० ॥

प्रज्ञाम्बुवेगां स्थिरशीलवप्रां समाधिशीतां व्रतचक्रवाकाम् ।
अस्योत्तमां धर्मनदीं प्रवृत्तां तृष्णार्दितः पास्यति जीवलोकः ॥७१॥

यिनी प्रज्ञारूपी जलप्रवाहले पूर्ण, अचल शीलरूपी किनारा भएको, समाधिरूप शीतलताले पुष्ट व्रतरूपी चखेवाले व्याप्त, उत्तम धर्मरूपी नदी बगाउने छन् । तृष्णारूपी तिर्खाले व्याकुल भएका संसारी जीवहरू त्यस नदीको जलपान गर्नेछन् ॥ ७१ ॥

दुःखार्दितेभ्यो विषयावृतेभ्यः संसार-कान्तारपथं स्थितेभ्यः ।
आख्यास्यति ह्येष विमोक्षमार्गं मार्गप्रनष्टेभ्य इवाध्वगेभ्यः ॥७२॥

यिनी विषयहरूमा लिप्त, दुःखले पीडित, संसाररूपी वनको बाटो हिडने बाटो भुलेका बटुवालाई बाटो बताए झैं मोक्षमार्गको विषय बताउने छन् ॥ ७२ ॥

विदह्यमानाय जनाय लोके रागाग्निनायं विषयेन्धनेन ।
प्रल्हादमाद्यास्पति धर्मवृष्ट्या वृष्ट्या महामेघ इवातपान्ते ॥७३॥

यिनी यस संसारमा विषयरूप दाउराद्वारा रागरूपी अग्निले डढेका मनुष्यलाई धर्मको वर्षा गरेर ग्रीष्म ऋतुको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तमा महामेघले जलवर्षा गरी जगत्लाई शीतल पारे झैं शान्ति दिनेछन् ॥ ७३ ॥

तृष्णार्गल मोहतमःकपाटं द्वारं प्रजानामपयानहेतोः ।
विपाटयिष्यत्ययमुत्तमेन सद्धर्मताडेन दुरासदेन ॥७४॥

यिनी प्रजाहरूलाई मोक्षरूपी बाटोमा निस्कन, तृष्णारूप आग्लो हालेको मोहान्धकाररूप ढोकालाई राम्रो, बलियो सद्धर्मको प्रहारले उघार्नेछन् ॥ ७४ ॥

स्वैर्मोहपाशैः परिवेष्टितस्य दुःखाभिभूतस्य निराश्रयस्य ।
लोकस्य संबुध्य च धर्मराजः करिष्यते बन्धनमोक्षमेषः ॥७५॥

यिनी धर्मका राजा हुनेछन्, यिनले बुद्धत्व पाएपछि आफ्नै मोहपाशले बाँधिएका, दुःखले पीडित, आश्रय नपाएका-जगत्को बन्धन फुकाउनेछन् ॥ ७५ ॥

तन्मा कृथाः शोकमिमं प्रति त्वमस्मिन्न शोच्योऽस्ति मनुष्यलोके ।
मोहेन वा कामसुखैर्मदा द्वा यो नैष्ठिकं श्रोष्यति नास्य धर्मम् ॥७६॥

त्यसैले तपाईं यिनको शोक नगर्नुहोस् । शोक गर्न त्यै मनुष्य योग्य हुन्छ, जो मोहले, कामसुखले अथवा मदले यिनको नैष्ठिक धर्मलाई सुन्दैन ॥ ७६ ॥

भ्रष्टस्यतस्याच्च गुणादतो ने ध्यानानि लब्ध्वाप्यकृतार्थतैव ।
धर्मस्य तस्याश्रवणादहं हि मन्ये विपत्तिं त्रिदिवेऽपि वासम् ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स पनि यिनको धर्मरूपी गुणबाट ठगिएको छु । ध्यानयोग पाएर पनि आफूलाई अकृतार्थ नै ठानेको छु । किनभने यिनको नैष्ठिक धर्म सुन्न नपाउँदा म स्वर्गवासलाई पनि विपत्तिको कारण मान्दछु ।७७॥

इति श्रुतार्थः ससुहृत्सदारं स्यक्तुं विषादं मुमुदे नरेन्द्रः ॥
एवंविधोऽयं तनयो ममेति मेने स हि स्वामपि सारवत्ताम् ।७८॥

मित्र र रानीहरूले सहित भएका ती राजा ऋषिको धर्म सुनेर दुःख मान्न छोडी खुशी भए । यी मेरा छोरा यस्ता रहेछन भन्ने जानी उनले आफूलाई पनि सौभाग्यवान् माने ।७८।

आर्षेण मार्गेण तु यास्यनीति चिन्ताविधेयं हृदयं चकार ।
न खल्वसौ न प्रियधर्मपत्नः संतानशस्तु भयं ददर्श ॥७९॥

तर यिनी ऋषिहरूको बाटामा हिंडनेछन् भन्ने सुन्दा राजाको मनमा चिन्ताले वास गऱ्यो । राजा धर्मात्मा थिए, तर उनलाई सन्तति–परंपराको विच्छेद होला भन्ने डर थियो ॥ ७९ ॥

अथ मुनिरसितो निवेद्य तत्त्वं सुतनियतं सुतविक्लवाय राज्ञे ।
सबहुमतमुदीक्ष्यमाणरूपः पवन-पथेन यथागतं जगाम ॥८०॥

त्यसपछि असितमुनि पुत्रका विषयमा व्याकुल भएका राजालाई उनका पुत्रका भावी गुणहरू भनी सबैबाट सम्मान पाई हेर्दाहेर्दै वायुमार्गद्वारा जसरी आएथे उसै गरी गए ॥ ८० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृतमितिरनुजापुतं च दृष्ट्वा मुनिवचनश्रवणे च तन्मतौ च ।
बहुविधमनुकम्पया स साधुः प्रियसुतवद्विनियोजयां चकार ॥८१॥

निश्चयात्मिका बुद्धि भएका ती सज्जन असितले आफ्ना भाञ्जालाई त्यहाँ देखेर ठूलो दया देखाई बुद्धको उपदेश सुन्न र उनको मार्गमा हिंड्न प्यारो छोरालाई झैं अह्राए ॥ ८१ ॥

नरपतिरपि पुत्रजन्मतुष्टो विषयगतानि विमुच्य बन्धनानि ।
कुलसदृश मचीकरद्यथावत् प्रियतनयस्तनयस्य जातकर्म ॥८२॥

छोरालाई अति प्यारो गर्ने राजाले छोरा जन्मेको खुशीमा राज्यका सबै कैदीलाई छोडी कुल-परंपरा अनुसार छोराको जातकर्म गराए । ८२ ॥

दशसु परिणतेष्वहःसु चैव प्रयतमनाः परया मुदा परीतः ॥
अकुरुत जपहोममंगलाद्याः परमभवाय सुतस्य देवतेज्याः ॥८३॥

परम आनन्दमा डुबेका प्रयत्नशील ती राजाले दश दिन बितेपछि पुत्रको कल्याणका निंति जप, होम, मंगल आदि कर्मद्वारा देवयज्ञ गरे ॥ ८३ ॥

अपि च शतसहस्रपूर्णसंख्या स्थिरबलवत्तनयाः सहेमशृङ्गीः ।
अनुपगतजराः पयस्विनी गाः स्वयमददात्सुतवृद्धये द्विजेभ्यः ॥८४॥

उनले वृद्धी नभएकी, दुधालु, पुष्ट बलिया बाच्छाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहित भएकी सुनको सीङ भएकी एक लाख गाई छोराको उन्नतिका निति ब्राह्मणहरूलाई दान दिए ॥ ८४ ॥

बहुविधविषयास्ततो यतात्मा स्वहृदय तोषकरीः क्रियां विधाय ।
गुणवति नियते शिवे मुहूर्ते मतिमकरोन्मुदितःपुरप्रवेशे ॥८५॥

प्रसन्न चित्त भएका ती जितेन्द्रिय राजाले आफ्न हृदयलाई आनन्द दिने किसिम सबै कामहरू गरी शास्त्र अनुसारको गुणकारी मङ्गलमय मुहूर्तमा नगरमा प्रवेश गर्ने विचार गरे ॥ ८५ ॥

द्विरदरदमयीमथो महार्हां सितसित पुष्पभृतां मणिप्रदीप्ताम् ।
अभजत शिविकां शिवाय देवी तनयवती प्रणिपत्य देवताभ्यः ॥८६॥

त्यसपछि पुत्रवती महारानी मङ्गलका निति देवताहरू-लाई प्रणाम गरी हात्तीदाँतले बनेको, उज्ज्वल सेता फूलले सजिसजाउ भएको, मणिमय बत्ती जडिएको, घेरै मोल पर्ने पालकीमा चढिन् ॥ ८६ ॥

पुरमथ पुरतः प्रवेश्य पत्नीं स्थविरजनानुगतामपत्यनाथाम् ।
नृपतिरपि जगाम पौरसंघैर्दिवममरैर्मघवानिवार्च्यमानः ॥८७॥

अनिपछि बूढापाकालाई पछि लगाएकी, छोरालाई लिएकी महारानीलाई पहिले नगरप्रवेश गराई राजा पनि देवताहरू-द्वारा संमानित इन्द्र देवलोकमा प्रवेश गरे झैं नगरवासीहरूद्वारा संमानित भै नगरमा प्रवेश गरे ॥ ८७ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भवनमथ विगाह्य शाक्यराजो भव इव षण्मुखजन्मना प्रतीतः ।
इदमिदमिति हर्षपूर्णवक्त्रो बहुबिधपुष्टयशस्करं व्यधत्त ॥८८॥

दरबारमा प्रवेश गरेका शाक्यराज स्वामी कार्तिकको जन्मले शिव झैं खुशी भए र प्रसन्न मुखले 'यसो गर, यसो गर, भन्दै कल्याण र कीर्ति हुने कामहरू गरे ॥ ८८ ॥

इति नरपति पुत्रजन्मवृद्ध्या सजनपदं कपिलाह्वयं पुरं तत् ।
धनदपुरमिवाप्सरोऽवकीर्णं मुदितमभून्नलकूवरप्रसूतौ ॥८९॥

राजकुमारको समृद्धिशाली जन्मले गाउँहरूले युक्त भएको त्यो 'कपिल' नामको नगर नलकूवरको जन्मले अप्सराले पूर्ण भएको कुवेरको अलकापुरि नगर झैं आनन्दित भयो ॥ ८९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्ध चरित्र, दोस्रो सर्ग

अन्तःपुरमा विहार

आजन्मनो जन्मजरान्तकस्य तस्यात्मजस्यात्मजितः स राज ।
अहन्यहन्यर्थ गजाश्वमित्रै र्वृद्धिं ययौ सिन्धुरिवाम्बुवेगैः ॥ १ ॥

जन्म र बुढ्याइँलाई अन्त गर्ने बी जितेद्रियपुत्रको जन्म-कालदेखि राजाको दिनदिनै धन, हात्ती, घोडाहरू जलको प्रवाहले नदीहरू बढे झैं बढ्न थाले ॥ १ ॥

धनस्य रत्नस्य च तस्य तस्य कृताकृतस्यैव च काञ्चनस्य ॥
तदा हि नैका न्स निधीनवाप मनोरथस्याप्यतिभारभूतान् ॥ २ ॥

धन रत्नहरूका र नाना किसिमका संस्कार गरिएका तथा नगरिएका सुवर्णका असंरव्य खानीहरू उनले पाए । यो इच्छा गरेको भन्दा पनि अत्यन्त धेरै थियो ॥ २ ॥

ये पद्मकल्पैरपि च द्विपेन्द्रैर्न मराडलं शक्यमिहाभिनेतुम् ॥
मदोत्कटा हैमवता गजा स्ते विनापि यत्नादुपतस्थुरेनम् ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन हांत्तीका बथान, ठूलो अगुवा हात्तीद्वारा पनि ल्याउन सकिंदैनथे, ती हिमालयमा बस्ने हात्तीहरू पनि राजाकहाँ सजीलै संग आउन थाले ॥ ३ ॥

नानाङ्कचिन्है नवहेमभाण्डै र्विभूषितै र्लम्बसटै स्तथान्यैः ।
संचुतुभे चास्य पुरं तुरेङ्गै र्बलेन मैत्र्या च धनेन चाप्तैः ॥ ४ ॥

बल, मित्रता र धनद्वारा पाइएका अनेक चिन्ह भएका नयाँ सुनका गहनाले शोभायमान, लामा लामा अयाल भएका तथा अरू विशिष्ट प्रकारका घोडाको ठूलो घचारो उनको सहरमा भएको थियो ॥ ४ ॥

पुष्टाश्च तुष्टाश्च तदास्य राज्ये साध्व्योऽरजस्का गुणवत्पयस्काः ।
उदग्रवत्सैः सहिता बभूवु बव्हयो बहुक्षीरदुहश्च गावः ॥ ५ ॥

यिनका राज्यमा मोटाएका, प्रसन्नचित्त भएका, सोझा, उज्याला, गुनिला, धेरै दूध दिने, अग्ला, बाछा भएका गाईहरू, थिए ॥ ५ ॥

मध्यस्थतां तस्य रिपुर्जगाम मध्यस्थभावः प्रययौ सुहृत्वम् ।
विशेषतो दाढ्यभियाय मित्रं द्वावस्य पक्षावपरस्तु नास ॥ ६ ॥

यिनका शत्रु उदासीन भए। उदासीन मित्र र अरु मित्र अत्यन्त घनिष्ट मित्र भए। यिनका दुवै पक्षमात्र रहे, शत्रुपक्ष रहेन ॥ ६ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथास्य मंदानिल मेघशब्दः सौदामिनी-कुण्डल-मंडिताभ्रः ।
विनाश्मवर्षाशनिपातदोषैः काले च देशे प्रववर्ष देवः ॥ ७ ॥

यिनको राज्यमा मन्द हावा र गर्जनसहितको बिजुली रूपी कुण्डलले शोभा पाएको इन्द्रले वज्रपात र असिनाले रहितभएको योग्य देशकालमा उचित वर्षा गरे ॥ ७ ॥

रुरोह सस्यं फलवद्यथर्तु तदा कृतेनापि कृषिश्रमेण ।
ता एव चास्यौषधयो रसेन सारेण चैवाभ्यधिका बभूवुः ॥ ८ ॥

त्यस समयमा परिश्रम नगरीकन नै चेलैमा धानहरू पाके । औषधिहरू पनि राजाका निंति प्रशस्त रस र पौष्टिक तत्वले सम्पन्न भए ॥ ८ ॥

शरीरसंदेहकरे ऽपि काले संग्रामसंमर्द इव प्रवृत्ते ।
स्वास्थाः सुखं चैव निरामयं च प्रजज्ञिरे कालवशेन नार्यः ॥ ९ ॥

लडाईंको संघर्ष जस्तो सुत्केरी हुने समयमा सुखसँग कुनै रोग नलागी सुत्केरी हुन्थे ॥ ९ ॥

पृथग्व्रतिभ्यो विभवे ऽपि गर्ह्ये न प्रार्थयन्ति स्म नराः परेभ्यः ॥
अभ्यर्थितः सूक्ष्मधनो ऽपि चार्य स्तदा न कश्चिद्विमुखो बभूव ॥ १० ॥

तहाँ बौद्ध भिक्षुहरू बाहेक कसैले आफू गरीब भए पनि अरूसँग भिक्षा मागेनन् । आर्यजनहरूले अलि अलि मात्र संपत्ति भए पनि माग्न आउनेलाई विमुख गराएनन् ॥ १० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नागौरवो बन्धुषु नाप्यदाता नैबाव्रतो नानृतिको न हिंस्रः ।
आसीत्तदा कश्चन तस्य राज्ये राज्ञो ययातेरिव नाहुषस्य ॥ ११ ॥

नहुषका छोरा ययातिको समयमा भैं ती राजाको परस्पर आदर नगर्ने, दान नगर्ने, व्रत नबस्ने, झूठो बोल्ने र व्याधाकर्म गर्ने कोही पनि थिएन ॥ ११ ॥

उद्यान देवायतनाश्रमाणां कूपप्रपापुष्करिणीवनानाम् ।
चक्रुःक्रियास्तत्र च धर्मकामाः प्रत्यक्षत स्वर्गमिवोपलभ्य ॥१२॥

धर्मको इच्छा गर्ने मनुष्यले यिनको राज्यलाई स्वर्ग जस्तो ठानी, बगैंचा, देवमन्दिर, आश्रम, कूवा, पौशाला, तलाउ र उपवनहरू बनाउनु आदि शुभ कर्म गरे ॥ १२ ॥

मुक्तश्च दुर्भिक्ष भयामयेभ्यो हृष्टो जनःस्वर्ग इवाभिरेमे ।
पत्नीं पतिर्वा महिषीः पतिं वा परस्परं न व्यभिचेरतु श्च ॥१३॥

दुर्भिक्ष र रोगको भयले रहित भएका मनुष्य प्रसन्न र स्वर्गीय सुखले सुखी थिए । पतिले पत्नीमा र पत्नीले पतिमा कुनै पनि विरुद्ध आचरण गरेनन् ॥ १३ ॥

कश्चित्तिसेवे रतये न काम, कामार्थमर्थं न जुगोप कश्चित् ।
कश्चिद्धनार्थं न चकार धर्मं, धर्माय कश्चित् न चकार हिंसाम् ॥१४॥

कसैले पनि इन्द्रियतृप्तिका निंति कामको सेवा गरेनन्, भोगको निंति धनको रक्षा गरेनन् , धनका निंति धर्माचरण गरेनन्, धर्मका निम्ति हिंसा पनि गरेनन् ॥ १४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्तेयादिभिश्चाप्यरिभिश्च नष्टं स्वस्थं स्वचक्रं परचक्रमुक्तम् ।
क्षेमं सुभिक्षं च बभूव तस्य पुरानरण्यस्य यथैव राष्ट्रम् ॥१५॥

प्राचीन कालको अनरण्यको राज्य झैं यिनको राज्य पनि चोर शत्रुहरू नभएको, स्वस्थ, स्वाधीन, स्वतन्त्र, सुखी र धन-धान्यले पारपूर्ण थियो ॥ १५ ॥

तदा हि तज्जन्मनि तस्य राज्ञो मनोरिवादित्यसुतस्य राज्ये ।
चचार हर्षः प्रणनाश पाप्मा जज्ज्वाल धर्मः कलुषः शशाम ॥१६॥

सूर्यका छोरा मनुको राज्यमा झैं यी राजाको राज्यमा राजकुमारको जन्म भएपछि आनन्दको संचार भो । पाप नष्टभो र धर्म. धपक्कै बल्यो । सबैको भित्र रहेको अन्धकार शान्त भयो॥१६॥

एवंविधा राजकुलस्य संपत् सर्वार्थसिद्धिश्च यतो बभूव ।
ततो नृपस्तस्य सुतस्य नाम सर्वार्थसिद्धोऽयमिति प्रचक्रे ॥१७॥

यिनको जन्मकालदेखि राजकुलमा संपत्तिको बृद्धि र यस्तै अरू सबै कुराको सिद्धि हुँदै गयो । त्यसैले राजाले यी बालकको नाम सर्वार्थसिद्ध राखे ॥ १७ ॥

देवी तु माया विबुधर्षिकल्पं दृष्ट्वा विशालं तनयप्रभावम् ।
जातं प्रहर्षं न शशाक सोढुं ततो निवासाय दिवं जगाम ॥१८॥

मायादेवी आफ्ना छोराको देवर्षितुल्य ठूलो प्रभाव देखी, उत्पन्न भएको हर्ष थाम्न नसकी स्वर्गमा बस्न गइन् ॥ १८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततः कुमार सुरगर्भ कल्पं स्नेहेन भावेन च निर्विशेषम ।
मातृष्वसा मातृसम प्रभावा संबर्धयामात्मजद् बभूव ॥१९॥

त्यसपछि आमाको जस्तै स्वभाव भएको सानीआमाले विशेष प्यार र भावुकले आफ्ना छोरा झैं ती देवतुल्य बालकको पालनपोषण गरिन् ॥ १९ ॥

ततःसबालार्क इवोदयस्थः समीरितो वन्हिरिवानिलेन ।
क्रमेण सम्यग्ववृधे कुमारस्ताराधिपः पक्ष इवातमस्के ॥२०॥

ती बालक उदयाचलमा भरखर उदाएका बाल सूर्य, झैं वायुले प्रेरणा गरेको अग्नि झैं र शुक्लपक्षको चन्द्रमा झैं क्रमैले राम्ररी बढ्न लागे ॥२०॥

ततो महार्हाणि च चन्दनानि रत्नावलीश्चौषधिभिः सगर्भाः ।
मृगप्रयुक्तान् रथकांश्च हैमानाचक्रिरेऽस्मै सुहृदालयेभ्यः ॥२१॥

त्यसपछि ती बालकका लागि मित्रहरूको घरबाट धेरै मोल पर्ने चन्दन, औषधीले सहित भएका मोतीका माला, सुवर्णले बनेका साना साना पशुले युक्त रथहरू आउन लागे ॥ २१ ॥

वयोऽनुरुपाणि च भूषणानि हिरण्मयान् हस्तिमृगाश्वकांश्च ।
रथांश्च गोपुत्रक संप्रयुक्तान् पुत्रीश्च चामीकर रूप्यचित्राः २२।

उमेर अनुसारका गहना, सुनका साना साना हात्ती, पशु, घोडाहरू, बहर जोतेका रथ र सुन चाँदीका चित्र-विचित्रका पुतली-हरू पनि आउन थाले ॥ २२ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एव स तैस्तैर्विषयोपचारैर्वयोऽनुरूपैरुपचर्यमाणः;
बालोऽप्यबालप्रतिमो बभूव धृत्या च शौचेन धिया श्रिया च ॥२३॥

यसरी ती बालक अवस्थाको अनुकूल समस्त विषयोपचारबाट सेवा पाएर पनि आफ्नू धैर्य, पवित्रता, बुद्धि र संपत्तिले गर्दा बालक जस्ता देखिएनन् ॥ २३ ॥

वयश्च कौमारमतीत्य सम्यक् स प्राप्यकाले प्रतिपत्तिकर्म ।
अल्पैरहोभिर्बहुवर्षगम्या जग्राह विद्याः स्वकुलानुरूपाः ॥२४॥

उनले कुमार अवस्था बिताई उचित समयमा व्रतबन्ध आदि संस्कारबाट संपन्न भई धेरै वर्षमा सिकिने आफ्नू कुलानुरूप विद्यालाई थोरै दिनमा नै सिके ॥ २४ ॥

नैःश्रेयसं तस्यतु भव्यमर्थं श्रुत्वा पुरस्तादसितान्महर्षेः ॥
कामेषु सङ्गं जनयां बभूव वनं नयायादिति शाक्यराजः ॥२५॥

शाक्यराजले पहिले नै असित महर्षिद्वारा यिनको भविष्य मोक्षमयी छ भनी सुनेर बनमा नजाऊन् भन्ने उद्देश्यले विषयोपभोग यिनलाई आसक्त गराउन खोजे ॥२५॥

कुलात्ततोऽस्मै स्थिरशीलयुक्तात्साध्वीं वपुर्ह्रीं विनयोपपन्नाम् ।
यशोधरां नाम यशोविशालां वामाभिधानां श्रियमाजुहाव ॥२६॥

त्यसपछि स्थिर शीलस्वभाव भएको कुलमा जन्मेकी हुनाले पतिव्रता भएकी सुन्दर शरीर र लज्जाविनयले संपन्न भएकी;

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्रीजातिमा लक्ष्मी जस्तै सुन्दरी यशोधरा नामकी कन्यालाई ती राजकुमारका निंति बोल ए ॥ २६ ॥

विद्योतमानो वपुषा परेण सनत्कुमार—प्रतिमः कुमारः ।
साध तया शाक्य नरेन्द्र बध्वा शच्या सहस्राक्ष इवाभिरेमे ॥२७॥

अत्यन्त सुन्दर शरीरले चंकिला भएका सनत्कुमार जस्ता ती राजकुमारले शाक्यराजकुलकी रानीका साथ इन्द्राणीसित इन्द्रले झैं रमण गरे ॥ २७ ॥

किञ्चिन्मनाःक्षोभकरं प्रतीपं कथं नपश्येदिति सोऽनुचिन्त्य ।
वास नृपो व्यादिशति स्म तस्मैं हर्म्योदरेष्वेव न भूप्रचारम् ॥२८॥

यी राजकुमारले मनलाई क्षोभ पार्ने कुनै पनि वस्तुहरू नदेखून् भन्ने अभिप्रायले राजाले उनलाई दरबारमा नै बस्ने आज्ञा दिए, बाहिर डुल्ने अनुमति दिएनन् ॥२८॥

ततः शरत्तोयदऽ पाण्डुरेषु भूमौ विमानेष्विव रंजितेषु ।
हर्म्येषु सर्वर्तुसुखाश्रयेषु स्त्रीणामुदारै विजहार तूर्यैः ॥२९॥

त्यसपछि राजकुमार शरत्कालको मेघ झैं सेतो, भूलोकमा आएको स्वर्गको विमान झैं सबै ऋतुमा सुखदायी दरबारमा, स्त्री जातिको मनलाई हरण गर्ने बाजाहरूका साथ विहार गर्न लागे ॥२९॥

कलै हिं चामीकरबद्धकक्षै निंसीकराग्राभिहतैर्मृदङ्गैः ।
वराप्सरोनृत्यसमैश्च नृत्यैः कैलासवत्तद्भवनं रराज ॥३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुवर्णले मध्यभाग ढाकिएका, स्त्रीजातिका अङ्गुलिको ताडनाले मीठो शब्द दिने, मृदङ्गहरूले र अत्यन्त चतुरी अप्सराहरू समान युवती स्त्रीहरूका नृत्यद्वारा त्यस दरबारले कैलाश झैं शोभा पायो ॥३०॥

वाग्भिः कलाभि र्ललितैश्च हावै र्मदैःसखेलै र्मधुरैश्च हासैः ।
ततत्र नार्यो रमयाम्बभूवु र्भ्रूऽवञ्चितै र्धनिरीक्षितै श्च ॥३१॥

मीठो बोलिले, सुन्दरकलाहरूले, मत्तभएका हावभावले, क्रीडा गर्दाको मीठो हाँसोले र आधा चिम्लेका आँखींभौंका बंग्याइ समेतले ती युवतीहरूले उनलाई आनन्दित गराए ॥३१॥

ततःसकामाश्रयपण्डिताभिः स्त्रीभिर्गृहीतो रतिकर्कशाभिः ।
विमानपृष्ठान्न महीं जगाम विमानपृष्ठादिव पुण्यकर्मा ॥३२॥

त्यसपछि कामशास्त्रका पण्डित, रतिक्रीडाका चतुर स्त्रीहरूमा अनुरक्त भएका ती राजकुमार पुण्यात्मा पुरुष स्वर्गबाट तल नआए झैं राजदरबारबाट निस्केनन् ॥३२॥

नृपस्तु तस्यैव विवृद्धिहेतोस्तद्भाविनार्थेन च चोद्यमानः ॥
शमेऽभिरेमे विरराम पापाद् भेजे दमं सविबभाज साधून् ॥३३॥

महाराजले पनि पापकर्मबाट विमुख भएर राजकुमारका सबै काम राम्रा होऊन् भन्ने उद्देश्यले प्रेरित भएर इन्द्रियवश गर्नुमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै आनन्द माने । मनलाई संयम गरे । साधुहरूलाई धन दिए ॥३३॥

नधीरव त्कामसुखे ससञ्जे न सररञ्जे विषमं जनन्याम् ।
धृत्येन्द्रियाश्वांश्चपलान्विजिग्ये बन्धूश्च पौरांश्च गुणैर्जिगाय ॥३४॥

उनी अधीर पुरुषको झैं विषय-सुखमा आसक्त भएनन् । उनको स्त्रीजातिमा अनुचित अनुराग भएन । उनले आफ्नू धैर्यले चञ्चल घोडा जस्ता इन्द्रियलाई वश गरेका थिए । उनले आफ्नो गुणले दाजुभाइ र सहरियाहरूलाई पनि वश पारेका थिए ॥३४॥

नाध्यैष्ट दुःखाय परस्य विद्यां ज्ञानं शिवं यत्तु तदध्यगीष्ट ।
स्वाभ्यःप्रजाभ्यो हि यथा तथैव सर्वं प्रजाभ्यः शिवमाशशंसे ॥३५॥

उनले अरुलाई दुःख दिनाका निंति विद्याहरू सिकेनन् । विद्याद्वारा कल्याणकारी पवित्र ज्ञानको अध्ययन गरे । आफ्ना छोराहरूको झैं सबै दुनियाँको सुख—कामना उनले गरे ॥३५॥

भं भासुरं चाङ्गिरसाधिदेवं यथावदानर्च तदायुषे सः ।
जुहाव हव्यान्यकृशे कृशानौ ददौ द्विजेभ्यः कृशनं च गाश्च ॥३६॥

राजाले पुत्रको दीर्घायु-कामना गरी बृहस्पति-मुख्य देवता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको ग्रहचक्रको विधिपूर्वक पूजा गरे। दनदनी बलेको अग्निमा आहुति दिए। तथा ब्राह्मणहरूलाई गाई र सुवर्णहरू दानदिए॥३६॥

सस्नौ शरीरं पवितुं मनश्च तीर्थाम्बुभिश्चैव गुणाम्बुभिश्च ।
वेदोपदिष्ट सममात्मज च सोम पपौ शान्तिसुखं च हार्दम् ॥३७॥

उनले – शरीर शुद्धिका निति तीर्थको जलमा र मनको पवित्रताको निति गुणरूपी जलमा स्नान गरे, तथा वेदमा भएको सोमरसको साथसाथै आफैंबाट उत्पन्न भएको हार्दिक शान्ति र सुखको पनि रस पान गरे।३७॥

सान्त्वं वभाषे न च नार्थवद्यज्जजल्प तत्त्वं न च विप्रियं यत् ।
सान्त्वं ह्यतत्त्वं पुरुषं च तत्त्वं ह्रिया शकन् नात्मन एव वक्तुम्॥३८

उनले प्यारो वचन बोले, तर यथार्थ नै बोले, व्यर्थ वचन गरेनन्। साँचो बोले, तर अप्रिय सत्य बोलेनन्। फेरि उनले आफ्नै प्यारो असत्य कुरा र नमीठो सत्य कुरा पनि लाजले आफैंलाई पनि भन्न सकेनन्॥३८॥

इष्टेष्वनिष्टेषु च कार्यवत्सु न रागदोषाश्रयतां प्रपेदे ।
शिवं सिषेवे व्यवहार शुद्धं यज्ञं हि मेने न तथा यथा तत् ॥३९॥

काम गर्ने मनुष्यले भलो गरेको होस् या नहोस्, त्यसमा उनले रागद्वेष गरेनन्। राज्यशासनमा कल्याणकारी निर्णय दिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञलाई त्यत्तिको महत्त्व दिएनन् ,जत्तिको राज्य-शासनलाई दिन्थे ॥३६॥

आशावते चाभिगताय सद्यो देयाम्बुभिस्तर्षमचेछिदिष्ट ।
युद्धाद्दते वृत्तपरश्वधेन द्विड्दर्पमुद्वृत्तमवेभिदिष्ट ॥४०॥

उनले आशा लिएर आएकाको तिर्खालाई तत्कालमा नै दानरूपी जल दिएर शान्त गराए। आफूसँग द्वेष गर्नेको उद्धत अहङ्कारलाई युद्ध नगरीकन नै सदाचाररूपी वज्ररोले भेदन गरे ॥४०॥

एकं विनिन्ये स जुगोप सप्त सप्तैव तत्याज ररक्ष पञ्च ।
प्राप त्रिवर्गं बुबुधे त्रिवर्गं जज्ञे द्विवर्गं प्रजहौ द्विवर्गम् ॥४१॥

उनले एक (मन) लाई वश पारे। सात (धातु) को रक्षा गरे । सात (मज्ज) लाई परित्याग गरे। पाँच (तत्त्व) को रक्षा गरे। त्रिवर्ग (धर्म, अर्थ, काम) लाई पाए। त्रिवर्ग (शत्रु, मित्र, उदासीन) लाई संझे । द्विवर्ग (नीति, अनीति) लाई जाने । तथा द्विवर्ग (काम, क्रोध) लाई छोडे ॥४१॥

कृतागसोऽपि प्रतिपाद्य वध्यान्नाजीघनन्नापि रुषा ददर्श ।
बबन्ध सान्त्वेन फलेन चैतांस्त्यागोऽपि तेषां ह्यनयाय दृष्टः ॥४२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनले अपराधीलाई प्राणदण्डको निरूपण गरेर पनि प्राणदण्ड दिएनन्। क्रोध—दृष्टिले पनि कसैलाई हेरेनन्। वरु तिनलाई सान्त्वनारूपी फलले वश गरे (अर्थात् शान्तिको शिक्षा दिए) तिनलाई छोडिऽहाल्नु पनि अन्याय नै ठाने ॥४२॥

आर्षाण्यचारी त्परमव्रतानि वैराण्यहासीच्चिरसंभृतानि।
यशांसि चापद्गुणागन्धवन्ति रजांस्यहार्षीन्मलिनीकराणि ॥४३॥

ऋषिहरूले गर्ने परम व्रतको पालन गरे। धेरै कालदेखि रहेको वैरभावलाई छोडे। गुणरूपी गन्ध भएको कीर्तिलाई फिंजाए। मनलाई मलिन पार्ने रजोवत्ति (काम, क्रोधइरू) लाई त्याग गरे ॥४३॥

नचाजिहीर्षीद् बलिमप्रवृत्तं नचाचिकीर्षीत्परवस्त्वभिध्याम्।
नचाविवक्षीद् द्विषतामधर्मं न चाविवक्षीद् धृदयेन मन्युम् ॥४४॥

उनले प्रजाहरूसँग धेरै कर लिने इच्छा गरेनन्। शत्रुहरूको पनि अधर्म प्रकट गरेनन्। हृदयले क्रोध गर्ने इच्छा पनि गरेनन्॥४४॥

तस्मिंस्तथा भूमिपतौ प्रवृत्ते भृत्याश्च पौराश्च तथैव चेहः।
समात्मके चेतसि विप्रसन्ने प्रयुक्त योगस्य यथेन्द्रियाणि ॥४५॥

योगयुक्त प्राणीको निर्मल शान्तचित्तमा, इन्द्रियहरू उसको अनुकूल भए झैं ती राजाको त्यस्तो आचरण देखेका सेवक र नागरिकहरूले पनि व्यवहार गरे ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काले ततश्चारुपयोधरायां यशोधरायाम् स्वयशो धरायाम् ॥
शौद्धोदने राहुसपत्न वक्त्रो जज्ञे सुतो राहुल एव नाम्ना ॥४६॥

त्यसपछि सुन्दर पयोधर भएकी आफ्नो कीर्तिरूपी छोरो धारण गर्ने यशोधरामा शुद्धोदनका छोराको, राहुको शत्रु चन्द्रमा) जस्तो मुख भएको पुत्र उत्पन्न भयो। जसको नाम राहुल लेखियो ॥४६॥

अथेष्ट पुत्रः परम प्रतीतः कुलस्य वृद्धिं प्रति भूमिपालः ।
यथैव पुत्रप्रसवे ननन्द तथैव पौत्र प्रसवे ननन्द ॥४७॥

अनिपछि पुत्रप्रिय राजालाई वंशको विस्तारमा पूर्ण विश्वास भयो। पुत्रको जन्ममा राजालाई जस्तो प्रसन्नता भएको थियो, त्यस्तै पौत्रको जन्ममा पनि भयो ॥४७॥

पुत्रस्य मे पुत्रगतो ममेव स्नेहः कथं स्यादिति जातहर्षः ।
काले स तंतं विधिमाललम्बे पुत्रप्रियः स्वर्गमिवारुरुक्षन् ॥४८॥

आफूले आफ्नू छोरालाई माया गरे झैं उसले पनि आफ्नू पुत्रमा माया गरोस् भन्ने विचारले प्रसन्न चित्त भएका पुत्रप्रिय राजाले समय समयमा धर्महरू गरे। उनको स्वर्गमा चढ्ने इच्छा भए झैं बुझिन्थ्यो ॥४८॥

स्थित्वा पथि प्राथमकल्पिकानां राजर्षभाणां यशसान्वितानाम् ।
शुक्लान्यमुक्त्वापि तपांस्यतप्त यज्ञैश्च हिंसारहितैरयष्ट ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्य युगका कीर्तिसंपन्न असल राजाहरूले अनुसरण गरेको मार्गमा हिंड्ने ती राजाले आफ्ना सेना लुगाहरू न फुकालीकन पनि (अर्थात् सँधै) तपस्या गरिरहे, तथा हिंसा रहित यज्ञद्वारा पूजा गरे ॥४६॥

अनाज्वलिष्टाय स पुण्यकर्मा नृपश्रिया चैव तपः श्रिया च ।
कुलेन वृत्तेन धिया च दीप्तस्तेजः सहस्रांशुरिवोत्ससृजुः ॥५०॥

पुण्यकर्म गर्ने ती राजा राजलक्ष्मी र तपस्याको तेजले प्रज्वलित भए । अनि उज्ज्वल कुल, राम्रो आचरण र बुद्धिले प्रख्यात भए र अनि तेज फिंजाउन इच्छा गरिरहेका सूर्य झैं देखिए ॥५०॥

स्वायंभुव चार्चिकमर्चयित्वा जजाप पुत्रस्थितये स्थितश्रीः
चकार कर्माणि च दुष्कराणि प्रजाः सिसृक्षुः क इवादिकाले ॥५१॥

लक्ष्मी स्थिर भएका ती राजाले छोराको स्थायी जीवनका निति पूज्य स्वयंभूको पूजा र जप गरे । युगको आदिमा प्रजाहरूको सृष्टि गर्न इच्छा गर्ने ब्रह्माले झैं उनले पनि दुष्कर कर्म (तपस्या) गरे ॥५१॥

तज्याज शस्त्रं विममर्श शास्त्रं शमं सिषेवे नियम विषेहे ॥
वशीव कञ्चिद्विषयं न भेजे गतेव सर्वान्विषयान्ददर्श ॥५२॥

उनले हतियार त्यागिदिए, शास्त्रको चिन्तन, शमको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेवन र नियमको पालन गरे। जितेन्द्रिय पुरुषले झैं कुने पनि विषय—भोगको उपभोग गरेनन्। बाबुले झैं सबै राज्यको हेरविचार गरे ॥५२॥

बभार राज्यं स हि पुत्रहेतोः पुत्रं कुलार्थं यशसे कुलं तु ॥
स्वर्गाय शब्दं दिवमात्महेतो धर्मार्थमात्मस्थितिमाचकाङ्क्ष ॥५३॥

ती राजाले छोराको निंति राज्यवहन गरे, वंशको निंति पुत्रको पलना गरे, कीर्तिका निंति कुलको रक्षा गरे, स्वर्गका निंति वेदको अध्ययन गरे, आफ्नू निंति स्वर्गको र आफू बाँच्नका निंति धर्मको इच्छा गरे ॥५३॥

एवं स धर्मं बिविधं चकार सद्भिर्निपात श्रुतिताश्च सिद्धम् ॥
दृष्ट्वा कथ पुत्रमुख सुतो मे वनं न यायादिति नाथमानः ॥५४॥

यसरी ती राजाले सज्जनले पालन गरेका र वेदद्वारा स्वयं सिद्ध र नाना धर्मको अनुष्ठान गरे। छोराको मुख देखेर उनी मनले प्रार्थना गर्दै भन्दथे। यी मेरा छोरा कुनै कारणले पनि वनमा नजाऊन् ॥५४॥

रिरक्षिषन्तः श्रियमात्म संस्थां रक्षन्ति पुत्रान् भुवि भूमिपालाः ॥
पुत्रं नरेन्द्रः स तु धर्मकामो ररक्ष धर्माद्विषयेषु मुञ्चन् ॥५५॥

पृथ्वीमा राजाहरू छोराको यशले मेरो राज्यश्रीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रक्षा गर्नैं छ भनी सोचेर रक्षा गर्छन्, तर यी धर्मात्मा राजाले विषयको त्याग गर्दैं यसले धर्मको रक्षा गर्नैंछ भन्ने अभिलाषाले पुत्रको रक्षा गरे ॥५५॥

वनमनुपमसत्वा बोधिसत्त्वास्तु सर्वे ।
विषय-सुख-रसज्ञा जग्मुरुत्पन्न पुत्राः ॥
अत उपचितकर्मा रूढमूले ऽपि हेतौ ।
स रतिमुपसिषेवे बाधिमापन्न यावत् ॥५६॥

विषय-सुखको रस जान्ने, अत्यन्त राम्रो स्वभाव भएका बोधिसत्वहरू छोरा पाएपछि वनतर्फ जान्थे, तर यी राजा कर्मशेषले गर्दा नाति भएर पनि छोराको बुद्धत्व प्राप्तिको अवस्था-सम्म उसमा प्रेम गर्दैं रहे ॥५६॥

दोस्रो सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेस्रो सर्ग

वैराग्यको उत्पत्ति

ततः कदाचि न्मृदुशाद्वलानि पुंस्कोकिलोन्नादित पादपानि ॥
शुश्राव पद्म.करमण्डितानी गीतैर्निबद्धानि स काननानि ॥१॥

त्यसपछि कुनै दिन सिद्धार्थले 'वनमा नरम नरम झार छन्, वृक्षहरू कोइलाका मधुर ध्वनिले गुंजायमान छन् , जतातै कमल फुलेका तलाउले राम्रो शोभा छ, तथा गीतैगीतको मधुर शब्दले त्यो वन व्याप्त छ' भन्ने सुने ॥१॥

श्रुत्वा ततः स्त्रीजनवल्ल भानां मनोज्ञभावं पुरकाननानाम् ॥
वहिः प्रयाणाय चकार बुद्धि मंन्तर्गृहे नाग इवावरुद्ध ॥२॥

ती राजकुमारले स्त्रीजनहरूलाई प्यारो लाग्ने सहरका बगैंचाको सुन्दरताको विषयमा बयान सुनेर घरमा बाँधिएको हात्ती झैं बाहिर जाने इच्छा प्रकट गरे ॥२॥

ततो नृप स्तस्य निशम्य भावं पुत्राभिधानस्य मनोरथस्य ।
स्नेह लक्ष्म्या वयसश्च योग्यामाज्ञापयामास विहारयात्राम् ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजाले पनि आफ्ना छोरा राजकुमारको मनमा रहेका भावहरूको अभिप्राय सुनेर प्रेम, लक्ष्मी र उमेरको उचित वनविहारको यात्रा गर्ने आज्ञा दिए ॥३॥

निवर्तयामास च राजमार्गे संपातमात्रेण पृथग्जनस्य ।
मा भूत्कुमारः सुकुमारचित्तः संविग्नचेता इति मन्यमानः ॥४॥

कोमल चित्त भएका राजकुमारको मनमा वैराग्य पैदा नहोस् भन्ने हेतुले राजमार्गमा रोगपीडित मनुष्यको र अरूहरूको पनि ओहोरदोहोर गर्न रोके ॥४॥

प्रत्यङ्गहीना न्विकलेन्द्रियांश्च जीर्णातुरादीन् कृपणांश्च दिक्षु ॥
ततः समुत्सार्य परेण साम्ना शोभां परां राजपथस्य चक्रुः ॥५॥

त्यसपछि राजमार्गमा अङ्ग नभएका, इन्द्रियहीन, बूढा, रोगी र गरीबहरूलाई स्वच्छन्दतापूर्वक आउन नदिई राजमार्गलाई सुशोभित तुल्याए ॥५॥

ततः कृते श्रीमति राजमार्गे श्रिमान् विनीतानुचरः कुमारः ॥
प्रासादपृष्ठादवतीर्य काले कृताभ्यनुज्ञो नृपमभ्यगच्छत् ॥६॥

राजमार्ग सजिसजाउ भएपछि राजाबाट आज्ञा पाएका ऐश्वर्यशाली राजकुमार नम्र सेवकहरूका साथमा राजमहलबाट ओर्ली ठीक समयमा महाराजका नगीचमा पुगे ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथा नरेन्द्रः सुतमागतश्रुः शिरस्युपाघ्राय चिरं निरीक्ष्य ।
गच्छेति चाज्ञापयति स्म वाचा स्नेहान्न चैनं मनसा मुमोच ॥७॥

यसपछि राजा पनि प्रेमाश्रु बगाँउदै राजकुमारको शिर सुँघी धेरै बेरसंम उनलाई हेरी 'जाऊ बाबु' भनी बिदा दिए, तर प्रेमवश उनलाई मनबाट पर सार्न शकेनन् ॥७॥

ततः सजाम्बूनदभाण्डभृद्भि र्युक्तं चतुर्भिर्निभृतै स्तुरङ्गैः ॥
अक्लीबविद्वच्छुचिरश्मिधारं हिरण्मयं स्यन्दनमारुरोह ॥८॥

राजकुमार पनि सुवर्णका गहनाले सजिसजाउ भएका प्रशिक्षित चार घोडा जोतिएका तथा वीर कुशल र आफूमा प्रेम गर्ने सारथिद्वारा हाँकिएको सुवर्णमय रथमा चढे ॥८॥

ततः प्रकिर्णोज्ज्वलपुष्पजालं विषक्तमाल्य प्रचलत्पताकम् ।
मार्ग प्रपेदे सदृशानुयात्र श्चन्द्रः सनक्षत्र इवान्तरिक्षम् ॥९॥

त्यसपछि नक्षत्रसहित चन्द्रमा आकाशमा उदाए झैं योग्य साथीहरूका साथ राजकुमार पनि बाटामा आए जहाँ सेता फूल जाल झैं फिंजाइएका थिए, मालादरू सजिएका र पताकाहरू फहराइएका थिए ॥९॥

कौतूहलात्फीततरैश्च नेत्रै र्नीलोत्पलार्घैरिव कीर्यमाणम्
शनैः शनैः राजपथं जगाहे पौरैः समन्तादभिवीक्ष्यमाणः ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्कण्ठावश अत्यन्त विकसित अर्धनीलकमल जस्ता छरिएका नेत्रले भरिएको त्यस राजपथमा सहरवासीहरूले चारै तर्फबाट हेरिएका राजकुमार विस्तार बिस्तार प्रवेश गरे ॥१०॥

तं तुष्टुवुः सौम्यगुणेन केचिद्ववन्दिरे दीप्ततयातथान्ये ॥
सौमुख्यत स्तु श्रियमस्य केचिद्वं पुल्यमाशंशिषुरायुषश्च ॥११॥

कसैले शान्त गुणका निंति उनको स्तुति गरे, कसैले तेजस्विताका निंति उनको प्रार्थना गरे, कसैले उनी अति सुन्दर हुँदा घेरै संपत्ति र लामो आयु उनले पाऊन् भन्ने अभिलाषा गरे ॥११॥

निःसृत्य कुब्जाश्च महाकुलेभ्यो व्यूहाश्च कैरातकवाकनानाम् ॥
नार्यः कृशेभ्यश्च निवेशनेभ्यो देवानुयानध्वजवत्प्रणेमुः ॥१२॥

ठूला परिवारका कुब्जासंमले र गरीब घरबाट किराती वामनका समूहले तथा स्त्रीहरूले पनि बाहिर निस्केर इन्द्रयात्राको ध्वजालाई झैं उनलाई प्रणाम गरे ॥१२॥

ततः कुमारः खलु गच्छतीति श्रुत्वा स्त्रियः प्रेष्यजनात्प्रवृत्तिम् ।
दिदृक्षया हर्म्यतलानि जग्मु र्जनेन मान्येन कृताभ्यनुज्ञाः ॥१३॥

त्यसपछि राजकुमार जाँदैछन् भन्ने कुराको यथार्थ वृत्तान्त सेवकबाट सुनेका स्त्रीहरू मान्यजनबाट आज्ञा लिएर हेर्ने इच्छाले कौसी-कौसीमा चढे ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ताः स्रस्तकाञ्ची गुणविघ्नताश्च सुप्तप्रबुद्धाकुललोचनाश्च ।
वृत्तान्त विन्यस्त विभूषणाश्च कौतूहलेनानिभृताः परीयुः ॥१४॥

कसैलाई कम्मरको मेखला खुकुलो हुँदा चाँडो पुग्नमा बाधा पऱ्यो, कसैको भरखर सुतेर उठेका आँखा लोलाएका नै थिए । राजकुमार आएको कुरा सुनी कोही गहना लगाउन थाले, कुतूहलवश सबै जना संकोच छोडेर एकै ठाउँमा जम्मा भए ॥१४॥

प्रासाद—सोपान-तल-प्रणादैः काञ्चीरवै र्नूपुरनिस्वनै श्च ।
वित्रासयन्त्यो गृहपक्षिसंघानन्योन्य वेगांश्च समाक्षिपन्त्यः ॥१५॥

दरबारका भऱ्याङमा हिंड्दा निस्केको पाउको स्वरले तथा मेखलाको शब्द र नपुरको झङ्कारले घरमा पालेका पक्षीहरूलाई तर्साउँदै दर्शकहरू एकले अर्कालाई उछिन्दै त्यहाँ जम्मा हुन पुगे ॥१५॥

कासाञ्चिदासां तु वराङ्गनानां जातत्वराणामपि सोत्सुकानाम् ।
गतिं गुरुत्वाज्जगृहु र्विशालाः श्रोणीरथाः पीन पयोधराश्च ॥१६॥

कुनै अत्यन्त उत्सुक तथा हडबडाएका कुलश्रेष्ठ स्त्रीहरूको ठूलो नितम्ब र पयोधरका भारले गर्दा गतिको अवरोध भयो ॥१६॥

शीघ्रं समर्थापि तु गन्तुमन्या गतिं निजग्राह ययौ न तूर्णाम्
ह्रिया प्रगल्भा विनिगूहमाना रहः प्रयुक्तानि विभूषणानि ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिंड्न समर्थ भएकी एउटी स्त्री अर्की स्त्रीले गर्दा आफ्नो गति रोकिएर चाँडो जान सकिनन् । किनभने अत्यन्त लाज मान्ने स्वभाव भएकी ती एकान्तमा आफूले लगाएका गहना लुकाउन रोबिइन् ॥१७॥

परस्परोत्पीडनपिण्डितानां संमर्दसंक्षोभित कुण्डलानाम्
तासां तदा सस्वन भूषणानां वातायनेष्वप्रशमो बभूव ॥१८॥

परस्परका संघर्षले गर्दा डल्लो परेका र परस्पर दलिइनाले कुण्डल हल्लिएका नारीको र शब्द आउने गहना लगाएका स्त्रीजातिको धुँइचोले भयालमा अशान्ति फिजियो ॥१८॥

वातायनेभ्यस्तु विनिःसृतानि परस्परायासितकुण्डलानि ।
स्त्रीणां विरेजु र्मुखपङ्कजानि सक्तानि हर्म्येष्विव पङ्कजानि ॥१९॥

तँछाडमछाडमा कुण्डल हल्लिएका, भयालबाट बाहिर निस्केका स्त्रीजातिका मुख—कमलले दरबारमा कमल फुले झैं शोभा भयो ॥१९॥

ततो विमानैर्युवतीकरालैः कौतूहलोद्घाटितवातयानैः
श्रीमत्समन्तान्नगरं बभासे वियद्विमानैरिवसाप्सरोभि ॥२०॥

त्यसबखत कुतूहलवश भयालहरू खोलेर हेर्न लागेका स्त्रीहरूले भरिपूर्ण गर्दा महलहरूले शोभायमान भएको त्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगर चारैतर्फबाट अप्सराहरूका विमानले भरिएको स्वर्ग झैं देखियो ॥२०॥

वातायनानामविशाल भावादन्योन्यगण्डार्पित कुण्डलानाम् ।
मुखानि रेजुः प्रमदोत्तमानां बद्धाः कलापा इव पङ्कजानाम् ॥२१॥

साना साना भ्याल भएकोले उत्तमस्त्रीहरू एक अर्काको गालामा कुण्डल जस्ता देखिन्थे र, तिनीहरूको मुख कमलको गुच्छा झैं शोभा पूर्ण थियो ॥२१॥

तं ताः कुमार पथि वीक्षमाणाः स्त्रियो बभुर्गामिव गन्तुकामाः ॥
ऊर्ध्वोन्मुखा श्चैनमुदीक्षमाणा नरा वभुर्द्यामिव गन्तुकामाः ॥२२॥

राजमार्गमा कुमारलाई हेर्न लागेका ती स्त्रीहरू पृथ्वीमा ओर्लन इच्छा गरिरहे झैं देखिए । यिनलाई हेर्न लागेका मास्तिर मुख फर्काएका पुरुषहरू आकाशमा जान इच्छा गरे झैं देखिए ॥२२॥

दृष्ट्वा च तं राजसुतं स्त्रियस्ता जाज्वल्यमानं वपुषा श्रिया च ॥
धन्यास्य भार्येति शनैरवोचत् शुद्धैर्मनोभिः खलु नान्यभावात् ॥२३॥

सुन्दर शरीर र लक्ष्मीले संपन्न राजकुमारलाई देखेका ती स्त्रीहरू अरू कुनै भावना नराखी शुद्ध मनले यिनकी भार्या धन्य रहिछन् भनी आपसमा बिस्तारै भन्न लागे ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अयं किल व्यायत पीनवाहू रूपेण साक्षादिव पुष्पकेतुः ॥
त्यक्त्वा श्रियं धर्ममुपैष्यतीति तस्मिन् हि ना गौरव मेव चक्रुः ॥२४॥

सौन्दर्यमा साक्षात् कामदेव जस्ता, घुँडासंम पुग्ने लामा हात भएका यी राजकुमार लक्ष्मीलाई छोडेर धर्म ग्रहण गर्नेछन् भन्दै ती नारीहरूले उनको गौरव बढाए ॥२४॥

कीर्णं तथा राजपथं कुमारः पौरैर्विनीतैः शुचिधीरवेषैः ॥
तत्पूर्वमालोक्य जहर्ष किञ्चिन्मेने पुनर्भावमिवात्मनश्च ॥२५॥

पवित्र र राम्रो लुगा पहिरिएका विनम्र शहरवासी-हरूले भरिएको राजमार्गलाई सर्वप्रथम देख्दा ती राजकुमार केही प्रसन्न भए। उनले आफ्नो पुनर्जन्म भएको जस्तो ठाने ॥२५॥

पुरं तु तत्स्वर्गमिव प्रहृष्टं शुद्धाधिवासाः समवेक्ष्य देवाः॥
जीर्णं नरं निर्ममिरे प्रयातुं संचोदनाथ क्षितिपात्मजस्य ॥२६॥

शुद्धाधिवास (देवयोनिविशेष) देवताहरूले त्यस सहरलाई स्वर्ग जस्तो प्रसन्न देखेर राजकुमारलाई वनतर्फ लैजान प्रेरणा दिने एउटा बूढो पुरुषको निर्माण गरे ॥२६॥

ततः कुमारो जरयाभिभूतं दृष्ट्वा नरेभ्यः पृथगाकृतिं तम् ॥
उवाच संजग्राहक मागतास्थ स्तत्रैव निष्कम्पनिविष्टदृष्टिः ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि ती राजकुमारले अरुभन्दा विलक्षण 'आकृति. वृद्धावस्थाले जजर, त्यस वृद्धलाई निश्चल-दृष्टिले हेरेर आश्चर्य मानी सारथीसँग भन्न लागे ॥२७॥

क एष भोः सूत नरोऽभ्युपेतः कैशः सितैर्यष्टिविषक्तहस्तः ॥
भ्रूसंवृताक्षः शिथिलानताङ्गः किं विक्रियैषा प्रकृतिर्यदृच्छा ॥२८॥

हे सूत ! यो कुन मनुष्य यहाँ आयो ? सेता कपाल छन् ! हातमा लट्ठी छ ! आँखीभौंले आँखा ढाकिएको छ ! शैथिल्यले शरीर शुकेको छ ! के यो विकार हो ? अथवा स्वभाव हो ? अथवा अनायासले नै यस्तो हुन्छ ? ॥२८॥

इत्येवमुक्तः स रथप्रणेता निवेदयामास नृपात्मजाय ॥
संरक्ष्यमप्यर्थमदोषदर्शी तैरेव देवैः कृतबुद्धिमोहः ॥२९॥

यस्तो प्रश्न गरेका राजकुमारलाई सारथिले गुप्त राख्नु पर्ने कुरा भए, तापनि भनिदिए । देवताहरूले नै उनको बुद्धिलाई मोहित पारिदिएका थिए । त्यसैले दोष देखेनन् ॥२९॥

रूपस्य हन्त्री व्यसनं बलस्य लोकस्य योनिर्निधनं रतीनाम् ॥
नाशः स्मृतीनां रिपुरिन्द्रियाणामेषा जरा नाम ययैष भग्नः ॥३०॥

हे राजकुमार ! रूपको नाश गर्ने, बलको विपत्ति स्वरूप, शोककी जननी, आनन्दको काल, स्मृतिको नाश, इन्द्रिय-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूको शत्रु बुढ्याइँ हो; जुन बुढ्याइँले यसलाई नष्ट पारेको छ ॥३०॥

पीतं ह्यनेनापि पयः शिशुत्वे कालेन भूयः परिसृप्रमुर्व्याम् ॥
क्रमेण भूत्वा च युवा वपुष्मान् क्रमेण तेनैव जरामुपेतः ॥३१॥

यिनले पनि बाल्यावस्थामा दूध पिएका थिए, यिनी पनि समयमा नै वारे सरे, एव क्रमले सुन्दर युवा भएर अहिले वृद्धत्वमा आइपुगेका छन् ॥३१॥

इत्येव मुक्ते चलितः सकिञ्चिद्राजात्मजः सूतमिद बभाषे ॥
किमेष दोषो भवितामामापीत्यथैनं ततः सारथिरभ्युवाच ३२॥

सारथिको यस्तो वचन सुनी राजकुमारले केही आश्चर्य मानेर सोधे, के यो दोष मलाई पनि हुन्छ ? अनि सारथिले राजकुमारलाई भने॥३२॥

आयुष्मतोऽप्येष वयः प्रकर्षो निःसंशयं कालवशेन भावी ॥
एवं जरां रूपविनाशयित्रीं जानामि चैवेच्छति लोकः ॥३३॥

यो वृद्धावस्थारूपी दोषकालले गर्दा निश्चय नै आयुस्मान् तपाईंलाई पनि लाग्नेछ। यो रूप नाश गर्ने अवस्थालाई सबै मनुष्य जान्दछन् । यसको चाहना पनि गर्दछन् ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततः स पूर्वाशयशुद्धबुद्धिर्विस्तीर्णकल्पार्चितपुण्यकर्मा ॥
श्रुत्वा जरां संविविजे महात्मा महाशनेर्घोषमिवान्तिके गौः ॥३४॥

त्यसपछि पहिलेको राम्रो वासनाले शुद्ध बुद्धि र अनेक कल्पको पुण्यकर्म संचय गरेका ती महात्मा राजकुमार बुढ्याइँका अवस्थाको कुरा सुनी महावज्रको शब्दले गाई व्याकुल भए झैं उद्विग्न भए ॥३४॥

निःश्वस्य दीर्घं स्वशिरः प्रकम्प्य तस्मिंश्च जीर्णे विनिवेश्य चक्षुः ॥
तां चैव दृष्ट्वा जनतां सहर्षां वाक्यं स संविग्न इदं जगाद ॥३५॥

लामो सास फेरेर आफ्नो शिर कँपाउँदै वृद्ध पुरुषमा दृष्टि पूर्णलगाएका राजकुमार जनतालाई प्रसन्न भइरहेको नै देखेर उद्विग्न भई यसो भन्नलागे ॥३५॥

एवं जरा हन्ति च निर्विशेषं स्मृतिं च रूपं च पराक्रमं च ।
न चैव संवेगमुपैति लोकः प्रत्यक्षतोऽपीदृशमीक्षमाणः ॥३६॥

यसरी वृद्धावस्थाले स्मृति, रूप र पराक्रमलाई निर्मूल पारेको प्रत्यक्ष देखेर पनि मनुष्यहरू किन उद्विग्न हुँदैनन् ? ॥३६॥

एवं गते सूत निवर्तयाश्वान् शीघ्रं गृहाणयेव भवान् प्रयातु ।
उद्यानभूमौ हि कुतो रतिर्मे जराभये चेतसि वर्तमाने ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे सारथि ? बूढो नै हुनु पर्ने हो भने यी घोडाहरूलाई फर्काऊ । चाँडै नै दरबार तर्फ हिंड । बुढयाइँका डर मनमा हुंदा हुंदै पनि मलाई बगैंचामा कसरी सुख मिल्ला ? ॥३७॥

अथाज्ञया भर्तुसुतस्य तस्य निवर्तयामास रथं—नियन्ता ॥
ततः कुमारो भवनं तदेव चिन्तावशः शून्यमिव प्रपेदे ॥३८॥

सारथिले पनि राजकुमारको आज्ञा पाई रथ फर्काए । राजकुमार आफ्नो दरबारमा पुगे । चिन्ताको वशमा हुँदा उनलाई शून्य लाग्यो ॥३८॥

यदा तु तत्रैव न शर्म लेभे जरा जरेति अपरीक्षमाणः ॥
ततो नरेन्द्रानुमतः स भूयः क्रमेण तेनैव बहिर्जगाम ॥३९॥

राजकुमारले बुढ्याई कसरी हुन्छ ? भन्ने चिन्तै चिन्ताले गर्दा शान्ति पाएनन् र महाराजको आज्ञाले फेरि पनि पहिलेको जस्तै गरी उनी बाहिर गए ॥३९॥

अथापरं व्याधिपरीत देहं त एव देवाः ससृजुर्मनुष्यम् ॥
दृष्ट्वा च तं सारथिमाबभाषे शौद्धोदनिस्तद्गतदृष्टि एव ॥४०॥

फेरि उनै देवताले रोगले ग्रस्त मनुष्यको सृष्टि गरे । शुद्धोदनपुत्र राजकुमारले पनि त्यस मनुष्यलाई देखी त्यसैलाई हेरी सारथिसित भने ॥४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थूलोदरः श्वासचलच्छरीरः स्रस्तांसबाहुः कृशपाणुपात्रः ।।
अम्बेति वाचं करुणं ब्रुवाणः परं समाश्रित्य नरः क एषः ।।४१।।

हे सूत ! पेट फुलेको, श्वासले शरीर कंप हुने, काँध र हातहरू लुला, दुब्लो, पहेंलो शरीरको, अर्कालाई आश्रय लिएर दुःखित स्वरमा 'आमा ! आमा !' भनी कराउने यो को हो ? ।।४१।।

ततोऽब्रवीत्सारथिरस्य सौम्य धातुप्रकोप-प्रभवः प्रवृद्धः ।।
रोगाभिधानः सुमहाननर्थः शक्तोऽपि येनैष कृतोऽस्वतन्त्रः ।।४२।।

हे राजकुमार ! यो 'रसदि धातुका प्रकोपले बढेको रोग, नाम भएको ठूलो अनर्थ हो ! जसले गर्दा समर्थ पुरुषलाई पनि पराधीन गराउँछ भनी सारथिले उनलाई भने ।।४२।।

इत्यूचिवान् राजसुतःस भूय स्तं सानुकम्पो नरमीक्षमाणः ।।
अस्यैव जातो पृथगेव दोषः सामान्यतो रोगभयं प्रजानाम् ।।४३।।

त्यस मनुष्यलाई बडो दयाका साथ हेर्दै राजकुमारले फेरि सारथिसँग सोधे। हे सारथि ? यो रोग यसैलाई मात्र भएको हो कि ? अथवा सबै प्रजालाई सामान्य रूपले यो रोगको भय हुन्छ ? ।।४३।।

ततो बभाषे स रथप्रणेता कुमार साधारण एष दोषः ।
एवं हि रोगैः परिपीड्यमानो रुजातुरो हर्षमुपैति लोकः ।।४४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस सारथिले भन्यो, हे राजकुमार यो साधारण दोष हो ! सबैलाई हुन्छ । यसरी नै रोगद्वारा पीडा पाएका र कष्टले व्याकुल भएका मनुष्य पनि खुशी देखिइन्छन् ॥४४॥

इति श्रुतार्थः स विषण्णचेताः प्रावेपताम्बूर्मिगतः शशीव ॥
इदं च वाक्यं करुणायमानः प्रोवाच किञ्चिन्मृदुना स्वरेण ॥४५॥

यस्तो रोगको कुरा सुनेर विव्हल चित्त भएका राजकुमार चञ्चल जल तरङ्गमा चन्द्रविम्ब झैं काम्न लागे र करुणाले आर्द्रचित्त भई कोमल स्वरले भन्नलागे ॥४५॥

इदं च रोग व्यसनं प्रजानां पश्यंश्च विभ्रम्भमुपैति लोकः ॥
विस्तीर्ण मज्ञानमहो नराणां हसन्ति ये रोग भयैरमुक्ताः ॥४६॥

दुनियाँमा यस किसिमको रोगरूपी दुःख देख्दा देख्दै पनि मनुष्य आनन्दसँग बस्छ । अहो, मनुष्यको यो कति ठूलो अज्ञान हो । रोगरूपी भयद्वारा पार नपाएको भए, तापनि त्यो हाँसिरहन्छ ॥४६॥

निवर्त्यतां सूत बहिःप्रयाणा न्नरेन्द्रसद्मैव रथः प्रयातु ।
श्रुत्वा च मे रोगभयं रतिभ्यः प्रत्याहतं संकुचतीव चेतः ॥४७॥

हे सारथि ? अब म बाहिर जान्न फर्क, रथ दरबार नै लैजाऊ । रोगको भय थाहा पाएर विषयदेखि विमुख भएको मेरो चित्त संकुचित जस्तो भएको छ ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततो निवृत्तः स निवृत्तहर्षः प्रध्यानयुक्तः प्रविवेश वेश्म ॥
तं द्विस्तथा प्रेक्ष्य च संनिवृत्तं पर्येषणं भूमिपति श्चकार ॥४८॥

त्यसपछि प्रसन्नताले रहित भएका ती राजकुमार त्यहाँ बाट फर्की चिन्तामग्न भई राजदरबारमा प्रवेश गरे। यसरी उनी दुई पटक फर्केको देखेर राजाले फर्कनाको कारण जान्ने इच्छा गरे ॥४८॥

श्रुत्वा निमित्तं तु निवर्तनस्थ संत्यक्तमात्मानमनेन मेने ॥
मार्गस्थ शौचाधिकृताय चैव चुक्रोश रुष्टोऽपि च नोग्रदण्डः ॥४९॥

राजाले राजकुमार फर्कनाको कारण सुनेर उनले आफू-लाई त्यागेको ठाने। राजमार्गको रेखदेखमा पठाइएका अधि-कारीहरूसँग रिसाए, तर कठोर दंड भने दिएनन् ॥४९॥

भूयश्च तस्मै विदधे सुताप विशेषयुक्तं विषयप्रचारम् ॥
चलेन्द्रियत्वादपि नाम सक्तो नास्मान्विजह्यादिति नाथमानः ॥५०॥

फेरि उनले विशेष तत्परताका साथ विषयोपभोगका सामग्री जम्मा गराए। किनभने 'इन्द्रिय चंचल छन्। यदि राजकुमार इन्द्रियमा आसक्त भए भने मलाई छोड्ने छैनन्' भन्ने उनको मनमा थियो ॥५०॥

यदा च शब्दादिभिरिन्द्रियार्थैरन्तःपुरे नैव सुतोऽस्य रेमे ॥
ततो बहिर्व्यादिशति स्म यात्रां रसान्तरं स्यादिति मन्यमानः ॥५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जब उनका छोरा अन्तःपुरमा इन्द्रियका शब्द आदि विषयहरूमा रमाएनन्, तब बाहिरको रसास्वादले नै यिनको मन फर्कन्छ कि भन्ने संझेका राजाले यिनलाई बाहिर जाने आज्ञा दिए ॥५१॥

स्नेहाच्च भावं तनयस्य बुद्धवा स रागदोषानविचिन्त्य काश्चित् ।
योग्याः समाज्ञापयति स्म तत्र कलास्वभिज्ञा इति वारमुख्याः ॥५२॥

स्नेहवश पुत्रको अभिप्राय नजानेका राजाले रागबाट हुने कुनै पनि दोषको विचार नगरी कलामा कुशल प्रमुख वेश्याहरूलाई राजपुत्र कहाँ बस्ने आज्ञा दिए ॥५२॥

ततो विशेषेण नरेन्द्रमार्गं स्वलंकृते चैव परीक्षिते च ।
व्यत्यस्य सूतं च रथं च राजा प्रस्थापयामास बहिः कुमारम् ॥५३॥

त्यसपछि राजाले विशेषप्रकारले राजमार्गलाई सजि-सजाउ पारी, राम्रोसँग जाँची, सारथी र रथहरू फेरी राजकुमारलाई बाहिर पठाए ॥५३॥

ततस्तथा गच्छति राजपुत्रे तैरेव देवैर्विहितो गतासु ॥
त चैव मार्गे मृतमुह्यमानं सुतः कुमारश्च ददर्श नान्यः ॥५४॥

पहिलेकै जस्तो गरी राजकुमार हिंडिरहेको बेलामा उनै देवताहरूले एउटा मरेको व्यक्ति बनाए। त्यस मृतव्यक्ति-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई बाटामा बोकेर लैजान लागेको राजकुमार र सारथिले देखे, अरुले देखेनन् ॥५४॥

अथाब्रवीद्राजसुतः स सूतं नरैश्चतुर्भिर्ह्रियते क एषः ॥
दीनै र्मनुष्यै रनुगम्यमानो विभूषितश्चाप्यवरुद्यते च ॥५५॥

राजकुमारले सारथिसँग सोधेः—हेसूत ? यी चार जनाले बोकेर लैजान लागेको यो को हो ? । दुःखी पुरुषहरू यसको पछि लागेका छन् । विशेष रीतिले सजाइएको छ । तैपनि यिनीहरू किन रोइरहेछन ? ॥५५॥

ततः स शुद्धात्मभिरेव देवैः शुद्धाधिवासैरभिभूतचेताः ॥
अवाच्यमप्यर्थमिमं नियन्ता प्रव्याजहारार्थवदीश्वराय ॥५६॥

त्यसपछि शुद्ध अन्तःकरण भएका शुद्धाधिवास नाम भएका देवताहरूद्वारा चित्त फर्काइएका सारथिले राजकुमाहलाई भन्नै नहुने भए पनि आवश्यक कुरा ठानी भनिदिए ॥५६॥

बुद्धीन्द्रियप्राणगुणैर्वियुक्तः सुप्तो विसंज्ञस्तृणकाष्ठभूत ॥
संत्यज्य सरद्य च यत्नवद्भिः प्रियप्रियैस्त्यज्यत एष कोऽपि ॥५७॥

बुद्धि, इन्द्रिय, प्राण र अरु गुणले पनि रहित भएको यो कुनै पुरुष चेतनाशून्य झार—काठ झैं सदाको निंति सुतेको छ (अर्थात् मरेको छ) यसका प्रेमी स्वजनहरूले अहिलेसंम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसलाई यत्नपूर्वक पालनपोषण गर्दै थिए, अहिले उनीहरूद्वारा यसको त्याग गरिँदै छ ॥५७॥

इति प्रणेतुः स निशम्य वाक्यं संचुक्षुभे किञ्चिदुवाच चैनम् ॥
किं केवलोऽस्यैव जनस्य धर्मः सर्वप्रजानामयमीदृशोन्तः ॥५८॥

राजकुमारले सारथिको यस्तो वचन सुनी व्याकुल भएर भने हे सारथि ! के यस्तो यसैलाई मात्र हुन्छ ? अथवा सबै प्राणीको यसरी नै नाश हुन्छ ? ॥५८॥

ततः प्रणेता वदतिस्म तस्मै सर्वप्रजानामिदमन्तकर्म ॥
हीनस्य मध्यस्य महात्मनो वा सर्वस्य लोके नियतो विनाशः ॥५९॥

सारथिले उनलाई भनेः— हे राजकुमार ! सबै प्राणीको यही नै अन्तिम गति हो । ठूला, मध्यम र साना कुनै पनि हुन्, सबैको विनाश हुनु अवश्यंभावी छ ॥५९॥

ततः स धीरोऽपि नरेन्द्रसूनुः श्रुत्वैव मृत्युं विषसाद सद्यः
अंसेन संश्लिष्य च कूबराग्रं प्रोवाच निह्रादवता स्वरेण ॥६०॥

राजकुमार धीर थिए, तापनि यस्तो मृत्युको कुरा सुनेर अत्यन्त दुःखी भए । काँधले रथमा लागेको लामो काठका अग्र भागको सहारा लिएर गम्भीर स्वरले उनी भन्न लागे ॥६०॥

इयं च निष्ठा नियता प्रजानां प्रमाद्यति त्यक्त भयश्च लोकः ॥
मनांसि शङ्के कठिनानि नृणां स्वस्थास्तथा ह्यध्वनि वर्तमानो ॥६१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणीहरूको यो मृत्युरूपी निष्ठा निश्चित छ, तर पनि मनुष्य भयलाई त्याग गरेर प्रमाद गर्दछ । त्यसैले मलाई लाग्छ, मनुष्यको मन अत्यन्त कठोर रहेछ, किनभने उनीहरू मृत्युरूपी पथमा हिंड्दा हिंड्दै पनि स्वस्थ (सुखी) देखिन्छन् ॥६१॥

अस्मा द्रथःसूत निवर्त्यतां नो विहारभूमे र्न हि देशकालः ॥
जानन्विनाशं कथमार्तिकाले स चेतन स्यादिह हि प्रमत्तः ॥६२॥

त्यसैले हे सारथि ! यो हाम्रो रथ फर्काऊ ! अहिले आनन्दसँग बगैंचामा घुम्ने समय छैन । आफ्नो विनाश जान्दा जान्दै पनि कुन बुद्धिमान् पुरुष यस्तो विपत्तिको समयमा प्रमाद गर्न सक्ला ? ॥६२॥

इति ब्रुवाणोऽप नराधिपात्मजे निवर्तयामास स नैव तं रथम् ॥
विशेषयुक्तं तु नरेन्द्र शासनात्स पद्मषण्डं वनमेव निर्ययौ ॥६३॥

यसरी राजकुमारले भन्दा भन्दै पनि सारथिले रथ फर्काएनन्, र राजाका आज्ञाले राम्रो पद्मषण्ड नामको वनतर्फ नै लगे ॥६३॥

ततः शिवं कुसुमित बाल पादपं परिभ्रमत्प्रमुदित मत्तकोकिलम् ॥
विमानवत् सकमलचारुदीर्घिकं ददर्श तद्वनमिव नन्दनं वनम् ॥६४॥

त्यसपछि उनले फुलेका साना साना वृक्षहरू, प्रसन्नताले उड्दै मत्त भएका कोइलीहरू र कमलले सुशोभित भएका तलाउले सुन्दर विमान जस्तो त्यस वनलाई नन्दनवन झैं देखे ॥६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वराङ्गनागण कलिलं नृपात्मज स्ततो बलाद्वनमतिनीयते स्म तत् ॥
वराप्सरोवृतमलकाधिपालयं नवव्रतो मुनिरिव विघ्नकातरः ॥६५॥

इति तृतीयः सर्गः

सुन्दरी स्त्रीहरूले परिपूर्ण भएको त्यस बगैंचामा राजकुमार बलपूर्वक टाढा टाढासम्म लगिए । अप्सराले पूर्णभएको कुबेरको दरबारमा बिघ्नदेखि डराउने कुनै भरखर व्रत लिएका मुनिलाई बलैले लगिए जस्तो भान भयो ॥६५॥

तेस्रो सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौथो सर्ग

स्त्रीनिवारण

ततस्तस्मात्पुरोद्याना त्कौतूहल चलेक्षणाः ॥
प्रत्युज्जग्मुर्नृपसुतं प्राप्तं वरमिव स्त्रियः ॥१॥

त्यसपछि सहरको बगैंजाबाट निस्केका, उत्कण्ठाले चञ्चल नेत्र भएका स्त्रीहरू राजकुमार बसेको ठाउँमा आए। उनीहरू वरको स्वागत गर्न आए जस्ता थिए ॥१॥

अभिगम्य च ता स्तस्मं विस्मयोत्फुल्ललोचनाः
चक्रिरे समुदाचारं पद्मकोशनिभैः करैः ॥२॥

प्रसन्नताले ठुलठूला आँखा तुल्याएका ती नारीहरूले राजकुमारको नगीचमा आएर कमलकोश जस्ता अञ्जलिपुटले उनको स्वागत गरे ॥२॥

तस्थुश्च परिवार्यैनं मन्मथाक्षिप्तचेतसः ।
निश्चलैः प्रीतिविकचैः पिवन्त्य इव लोचनैः ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कामले चञ्चल चित्त भएका ती स्त्रीहरू अनुराग (प्रेम) ले विकसित र निश्चल नेत्रले उनका सौन्दर्यामृत पान गर्दै चारैतर्फ घेरेर बसे ॥३॥

त हि ता मेनिरे नार्यः कामो विग्रहवान् इति ॥
शोभितं लक्षणदीप्तैः सहजैर्भूषणैरिव ॥ ४ ॥

स्वभावले नै प्रकाशमान् हुनाले शोभिएको गहना मैं राजकुमारलाई ती नारीले मूर्तिमान् कामदेवको अवतार नै ठाने ॥४॥

सौम्यत्वाच्चैव धैर्याच्च काश्चिदेनं प्रजज्ञिरे ।
अवतीर्णो महीं साक्षात् गूढांशुस्चन्द्रमा इति ॥ ५ ॥

कुनैले यिनको नम्रता र धैर्यभावलाई देखी पृथ्वीमा आएका अदृश्य किरण भएका साक्षात् चन्द्रमा नै ठाने ॥५॥

तस्य ता वपुषाक्षिप्ता निगृहीत जजृम्भिरे ।
अन्योन्यं दृष्टिभिर्हृत्वा शनैश्च विनिशश्वसुः ॥६॥

यिनको रूपमा आकृष्ट भएका ती परीहरू हातले मुख ढाकेर हाई गर्न थाले र परस्परमा कटाक्षपात गर्दै बिस्तार बिस्तार स्वास फेर्न लागे ॥६॥

एवं ता दृष्टिमात्रेण नार्यो ददृशुरेव तम्
न व्याजहुर्न जहसुः प्रभावेणास्य यन्त्रिता ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी ती स्त्रीहरूले उनलाई एकोहोरो दृष्टिले हेरिरहे । राजकुमारका प्रभावले नियन्त्रित भएर उनीहरू न केही बोल्न नै सके न त हाँसे ॥७॥

तास्तथा तु निरारम्भा दृष्ट्वा प्रणयविक्लवाः ॥
पुरोहितसुतो धीमानुदायी वाक्यमब्रवीत् ॥ ८ ॥

ती स्त्रीहरू कुनै कामको पनि आरंभ न गरीकन प्रेमले विह्वल भएर बसिरहे । यस्तो उनको अवस्था देखेर बुद्धिमान् पुरोहितका छोरा उदायीले भने ॥८॥

सर्वाः सर्वकलाज्ञाः स्थ भावग्रहणपण्डिताः ॥
रूपचातुर्यसंपन्नाः स्वगुणैर्मुख्यतां गताः ॥९॥

तपाईंहरू सबै कलामा पारङ्गत, भावग्रहणमा कुशल, रूप चातुर्यले संपन्न र आफ्नो गुणले प्रसिद्ध हुनुहुन्छ ॥९॥

शोभयेत गुणैरेभिरपितानुत्तरान् कुरून् ।
कुबेरस्यापि चाक्रीडं प्रागेव वसुधामिमाम् ॥१०॥

तपाईंहरू आफ्ना यस्ता सबै गुणले गर्दा उत्तर कुरुदेश र कुबेरको क्रीडाभूमिलाई पनि सुशोभित पार्न सक्नुहुन्छ । यो पृथ्वीलाई ता पहिलेदेखि नै शोभित पार्नु भएकै छ ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्ताश्चालयितुं यूयं वीतरागानृषीनपि ।
अप्सरोभिश्च कम्पितान् ग्रहीतुं विबुधानपि ।।११।।

तपाईंहरू विषयवासनाले रहित ऋषिहरूलाई पनि विचलित पार्न सक्नुहुन्छ र अप्सराहरूमा संतुष्ट रहेका देवताहरूलाई पनि वशमा पार्न सक्नुहुन्छ ।।११।।

भावज्ञानेन हावेन रूपचातुर्यसंपदा ।
स्त्रीणामेव च शक्ताः स्थ सरागे किं पुनर्नृणाम् ।।१२।।

तपाईंहरू अभिप्रायद्वारा, अभिनयद्वारा र आफ्नो रूप कलाको वैभव द्वारा स्त्रीजातिलाई पनि अनुरक्त पार्न सक्नुहुन्छ भने पुरूषको त के कुरा ? ।।१२।।

तासामेवविधानां वो वियुक्तानां स्वगोचरे ।।
इयमेवंविधा चेष्टा न तुष्टोऽस्म्यार्जवेन वः ।।१३।।

यस्ता तपाईंहरू मध्ये कुनै पनि अहिले आफ्नो काममा लाग्नु भएको छैन । तपाईंहरूको यस्तो सरल व्यवहारले मलाई सन्तोष लाग्दैन ।।१३।।

इदं नवबधूनां वो ह्रीनिकुञ्चितचक्षुषाम् ।।
सदृशं चेष्टितं हि स्यादपि वा गोपयोषिताम् ।।१४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपाईंहरूको यो व्यवहार त लाजले आँखा चिम्लेकी नयाँ दुलहीलाई र गोठालाकी स्वास्नीलाई मात्र सुहाउँछ ॥१४॥

यदपि स्यादयं धीरः श्रीप्रभावान्महानिति ॥
स्त्रीणामपि महत्तेज इतः कार्योऽत्र निश्चयः ॥१५॥

यी सिद्धार्थ धैर्यवान् र संपत्तिको प्रभावले ठूलो हुन सक्ने भए, तापनि स्त्रीहरूको तेज पनि घटी छैन । त्यसैले आफ्नू कर्तव्यको निश्चय गर्नु पर्छ ॥१५॥

पुरा हि काशिसुन्दर्या वेशबध्वा महानृषिः ॥
ताडितोऽभूत्पदा व्यासो दुर्धर्षो दैवतैरपि ॥१६॥

प्राचीन कालमा देवताहरूका निति पनि दुर्धर्ष भएका व्यासलाई काशीसुन्दरी नामकी वेश्याले लात्ताले हानी ॥१६॥

मन्थालगौतमो भिक्षुर्जङ्घया वारमुख्यया ॥
प्रियोऽभूत् तदथाथ व्यसन्निरहरत्पुरा ॥१७॥

उहिले मन्थालगौतम नामका भिक्षुले जङ्घा नामकी वेश्याको प्यारो हुन, उसको संपत्तिको रक्षा गर्न मुर्दा बोकेथे ॥१७॥

गौतमं दीर्घतपसं महर्षिं दीर्घजीविनम् ।
योषित्संतोषयामास वर्णस्थानावरा सती ॥१८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धेरैकालसम्म तपस्या गरेका दीर्घजीवी महर्षि गौतम-लाई सानू वर्ण र परिस्थिति भएकी एउटी स्त्रीले संतुष्ट पारिन् ॥१८॥

ऋष्यश्रृङ्गं सुनिसृतं तथैव स्त्रीष्वपण्डितम् ।
उपायैर्विविधै शान्ताः जग्राह च जहार च ॥१९॥

त्यस्तै स्त्रीजातिको विषयमा केही पनि नजान्ने ऋष्यश्रृङ्गलाई शान्ताले धेरै उपायद्वारा आफ्ना वशमा पारेर लगिन् ॥१९॥

विश्वामित्रो महर्षिश्च विगाढोऽपि महत्तपः ॥
दशवर्षाण्यहर्मेने घृताच्याप्सरसा हृतः ॥२०॥

तपस्यामा लीन भएका महर्षि विश्वामित्रको मनलाई घृताची अप्सराले हरण गरिन् र महर्षिले दश वर्षलाई एक दिन ठाने ॥२०॥

एवमादीनृषींस्तास्तान्नयन्विक्रियां स्त्रियः ॥
ललित पूर्ववयसं किं पुनर्नृपतेः सुतम् ॥२१॥

यसरी अनेक ऋषिहरूलाई त स्त्रीजातिले बिकृत गराए भने यी सुन्दर चढ्दो उमेरका राजपुत्रको त के कुरा छ र ॥२१॥

तदेवं सति विश्रब्धं प्रयतध्वं तथा यथा ॥
इयं नृपस्य वंशश्रीरितो न स्यात्पराङ्मुखी ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसकारण तपाईंहरू विश्वासपूर्वक यस्तो प्रयत्न गर्नुहोस् जसले गर्दा राजाका वंशकी लक्ष्मी यहाँबाट बिरक्त भएर नजाऊन् ।।२२।।

या हि काश्चिद्युवतयो हरन्ति सदृशं जनम् ।।
निकृष्टोत्कृष्टयो भावं या गृह्णन्ति तुताःस्त्रियः ।।२३।।

साधारण स्त्रीहरू आफू बराबरका मानिसहरूको मात्र मन हरण गर्न सक्छन्, जो आफूभन्दा तल्ला दर्जाका मानिसको र माथिल्ला दर्जाका मानिसको चित्त हरण गर्न सक्छन्, तिनै नै विशिष्ट स्त्री हुन् ।।२३।।

इत्युदायिवचः श्रुत्वा ता विद्धा इव योषितः ।।
समारुरुहुरात्मानं कुमारग्रहणं प्रति ।।२४।।

यस्तो उदायीको बचन सुनी बाण बिझे झैं भएका ती स्त्रीहरू राजकुमारलाई आफूतर्फ आकृष्ट गर्न जंजमाए ।।२४।।

ता भ्रूभिः प्रेक्षितैर्हावैर्हसितैर्लडितैर्गतैः ।।
चक्रुराक्षेपिकाश्चेष्टा भीतभीता इवाङ्गना ।।२५।।

केही डराए झैं भएका ती स्त्रीहरूले आँखीभौं, हेराइ, हावभाव, हाँसो, विलासिता र हिंडाइद्वारा राजकुमारलाई आकर्षण गर्ने चेष्टा गरे ।।२५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रज्ञस्तु विनियोगेन कुमारस्य च मार्दवात् ।
जहुः क्षिप्रमविश्रम्भं मदेन मदनेन च ॥२६॥

राजाको आज्ञा र राजकुमारको संकोची स्वभावले गर्दा मद र कामको अधीन भई चाँडै नै उनीहरू शूरा भए ॥२६॥

अथ नारीजनवृतः कुमारो व्यचरद् वनम् ॥
बासितायूथसहितः करीव हिमवद् वनम् ॥२७॥

त्यसपछि स्त्रीहरूले घेरिएका राजकुमार वनमा डुल्न थाले । जस्तो जसरी हथिनीहरूका साथ हात्ती हिमालय पर्वतको वनमा विहार गर्छ ॥२७॥

स तस्मिन् कानने रम्ये जज्वाल स्त्रीपुरःसरः ॥
आक्रीड इव विभ्राजे विवस्वान् अप्सरोवृतः ॥२८॥

त्यो सुन्दर बगैंचामा स्त्रीहरूलाई अगि पछि लगाएका ती अप्सराहरूले घेरिएका राजकुमार विभ्राज नामक क्रीडास्थलमा सूर्य झैं तेजस्वी देखिए ॥२८॥

मदेनावर्जिता नाम तं काश्चि त्तत्र योषितः ॥
कठिनैः पस्पृशुः पीनैः संहतैर्वल्गुभिः स्तनैः ॥२९॥

कुनै मदमत्त स्त्रीले आफ्ना कठिन, ठूला, साम्हा, सुन्दर स्तनले उनको स्पर्श गरे ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्रस्तांसकोमलालम्बमृदुबाहुलताबला ॥
अमृतं स्खलितं काचित्कृत्वैनं सस्वजे बलात् ॥३०॥

लच्केको काँधबाट झरेका कोमल लामा हातरूपी लहरा भएकी कुनै स्त्रीले लडेको निहुँ गरेर यिनलाई बलात् आलिङ्गन गरिन् ॥३०॥

काचित्ताम्राधरोष्ठेन मुखेनासवगन्धिना ॥
निनिशश्वास कर्णेऽस्य रहस्यं श्रूयतामिति ॥३१॥

तल्लो ओठ रातो भएकी कुनै स्त्रीले मदिराको गन्ध आउने मुखले उनको कानमा रहस्यमय एक कुरा सुन्नुहोस् भनी खासखुस गरिन् ॥३१॥

काचिदाज्ञापयन्तीव प्रोवाचार्द्रानुलेपना ॥
इह भक्तिं कुरुष्वेति हस्तसंश्लेषलिप्सया ॥३२॥

घोटेको गिलो चन्दन लिएकी कुनै अबलाले उनका हातको स्पर्श गर्ने इच्छाले आज्ञा गर्दै भनिन् यहाँ भक्ति (प्रेम) गर्नु होस् ॥३२॥

मुहुर्मुहुर्मदव्याजस्रस्तनीलांशुकापरा ॥
आलक्ष्य रशना रेजे स्फुरद्विद्युदिव क्षपा ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै अर्की मदमत्ता स्त्री बार बार आफ्नो नीलो सारी खसेको निहुँ गर्दै थिइन्, उनको कम्मनी केही देखिन्थ्यो। ती स्त्री रातमा बिजुली चंके झैं शोभायमान थिइन् ॥३३॥

काश्चित्कनक-काञ्चीभिर्मुखराभिरितस्ततः ॥
बभ्रमुर्दर्शयन्त्योऽस्य श्रोणीस्तन्वंशुकावृताः ॥३४॥

कटिमा झुन झुन बज्ने गहना लगाएकी कुनै स्त्री मिहीन कपडाले ढाकेको आफ्नो नितम्ब देखाउँदै यताउति हिंड्न लागिन् ॥३४॥

चूतशाखां कुसुमितां प्रगृह्यान्या ललम्बिरे ॥
सुवर्णकलश प्रख्यान् दर्शयन्त्यः पयोधरान् ॥३५॥

कुनै अर्की स्त्री मुजुरा लागेको एक आँपको हाँगामा आफ्नो सुनका कलश जस्ता स्तन देखाउँदै झुण्डिइन् ॥३५॥

काचित्पद्मवनादेत्य सपद्मा पद्मलोचना ॥
पद्मवक्त्रस्य पार्श्वेऽस्य पद्मश्रीरिव तस्थुषी ॥३६॥

कमलनयना कुनै स्त्री कमलबनबाट कमल लयाएर कमल-मुख राजकुमारका साथ कमलको श्री झैं उभिइन् ॥३६॥

मधुरं गीतमन्वर्थं काचित्साभिनयं जगौ ॥
तं स्वस्थं चोदयन्तीव वञ्चितोऽसीत्यवेक्षितः ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै स्त्रीले स्पष्ट अर्थ भएको मीठो प्रणय गीत अभिनय पूर्वक गाउँदै ती शान्त राजकुमारतर्फ दृष्टिपातद्वारा उनलाई उत्तेजित पार्दै तिमी ठँगिँदै छौ भने झैं गरिन् ॥३७॥

शुमेन वदनेनान्या भ्रूकार्मुक विकर्षिणा ॥
प्रावृत्यानुचकारास्य चेष्टितं धीरलीलया ॥३८॥

कुनै अर्की स्त्रीले आँखीभौंरूपी धनुमा कटाक्षरूपी बाण तान्दै गम्भीर चालले फर्की फर्की सुन्दर मुखले यिनैका चेष्टाको अनुकरण गरिन् ॥३८॥

पीनवल्गुस्तनी काचिद्धासाघूर्णितकुण्डला ॥
उच्चैरवजहासैनं समाप्नोतु भवानिति ॥३९॥

ला सुन्दर स्तन भएकी, हाँसोले कुण्डल हल्लिएकी कुनै स्त्रीले राजकुमारलाई 'तपाई' समाप्त गर्नुहोस्' भनी खिक्का छोडिन् ॥३९॥

अपयान्तं तथैवान्या बबन्धुर्माल्यदामभिः ॥
काश्चित्साक्षेप मधुरैर्जगृहुर्वचनांकुशैः ॥४०॥

यसरी नै त्यहाँबाट जान लागेका राजकुमारलाई अर्की कुनै स्त्रीले मालारूपी डोरीले बाँधिन् । कुनैले आक्षेप सहितका मीठा बचनरूपी अंकुशले उनलाई बाँधिन् ॥४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतियोगार्थिनी काचित् गृहीत्वा चूतमञ्जरीम् ।
इदं पुष्पं तु वःस्येति पप्रच्छ मदविक्लवा ॥४१॥

विरोध गर्न चाहने कुनै स्त्रीले आँपको मुजुरा लि र कामदेवले बिह्वल हुँदै 'यो फूल कसको हो' भन्ने सोधिन् ॥४१॥

काचित्पुरुषवत्कृत्वा गतिं संस्थानमेव च ।
उवाचैनं जितः स्त्रीभिर्जय भो पृथिवीमिमाम् ॥४२॥

कुनैले पुरुषको जस्तो हिंड़ाइ र आकृति बनाई उनलाई भने तपाईंलाई स्त्रीहरूले जितेछन्, अब यो पृथिवी पनि जित्नुहोस्' ॥४२॥

अथ लोलेक्षणा काचिज्जिघ्रन्ती नीलमुत्पलम् ॥
किञ्चिन्मदकलैर्वाक्यैर्नृपात्मजमभाषत ॥४३॥

यसपछि चञ्चल नेत्र भएकी कुनै स्त्रीले नीलो कमल सुँघ्दै मदयुक्त मधुर वचनद्वारा राजकुमारसँग केही भनिन् ॥४३॥

पश्य भर्तश्चितं चूतं कुसुमैर्मधुगन्धिभिः ॥
हेमपञ्जररुद्धो वा कोकिलो यत्र कूजति ॥४४॥

हे स्वामी सुगन्धी फूलले भरिएको यो आँप हेर्नुहोस् जहाँ कोइली सुवर्णको पिंजडामा बद्ध भए झैं निश्चल भएर शब्द गर्दैछ ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अशोको दृश्यतामेष कामिशोकविवर्धनः ॥
रुवन्ति भ्रमरा यत्र दह्यमाना इवाग्निना ॥४५॥

कामी पुरुषको शोक बढाउने यो अशोक हेर्नहोस् , जहाँ भमराहरू आगोले पोलिए झैं गरी गुञ्जिरहेछन् ॥४५॥

चूतयष्ट्या समाश्लिष्टो दृश्यतां तिलकद्रुमः ॥
शुल्कवासा इव नरः स्त्रिया पीताङ्गरागया ॥४६॥

आँपको हाँगा आलिङ्गन गरिरहेको यो तिलक वृक्ष हेर्नुहोस् , सेतो वस्त्र लगाएको पुरुषले पहेंलो सुगन्धी बुकुवा घसेकी स्त्रीलाई आलिङ्गन गर्न लागेको जस्तो देखिन्छ ॥४६॥

फुल्लं कुरुबकं पश्य निर्मुक्तालक्तकप्रभम् ।
यो नखप्रभया स्त्रीणां निर्भर्त्सित इवानतः ॥४७॥

निचरेका माहुरको जस्तो कान्ति भएको फुलेको यो कुरवक (कुटजौ) लाई हेर्नुहोस् , जो स्त्रीजातिका नङका कान्तिले तिरस्कृत भई निहुरिएको छ ॥४७॥

बालाशोकश्च निचितो दृश्यतामेष पल्लवैः ॥
योऽस्माकं हस्त शोभाभिर्लज्जमान इव स्थितः ॥४८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पालुवाहरूले घना भएको यो नयाँ अशोक वृक्षलाई हेर्नु होस, जो हाम्रो हातको शोभा देखेर लाज माने झैं गरिरहेको छ ॥४८॥

दीर्घिकां प्रावृतां पश्य तीरजैः सिन्दुवारकैः ॥
पाण्डुरांशुकसंवीतां शयानां प्रमदामिव ॥४९॥

तीरमा उम्रेको सिन्दुवार (सिउँडी) ले ढाकिएको यो तलाउ हेर्नु होस्, जो सेतो वस्त्र ओढेर सुतिरहेकी प्रमदा (स्त्री) झैं देखिन्छ ॥४९॥

दृश्यतां स्त्रीषु माहात्म्यं चक्रवाको ह्यसौ जले ।
पृष्ठतः प्रेष्यवद्भार्यामनुवर्त्यनुगच्छति ॥५०॥

स्त्रीजातिको महिमा स् , यो आज्ञाकारी चखेवा पानीमा आफ्नी भार्याको सेवक झैं पछि पछि हिंड्दैछ, छ ॥५०॥

मत्तस्य परपुष्टस्य रुवतः श्रूयतां ध्वनिः ॥
अपरः कोकिलोऽन्वत्तं प्रतिश्रुत्येव कूजति ॥५१॥

मदले मत्त भएको कोइलीको शब्द सुन्नुहोस् , उसको पछाडि अर्को कोइलीले अनुकरण गरे झैं निरन्तर शब्द गरिरहेको छ ॥५१॥

अपि नाम विहङ्गानां वसन्तेनाहृतो मदः ॥
न तु चिन्तयतोऽचिन्त्यं जनस्य प्राज्ञमानिनः ॥५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसन्तले पक्षीहरूलाई मदमत्त गराउँछ, तर के अचिन्त्य चिन्तन गर्नें स्वाभिमानी मनुष्यलाई मदमत्त गराउन सक्छ न ? ॥५२॥

इत्येव ता युवतयो मन्मथोद्दामचेतसः ॥
कुमारं विविधै स्तैस्तैरुपचक्रमिरे नयैः ॥५३॥

यस प्रकार कामले उद्दीप्त चित्त भएका ती युवतीहरूले नाना प्रकारका उपायद्वारा कुमारलाई आकृष्ट पार्ने उपक्रम गरे ॥५३॥

एवमाक्षिप्यमाणोऽपि स तु धैर्यावृतेन्द्रियः
मर्तव्यमिति सोद्वेगो न जहर्ष न विव्यथे ॥५४॥

यसरी स्त्रीजातिले आकृष्ट पार्दा पनि धीर चित्त हुनाले जितेन्द्रिय ती राजकुमार मर्नुपर्छ भन्ने कुरा संझेर उद्वेगयुक्त भई न आनन्द माने, न दुःखी नै भए ॥५४॥

तासां तत्त्वेऽनवस्थानं दृष्ट्वा स पुरुषोत्तमः ॥
समं विग्नेन धीरेण चिन्तयामास चेतसा ॥५५॥

उनीहरूको तत्वमा स्थिरता नदेखेका ती पुरुषश्रेष्ठले उद्वेग र धीरतासहित विचार गर्न लागे ॥५५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किमेता नावगच्छन्ति चपलं यौवनं स्त्रियः
यतो रूपेण समत्तं जरा यन्नाशयिष्यति ॥५६॥

के यी स्त्रीहरू यौवनलाई क्षणिक ठान्दैनन् ? यिनीहरू बुढ्याइँले नष्ट पार्ने आफ्नू रूपमा नै उन्मत्त छन् ॥५६॥

नूनमेता न पश्यन्ति कस्यचिद्रोग सप्लवम् ॥
तथा हृष्टा भयं त्यक्त्वा जगति व्याधि धर्मिणि ॥५७॥

निश्चय पनि यिनीहरूले रोगाक्रान्त भएको कसैलाई देखेका छैनन् । त्यसैले नै यो व्याधिधर्म भएको जगत्मा भय त्याग गरी यिनीहरू प्रसन्न छन् ॥५७॥

अनभिज्ञाश्च सुव्यक्तं मृत्योसर्वापहारिणः
ततः स्वस्था निरुद्विग्नाः क्रीडन्ति च हसन्ति च ॥५८॥

यिनीहरू सबै कुराको हरण गर्ने मृत्युदेखि साच्चै नै अभिज्ञ रहेछन् । त्यसैले नै सुखी र उद्वेगरहित भै खेल्छन् तथा हाँस्छन् ॥५८॥

जरां व्याधिं च मृत्युं च को हि जानन् सचेतनः ॥
स्वस्थ स्तिष्ठेन्निषीदे द्वा शये द्वा किं पुनर्हसेत् ॥५९॥

कुन बुद्धिमा न पुरुष हुढ्याइँ, रोग र मृत्युलाई जानी जानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्त भएर उठ्न बस्न, सुत्न सक्ला ? हाँस्न ता झन कसरी सक्ला ? ॥५६॥

यस्तु दृष्ट्वा परं जीर्णं व्याधितं मृतमेव च ॥
स्वस्थो भवति नोद्विग्नो यथा चेता स्तथैव सः॥६०॥

जुन पुरुष अत्यन्त बूढो, रोगी, र मरेको व्यक्ति देखेर पनि स्वस्थ रहन्छ, उद्विग्न हुँदैन, त्यो अचेतन (जड) वस्तु जस्तै हो ॥६०॥

वियुज्यमाने हि तरौ पुष्पैरपि फलैरपि ।
पतति च्छिद्यमाने वा तरुरन्यो न शोचते ॥६१॥

निश्चय नै कुनै वृक्ष फलफूलले वियुक्त भएमा वा काटिएमा खस्दछ, तर अर्को वृक्ष उसको शोक गर्दैन ॥६१॥

इति ध्यानपरं दृष्ट्वा विषयेभ्यो गतस्पृहम् ॥
उदायी नीतिशास्त्रज्ञस्तमुवाच सुहृत्तया ॥६२॥

यसरी उनलाई विषयको अभिलाषा नभएको र ध्यानमग्न देखी नीतिशास्त्रमा कुशल उदायीले मित्रतापूर्वक भने ॥६२॥

अहं नृपतिना दत्तः सख तुभ्यं क्षमः किल ॥
यस्मात्त्वयि विवक्षा मे तथा प्रणयवत्तया ॥६३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म राजाबाट आज्ञा गरिएको तिम्रो अवश्य नै योग्य मित्र हूँ । त्यसैले प्रेमपूर्वक तिमीलाई केही भन्न खोज्छु ॥६३॥

अहितात् प्रतिषेधश्च हिते चानुप्रवर्तनम् ।
व्यसने चापरित्याग स्त्रिविधं मित्रलक्षणम् ॥६४॥

नछुने कामभा रोक्नु, असल कामबाट प्रेरणा गर्नु र विपत्तिमा नछोड्नु यिनै मित्रका लक्षण हुन् ॥६४॥

सोहं मैत्रीं प्रतिज्ञाय पुरुषार्थात्पराङ्मुखः ॥
यदि त्वां सम्युपेक्षेय न भवेत्मित्रता मयि ॥६५॥

मैले मित्रताको प्रतिज्ञा गरी पुरुषार्थबाट विमुख भई तिम्रो उपेक्षा गरें भने ममा भएको त्यो मित्रता मित्रता नै हुनेछैन ॥६५॥

तदब्रवीमि सुहृद्भूत्वा तरुणस्य वपुष्मतः ॥
इदं न प्रतिरूपं ते स्त्रिष्वदाक्षिण्यमीदृशम् ॥६६॥

स्त्रीजातिमा यस्तो उदासीन भाव हुनु तिमी जस्ता सुन्दर युवा पुरुषलाई सुहाउँदैन भनी मित्रको नाताले म भन्छु ॥६६॥

अनृतेनापि नारीणां युक्तं समनुवर्तनम् ॥
तद् व्रीडा परिहारार्थमात्मरत्यर्थमेव च ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्रीजातिको लज्जा दूर पार्न र आफ्नू मनोरञ्जनका निंति मूटो कुरा गरेरै भए पनि तिमीले उनको अनुकूल व्यवहार गर्नैपर्छ ॥६७॥

संततिश्चानुवृत्तिश्च स्त्रीणां हृदयबन्धनम् ॥
स्नेहस्य हि गुणा योनि र्मानकामा श्च याषितः ॥६८॥

नम्रता र अनुकूल आचरण नै स्त्रीजातिका प्रेम-बन्धन हुन् ! सद्गुणहरू प्रेमको उद्गम स्थान हो। स्त्रीजातिहरू संमान चाहन्छन् ॥६८॥

तदर्हसि विशालाक्ष हृदयेऽपि परांमुखे ॥
रूपस्यास्यानुरूपेण दाक्षिण्येनानुवर्तितुम् ॥६९॥

त्यसैले हे ठूला नयन भएका राजकुमार ! तिम्रो हृदय विमुख भए पनि आफ्नै रूप सुहाँउदो उदारतापूर्वक तिमीले उनीहरूसँग अनुकूल व्यवहार गर्नु पर्छ ॥६९॥

दाक्षिण्यमौषधं स्त्रीणां दाक्षिण्यंभूषणं परम् ॥
दाक्षिण्यरहितं रूपं निष्पुष्पमिव काननम् ॥७०॥

सहृदयता स्त्रीजातिका निंति औषधि हो। सहृदयता उत्तम गहना हो। सहृदयता नभएको सौन्दर्य त फूल न भएको बगैँचा जस्तो हो।

किं वा दाक्षिण्यमात्रेण भावेनास्तु परिग्रहः ॥
विषयान्दुर्लभांल्लब्ध्वा नह्यवज्ञातुमर्हसि ॥७१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदारतामात्रले केही हुँदैन । मित्री भावले पनि यसको ग्रहण गर्नु पर्छ । दुर्लभ विषय पाएका तिमीले तिनलाई तिरस्कार गर्नु उचित होइन ।।७१।।

कामं परमिति ज्ञात्वा देवोऽपि हि पुरन्दरः ।
गौतमस्य मुनेः पत्नीमहल्यां चकमे पुरा ।।७२।।

प्राचीनकालमा काम (प्रेम) लाई नै उत्तम जानेका इन्द्रले पनि गौतम मुनिकी पत्नी अहल्याको इच्छा गरे ।।७२।।

अगस्त्यःप्रार्थयामास सोमभार्यां च रोहिणीम् ।।
तस्मात्तत्सदृशीं लेभे लोपामुद्रामिति श्रुतिः ।।७३।।

अगस्त्यले चन्द्रमाकी पत्नी रोहिणीलाई प्रार्थना गरे । त्यसैले उनले रोहिणी जस्तै लोपामुद्रालाई पाए भन्ने सुनिन्छ ।।७३।।

उतथ्यस्य च भार्यांयां ममतायां महातपाः ।।
मारुत्यां जनयामास भरद्वाज बृहस्पतिः ।।७४।।

उतथ्यकी पत्नी मरुत्की छोरी ममतामा महातपस्वी बृहस्पतिले भरद्वाज छोरा पाए ।।७४।।

बृहस्पते र्महिष्यां च जुव्हत्यां जुव्हतां वरः ।
बुधं विबुधकर्माणं जनयामास चन्द्रमा ।।७५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हवन गर्न थालेको वृहस्पतिकी पत्नीमा हवन मर्नामा चतुरा चन्द्रमाले देवता जस्तो काम गर्ने बुधलाई जन्माए ॥७५॥

कालीं चैव पुरा कन्या जल--प्रभव--संभवाम् ॥
जगाम यमुनातीरे जातरागः पराशरः ॥७६॥

पहिले कुनै समयमा कामले मोहित भएका पराशरले यमुनाको तीरमा माछाबाट जन्मेकी (उत्पन्न भएकी) काली नाम कन्याका साथ बिवाह गरे ॥७६॥

मातङ्ग्यामज्ञमालायां गर्हितायां रिरंसया ॥
कपिञ्जलादं तनयं वसिष्ठोऽजनयन्मुनिः ॥७७॥

बसिष्ठ मुनिलाई भोग गर्ने इच्छा हुँदा निन्दित चाण्डालको कोखबाट जन्मेकी अज्ञमालामा कपिञ्जलाद नामको पुत्र जन्माए ॥७७॥

ययातिश्चैव राजर्षिर्वंश्यस्यपि विनिर्गत ॥
विश्वाच्याप्सरसा सार्धं रेमे चैत्ररथे वने ॥७८॥

उमेर बितिसकेपछि पनि राजाष ययातिले चैत्ररथ नामक वनमा विश्वाची नामकी अप्सराका साथ रमण गरे ॥७८॥

स्त्रीसंसर्गं विनाशान्तं पाण्डुर्ज्ञात्वापि कौरवः ॥
माद्रीरूपगुणाक्षिप्तः सिषेवे कामजं सुखम् ॥७९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरुवंशी पाण्डुले स्त्रीसमागम प्राणान्तकारी होभन्ने जानेरै पनि माद्रीको रूप र गुणमा मोहित भई कामजन्य सुखको सेवन गरे ॥७६॥

कराल जनक श्चैव हृत्वा ब्राह्मणकन्यकाम् ॥
अवाप भ्रंशमप्येवं न तु सेजे न मन्मथम् ॥८०॥

कराल जनक ब्राह्मणकी छोरी हरण गरी भ्रष्ट भएर पनि काममा अनासक्त भएनन् ॥८०॥

एवमाद्या महात्मानो विषयान् गर्हितानपि ॥
रतिहेतो बुभुजिरे प्रागेव गुणसंहिताम् ॥८१॥

यसरी पहिलेका ऋषिहरूले संभोगको आनन्द लिन निन्दित विषयको पनि उपभोग गरे। निर्दोष विषय ता पहिले नै उपभोग गरे। ८१॥

त्वं पुन र्न्यायतः प्राप्तान् बलवान् रूपवान् युवा ॥
वषयानवजानासि यत्र सक्तमिदं जगत् ॥८२॥

तिमी ता रूपवान् बलवान् र युवक छौ, न्यायले पाएको विषयभोगको हेलाँ गर्छौं, जसमा यो जगत् आसक्त छ ॥८२॥

इति श्रुत्वा वचस्तस्य श्लक्ष्णमागमसंहितम् ॥
मेघस्तनित निर्घोषः कुमारः प्रत्यभाषत ॥८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो उदायीको मीठो र शास्त्र-संगृहीत वचन सुनी मेघगर्जनको ध्वनि जस्तै गरी कुमारले गम्भीर उत्तर दिए ॥८३॥

उपपन्नमिद वाक्यं सौहार्दव्यञ्जकं त्वयि ॥
अत्र च त्वानुनेष्यामि यत्रमा दुष्ठु मन्यसे ॥८४॥

यी सौहार्दसूचक वचन तिमीमा हुनु, तर योग्य हुन् जुन विषयमा मेरो दोष मान्दछौ, त्यसका विषयमा म तिमीसँग अनुरोध गर्छु ॥८४॥

नावजानामि विषयान् जाने लोक तदात्मकम् ॥
अनित्यं तु जगन्मत्वा नात्र मे रमते मनः ॥८५॥

म विषयलाई तिरस्कार गर्दिन। संसारले विषयमा आनन्द मानेको देख्छु, तर जगत् अनित्य ठानेर त्यसमा रमाउँदैन ॥८५॥

जरा व्याधिश्च मृत्युश्च यदि न स्यादिद त्रयम् ॥
ममापि हि मनोज्ञेषु विषयेषु रति भवेत् ॥८६॥

बुढ्याइँ, रोग, मृत्यु, यी तीन वस्तु नहुँदा हुन् ता मेरो पनि यी मनोहर विषयमा प्रेम हुने थियो ॥८६॥

नित्यं यद्यपि हि स्त्रीणामेतदेव वपुर्भवेत् ।
दोषवत्स्वपि कामेषु कामं रज्येत मे मनः ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्रीजातिको यो शरीर नित्य हुँदो हो ता दोषयुक्त भए पनि विषयभोगमा मेरो मन अवश्य नै रमाउने थियो ॥८७॥

यदा तु जरया पीतं रूपं आसां भविष्यति ॥
आत्मनोऽप्यनभिप्रेतं मोहात्तत्र रतिं भवेत् ॥ ८८ ॥

यिनको रूप बुढ्याइँले पान गरेपछि आफ्नू शरीर यिनलाई नै घृणा-जनक हुनेछ । मोहलेमात्र त्यसमा प्रेम हुनेछ ॥८८॥

मृत्यु व्याधि--जरा-धर्मा मृत्युव्याधिजरात्मभिः ॥
रममाणो ह्यसंविग्नः समानो मृगपक्षिभिः ॥८९॥

मृत्यु, रोग, र बुढ्याइँको अधीन भएका मनुष्यहरू मृत्यु रोग र बुढ्याइँको अधीन रहनेसँग प्रेम गर्दा भयभीत हुँदैनन् भने ती पशुपक्षी समान हुन् ॥८९॥

यदप्यात्थ महात्मान स्तेऽपि कामात्मका इति
संवेगोऽत्रैव कर्तव्यो यदा तेषामपि क्षयः ॥९०॥

जो तिमीले महात्माहरू पनि कामासक्त थिए भन्यौ, त्यसमा पनि भय मान्नै पर्छ । किनभने उनीहरूको पनि नाश भयो ॥९०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माहात्म्यं नहि तन्मत्ये यत्र सामान्यतः क्षयः ॥
विषयेषु प्रसक्ति र्वा युक्ति र्वा नात्मवत्तया ॥६१॥

म त्यसलाई महत्वपूर्ण ठान्दिन, जसको सर्वथा क्षय हुन्छ । आत्मज्ञानी पुरुषको, विषयमा आसक्ति हुंदैन । न त्यसको सम्बन्धमा उनीहरू तर्क नै गर्दछन् ॥६१॥

यदप्यात्यानृतेनापि स्त्रीजने वर्त्यतामिति ॥
अनृतं नावगच्छामि दाक्षिण्येनापि किञ्चन ॥६२॥

जो तिमीले भन्यौ' झूटो बोलेर पनि स्त्रीजनसंग व्यवहार गर्नुपर्दछ, तर म त्यस्तो झूटो व्यवहार गर्न जान्दिन । न उदारता नै गर्न जान्दछु ॥६२॥

न चानुवर्तनं तन्मे रुचितं यत्र नार्जवम ॥
सर्वभावेन संपर्को यदि नास्ति धिगस्तु तत् ॥६३॥

मलाई त्यस्तो अनुकूल आचरण भए पनि मन पर्दैन, जसमा सरलता छैन । कुनै काम गर्दा मन र शरीरको भाव छैन भने त्यस्तो व्यवहारलाई म धिक्कार गर्दछु ॥६३॥

अधृतेः श्रद्धधानस्य सत्त्वस्यादोषदर्शिनः ॥
किं हि वञ्चयितव्यं स्याज्जातरागस्य चेतसः ॥६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धैर्य नभएका, विश्वास गर्ने, आसक्त, दोष देख्न सक्ने अनुरक्तचित्त भएका पुरुषलाई ठग्नु के उचित हुन्छ र ॥६४॥

वञ्चयन्ति च यद्येवं जातरागाः परस्परम् ॥
ननु नैव क्षमं द्रष्टुं नराः स्त्रीणां नृणां स्त्रियः ॥६५॥

यदि कामासक्त पुरुषहरूमध्ये एकले अर्कालाई यसै गरी ठग्छन् भने ती पुरुष भए स्त्रीहरूले हेर्न अयोग्य र स्त्री भए पुरुषहरूले अयोग्य हुन् ॥६५॥

तदेवं सति दुःखार्तं जरामरणभागिनम् ॥
न मां कामेष्वनार्येषु प्रतारयितुमर्हसि ॥६६॥

त्यसैले म दुःखले पीड़ित छु र जन्ममृत्युको भागी छु। तिमी मलाई यस्तो अशुभ कुरामा प्रेरणा गरी नठग ॥६६॥

अहोऽतिधीरं बलवच्च ते मनश्चलेषु कामेषु च सारदर्शिनः ॥
भयेऽतितीव्रे विषयेषु सज्जसे निरीक्षमाणो मरणाध्वनि प्रजाः ॥६७॥

अहो ! चञ्चल कामको उपभोगमा पनि सार देख्ने तिम्रो मन अत्यन्त धीर र बलवान् रहेछ। अत्यन्त डरलाग्दो भयले युक्त मृत्युमार्गमा प्रजाहरू गैरहेको देख्दा देख्दै तिमी विषयमा आसक्त छौ ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहं पुनर्भीरुरतीवविक्लवो जरा विपद् व्याधिभयं विचिन्तयन् ।।
लेभे नशान्तिं नधृतिं कुतो रतिं निशामयन्दीप्तमिवाग्निना जगत् ॥९८॥

म ता जन्म, मृत्यु र रोगबाट हुने भएको चिन्तना गरी अत्यन्त आतुर र विकल छु । यो जगत् आगोले बल्न लागेको जस्तो देखी न मलाई शान्ति हुन्छ, न धैर्य नै हुन्छ; आनन्द त झन् कसरी होला ॥९८॥

असंशयं मृत्युरिति प्रजानतो नरस्य रागो हृदि यस्य जायते ।।
अयोमयीं तस्य परैमि चेतनां महाभये रज्यति यो न रोदिति ॥९९॥

मृत्यु अवश्यंभावी छ भन्ने कुरा जानेर पनि जुन मनुष्यको हृदयमा कामको जन्म हुन्छ । त्यसको बुद्धि फलामले बनेको ठान्छु । किनभने त्यो मृत्युरूपी महाभय आउँदा पनि आनन्दमा नै रहन्छ, रुँदैन ॥९९॥

अथो कुमारश्च विनिश्चयात्मिकां चकार कामाश्रयघातिनीं कथाम् ॥
जनस्य चक्षुर्गमनीय मण्डलो महीधरं तास्तमियाय भास्करः॥१००॥

यसप्रकार राजकुमारले कामको मूललाई नै नाश पार्ने निश्चयात्मक कुरा भने । त्यसबखत संसारका नेत्रस्वरूप दर्शनीय मण्डल भएका भगवान सूर्यनारायण पनि अस्ताचल तर्फ लागे ॥१००॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततो वृथा धारित भूषणस्रजः कलागुणैश्च प्रणयैश्च निष्फलै ॥
स्व एव भावे विनिगृह्य मन्मथं पुरं ययुर्भग्नमनोरथाः स्त्रियः ॥१०१॥

त्यसपछि भग्नमनोरथ भएका ती स्त्रीहरू आफूले लगाएको गहना र मालालाई व्यर्थ ठानेर आफ्नो उत्कृष्ट कला, गुण, प्रेम, निष्फल हुनाले कामलाई आफूमा नै राखी निराश भएर सहरतर्फ फर्कें ॥१०१॥

ततः तुरोद्यानगतां जनश्रिय निरीक्ष्य सायं प्रतिसंहृतां पुनः ॥
अनित्यतां सर्वगतां विचिन्तयन् विवेश धिष्ण्यं क्षितिपालकात्मज॥१०२॥

अनि सहरका बगैंचामा रहेको जनशोभालाई सायंकालले व्याप्त परेको देखी सर्वव्यापी अनित्यताको चिन्तन गर्दै राजकुमार पनि दरबारमा प्रवेश गरे ॥१०२॥

ततः श्रुत्वा राजा विषय विमुखं तस्य तु मनो
न शिश्ये तां रात्रि हृदयगतशल्यो गज इव ॥
अथ श्रान्तो मन्त्रे बहुविविध मार्गे ससचिवो
नसोऽन्यत्कामेभ्यो नियमनमाश्यत्सुतमतेः ॥१०३॥

त्यसपछि राजकुमारको मन विषयबाट विमुख भएको सुनी हृदयमा बाण लागेको हात्ती झैं राजा रातभर नै सुतेनन्। मन्त्रीसहित नाना तरहका उपायको सल्लाह गर्दै थाकेका राजाले राजकुमारको बुद्धि नियन्त्रण गर्नाका निमित्त काम बाहेक अर्को उपाय देखेनन् ॥१०३॥

❀ चौथो सर्ग समाप्त ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र पाचौं सर्ग

अभिनिष्क्रमण (घरबाट बाहिर निस्कनु)

स तथा विषयैर्विलोभ्यमानः परमार्हैरपि शाक्यराजसूनुः ॥
न जगाम धृतिं न शर्म लेभे हृदये सिंह श्वातिदिग्धविद्धः ॥१॥

परम उत्कृष्ट विषयद्वारा लोभ्याइँदा पनि ती शाक्य-राजाका पुत्रले विष लगाएको बाणले अत्यन्त विध्द्ध भएको सिंह झैं न धैर्य गर्न सके, न त शान्ति नै पाए ॥१॥

अथ मन्त्रिसुतैः समैः केदाचित्सखिभि श्चित्रकथैः कृतानुयात्रः ॥
वनभूमिमिदृक्षया समेप्सुर्नरदेवानुमतो बहिः प्रतस्थे ॥२॥

त्यसपछि कुनै दिन शान्तिको इच्छा गर्ने ती राजकुमार राम्रा राम्रा कथा जान्ने सबै कामस्रा सिपालु महाराजसँग आज्ञा मागी बाहिर निस्के ॥२॥

नवरुक्मखलीनकिङ्किणीकं प्रचलच्चामर चारुहेमभाण्डम् ॥
अभिरुह्य स कत्थकं सदश्वं प्रययौ केतुमिव द्रुमाब्जकेतुः ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बृक्ष र कमल चिन्ह भएको पताकाले सजिएको, नयाँ सुवर्णको लगाम र घंटीले युक्त, चञ्चल चमर र सुन्दर सुवर्णका गहना पहिरिएको केतु झैं अग्लो कन्थक नामको राम्रो घोड़ामा चढी निस्के ॥३॥

सविकृष्टतरां घनान्तभूमिं वनलोभाच्च ययौ महिगुणाच्च ॥
सलिलोर्मिविकारसीरमार्गां वसुधां चैव ददर्श कृष्यमाणाम् ॥४॥

उनी वनदर्शनको लोभ र पृथ्वीको गुणविशेषले अत्यन्त आकर्षक ठूलो जङ्गल तर्फ लागे । बाटामा जोत्न लागेको पृथ्वीलाई देखे, जसमा हलोका डोब जलतरङ्ग समान देखिन्थ्यो ॥४॥

हलभिन्नविकीर्णशष्पदर्भां हतसूक्ष्मक्रिमिकीटजन्तुकीर्णाम् ॥
समवेक्ष्य रसां तथाविधां तां स्वजनस्येव वधे भृशं शुशोच ॥५॥

उनले हलो जोत्दा झार र कुशहरू छिन्नभिन्न भएको तथा साना साना कीरा-किर्थाहरू मारिएर छरिएको पृथ्वीलाई देखेर आफ्ना मानिसको हत्या भए झैं अत्यन्त शोक गरे ॥५॥

कृषतः पुरुषांश्च वीक्षमाण पवनार्कांशुरजोविभिन्नवर्णान् ।
वहनक्लमविक्लवांश्च धुर्यान् परमार्यः परमां कृपां चकार ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हावा, सूर्यकिरण र धूलोले विवर्ण भएका खेती गर्ने किसान र हलो बोक्दा परिश्रमले व्याकुल भएको गोरुलाई देखी परम आर्य राजकुमारलाई अत्यन्त करुणा भयो ॥६॥

अवतीर्य ततस्तुरङ्गपृष्ठाच्चनकै र्गां व्यचरच्छुचा परीतः ।
जगतो जनन व्यथं विचिन्वन् कृपणं खल्विदमित्युवाच चार्त ॥७॥

त्यसपछि राजकुमार घोडाको पीठबाट ओर्ली शोक विव्हल भई पृथ्वीमा बिस्तारै बिस्तारै हिंडन थाले, उनले जगत्को जन्ममृत्यु विचार गर्दै अत्यन्त दुःखी भएर यो जगत् निश्चय नै दुःखिरहेछ भने ॥७॥

मनसा च विविक्तामभीप्सुः सुहृदस्ताननुयायिनो निवार्य ॥
अभितश्चलचारुपर्णवत्या विजने मूलमुपेयिवान् स जम्ब्वाः ॥८॥

मनले एकान्तको इच्छा गरेका ती राजकुमार आफ्ना पछि लागेका मित्रहरूलाई त्यहीं नै रोकी, चारैतर्फ सुन्दरपात हल्लिएको एकान्तमा रहेको जामुनाको वृक्षको फेदमा पुगे ॥८॥

निषसाद स यत्र शौचवत्यां भुवि वैडूर्यनिकाशशाद्वलायाम् ॥
जगतः प्रभवाप्ययौ विचिन्वन् मनस श्च स्थितिमाललम्भे ॥९॥

उनी त्यहाँ पन्ना झैं हरियो झार भएको पवित्र भूमिमा बसे। उनले जगत्को जन्म-विनाशको खोज गर्दै मानसिक स्थिरता हुने उपायको अवलम्बन गरे ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समवाप्तमनः स्थितिश्च सद्यो विषयेच्छादिभिराधिभिश्च मुक्तः ॥
सवितर्कविचारमाप शान्तं प्रथमं ध्यानमनस्रवप्रकारम् ॥१०॥

उनी चाँडै नै मानसिक स्थिरता पाएर विषयको इच्छा आदि मानसिक रोगबाट मुक्त भए । उनले शान्त ध्यानको स्थिति प्राप्त गरे, जो विचार तर्कको युक्त र रागद्वेष आदि मलले रहित थियो ॥१०॥

अधिगम्य ततो विवेकजं तु परमप्रीतिसुखं मनःसमाधिम् ॥
इदमेव ततः परं प्रदध्यौ मनसा लोकगतिं निशाम्य सम्यक् ॥११॥

त्यसपछि उनले विवेकबाट उत्पन्न भएको परम प्रसन्नता रूपी सुखले युक्त मनको समाधि पाए । अनि मनले संसारको गति राम्रोसँग हेर्दै यही कुरामा ध्यान गर्न लागे ॥१२॥

कृपणं वत यज्जनः स्वयं सन्नवशो व्याधिजरा विनाशधर्मा ॥
जरयादितमातुरं मृतं वा परमज्ञो विजुगुप्सते मदान्धः ॥१२॥

यो कत्तिको दुःखको कुरा छ कि रोग बुढ्यांइ र मरण नै धर्म भएका मनुष्य आफू पराधीन भएर पनि अज्ञानी र मदान्ध भई बुढ्याइँले पीडित, रोगले ग्रस्त र मरेको व्यक्तिलाई देखी हेलाँ गर्छन् ॥१२॥

इह चेदहमीदृशः स्वयं सन् विजुगुप्सेय परं तथा स्वभावम् ।
न भवेत्सदृशं हि तत्त्वमं वा परमं धर्ममिमं विजानतो मे ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस संसारमा म अफू यस्तो भएर ती रोगी र मर्ने नै स्वभाव भएका मनुष्यलाई तिरस्कार गरूँ भने पनि परम धर्म जान्ने म जस्तो व्यक्तिलाई त्यो कुरा योग्य हुने छैन ॥१३॥

इति तस्य विपश्यतो यथावज्जगतो व्याधिजराविपत्तिदोषान् ।
बल यौवनजीवित प्रवृत्तो विजगामात्मगतो मदः क्षणेन ॥१४॥

यसरी संसारमा रोग, बुढ्याइँ र मृत्यु रूपी दोषलाई राम्रोसँग विचार गर्ने ती राजकुमारको बल, उमेर र जीवनबाट उत्पन्न हुने आत्मगत अभिमान तुरुन्त नै नाश भयो ॥१४॥

न जहर्ष नचापि चानुतेपे विचिकित्सां न ययौ न तन्द्रिनिद्रे ।
न च काम गुणेषु सरज्जे न विदिद्वेष परं न चावमेने ॥१५॥

उनलाई हर्ष भएन, संताप पनि भएन । सन्देह भएन, निद्रा तन्द्रा पनि भएन, गुणमा अनुराग पनि भएन । उनले न अर्कामाथि द्वेष गरे, न अर्कालाई हेलाँ गरे ॥१५॥

इति बुद्धिरियं च तीरजस्का ववृधे तस्य महात्मनो विशुद्धा ।
पुरुषैरपरैरदृश्यमानः पुरुषश्चोपससर्प भिक्षुवेषः ॥१६॥

यसरी ती महात्माको निर्मल विशुद्ध बुद्धि बढ्न लाग्यो यस्तैमा अरु कसैले पनि नदेखिने गरी भिक्षु भेषमा एक पुरुष नजीकमा आए ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरदेवसुत स्तमभ्यपृच्छद्वद कोऽसीति शशंस सोऽथ तस्मै ॥
नरपुंगव जन्ममृत्युभीतः श्रमणः प्रव्रजितोऽस्मि मोक्षहेतो ॥१७॥

राजकुमारले उनीसँग सोधे 'भन तिमी को हौ ?। तब उसले भन्यो, हे नरश्रेष्ठ ! म जन्ममृत्युदेखि डराएको श्रमण हूँ । मोक्षका निंति संसार त्याग गरेर हिंडेको छु ॥१७॥

जगति क्षयधर्मके मुमुक्षुर्मृगयेऽहं शिवमक्षयं पदं तत् ॥
स्वजनेऽन्यजने च तुल्यबुद्धिर्विषयेभ्यो विनिवृत्तरागदोषः ॥१८॥

यो नश्वर जगत्मा मोक्षको इच्छा गर्ने म, त्यो कल्याण मय अविनाशी पदलाई खोजिरहेको छु । आत्मीय जन र अरुमा समान बुद्धि लिएकोले विषयदेखि रागद्वेष रहित भएको छु ॥१८॥

निवसन् क्वचिदेव वृक्षमूले विजने वायतने गिरौ वने वा ।
बिचराम्यपरिग्रहो निराशः परमार्थाय यथोपपन्न भैक्ष ॥१९॥

कैल्हे बृक्षको फेदमा, कैल्हे निर्जन देवालयमा, कैल्हे पर्वत र केल्हे वनमा रहँदै, संग्रामरहित, आशा रहित भै अनायासैले जो मिल्छ, त्यो खाई मोक्षका निंति हिंडिरहेको छु ॥१९॥

इति पश्यत एव राजसूनोरिदमुक्त्वा स नभः समुत्पपात ।
स हि तद्वपुरन्यबुद्धदर्शी स्मृतये तस्य समेयिवान् दिवौकाः ॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यति भनी राजकुमारले हेर्दा हेर्दै ती भिक्षु आकाशमा उडे । उनी अर्का बुद्धलाई देख्ने शरीरधारी देवता थिए, जो उनलाई स्मृति गराउन आएका थिए ॥२०॥

गगनं खगवद् गते च तस्मिन् नृवरः संजहृषे विसिस्मियेच ॥
उपलभ्य ततश्च धर्मसंज्ञामभिनिर्याण विधौ मतिं चकार ॥२१॥

ती संन्यासी पक्षी जस्तो गरी आकाशमा उडेपछि ती नरश्रेष्ठ राजकुमार प्रसन्न र आश्चर्यचकित भए । उनले ती भिक्षुबाट धर्मज्ञान पाएर घरबाट बाहिर निस्कने बिचार गरे ॥२१॥

तत इन्द्रसमो जितेन्द्रियाश्वः प्रविवित्सुः पुरमश्वमारूरोह ॥ ।
परिवारजनं त्ववेक्षमाणस्तत एवाभिमतं वनं न भेजे ॥२२॥

त्यसपछि इन्द्रिय रूप घोडालाई जित्ने इन्द्र समान ती राजकुमार सहरमा जाने इच्छाले घोडामा चढे । परिजन-हरूलाई संझदै त्यतैबाट उनी अभीष्ट वनतिर गएनन् ॥२२॥

स जरामरणक्षयं चिकीर्षुर्वनवासाय मतिं स्मृतौ निधाय ।
प्रविवेश पुनः पुरं न कामाद्वनभूमेरिव मण्डलं दिपेन्द्रः ॥२३॥

जरा मरणको क्षय गर्ने खोज्ने ती राजकुमारले आफ्नो वनवास जाने बुद्धिलाई स्मरण गर्दै इच्छा नगरेरै भए पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनभूमिबाट हात्ती घरैया हात्तीको बथानमा प्रवेश गरे झैं नगरमा पुनः प्रवेश गरे ॥२३॥

सुखिता वत निर्वृता च सा स्त्री पतिरीदृक्ष इहायताक्ष यस्या ।
इति तं समुदीक्ष्य राजकन्या प्रविशतं पथि साञ्जलिर्जगाद ॥२४॥

कुनै राजकन्याले बाटोमा प्रवेश गर्न लागेका राजकुमारलाई देखी हात जोडेर भनिन् 'हे विशालनयन! यस संसारमा जुन स्त्रीको यस्ता पति हुन्छन्, ती सुखी र कृतार्थ हुन्छन् ॥२४॥

अथ घोषमिमं महाभ्रघोषः परिशुश्राव शमं परं च लेभे
श्रुतवान् स हि निर्वृतेर्ति शब्दं परिनिर्वाणविधौ मतिं चकार ॥२५॥

महामेघ जस्तो गम्भीर ध्वनि भएका ती राजकुमारले यस्तो शब्द सुनी परम शान्ति पाए। कृतार्थ शब्द सुनेका उनले निर्वाण-विधिको युक्ति विचार गर्न लागे ॥२५॥

अथ काञ्चनशैलशृङ्गवर्ष्मा गजमेघर्षभबाहुं निस्वनाक्ष ॥
क्षयमक्षय धर्मजातदागः शशिसिंहाननविक्रमः प्रपेदे ॥२६॥

सुवर्णमय पर्वतसमान शरीरका, हात्तीको सूँड जस्तो हात, मेघको जस्तो ध्वनि र माछाको जस्तो आँखा भएका, चन्द्रमा जस्तो तेजस्वी मुख र सिंहसमान पराक्रम भएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविनाशी धर्ममा प्रेम गर्ने ती राजकुमार दरबारमा प्रवेश गरे ॥२६॥

मृगराजगति स्ततोऽभ्यगच्छन्नृपतिं मन्त्रिगणैरूपास्यमानम् ॥
समितौ मरुतामिव ज्वलन्तं मघवन्तं त्रिदिवे सनत्कुमार ॥२७॥

त्यसपछि सिंहको समान गति भएका ती राजकुमार स्वर्गमा देवताहरूको साभामा तेजिला इन्द्रकहाँ सनत्कुमार पुगे झैं, मंत्रिहरूले सुशोभित राजा बसेका ठाउँमा पुगे ॥२७॥

प्रणिपत्य च साञ्जलि र्बभाषे दिश मह्यं नरदेव साध्वनुज्ञाम् ।
परिविव्रजिषामि मोक्षहेतो नियतो ह्यस्य जनस्य विप्रयोग ॥२८॥

उनले हात जोडी बडो नम्रताका साथ भने 'हे नरदेव मलाई राम्रोसँग आज्ञा दिनुहोस्; म मोक्ष हुनलाई सन्यास लिन चाहन्छु । किन भने एकदिन मैले अवश्य नै जानै पर्छ ॥२८॥

इति तस्य वचो निशम्य राजा करिणोवामिहतो द्रुमश्चाल ।
कमल प्रतिमेऽञ्जलौ गृहीत्वा वचनं चेदमुवाच बाष्पकण्ठ ॥२९॥

उनको यस्तो वचन सुनी राजा हात्तीबाट ठक्कर पाएको बृक्ष झैं काँपे । कमल जस्तो नरम हात समातेर अश्रुरुद्ध गद्गद स्वरमा भन्नथाले ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिसंहर तात बुद्धिमेतां न हि काल स्तव धर्मसंश्रयस्य ॥
वयसि प्रथमे मतौ चलायां बहुदोषां हि वदन्ति धर्मचर्याम् ॥३०॥

हे बाबु यस्तो बुद्धि नगर ? धर्मसेवा गर्ने तिम्रो उमेर पुगेको छैन । यो भरखरको अवस्थामा बुद्धि चंचल हुँदा धर्म चरणमा धेरै दोष हुनजान्छन् ॥३०॥

विषयेषु कुतूहलेन्द्रियस्य व्रतखेदेष्वसमर्थनिश्चयस्य ॥
तरुणस्य मनश्चलत्परायादनभिज्ञस्य विशेषतो विवेके ॥३१॥

विषयको उपभोगमा तरुना पुरुषका इन्द्रियहरू उत्सुक हुन्छन् । जङ्गलबाट मन विचलित हुन्छ । उनीहरू विवेक गर्न सक्तैनन् ॥३१॥

मम तु प्रियधर्म धर्मकाल स्त्वपि लक्ष्मीमवसृज्य लक्ष्मभूते ॥
स्थिर विक्रम विक्रमेण धर्म स्तव हित्वा तु गुरूं भवेदधर्मः ॥३२॥

हे धर्म प्यारो मान्ने बाबु राजकुमार ! योग्य तिमीमा यो सबै राज्यभार सुँपेर मेरो धर्माचरण गर्ने समय आयो । हें स्थिर पराक्रम भएका कुमार ! पुरुषार्थ गर्नाले तिमीलाई धर्म हुनेछ, किन्तु पितालाई त्याग गऱ्यौ भने ता अधर्म नै हुनेछ ॥३२॥

तदिमं व्यवसायमुत्सृज त्वं भवतावनिरतो गृहस्थ धर्मे ॥
पुरुषस्य वनः सुखानि भुक्ता रामणीयो हि शोवनप्रवेशः ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैले तिमीले यो निश्चय त्यागेर गृहस्थ धर्ममा नै तत्पर हुनुपर्छ। मनुष्यले उमेरको सुख भोगेर नै तपोवनमा प्रवेश गर्नु शोभा दिन्छ ॥३३॥

इति वाक्यमिदं निशम्य राज्ञः कलविङ्कस्वर उत्तरं वभाषे ॥
यदि मे प्रतिभूश्चतुर्षु राजन् भवसि त्वं न तपोवनं श्रयिष्ये ॥३४॥

राजाको यस्तो वचन सुनी उनले भँगेराको जस्तो स्वर पारेर उत्तर दिए 'हेराजन् ! मेरा यी चार कुराको जमाईले जिम्मा ली दिएमा म तपोवनको आश्रय लिनेछैन' ॥३४॥

न भवेन्मरणाय जीविकं मे विहरेत्स्वस्थ्यमिदं च मे न रोगः ॥
न च यौवनमाक्षिपेज्जरा मे न च संपत्ति मिमांहरेद्विपत्तिः ॥३५॥

मेरो यो जीवन, मरणका निमित्त नहोस्। रोगले मेरो यो आरोग्यको हरण नगरोस् बुढ्याइँले यौवन नष्ट नगरोस् र विपत्तिले यो मेरो संपत्ति हरण नगरोस् ॥३५॥

इति दुर्लभमर्थमूचिवांसं तनयं वाक्यमुवाच शाक्यराजः ॥
त्यज बुद्धिमिमामतिप्रवृद्धामवहास्योऽति मनोरथो क्रमश्च ॥३६॥

यस्तो असंभव कुरा भन्ने आफ्ना छोरालाई शाक्य राजले भने 'बाबु ! यी ठूला कुराहरू छोड। किनभने असंबद्ध कुरा गर्ने र अति ठूलो मनोरथ गर्ने पुरुष उपहासको पात्र हुन्छ ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ मेरुगुरुर्गुरुं बभाषे यदि नास्ति क्रम एष कम एव नास्मि वार्य शरणाज्ज्वलनेन दह्यमानान्नहि निश्चिक्रमिषुः क्षम ग्रहीतुम् ॥३७॥

त्यसपछि मेरु भैं गौरवमय भएका राजकुमारले महाराज सँग भने यो क्रम ठीक मान्नुहुन्न भने मलाई नछेक्नुहोस् । बलेको घरबाट भाग्न इच्छा गर्ने पुरुषलाई छेक्न उचित हुँदैन ॥३७॥

जगतश्च यदा ध्रुवो वियोगो ननु धर्म्याय वरं स्वयं वियोगः ॥
अवशं ननु विप्रयोजयेन्मामकृतस्वार्थमतृप्तमेव मृत्युः ॥३८॥

जगत्बाट वियोग हुनु निश्चय छ भने धर्मका निंति स्वयं पृथक् हुनु यथार्थ नै उत्तम हो । किनभने मृत्युले मनोरथ पूर्ण नभएको र विषयबाट संतुष्ट नभएको विवश मलाई अवश्य नै लैजानेछ ॥३८॥

इति भूमिपतिर्निशम्य तस्य व्यवसायं तनयस्य निर्मुमुक्षोः ॥
अभिधाय न यास्यतीति भूयो विदधे रक्षणमुत्तमांश्च कामान् ॥३९॥

निर्वाणको इच्छा गर्ने आफ्ना छोराको यस्तो निश्चय सुनेका महाराजले जाँदैनन् कि भनेर फेरि उनको रक्षा र उत्तम विषय भोगको प्रबन्ध गरे ॥३९॥

सचिवैस्तु निदर्शितो यथावद् बहुमाना त्प्रणयाच्च शास्त्रपूर्वम्
गुरुणा च निवारितोश्रुपातैः प्रविवेशावसथं ततः स शोचन् ॥४०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्त्रीहरूले शास्त्र अनुसार आदर र प्रेमपूर्वक संझाए। त्यस्तै महाराजले आंशू बगाउँदै रोके। त्यसपछि शोक गर्दै उनी दरबारमा प्रवेश गरे ॥४०॥

चल-कुराडल-चुम्बिता ननाभिर्घननिश्वास विकम्पित स्तनीभिः ॥
वनिताभिरधीर लोचनाभिर्मृगशावाभिरिवाभ्युदीक्ष्यमाणः ॥४१॥

हल्लिएका कुण्डलले सुख चुम्बन गरिरहेका, लामा श्वासले स्तन हल्लिएका मृगका बच्चा झैं अधीर आँखा भएका स्त्रीहरूले उनलाई देखे ॥४१॥

स हि काञ्चनपर्वतावदातो हृदयोन्मादकरो वराङ्गनानाम् ॥
श्रवणाङ्ग विलोचनात्मभावान् वचनस्पर्शवपुर्गुणैर्जहार ॥४२॥

काञ्चन पर्वत समान कान्तिमान् ती राजकुमार उत्तम स्त्रीहरूको हृदयलाई उन्मादकारी भए। उनले ती स्त्रीहरूका कान, अङ्ग, नयन, मनोभावलाई आफ्ना वचन, स्पर्श, शरीर र गुणहरूले हरण गरे ॥४२॥

विगते दिवसे ततो विमानं वपुषा सूर्य इव प्रदीप्यमानः ॥
तिमिरं विजिघांसुरात्मभासा रविरुद्यन्निव मेरुमारुरोह ॥४३॥

तब दिन ढलेपछि सूर्यसमान प्रकाशमय शरीर लिएका ती राजकुमारमा दरबारको माथिल्लो कोठामा सूर्य आफ्नू किरणले अन्धकार नष्ट गर्ने इच्छा ली उदाउँदै सुमेरु पर्वतमा चढे झैं गए ॥४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कनकोज्ज्वल -दीप्त–दीप–वृत्तं वरकालागुरुधूपपूर्णगर्भम् ॥
अधिरुह्य स वज्रभक्तिचित्रं प्रवरं काञ्चनमासनं सिषेवे ॥४४॥

सुवर्णसदृश उज्वल र प्रकाशमान् बत्तीका वृत्त भैं सजि सजाउ भएको उत्तम अगुरु धूपका सुगन्धले परिपूर्ण, दरबारको माथिल्लो कोठामा बसेका ती राजकुमार हीरा जडेको सुन्दर भएको श्रेष्ठ सुवर्णमय सिंहासनमा बसे ॥४४॥

तत उत्तममुत्तमागनास्तं निशि तूर्यैरुपतस्थुरिन्द्रकल्पम् ॥
हिमवच्छिखरेव चन्द्रगौरे द्रविणेन्द्रात्मजमप्सरो गणौघाः ॥४५॥

इन्द्र जस्ता ती राजकुमारका समीपमा रात परेपछि बाजाहरूका साथ सुन्दरी युवतीहरू उपस्थित भए । चन्द्रमा जस्तो उज्वल हिमालयको शिखरमा अप्सराहरूको समूहले कुबेरका पुत्रको सेवा गरे झैं देखियो ॥४५॥

परमैरपि दिव्य तूर्यकल्पैः स तु तैर्नैव रतिं ययौ न हर्षम् ॥
परमार्थसुखाय तस्य माधोरभिनिश्चिक्रमिषा यता न रेमे ॥४६॥

स्वर्गीय बाजा जस्ता ती श्रेष्ठ बाजाले पनि उनी न सुखी भए । न प्रसन्न नै भए । परमार्थ सुखका निंति उनको बाहिर जाने इच्छा थियो । त्यसैले उनी अरु वस्तुमा रमाएनन ॥४६॥

अथ तत्र सुरैस्तपोवरिष्ठैरकनिष्ठैर्व्यवसायमस्य बुद्ध्वा ॥
युगपत्प्रमदाजनस्य निद्रा विहितासीद्विकृताश्च गात्रचेष्टाः ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि तपस्यामा श्रेष्ठ अकनिष्ठ नाम भएका ठूला देवताले यिनको अभिप्राय जानेर त्यहाँका सबै प्रमदाहरूलाई एकै साथ निद्रित र उनको शरीरको चेष्टा पनि विकृत पारि-दिए ॥४७॥

अभवच्छयिता हि तत्र काचिद् विनिवेश्य प्रचले करे कपोलम् ।
दयितामपि रुक्मपत्रचित्रां कुपितेवाङ्कगतां विहाय वीणाम ॥४८॥

त्यहाँ कुनै स्त्री चञ्चल हातमा गाला अड्याएर रिसाए जस्तो गरी सुवर्णको पत्ताले मढेको, प्यारो, काखमा रहेको बीणालाई छोडेर सुतेकी थिइन् ॥४८॥

विबभौ करलग्नवेणुरन्या स्तनविस्रस्तसितांशुका शयाना ॥
ऋजुषट्पद पङ्क्तिजुष्टपद्मा जलफेनप्रहसत्तटा नदीव ॥४९॥

हातमा बाँसुरी लिने तथा सेतो रेशमी कपडा सरेर स्तन देखिने यौटी सुतेकी स्त्रीले त्यस नदीको जस्तो शोभा प्राप्त गरिन्, जसका कमलमा भमराको सोझो पंक्तिले आश्रय लिएको हुन्छ र जसको किनारा जलका फींजले हाँसे जस्तो देखिन्छ ॥४९॥

नव पुष्कर गर्भ कोमलाभ्यां तपनीयोज्ज्वल संतताङ्गदाभ्याम् ।
स्वपिति स्म तथा परा भुजाभ्यां परिरभ्यप्रियवन्मृदङ्गमेव ॥५०

अर्की स्त्री नयाँ कमलभित्रको भाग झैं कोमल, सुवर्ण-मय उज्ज्वल, र बान्की परेको बाजु लगाएको हातले प्रियतम लाई झैं मृदङ्गलाई नै आलिङ्गन गरी सुतेकी थिइन् ॥५०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नव हाटक भूषणास्तथान्या वसनं पीतमनुत्तमं वसानाः ॥
अवशा धननिद्रया निपुतुर्गजभग्ना इव कर्णिकारशाखाः ॥५१॥

नयाँ सुवर्णका गहनाले सुशोभित र उत्तम पहेंलो वस्त्र धारण गरेकी कुनै अर्की स्त्री गाढा निद्राको अधीन भएर विवश भई हात्तीले भाँचेको कर्णिकार (करने) को हाँगा झैं लोटिन् ॥५१॥

अवलम्ब्य गवाक्षपार्श्वमन्या शयिता चापविभुग्न गात्रयष्टिः ॥
विरराज विलम्बिचारुहारा रचिता तोरणशालभञ्जिकेव ॥५२॥

भयालका छेउको सहारा ली सुतेकी, धनु झैं शरीर निहुराएकी तथा सुन्दर हार पहिरिएकी कुनै स्त्रीले ढोका बाहिर बनाएको शालभञ्जिका (कठपुतली) झैं शोभा पाइन् ॥५२॥

मणिकुण्डलदष्टपत्रलेखं मुखपद्मं विनतं तथा परस्याः ॥
शतपत्रमिवार्धवक्रनालं स्थितकारण्डवघट्टितं चकाशे ॥५३॥

यसै गरी सुतेकी कुनै अर्की स्त्री जसको निहुरेको मुख-पद्ममा बनाएको चित्र रत्नका कुण्डलले मेटिएको थियो, त्यो आधा नाल निहुरेको कारण्डव पक्षी वसन्तले हल्लिएको कमल झैं शोभित भो ॥५३॥

अपराः शशिता यथोपविष्टाः स्तनभारैरवनम्यमानगात्राः ॥
अपगुह्य परस्परं विरेजुर्भुजपाशैस्तपनीय पारिहार्यैः ॥५४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्तनको भारले शरीर झुकेका केही अरु स्त्री सुवर्णका बाला लगाएका हातले एकले अर्कालाई समाती बसी बसी सुतेर नै शोभा पाए ॥५४॥

महतीं परिवादिनीं च काचिद्वनितालिङ्ग्य सखीमिव प्रसुप्ता ॥
विजुधूर्ण चलत्सुवर्णसूत्रा वदनेनाकुलयुक्तयोक्तकेण ॥५५॥

चञ्चल सुनको सिक्री लगाएकी, ठूलो वीणालाई सखी झैं आलिङ्गन गरेर सुतेकी, कुनै स्त्री विच्छिन्न प्रभा मण्डलयुक्त मुखले घुम्न थालेकी जस्ती देखिइन् ॥५५॥

पणावं युवति भुजांसदेशादवविस्रंसित चारुपाशमन्या ॥
सविलासरतान्नमूर्वोर्विवरे कान्तमिवाभिनीय शिश्ये ॥५६॥

कुनै अर्की स्त्री आफ्नो काँधबाट गिरेको डोरीसहितको सारङ्गीलाई उन्माद रतिक्रीडाको अन्तमा थाकेका पतिलाई झैं दुबै जाङ्घको बीचमा लिएर सुतेकी थिइन् ॥५६॥

अपरा बभूवुर्निमीलिताक्ष्यो विपुलाक्ष्योऽपि शुभभ्रुवोऽपि सत्य ॥
प्रतिसङ्कुचितारविन्दकोशाः सवितर्यस्तमिते यथा नलिन्यः ॥५७॥

सूर्यनारायण अस्त भएपछि कमलिनीका कमलकोशहरू संकुचित भए झैं ठूला ठूला आँखा र राम्रा राम्रा आँखी भौं भएका अरु स्त्रीहरूले पनि आँखा चिंले ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिथिलाकुलमूर्धजा तथान्या जघनस्रस्त विभूषणांशुकान्ता ॥
अशयिष्ट विकीर्णकराठसूत्रा गजभग्न प्रतियातनाङ्गनेव ॥५८॥

त्यस्तै अर्की स्त्री कपाल नकोरेकी र खुजमुजिएको कपाल लिएकी, तथा जाँघको गहना (मेखला) र वस्त्रको एक छेउ खसेकी हार पनि ठीक ठाउँमा नराखीकन नै सुतिन् । उनी हात्तीले नष्ट पारेको स्त्रीको प्रतिमा झैं थिइन् ॥५८॥

अपरास्त्ववशा ह्रिया वियुक्ता धृतिमत्योऽपि वपुर्गुणैरुपेताः ॥
विनिशश्वसुरुल्बणं शयाना विकृताः क्षिप्तभुजा जजृम्भिरे च ॥५९

अरु स्त्री धैर्यसंपन्ना तथा रूपवती थिए, तापनि निद्राको वशमा परेर लाज त्यागी बाङ्गोटिङ्गो हात पारी असभ्य चालले सुतेर लामू लामू सास फेरेर हाई गर्दै थिए ॥५९॥

व्यपविद्धविभूषणस्रजोऽन्या विसृतग्रन्थनवाससो विसंज्ञाः ॥
अनिमीलितशुक्लनिश्चलाद्यो न विरेजुः शयिता गतासुकल्लाः ॥६०

गहना र माला फ्याँकेका, लगाएका लुगा र बन्धन फुकेका कुनै स्त्री, जसका सेता र निश्चल आँखा खुल्ले छन्, तो बेहोश भएर सुतेका हुनाले मुर्दाले झैं शोभा पाएनन् ॥६०॥

विवृताक्ष्य पुटा विवृद्धगात्री प्रपतद्वक्त्रजला प्रकाशगुह्या ॥
अपरा मदघूर्णितेव शिश्ये न बभासे विकृतं वपुः पुपोष ॥६१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै अर्की स्त्री जो मुख बाएकी, शरीर फुलेकी, मुखबाट राल खसेकी, गुह्य इन्द्रिय नढाकेकी, मदमत्त भैं)सुतेकी थिइन्। उनले शोभा पाइनन्। किनभने उनको शरीर नै विकराल थियो ॥६१॥

इति सत्वकुलान्वयानुरूपं विविधं स प्रमदाजनः शयानः ॥
सरसः सदृशं बभार रूपं पवनावर्जितरुग्णापुष्करस्य ॥६२॥

यस प्रकार स्वभाव कुल, र वंशको अनुरूप नानातरहले सुतेका ती स्त्रीहरूद्वारा हावाले हल्लाएको र वैलाएको कमलसहितको तलाउको दृश्य उपस्थित गरियो ॥६२॥

समवेक्ष्य तथा तथा शायाना विकृतास्ता युवतीरधीरचेष्टाः ॥
गुणवद्वपुषो ऽपि वल्गुभाषा नृपसूनुः विगर्हयांबभूव ॥६३॥

सुन्दर शरीर, मीठो बोली भए, तापनि यसरी सुत्दा उनीहरूको आकृति विकृत थियो। चेष्टा चंचल थियो। यस्तो देखी राजकुमारले निन्दा गरे ॥६३॥

अशुचिर्विकृतश्च जीवलोके वनितानामयमीदृशः स्वभावः
वसनाभरणैस्तु बंच्यमानः पुरुषः स्त्री विषयेषु रागमेति ॥६४॥

यस संसारमा स्त्रीजातिको यस्तो विकराल र अपवित्र स्वरूप छ। तैपनि कपडा र गहनाले ठगिएका पुरुषहरू यिनलाई प्रेम गर्दछन् ॥६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विमृशेद्यदि योषितां मनुष्यः प्रकृतिं स्वप्नविकार मीदृशं च ॥
ध्रुवमत्र न वर्धयेत् प्रमादं गुणसङ्कल्पहतस्तु रागमेति ।।६५

मनुष्यले स्त्रीजातिको यस्तो स्वभाव र स्वप्नविकारको पनि विचार गर्नु पर्छ । निश्चय नै आफ्नू भूल अगि बढ्न दिनु हुँदैन । जुन पुरुष स्त्रीजातिमा गुण छ भन्ने मान्दछन् ती मात्र उनमा प्रेम गर्दछन् ॥६५॥

इति तस्य तदन्तरं विदित्वा निशि निश्चक्रमिषा समुद्बभूव ।
अवगम्य मनस्ततोऽस्य देवैर्भवनद्वारमपावृतं बभूव ॥६६॥

यस्तो आन्तरिक रहस्य जानेका राजकुमारलाई त्यही रातमा नै त्यहाँबाट बाहिर जाने इच्छा भयो । उनको अभिप्राय बुझेका देवताहरूले पनि दरबारको ढोका उघारि दिए ॥६६॥

अथ सोऽवततार हर्म्यपृष्ठाद्युवतीस्ताः शयिता विगर्हमाणः ।
अवतीर्य ततश्च निर्विशङ्को गृहकक्ष्यां प्रथमां विनिर्जगाम ॥६७॥

त्यसपछि राजकुमारले सुतेका युवतीहरूको निन्दा गर्दै दरबारको माथिल्लो भागबाट ओर्लिए । अनि कुनै किसिमको शङ्का नलिएर दरबारको चोकमा आए ॥६७॥

तुरगावचरं स बोधयित्वा जविनं छन्दकमित्थमित्युवाच ।
हयमानय कन्थकं त्वरावानमृतं प्राप्तुमिनोऽद्य मे पिपासा ॥६८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनले चाँड़ो हिंड्ने छन्दक नाम भएको सइसलाई उठाएर यसो भने तिमी चाँडो गरी कन्थक घोडालाई लो आऊ ! आज मलाई अमरत्व प्राप्त गन यहाँबाट जाने इच्छा छ ॥६८॥

हृदि या मम तुष्टिरद्य जाता व्यवसायश्च यथा मतौ निविष्टः ॥
विजनेऽपि च नाथवानिवास्मि ध्रुवमर्थोऽभिमुखःसमेत इष्टः ॥६९॥

आज मेरो हृदयमा संतोष छ, बुद्धिमा निश्चित धारणा जमेको छ । निर्जन भए पनि सनाथ जस्तो छु, निश्चय नै मेरो इच्छा लागेको वस्तु संमुख आएको छ ॥६९॥

ह्रियमेव च नर्तितं च हित्वा शयिता मत्प्रमुखे यथा युवत्यः
विवृते च यथा स्वयं कपाटे निर्यतं यातुमतो ममाद्य कालः ॥७०॥

युवतीहरू लाज र विनयलाई छोडी जसरी सुतेका छन् औ जसरी यो स्वतः ढोका उघ्यो । त्यसैले निश्चय नै यो मेरो आज यहाँबाट जाने समय हो ॥७०॥

प्रतिगृह्य ततः स भर्तुराज्ञां विदितार्थोऽपि नरेन्द्र शासनस्य ॥
मनसीव परेण चोद्यमान स्तुरगस्यानयने मतिं चकार ॥७१॥

त्यसपछि सयसले राजाको अभिप्राय जान्दाजान्दै पनि मनमा कसैले प्रेरणा दिए जस्तो मानी राजकुमारको आज्ञा स्वीकार गरेर घोडा ल्याउने सुर गऱ्यो ॥७१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ हेमखलीनपूर्णवक्त्रं लघुशय्यास्तरणोपगूढपृष्टम् ॥
बलसत्वजवान्वयोपपन्नं स वराश्वं तमुपानिनाय भर्त्रे ॥७२॥

त्यसपछि उसले बल, साहस, वेगसंपन्न र असल जातको राम्रो घोडा मालिकका निंति ल्यायो, (जसको मुखमा सुवर्णको) लगाम र पीठमा मूलले छोपेको हलुका बिछ्याउना थियो ॥७२॥

प्रततत्रिक पुच्छमूलपार्ष्णि निभृतह्रस्वतनूजपुच्छकर्णम् ॥
विनतोन्नतपृष्ठकुक्षिपार्श्वं विपुलप्रोथललाटकट्युरस्कम् ॥७३॥

त्यस घोडाको ढाड, पुच्छरको मूल भाग र फिला मोटो थियो, रौं, पुच्छर, र कान निश्चल थिए, पिठ्यूँ र कोखा कहीं दबेको र कहीं उठेको थियो । नाक, निधार कमर र छाती विशाल थियो ॥७३॥

उपगुह्य स तं विशालवक्षाः कमलाभेन च सान्त्वयन् करेण।
मधुराक्षरया गिरा शशास ध्वजिनीमध्यमिव प्रवेष्टुकामः ॥

ठूलो छाती भएका ती राजकुमारले छोई सान्त्वना दिंदै मीठा अक्षर भएका वचनले बोलाउँदै शत्रुसेनाको माझमा प्रवेश गर्न आफ्नू इच्छा भए झैं उनले त्यसलाई आज्ञा दिए ॥७४॥

बहुशः किम शत्रवो निरस्ताः समरे त्वामधिरुह्य पार्थिवेन ।
अहमप्यमृतं पदं यथावत् तुरगश्रेष्ठ लभेय तत्कुरुष्व ॥७५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे तुरगश्रेष्ठ ! राजाले तिमीमा चढेर धेरै पटक लडाईंमा शत्रुहरूलाई जितेका छन् । म पनि त्यो अमृतपद जसरी पाउन सच्छु, त्यसै गर ॥७५॥

सुलभाः खलु संयुगे सहायाः विषयावाप्त सुखे धनाज़ने वा ।
अवगच्छति मे यथान्तरात्मा नियतं तेऽपि जनास्तदंशभाजः ॥७६॥

संग्राममा विषयजन्य सुखमा र धन कमाउँदा निश्चय नै सहायकहरू सुलभ हुन्छन् । तर आपत्तिमा परेकालाई र धर्मको आश्रय लिने पुरुषलाई सहायकहरू दुर्लभ हुन्छन् ॥७६॥

इह चैव भवन्ति ये सहायाः कलुषे कर्मणि धर्मसंश्रये वा ।
अवगच्छति मे यथान्तरात्मा नियतं तेऽपिजनास्तदंशभाजः॥७७॥

यस संसारमा पापकर्म गर्दा जो सहायक हुन्छन्, बी मानिस पनि पाप र पुण्यका अंशको अवश्य भागी हुन्छन् भन्ने मेरो अन्तरात्माले भन्दछ ॥७७॥

तदिदं परिगम्य धर्मयुक्तं मम निर्याणमिता जगद्धिताय ॥
तुरगोत्तम वेगविक्रमाभ्यां प्रयतस्वात्महिते जगद्धिते च ॥७८॥

त्यसैले मैले जगत्को हितका निंति यहाँबाट निस्कनु धर्मयुक्त हो भन्ने जानें। हे तुरगश्रेष्ठ ! आत्महित र जगत्का निंति आफ्नू वेग र पराक्रमले यत्न गर ॥७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति सुहृदमिवानुशिष्य कृत्ये तुरगवरं नृवरो बनं ग्रियासुः ॥
स्मितमसितगतिद्युति र्वपुष्मान् रविरिव शारदमभ्रमारुरोह ॥७९॥

यस प्रकार बन जान इच्छुक ती नरश्रेष्ठ कुमारले त्यो असल घोडालाई मित्रले झैं कर्तव्यकर्मको उपदेश दिए । उज्वलगति र कान्तिसम्पन्न ती राजकुमार सेतो घोडामा सूर्य-नारायण झैं चढे ॥७९ ।

अथ स परिहरन्निशीथचण्डं परिजनबोधकरं ध्वनिं सदश्वः ॥
विगतहनुरवःप्रशान्तहेषश्चकितविमुक्तपदक्रमा जगाम ॥८०॥

त्यसपछि त्यो असल घोडा रातमा डरलाग्दो र आत्मीय जनलाई बिउँझाउने ध्वनि, चिउँडावाट आउने शब्द, औ हिनहिनाहटलाई रोकेर आफ्नू चटपटे गतिलाई त्याग गरी सामान्य गतिले हिंड्यो ॥८०॥

कनकबलयभूषितप्रकोष्ठैः कमलनिभैः कमलानिव प्रविध्य ॥
अवनत तनवस्ततोऽस्य यत्ताश्चकितगतै र्दधिरे खुरान् कराग्रैः ॥८१॥

त्यसपछि आफ्नू शरीर झुकाएका यत्नले चञ्चल गति भएका सुवर्णकङ्कणले भूषित कमलसमान हातका अग्रभागले घोडाको कमल जस्ता खुरलाई मानौं कमल बिछ्याए झैं गरी हातमा थामे ॥८१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुपरिघकपाटसंवृता या न सुखमपि द्विपदैरपाव्रियन्ते ॥
व्रजति नृपसुते गतस्वना स्ताः स्वयमभवन् विवृताःपुर प्रतोल्यः॥८२॥

ठूला आग्लो लगाएका शहर जाने बाटाका ढोकाहरू, जसलाई हात्तीहरूले पनि सजिलैसँग उघार्न सक्दैनथे, राजकुमार जाँदा शब्दरहित भएका तो शहरका ढोका स्वयं उघ्रे ॥८२॥

पितरमभिमुख सुतं च बालं जनमनुरक्त मनुत्तमां च लक्ष्मीम् ॥
कृतमतिरपहाय निर्व्यपेक्षः पितृनगरात्स ततो विनिर्जगाम ॥८३॥

दृढ सङ्कल्प र निरपेक्ष भएका ती राजकुमार आफ्ना अनुकूल बाबु, बालक छोरा, अनुरक्त जनता र उत्तम लक्ष्मीलाई छोड़ी आफ्ना पिता महाराजको नगरबाट निस्के ॥८३॥

अथ स विमलपङ्कजायताक्षः पुरमवलोक्य ननादसिंहनादम् ॥
जननमरणयोरदृष्टपारो न पुरमहं कपिलाव्हयं प्रवेष्टा ॥८४॥

त्यसपछि निर्मल कमलसमान ठूला आँखा भएका राजकुमारले शहर तर्फ हेरी 'सिंहनाद गर्दै म जन्ममरणको पार नदेखीकन यो कपिल नामको नगरमा प्रवेश गर्ने छैन भने ॥८४॥

इति वचनमिदं निशम्य तस्य द्रविणपतेः परिषद्गणा ननन्दुः ॥
प्रमुदित मनसश्च देवसङ्घा व्यवसित पारणमाशशंसिरेऽस्मै ॥८५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनको यस्तो वचन सुनेर कुबेरको सभामा बस्ने सभासद्हरू प्रसन्न भए प्रफुल्ल चित्त भएका देवसमुदायले पनि यिनको मनोरथ-सिद्ध सङ्कल्प पारे ॥८५॥

हुतवहप्रपुषो दिवौकसौऽन्ये व्यवसितमस्य सुदुष्करं विदित्वा ॥
अकृषत तुहिने पथि प्रकाशं घनविवर प्रसृता इवेन्दुपादाः । ८६॥

उनको अत्यन्त दुःसाध्य र निश्चित अभिप्रायलाई जानेका अरु देवताहरूले अग्निरूप धारण गरी मेघको छिद्रबाट चन्द्रमाले किरण छोडे झैं हिउँले छोपेको बाटामा प्रकाश गरे ॥८६॥

हरितुरगतुरङ्गः वत्तुरगः सतु विचरन्मनसीव चोद्यमानः ॥
अरुणपरुषतारमन्तरिक्षं स च सुबहूनि जगाम योजनानि ॥८७॥

सूर्य भगवान्को घोडा कसैबाट मनमा प्रेरणा पाए झैं गरी जाँदैथियो । राजकुमार पनि अरुणले आकाशमा तारा गणहरू मलिन पारून्ज्यालसम्म धेरै योजन टाढा पुगे ॥८७॥

—पाँचौ सर्ग समाप्त—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र, छैटौंसर्ग

छन्दक परित्याग

ततो मुहूर्ताभ्युदिते जगच्चक्षुषि भास्करे ॥
भार्गवस्याअमपदं स ददश नृणां वरः ॥१॥

त्यसपछि नरश्रेष्ठ राजकुमारले जगत्को नेत्ररूप सूर्य भगवान् उदाएको एक मुहूर्तपछि भार्गव ऋषिको आश्रमलाई देखे ॥१॥

सुप्तविश्वस्तहरिणं स्वस्थस्थित विहंगमम ॥
विश्रान्त इव यद् दृष्ट्वा कृतार्थ इव चाभवत् ॥२॥

जहाँ मृगहरू निभय भएर सुतेका थिए, पक्षीहरू शान्त भै बसेका थिए, त्यस्तो आश्रमलाई देखी उनी थकाई मरे जस्ता र कामसिद्ध भए जस्ता भए ॥२॥

स विस्मयनिवृत्यर्थं तपःप्रज्ञार्थमेव च ॥
स्वां चानुवर्तितां रज्ञन्नश्वपृष्टादवातरत् ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनी आफ्नू आश्चर्य निवारण गर्न, तपस्याको आदर गर्न र आफ्नू आचरणको रक्षा गर्न घोडाबाट ओर्लें ॥३॥

अवतीर्य च पस्पर्श निस्तीर्णमिति वाजिनम् ॥
छन्दकं चाब्रवीत्प्रीतः स्नापयन्निव चक्षुषा ॥४॥

ओर्लेंर तिमीले पार लगायौ भन्दै घोडालाई स्पर्श गरे। अनि खुशी हुँदै छन्दकलाई आँखाले नुहाए झैं गरी भने ॥४॥

इमं तार्क्ष्योपमजवं तुरङ्गमनुगच्छता ॥
दर्शिता सौम्य मद्भक्तिर्विक्रमश्चायमात्मन ॥५॥

हे बाबु ! गरुड जस्तो चाँडो हिंड्ने घोडाको पछि लागेका तिमीले ममा भक्ति र आफ्नू पराक्रम देखायौ ॥५॥

सर्वथास्म्यन्यकार्योऽपि गृहीतो भवता हृदि ॥
भर्तृस्नेहश्च यस्यायमीदृश शक्तिरेव च ॥६॥

म निश्चय नै अर्कै कानमा लागेको छु, तर पनि तिमीले मेरो हृदयलाई लियौ, किनभने तिम्रो स्वामि—भक्ति र सामर्थ्य नै यस्तो रहेछ ॥६॥

अस्निग्धोऽपि समर्थोऽस्ति निःसामर्थ्योऽपि भक्तिमान्
भक्तिमांश्चैव शक्तश्च दुर्लभस्त्वद्विधो भुवि ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तिहीन मनुष्य पनि समर्थ हुन्छन् । समर्थहीन मनुष्य पनि भक्तिसम्पन्न हुन्छन्, तर तिमी जस्तो भक्तिमान् र समर्थ पुरुष पृथ्वीमा पाउन दुर्लभ छ ॥७॥

तत्प्रीतोऽस्मि तवानेन महाभागेन कर्मणा ॥
यस्य ते मयि भावोऽयं फलेभ्योऽपि पराङ्मुखः ॥८॥

त्यसैले तिम्रो यो ठूलो फलदायक कर्मदेखि म सन्तुष्ट छु । मभा तिम्रो यो भाव फलकामनाले रहित छ ॥८॥

को जनस्य फलस्थस्य नस्यादभिमुखो जनः ॥
जनी भवति भूयिष्ठं स्वजनोऽपि विपर्यये ॥९॥

कुन पुरुष फल दिन सक्नेको अनुकूल हुँदैनन् ? यसको विपरीत अकिञ्चनमा आफ्ना नजीकका मानिस पनि साधारण मानिस जस्ता हुन्छन् ॥९॥

कुलार्थं धार्यते पुत्रः पोषार्थं सेव्यते पिता ॥
आशया लिछ्यते जगन्नास्ति निष्कारणा स्वता ॥१०॥

वंशको रक्षा गर्न पुत्रको पालना गर्दछन् । पुत्रहरू पालनपोषणको निंति बाबुको सेवा गर्दछन्, संसारमा आशय । पाएर नै यौटाले अर्कोसँग मेल गर्दछ । विनाकारणले आफन्त कोही हुँदैन ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किमुक्त्वा बहु संक्षेपात् कृतं मे सुमहत्प्रियम् ॥
निवर्तस्वाश्वमादाय संप्राप्तोऽस्मीप्सितं पदम् ॥११॥

घेरै भन्नाले के लाभ छ, संक्षेपमा भन्छु, तिमीले मेरो अत्यन्त प्यारो काम गऱ्यौ । अब घोडा लिएर फर्क ! म इच्छा लागेको ठाउँमा आइपुगें ॥११॥

इत्युक्त्वा स महाबाहुरनुशंसचिकीर्षया ॥
भूषणान्यवमुच्यास्मै संतप्तमनसे ददौ ॥१२॥

यति भनेर ती ठूला हात भएका राजकुमारले प्यारो गर्ने इच्छाले आफ्ना सबै गहनाहरू फुकाली दुःखमय मन भएका तिनलाई दिए ॥१२॥

मुकुटाद्दीपकर्माणमणिमादाय भास्वरम् ॥
ब्रुबन्वाक्यमिदं तस्थौ सादित्य इव मन्दरः ॥१३॥

बत्तीको जस्तो काम गर्ने एउटा तेजिलो मणि-मुकुटबाट झिकेर कुरा गर्दै बस्नेका राजकुमारले सूर्यसहित मन्दराचलले जस्तै शोभा पाए ॥१३॥

अनेन मणिना छन्द प्रणम्य बहुशो नृपः ॥
विज्ञाप्योऽमुक्त विश्रम्भं संतापविनिवृत्तये ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे छन्दक ! यो मणिले राजालाई बारंबार प्रणाम गर्दै उनलाई संतापरहित तुल्याउन विश्वास पर्ने गरी बिन्ती चढाउनू ॥१४॥

जरामरणनाशार्थं प्रविष्टोऽस्मि तपोवनम ॥
न खलु स्वर्गतर्षेण नास्नेहेन नमन्युमा ॥१५॥

म जरा—मरण (बुढ्याइँ र मृत्यु नाश गर्न तपोवनमा आएको हूँ। स्वर्गको वा वैराग्यको इच्छाले र रिसले होइन ॥१५॥

तदेवमभिनिष्क्रान्तं न मां शोचितुमर्हसि ॥
भूत्वापि हि चिरं श्लेषः कालेन न भविष्यति ॥१६॥

त्यसैले यसरी घरबाट निस्कने मेरोनिंति शोक गर्नु उचित ठान्दिन, किनभने धेरै कालसम्म संयोग भए पनि एक-दिन काललले त्यो रहन दिनेछैन ॥१६॥

ध्रुवो यस्माच्च विश्लेष स्तस्मान्मोक्षाय मे मतिः ॥
विप्रयोगः कथं न स्याद् भूयोऽपि स्वजनादिति ॥१७॥

किन भने संसारमा जन्मेपछि वियोग हुनु निश्चय छ, त्यसैले फेरि कैल्हे पनि स्वजनबाट वियोग नहोस् भनी मोक्ष प्राप्ति गर्ने इच्छा छ ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शोकत्यागाय निष्क्रान्तं न मां शोचितुमर्हसि ॥
शोकहेतुषु कामेषु सक्ताः शोच्यास्तु रागिणः ॥१८॥

शोक परित्याग गर्न निस्केको मेरो निंति शोक गर्नु उचित छैन । शोक ता विनको गर्नु पर्छ, जो शोकको कारण भएको विषयमा आसक्त छन् ॥१८॥

अयं च किल पूर्वेषामस्माकं निश्चयः स्थिरः ॥
इति दायाद्यभूतेन नशोच्योऽस्मि यथा व्रजन् ॥१९॥

यो तपस्या गर्नु ता हाम्रा पुरुखाहरूको दृढ निश्चय हो । अतः यस्तो बाबुबाजे हिंडेको बाटामा हिंड्ने मेरो निंति शोक गर्नु उचित छैन ॥१९॥

भवन्ति ह्यर्थदायादाः पुरुषस्य विपर्यये ।
पृथिव्यां धर्मदायादाः दुर्लभास्तु न सन्ति वा ॥२०॥

मृत्युपछि अर्थात् मरेपछि मनुष्यका धनसंपत्तिको अधिकारी धेरै हुन्छन्, तर यस पृथ्वीमा धर्म गर्ने उत्तराधिकारी दुर्लभ हुन्छन् अथवा हुँदै हुँदैनन् ॥

यदपि स्यादसमये यातो वनमसाविति ॥
अकालो नास्ति धर्मस्य जीविते चञ्चले सति ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यद्यपि कसैले राजकुसार उमेर नपुगीकन नै वन तर्फ गए भन्नेछन्, तर जीवन चञ्चल भएको हुनाले धर्म गर्नलाई कुनै असमय हुन्न ॥२१॥

तस्मादद्यैव मे श्रेय श्चेतव्यमिति निश्चय: ॥
जीविते को हि विश्रम्भो मृत्यौ प्रत्यर्थिनि स्थिते ॥२२॥

त्यसैले कल्याणकारी कुराहरू आजै जम्बा गरूँ भन्ने मेरो निश्चय छ । मृत्युरूपी शत्रु रहेसम्म जीवनको के विश्वास छ ? ॥

एवमादि त्वया सौम्य विज्ञाप्यो वसुधाधिप: ॥
प्रयतेथास्तथा चैव यथा मां न स्मरेदपि ॥२३॥

हे बाबु ! तिमीले महाराजालाई यसरी र अरू अरू पनि दृष्टान्त देखाई बिन्ती चढाउनू र यस्तो प्रयत्न गर्नू, जे गर्नाले महाराज मलाई संझँदै नसंझून !

अपि नैर्गुण्यमस्माकं वाच्य नरपतौ त्वया ॥
नैर्गुण्यात्यज्यते स्नेह: स्नेहत्यागान्नशोच्यते ॥२४॥

तिमीले महाराजलाई मेरो दोष पनि बताउनू । दोषभन्दा राजाले स्नेह छोड्नेछन् र त्यसले गर्दा उनलाई शोक हुनेछैन ॥२४॥

इति वाक्यमिद श्रुत्वा छन्द: संतापविक्लव: ॥
वाष्पग्रथितया वाचा प्रत्युवाच कृताञ्जलि: ॥ २५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो राजकुमारको वचन सुनी संतापले व्याकुल भएका छन्दक आँसुले गाँठो परेको गद्‌गद् स्वरमा हात जोडेर भन्न लागे ॥२५॥

अनेन तव भावेन बान्धवायासदायिना ॥
भर्तः सीदति मे चेतो नदी पङ्क इव द्विपः ॥२६॥

हेस्वामिन् ! बान्धवहरुलाई दुःख दिने तपाइँको यस्तो विचारले नदीको हिलोमा गाडिएको हात्ती झैं मेरो मन पनि दुःखित हुन्छ ॥

कस्य नोत्पादयेद् वांष्प निश्चयस्तेऽयमीदृश ॥
अयोमयेऽपि हृदये किं पुनः स्नेहविक्लवे ॥२७॥

फलाम जस्तो हृदय भए पनि तपाइँको यस्तो निश्चयले कसलाई दुःखी नतुल्याउला ! स्नेहले विकल हृदय भएका पुरुषको त कुरै छैन ॥२७॥

विमानशयनार्हं हि सौकुमार्यमिदं क्व च ॥
खरदर्भाङ्कुरवती तपोवनमही क्व च ॥२८॥

दरबारका शैय्याको योग्य यो सुकुमारता कहाँ ? तीखा घार अङ्कुरले युक्त तपोभूमि कहाँ ? ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुत्वा तु व्यवसायं ते यदश्वोऽयं मयाहृतः ॥
बलात्कारेण तन्नाथ दैवेनैवास्मि कारितः ॥२९॥

हे नाथ ! तपाईंको यस्तो निश्चय सुनेर मैले घोडा ल्याएँ, यो ता दैवले नै बलपूर्वक सम्राट गराएको हो ॥२९॥

कथं ह्यात्मवशो जानन् व्यवसायमिमं तव ॥
उपानयेयं तुरगं शोक कपिलवस्तुतः ॥३०॥

यदि म आफ्नू अधीन हुँदो हूँ ता तपाईंको यस्तो निश्चय जानेर पनि कपिलवस्तुको शोकरूप यस घोडालाई म कसरी ल्याउँदो हूँ ॥३०॥

तन्नार्हसि महाबाहो विहातुं पुत्रलालसम्
स्निग्धं वृद्धं च राजान सद्धर्ममिव नास्तिकः ॥३१॥

त्यसैले ठूला हात भएका हे राजकुमार ! तपाईंले छोराको अत्यन्त स्नेह गर्ने प्रेमी वृद्ध राजालाई नास्तिकले उत्तम धर्मलाई छोडे झैं छोड्नु हुँदैन ॥३१॥

संवर्धनपरिश्रान्तां द्वितीयां तां च मातरम् ॥
देवीमार्हसि न विस्मर्तुं कृतघ्न इव सत्क्रियाम् ॥३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पालन-पोषण गरेर थाकेकी ती अर्की देवी जस्ती आमालाई पनि तपाईंले कृतघ्नले आफूलाई अरूले गारेको गुण बिर्से झैं बिर्सनु हुँदैन ॥३२॥

बालपुत्रां गुणवतीं कुलश्लाध्यां पतिव्रताम् ॥
देवीमर्हसि न त्यक्तुं क्लीवः प्राप्तामिव श्रियम् ॥३३॥

जसका छोरा सानै छन्, जो सबै गुणसम्पन्ना छन्, जो कुलीनकी छोरी पतिव्रता छन्, त्यस्ती यशोधरालाई तपाईंले निरुद्यमी पुरुषले आइलागेको सम्पत्ति छोडे झैं छोड्नु हुँदैन ॥३३॥

पुत्रं याशोधरं श्लाघ्यं यशोधर्मभृतां वरम् ।
बालमर्हसि न त्यक्तुं व्यसनीवोत्तमं यशः ॥३४॥

यशोधराका कीर्ति र धर्म धारण गर्नमा श्रेष्ठ, प्रशंसनीय, बालक छोरालाई तपाईंले अंमलीले उत्तम कीर्तिलाई त्याग गरे झैं त्याग्नु हुँदैन ॥३४॥

अथ बन्धुं च राज्यं च त्यक्तुमेव कृता मतिः ॥
मां नार्हसि विभो त्यक्तुं त्वत्पादौ हि गतिर्मम ॥३५॥

यदि बन्धु-बान्धव र राज्यलाई छोड्ने नै निश्चय छ भने पनि हे विभो (व्यापक ?) मलाई ता तपाईंले छोड्नु हुँदैन किन भने मेरो गति नै तपाईंको चरणमा छ ॥३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नास्ति यातुं पुरं शक्तो दह्यमानेन चेतसा ॥
त्वामरण्ये परित्यज्य सुमन्त्र इव राघवम् ॥३६॥

सुमन्त्रले रामचन्द्रलाई छोडे झैं हजूरलाई जङ्गलमा छोडी पोलेको मन लिएर शहर जाने मेरो सामर्थ्य छैन ॥३६॥

किं हि वक्ष्यति मां राजा त्वदृते नगरं गतम् ॥
वक्ष्याम्युचितदर्शित्वार्किं तवान्तःपुराणि वा ॥३७॥

हजूरलाई छोडी शहरमा जाँदा महाराजबाट मलाई के हुक्कम हुनेछ । फेरि हजूरको सबै अभिप्राय बुझेको म अन्तःपुरका रानीहरूलाई के भनुँला ? ॥

यदप्यात्थापि नैर्गुण्यं वाच्यं नरपतावितिं ॥
किं तद्वक्ष्याम्यभूतं ते निर्दोषस्य मुनेरिव ॥३८॥

'राजालाई मेरो दोषहरू भन्नू' भनी हजूरले जुन आज्ञा भो, त्यो मुनि जस्तो निर्दोषी हजूरमा नभएका दोषहरू के म देखाउन सकुँला ? ॥

हृदयेन सलज्जेन जिह्वया सज्जमानया ॥
अहं यद्यपि वा ब्रूयां कस्तच्छ्रद्धातुमर्हति ॥३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यद्यपि लाज मानेको हृदयले र बडो आँटिलो जिभ्रोले भनूँ भने पनि त्यस्तो वचनमा कसले विश्वास गर्ला ! ॥३६॥

यो हि चन्द्रमस स्तैद्गयं कथयेच्छ्रद्दधीत वा ॥
स दोषां स्तव दोषज्ञ कथयेच्छ्रद्दधीत वा ॥४०॥

हे दोषज्ञ ! जसले चन्द्रमा पोल्दछ भन्ला अथवा त्यस कुरामा विश्वास गर्ला, त्यसैले हजूरको दोष बताउला र त्यसमा विश्वास पनि गर्ला ॥४०॥

सानुक्रोशस्य सततं नित्यं करुणावेदिनः ॥
स्निग्ध त्यागो न सदृशो निवर्तस्व प्रसीद मे ॥४१॥

जो सदा दयावान् छ तथा नित्य करुणाको अनुभव गर्दछ, त्यस्ताले आफ्ना स्नेहीजनलाई त्याग गर्नु उचित हुँदैन फर्कनुहोस् ? मसँग खुशी हुनुहोस् ॥४१॥

इति शोकाभिभूतस्य श्रुत्वा छन्दस्य भाषितम् ॥
स्वस्थः परमया धृत्या जगाद वदतां वरः ॥४२॥

शोक विह्वल भएका छन्दकको यस्तो वचन सुनी, बोल्नमा सिपालु राजकुमारले शान्ति र धैर्यका साथ भने ॥४२॥

मद्वियोगं प्रतिच्छन्द संतापस्त्यज्यतामयम् ॥
नानाभावो हि नियतं पृथग्जातिषु देहिषु ॥४३॥

हे छन्दक ! यो मेरो वियोग संबन्धी सन्ताप छोड किनभने नाना (जातिमा जन्मेका) देहधारीहरूमा वियोग हुनु र नाना भाव हुनु निश्चय नै छ ॥४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वजनं यद्यापि स्नेहान्नत्यजेयमह स्वयम् ।
मृत्युरन्योन्यमवशानस्मान् संत्याजयिष्यति ॥४४॥

स्नेहले गर्दा स्वजनहरूलाई म नछोडूँ भने पनि मृत्युले अवश्य परवश भएका हामीहरूलाई एक दिन छुट्याउने छ ॥४४॥

महत्या तृष्णया दुःखैर्गर्भेणास्मि यया धृतः ।
तस्या निष्फयत्नायाः क्वाहं मातुः क्व सा मम ॥४५

जुन आमाले ठूलो तृष्णाले दुःखपूर्वक मलाई गर्भमा धारण गरिन् । ती निष्फल यत्न भएकी आमाको म (पुत्र) कहाँ ? ती मेरी आमा कहाँ ? ॥४५॥

वासवृक्षे समागम्य विगच्छन्ति यथाण्डजाः ॥
नियतं विप्रयोगान्तस्तथा भूतसमागमः ॥४६॥

जसरी पक्षीहरू रातमा वास बस्न एकै वृक्षमा जम्मा भई बिहान यताउति लाग्दछन् । त्यस्तै प्राणीको समागम पनि अवश्य नै वियोगान्त छ ॥४६॥

समेत्य च यथा भूयो व्यपयान्ति बलाहकाः ॥
संयोगो विप्रयोगश्च तथा मे प्राणिनां मतः ॥४७॥

जसरी बादल एक ठाउँमा जम्बा भई फेरि पृथक् हुन्छन्, त्यस्तै मेरो विचारमा प्राणीहरू पनि संयोग र वियोगमा हुन्छन् ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्माद्याति च लोकोऽयं विप्रलभ्य परस्परम् ॥
यमत्वं न क्षमं तस्मात्स्वप्नभूते समागमे ॥४८॥

यी मनुष्यहरू परस्परमा एकले अर्कालाई छली जाने (मर्ने) हुनाले स्वप्न जस्तो समागममा ममता गर्नु योग्य छैन ॥४८॥

सहजेन वियुज्यन्ते पर्णरागेण पादपाः ॥
अन्येनान्यस्य विश्लेषः किं पुनर्न भविष्यति ॥४९॥

वृक्षहरूसँगै उत्पन्न भएको पालुवाको रङ्ग वृक्षभन्दा फरक हुन्छ भने अरुसँग अरुको वियोग किन नहोला ॥४९॥

तदेवं सति संताप मा कार्षीः सौम्य गम्यताम् ।
लम्बते यदि तु स्नेहो गत्वापि पुनरावज ॥५०॥

त्यसैले संसारको यस्तो स्वरूप रहेछ भनी बुझेका तिमी संताप नगर, जाऊ, माया लागिरह्यो भने फेरि फर्की आऊ ॥५०॥

ब्रूयाश्चास्मत्कृथा पेत्तं जनं कपिलवस्तुनि ॥
त्यज्यतां तद्गतः स्नेहः श्रूयतां चास्य निश्चयः ॥५१॥

कपिलवस्तुमा मेरो प्रतीक्षा गरेर बसेकालाई उनको माया नगर र उनको निश्चय समेत पनि सुन भनेर तिमीले बताइ-दिनू ॥५१॥

विप्रमेष्यति वा कृत्वा जन्ममृत्युक्षयं किल ॥
अकृतार्थो निरारम्भो निधनं यास्यतीति वा ॥५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनी जन्म-मृत्युको नाश गरी अवश्य चाँडो आउने छन्, अथवा असफल र प्रयत्नहीन भई मर्नेछन् ॥५२॥

इति तस्या वचः श्रुत्वा कन्थकस्तुरगोत्तमः ॥
जिव्हया लिलिहे पादौ बाष्पमुष्णं मुमोच च ॥५३॥

उनको यस्तो वचन सुनेर घोडामध्ये उत्तम भएको कन्थकले जिभ्रोले उनको पाउ चाट्यो र तातो आँशु झार्‍यो ॥५३॥

जालिना स्वस्तिकाङ्केन चक्रमध्येन पाणिना ॥
आममर्श कुमारस्तं बभाषे च वयस्यवत् ॥५४॥

त्यसपछि कुमारले स्वस्तिका र माझमा चक्रचिन्ह भएको हातले उसलाई मुसार्दै साथीलाई झैं भन्नथाले ॥५४॥

मुञ्च कन्थक मा बाष्पं दर्शितेयं सदश्वता ॥
मृष्यतां सफलः शीघ्रं श्रमस्तेऽयं भविष्यति ॥५५॥

हे कन्थक ! आँशू नखसाल, बिमीले असल घोडाको कर्तव्य देखायौ। दुःखलाई सहन गर। तिम्रो यो परिश्रम चाँडै नै सफल हुनेछ ।५५॥

मणित्सरुं छन्दकहस्तसंस्थं ततः स धीरो निशितं गृहीत्वा ॥
कोशादसिं काञ्चनभक्तिचित्रं शिलादिवाशीविषमुद्बबर्ह ॥५६॥

त्यसपछि ती धीरकुमारले मणिको बींड भएको, सुवर्णका बुट्टाले चित्रविचित्र भएको, छन्दकका हातमा रहेको तरबार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना हातमा लिएर, प्वालवाट सर्प निस्के झैं म्यानवाट त्यस लाई झिके ॥५६॥

निष्कास्य तं चोत्पलपत्रनीलं चिच्छेद चित्रं मुकुटं सकेशम् ॥
विकीर्यमाणांशुकमन्तरीक्षे चिक्षेप चैनं सरसीव हंसम् ॥५७॥

अनि कमलपत्र झैं नीलो वर्ण भएको तरवार झिकेर केशसहित चित्रविचित्र भएको मुकुटलाई काटे । त्यस पछि फिंजिएको किरणका साथै हाँसलाई तलाउमा फ्याँके झैं यसलाई आकाशतिर फ्याँके ॥५७॥

पूजाभिलाषेण च बाहुमान्या दिवौकस स्तं जगृहुः प्रविद्धम् ॥
यथावदेनं दिवि देवसङ्घा दिव्यैर्विशेषैर्महयां च चक्रुः ॥५८॥

देवताहरूले त्यो छिन्नभिन्न भएको मुकुटलाई अति आदरका साथ पूजा गर्ने अभिलाषले लिए । अनि स्वर्गका देवसङ्घले दिव्य सामग्रीका साथ यसको विधिवत पूजा गरे ॥५८॥

मुक्त्वा त्वलंकारकलत्रवत्तां श्रीविप्रवासं शिरसश्च कृत्वा ॥
दृष्ट्वांशुकं काञ्चनहंसचिह्नं वन्यं स धीरोऽभिचकाङ्क्ष वासः ॥५९॥

अलङ्काररूप पत्नीको स्वामित्व छोडी, शिरको शोभा त्याग गरी, सुवर्णमय हंसले चिन्हित भएको आफ्नू रेशमी वस्त्रलाई देखी ती धीरले तपोवनका योग्य वस्त्रको इच्छा गरे ॥५९॥

ततो मृगव्याधवपुर्दिवौका भावं विदित्वास्य विशुद्धभावः ॥
काषायवस्त्रोऽभिययौ समीपं तं शाक्यराजप्रभवोऽभ्युवाच ॥६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि पवित्र अन्तःकरण भएका देवताले उनको अभिप्राय जानी, शिकारीको भेषमा गेरु वस्त्र धारण गरी उनी भएका ठाउँमा आए। उनलाई शाक्यराजपुत्रले भने ॥६०॥

शिवं च काषायमृषिध्वजस्ते न युज्यते हिंस्रमिद धनुश्च ॥
तत्सौम्य यद्यास्ति न शक्तिरत्र मह्यं प्रयच्छेदमिदं गृहाण । ६१॥

हे बाबु ! ऋषिको चिन्ह भएको गेरुवा वस्त्रका साथ यो हिंसा गर्ने धनु तिमीलाई शोभा दिंदैन तिमीलाई यसमा आसक्ति छैन भने यो वस्त्र मलाई देऊ र मेरो वस्त्र तिमी लेऊ ॥६१॥

व्याधोऽब्रवीत्कामदकाममारादनेन विश्वास्य मृगान्निहन्मि ॥
अर्थस्तु शक्रोपम यद्यनेन हन्त प्रतीच्छानय शुल्कमेतत् ॥६२

व्याधाले भन्यो, हे कामनाको पूर्ति गर्ने राजकुमार ! म यसले मृगहरूमा विश्वास उत्पन्न गराई नजीकमा गएर यथेच्छ मादछु । हे इन्द्रतुल्य ! अहो ! तपाईंलाई यसको प्रयोजन छ भने लिनुहोस् र यो सेतो वस्त्र मलाई दिनुहोस् ॥६२॥

परेण हर्षेण ततः स वन्यं जग्राह वासोऽशुकमुत्ससर्ज ॥
व्याधस्तु दिव्य वपुरेव बिभ्रत्तच्छुल्कमादाय दिवं जगाम ॥६३॥

त्यसपछि उनले ठूलो हर्षपूर्वक वनवास योग्य वस्त्र धारण गरेर आफ्नो रेशमी वस्त्र त्याग गरे । व्याधा पनि दिव्य शरीर धारण गरी त्यो सेतो वस्त्र लिएर स्वर्ग ग ए ॥६३॥

ततः कुमारश्च स चाश्वगोपस्तस्मिन्तथा याति विसिस्मियाते ॥
आरण्यके वाससि चैव भूयस्तस्मिन्नकाष्टां बहुमानमाशु ॥६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि व्याधा त्यसरी आकाशतर्फ गएको देखी ती राजकुमार र घोडाका रक्षक दुवै आश्चयचकित भए। पुनः उनले त्यो जङ्गली वस्त्रमा चाँडै नै ठूलो आदर देखाए ॥६४॥

छन्दं ततः साश्रुमुखं विसृज्य काषायसंभृद्धृतिकीर्तिभृत्सः ॥
येनाश्रमस्तेन ययौ महात्मा सध्याभ्रसवीत इवोडुराजः ॥६५॥

त्यसपछि आँसुले भिजेको मुख लिएका, छन्दकलाई बिदा गरी गेरु वस्त्र पहिरिएका धैर्य र कीर्तिले सम्पन्न ती महात्मा संध्याकालीन मेघले ढाकिएका चन्द्रमासमान जहाँ आश्रम थियो, त्यतै गए ॥६५॥

ततस्तथा भर्तरि राज्यनिःस्पृहे तपोवनं याति विवर्णवाससि ॥
भुजौ समुत्क्षिप्य ततः स वाजिभृद् भृशं विचुक्रोश पपात च क्षितौ ॥६६॥

त्यसपछि राज्यबाट विरक्त भएका उनका मालिक विवर्ण वस्त्र धारण गरी तपोवन तर्फ गए। अनि घोडाको रक्षा गर्ने ती छन्दक दुवै हात फाल्दै घेरै रोए र पृथ्वीमा लडे ॥६६॥

विलोक्य भूयश्च रुरोद सस्वरं हयं भुजाभ्यामुपगुह्य कन्थकम् ॥
ततो निराशो विलपन्मुहुर्मुहुर्ययौ शरीरेण पुरं न चेतसा। ६७॥

बारंबार पछाडि हेर्दै हातले कन्थक घोडालाई समाती ठूलो स्वरले उनी रोए। त्यसपछि आशा छोडी बारंबार रुँदै शरीरमात्र लिएर शहर फर्के, तर उनको चित्त भने फर्केन ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्वचित्प्रदध्यौ विललाप च क्वचित्, क्वचित्प्रचस्खाल पपात च क्वचित्।
अतो व्रजन् भक्तिवशेन दुःखितश्चचार बव्हीरवशः पथि क्रिया ॥६८॥

बाटामा जाँदा उनले कहीं ध्यान गरे, औ कहीं विलाप गरे। कहीं उनी चिप्ले, औ कहीं ब्रडे। यसरी भक्तिले गर्दा दुःखी र परवश भएका तिनबाट बाटामा धेरै प्रकारका काम भए ॥६८॥

❀ छैटौं सर्ग समाप्त ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र, सातौं सर्ग

तपोवनमा प्रवेश

ततो विसृज्याश्रुमुखं रुदन्त छन्दं वनच्छन्दतया निरास्थः ॥
सवर्थसिद्धो वपुषाभिभूय तमाश्रमं सिद्धइव प्रपेदे ॥१॥

त्यसपछि मुखमा आँसु झार्दै रुन लागेका छन्दकलाई बिदा गरी वनमा स्वच्छन्दताको इच्छाले निरवलम्बन भएका ती सर्वार्थसिद्ध, सिद्धसमान शरीरको शोभाले आश्रमलाई अभिभूत पार्दै त्यहाँ पुगे ॥१॥

स राजसूनुर्मृगराजगामी मृगाजिरं तन्मृगवत्प्रविष्टः ॥
लक्ष्मीवियुक्तोऽपि शरीरलक्ष्म्या चक्षूंषि सर्वाश्रमिणां जहार ॥२

सिंहको जस्तो गति भएका ती राजकुमारले मृगको त्यो आँगनमा मृग झैं प्रवेश गरे। लक्ष्मीले रहित भए, तापनि शरीरको लक्ष्मीले सबै आश्रमवासीको दृष्टिलाई उनले हरण गरे ॥२॥

स्थिता हि हस्तस्थयुगास्तथैव कौतूहलाच्चक्रधराः सदाराः ॥
तमिन्द्रकल्प ददृशुर्न जग्मुर्धुर्या इवार्धावनतैः शिरोभिः ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हातमा जुवा लिएका, चक्र धारण गर्ने (अर्थात् गाडाहरू चलाउने) पुरुषहरू आफ्ना पत्नीलाई साथ लिएर कुतूहलवश जस्ताको तस्तै अर्थात् कत्ति पनि नहल्ली भार बोकेको गोरु झैं आधा नुहेको शिरले इन्द्र जस्ता ती राजकुमारलाई हेरिरहे, अगाडि पुगेनन् ॥३॥

विप्राश्च गत्वा बहिरिध्म हेतोः प्राप्ताः समित्पुष्पपवित्रहस्ताः ॥
तपः प्रधानाः कृतबुद्धयोऽपि तं द्रष्टुमीयुर्मठानभीयुः ॥४॥

होमको दाउरा लिन गएका ब्राम्हणहरू हातमा पवित्र र फूल लिई फर्केका थिए। तपस्या नै प्रधान कार्य र निश्चल बुद्धि भएका तिनीहरू राजकुमारलाई हेर्न गए, मठतर्फ गएनन् ॥४॥

हृष्टाश्च केका मुमुचुर्मयूरा दृष्ट्वाम्बुदं नीलमिवोन्नमन्तः ॥
शष्पाणि हित्वाभिमुखाश्च तस्थुर्मृगाश्चलाक्षा मृगचारिणश्च ॥५॥

मुजूरहरू प्रसन्न भई उठेर बोल्न लागे, जस्तो नीलो मेघलाई देखी बोल्दछन्। चंचल नेत्र भएका मृगहरू पनि आफ्नू अगाड़िको चरनलाई छोडी खडा भए, त्यस्तै पशु चराउने गोठाला र ऋषिहरू पनि खडा भए ॥५॥

दृष्ट्वा तमिक्ष्वाकुकुलप्रदीपे ज्वलन्तमुद्यन्तमिवांशुमन्तम् ।
कृतेऽपि दोहे जनित प्रमोदाः प्रसुस्रुवु र्होमदुहश्च गावः ॥६॥

दूध दुहिसकेका अत्यन्त आनन्दमा परेका होमका निमित्तका मुनिका गाईहरू, उदाउन लागेका सूर्य जस्ता तेजस्वी इक्ष्वाकुकुलको बत्तीसमान ती राजकुमारलाई देखी आफ्नू थुनबाट त्यसै दूध चुहानन लागे ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कच्चिद्वसूनामयमष्टमः स्या त्स्यादश्विनारन्यतमश्च्युतो वा ॥
उच्चेरुच्चैरिति तत्र वाचस्तद्दर्शनाद्विस्मयजा मुनीनाम् ॥७॥

वसुहरू मध्ये यी आठौं वसु हुन् कि ? अथवा अश्विनीकुमारमध्ये कुनै एक स्वर्गबाट खसेका हुन् कि ? भनी उनको दर्शनले विस्मित मुनिहरू ठूलो स्वरले बोल्न लागे ॥७॥

लेखर्षभस्येव वपुर्द्वितीयं धामेव लोकस्य चराचरस्य ॥
स द्योतयामास बनं हि कृत्स्नं यदृच्छया सूर्य इवावतीर्णः ॥८॥

इन्द्रको अर्को शरीर जस्तो, चराचर विश्वको ज्योति जस्तो ती राजकुमारले सबै वनलाई प्रकाशमय पारे । जस्तो आफू इच्छाले उदाएका सूर्यको प्रकाश पार्दछन् ॥८॥

ततः स तैराश्रमिभिर्यथावदभ्यर्चितश्चोपनिमन्त्रितश्च ॥
प्रत्यर्चयां घर्मभृतौ बभूवं स्वरेण साम्भोऽम्बु धरोपमेन ॥९॥

त्यसपछि आश्रमवासीद्वारा विधिपूर्वक पूजा र निमन्त्रणा पाएका राजकुमारले जल धारण गरेको मेघका समान गम्भीर स्वरले ती धार्मिक जनहरूको पूजा गरे ॥९॥

कीर्णं तया पुण्यकृता जनेन स्वर्गाभिधानेन बिमोक्षकामः ॥
तमाश्रमं सोऽनुचचार धीरस्तपांसि चित्राणि निरीक्षमाणः ॥१०॥

मोक्षको इच्छा गर्ने तो धीर कुमारले, स्वर्गको इच्छा गर्ने तथा पुण्यकर्म गर्ने मनुष्यले परिपूर्ण भएको त्यो आश्रम र नाना प्रकारका तपस्याहरू हेर्दै डुल्न थाले ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपः प्रकारांश्च निरीक्ष्य सौम्य स्तपोवने तत्र तपोधनानाम ॥
तपस्विनं कंचिदनुव्रजन्तं तत्वं विजिज्ञासुरिदं बभाषे ॥११॥

त्यस तपोबनमा तपस्वीहरूको नानाप्रकारको तपस्या हेरी ती शान्त राजकुमारले पछि लागेका कुनै तपस्वीसँग तत्त्वज्ञानको इच्छाले यस्तो भने ॥११॥

तत्पूर्वमद्याश्रमदर्शनं मे यस्मादिमं धर्मविधिं न जाने ॥
तस्माद्भवानर्हति भाषितुं मे यो निश्चयो यत्प्रति वः प्रवृतः ॥१२॥

मेरो यो आश्रम-दर्शन पहिलो हो, त्यसैले यो धर्म विधि जान्दिन। तपाईंको निश्चय के छ ? कुन काममा प्रवृत्त हुनु भएको छ, त्यो सबै बताउनुहोस् ॥१२॥

ततो द्विजातिः स तपो विहारः शाक्यर्षभायर्षभविक्रमाय ॥
क्रमेण तस्मैं कथयांचकार तपो विशेषांस्तपसः फलं च ॥१३॥

त्यसपछि तपस्यामा विहार गर्ने ती द्विजाति (ब्राह्मण) ले राम्रो पराक्रम भएका शाक्यश्रेष्ट राजकुमारलाई तपस्याको विशेषता र फलहरू क्रमैले बताए ॥१३॥

अग्राम्यमत्रं सलिले प्ररूढं पर्णानि तोयं फलमूलमेव
यथारत वृत्तिरियं मुनिनां मित्रास्तु ते ते तपसां विकल्पा ॥१४॥

जङ्गमा उत्पन्न हुने जगली अन्न, पात, जल, फल, कन्दमूल आदि शास्त्रले बताए बमोजिम मुनिहरूको आहार हो । तपस्याहरू ता भिन्न भिन्न प्रकारका छन् ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उञ्छेन जीवन्ति खगा इवान्ये तृणानि केचिन्मृगवच्चरन्ति ॥
केचिदभुजङ्गैः सह वर्तयन्ति बल्मीकभूता वनमारुतेन ॥१५॥

कुनै तपस्वी पक्षीले झैं शिला खोजेको अन्न खाएर जीवन वृत्ति चलाउँछन्, कुनै मृग झैं घाँस चर्दछन्। धमिराका गोल्लाको थुप्रो झैं भएका कुनै तपस्वीहरू सर्पको साथै वनका हावाको भरमा बस्छन् ॥१५॥

अश्मप्रयत्नार्जितवृत्तयोऽन्ये केचित्स्वदन्तापहतान्नभक्षाः ॥
कृत्वा परार्थं श्रमणं तथान्ये कुर्वन्ति कार्यं यदि शेषमस्ति ॥१६॥

कोही ढुङ्गाले कुटेको अन्न खान्छन्। कोही आफ्नो दाँतले चोक्रा छोडाएर अन्न खान्छन्। कोही अतिथिका निंति पकाएको अन्न बाँकी रह्यो भने खान्छन् ॥१६॥

केचिज्जलक्लिन्नजटाकलापा द्विः पावकं जुह्वति मन्त्रपूर्वम् ॥
मीनैः समं केचिदपो विगाह्य वसन्ति कूर्मोल्लिखितैः शरीरैः ॥१७॥

कोही पानीले जटासमूहलाई भिजाई मन्त्रसहित अग्निमा दुई पटक हवन गर्दछन्, कोही जलमा पसी माछाका साथ बस्छन्। तिनका शरीरमा कछुवाले घाउ लगाउँछन् ॥१७॥

एवं विधैः कालचितैस्तपोभिः परैर्दिवं यान्त्यपरैर्नृलोकम् ॥
दुःखेन मार्गेण सुखं ह्युपैति सुखं हि धर्मस्य वदन्ति मूलम् ॥१८॥

यस प्रकार घेरैकालदेखि संचय गरेको श्रेष्ठ तपस्याले मनुष्यहरू स्वर्गलोकमा जान्छन्। निकृष्ट तपस्याद्वारा मत्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकमा जान्छन्, दुःखको बाटोबाट सुख हुन्छ । मानिसहरू सुखलाई धर्मको मूल (उद्देश्य) भन्छन् ॥१८॥

इत्येवमादि द्विपदेन्द्रवत्सः श्रुत्वा वचस्तस्य तपोधनस्य ॥
अदृष्टतत्त्वोऽपि न संतुतोष शनैरिदं चात्मगतं बभाषे ॥१९॥

राजकुमारलाई तत्वज्ञान थिएन, तापनि ती तपस्वीको यस्तो वचन सुनी संतोष लागेन । मन्द स्वरमा मनमनै उनी भन्न लागे ॥१९॥

दुःखात्मकं नैकविध तपश्च स्वर्गप्रधानं तपसः फलं च ॥
लोकाश्च सर्वे परिणामवन्तः स्वल्पे श्रमः खल्वयमाश्रमाणाम् ॥२०॥

नाना किसिमका तपस्याहरू दुःखरूपात्मक छन् । तपस्याको प्रधान फल स्वर्ग हो । मनुष्यहरू सबै परिवर्तन शील हुन्छन् । अतः आश्रमवासीहरूका यी परिश्रम निश्चय नै साना फल दिने रहेछन् ॥२०॥

प्रियां श्च बन्धून्विषयांश्च हित्वा ये स्वर्गहेतो नियमं चरन्ति ॥
ते विप्रयुक्ताः खलु गन्तुकामा महत्तरं बन्धनमेव भूयः ॥२१॥

जुन पुरुष आफ्ना प्यारा दाजुभाइ र भोगविलास छोडी स्वर्गको निंति नियम तपोव्रत आदिको आचरण गर्दछन् ती एउटाबाट छुट्टिई, पुनः अर्को ठूलो बन्धनमा जान खोज्छन् ॥२१॥

कायक्लमैर्यश्च तपोऽभिधानैः प्रवृत्तिमाकाङ्क्षति कामहेतोः ॥
संसारदोषानपरीक्षमाणो दुःखेन सोऽन्विच्छति दुःखमेव ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपस्या नाम भएको शारीरिक दुःखबाट विषयसुखदायी कर्मको इच्छा गर्ने जो पुरुष हुन, ती संसारको जन्ममरणादि दोषलाई विचार नगर्दै दुःख (नियमपालन) बाट दुःख (विषय) को नै चाहना गर्दछन् ॥२२॥

त्रासश्च नित्य मरणात्प्रजानांया त्नेन चेच्छन्ति पुनःप्रसूतिम् ॥
सत्यां प्रवृत्तौ नियतश्च मृत्युस्तत्रैव मग्ना यत एव भीताः ॥ २३॥

मनुष्यहरू मृत्युदेखि सदा डराउँछन् र फेरि पुनर्जन्मको यत्न पूर्वक इच्छा गर्छन्। जन्म भएपछि मृत्यु निश्चित छ। अतः जुन कुरादेखि डराउँछन् त्यसैमा डराउँछन् त्यसमा डुब्दछन् ॥२३॥

इहार्थमेको प्रविशन्ति खेदं स्वर्गार्थमन्ये श्रममाप्नुवन्ति ॥
सुखार्थमाशाकृपणोऽकृतार्थः पतत्यनर्थे खलु जीवलोकः ॥२४॥

कोही यसै लोकको निंति कष्ट गर्दछन्। कोही स्वर्गको निंति परिश्रम गर्दछन्, निश्चय नै सुखको आशाले दीन भएको मनुष्य अकृतार्थ भएर (कामसिद्ध गर्न नसकेर) विपत्तिमा पर्दछ ॥२४॥

न खल्वयं गर्हित एव यत्नो यो हीनमुत्सृज्य विशेषगामी ॥
प्राज्ञैः समानेन परिश्रमेण कार्यं तु तद्यत्र पुनर्न कार्यम् ॥२५॥

निश्चय नै यो प्रयत्न पनि निन्दा गर्न योग्य छैन, जुन प्रयत्नले थोरै छोडी धेरैको चाहना हुन्छ, तर विद्वान्ले समान परिश्रमद्वारा त्योकर्म गर्नु पर्छ जसद्वारा फेरि केही गर्न नपरोस् ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीरपीडा तु यदीह धर्मः सुखं शरीरस्य भवत्यधर्मः ॥
धर्मेण चाप्नोति सुख परत्र तस्मादधर्मं फलतीह धर्मः ॥२६॥

यस लोकमा शरीरको पीडा (दुःख, तप) लाई धर्म मान्ने हो भने शरीरको सुख अधर्म हुनेछ । धर्मले यस लोकमा सुख पाउँछ, त्यसैले त्यो धर्म यसलोकमा अधर्मको फल हुनेछ २६॥

यतः शरीरं मनसो वशेन प्रवर्तते चापि निवर्तते च ।
युक्तो दमश्चेतस एव तस्माच्चित्ताद्दते काष्ठसमं शरीरम् ॥२७॥

जब मनको अधीन भएर नै शरीर विषयमा प्रवृत्त र निवृत्त हुन्छ भने चित्त (मन) को दमन गर्नु नै उचित हो । चित्तबिनाको शरीर दाउरा जस्तै हो ॥२७॥

आहारशुद्धया यदि पुण्यमिष्टं तस्मान्मृगाणामपि पुण्यमस्ति ॥
ये चापि बाह्याः पुरुषाःफलेभ्यो भाग्यापराधेन पराङ्मुखार्थाः ॥२८॥

खाने कुराको शुद्धताले इच्छा माफिकको पुण्य हुन्छ भने मृगहरूलाई पनि पुण्य हुनेछ,तथा भाग्यको अपराधले धन नभएका विषयभोगबाट वञ्चित पुरुष पनि पुण्यको भागी हुनेछन् (अर्थात् दरिद्र पनि तपस्वीको जस्तै आहार गर्ने हुनाले पुण्यभागी हुनेछ) ॥२८॥

दुःखेऽभिसंधिस्त्वथपुण्यहेतुः सुखेऽपि कार्यो ननु सोऽभिसंधिः ॥
अथ प्रमाणं नसुखेऽभिसंधिर्दुःखे प्रमाणं ननु नाभिसंधिः ॥२९॥

दुःखमा सङ्कल्प पुण्यको कारण हुन्छ भने सुखमा पनि त्यस्तै सङ्कल्प गर्नु पर्छ, जो पुण्यको कारण बनोस् । सुखमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सङ्कल्प प्रमाण हुँदैन भने दुःखमा पनि निश्चय नै सङ्कल्प प्रमाण हुँदैन ॥२९॥

तथैव ये कर्मविशुद्धिहेतोः स्पृशन्त्यपस्तीर्थमिति प्रवृत्ताः ॥
तत्रापि तोषो हृदि केवलोऽयं न पावयिष्यन्ति हि पापमापः ॥३०॥

जुन मनुष्य यसै गरी कर्मको शुद्धिका निंति जललाई तीर्थ संझी स्पर्श गर्दछन्, उनको हृदयमा यो केवल संतोषमात्र हो, किनभने जसले पापलाई पवित्र पार्न शक्दैन ॥३०॥

स्पृष्टं हि यद्यद्गुणवद्भिरम्भस्तत्तत् पृथिव्यां यदि तीर्थमिष्टम् ॥
तस्मादगुणानेव परैमि तीर्थमापस्तु निःसंशयमाप एव ॥३१॥

जुन जुन जलको गुणवान् पुरुषले स्पर्श गर्छन्, त्यही त्यही पृथिवीमा इष्ट तीर्थ हुन्छ भने गुणलाई नै म तीर्थ ठान्दछु । पानी ता निस्सन्देह पानीमात्रै हो ॥३१॥

इति स्म तत्तद्बहुयुक्तियुक्तं जगाद चात्रं च ययौ चिवस्वान् ॥
ततो हविर्धूमविवर्णवृत्तं तपः प्रशान्त स वनं विवेश ॥३२॥

यसरी उनले युक्तिसहित सबै कुरा भने । सूर्य पनि अस्ताए । त्यसपछि उनी होमका धूवाँले मलिन भएको तथा तपस्याका प्रभावले शान्त भएको वनमा प्रवेश गरे ॥३२॥

अभ्युद्धृतप्रज्वलिताग्निहोत्रं कृताभिषेकर्षिजनावकीर्णम् ।
जाप्यस्वनाकूजितदेवकोष्टं धर्मस्य कर्मान्तमिव प्रवृत्तम् ॥३३॥

त्यसबखत बल्नेको अग्निहोत्र उठाइएको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञान्तस्नान गरेका ऋषिहरूले वन भरिपूर्ण थियो । जपको स्वरले देवमन्दिर गुञ्जिरहेको थियो । यस्तो त्यो कर्ममय वन थियो ॥३३॥

काश्चिन्निशास्तत्र निशाकराभः परीक्षमाणश्च तपांस्युवास ॥
सर्वं परिक्षेप्य तपश्च मत्वा तस्मात्तपः क्षेत्रतलाज्जगाम ॥३४॥

चन्द्रमाको जस्तो कान्ति भएका उनी तपस्याहरूको परीक्षा गर्दै केही रात त्यहाँ बसे । सबै तपस्याको रूप आफूले बुझिसकेको ठानी त्यस तपोभूमिबाट उनी हिंडे ॥३४॥

अन्वव्रजन्नाश्रमिणस्ततस्तं तद्रूपमाहात्म्यगतैर्मनोभिः ॥
देशादनार्यैरभिभूयमानान्महर्षयो धर्ममिवापयान्तम् ॥३५॥

त्यसपछि उनको रूप र माहात्म्यले आकृष्ट चित्त भएका आश्रमवासीहरू उनका पछिलागे । जस्तो अनर्थले जितेको देशबाट अन्यत्र गएको धर्मको पछाडि महर्षिहरू जान्छन् ॥३५॥

ततो जटावल्कलचीरखेलांस्तपोधनांश्चैव स तान्ददर्श ॥
तपांसि चैषामनुरुध्यमानस्तस्थौ शिवे श्रीमति वृक्षमूले ॥३६॥

त्यसपछि रूखका बोक्राको वस्त्र पहिरेका तपोधन ऋषिलाई उनले देखे । उनको तपस्याको आदर गर्दै मङ्गलमय सुन्दर वृक्षको मुनि उनी बसे ॥३६॥

अथोपसृत्याश्रमवासिनस्तं मनुष्यवर्यं परिवार्य तस्थु ॥
वृद्धश्च तेषां बहुमानपूर्वं कलेन साम्ना गिरमित्युवाच ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि आश्रमवासीहरू ती नरश्रेष्ठको नगीचै गएर उनलाई घेरी बसे । ती मध्ये एउटा बूढाले अत्यन्त आदर पूर्वक मीठो सान्त्वना दिने वचन भन्न लागे ॥३७॥

त्वय्यागते पूर्णाइवा श्रमोऽभूत्संपद्यते शून्य इव प्रयाते ॥
तस्मादिमं नार्हसि तात हातुं जिजीविषोर्देहमिवेष्टमायुः ॥३८॥

तपाईं आएपछि यो आश्रम पूर्ण भए जस्तो थियो । जानु भयो भने शून्य जस्तो हुनेछ ! त्यसैले हे बाबु ! बाँच्न इच्छा गर्ने पुरुषको शरीरलाई आयुले झैं तपाईंले पनि यो आश्रम छोड्नु योग्य छैन ॥३८॥

ब्रह्मर्षिराजर्षिसुरर्षिजुष्टः पुण्यः समीपे हिमवान् हि शैलः ॥
तपांसि तान्येव तपोधनानां यत्संनिकर्षाद् बहुलीभवन्ति ॥

ब्रह्मर्षि, राजर्षि, देवर्षिहरूले सेवा गरिएको यो पवित्र हिमालय पर्वत नजीकमा नै छ । जसको सान्निध्यमा तपस्वीजनको तपस्याको वृद्धि (बाहुल्य) हुन्छ ॥३९॥

तीर्थानि पुण्यान्यभित स्तथैव सोपानभूतानि नभस्तलस्य ॥
जुष्टानि धर्मात्मभिरात्मवद्भिर्देवर्षिभिश्चैव महर्षिभिश्च ॥४०॥

त्यसै स्वर्गको सिढीस्वरूप यी पुण्यतीर्थहरू चारैतफ छन् । जो धर्मात्मा, आत्मज्ञानी, देवर्षिहरूले तथा महर्षिहरूले सेवित छन् ॥४०॥

इतश्च भूयः क्षममुत्तरैव दिक्सेवितुं धर्मविशेषहेतोः
न तु क्षम दक्षिणतो बुधेन पदं भवेदेकमपि प्रयातुम् ॥४१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेरि यहाँबाट विशेष धर्मका निंति उत्तर दिशाको सेवा गर्नु नै उचित छ । बुद्धिमान् पुरुषले दक्षिण दिशातर्फ एक पाइला सार्नु पनि उचित हुँदैन ॥४१॥

तपोवनेऽस्मिन्नथ निष्क्रयो वा संकीर्णधर्मापतितोऽशुचिर्वा ।
दृष्टस्त्वया येन न ते विवत्सा तद् ब्रूहि यावद्रुचितोऽस्तु वासः ॥४२॥

यस तपोवनमा तपाईंले कुनै निष्क्रिय, संकीर्ण धर्ममा परेको अपवित्र पुरुष देख्नु भएको छ ? जसले गर्दा तपाईंको यहाँ रहने इच्छा छैन भने भन्नुहोस् र तपाईंको जबसम्म इच्छा हुन्छ, तबसंम बस्नुहोस् ॥४२॥

इमे हि वाञ्छन्ति तपः सहायं तपोनिधानप्रतिमं भवन्तम् ॥
वामस्त्वया हीन्द्रसमेन सार्धं बृहस्पतेरभ्युदयावहः स्याद् ॥४३॥

तपस्वीहरू तपःपुञ्ज सदृश--तपाईंलाई तपस्याको सहायक तुल्याउन चाहन्छन् । तपाईंका साथमा रहँदा इन्द्रसँग रहँदा बृहस्पतिको झैं यिनको अभ्युदय हुनेछ ॥४३॥

इत्येवमुक्तः स तपस्विमध्ये तपस्विमुख्येन मनीषिमुख्यः ॥
भवप्रणाशाय कृतप्रतिज्ञः स्वं भावमन्तर्गतमाचचक्षे ॥४४॥

तपस्वीहरू मध्ये प्रमुख तपस्वीले यस्तो भन्दा जन्म नाश गर्न प्रतिज्ञा गरेका विद्वान्मा मुख्य भएका राजकुमारले आफ्नो हृदयमा रहेको भाव प्रकट गरे ॥४४॥

ऋज्वात्मनां धर्मभृतां मुनीनामिष्टातिथित्वात्स्वजनोपमानाम ॥
एवंविधैर्मां प्रति भावजातैः प्रीतिः परा मे जनितश्च मानः ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरल आत्मा भएका धर्म पालना गर्ने मुनिहरू अतिथि-लाई प्यारो गर्ने हुँदा उनीहरू मेरा निंति स्वजन जस्ता छन्। उनले ममा जुन भाव देखाए, त्यसले ममा प्रसन्नता भयो र म संमानित पनि भएँ ॥४५॥

स्निग्धाभिराभिहृदयंगमाभिः समासतः स्नात इवास्मि वाग्भिः ॥
रतिश्च मे धर्मनवग्रहस्य विस्पन्दिता संप्रति भूय एव ॥४६॥

संक्षेपमा स्नेहले पूर्ण हृदयलाई स्पर्श गर्ने यी वचनले मलाई नुहाए जस्तो लाग्यो। नयाँ धर्मग्रहण गरेको भए पनि मेरो ऐल्हे धर्ममा प्रेम विशेष रूपले जागृत भएको छ ॥४६॥

एवं प्रवृत्तान् भवतः शरण्यानतीव संदर्शितपक्षपातान्।
यास्यामि हित्वेति ममापि दुःखं यथैव बन्धूंस्त्यजतस्तथैव ॥४७

यस प्रकार तपस्यामा लागेका, आश्रय दिने, मेरो पक्षपात (ममता) गर्ने तपाईहरूलाई छोडी जाँदैछु। यसबाट मलाई बन्धुहरूलाई छोड्दा जति दुःख भएथ्यो, त्यत्ति नै दुःख हुनेछ ॥४७॥

स्वर्गिय युष्माकमयं तु धर्मो ममाभिलाषस्त्वपुनर्भवाय।
अस्मिन् वने येन न मे विवत्सा भिन्न प्रवृत्त्या हि निवृत्ति धर्मः॥४८॥

तपाईंहरूको यो धर्म स्वर्गका लागि हो। मेरो इच्छा त पुनर्जन्म नहोस् भन्ने छ। त्यसैले गर्दा मेरो यो वनमा रहने इच्छा छैन, किन भने निवृत्ति धर्म प्रवृत्ति धर्मभन्दा भिन्न छ ॥४८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तन्नारतिर्मे न परापचारो वनादितो येन परिव्रजामि ॥
धर्मे स्थिताःपूर्वयुगानुरूपे सर्वे भवन्तो हि महर्षिकल्पा ॥४९॥

जुन कारण म यस वनबाट जानलागेको छु, यसमा न मेरो अरुचि छ, न तपाईंहरूमध्ये अरू कसैको आचार हीनता छ। किनभने महर्षितुल्य तपाईंहरू पहिलेका युगको अनुरूप धर्ममा हुनुहुन्छ ॥४९॥

ततोवचः सूनृतमर्थवच्च सुश्लक्ष्णमोजस्वि च गर्वितं च ।
श्रुत्वा कुमारस्य तपस्विनस्ते विशेषयुक्तं बहुमानमीयुः ॥५०॥

त्यसपछि ती तपस्वीहरू कुमारको प्यारो, अर्थपूर्ण, स्निग्ध, ओजस्वी र गौरवपूर्ण वचन सुनी विशेष संमानित भए ॥५०॥

कश्चिद्द्विजस्तत्र तु भस्मशायी प्रांशुः शिखी दारवचीरवासाः ॥
अपिङ्गलाक्षस्तनुदीर्घघोणः कुण्डैकहस्तो गिरमित्युवाच ॥५१

त्यहाँ खरानीमा सुत्ने, अग्ला, शिखायुक्त, रूखको वस्त्र धारण गर्ने, पहेंलो आँखा नभएका, पातलो तथा लामो नाक भएका, कमण्डलु हातमा लिएका कुनै ब्राह्मण आई यस्तो वचन भन्न लागे ॥५१॥

धीमन्नुदारः खलु निश्चयस्ते यस्त्वं युवा जन्मनि दृष्टदोषः ॥
स्वर्गापवर्गौ हि विचार्य सम्यग्यस्थापवर्गे मतिरस्ति सोऽस्ति ५२

हे बुद्धिमान् कुमार ! तपाईंको निश्चय अत्यन्त उत्तम छ। तपाईंले युवा अवस्थामा नै जन्ममा दोष देख्नु भो । स्वर्ग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोक्षको राम्रो विचार गरी जसको बुद्धि मोक्षमा लाग्दछ, त्यही नै विचारवान् उत्तम पुरुष हो ॥५२॥

यज्ञैस्तपोभिर्नियमैश्च तैस्तैःस्वर्गं यियासन्ति हि रागवन्तः ॥
रागेण सार्धं रिपुणेव युद्धवा मोक्षं परीप्सन्ति तु सत्त्ववन्तः ॥५३॥

रागी पुरुषहरू नाना यज्ञ, तपस्या, नियमद्वारा स्वर्ग जान खोज्छन् । मेधावान् पुरुष शत्रुसमान रागद्वेषसँग युद्ध गरी मोक्ष पाउने इच्छा गर्छन् ॥५३॥

तद्बुद्धिरेषा यदि निश्चिता ते तूर्णं भवान् गच्छतु बिन्ध्यकोष्टम् ॥
असौ मुनिस्तत्र वसत्यराडो यो नैष्ठिके श्रेयसि लब्धचक्षुः ॥५४

त्यसैले तपाईंको यस्तो निश्चय बुद्धि छ भने चाँडै नै विन्ध्यकोष्टमा जानुहोस् । त्यहाँ अराड़ नामका मुनि वस्दछन्, जसले नैष्टिक कल्याणमा दिव्यचक्षु पाएका छन् ॥५४॥

तस्माद्भवाञ्छ्रोष्यति तत्त्वमार्गं सत्यां रुचौ संप्रतिपत्स्यते च ॥
यथा तु पश्यामि मतिस्तथैषा तस्यापि यास्यत्यवधूयबुद्धिम् ॥५५॥

तपाईं तिनीबाट तत्त्वज्ञानको बाटो सुन्नुहुनेछ । रुचि भएमा स्वीकार पनि गर्नुहोला । तर म देख्छु, तपाईंको बुद्धिले उनको बुद्धिलाई पनि तिरस्कार गर्नेछ ॥५५॥

स्पष्टोच्चघोणं विपुलायताक्षं ताम्राधरौष्ठं सिततीक्ष्णदंष्ट्रम् ॥
इदं हि वक्त्रं तनुरक्तजिह्वं ज्ञेयार्णवं पास्यति कृत्स्नमेव ॥५६॥

स्पष्ट अग्लो नाक, ठूला लामा आँखा, रातो ओठ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेतो चंकने दाँत, पातलो रातो जिभ्रो भएको यो तपाईंको मुखले संपूर्ण ज्ञान-समुद्रको पान गर्नेछ ॥५६॥

गम्भीरता या भवत स्त्वगाधा या दीप्तता यानि च लक्षणानि ।।
आचार्यकं प्राप्स्यसि तत्पृथिव्यां यन्नर्षिभिः पूर्वयुगेऽप्यवाप्तम् ॥५७॥

तपाईंमा जुन अगाध गाम्भीर्य छ, जुन तेज छ, जुन लक्षण छन् र (त्यसले यो कुराको ज्ञान हुन्छ) तपाईं यस पृथ्वीमा आचार्यपद पाउनुहुनेछ । जुन पद ऋषिहरूले पूर्वयुगमा पनि पाएका थिएनन ॥५७॥

परममिति ततो नृपात्मजस्तमृषिजनं प्रतिनन्द्य निर्ययौ ।।
विधिवदनुविधाय तेऽपितं प्रविविशुराश्रिमिणस्तपोवनम् ॥५८॥

त्यसपछि अति उत्तम भनी ती ऋषिजनलाई अभिनन्दन गरी राजकुमार त्यहाँबाट निस्के । ऋषिहरु पनि उनको विधिपूर्वक संमान गरेर तपोवनमा प्रवेश गरे ॥५८॥

—सप्तम सर्ग समाप्त—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र, आठौं सर्ग

अन्तःपुरमा विलाप

ततस्तुरङ्गावचरः सदुर्मना स्तथा वनं भर्तरि निर्ममे गते ।।
चकार यत्नं पथि शोकविग्रहे तथापि चैवाश्रु न तस्य चिच्छिये ।।१।।

ममता त्यागेका आफ्ना मालिक त्यसप्रकार वनतिर गएपछि दिक मानेका ती अश्वरक्षकले बाटामा आफ्नू शोक थाम्ने यत्न गरे, तर पनि उनको आँसु थामिएन ।।१।।

यमेकरात्रेण तु भर्तुराज्ञया जगाम मार्गं सह तेन वाजिना ।
इयाय भर्तुर्विरहं विचिन्तयं स्तमेव पन्थान महोभिरष्टभिः ।।२।।

मालिकका आज्ञाले जुन बाटो घोडाका साथ उनी एक दिनमा गएका थिए, आज स्वामीवियोगको चिन्ता गर्दै त्यही बाटो उनी आठ दिनमा फर्के ।।२।।

हयश्च सौजा विचचार कन्थक स्ततां भावेन बभूव निर्मदः ।।
अलंकृतश्चापि तथैव भूषणैरभूद् गतश्रीरिव तेन वर्जितः ।।३।।

त्यो ओजस्वी घोडा कन्थक हिंड्दा दुःख मानेकोले थाक्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र मदरहित भयो । गहनाहरू पहिले जस्तै लगाएको भए, तापनि मालिक नहुँदा श्रीविहीन थियो ॥३॥

निवृत्य चैवाभिमुख स्तपोवनं भृशं जिह्रेषे करुणां मुहुर्मुहुः
क्षुधान्वितोऽप्यध्वनि शष्पमम्बु वा यथापुरा नाभिननन्द नाददे । ४॥

त्यसले तपोवनतर्फ मुख फर्काई दुःखपूर्वक बारंबार हिनहिनायो । बाटोमा भोक लागी घाँस र जल पाउँदा पनि पहिलेको जस्तो न आनन्द मान्यो, न ग्रहण नै गऱ्यो ॥४॥

ततो विहीनं कपिलाह्वयं पुरं महात्मना तेन जगद्धितात्मना ।
क्रमेण तौ शून्यमिवोपजग्मतुर्दिवाकरेणेव विनाकृतं नभः ॥५॥

त्यसपछि जगत्को हितमा आत्मा समर्पण गरेका महात्मा राजकुमारले रहित भएको कपिल नामको नगरमा ती दुवै बिस्तारै गए। सूर्य नभएको आकाश झैं त्यो नगर शून्य थियो ॥५॥

सपुण्डरीकैरपि शोभितं जलैरलंकृतं पुष्पधरैर्नगैरपि ॥
तदेव तस्योपवनं वनोपमं गतप्रहर्षैर्न रराज नागरैः ॥६॥

कमलयुक्त जलाशयले शोभायमान ढकमक्क फूल फुलेका वृक्षले अलंकृत भए पनि उनको त्यो उपवन जङ्गल जस्तो भान भयो । आनन्दरहित भएका नगरवासीहरूद्वारा त्यसले शोभा पाएन ॥६॥

तता भ्रमद्भिर्दिशि दीनमानसैरनुज्ज्वलैर्बाष्पहतेक्षणैर्नरैः ॥
निवार्यमणाविव तावुभौ पुरं शनैरपस्नातमिवाभिजग्मतुः ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि चारैतर्फ भौतारिंदै, दुःखी चित्त भएका आँखामा आँसु लिएका मनुष्यहरूले रोक्दा रोक्दै पनि ती दुवै बिस्तारै शहरमा गए। त्यो शहर स्नान नगरेर मलिन भएको मान्छे जस्तो देखिन्थ्यो ॥७॥

निशाम्य च स्रस्तशरीरगामिनौ विनागतौ शाक्यकुलर्षभेण तौ ॥
मुमोच बाष्पं पथि नागरो जनः पुरारथे दाशरथेरिवागते ॥८॥

थाकेको शरीर लिएर हिंडेका ती दुबैले शाक्यकुलका श्रेष्ठ कुमारलाई छोडी आएको देखेर शहरमा जनताले, प्राचीनकालमा रामको रथ (वनबाट खाली) फर्केका मानिसले आँसु बगाए झैं बाटोमा आँसु बगाए ॥८॥

अथ ब्रुवन्तः समुपेतमन्यवो जनाः पथि च्छन्दकमागताश्रवः ॥
क्व राजपुत्रः पुरराष्ट्रनन्दनो हृतस्त्वया सार्विति पृष्ठतोऽन्वयुः ॥९॥

धेरै रिसाएका मानिसहरू आँसु बगाउँदै बाटोमा शहर र राष्ट्रलाई आनन्द दिने राजपुत्रलाई हरण गरेर तिमीले कहाँ लग्यौ भन्दै छन्दकको पछि पछि लागे ॥९॥

ततः स तान् भक्तिमतोऽब्रवीज्जनान्नरेन्द्रपुत्र न परित्यजाम्यहम् ।
रुदन्नहं तेन तु निर्जने वने गृहस्थवेशश्च विसर्जिताविति ॥१०॥

त्यसपछि छन्दकले ती भक्तहरूलाई भने 'मैले राजपुत्रलाई छोडिन । उनैले निर्जन वनमा रुन लागेको मलाई र आफ्नू गहस्थवेशलाई पनि छोडे ॥१०॥

इदं वचस्तस्य निशम्य ते जनाः सुदुष्करं खल्विति निश्चय ययुः ॥
पतिद्धजह्नुः सलिलं न नेत्रज मनो निनिन्दुश्च फलोत्थमात्मनः ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसको यस्तो वचन सुनी ती भक्तहरूले राजकुमारको नै यो दुष्कर कर्म हो भन्ने निश्चय गरे। उनले आफ्नो आँसु थाम्न सकेनन। फलको आशा गर्ने आफ्नो मानसिक स्थितिको निन्दा गरे ॥११॥

अथोचुरद्यैव विशाम तद्वनं गतः स यत्र द्विपराजविक्रमः ॥
जिजीविषा नास्ति हि तेन नो विना यथेन्द्रियाणां विगमे शरीरिणाम् ॥१२॥

तिनीहरूले भने, आजै हामीहरू पनि त्यही वनमा जाऔं जहाँ गजराज जस्ता हाम्रा राजकुमार गएका छन्। उनी नभएमा हामीलाई बाँच्ने इच्छा पनि छैन। जस्तो इन्द्रियहरू नष्ट भएपछि देहधारीलाई बाँच्ने इच्छा हुँदैन ॥१२॥

इदं पुरं तेन विवर्जितं वनं वनं च तत्तेन समन्वितं पुरम् ।
न शोभते तेन हि नो विना पुरं मरुत्वता वृत्रबधे यथा दिवम् ॥१३॥

उनी नभएको यो शहर वन हो। उनी बसेको त्यो वन शहर हो। उनी नहुँदा यो शहर वृत्रबधको समयमा इन्द्र नभएको स्वर्ग जस्तो शोभारहित छ ॥१३॥

पुनः कुमारो विनिवृत्त इत्यथो गवाक्षमालाः प्रतिपेदिरेऽङ्गनाः ॥
विविक्तपृष्ठं च निशाम्य वाजिनं पुनर्गवाक्षाणि पिधाय चुक्रुशुः॥१४

स्त्रीहरू कुमार फर्केर आए भन्ने संझी भ्यालभ्यालमा गए, तर घोडा खाली पीठ देखेर फेरि भ्यालहरू थुनी उनीहरू रुन लागे ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रविष्टदीक्षस्तु सुतोपलब्धये व्रतेन शोकेन च खिन्नमानसः ॥
जजाप देवायतने नराधिप श्चकार तास्ताश्च यथाशया क्रियाः॥१५॥

छोरा फर्कोस् भन्ने इच्छाले दीक्षा ग्रहण गरेका, व्रत तथा शोकले खिन्नचित्त भएका राजाले देवमन्दिरमा जप-हरू गरे । आफ्नू इच्छाले अनुरूप भाँति भाँतिको कर्म गरे ॥१५॥

ततः स वाष्पप्रतिपूर्णलोचनस्तुरङ्गमादाय तुरङ्गमानुगः ॥
विवेश शोकाभिहतो नृपक्षयं युधापिनीते रिपुणेव भर्तरि ॥१६॥

त्यसपछि गहभरी आँसु लिएको त्यो अश्वरक्षक, योद्धा शत्रुले आफ्ना स्वामीको हरण गरेको हो कि भने झैं गरी, घोडा लिएर व्याकुल हुँदै राजमहलमा प्रवेश गऱ्यो ॥१६॥

विगाहमानश्च नरेन्द्रमन्दिरं विलोकयन्नश्रुवहेन चक्षुषा ।
स्वरेण पुष्टेन रुराव कन्थको जनाय दुःखं प्रतिवेदयन्निव ॥१७॥

राजमहलमा प्रवेश गर्न लागेको कन्थक आँसु भरिएको आँखाले हेर्दै, सबैलाई आफ्नू दुःख पोखे झैं गरी ठूलो शब्दले हिनहिनायो ॥१७॥

ततः खगाश्च क्षयमध्य गोचराः समीपबद्धास्तुरगाश्च सत्कृता. ॥
हयस्य तस्य प्रतिसस्वनुः स्वनं नरेन्द्रसूनोरुपयानशङ्किनः ॥१८॥

त्यसपछि दरबारभित्र रहेका पंक्षीहरू आफ्नू नगीचमा बाँधिएको प्यारो घोडा र उसले हिनहिनाएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द सुनी राजकुमार फर्केर आएको ठानी प्रतिध्वनि गर्न लागे ॥१८॥

जनाश्च हर्षातिशयेन तञ्चिता जनाधिपान्तः पुर सन्निकर्षगाः ॥
यथा हयः कन्थक एष हेषते ध्रुवं कुमारो विशतीति मेनिरे ॥१९॥

महाराजका अन्तःपुरको नगीचमा हिंडिरहेका मानिसहरू कन्थक घोडा हिनहिनाएकोले निश्चय नै राजकुमारको प्रवेश भयो भन्ने ठानी अतिशय हर्षले उफ्रन थाले ।१९।

अनिप्रहर्षादय शोकमूर्छिताः कुमारसदर्शनलोललोचनाः ॥
गृहाद्विनिश्चक्रमुराशया स्त्रियः शरत्पयोदादिव विद्युतश्चलाः ॥२०॥

शोकले मूर्छित स्त्रीहरूले अति आनन्द मानेर कुमारलाई हेर्न चञ्चल आँखा तुल्याए । आशापूर्वक घरबाट बाहिर शरद्कालको बादलबाट चञ्चल बिजुली प्रकट भए झैं निस्के ॥२०॥

विलम्बकेश्यो मलिनाशुकाम्बरा निरञ्जनैर्बाष्पहतेक्षणैर्मुखैः ॥
स्त्रियो न रेजुर्मृजया विनाकृता दिवीव तारा रजनीक्षयारुणाः ॥२१

तिनले चुल्ठो बाटेका थिएनन् । तिनको सारी असल भए पनि मैलो थियो, आँखा गाजलविनाको थियो र आँसुले मुख भिजेको थियो । बिहानी पखको मलिन ताराले आकाशमा शोभा नपाए झैं सिंगार नगरेका ती स्त्रीहरूले पनि शोभा पाएनन् ॥२१॥

अरक्तताम्रैश्चरणैरनूपूरैरकुण्डलैराजवकन्धरैर्मुखैः ॥
स्वभावपीनैजघनैरमेखलैरहारयोक्त्रैर्भुषितैरिवस्तनैः ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनले चरणमा माउर लगाएका थिएनन् औ पाउजेब पनि लगाएका थिएनन्। कानमा कुण्डल पनि थिएनन्। घाँटी सोझो थियो (अर्थात् अलङ्कार थिएनन्) स्वभावले नै ठूलो जाँघ मेखलारहित थियो। हार र मङ्गलसूत्रले स्तन ठगिए जस्तो देखिन्थ्यो ॥२२॥

निरीक्ष्य ता बाष्पपरीतलोचना निराश्रयं छन्दकमश्वमेव च ।
विषण्णवक्त्रा रुरुदुर्वराङ्गना वनान्तरे गाव इवर्षभोज्झिताः ॥२३॥

आँसु भरिएका आँखाले छन्दक र घोड़ालाई मालिक विना देखी तो उत्तम स्त्रीहरू साँढ़ेले वनभित्र छोडिएका गाई झैं मलिन मुख लगाएर रुन लागे ॥२३॥

तत सराष्ट्रा महिषो महीपतेः प्रनष्टवत्सा महिषीव वत्सला ।
प्रगृह्य बाहू निपपात गौतमी विलोलपर्णा कदलीव काञ्चनी ॥२४॥

त्यसपछि रुन लागेकी राजाकी रानी वत्सला गौतमी, पाडो मरेको भैंसी झैं हात फ्याँकी, पात हल्लिएको सुवर्णमय केराको थाम झैं लडिन् ॥२४॥

हतत्विषोऽन्याः शिथिलांसबाहवः स्त्रियो विषादेन विचेतना इव
न चुक्रुशु र्नाश्रु जहुर्न शश्वसुर्न चेलुरासुलिखिता इव स्थिताः ॥२५

अरु स्त्रीहरू जो कान्तिरहित थिए, उनका हात तथा काँध शिथिल भए। शोकको वेगले चेतना नभ जस्ता देखिए, तिनीहरू न रोए, न आँसु बगाए, न सास फेरे, न हिंडडुल गरे। खालि तसबीरमा लेखे झैं उभिरहे ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधीरमन्याः पतिशोकमूर्छिता विलोचनप्रस्रवणैर्मुखैः स्त्रियः ॥
सिषिञ्चिरे प्रोषितचन्दनान् स्तनान्धराधरः प्रस्रवणैरिवोपलान् ॥२६॥

पति शोकले मूर्च्छा परी अधीर भएकी अर्की स्त्रीले आँखाबाट आँसु बगेका मुखले चन्दनरहित स्तनलाई सेचन गरिन् । जस्तो पर्वत आफ्नू झरनाद्वारा शिलाहरूलाई सेचन गर्दछन् ॥२६॥

मुखैश्च तासां नयनाम्बुताडितै रराज तद्राजनिवेशनं तदा ॥
नवाम्बुकालेऽम्बुदवृष्टिताडितैः स्रवज्जलैस्तामरसैर्यथा सरः ॥२७॥

त्यसबखत तिनीहरूका आँसु भरिएका मुखले त्यो राज भवन, वर्षाको आरम्भमा पानीले चुटिएको जल चुहाउने कमलले भरिएको तलाउ झैं शोभा पायो ॥२७॥

सुवृत्तपीनाङ्गुलिभिर्निरन्तरै रभूषणैर्गूढसिरै र्वराङ्गनाः ॥
उरांसि जघ्नुः कमलोपमैः करैः स्वपल्लवैर्वांतचला लता इव ॥२८॥

ती असल स्त्रीहरूले आफ्ना गोल, मोटा, मिलेको, कमल जस्ता, औंठीले रहित भएका नसा नदेखिने हातले, हावाले हल्लिएका लहरालाई आफ्नै पालुवाले पिटे झैं आफ्नै छाती पिटे ॥२८॥

करप्रहारप्रचलैश्च ता बभु स्तथापि नार्यः सहितोन्नतैः स्तनैः ।
वनानिलाघूर्णितपद्मकम्पितै रथाङ्गनानां मिथुनैरिवापगाः ॥२९॥

त्यस्तो हो, तापनि हातको प्रहारले हल्लिने साह्रा अग्ला स्तन भएका स्त्रीहरूले वनको वायुले हल्लिएको कमलमा बसेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चक्रवाक (चखेवा) को जोडीले शोभायमान नदी झैं शोभा पाए ॥२६॥

यथा च वज्रांसि करैरपीड्यंस्यथैव वज्रोभिरपीडयन् मरान् ॥
अकारयत्तत्र परस्परं व्यथाः कराग्रवज्रांस्यवला दयालसाः ॥३०॥

जस्तो छातीलाई हातद्वारा पीडा दिए, त्यस्तै छातीले हातहरूलाई पीडा दिए । निर्दय भएका ती अवलाहरूले हात र छातीद्वारा एकले अर्कालाई दुःखित गराए ॥३०॥

तनस्तु रोषप्रविरक्तलोचना विषादसबन्धिकषायगद्गदम् ॥
उवाच निश्वासचलत्पयोधरा विगाढशोकाश्रुधरा यशोधरा ॥३१॥

त्यसपछि क्रोधले राता राता आँखा पारेकी, लामो स्वास फेर्दा स्तन हल्लिएकी, ठूलो शोकले आँसु झरेकी यशोधराले विषाद सम्बन्धी कटुताद्वारा गद्गद् भएको स्वरमा भन्न लागिन् ॥३१॥

निशिप्रसुप्तामवशां विहाय मां गतः क्व सच्छन्दक मन्मनोरथः ॥
उपागते च त्वयि कन्थके च मे समं गतेषु त्रिषु कम्पते मनः ॥३२॥

हे छन्दक, राती विवश भएर सुतेकी मलाई छोडी मेरा ती मनोरथ (प्रियतम) कहाँ गएका छन् ? तीन जनामध्ये कन्थक र तिमी फर्केर आएकोले मेरो मन कामिरहेको छ ॥३२॥

अनार्यमस्निग्धममित्रकर्म मे नृशंस कृत्वा किमिहाद्य रोदिषि ॥
नियच्छ बाष्पं भव तुच्छमानसो नसंवदत्यश्रु च तच्च कर्म ते ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे निर्दय ! मेरो निंति अशोभन, क्रूर, वैरीले गर्ने जस्तो काम गरेर आज यहाँ किन रुन्छौ ? आँसु पुछ । प्रसन्न होऊ । आँसु र तिम्रो यो काम परस्पर मेल खाँदैन अर्थात् युक्तिसङ्गत हुँदैन ॥३३॥

प्रियेण वश्येन हितेन साधुना त्वया सहायेन यथार्थकारिणा ॥
गतोऽर्यपुत्रो ह्यपुनर्दिवृत्तये रमस्व दिष्टया सफलः श्रमस्तव ॥३४॥

प्यारा, वशमा रहेका, हित चाहने, सज्जन, आज्ञाकारी तिमी जस्तो सहायक पाएर आर्यपुत्र कहिल्यै पनि नफर्कने गरी गए । त्यसैले अब आनन्द गर, भाग्यले तिम्रो परिश्रम सफल भयो ॥३४॥

वरं मनुष्यस्य विचक्षणो रिपुर्न मित्रमप्राज्ञमयोगपेशलम् ॥
सुहृद्ब्रुवेण ह्यविपश्चिता त्वया कृतः कुलस्यास्य महानुपप्लवः ॥३५॥

मनुष्यको बुद्धिमान् शत्रु असल हुन्छ । वियोग गराउन चतुरो मूर्ख मित्र भए पनि असल हुँदैन । मित्र कहलाइएका मूर्ख तिमीले यस कुलको ठूलो अनर्थ गऱ्यौ ॥३५॥

इमा हि शोच्या व्यवमुक्तभूषणाः प्रसक्तबाष्पाविलरक्तलोचनाः ॥
स्थितेऽपि पत्यौ हिमवन्महीसमे प्रनष्टशोभा विधवा इव स्त्रियः ॥३६॥

गहना झिकेका, निरन्तर आँसु चुहाउनाले धमिला र राता आखाँ पारेका, दयनीय अवस्थामा रहेका यी स्त्रीहरू हिमालय एवं पृथ्वीसमान धैर्यवान् पति रहँदा रहँदै पनि विधवा जस्तै शोभारहित भए ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इमाश्च विच्छिन्नविटङ्कबाहवः प्रसक्त पारावतदीर्घनिःस्वना ॥
विनाकृतास्तेन सहावरोधमैर्भृशं रुदन्तीव विमानपङ्क्तयः ॥३७॥

यी कौसी भएका घरहरू कामासक्त परेवाको घुरघुर शब्द र परेवा पाल्ने खोररूपी हात फिंजारेर लामू सास फेर्दै राजकुमार नहुँदा अन्तःपुरका साथ रुन लागे जस्ता छन् ॥३७॥

अनर्थकामोऽस्य जनस्य सर्वथा तुरङ्गमोऽपि ध्रुवमेषकंथकः ॥
जहार सर्वस्वमितस्तथाहि मे जने प्रसुप्ते निशि रत्नचौरवत् ॥३८॥

यो कन्थक घोडा पनि अवश्य हाम्रो अनर्थको इच्छुक थियो। त्यसैले राती सुतेको समयमा चोरले रत्नहरू चोरे झैं यसले हाम्रो सर्वस्व हरण गऱ्यो ॥३८॥

यदा समर्थः खलु सोढुमागतानिषुप्रहारानपि किं पुनः कशाः ॥
गतः कशापातभयात्कथं न्वयं [illegible] गृहीत्वा हृदयं च मे समम् ॥३९॥

यो घोडा आफूतर्फ आएका बाणको प्रहार सहन सक्छ भने कोर्राको त के कुरा ? (अवश्य सहन सक्छ) तब कोर्राको मरले किन यसले मेरो सौभाग्य र हृदयलाई लिएर गयो ? ॥३९

अनार्यकर्मा भृशमद्य हेषते नरेन्द्रधिष्ण्यं प्रतिपूरयन्निव ॥
यदा तु निर्वाहयति स्म मे प्रियं तदा हि मूक स्तुरगाधमोऽभवत् ॥४०॥

यो नराम्रो काम गर्ने घोडा, आज महाराजको दरबार लाई शब्दले नै पूर्ण ग [illegible] भने जस्तो गरी अत्यन्त हिन-हिनाइरहेछ। मेरा प्यारा राजकुमारलाई वहन गरी लैजान लागेको समयमा भने यो अधम घोडा लाटो भएको थियो ॥४०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि ह्यहेषिष्यत बोधयन् जनं खुरैः क्षितौ वाप्यकरिष्यत ध्वनिम ॥
हतुस्वनं वाजनयिष्यदुत्तमं न चाभविष्यन्मम दुःखमीदृशम् ॥४१॥

मानिसहरूलाई बिउँझाउन यसले हिनहिनाएको भए, अथवा टापले धरतीमा आघात पार्दै ध्वनि उत्पन्न गरेको भए अथवा चिउँडो र नाक बजाउँदै यो फुरफुराएको भए मलाई यस्तो दुःख हुने थिएन ॥४१॥

इतीह देव्याः परिवेदिताश्रयं निशम्य बाष्पग्रथिताक्षरं वचः ॥
अधोमुखः साश्रुकलः कृताञ्जलिः शनैरिदं छन्दक उत्तरं जगौ ॥४२॥

यस प्रकारको देवीको आँसुले गाँसिएको विलापमय वचन सुनेर छन्दकले मुख निहुराई रुँदै हात जोडेर मन्द-स्वरमा उत्तर दिए ॥४२॥

विगर्हितुं नार्हसि देवि कन्थकं न चापि रोषं मयि कर्तुमर्हसि ॥
अनागसौ स्वः समवेहि सर्वशो गतो नृदेवः स हि देवि देववत् ॥४३॥

हे देवी ! तपाईंले कन्थकको निन्दा गर्नु योग्य छैन र मसँग पनि रिसाउन सुहाउ दैन । हामी दुबै समान रूपले निर्दोष छौं । हे देवी ! ती नरदेव देवता भैं गए ॥४३॥

अहं हि जानन्नपि राजशासनं बलात्कृतः कैरपि दैवतैरिव ॥
उपानयं तूर्णमिमं तुरङ्गमं तथान्वगच्छं विगतश्रमोऽध्वनि ॥४४॥

राजाको आदेश जानेको भए, तापनि कुनै देवताद्वारा प्रेरित भएर यस्तो कर्म गर्न म विवश भएँ । यो घोडालाई चाँडै ल्याएँ । बाटामा नथाकीकन यसको पछि पछि लागें ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रजन्नयं वाजिवरोऽपि नास्पृशन्महीं खुराग्रविधृतैरिवान्तरा ॥
तथैव दैवादिव संयताननो हनुस्वनं नाकृत नाप्यहेषत ॥४५॥

यो असल घोडा हिंड्दा, यसको खुरको टापलाई माथि आकाशमा कसैले धारण गरे झैं गरी पृथ्वीको स्पर्श गरेन । त्यस्तै कुनै देवताले मुख थुनिदिए झैं गरी न नाकबाट शब्द निकाल्यो, न हिनहिनायो ॥४५॥

यतो बहिर्गच्छति पार्थिवात्मजे तदा भवद्द्वारमपावृतं स्वयम् ॥
तमश्च नैशं रविणेव पाटितं ततोऽपि दैवो विधिरेष गृह्यताम् ॥४६॥

जब राजकुमार बाहिर निस्के, त्यसबखत ढोकाहरू स्वयं उघ्रन लागे । रात्रिको अन्धकार सूर्यले नै फारे जस्तै गरी नष्ट भयो । त्यसकारण यसलाई पनि दैवी विधान मान्नु पर्छ ॥४६॥

यदप्रमत्तोऽपि नरेन्द्रशासनाद् गृहे पुरे चैव सहस्रशो जनः ॥
तदा स नावुध्यत निद्रया हृतस्ततोऽपि दैवो विधिरेष गृह्यताम् ॥४७॥

हजारौं मानिस महाराजको आज्ञाले दरबारमा तथा शहरमा सावधान रहँदा रहँदै पनि निद्राको वशमा परेर त्यस बखत जागा हुन सकेनन् । त्यसैले यसलाई पनि दैवी विधान मान्नु पर्छ ॥४७॥

यतश्च वासो वनवाससंमतं निसृष्टमस्मै समये दिवौकसा ।
दिवि प्रविद्धं मुकुटं च तद्धृतं ततोऽपि दैवो विधिरेष गृह्यताम् ॥४८॥

किनभने देवताहरूले यिनलाई वनवासमा सुहाउने योग्य-वस्त्र समयमा नै दिए । तथा आकाशमा कुमारले क्याँकेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुकुट बीचैमा कसैले ग्रहण गऱ्यो । त्यसैले यसलाई दैवी विधान मान्नु पर्छ ॥४८॥

तदेवमायां नरदेवि दोषतो न तत्प्रयातं प्रति गन्तुमर्हसि ॥
न कामकारो मम नास्य वाजिनः कृतानुयात्रः सहि दैवतैर्गतः ॥४९॥

त्यसैले हे देवी ! यी राजकुमार गएको कुराको निम्ति हामीलाई दोषी नमान्नुहोला । न मेरो इच्छाले केही हुन्छ । न घोडाको नै इच्छाले हुन्छ । उनी देवताको प्रेरणा पाएर नै गएका हुन् ॥४९॥

इति प्रयाणं बहुदेवमद्भुतं निशम्य ता स्तस्य महात्मनः स्त्रियः ॥
प्रनष्टशोका इव विस्मयं ययुर्मनोज्ञरं प्रव्रजनात्तु लेभिरे ॥५०॥

यस प्रकारको ती महात्माको अनेक देवताद्वारा प्रेरणा र अद्भुत रीतिले गएको कुरा सुनी शोक नष्ट भएका स्त्रीहरूले आश्चर्य माने । तर उनीहरू सन्यासलिएका कुरा सुनी संतप्त भए ॥५०॥

विषादपारिप्लवलोचना ततः प्रनष्टपोता कुररीव दुःखिता ॥
विहाय धैर्यं विरुराव गौतमी ततास चैवाश्रुमुखी जगाद च ॥५१॥

बच्चा नष्ट भएको न्याउली झैं शोकले विह्वल आँखा पारेकी मुखभरी आँसु लिएकी गौतमी धैर्य छोडी रुन थालिन्, तथा मूर्च्छा खुलेपछि भन्नलागिन् ॥५१॥

महोर्मिमत्तो मृदवोऽसिताः शुभाः पृथक् पृथक् मूलरुहाः समुद्गताः ॥
प्रवेरितास्ते भुवि तस्य मूर्धजा नरेन्द्रमौलीपरिवेष्टनक्षमाः ॥५२॥

घुँघुरिएका, कोमल, काला, कल्याणकारी, भिन्नभिन्नै गरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जरैदेखि आएका राजमुकुट धारण गर्न योग्य जुन केश (कपाल) थिए, के ती राजकुमारले पृथ्वीमा खसाले ? ॥५२॥

प्रलम्बबाहुर्मृगराजविक्रमो महर्षभाक्षः कनकोज्ज्वलद्युतिः ॥
विशालवक्षा घनदुन्दुभिस्वन स्तथाविधोऽप्याश्रमवासमर्हति ॥५३॥

लामा हात, सिंहको जस्तो गति. साँढेका जस्ता ठुल-ठूला आँखा, सुवर्णको जस्तो उज्वल कान्ति, ठूलो छाती, मेघ तथा दुन्दुभिको जस्तो शब्द भएका राजकुमार के आश्रममा वस्न योग्य हुन् ? ॥५३॥

अभागिनी नूनमियं वसुंधरा तमार्यकर्माणमनुत्तमं पतिम् ॥
गतस्ततोऽसौ गुणवान् हि तादृशो नृपः प्रजाभाग्यगुणैः प्रसूयते ॥५४॥

निश्चय नै ती राजकुमार जस्ता असल कर्म गर्ने अत्यन्त उत्तम पति पाउनु यी पृथ्वीको भाग्यमा थिएन । त्यसैले यिनी गए । गुणवान् व भाग्यले ने जन्म लिन्छन् ॥५४॥

सुजातजालावतताङ्गुलि मृदू निगूगुल्फौ विसपुष्पकोमलौ ॥
बनान्तभूमिं कठिनां कथं नु तौ सचक्रमध्यौ चरणौ गमिष्यतः ॥५५॥

उनका ती दुवै पाउ, जसका औंलामा सुन्दर रेखाजाल बिछाइएका छन्, औंलाका गाँठाहरू छिपेका छन् । जुन पाउ कमलको तन्तु या फूल झैं कोमल छन् । जसको बीचमा चक्रको चिन्ह छ । ती पाउ कठिन वनभूमिमा कसरी जान सक्लान् ? ॥५५॥

वमानपृष्ठे शयनासनोचितं महार्हवस्त्रागुरुचन्दनार्चितम् ॥
कथं नु शीतोष्णजलागमेषुतच्छरीरमोजस्वि वने भविष्यति ॥५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनको त्यो तेजस्वी शरीर जो घेरै मोल पर्ने वस्त्र, धूप, चन्दनले युक्त कौसीको शय्यारूपी सिंहासनमा बस्न योग्य थियो, त्यही भक्ति अहिले जाडो गर्मी वर्षा तीनै कालमा कसरी वनैमा बस्न सक्ला ! ॥५६॥

कुलेन सत्त्वेन बलेन वर्चसा श्रुतेन लक्ष्म्या वयसा च गर्वितः ॥
प्रदातुमेवाभ्युचितो न याचितुं कथं सभिक्षां परतश्चरिष्यति ॥५७॥

जो कुल, पराक्रम, बल, तेज, विद्या, लक्ष्मी, अवस्थाले संपन्न छ । जो अरुलाई दिन सक्तछ, कसैसँग माग्न सक्तैन, यस्ता राजकुमार कसरी अरुसँग भिक्षा माग्लान् ? ॥५७॥

शुचौ शयित्वा शयने हिरण्मये प्रबोध्यमानो निशि तूर्यनिस्वनैः ॥
कथं नु स्वप्स्यति सोऽद्य मे व्रती पटैकदेशान्तरिते महीतले ॥५८॥

पवित्र सुवर्णमय बिछ्यौनामा सुतेका जुन राजकुमार बिहानीपख शहनाईको स्वरमा उठाइन्थे । अब व्रतमा रहेका उनै मेरा पुत्र कुमार एक कुनामा धोती ओछ्याएर कसरी सुत्लान् ? ॥५८॥

इमं प्रलापं करुणां निशम्य ता भुजैः परिष्वज्य परस्परं स्त्रियः ॥
विलोचनेभ्यः सलिलानि तत्यजुर्मधूनि पुष्पेभ्यः इवेरिता लताः ॥५९॥

ती स्त्रीहरू गौतमीको यस्तो करुणाजनक विलाप सुनी एउटीले अर्काको हात समाती हल्लिएको लहराले फूलका रसको वर्षा गरे झैं आँखाबाट आँसुको धारा बगाउनथाले ॥५९॥

ततो धरायामपदद्यशोधरा विचक्रवाकेव रथाङ्गसाह्वया ।
शनैश्च तत्तद्विललाप विक्लवा मुहुर्मुहुर्गद्गदरुद्धया गिरा ॥६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि चक्रवाक (चखेवासँग बिछोड भएकी चक्रवाकी झैं यशोधरा पृथ्वीमा गिरिन् र विकल हुँदै गद्गद् स्वरमा नाना कुरा संझी बारंबार विलाप गर्न लागिन् ॥६०॥

समामनाथां सहधर्मचारिणीमपास्य धर्मं यदि कर्तुमिच्छति ॥
कुतोऽस्य धर्मः सहधर्मचारिणीं विनातपो यः परिभोक्तुमिच्छति ॥६१॥

उनी म अनाथ सहधर्मचारिणीलाई छोडेर धर्म गर्ने इच्छा गर्छन् भने, जो सहधर्मचारिणी विना तपस्या गर्ने इच्छा गर्छन् उनलाई कहाँबाट धर्म होला ? अर्थात् सहधर्म नै सफल हुँदैन ॥६१॥

श्रृणोति नूनं स नपूर्वपार्थिषान्महासुदर्शप्रभृतीन् पितामहान् ॥
वदानि पत्नीसहितानुतेयुषस्तथा हि धर्मे मदृते चिकीर्षति ॥६२॥

अवश्य यिनले प्राचीन राजाहरू र महासुदर्शन आदि आफ्ना बाजेहरूका विषयमा सुनेका रहेनछन् । जो पत्नीलाई साथ लिई वनतर्फ गएका थिए । तत्र यिनी मविना किन धर्म गर्ने इच्छा गर्छन् ॥६२॥

मखेषु वा वेदविधानसंस्कृतौ नदंपती पश्यती दीक्षितावुभौ ॥
समं बुभुक्षु परितोऽपि तत्फलं ततोऽस्य जातो मयि धर्ममत्सरः ॥६३

यिनले यज्ञमा वेदविधानले शुद्ध भएका, परलोकमा पनि यज्ञ-फलको साथसाथै भोग गर्ने इच्छा गर्ने दीक्षित दम्पतीलाई देखेका छैनन् । त्यसैले यिनको ममा द्वेष भएको ठान्छु, मैले धर्म नपाऊँ भन्ने यिनको इच्छा छ ॥६३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्रुव सजानन्मम धर्मबल्लभो मनः प्रियेर्ष्याकलहं मुहुर्मिथः ॥
सुखं बिभीर्मामसहाय रोषणां महेन्द्रलोकेऽप्सरसो जिघृक्षति ॥६४॥

ती धर्मप्रेमी निश्चय नै मेरो मनलाई एकान्तमा बारंबार कलह प्यारो लाग्ने जानी सुख नहोला भन्ने डरले रिसाहा स्वभाव भएकी मलाई छोडी इन्द्रलोकमा अप्सरा पाउन इच्छा गर्छन् ॥६४॥

इय तु चिन्ता मम कोदृशं तु वा वपुर्गुण बिभ्रति तत्र योषितः ॥
वने यदर्थं स तपांसि तप्यते श्रियं च हित्वा मम भक्तिमेव च ॥६५॥

त्यहाँका स्त्रीहरूले कस्तो उत्तम रूप धारण गरेका होलान् भन्ने मलाई चिन्ता छ। जसका निंति उनी मेरो भक्ति र राज्यलक्ष्मीलाई छोडी वनमा तपस्या गर्न गएका छन् ॥६५॥

नखल्वियं स्वर्गसुखाय मे स्पृहा न तज्जनस्यात्मवतोपि दुर्लभम् ॥
स तु प्रियो मामिह वा परत्र वा कथं न जह्यादिति मे मनोरथः ॥६६॥

स्वर्ग-सुखको मलाई निश्चय इच्छा छैन। त्यो सुख जितेन्द्रिय पुरुषलाई दुर्लभ हुँदैन। मलाई त ती मेरा प्राण-वल्लभले यस लोक वा परलोकमा कैल्हे पनि नछोडून् भन्ने इच्छा छ ॥६६॥

अभागिनी यद्यहमायतेक्षणा शुचिस्मितं भर्तुरुदीक्षितुं मुखम् ॥
न मन्दभाग्योऽर्हति राहुलोऽप्ययं कदाचिदङ्के परिवर्तितुं पितुः ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि ठूला आँखा तथा पवित्र हाँसो भएको मुख हेर्ने मेरो भाग्यमा छैन भने के मन्दभाग्य भएको राहुल पनि उसका बुबाको काखमा पल्टन योग्य छैन ? ॥६७॥

अहो नृशंसं सुकुमारवर्चसः सुदारुणं तस्य मनस्विनो मनः ॥
कलप्रलापं द्विषतोऽपि हर्षणं शिशुः सुतं यस्त्यजतीदृश बत ॥६८॥

अहो ! सुकुमार रूप भएका ती मनस्वीको मन निर्दय र अति कठोर रहेछ । जो तोतेबोली बोल्ने शत्रुको मन पनि रमाउने यस्तो आफ्नू बालक पुत्रलाई छोडिरहेछन् ॥६८॥

ममापि कामं हृदयं सुदारुणं शिलामयं वाप्ययसोऽपि वा कृतम्
अनाथवच्छीरहिते सुलोचिते वनंगते भर्तरि यन्न दीर्यते ॥६९॥

मेरो हृदय पनि अत्यन्त कठोर रहेछ, दुङ्गाले बनेको जस्तो । जुन हृदय सुख गर्नमा योग्य स्वामी अनाथ झैं शोभा रहित भएर वन जाँदा पनि छिया छिया हुन सकेन ॥६९॥

इतीह देवी पतिशोकमूर्च्छिता रुरोद दध्यौ विललाप चासकृत् ॥
स्वभावधीरापि हि सा सती शुचा धृतिं न सस्मार चकार नो ह्रियम् ॥७०॥

यसतरह पतिशोकले मूर्छित भएकी देवीले बारबार रुनु, ध्यान गर्नु र विलाप गर्नु आदि गरिन् । स्वभावले धैर्यशालिनी थिइन्, तापनि ती सतीले शोकले गर्दा धैर्यलाई संझिनन लाज पनि मानिनन् ॥७०॥

ततस्तथा शोकविलापविक्लवां यशोधरां प्रेक्ष्य वसुन्धरागताम् ॥
महारविन्दैरिव वृष्टिताडितैर्मुखैः सबाष्पैर्वनिता विचुक्रुशुः ॥७१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि यसरी शोक र विलापले विकल भएर पृथ्वीमा लडेकी यशोधरालाई देखी स्त्रीहरू वर्षाले चुटेको ठूलो कमल जस्तो मुखभरी बलिन्द्रधारा आँसु बगाउँदै कराउन थाले ॥७१॥

समाप्तजाप्यः कृतहोममङ्गलो नृपस्तु देवायतनाद्विनिर्ययौ ॥
जनस्य तेनार्तरवेण चाहतश्चचाल वज्रध्वनिनेव वारणः ॥७२॥

राजा पनि जप तथा माङ्गलिक होमहरू गरी देवमन्दिरबाट बाहिर निस्के । जनताको त्यो आर्तनाद सुनी वज्रको शब्दले हात्ती कामे झैं उनी पनि कामे ॥७२॥

निशाम्य च च्छन्दककन्थकावुभौ सुतस्थसंश्रुत्य चनिश्चयं थिरम् ॥
पपात शोकाभिहतो महीपतिः शचीपतेर्वृत्त इवोत्सवे ध्वजः ॥७३॥

छन्दक र कन्थकलाई देख्दा र छोराको दृढ निश्चय सुन्दा शोकले विह्वल भएका राजा उत्सवसमाप्तिमा इन्द्रको ध्वजा लडे झैं लडे ॥७३॥

ततो मुहूर्तं सुतशोकमोहितो जनेन तुल्याभिजनेन धारितः ॥
निरीक्ष्य दृष्टया जलपूर्णया हयं महीतलस्थो विललाप पार्थिवः ॥७४॥

त्यसपछि पुत्रशोकले मुहूर्तभर बेहोश भएका राजालाई योग्य परिवारका मानिसहरूले समाते । (होश खुलेपछि) राजा पृथ्वीमा सुतेर नै आँसु टलपल भएका दृष्टिले घोडालाई हेर्दै विलाप गर्न लागे ॥७४॥

बहूनि कृत्वा समरे प्रियाणि मे महत्त्वया कथक विप्रियं कृतम् ॥
गुणप्रियो येन वने स मे प्रियः प्रियोऽपि सन्नप्रियवत्प्रवेरितः ॥७५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे कन्थक ! तिमीले युद्धमा मेरो धेरै प्यारो काम गरेर पनि अहिले यो ज्यादै अप्रिय काम गऱ्यौ । मेरा ती गुण-प्रिय पुत्रलाई प्यारो मानेरै पनि अप्रिय भैं वनमा फ्याँक्यौ ॥७५॥

तदद्य मां वा नय तत्र यत्र स व्रज द्रुतं वा पुनरेनमानयः ॥
ऋते हि तस्मान्मम नास्ति जीवितं विगाढरोगस्य सदौषधादिव॥७६॥

त्यसैले आज मलाई तिनी जहाँ छन्, त्यहीं लैजाऊ वा चाँडै गएर उनलाई ली आऊ । जस्तो रोगग्रस्त पुरुष राम्रो औषधि नपाई जीवित रहँदैन, त्यस्तै उनी विना म पनि जीवित रहन सक्तिन ॥७६॥

सुवर्णनिष्ठीविनि मृत्युना हृते सुदुष्करं यत्र ममार सृंजयः ॥
अहं पुनर्धर्मरतौ सुते गते मुमुक्षुरात्मानमनात्मवानिव ॥७७॥

सुवर्णनिष्ठीवीलाई मृत्युले हरण गर्दा सृञ्जय मरेनन् । यो उनको अत्यन्त दुष्कर कर्म थियो, तर म धर्मलाई प्यारो मान्ने छोरासँग वियोग हुँदा पनि असंयतात्मा पुरुष झैं प्राण छोड्न इच्छा गर्छु ॥७७॥

विभोर्दशत्रक्रतुः प्रजापतेः परापरज्ञस्य विवस्वदात्मनः ॥
प्रियेण पुत्रेण सता विनाकृतं कथं न मुह्येद्धि मनोर्मनोरपि ॥७८॥

दश राज्यको सृष्टि गर्ने, समर्थवान्, भूत भविष्यत् का ज्ञाता, प्रजापति विवस्वान्का पुत्र मनुको मन पनि प्रिय पुत्रको वियोगमा किन मूर्च्छित नहोला ? ॥७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अजस्य राज्ञस्तनयाय धीमते नराधिपायेन्द्रसखाय मे स्पृहा ॥
गते वनं तत्तनये दिवं गतो न मोघबाष्पः कृपणं जिजीव ह ॥७९॥

महाराज अजका बुद्धिमान् छोरा इन्द्रका मित्र राजा दशरथसँग मलाई ईर्ष्या छ । उनी छोरावन गएपछि स्वर्गतर्फ गए । व्यर्थ आँसु बगाई दुःखी भएर जीवित रहेनन् ॥७९॥

प्रचक्ष्व मे भद्र तदाश्रमाजिरं श्रुतस्त्वया यत्र स मे जलाञ्जलिः ॥
इमे परीप्सन्ति हि तं पिपासवो ममासवः प्रेतगतिं यियासवः ॥ ८०॥

त्यसैले हे कल्याणचिन्तक ! मलाई त्यो आश्रमस्थान बताऊ, जहाँ तिमीले मलाई जलाञ्जलि दिने मानिस हरण गरी लगेका छौ । किनभने मर्ने इच्छा गर्ने यी मेरा तृषित प्राण राजकुमारलाई पाउन खोज्छन् ॥८०॥

इति तनयवियोगजातदुःखः क्षितिसदृशं सहजं विहाय धैर्यम् ॥
दशरथ इव रामशोकवश्यो बहु विललाप नृपो विसंज्ञकल्पः ॥८१॥

यसरी पुत्रवियोगले दुःख मानेका राजाले पृथ्वीको जस्तो स्वाभाविक धैर्यलाई छोडी रामको शोकमा परेका दशरथ झैं अचेत भएर धेरै विलाप गरे ॥८१॥

श्रुतविनयगुणान्वितस्ततस्तं मतिसचिवः प्रवयाः पुरोहितश्च ॥
समधृतमिदमूचतुर्यथावन्न च परितप्तमुखौ न चाप्यशोकौ ॥८२॥

त्यसपछि ज्यादै शोक नगरेका र शोकलाई पनि नछोडेका, शास्त्रज्ञ, नम्रता र अरु गुणले संपन्न बुद्धिमान्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्त्री तथा पुरोहितका आड लिएर बसेका राजालाई तिनी उचित कुरा भन्नलागे ॥८२॥

त्यज नरवर शोकमेहि धैर्यं कुधृतिरिवार्हसि धीर नाश्रुमोक्तुम् ॥
स्रजमिव मृदितामपास्य लक्ष्मीं भुवि बहवो नृपा वनान्यतीयुः ॥८३॥

हे नरश्रेष्ठ महाराज ! शोक छोड्नुहोस्, धैर्य धारण गर्नुहोस्, अधीर पुरुष झैं आँसु नबगाउनुहोस्, यस पृथ्वीका घेरै राजाहरू वैलाएको मालालाई झैं लक्ष्मीलाई त्यागेर वनमा गए भन्छन् ॥८३॥

अपि च नियत एष तस्य भावः स्मर वचनं तदृषेः पुरासितस्य ॥
न हि स दिवि न चक्रवर्तिराज्ये क्षणमपि वासयितुं सुखेन शक्यः ॥८४॥

हुन पनि उनको त्यस्तो भाव हुनु अवश्यंभावी थियो र पहिले नै असित मुनिले भनेको वचन संझ। स्वर्गमा होस् वा चक्रवर्ती राज्यमा होस् उनलाई एक क्षण पनि सुखले राख्न सकिन्न ॥८४॥

यदि तु नृवर कार्यं एव यत्नस्त्वरितमुदाहर यावदत्र यावः ॥
बहुविधमिह युद्धमस्तु तावत्तव तनयस्य विधेश्च तस्य तस्य ॥८५॥

हे नरश्रेष्ठ राजन् ! यदि यत्न गर्नु पर्छ भन्ने आज्ञा हुन्छ भने आज्ञा होस् हामी दुवै त्यहाँ जानेछौं, तपाईंका छोराको र हाम्रो थरी थरीका उपायको बीचमा अनेक प्रकारको संघर्ष होस् ॥८५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरपतिरथ तौ शशास तस्माद्द्रुतमित एव युवामभिप्रयातम् ॥
न हि मम हृदयं प्रयाति शान्तिं वनशकुनेरिव पुत्रलालसस्य ॥८६॥

त्यसपछि राजाले 'तिमीहरू दुवै जना यतैबाट चाँडै जाऊ" भनी आज्ञा दिए र भने 'पुत्रका निंति उत्सुक, वनका पक्षीको हृदय झैं मेरो हृदयले शान्ति पाएको छैन' ॥८६॥

परममिति नरेन्द्रशासनात्तौ ययतुरमात्यपुरोहितौ वनं तत् ॥
कृतमिति सवधूजनः सदारो नृपतिरपि प्रचकार शेषकार्यम् ॥८७॥

राजाको आज्ञाले मन्त्री र पुरोहित दुवै 'हवस्' भनी वन तर्फ गए । राम्रो काम गरें भन्ने संझेका राजाले बुहारी र रानीहरूलाई साथ ली बाँकी रहेका कामहरू गरे ॥८७॥

❀आठौं सर्ग समाप्त❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र नवम सर्ग

कुमारको अन्वेषण

ततस्तदा मन्त्रिपुरोहितौ तौ बाष्पप्रतोदाभिहतौ नृपेण ॥
विद्धौ सदश्वाविव सर्वयत्नात्सौहार्दशीघ्रं ययतुर्वनं तत् ॥१॥

त्यसपछि उत्तिखेरै मन्त्री पुरोहित दुवै राजाका आँसुरूपी अंकुशले आहत भएर विद्ध भएका घोडा झैं, मित्रताले गर्दा सबै यत्न गरी चाँडै त्यस वनतिर गए ॥१॥

तमाश्रमं जातपरिश्रमौ तावुपेत्य काले सदृशानुयात्रौ ॥
राजर्द्धिमुत्सृज्य विनीतचेष्टावुपेयतुर्भार्गवधिष्ण्यमेव ॥२॥

समयमा योग्य अनुचरका साथ थाकेका ती आश्रमको नगीचै पुगेर राजसी वेषभूषा छोडी, नम्र भई भार्गव ऋषिको आश्रममा गए ॥२॥

तौ न्यायतस्तं प्रतिपूज्य विप्रं तेनार्चितौ तावपि चानुरूपम् ।
कृतासनौ भार्गवमासनस्थं ज्ञित्वा कथामूचतुरात्मकृत्यम् ॥३॥

ती दुवैले भार्गव ऋषिको धर्मानुसार संमान गरे । उनले पनि ती दुवैको यथायोग्य पूजा गरे । आसनमा बसेका तिनीहरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आसनमा बस्नु भएको भार्गवसँग सक्षेपमा कुरा गरी आफू आउनाको उद्देश्य बताए ॥३॥

शुद्धौजसः शुद्धविशालकीर्तेरिक्ष्वाकुवंशप्रभवस्य राज्ञः ॥
इमं जनं वेत्त भवानधीतं श्रुतग्रहे मन्त्रपरिग्रहे च ॥४॥

शुद्ध तेज र शुद्ध विशाल कीर्ति भएका इक्ष्वाकुका कुलमा उत्पन्न राजा शुद्धोदनको शास्त्र तथा मन्त्रणा गर्न सिपालु (पुरोहित र मन्त्री) हुन भनी (हामीलाई) जान्नुहोस् ॥४॥

तस्येन्द्रकल्पस्यः जयन्तकल्पः पुत्रो जरामृत्युभयं तितीर्षुः ॥
इहाभ्युपेतः किल तस्य हेतोरावामुपेतौ भगवानवैतु ॥५॥

दी इन्द्र जस्ता राजाको जयन्त जस्ता छोरा, जरामृत्युको भय पार गर्ने इच्छाले यहाँ आएका छन् । तिनैको निति हामी यहाँ आएका हौं भनी तपाईं जान्नुहोस ।५॥

तौ सोऽब्रवीदस्ति स दीर्घबाहुः प्राप्तः कुमारो न तु नावबुद्धः ॥
धर्मोऽयमावर्तक इत्यवेत्य यातस्त्वराडाभिमुखो मुमुक्षुः ॥६॥

ती मन्त्री पुरोहित दुवैलाई भार्गवले भने 'ती लामा लामा हात भएका कुमार यहाँ अएका थिए । उनी अज्ञानी छैनन् । यो हाम्रो धर्म पुनर्जन्म दिने रहेछ भन्ने ठानेर मोक्षको इच्छाले अराड मुनिको आश्रमतिर गए' ॥६॥

तस्मात्ततस्तावुपलभ्य तत्त्वं तं विप्रमामन्त्र्य तदैव सद्यः ।
खिन्नावखिन्नाविव राजभक्त्या प्रसस्रतुस्तेन यतः स यातः ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि भार्गव मुनिबाट यथार्थ समाचार जानी उनीसंग बिदा मागी उत्तिखेरै तो दुवै त्यहाँबाट राजकुमार गएको बाटोतिर लागे। यद्यपि ती थाकेका थिए, तैपनि राज भक्तिले उत्साहसंपन्न देखिन्थे ॥७॥

यान्तौ ततस्तौ मृजया विहीनमपश्यतां तं वपुषोज्ज्वलन्तम् ॥
उपोढविष्ठं पथि वृक्षमूले सूर्यं घनाभोगमिव प्रविष्ठम् ॥८॥

त्यसपछि जान लागेका ती दुवैले, बाटामा स्नान नगरेका, तर तेजस्वी शरीरले देदीप्यमान ती कुमारलाई मेघको घेरामा सूर्य प्रविष्ट भए झैं बसेको देखे ॥८॥

यानं विहायोपययौ ततस्तं पुरोहितो मन्त्रधरेण सार्धम् ।
यथा वनस्थं सहवामदेवो रामं दिदृक्षुर्मुनिरौर्वशेयः ॥९।

त्यसपछि मन्त्रीकासाथ पुरोहित आफू चढेको सवारी छोडेर उनकै नजीकमा गए। जस्तो वनमा बसेका रामकहाँ वामदेवका साथ दर्शन गर्न इच्छा गर्ने वशिष्ठ ऋषि गएका थिए ॥९॥

तावर्चयामासतुरर्हतस्तं दिवीव शुक्राङ्गिरसौ महेन्द्रम ।
प्रत्यर्चयामास स चार्हतस्तौ दिवीव शुक्राङ्गिरसौ महेन्द्र ॥१०॥

त्यसपछि ती दुवैले स्वर्गमा शुक्र र वृहस्पतिले इन्द्रको पूजा गरे झैं पूज्य ती राजकुमारको पूजा गरे। उनले पनि स्वर्गमा इन्द्रले शुक्रवृहस्पतिको पूजा गरे झैं ती दुवैको उचित पूजा गरे ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृताभ्यनुज्ञावभितस्ततस्तौ निषेदतुः शाक्यकुलध्वजस्य ।
विरेजतुस्तस्य च सन्निकर्षे पुनर्वसू योगगताविवेन्दोः ॥११।

अनि ती दुवै राजकुमारको आज्ञा पाएर शाक्यकुलको ध्वजाजस्ता राजकुकारको दुवै तर्फ बसे। उनको नजीकमा बस्ता ती दुवैको शोभा चन्द्रमाको योगमा पुनर्वसु नक्षत्रले पाएको शोभा जस्तो देखियो ॥११॥

तं वृक्षमूलस्थमभिज्वलन्तं पुरोहितो राजसुतं बभाषे ।
यथोपविष्टं दिवि पारिजाते बृहस्पतिः शक्रसुतं जयन्तम् ॥१२॥

पुरोहितले वृक्षको फेदमा बसेका ती तेजस्वी राजपुत्र-लाई स्वर्गमा पारिजातको वृक्षमुनि बसेका इन्द्रका छोरा जयन्त-लाई वृहस्पतिले झैं भन्नलागे ॥१२॥

त्वच्छोकशल्ये हृदयावगाढे मोहं गतो भूमितले मुहूर्तम
कुमार राजा नयनाम्बुवर्षो यत्वामवोचत्तदिदं निबोध ॥१३॥

हे कुमार ! राजा तपाईंको शोकरूपी किलो हृदयमा गडें पछि एक मुहूर्त पृथ्वीमा बेहोश भएर आँखाबाट आँसु बगाई तपाईंलाई जे भन्नु भएको छ, ती यीनै कुरा हुन्, सुन्नुहोस् ॥१३॥

जानामि धर्मं प्रति निश्चयं ते परैमि ते भाविनमेतदर्थम् ॥
अहं त्वकाले वनसंश्रयात्ते शोकाग्निनाग्निप्रतिमेन दह्ये ॥१४॥

हे पुत्र ! धर्ममा तिम्रो विश्वास छ भन्ने जान्दछु। यो तिम्रो पछि हुने कुराको लक्ष्य हो भन्ने पनि जान्दछु, तर तिमीले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समय नहुँदैमा वनको आश्रय लिएकोले म अग्निसमान शोकाग्निमा जलेको छु ॥१४॥

तदेहि धर्मप्रिय मत्प्रियार्थं धर्मार्थमेव त्यज बुद्धिमेताम् ।
अयं हि मा शोकरयः प्रवृद्धो नदीरयः कूलमिवाभिहन्ति ॥१५॥

त्यसैले हे धर्मप्रिय ! मलाई प्यारो लाग्ने काम गर्न आऊ । धर्मका निंति नै यो बुद्धि छोड । यो बढेको शोकको वेगले नदीको वेगले किनारा काटिए झैं मलाई मारिरहेछ ।

मेघाम्बुकक्षाद्रिषु या हि वृत्तिः समीरणार्काग्नि महाशनीनाम् ॥
तां वृत्तिमस्मासु करोति शोको विकर्षणोच्छोषणदाहभेदैः ॥१६॥

मेघ जल झार पर्वतमा कुमैले वायु सूर्य अग्नि महावज्रको जुन काम हुन्छ, त्यही काम शोकले मलाई विकर्षण (तान्नु) शोषण (सुकाउनु) दाह (पोल्नु) भेदन (फुटाउनु) द्वारा गरेको छ ॥१६॥

तद्भुङ्क्ष्व तावद्वसुधाधिपत्यं कालं वनं यास्यसि शास्त्रदृष्टं ॥
अनिष्टबन्धौ कुरु मय्यपेक्षां सर्वेषु भूतेषु दया हि धर्मः ॥१७॥

त्यसैले पृथ्वीको आधिपत्य भोग गर । शास्त्रले बताएको समय आएपछि वनतर्फ जानेछौ । म जस्तो अनिष्ट पिताको इच्छालाई पूर्ण गराऊ । सबै प्राणीमा दया गर्नु धर्म हो ॥१७॥

न चैष धर्मो वन एव सिद्धः पुरेऽपि सिद्धिर्नियता यतीनाम् ॥
बुद्धिश्च यत्नश्च निमित्तमत्र वनं च लिङ्गं च हि भीरुचिह्नम् ॥१८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो धर्म वनैमामात्र सिद्ध हुन्छ भन्ने पनि छैन । नगरमा पनि यतिहरूको सिद्धि नियत (अवश्यंभावी) छ । यसको बुद्धि र प्रयत्न नै कारण हुन् । वन र वेष ता कातरका चिन्ह हुन् ॥१८॥

मौलीधरैरंसविषक्तहारैः केयूरविष्टब्धभुजैर्नरेन्द्रैः ॥
लक्ष्म्यङ्कमध्ये परिवर्तमानैः प्राप्तो गृहस्थैरपि मोक्षधर्मः ॥१९॥

मुकुट लगाएका, घाँटीमा हार पहिरेका, हातमा बाजू धारण गरेका, लक्ष्मीको काखमा खेल्ने राजाहरूले गृहस्थ भएर पनि मोक्ष धर्म पाए ॥१९॥

ध्रुवानुजौ यौ बलिवज्रबाहू वैभ्राजमाषाढमथान्तिदेवम् ॥
विदेहराजं जनकं तथैव रामं द्रुमं सेनजितश्च राज्ञः ॥२०॥

ध्रुवका भाइ बलि, बज्रबाहु तथा वैभ्राज, आषाढ, अन्तिदेव, विदेहराज जनक, राम, द्रुम, सेनजित् आदि गरेका राजाहरू ॥२०॥

एतान् गृहस्थान्नृपतीनवेहि नैःश्रेयसे धर्मविधौ विनीतान् ॥
उभौ तु तस्माद्युगपद्भजस्व ज्ञानाधिपत्यं च नृपश्रियं च ॥२१॥

सबै गृहस्थ राजा कल्याणकारी धर्मविधिमा शिक्षित थिए । त्यसैले (तिमी पनि) ज्ञानको आधिपत्य र राज्यलक्ष्मी दुवैको सँगसँगै सेवन गर ॥२१॥

इच्छामि हि त्वामुपगुह्य गाढं कृताभिषेकं सलिलार्द्रमेव ।
धृतातपत्रं समुदीक्षमाणास्तेनैव हर्षेण वनं प्रवेष्टुम् ॥२ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई (राज्यको) अभिषेक गर्दा पानीले भिजेको तिमी लाई गाढ आलिङ्गन गरी छातामुनि बसेको हेर्दै त्यसैको आनन्दमा वन जाऊँ भन्ने इच्छा छ ॥२२॥

इत्यब्रवीद् भूमिपतिर्भवन्तं वाक्येन बाष्पग्रथिताक्षरेण ॥
श्रुत्वा भवानर्हति तत्प्रियार्थं स्नेहेन तत्स्नेहमनुप्रयातुम् ॥२३

महाराजले तपाईंलाई यस्तो भन्नुभएको छ। वहाँका वाक्यका अक्षरहरू आँसुले गुँथिएका थिए। कुरा सुनेर तपाईंले स्नेहपूर्वक वहाँलाई प्यारो लाग्ने काम गर्न उनका स्नेहको पछि लाग्नु योग्य छ ॥२३॥

शोकाम्भसि त्वत्प्रभवे ह्यगाधे दुःखार्णवे मज्जति शाक्यराजः ॥
तस्मात्तमुत्तारय नाथहीनं निराश्रयं मग्नमिवार्णवे नौः ॥२४॥

तपाईंबाट उत्पन्न भएको शोकरूपी जल भएको यो अगाध दुःखसागरमा शाक्यराज डुबनु भएको छ। जस्तो समुद्रमा डुबेको निराश्रय व्यक्तिलाई नाउद्वारा उतारिन्छ, त्यस्तै आधारहीन वहाँलाई पनि उतार्नु होस् ॥२४॥

भीष्मेण गङ्गोदरसंभवेन रामेण रामेण च भार्गवेण ॥
श्रुत्वा कृतं कर्म पितुः प्रियार्थं पितुस्त्वमप्यर्हसि कर्तुमिष्टम् ॥२५॥

गङ्गाको पेटबाट उत्पन्न भएका भीष्मले, रामले तथा भृगु-पुत्र रामले पिताको प्यारो लाग्ने काम गरे। यो सुनेर तपाईंले पनि पितालाई प्यारो लाग्ने काम गर्नु पर्छ ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संवर्धयित्रीं समवेहि देवीमगस्त्यजुष्टां दिशमप्रयाताम् ।
प्रनष्टवत्सामिव वत्सलां गामजस्रमार्तां करुणं रुदन्तीम् ॥२६॥

तपाईंलाई पालनपोषण गर्ने देवी (गौतमी) पनि अगस्त्य ऋषिले सेवा गरेको दिशा (दक्षिण) तर्फ गएकी छैनन् अर्थात् मरेकी छैनन् । तर बाच्छो मरेकी वत्सला गाई झैं दुःखी भएर निरन्तर रोइरहन्छिन् ॥

हंसेन हंसीमिव विप्रयुक्तां त्यक्तां गजेनेव वने करेणुम् ॥
आर्तां सनाथामपि नाथहीनां त्रातुं बधूमर्हसि दर्शनेन ॥२७॥

हाँससंग बिछोड भएकी हंसिनी झैं, हात्तीले वनमा छोडेकी हथिनी झैं, सनाथ भएर पनि अनाथ भएकी, दुःखिनी आफ्नी रानीलाई दर्शन दिएर तपाँईले वहाँको रक्षा गर्नु पर्छ ॥२७॥

एकं सुतं बालमनर्हं दुःखं संतापमन्तर्गतमुद्वहन्तम् ॥
तं राहुलं मोचय बन्धुशोकाद्राहूपसर्गादिव पूर्णचन्द्रम् ॥२८॥

दुःख सहन नसक्ने एकमात्र बालक छोरा छन् । उनले पनि आन्तरिक संताप भोग्नु परेको छ । ती राहुललाई राहुको ग्रासबाट मुक्त भएको पूर्णचन्द्र झैं पितृशोकबाट मुक्त पार्नु होस् ॥२८॥

शोकाग्निना त्वद्विरहेन्धनेन निःश्वासधूमेन तमः शिखेन ॥
त्वद्दर्शनाम्बिवच्छति दह्यमानमन्तः पुरं चैव पुरं च कृत्स्नम् ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपाईंको विरहरूपी दउरा, सासरूपी धूवाँ, मोहरूपी उज्यालो भएको शोकरूपी अग्निमा जलेको अन्तःपुर र सारा नगर तपाईंको दर्शनरूप जलको इच्छा गर्दछ ॥२९॥

स बोधिसत्वः परिपूर्णसत्वः श्रुत्वा वचस्तस्य पुरोहितस्य ।
ध्यात्वा मुहूर्तं गुणवद्गुणज्ञः प्रत्युत्तरं प्रश्रितमित्युवाच ॥३०॥

अत्यन्त बलवान् गुणी एवं गुणका ज्ञाता बोधिसत्वले ती पुरोहितको वचन सुनी मुहूर्त भर ध्यान गरी विनययुक्त यस्तो उत्तर दिए ॥३०॥

अवैमि भावं तनये तृणां विशेषतो यो मयि भूमिपस्य ॥
जानन्नपि व्याधिजराविपद्भ्यो भीतस्त्वगत्या स्वजनं त्यजामि ॥३१॥

छोरामा मानुको कस्तो प्रेम रहन्छ, त्यो जान्दछु । विशेष गरेर महाराजको ममा जुन भाव थियो, त्यो पनि जान्दछु । जानेरै पनि रोग, बुढ्याइ र विपत्तिको डरले अरू उपाय कुनै नहुँदा आत्मीय जनलाई मैले छोडेको हूँ ॥३१॥

द्रष्टुं प्रियं कं स्वजनं हि नेच्छेन्नान्ते यदि स्यात्प्रियविप्रयोगः ॥
यदा तु भूत्वापि चिरं वियोगस्ततो गुरुं स्निग्धमपि त्यजामि ॥३२॥

यदि अन्त्यमा प्रियजनसंग वियोग नहुँदो हो ता आफ्ना प्यारा स्वजनलाई हेर्न को इच्छा नगर्ला ? धेरैदिनसम संयोग भएरै पनि अन्त्यमा वियोग हुन्छ र त्यसैले आफ्ना स्नेही पितालाई पनि छोडेको हूँ ॥३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मद्धेतुकं यत्तु नराधिपस्य शोकं भवानाह न तत्प्रियं मे ॥
यत्स्वप्नभूतेषु समागमेषु संतप्यते भाविनि विप्रयोगे ॥३३॥

मेरो कारणले महाराजलाई शोक भयो भनी तपाईंले जुन कुरा भन्नु भो, त्यो मलाई रामो लाग्दैन । किनभने अवश्य पछि वियोग हुने स्वप्न जस्तो समागममा वहाँ किन संताप गर्नु हुन्छ ? ॥३३॥

एवं च ते निश्चयमेतु बुद्धिर्दृष्ट्वा विचित्रं जगतः प्रचारम् ॥
संतापहेतुर्न सुतो न बन्धुरज्ञाननैमित्तिक एष तापः ॥३४॥

यस्तो जगत्को विचित्र गति देखी तपाईंको बुद्धिले पनि सन्तापको हेतु न पुत्र हो, न बन्धु हो भन्ने निश्चय गर्नु पर्छ । त्यो संताप केवल अज्ञानको कारणले हुन्छ ॥३४॥

यथाध्वगानामिह संगतानां काले वियोगो नियतः प्रजानाम् ।
प्राज्ञो जनः को नु भजेत शोकं बन्धुप्रतिज्ञातजनैर्विहीनः॥३५॥

यस संसारमा कुनै स्थान वा कुनै समयमा बटुलिएका बटुवाहरूको वियोग हुनु अवश्यंभावी छ भने बन्धु बान्धव र परिचितजनहरूसंग वियोग हुंदा कुन बुद्धिमान् पुरुष शोक गर्ला ? ॥३५॥

इहैति हित्वा स्वजनं परत्र प्रलभ्य चेहापि पुनः प्रयाति ॥
गत्वापि तत्राप्यपरत्र गच्छत्येवं जने त्यागिनि कोऽनुरोधः ॥३६॥

मनुष्य पूर्वजन्ममा आफ्ना स्वजनलाई छोडी यहाँ आउँछ । यहाँबाट पनि आफ्ना मानिसलाई ठगेर जान्छ (मर्दछ)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यहाँबाट पनि फेरि अन्यत्र जान्छ । यसरी त्याग गर्दै जाने प्राणीमा किन आसक्ति गर्नु ? ॥३६॥

यदा च गर्भात्प्रभृति प्रवृत्तः सर्वास्ववस्थासु वधाय मृत्युः॥
कस्मादकाले वनसंश्रयं मे पुत्रप्रियस्तत्रभवानवोचत् ॥३७॥

जब गर्भकालदेखि लिएर सबै अवस्थामा मृत्यु वध गर्नलाई प्रवृत्त छ भने छोरालाई प्यारो गर्ने पूज्य पिताले मलाई असमयमा नै वनको आश्रय लियो भनेर किन भन्नु भो ? ॥३७॥

भवत्यकालो विषयाभिपत्तौ कालस्तथैवार्थविधौ प्रदिष्टः ॥
कालो जगत्कर्षति सर्वकालान्निर्वाहके श्रेयसि नास्ति कालः ॥३८॥

विषयको सेवन गर्दा कुनै निर्दिष्ट समय (काल) चाहिन्न धन कमाउने उपाय गर्दा काल बताइएको छ । काललले सबै समयमा संसारलाई आफूतर्फ तानिरहेको छ । मोक्ष दिने कल्याण कर्ममा कुनै समय (काल) निश्चित छैन ॥३८॥

राज्यं मुमुक्षुर्मयि यच्च राजा तदप्युदारं सदृशं पितुश्च ॥
प्रतिग्रहीतुं मम न क्षमंतु लोभादपथ्यान्नमिवातुरस्य ॥३९॥

महाराज, मलाई राज्य छोड्न इच्छा गर्नुहुन्छ भने त्यो पनि वहाँको उदारता र पिताको अनुरूप काम हो । तर रोगीले लोभमा परी कुफत अन्न ग्रहण गरे झैं मैले त्यो ग्रहण गर्नु उचित हुने छैन ॥३९॥

कथं नु मोहायतनं नृपत्वं क्षमं प्रपत्तुं विदुषा नरेण ॥
सोद्वेगता यत्र मदः श्रमश्च परापचारेण च धर्मपीडा ॥४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान् पुरुषका निंति मोहको स्थान भएको राजसत्ता स्वीकार गर्नु कसरी उचित हुन सक्ला ?। जहाँ उद्वेग, मद तथा परिश्रम छ। अरुमाथि अनाचार गर्दा धर्ममा बाधा हुनेछ ॥४०॥

जाम्बूनदं हर्म्यमिव प्रदीप्तं विषेण संयुक्तमिवोत्तमान्नम् ॥
ग्राहाकुलं चाम्भ्विव सारविन्दं राज्यं हि रम्यं व्यसनाश्रयं च ॥४१॥

वल्न लागेको सुवर्णको दरबार जस्तो, विष मिलेको उत्तम भोजन जस्तो, ग्राहले पूर्ण भएको कमलयुक्त जलाशय जस्तो राज्य रमणीय र विपत्तिको खानी छ ॥४१॥

इत्थं च राज्यं न सुखं न धर्मः पूर्वे यथा जातवृणा नरेन्द्राः ॥
वयःप्रकर्षेऽपरिहार्यदुःखे राज्यानि मुक्त्वा वनमेव जग्मुः ॥४२॥

यस्तो राज्यले न सुख हुन्छ, न धर्म हुन्छ भन्ने संझी वैराग्य भएका पहिले पहिलका राजाहरू, दुःख छुटाउन नसकिने वृद्धावस्थामा राज्यलाई छोडेर वन तर्फ लागे ॥४२॥

वरं हि भुक्तानि तृणान्यरण्ये तोषं परं रत्नमिवोपगुह्य ॥
सहोषितं श्रीसुलभैर्न चैव दोषैरदृश्यैरिव कृष्णसर्पैः ॥४३॥

जङ्गलमा खाएका घाँसहरूमा रत्नसंस्पर्शको झैं परम संतोष पाउनु असल हो। तर लक्ष्मी सुलभ भएका दोषहरूका साथ बस्नु असल होइन। किनभने ती कृष्ण सर्प झैं हेर्न पनि योग्य छैनन् ॥४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्लाघ्यं हि राज्यानि विहाय राज्ञां धर्मार्थि लाषेण वनं प्रवेष्टुम् ॥
भग्न-तिज्ञस्य न तूपपन्नं वनं परित्यज्य गृहं प्रवेष्टुम् ॥४४॥

राजाहरूले धर्मको इच्छा गरी राज्य छोडी वनमा जानु प्रशंसनीय हो, तर प्रतिज्ञाभङ्ग गरी वनलाई छोडी घरमा प्रवेश गर्नु योग्य होइन ॥४४॥

जातः कुले को हि नरः ससत्त्वो धर्माभिलाषेण वनं प्रविष्टः ॥
काषायमुत्सृज्य विमुक्तलज्जः पुरंदरस्यापि पुरं श्रयेत ॥४५॥

कुन धैर्यशाली मनुष्य असल कुलमा उत्पन्न भएर धर्मको इच्छाले वनमा गएर पनि गेरुवस्त्र त्याग गरी निर्लज्ज भएर स्वर्गमा पनि बस्न सक्ला ? ॥४५॥

लोभाद्धि मोहादथवा भयेन यो वान्तमन्नं पुनराददीत ॥
लोभात्स मोहादथवा भयेन संत्यज्य कामान् पुनराददीत ॥४६॥

जो पुरुष लोभ, मोह अथवा डरले वमन गरेको अन्न फेरि खाला, त्यही पुरुष लोभ, मोह, अथवा डरले छोडेका विषय हरूको पुनः सेवन गर्ला ॥४६॥

यश्च प्रदीप्ताच्छरणात्कथंचिन्निष्क्रम्य भूयः प्रविशेत्तदेव ॥
गार्हस्थ्यमुत्सृज्य स दृष्टदोषो मोहेन भूयोऽभिलषेद् ग्रहीतुम् ॥४७॥

जो मनुष्य आगो लागेको घरबाट कुनै प्रकारले बाहिर निस्की फेरि त्यसैमा प्रवेश गर्दछ त्यही मनुष्य गार्हस्थ्यजीवनमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोष देखेर छोडेपछि पनि मोहले गर्दा फेरि त्यसैलाई ग्रहण गर्ने इच्छा गर्छ ।४७।।

या च श्रुतिर्मोक्षमवाप्तवन्तो नृपा गृहस्था इति नैतदस्ति ।।
शमप्रधानः क्व च मोक्षधर्मो दण्डप्रधानः क्व च राजधर्मः ।।४८।।

घरमा बसेरै पनि राजाहरूले मोक्ष पाए भन्ने जुन जनश्रुति छ, त्यो साँच्चो होइन । किनभने शमप्रधान भएको मोक्षधर्म कहाँ ? दण्डप्रधान भएको राजधर्म कहाँ ? ।।४८।।

शमे रतिश्चेच्छिथिलं च राज्यं राज्ये मतिश्चेच्छमविप्लवश्च ।।
शमश्च तैक्ष्ण्यं च हि नोपपन्नं शीतोष्णयोरैक्यमिवोदकाग्न्योः ।।४९।।

शान्तिमा प्रेम भए राज्यशासन शिथिल हुन्छ । राज्यमा बुद्धि भए शान्तिभङ्ग हुन्छ । जस्तो चीसो पानी र तातो आगोको मेल हुँदैन, त्यस्तै शान्ति र तीक्ष्णता (कुटिलता) ले पनि मेल खाँदैन ।।४९।।

तन्निश्चयाद्वा वसुधाधिपास्ते राज्यानि मुक्त्वा शममाप्तवन्तः ।।
राज्याङ्किता वा निभृतेन्द्रियत्वादनैष्ठिके मोक्षकृताभिमानाः ।।५०।।

त्यो (माथि बताइएको) निश्चयले पहिलेका राजाहरूले राज्य त्यागी मोक्ष पाए, वा राज्यको शासक हुँ भनी जितेन्द्रिय हुनाले अनैष्टिक अवस्थामा (अर्थात् अमोक्षावस्थामा) नै मोक्षको अभिमान गरे ।।५०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेषां च राज्येऽस्तु शमः यथावत्प्राप्तो वनं नाहमनिश्चयेन ॥
छित्त्वा हि पाशं गृहबन्धुसंज्ञं मुक्तं पुनर्न प्रविवित्तुरस्मि ॥५१॥

महाराजको राज्यमा सँधै शान्ति होस्, तर म कुनै निश्चय नगरी वनमा आएको होइन। घर र बन्धु नामक बन्धनलाई काटी मुक्त भएको छु। फेरि यस बन्धनमा प्रवेश गर्ने इच्छा गर्दिन ॥५१॥

इत्यात्मविज्ञानगुणानुरूप मुक्तस्पृहं हेतुमदूर्जितं च ॥
श्रुत्वा नरेन्द्रात्मजमुक्तवन्तं प्रत्युत्तरं मन्त्रधरोऽप्युवाच ॥५२॥

यस्तो आफ्नू ज्ञान र गुणको अनुरूपमा इच्छारहितको दृष्टान्तसहित तेजिलो उत्तर दिने राजकुमारलाई मन्त्री पनि प्रत्युत्तर दिन लागे ॥५२॥

यो निश्चयो धर्मविधौ तवायं नायं न युक्तो न तु कालयुक्तः ॥
शोकाय दत्वा पितरं वयःस्थं स्याद्धर्मकामस्य हि ते न धर्मः ॥५३॥

धर्मको विषयमा तपाईंको यो जुन निश्चय छ, त्यो अनुचित होइन। तर यो समय यस धर्मका निंति उचित छैन। वृद्ध पितालाई शोकमा पारी धर्ममा इच्छुक तपाईंलाई धर्म हुनेछैन ॥५३॥

नूनं च बुद्धिस्तव नातिसूक्ष्मा धर्मार्थकामेष्वविचक्षणा वा ।
हेतोरदृष्टस्य फलस्य यस्त्वं प्रत्यक्षमर्थं परिभूय यासि ॥५४॥

निश्चय नै तपाईंको बुद्धि धर्म, अर्थ, काममा अति तीखो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेनछ । वा भन्दछेउ, किभने तपाईं अदृष्ट फलको निति त्यस्त अर्थ (सम्पत्ति) को तिरस्कार गरी जाँदै हुनुहुन्छ ।५४॥

पुनर्भवोऽस्तीति च के चिदाहु र्नास्तीति के चिन्नियतप्रतिज्ञाः ॥
एवं यदा संशयितोऽयमर्थस्तस्मात्सुखं भोक्तुमुपस्थिता श्रीः ॥५५॥

कुनै मानिस पुनर्जन्म छ भन्दछन् । कुनै प्रतिज्ञा गरी छैन भन्दछन् । त्यसैले यो विषय सन्दिग्ध भएकोले प्रत्यक्ष प्राप्त भएकी लक्ष्मीलाई नै उपभोग गर्न उचित हो ॥५५॥

भूयः प्रवृत्तिर्यदिकाचिदस्ति वयामहे तत्र यथोपपत्तौ ।
अथ प्रवृत्तिः परतो न काचित्सिद्धोऽयत्नाज्जगतोऽस्य मोक्षः ॥५६॥

यसभन्दा पर कुनै प्रवृत्ति (जन्म) छ भने त्यहाँ जे पाइएला त्यसैमा हामीहरू रमाउने छौं । यसभन्दा पर कुनै प्रवृत्ति नै छैन भने यस जगत्को मोक्ष प्रयत्न नगरीकन नै सिद्ध हुनेछ ॥५६॥

अतीति केचित्परलोकमाहुर्मोक्षस्य योगं न तु वर्णयन्ति ॥
अग्नेर्यथा ह्यौष्ण्यमपां द्रवत्वं तद्वत्प्रवृत्तौ प्रकृतिं वदन्ति ॥५७

कुनै मानिस परलोक छ भन्दछन्, तर ती मोक्षको युक्ति बताउँदैनन् । तिनीहरू अग्निमा तातो भाव र पानीमा द्रवत्व झैं प्रवृत्तिमा प्रकृति (स्वभाव) छ भन्दछन् ॥५७॥

केचित्स्वभावादिति वर्णयन्ति शुभाशुभं चैव भवाभवौ च ॥
स्वाभाविकं सर्वमिदं च यस्मादतोऽपि मोघो भवति प्रयत्नः ॥५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै मानिस भन्छन्, शुभ अशुभ, उत्पत्ति अनुपत्ति स्वभावले हुन्छन् यी सबै स्वभाविक हुन्, त्यसैले प्रयत्न गर्नु व्यर्थ छ ॥५८॥

यदिन्द्रियाणां नियतः प्रचारः प्रियाप्रियत्वं विषयेषु चैव ॥
संयुज्यते यज्जरयार्तिभिश्च कस्तत्रयत्नो ननु स स्वभावः ॥५९॥

इन्द्रियको विषयमा प्रवृत्ति हुनु निश्चय छ। विषयमा रागद्वेष हुनु पनि निश्चय छ। कुनै मानिसलाई रोग लाग्यो, बूढो भयो भनी के प्रयत्न गर्नु? । त्यो ता उसको स्वभाव नै हो ॥५९॥

अद्भिर्हुताशः शममभ्युपैति तेजांसि चापो गमयन्ति शोषम् ॥
भिन्नानि भूतानि शरीरसंस्थान्यैक्यं च गत्वा जगदुद्वहन्ति ॥६०॥

पानीले अग्नि शान्त हुन्छ र अग्निले पानी सुकाउँछ। शरीरमा रहेका पञ्च-महाभूत-तत्व भिन्न भिन्न छन्। यिनै एक भएर जगत्लाई बनाउँछन् ॥६०॥

यत्पाणिपादोदरपृष्ठमूर्ध्नां निवर्तते गर्भगतस्य भावः ॥
यदात्मनस्तस्य च तेन योगः स्वाभाविकं तत्कथयन्ति तज्ज्ञाः ॥६१॥

जीव गर्भमा गएपछि उसका हात, खुट्टा, पेट, पीठ्यूं, शिर उत्पन्न हुन्छन्। आत्माको त्यससँग संयोग हुन्छ। रहस्य-ज्ञाता पुरुषहरू यसलाई स्वाभाविक हो भन्दछन् ॥६१॥

कः कण्टकस्य प्रकरोति तैक्ष्ण्यं विचित्रभावं मृगपक्षिणां वा ॥
स्वभावतः सर्वमिदं प्रवृत्तं न कामकारोऽस्ति कुतः प्रयत्नः ॥६२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काँडालाई तीखो कसले बनाउँछ ! पशुपक्षीलाई चित्र विचित्र कसले बनायो ! यी सबै स्वभावद्वारा नै हुन्छन् । इच्छाले काम दिँदैन भने हाम्रो प्रयत्नले के गर्ने ? ॥६२॥

सर्गं वदन्तीश्वरतस्तथान्ये तत्र प्रयत्ने पुरुषस्य कोऽर्थः ॥
य एव हेतुर्जगतः प्रवृत्तौ हेतुर्निवृत्तौ नियतः स एव ॥६३॥

यस्तै भरू व्यक्तिहरू ईश्वरबाट सृष्टि हुन्छन्, त्यसमा पुरुष प्रयत्नको के प्रयोजन छ भन्दछन् जगत्को प्रवृत्तिमा जे कारण छ, निवृत्तिमा पनि त्यही कारण हुन्छ भन्दछन् ॥६३॥

केचिद्वदन्त्यात्मनिमित्तमेव प्रादुर्भवं चैव भवक्षयं च ॥
प्रादुर्भवं तु प्रवदन्त्ययत्नाद्यत्नेन मोक्षाधिगमं ब्रुवन्ति ॥६४॥

कुनै पुरुष जगत्को प्रादुर्भाव र नाशको कारण आत्मा नै हो भन्दछन् । त्यसमा प्रादुर्भाव यत्न नगरीकन नै हुन्छ र मोक्षप्राप्तिलाई यत्न गर्नु पर्छ भन्दछन् ॥६४॥

नरः पितृणामनृणः प्रजाभिर्वेदै ऋषीणां क्रतुभिः सुराणाम् ॥
उत्पद्यते सार्धमृणैस्त्रिभिस्तैर्यस्यास्ति मोक्षः किल तस्य मोक्षः ॥६५॥

मनुष्य सन्तानद्वारा पितृऋणदेखि, वेदाध्ययनद्वारा ऋषिऋणदेखि, यज्ञद्वारा देवऋणदेखि मुक्त हुन्छ । अतः मनुष्य यी तीन ऋणका साथ उत्पन्न हुन्छ । यिनबाट मुक्त हुनुलाई नै मोक्ष भन्दछन् ॥६५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्येवमेतेन विधिक्रमेण मोक्षं सयत्नस्य वदन्ति तज्ज्ञाः ॥
प्रयत्नवन्तोऽपि हि विक्रमेण मुमुक्षवः खेदमवाप्नुवन्ति ॥६६॥

यस प्रकार यो बताइएको विधिक्रमले यत्न गर्ने पुरुषलाई मोक्ष प्राप्त हुन्छ भनी तत्त्ववेत्ता पुरुषहरू भन्दछन् । पराक्रमद्वारा प्रयत्न गर्ने मुमुक्षुले ता कष्टको अनुभव गर्नु पर्दछ ॥६६॥

तत्सौम्य मोक्षे यदि भक्तिरस्ति न्यायेन सेवस्व विधिं यथोक्तम् ॥
एवं भविष्यत्युपपत्तिरस्य संतापनाशश्च नराधिपस्य ॥६७॥

त्यसैले हे सौम्य ! तपाईंको मोक्षमा भक्ति छ भने शास्त्रले बताएका विधिको राम्रो रीतिले सेवन गर्नु होस् । यस्तो गर्नाले मोक्षको प्राप्ति हुनेछ औ राजाको संतापनाश पनि हुनेछ ॥६७॥

या च प्रवृत्ता तव दोषबुद्धिस्तपोवनेभ्यो भवनं प्रवेष्टुम् ॥
तत्रापि चिन्ता तव तात मा भूत् पूर्वेऽपि जग्मुः स्वगृहान्वनेभ्यः ॥६८॥

हे बाबु ! तपोवनबाट घर फर्कंदा तपाईंले जुन दोष देख्नु भो, त्यसमा पनि चिन्ता गर्नु पर्दैन । किनभने पहिले पनि धेरै मानिस बनबाट घर आएका छन् ॥६८॥

तपोवनस्थोऽपि वृतः प्रजाभिर्जगाम राजा पुरमम्बरीषः ॥
तथा महीं विप्रकृतामनार्यैस्तपोवनादेत्य ररक्ष रामः ॥६९॥

राजा अम्बरीष तपोवनमा रहँदा पनि प्रजाहरूले वेरि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एर शहरमा गए । रामले पनि अनार्यले आक्रान्त भएको पृथ्वी-लाई देखी तपोवनबाट आएर उनको रक्षा गरे ॥६६॥

तथैव शाल्वाधिपतिर्द्रुमाख्यो वनात्ससूनुर्नगरं विवेश ॥
ब्रह्मर्षिभूतश्च मुनेर्वसिष्ठाद्ध्रे श्रियं सांस्कृतिरन्तिदेवः ॥७०॥

यस्तै द्रुम नामका शाल्वदेशका राजा छोराका साथ वनबाट शहरमा आए । यस्तै संस्कृतका छोरा ब्रम्हर्षि रन्तिदेवले पनि वसिष्ठ मुनिबाट राज्यलक्ष्मी ग्रहण गरे ॥७०॥

एवंविधा धर्मयशः प्रदीप्ता वनानि हित्वा भवनान्यतीयुः ॥
तस्मान्न दोषोऽस्तिगृहं प्रयान्तुं तपोवनाद्धर्मनिमित्तमेव ॥७१॥

धर्म र कीर्तिले देनीप्यमान पुरुषहरू पनि यसरी नै वन छोडेर घर फर्के । त्यसैले धर्मका निंति तपोवनबाट घर फर्कनामा कुनै दोष छैन ॥७१॥

ततो वचस्तस्य निशम्य मन्त्रिणः प्रियं हितं चैव नृपस्य चक्षुषः ॥
अनूनमव्यस्तमसक्तमद्भुतं धृतौ स्थितो राजसुतोऽब्रवीद्वचः ॥७२॥

राजाका नेत्ररूप (चारचक्षु) ती मन्त्रीको प्यारो र हितकर वचन सुनी धैर्यमा अडेका राजकुमार परिपूर्ण, गहिरो, स्पष्ट अर्थभएको, शान्त वचन भन्न लागे ॥७२॥

इहास्ति नास्तीति य एष संशयः परस्य वाक्यैर्न ममात्र निश्चयः ॥
अवेत्य तत्त्वं तपसा शमेन च स्वयं ग्रहीष्यामि यदत्र निश्चितम् ॥७३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो संसारमा छ छैन (अस्तिनास्ति) भन्ने जुन संशय छ, त्यो अरुको कुराले मलाई निश्चय हुँदैन । तपस्या र शान्तिले तत्त्वलाई जानी यहाँ जुन कुराको निश्चय हुनेछ, त्यसलाई नै म स्वयं ग्रहण गर्नेछु ॥७३॥

न मे क्षमं संशयजं हि दर्शनं ग्रहीतुमव्यक्तपरस्परावृतम् ॥
बुधः परप्रत्ययतो हि को व्रजेज्जनोऽन्धकारेऽन्धइवान्धदेशिकः ॥७४॥

मेरो निंति संशयजन्य, अस्पष्ट, परस्पर विरोधी दर्शनको ग्रहण गर्नु उचित हुँदैन । अन्धकारमा अन्धो गुरुले डोऱ्याइएको अन्धो शिष्य झैं कुन बुद्धिमान् पुरुष अरूको भनाइमा विश्वस गर्ला ? ॥७४॥

अदृष्टतत्वस्य सतोऽपि किं तु मे शुभाशुभे संशयिते शुभे मतिः ॥
वृथापि खेदो हि वरं शुभात्मनः सुखं न तत्त्वेऽपि विगर्हितात्मनः ॥७५

मलाई तत्त्वबोध भएको छैन, तापनि शुभ अशुभको संशय भएमा शुभमा नै मेरो बुद्धि रहन्छ । शुभाचारी पुरुषको व्यर्थ परिश्रम पनि राम्रो हुन्छ, अशुभाचारी पुरुषको यथार्थ सुख पनि राम्रो हुँदैन ॥७५॥

इमं तु दृष्ट्वागममव्यवस्थितं यदुक्तमाप्तैस्तदवेहि साध्विति ॥
प्रहीणदोषत्वमवेहि चाप्ततां प्रहीणदोषो ह्यनृतं नवक्ष्यति ॥७६॥

यी शास्त्रहरूलाई अव्यवस्थित देखी आप्त जनले जुन कुरा भन्दछन् , त्यसैलाई साँचो ठान्नोस् । जसमा दोष छैन, त्यसैलाई आप्तजन भन्ने जान्नुहोस् । दोषरहित व्यक्ति कहिल्यै पनि झूठो बोल्दैन ॥७६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गृहप्रवेशं प्रति यच्च मे भवानुवाच रामप्रभृतीन्निदर्शनम् ॥
न ते प्रमाणं न हि धर्मनिश्चयेष्बलं प्रमाणाय परिक्षतव्रताः ॥७७॥

घर जाने संबन्धमा राम आदिको जुन उदाहरण दिनु भो, ती प्रमाण होइनन । व्रतभङ्ग गरेका पुरुषहरूलाई धर्मको निर्णयमा प्रमाण मान्न सकिन्न ॥७७॥

तवेवमप्येव रविर्महीं पतेदपि स्थिरत्व हिमवान् गिरिस्त्यजेत् ।
अदृष्टतत्त्वो विषयोन्मुखेन्द्रियः श्रयेय नत्वेव गृहान् पृथग्जनः ॥७८॥

त्यसैले सूर्य पृथ्वीमा खसे खसून् । हिमवान् पर्वतले आफ्नो स्थिरता छोडे छोडोस् ! तर तत्त्व नबुझी इन्द्रियहरूलाई विषयाभिमुख बनाई अज्ञानी भएर घर फर्कनेछैन ॥७८॥

अह विशेय ज्वलितं हुताशनं नचाकृतार्थः प्रविशेयमालयम् ।
इति प्रतिज्ञां स चकार गर्वितो यथेष्टमुत्थाय च निर्ममो ययौ ॥७९॥

म बलेको अग्निमा प्रवेश गर्नेछु, तर काम सिद्ध नगरी घरमा प्रवेश गर्ने छैन भनी ती राजकुमार ले अभिमानका साथ प्रतिज्ञा गरे र ममता त्यागी इच्छानुसार उनी उठेर अन्यत्रै गए ॥७९॥

ततः सबाष्पौ सचिवद्विजावुभौ निशम्य तय स्थिरमेव निश्चयम् ।
विषण्णवक्त्रावनुगम्य दुःखितौ शनैरगत्या पुरमेव जग्मतुः ॥८

त्यसपछि आँखाभरी आँसु लिएका मन्त्री र पुरोहित दुवै उनको त्यस्तो दृढ निश्चय सुनेर दुःखी र निन्याउरो मुख लगाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनको पछि पछि लागे । राजकुमार फर्कने नदेखी हताश भएर बिस्तार बिस्तार उनीहरू सहरतर्फ लागे ॥८०॥

तत्स्नेहादथ नृपतेश्च भक्तितस्तौ सापेक्षं प्रतिययतुश्च तस्थतुश्च ॥
दुर्धर्षं रविमिव दीप्तमात्मभासा तं द्रष्टुं न हि पथि शेकतुर्न मोक्तुम्॥८१॥

त्यसपछि ती दुवै राजकुमारको स्नेह र राजाको भक्तिले उत्कण्ठित भई प्रस्थान गरिसकेको भए, तापनि फर्किए। आत्मतेजले देदीप्यमान सूर्य जस्ता ती दुर्धष राजकुमारलाई न हेरिरहनै सके, न छोड्नै सके ॥८१॥

तौ ज्ञातुं परमगतेर्गतिं तु तस्य प्रच्छन्नांश्चरपुरुषाञ्छुचीन्विधाय ॥
राजानं प्रियसुतलालसं नु गत्वा द्रक्ष्यावः कथमिति जग्मतुः कथंचित् ।८२।

अनि मन्त्री-पुरोहित दुवै ती परम-गतिशील राजकुमारको व्यवहार जान्नको निंति विश्वासी गुप्त पुरुषलाई नियुक्त गरी, प्यारा छोराका निंति उत्सुक राजालाई कसरी दर्शन गर्ने भनी मनमा विचार गर्दै अनौठा ढवले गए ॥८२॥

❀ नवम सर्ग समाप्त ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्ध चरित्र

दशौं सर्ग

बिम्बसारको आगमन

स राजवत्सः पृथुपीनवक्षास्तौ हव्यमन्त्राधिकृतौ विहाय ।
उत्तीर्य गङ्गां प्रचलत्तरङ्गां श्रीमद्गृहं राजगृहं जगाम ॥१॥

मोटो र चौडा छाती भएका ती राजकुमार पुरोहित र मन्त्रीलाई छोडी चञ्चल तरङ्ग भएकी गङ्गालाई पार गरेर श्रीसंयन्न घरहरुले युक्त भएको राजगृहमा गए ॥१॥

शैलैः सुगुप्तं च विभूषितं च धृतं च पूतं च शिवैस्तपोदैः ॥
पञ्चाचलाङ्कं नगरं प्रपेदे शान्तः स्वयम्भूरिव नाकपृष्ठम् ॥२॥

पर्वतहरुले सुरक्षित र सुशोभित मङ्गलमय तप्त कुण्डले युक्त र पवित्र पाँच पर्वतले चिन्हित नगरमा शान्त चित्त भएका ती राजकुमार स्वर्गमा ब्रह्मा पुगे झैं पुगे ॥२॥

गाम्भीर्यमोजश्च निशाम्य तस्य वपुश्च दीप्तं पुरुषानतीत्य ॥
विसिस्मिये तत्र जन स्तदानीं स्थाणुव्रतस्येव वृषध्वजस्य ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कठोर व्रत गर्ने शिवको भेँ अरु पुरुषलाई जित्ने उनको गाम्भीर्य, ओज, असाधारण प्रकाशमान शरीर देखेर मनुष्यहरु त्यसबखत आश्चर्ययुक्त भए ॥३॥

तं प्रेक्ष्य योऽन्येन ययौ स तस्थौ यस्तत्र तस्थौ पथि सोऽन्वगच्छत् ॥
द्रुतं ययो यः स जगाम धीरं यः कश्चिदास्ते स्म स चोत्पपात ॥४॥

उनलाई देखेर अन्तैतिर जान लागेको मानिस अडियो। बाटामा अड़िएको मानिस पछि पछि लाग्यो। जो चाँडै हिँड्दै थियो, त्यो बिस्तारै हिँड्न थाल्यो। जो बसेको थियो, त्यो उठ्यो ॥४॥

कश्चित्तामानर्च जनः कराभ्यां सत्कृत्य कश्चिच्छिरसा ववन्दे
स्निग्धेन कश्चिद्वचसाभ्यनन्दन्नैयं जगामाप्रतिपूज्य कश्चित् ॥५॥

कसैले हातले उनको पूजा गरे। कसैले सत्कार गरी शिरले प्रणाम गरे। कसैले प्रिय वचनद्वारा अभिनन्दन गरे। यिनलाई पूजा नगरी कोही पनि गएनन् ॥५॥

तं जिह्वियुः प्रेक्ष्य विचित्रवेषाः प्रकीर्णहाचः पथि मौनमीयुः
धर्मस्य साक्षादिव संनियर्षे न कश्चिदन्यायमतिर्बभूव ॥६

उनलाई देखेर उत्ताउलो लुगा लगाएकोले लाज माने। धेरै कुरा गर्ने पुरुषहरुले मौन धारण गरे। प्रत्यक्ष धर्म जस्ता उनको नजीकमा कसैको पनि अन्याय बुद्धि भएन ॥६॥

अन्यक्रियाणामपि राजमार्गे स्त्रीणां नृणां वा बहुमानपूर्वम् ॥
तं देवकल्पं नरदेवसूनुं निरीक्षमाणा न ततर्प दृष्टिः ७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरु काममा लागेका भए पनि स्त्री पुरुषहरुको दृष्टि राजमार्गमा देवता जस्ता ती राजकुमारलाई आदरका साथ हेर्दै तृप्त भएनन् ॥७॥

भ्रुवौ ललाटं मुखमीक्षणे वा वपुः करौ वा चरणौ गतिं वा ।।
यदेव यस्तस्य ददर्श तत्र तदेव तस्याथ बबन्ध चक्षुः ॥८॥

उनको आँखीभौँ, निधार, मुख, आँखा, शरीर, हात, पाउ र हिंडाइहरुमा जुन कुरो देख्यो, त्यसैमा उसको दृष्टि बाँधियो ॥८॥

दृष्ट्वा च सोर्णभ्रुवमायताक्ष ज्वलच्छरीरं शुभजालहस्तम् ।
तं भिक्षुवेषं क्षितिपालनार्हं संचुक्षुभे राजगृहस्य लक्ष्मीः ॥९॥

घेरै रौंले युक्त आँखीभौँ ठूला आँखा, देदीप्यमान शरीर, शुभ रेखाले युक्त हातपाउ, पृथ्वीपालन गर्न समर्थ भएर पनि भिक्षुवेषमा रहेका उनलाई देखेर राजगृहकी लक्ष्मी क्षुब्ध भइन् ॥९॥

श्रेण्योऽथ भर्ता मगधाजिरस्य बाह्याद्विमानाद्विपुलं जनौघम् ॥
ददर्श पप्रच्छ च तस्य हेतुं ततस्तमस्मै पुरुषः शशंस ॥१०॥

यसपछि मगध देशको स्वामी श्रेणीचले (बिम्बिसार) बाहिरको दरबारबाट जनसमूलाई देखेर त्यसको कारण सोधे । त्यसपछि कुनै मानिसले उनलाई भन्यो॥१०॥

ज्ञानं परं वा पृथिवीश्रियं वा क्षिप्रं य उक्तोऽधिगमिष्यतीति ।
स एष शाक्याधिपतेस्तनूजो निरीक्ष्यते प्रव्रजितो जनेन ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मणहरुले यी परमज्ञान प्राप्त गर्दछन् अथवा पृथ्वीको ऐश्वर्य प्राप्त गर्छन् भनी जसलाई भनेका थिए, उनै शाक्यराजका छोरा परिव्राजक भएको मनुष्यहरू (जनसमुदाय) हेरिरहेका छन् ॥११॥

ततः श्रुतार्थो मनसागतास्थो राजा बभाषे पुरुषं तमेव ॥
विज्ञायतां क्व प्रतिगच्छतीति तथेत्यथैनं पुरुषोऽन्वगच्छत् ॥१२॥

सुनेर राजा बिम्बसारले मनले सन्मान गर्दै त्यही पुरुषलाई भने "बुझ त ? उनी कहाँ जाँदैछन् ?।" हवस् भनी विन्ती चढाई उ पनि उनकै पछि पछि लाग्यो ॥१२॥

अलोल चक्षुर्युगमात्रदर्शी निवृत्तवाग्यन्त्रितमन्दगामी ॥
चचार भिक्षां स तु भिक्षुवर्यो निधाय गात्राणि चलं च चेतः ॥१३॥

उनको दृष्टि स्थिर थियो। उनी अगाडि दुई जुवामात्र हेर्थे। वाणी मौन थियो। गति नियमित र मन्द थियो। उनी शरीर र चञ्चल चित्तलाई वश गरी भिक्षुवेषमा भिक्षा मागिरहेका थिए ॥१३॥

आदाय भैक्षं च यथोपपन्नं ययौ गिरेः प्रस्रवणं विविक्तम् ॥
न्यायेन तत्राभ्यवहृत्य चैतन्महीधरं पाण्डवमारुरोह ॥१४॥

भिक्षा माग्दा पाएको वस्तुलाई ली उनी पर्वतको एकान्त झरनामा गए। त्यहाँ राम्रोसंग खाई पाण्डव नामको पर्वतमा चढे ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्मिन्नदौ लोध्रवनोपगूढे ययूरनादप्रतिपूर्णकुञ्जे ॥
काषायवासा सः बभौ नृसूर्यो यथोदयस्योपरि बालसूर्यः ॥१५॥

काषाय वस्त्र धारण गरेका ती नरसूर्यले लोध्रपुष्पको वनले छोपेको मुजूरको शब्दले गुञ्जायमान लतागृहहरू भएको पर्वतमा उदयाचल पर्वतमा उदाएको बालसूर्य झैं शोभा पाए ॥१५॥

तत्रैनमालोक्य स राजभृत्यः श्रेयाय राज्ञे कथयां चकार ॥
संश्रुत्य राजा स च बाहुमान्यात्तत्र प्रतस्थे निभृतानुयात्रः ॥१६॥

त्यहाँ ती राजकुमारलाई, राजाको मान्छेले हेरेर आई महाराज श्रेष्यलाई सबै कुरा विन्ती गऱ्यो। राजा ती सबैकुरा सुनी, अत्यन्त आदर भाव गरी, थोरै नोकरहरू साथमा ली त्यसै ठाउँतिर प्रस्थान गरे ॥१६॥

स पाण्डवं पाण्डवतुल्यवीर्यः शैलोत्तम शैलसमानवर्ष्मा ।
मौलीधरः सिंहगतिर्नृसिंह श्चलत्सटः सिंह इवारुरोह ॥१७॥

पाण्डवको जस्तो पराक्रम, पर्वत जस्तो विशाल शरीर, सिंहको जस्तै गति भएका ती राजा पाण्डव नामक उत्तम पर्वतमा केशर हल्लिएको सिंह चढे झैं चढे ॥१७॥

ततः स्म तस्योपरि शृङ्गभूतं शान्तेन्द्रियं पश्यति बोधिसत्त्वम् ।
पर्यङ्कमास्थाय विरोचमानं शशाङ्कमुद्यन्तमिवाभ्रकुञ्जात् ॥१८॥

त्यसपछि त्यस पर्वतको चुचुराकारूपी कमलासनमा बसेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्त इन्द्रिय भएका बोधिसत्त्वलाई मेघकुञ्जबाट उदाएको प्रकाशमान् चन्द्रमा झैं चंकेको देखे ॥१८॥

तं रूपलक्ष्म्या च शमेन चैव धर्मस्य निर्माण मिवोपविष्टम् ॥
सविस्मयः प्रश्रयवान्नरेन्द्रः स्वयम्भुवं शक्र इवोपतस्थे ॥१९॥

रूपको शोभा र शान्तिद्वारा साक्षात् धर्मको मूर्ति झैं बसेका ती बोधिसत्व भएको ठाउँमा आश्चर्य मानेका राजा नम्र भावले ब्रह्मा बसेको ठाउँमा इन्द्र झैं उपस्थित भए ॥१९॥

तं न्यायतो यायविदां वरिष्ठं समेत्यपप्रच्छ च धातुसाम्यम् ॥
स चाप्यवोचत्सदृशेन साम्ना नृपंमन:स्वास्थ्यमनामयं च ॥२०॥

न्यायवेत्तामा श्रेष्ठ ती राजकुमार बसेको ठाउँमा उचित रीतिले गई, तिनले उनीसित कुशल प्रश्नगरे। उनले पनि राजालाई योग्य शान्तभावले आफ्नो मानसिक शान्ति र आरोग्यको कुरा भने ॥२०॥

ततः शुचौ वारणकर्णनीले शिलातले संनिषसाद राजा ।
उपोपविश्यानुमतश्च तस्य भावं विजिज्ञासुरिदं बभासे ॥२१॥

त्यसपछि राजा हात्तीको कान झैं नीलो सुग्घर ढुङ्गामा बसे। बसेपछि राजकुमारबाट आज्ञा पाएका उनले राजकुमारको भित्रको अभिप्राय बुझ्न यस्तो भने ॥२१॥

प्रीतिः परा मे भवतः कुलेन क्रमागता चैव परीक्षिता च ।
जाता विवक्षा स्ववयो यतो मे तस्मादिदं स्नेहवचो निबोध ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपाईंको कुलसँग मेरो परंपरादेखि आएको र जाँचेर खारिएको ठूलो प्रेम छ । त्यसैले हे मित्र ! मलाई केही भन्ने इच्छा छ । अतः यो मेरो स्नेहपूर्ण वचन सुन्नुहोस, ॥२२॥

आदित्यपूर्वं विपुलं कुलं ते नवं वयो दीप्तमिदं वपुश्च ॥
कस्मादियं ते मतिरक्रमेण भैक्षाक एवाभिरता न राज्ये ॥२३॥

तपाईंको यो कुल ठूलो हो । यसको प्रारंभ सूर्यबाट भएको हो । तपाईंको उमेर पनि भरखरको छ, शरीर तेजिलो छ । कुन कारणले गर्दा तपाईंको बुद्धि आफ्नो क्रम छोडी भिक्षा माग्नतिर रमायो, राज्यतिर रमाएन ? ॥२३॥

गात्रं हि ते लोहितचन्दनार्हं काषायसंश्लेषमनर्हमेतत् ।
हस्तः प्रजापालनयोग्य एष भोक्तुं न चार्हः परदत्तमन्नम् ॥२४॥

रक्तचन्दनको लेप गर्न योग्य तपाईंको यो शरीर गेरु वस्त्र लाउन योग्य छैन । तथा प्रजापालन गर्नमा योग्य यस हातले अरुले दिएको अन्न खान सुहाउँदैन ॥२४॥

तत्सौम्य राज्यं यदि पैतृकं त्वं स्नेहात्पितुर्नेच्छसि विक्रमेण ॥
न च क्रमं मर्षयितुं मतिस्ते भुङ्क्ष्वार्धमस्मद्विषयस्य शीघ्रम् ॥२५॥

अतः हे शान्त राजकुमार ! तपाईं स्नेहवश पितासँग आफ्नो परंपरागत राज्य पराक्रमद्वारा लिन इच्छा गर्नु हुन्न र पिताको जीवनपछि क्रमागत राज्यप्राप्ति आउञ्ज्याल रोकिन सक्ने तपाईंको बुद्धि छैन भने चाँडै नै मेरो आधाराज्य भोग गर्नुहोस् ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं हि न स्यात्स्वजनावमर्दः कालक्रमेणापि शमश्रया श्रीः ॥
तस्मात्कुरुष्व प्रणयं मयि त्वं सद्भिः सहीया हि सतां समृद्धिः ॥२६॥

यसो गर्नाले आफ्ना स्वजनलाई पीडा हुनेछैन र शान्तिको आश्रय लिने सम्पत्तिहरु पनि प्राप्त हुनेछन्। त्यसैले मसँग मित्रता गर्नु होस्। सज्जनसंग सङ्गत गर्दा सज्जनको समृद्धि हुन्छ ॥२६॥

अथ त्विदानीं कुलगर्वितत्वादस्मासु विश्रम्भगुणो न तेऽस्ति ।
व्यूढान्यनीकानि विगाह्य बाणैर्मया सहायेन परान् जिगीष ॥२७॥

अहिले तपाई लाई आफ्नू कुलको अभिमानले ममा बिश्वास छैन भने मलाई सहायक बनाई आफ्नो प्रबल शत्रुसेनामा प्रवेश गरी बाणद्वारा उनीहरुलाई जित्नुहोस ॥२७॥

तद्बुद्धिमन्नान्यतरां वृणीष्व धर्मार्थकामान्विधिवद्भजस्व ।
व्यत्यस्य रागादिह हि त्रिवर्गं प्रेत्येह च भ्रंशमवाप्नुवन्ति ॥२८॥

त्यसैले यी दुई विचारमध्ये एकलाई स्वीकार गर्नु होस। धर्म, अर्थ, कामलाई विधिपूर्वक सेवन गर्नु होस्। रागवश त्रिवर्ग-को उल्टो पाल्टो गर्ने पुरुषको परलोकमा र यसलोकमा पनि पतन हुनु निश्चय छ ॥२८॥

यो ह्यर्थधर्मौ परिपीड्य कामः स्याद्धर्मकामौ परिभूय चार्थः ।
कामार्थयोश्चोपरमेण धर्मस्त्याज्यः स कृत्स्नो यदि कांक्षितोऽर्थः ॥२९॥

तपाईँ संपूर्ण लक्ष्यसिद्धिको इच्छा गर्नु हुन्छ भने अर्थ र धर्मलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पीडा गरी हुने काम, धर्म र कामलाई तिस्कार गरी हुने अर्थ, तथा काम र अर्थको विनाश गरी हुमे धर्मलाई छोड्नुहोस् ॥२९॥

तस्मात्त्रिवर्गस्य निषेवणेन त्वं रूपमेतत्सफलं कुरुष्व ॥
धर्मार्थकामाधिगमं ह्यनूनं नृणामनूनं पुरुषार्थमाहुः ॥३०॥

त्यसैले तपाईं यो त्रिवर्ग (धर्म, अर्थ, काम) को सेवन गरी आफ्नू यो रूपलाई सफल पार्नु होस् । धर्म, अर्थ, कामको संपूर्ण-रूपले प्राप्ति हुन नै मनुष्यको ठूलो पुरुषार्थ हो भनेको छ ॥३०॥

तन्निष्फली नार्हसि कर्तुमेतौ पीनौ भुजौ चापविकर्षणार्हौं ॥
मान्धातृवज्जेतुमिमौ हि योग्यौ लोकानपि त्रीनिह किं पुनर्गाम् ॥३१॥

त्यसैले तपाईंले धनु खैंचनमा योग्य यी मोटा हातलाई निष्फल पार्नु हुँदैन । मान्धाताका जस्ता यी हात तीनै लोक जित्न समर्थ छन् । पृथ्वीको त के कुरा ? ॥३१॥

स्नेहेन खल्वेतदहं ब्रवीमि नैश्चर्यरागेण न विस्मयेन ।
इमं हि दृष्ट्वा तव भिक्षुवेषं जातानुकम्पोऽस्म्यपि चागताश्रुः ॥३२॥

निश्चय नै म यो कुरा तपाईंलाई प्रेमले भनिरहेको छु । ऐश्वर्यको अनुराग र अभिमानले भनेको व्हैन । तपाईंको यो भिक्षु-वेष देखेर मलाई दया लाग्यो र आँसु पनि आयो ॥३२॥

यावत्स्ववंशप्रतिरूप रूपं न ते जराभ्येत्यभिभूयः भूयः ॥
तद्भुङ्क्ष्व भिक्षाश्रमकाम कामान् कालेऽसि कर्ता प्रियधर्म धर्मम् ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF-Delhi

तपाईँको यो रूपलाई ढाक्ने बुढ्याइँ नआएसम्म हे भिक्षुआश्रमका इच्छुक ? तपाईं कामको उपभोग गर्नुहोस। हे प्रियवर्म? समय आएमा धर्म गर्नु हुनेछ ॥३३॥

शक्नोति जीर्णः खलु धर्ममाप्तुं कामोपभोगेष्वगतिर्जरायाः ॥
अतश्च यूनः कथयन्ति कामान्मध्यस्य वित्तः स्थविराय धर्मम् ॥३४॥

बूढो मानिस धर्म गर्न सक्छ । कामको उपभोग गर्नमा बूढाको गति हुँदैन । त्यसैले युवा अवस्थामा (भरखरको उमेरमा) काम, बीचको उमेरमा संपत्ति र बूढो उमेरमा धर्म गर्नु भन्दछन् ॥३४॥

धर्मस्य चार्थस्य च जीवलोके प्रत्यर्थिभूतानि हि यौवनानि ॥
संरक्ष्यमाणान्यपि दुर्ग्रहाणि कामा यतस्तेन पथाहरन्ति ॥३५॥

संसारमा यौवन धर्म र अर्थको शत्रु हो । यत्न गर्दा गर्दै पनि यसलाई नियन्त्रण गर्न कठिन पर्छ । काम त्यसै बाटोबाट विषयभोगद्वारा यिनलाई हरेर लैजान्छ ॥३५॥

वयांसि जीर्णानि विमर्शवन्ति धीराण्यवस्थानपरायणानि ।
अल्पेन यत्नेन शमात्मकान्ति भवन्त्यगर्त्यैव च लज्जया च ॥३६॥

बूढो उमेर धेरै कुराको विचार गर्ने, थिर र स्थिरताले संपन्न हुन्छ । अरु उपायको अभावमा र लाजले गर्दा पनि सानै प्रयत्नले उसलाई शान्ति प्राप्त हुन्छ ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतश्च लोलं विषयप्रधानं प्रमत्तमज्ञान्तमदीर्घदर्शि ।
बहुच्छलं यौवनमभ्यतीत्य निस्तीर्यकान्तारमिवाश्वसन्ति ॥३७॥

त्यसैले चञ्चल, विषयप्रधान, मदान्ध, असहनशील, अदूरदर्शी, अनेक छलले युक्त भएको यौवनलाई बिताएर मनुष्यहरु जङ्गल पार गरे झैं निश्चिन्त हुन्छन् ॥३७॥

तस्मादधीरं चपलप्रमादि नवं वयस्तावदिदं व्यपैतु ॥
कामस्य पूर्वं हि वयः शरव्यं न शक्यते रक्षितुमिन्द्रियेभ्यः ॥३८॥

त्यसकारण अधीर, चञ्चल, प्रमादपूर्ण भएको यो नयाँ उमेर पहिले यहाँ नै बितोस् । कामदेवको लक्ष्य इन्द्रियद्वारा रक्षा गर्न नसकिने नयाँ उमेरमा नै हुन्छ ॥३८॥

अथो चिकीर्षा तव धर्म एव यजस्व यज्ञं कुलधर्म एषः ॥
यज्ञैरधिष्ठाय हि नागपृष्ठं ययौ मरुत्वानपि नाकपृष्ठम् ॥३९॥

तपाईंको धर्म गर्ने एच्छा छ भने यज्ञ गर्नुहोस् । यो तपाईंको कुल-धर्म हो । इन्द्र यज्ञद्वारा नै हात्तीको पिठ्यूँमा चढी स्वर्ग गएका थिए ॥३९॥

सुवर्णकेयूरविदष्टबाहवो मणिप्रदीपोज्ज्वलचित्रमौलयः ॥
नृपर्षयस्तां हि गतिं गता मखैः श्रमेण यामेव महर्षयो ययुः ॥४०॥

जसका हात सुनका बाजुले युक्त थिए । जसका रङ्गबिरङ्गी मुकुट मणिरूपी बत्तीले उज्वल थिए, यस्ता राजर्षिले अनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महर्षिले तपस्याद्वारा जुन गति पाएका थिए, त्यही गति यिनले पनि यज्ञद्वारा पाए ॥४०॥

इत्येवं मगधपतिर्वचो बभाषे यः सम्यग्वलभिदिव ब्रुवन् बभाषे ।
तच्छ्रुत्वा न स विचचाल राजसूनुः कैलासो गिरिरिव नैकचित्रसानु४१

मगधदेशका राजाले यस्तो वचन भने । बोल्नमा सिपालु उनले इन्द्र झैं शोभा पाए । किसिम किसिमका टाकुराले सहित भएको कैलाश पर्वत समान अटल भएका ती राजकुमार उनको (मगधराजको) कुरा सुनेर विचलित भएनन् ॥४१॥

❀ दशौं सर्ग समाप्त ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एघारौं सर्ग

काम–निन्दा

अथैवमुक्तो मगधाधिपेन सुहृन्मुखेन प्रतिकूलमर्थम् ॥
स्वस्थोऽविकारः कुलशौचशुद्धः शौद्धोदनिर्वाक्यमिदं जगाद ॥१॥

यसपछि आफ्ना प्रमुख मित्र मगध देशका राजा विम्बसारले यसरी प्रतिकूल वचन भनेपछि कुलको पवित्रताभन्दा पवि पवित्र भएका शुद्धोदनका पुत्र शान्ति र धैर्य पूर्वक यस्तो वचन भन्न लागे ॥१॥

नाश्चर्यमेतद्भवतोऽभिधातुं जातस्य हर्यङ्ककुले विशाले ॥
यन्मित्रपक्षे तव मित्रकाम स्याद्वृत्तिरेषा परिशुद्धवृत्तेः ॥२॥

विशाल चन्द्रवंशमा उत्पन्न भएका तपाईँले यस्तो भन्नु कुनै आश्चर्यजनक कुरा होइन। हे मित्रको इच्छा गर्ने राजन्! बिशुद्ध व्यवहार गर्ने तपाईँको मप्रति मित्रतापूर्ण यस्तो भावना छ ॥२॥

असत्सु मैत्री स्वकुलानुवृत्ता न तिष्ठति श्रीरिव विक्लवेषु ।
पूर्वैः कृतां प्रीतिपरंपराभिस्तामेव सन्तस्तु विवर्धयन्ति ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चञ्चल चित्त भएका पुरुषमा लक्ष्मी नअडे मैं आफ्नो कुलपरंपराबाट आएको मैत्री असत् (मूर्ख) पुरुषमा रहँदैन, तर सज्जनहरु पुर्खाले गरेको मित्रतालाई दिनहुँ बढाउँदै लैजान्छन् ॥३॥

ये चार्थकृच्छ्रेषु भवन्ति लोके समानकार्याः सुहृदां मनुष्याः ॥
मित्राणि तानीति परैमि बुद्धया स्वस्थस्य वृद्धिष्विह को हि न स्यात् ॥४॥

संसारमा जुन मनुष्य धन नभएको समयमा मित्र मैं सहायक हुन्छन्, तिनैलाइ म आफ्नो बुद्धिको अनुसार मित्र ठान्छु ! संपन्न व्यक्तिको उन्नतिमा को मित्र हुँदैन ? ॥४॥

एवं च ये द्रव्यमवाप्य लोके मित्रेषु धर्मे च नियोजयन्ति ॥
अवाप्तसाराणि धनानि तेषां भ्रष्टानि नान्ते जनयन्ति तापम् ॥५॥

यसरी जुन पुरुष यस लोकमा धन पाएर मित्र र धर्मकार्यमा खर्च गर्दछन्, तिनको त्यो सफल धन अन्तमा नष्ट हुँदा पनि सन्ताप नदिने हुन्छ ॥५॥

सुहृत्तया चार्यतया च राजन् खल्वेष यो मां प्रति निश्चयस्ते ।
अत्रानुनेष्यामि सुहृत्तयैव ब्रूयामह नोत्तरमन्यदत्र ॥६॥

हे राजन् ! मित्रता र सज्जनताले गर्दा ममा तपाईँको यस्तो निश्चय भएको हो । यस विषयमा म पनि तपाईँसँग मित्रताले नै प्रार्थना गर्दछु, अरु केही भन्दिन ॥६॥

अहं जरामृत्युभयं विदित्वा मुमुक्षया धर्ममिमं प्रपन्नः ।
बन्धून् प्रियानश्रुमुखान् विहाय प्रागेव कामानशुभस्य हेतून् ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुढयाईं र मृत्युलाई भयको कारण जानी, मोक्षको इच्छाले अशुभको कारण भएको कामलाई र फेरि मुखभरी आँसु बगाएका प्यारा बन्धुहरुलाई छोडी, म यस धर्मको शरणमा आएको छु ॥७॥

नाशीविषेभ्यो हि तथा बिभेमि नैवाशनीभ्यो गगनाच्च्युतेभ्यः॥
न पावकेभ्योऽनिल संहितेभ्यो यथा भयं मे विषयेभ्य एव ॥८॥

म जति विषयदेखि डराउँछु, त्यति त विषधर सर्पदेखि पनि डराउन्न । न आकाशबाट खस्ने वज्रदेखि डराउँछु । न वायुसहितको अग्निदेखि डराउँछु ॥८॥

कामा ह्यनित्याः कुशलार्थचौरा रिक्ताश्च मायासदृशाश्च लोके ।
आशास्यमानाः अपि मोहयन्ति चित्तं नृणां किं पुनरात्मसंस्थाः ॥९॥

काम (विषयभोग) अनित्य छ । ज्ञानरूप धनलाई चोर्दछ । त्यो रित्तो माया जस्तो छ । संसारमा कामको आशा गर्ने मनुष्यको चित्तलाई हरण गर्दछ । यदि त्यो काम आत्मामा नै टाँसिएर रह्यो भने त के भन्नु ?॥९॥

कामाभिभूता हि न यान्ति शर्म त्रिविष्टपे किं वत मर्त्यलोके ॥
कामैः सतृष्णस्य हि नास्ति तृप्ति र्यथेन्धनै र्वातसखस्य वन्हेः ॥१०॥

कामासक्त पुरुषलाई मृत्युलोकको ता के कुरा ? स्वर्गमा पनि शान्ति हुँदैन । जस्तो हावाको साथमा रहेको अग्निलाई दाउरादेखि तृप्ति हुँदैन, त्यस्तै विषयको इच्छा गर्ने पुरुषलाई वियषदेखि तृप्ति हुँदैन ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जगत्यनर्थो न समोऽस्ति कामै र्मोहाच्च तेष्वेव जनः प्रसक्तः ॥
तत्त्वं विदित्वैवमनर्थभीरूः प्राज्ञः स्वयं कोऽभिलषेदनर्थम् ॥११॥

संसारमा काम जस्तो अनर्थकारी वस्तु अर्को छैन । तर मोहले गर्दा सबै मनुष्य त्यसमा आसक्त हुन्छन् । यो तत्व राम्रो-संग बुझेका अनर्थदेखि डराउने, कुन बुद्धिमान् पुरुष यस्तो अनर्थ-कारी कामको इच्छा गर्ला ?॥११॥

समुद्रवस्त्रामपि गामवाप्य पारं जिगीषन्ति महार्णवस्य ।
लोकस्य कामैर्न वितृप्तिरस्ति पतद्भिरम्भोभिरिवार्णवस्य ॥१२॥

समुद्ररूपी वस्त्र पहिरेकी पृथ्वी पाएर पनि मनुष्य महा-सागरको पारी जित्ने इच्छा गर्छन् । नदीहरुबाट बगेको जलप्रवा-हले समुद्रलाई तृप्ति नभए झैं मनुष्यलाई कामको उपभोगले तृप्ति हुँदैन ॥१२॥

देवेन वृष्टेऽपि हिरण्यवर्षं द्वीपान् समग्रांश्चतुरोऽपि जित्वा ।
शक्रस्य चार्धासनमप्यवाप्य मान्धातुरासीद्विषयेष्ववितृप्तिः ॥१३॥

देवताले सुवर्णको वर्षा गर्दा पनि, सबै द्वीपहरुसहित चारै समुद्र जित्दा पनि, तथा इन्द्रको आधा आसन पाउँदा पनि मान्धातालाई विषयमा तृप्ति भएन ॥१३॥

भुक्त्वापि राज्यं दिवि देवतानां शतक्रतौ वृत्रभयात्प्रनष्टे ॥
दर्पान्महर्षीनपि वाहयित्वा कामेष्ववितृप्तो नहुषः पपात ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृत्रको भयले इन्द्र लुकेपछि स्वर्गमा देवताको राज्य भोग गर्दा पनि अभिमानले महर्षिहरुलाई आफ्नो वाहन (पाल्की) बोक्न लगाएका नहुष स्वर्गबाट तल खसे, तर विषयमा तृप्त भएनन् ॥१४॥

ऐडश्च राजा त्रिदिवं विगाह्य नीत्वापि देवीं वशमुर्वशीं ताम् ।
लोभादृषिभ्यः कनकं जिहीर्षु र्जगाम नाशं विषयेष्वतप्तः ॥१५॥

राजा ऐड पुरुरवा स्वर्गमा गई देवी उर्वशीलाई वशमा गर्दा पनि विषयबाट तृप्त भएनन् र लोभले गर्दा ऋषिहरुबाट सुवर्ण हरण गर्ने इच्छाले नाश भए ॥१५॥

बलेर्महेन्द्र नहुषं महेन्द्रादिन्द्रं पुनर्ये नहुषादुपेयुः।
स्वर्गे क्षितौ वा विषयेषु तेषु को विश्वसेद्भाग्यकुलाकुलेषु ॥१६॥

जुन विषय (राज्य) बलिबाट इन्द्रले, इन्द्रबाट नहुषले, फेरि नहुषबाट इन्द्रले नै पाए। त्यस्तो भाग्य-समूहलाई नै आकुल (विक्षिप्त) पार्ने विषयमा स्वर्ग अथवा पृथ्वीमा कुन विद्वान् पुरुष विश्वास गर्ला ? ॥१६॥

चीराम्बरा मूलफलाम्बुभक्षा जटा वहन्तोऽपि भुजङ्गदीर्घा
यैर्नान्यकार्या मुनयोऽपि भग्नाः क: कामसंज्ञान्मृगयेत शत्रून् ॥१७॥

रूखका बोक्राको वस्त्र धारण गर्ने, कन्द, मूल, फल र जलको आहार गर्ने, सर्प जस्तो लामो जटा पाल्ने, तपस्या गर्नु भन्दा अर्को काम नभएका मुनिहरुले त्याग गरेको काम नामक शत्रु लाई फेरि कसले खोजी गर्ला ? ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उग्रायुध श्चोग्रधृतायुधोऽपि येषां कृते मृत्युमवाप भीष्मान ।
चिन्ताऽपि तेषामशिवा वधाय सद्वृत्तिनां किं पुनरव्रतानाम् ॥१८।

तीखो हतियार लिने उग्रायुध राजा विषयका कारणले गर्दा भीष्मपितामहको हातबाट मरे। त्यस्तो विषयको चिन्ता गर्नु पनि अमङ्गलकारी छ। सदाचारीका निंति घातक छ। असंयमी पुरुषका निंति ता के भन्नु पर्छ ? र(अर्थात् अत्यन्त घातक छ)॥१८॥

आस्वादमल्पं विषयेषु मत्वा संयोजनोत्कर्षमतृप्तिमेव ।
सद्भ्यश्च गर्हां नियतं च पापं कः कामसंज्ञं विषमाददीत ॥१९॥

विषयमा थोरै मात्रको स्वाद छ। बन्धन धेरै छ। तृप्ति छँदैछैन। सज्जनद्वारा निन्दित छ। पाप अवश्यंभावी छ। यस्तो जानेको कुन पुरुष काम नामक विषयलाई ग्रहण गर्ला ?॥१९॥

कृष्यादिभिः कर्मभिरर्दितानां कामात्मकानां च निशाम्य दुःखम ॥
स्वास्थ्यं च कामेस्वकुतूहलानां कामान्विहातुं क्षममात्मवद्भिः ॥२०।

खेती आदि कठिन कामले पीडित कामासक्त मनुष्यलाई दुःखी देखेर तथा विषयमा अनासक्त पुरुषको सुखशान्ति देखि ज्ञानी पुरुषले कामलाई त्याग गर्नु पर्छ ॥२०॥

ज्ञेया विपत्कामिनि कामसंपत्तिसिद्धेषु कामेषु मदं ह्युपैति ॥
मदादकार्यं कुरुते न कार्यं येन क्षतो दुर्गतिमभ्युपैति ॥२१॥

कामी पुरुषको कामरूपी संपत्तिलाई विपत्ति संझनु पर्छ। काम सिद्ध भयो भने मद हुन्छ। मदान्ध पुरुष नगर्नु पर्ने काम गर्दछ। राम्रो काम गर्दैन, जसले गर्दा त्यो दुर्गतिमा पर्दछ ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत्नेन लब्ध्वा परिरक्षिताश्च ये विप्रलभ्य प्रतियान्ति भूयः ॥
तेष्वात्मवान्याचितकोपमेषु कामेषु विद्वानिह को रमेत ॥२२॥

जो काम [विषय] प्रयत्नले मात्र पाइने र रक्षा गर्दा गर्दै पनि आफूलाई ठगेर जाने हुनाले, यस्तो मागेर ल्याएको वस्तु जस्तो विषयमा कुन आत्मज्ञानी [संयमी] विद्वान् पुरुष रमाउला ? ॥२२॥

अन्विष्य चादाय च जाततर्षा यानत्यजन्तः परियान्ति दुःखम् ।
लोके तृणोल्कासदृशेषु तेषु कामेषु कस्यात्मवतो रतिः स्यात् ॥२३॥

जुन विषयलाई खोजेर पाउँदा पनि उत्तरोत्तर भोगलालसा हुन्छ । जसलाई नछोड्दा दुःख आइपर्दछ । यस संसारमा यस्तो झारपातको आगो जस्तो काममा कुन आत्मज्ञानी पुरुष प्रेम गर्ला ? ॥२३॥

अनात्मवन्तो हृदि यैर्विदष्टा विनात्तमर्छन्ति न यान्ति शर्म ॥
क्रुद्धोग्रसर्पप्रतिमेषु तेषु कामेषु कस्यात्मवतो रतिः स्यात् ॥२४॥

जुन कामनाले हृदयमा डस्दा अज्ञानी पुरुषहरु नष्ट हुन्छन्, शान्ति पाउँदैनन् । त्यस्तो रिसाएको भयङ्कर सर्प जस्तो काममा कुन आत्मज्ञानी पुरुषलाई प्रेम होला ? ॥२४॥

अस्थि क्षुधार्ता इव सारमेया भुक्तापि यान्नैव भवन्ति तृप्ताः ॥
जीर्णास्थिकङ्कालसमेषु तेषु कामेषु कस्यात्मवतो रतिः स्यात् ॥२५॥

जस्तो भोकाएको कुकुर हाड चपाएर पनि तृप्त हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै विषय भोग गरेर पनि तृप्ति आउँदैन। त्यसैले पुरानू हाडको कंकालसमान विषयमा कुन जितेन्द्रिय पुरुष प्रेम गर्ला ? ॥२५॥

ये राजचौरोदक पावकेभ्य· साधारणत्वाज्जनयन्ति दुःखम् ॥
तेषु प्रविद्धामिषसंनिभेषु कामेषु कस्यात्मवतो रतिःस्यात् ॥२६॥

जुन विषयभोगमा राजा, चोर, जल, अग्निबाट सजिलै सँग दुःख आइपर्दछ, त्यस्तो फ्याँकेको मासुका टुक्रा जस्तो काममा कुन आत्मज्ञानी पुरुष आनन्द मनाउला ? ॥२६॥

यत्र स्थितानामभितो विपत्तिः शत्रोः सकाशादपि बान्धवेभ्यः ॥
हिंस्रेषु तेष्वायतनोपमेषु कामेषु कस्यात्मवतो रतिः स्यात् ॥२७॥

कामको आश्रयमा रहने पुरुषलाई शत्रुबाट, दाजुभाइहरु बाट र चारै तर्फबाट विपत्ति आई पर्दछ, हिंसा गर्ने स्थान जस्तो त्यस्तो काम [विषय] मा कुन आत्मज्ञानी पुरुष प्रेम गर्ला ? ॥२७॥

गिरौ वने चाप्सु च सागरे च यान् भ्रंशमर्छन्ति विलङ्घमानाः ॥
तेषु द्रुमप्राग्रफलोमपेषु कामेषु कस्यात्मवतो रतिःस्यात् ॥२८॥

जुन विषयका निंति पर्वत, वन, जल र समुद्रमा दौडँदै भ्रष्ट हुन्छन, त्यस्तो, वृक्षको टुप्पामा रहेको शान्ति पाउन नसकिने फल जस्तो विषयमा कुन आत्मज्ञानी पुरुषलाई आनन्द होला ? ॥२८॥

तीव्रैःप्रयत्नैर्विविधैरवाप्ताः क्षणेन ये नाशमिह प्रयान्ति ॥
स्वप्नोपभोग प्रतिमेषु तेषु कामेषु कस्यात्मवतो रतिः स्यात् ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाना किसिसको ठूलो प्रयत्नद्वारा प्राप्त भएर पनि क्षणभरीमा नै जुन नष्ट हुन्छन्, तथा स्वप्नमा उपभोग गरे जस्ता ती विषयमा कुन आत्मज्ञानी पुरुषलाई आनन्द होला ? ॥२९॥

यानर्जयित्वापि न यान्ति शर्मं विविर्धयित्वा परिपालयित्वा ।
अङ्गारकर्षप्रतिमेषु तेषु कामेषु कस्यात्मवतो रतिः स्यात् ॥३०॥

जुन विषयलाई कमाई,बढाई, पालन गर्दा पनि शान्ति हुँदैन । त्यस्तो आगाको फिलिङ्गो जस्तो विषया कुन आत्मज्ञानी पुरुषलाई आनन्द होला ? ॥३०॥

विनाशमीयुः कुरवो यनथ वृष्णयन्धका मेखलरण्डकाश्च ।
सूनासिकाष्ठप्रतिमेषु तेषु कामेषु कस्यात्मवतो रतिः स्यात् ॥३१॥

जसका निंति कौरव, वृष्णि, अन्धक, मेखल, दण्डकहरु नाश भए । मार्ने ठाउँको तरबार र काठ जस्तो त्यो (काम) विषयलाई कुन आत्मज्ञानी पुरुष प्रेम गर्ला ? ॥३१॥

सुन्दोपसुन्दावसुरौ यदर्थं मन्योन्यवैरप्रसृतौ विनष्टौ ॥
सौहार्दविश्लेषकरेषु तेषु कामेषु कस्यात्मवतो रतिः स्यात् ॥३२॥

जुन कामोपभोगका निंति परस्परमा वैरभाव बढाएका सुन्द र उपसुन्द नामक असुर नष्ट भए । मित्रता फुटाउने त्यस्तो कामलाई कुन आत्मज्ञानी पुरुष प्रेम गर्ला ? ॥६२॥

येषां कृते वारिणि पावके च क्रव्यात्सु चात्मानमिहोत्सृजन्ति ॥
सपत्नभूतेष्वशिवेषु तेषु कामेषु कस्यात्मवतो रतिः स्यात् ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसको प्राप्तिका निंति मनुष्यहरु आफूलाई पानी, आगो, र हिंस्रक जन्तुमा समेत उत्सर्ग [त्याग] गर्दछन्। शत्रु जस्तो अशुभकारी त्यस्तो काममाथि कुन आत्मज्ञानी पुरुषलाई प्रेम होला ? ॥३३॥

कामार्थमज्ञः कृपणं करोति प्राप्नोति दुःखं वधबन्धनादि ॥
कामार्थमाशाकृपणस्तपस्वी मृत्युं भ्रमं चाच्छति जीवलोकः ॥३४॥

अज्ञानी पुरुष काम [विषय] का निंति क्षुद्रता गर्दछ। त्यसैले गर्दा कर्त मर्दछ। कर्त वन्धन आदि दुःख पाउँछ। तृष्णाले दुःखी भएको त्यो निःसहाय प्राणीसमूह कामको निंति अन्त्यमा मृत्यु या थकाइ पाउँछ ॥३४॥

गीतैर्ह्रियन्ते हि मृगा वधाय रूपार्थमग्नौ शलभाः पतन्ति ॥
मत्स्यो गिरत्यायसमिमाषार्थी मस्मादनर्थं विषयाफलन्ति ॥३५॥

मृगहरु मार्नका निंति गीतद्वारा हरण गरिन्छन्। पुतलीहरु रूपका निंति अग्निमा हाम्फाल्छन्। माछा मासुकानिंति फलामको बल्छी निल्छ। त्यसैले विषयको फल विपत्ति हो ॥३५॥

कामास्तु भोगा इति यन्मतिः स्याद्भोगा न केचित्परिगण्यमानाः॥
वस्त्रादयो द्रव्यगुणा हि लोके दुःखप्रतीकार इति प्रधार्याः ॥३६॥

विषयभोगका निंति हो भन्ने बुद्धि अज्ञानीको हो। बुद्धिमान् पुरुषहरु त्यो कुरा मान्दैनन्। उनीहरु संसारमा वस्त्र आदि जति वस्तु र त्यसका गुण छन्, ती दुःख हटाउने वस्तु हुन् भन्ने निश्चय गर्छन् ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इष्टं हि तर्षप्रशमाय तोयं क्षुन्नाशहेतोरशनं तथैव ॥
वातातपाम्बुत्रावरणाय वेश्म कौपीनशीतावरणाय वासः ॥३७॥

जस्तो तिर्खा शान्त गर्न जल इष्ट छ, त्यस्तै भोक शान्त गर्न भोजन इष्ट छ । हावा, घाम, वर्षादेखि घर इष्ट छ । त्यस्तै चीसो र लज्जा बचाउन लगौंटी र अरु वस्त्रको आवश्यकता पर्दछ ॥३७॥

निद्राविघाताय तथैव शय्या यानं तथाध्वश्रमनाशनाय ॥
तथासनं स्थानविनोदनाय स्नानं मृजारोग्यबलाश्रयाय ॥३८॥

त्यस्तै निद्राको बाधा नाश पार्न ओछ्यान, बाटोको थकाइ नाश गर्न सवारी, उभिने कष्ट निवारण गर्न आसन, शरीर सफा गर्न आरोग्य तथा शक्ति पाउन स्नान अभीष्ट छ ॥३८॥

दुःखप्रतीकार निमित्त भूतास्तस्मात्प्रजानां विषया न भोगाः ॥
अश्नामि भोगानिति कोऽभ्युपेयात्प्राज्ञः प्रतीकारविधौ प्रवृत्तः ॥३९॥

त्यसैले मनुष्यको स्वाभाविक दुःख छुटाउनका निंति कारकारणरूप विषय [वस्त्रादि] हुन् । भोगका निंति व्हैनन् । यस्तो संझी दुःख छुटाउनमा लागेको कुन विद्वान् 'म विषयको भोग गर्दछु' भनी आफूलाई ठान्ला ? ॥३९॥

पित्त दाहेन विदह्यमानः शीतक्रियां भोग इति व्यवस्येत् ।
दुःखप्रतीकारविधौ प्रवृत्तः कामेषु कुर्यात्स हि भोगसंज्ञाम् ॥४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पित्तज्वरले डाह भएको जुन मानिस शीत उपचारलाई भोग ठान्छ । दुःख छुटाउने उपायमा लागेको त्यही मानिस कामलाई भोग ठान्नेछ ॥४०॥

कामेष्वनैकान्तिकता च यस्मादतोऽपि मे तेषु न भोगसंज्ञा ॥
य एव भावा हि सुखं दिशन्ति त एव दुःखं पुनरावहन्ति ॥४१॥

काममा एकरूपता नभएकोले म कामलाई भोग भन्ने नाउँ दिन्न । किनभने जुन वस्तुले सुख दिलदछ, त्यही वस्तुले फेरि दुःख पनि प्राप्त हुन्छ ॥४१॥

गुरूणि वासांस्यगुरूणि चैव सुखाय शीते ह्यसुखाय घर्मे ॥
चन्द्राशवश्चन्दनमेव चोष्णे सुखाय दुःखाय भवन्ति शीते ॥४२॥

बाक्ला लुगा र अगुरु जाडोमा सुख दिने हुन्छ र त्यही वस्तु गर्मीमा दुःखदायी हुन्छ । चन्द्रमाको किरण र चन्दन गर्मीमा सुखदायी हुन्छ र जाडोमा दुःखदायी हुन्छ ॥४२॥

द्वन्द्वानि सर्वस्य यतः प्रसक्तान्यलाभलाभप्रभृतीनि लोके ।
अतोऽपि नैकान्तसुखोस्ति कश्चिन्नैकान्तदुःखः पुरुषः पृथिव्याम् ॥४३॥

यस संसारमा हानिलाभ आदि द्वन्द्व सबैका साथ लागेको छ । त्यसैले यहाँ न कुनै पुरुष अत्यन्त सुखी छ, न अत्यन्त दुःखी छ ॥४३॥

दृष्ट्वा विमिश्रां सुखदुःखतां मे राज्यं च दास्यं च मतं समानम् ॥
नित्यं हसत्येव हि नैव राजा न चापि संतप्यत एव दासः ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म सुख-दुःख परस्परमा मिसिएको देखेर राज्य र दासतालाई समान मान्दछु। न राजा सदा हाँसिरहन्छ । न दास सदा संतप्त हुन्छ ॥४४॥

आज्ञा नृपत्वेऽभ्यधिकेति यत्स्यान्महान्ति दुःखान्यत एव राज्ञः॥
आसङ्गकाष्ठप्रतिमो हि राजा लोकस्य हेतोः परिखेदमेति ॥४५॥

राजाको अधिकार धेरै हुन्छ त्यसैले नै राजालाई ठुलठूला दुःख पनि हुन्छन्। भित्तामा टाँगेको काठ झैं राजा संसारको काम गर्दा गर्दै दुःख सहन गर्छ ॥४५॥

राज्ये नृपस्त्यागिनि बन्धुमित्रे विश्वासमागच्छति चेद्विपन्नः
अथापि विश्रम्भमुपैति नेह किं नाम सौख्यं चकितस्य राज्ञः ॥४६॥

राजा त्याग गर्नु पर्ने (छोड्नु पर्ने) धेरै शत्रु भएको राज्यमा विश्वास गर्छ भने अवश्य नै विपत्तिमा पर्दछ । बिश्वास गर्दैन भने शङ्कालु राजालाई के सुख होला ? ॥४६॥

यदा च जित्वापि महीं समग्रां वासाय धृष्टं पुरमेकमेव ।
तत्रापि चैकं भवनं निषेव्यं श्रमः परार्थे ननु राजभावः ॥४७॥

संपूर्ण पृथ्वी जितेर पनि राजाले वसनाका निंति एउटा सहरको एउटा दरबारमा बस्नु पर्छ भने निश्चय नै यो राजभाव अर्काको निंति परिश्रममात्र हो ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञेऽपि वासोयुगमेकमेव क्षुत्संनिरोधाय तथान्नमात्रा ॥
शय्या तथैकासनमेकमेव शेषा विशेषा नृपतेर्मदाय ॥४८॥

राजालाई पनि एक जोर लुगा, भोग शान्त पार्न अलि कता अन्न, त्यस्तै एउटा ओछ्यान र एउटा आसनको आवश्यकता पर्छ । अरू विशेषता राजाको मदवृद्धि गर्ने मात्र हुन ॥४८॥

तुष्ट्यर्थमेतच्च फलं यदीष्टमृतेऽपि राज्यान्मम तुष्टिरस्ति ।
तुष्टौ च सत्यां पुरुषस्य लोके सर्वे विशेषा ननु निर्विशेषाः ॥४९॥

संतुष्ट हुनाका निंति राज्यफलको आवश्यकता छ भनूँ भने पनि राज्य नभए पनि मलाई संतोष छ । मनुष्यलाई संतोष भएमा यी संसारका सबै विषयका विशेषताहरू निश्चय नै निरर्थक हुन्छन् ॥४९॥

तन्नास्मि कामान् प्रति संप्रतार्यः क्षेमं शिवं मार्गमनुप्रपन्नाः ॥
स्मृत्वा सुहृत्त्वं तु पुनः पुनर्मां ब्रूहि प्रतिज्ञां खलु पालयेति ॥५०॥

त्यसैले कल्याण र मङ्गलमय मार्गमा लागेको म विषयभोगतर्फ ठगिने होइन । तपाईंले मित्रताको स्मरण गर्दै बारंबार मलाई प्रतिज्ञाको अवश्य पालना गर भनी भन्नु पर्छ ॥५०॥

न ह्यस्म्यमर्षेण वनं प्रविष्टो न शत्रुबाणैरवधूतमौलिः ॥
कृतस्पृहो नापि फलाधिकेभ्यो गृह्णामि नैतद्वचनं यतस्ते ॥५१॥

म रिसले वनमा गएको ह्वैन । न शत्रुका बाणले मुकुट खसालिंदा वनमा प्रवेश गर्न लागेको हूँ र न अरु कुनै फल-विशेषको इच्छाले । त्यसैले तपाईंका उपदेशहरू म मान्न तयार छैन ॥५१॥

यो दन्दशूकं कुपितं भुजङ्गं मुक्त्वा व्यवस्येद्धि पुनर्ग्रहीतुम् ।
दाहात्मिकां वा ज्वलितां तृणौल्कां संत्यज्य कामान्स पुनर्भजेत ॥५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन पुरुष डस्ने खालको रिसाएको सर्पलाई वा बलेको अगुल्टोलाई त्यागी फेरि समात्ने इच्छा गदछ, त्यही पुरुष नै छोडेको कामलाई फेरि सेवन गर्ला ॥५२॥

अन्धाय यश्च स्पृहयेदनन्धो बद्धाय मुक्तो विधनाय चाढ्य ॥
उन्मत्तचित्ताय च कल्पचित्तः स्पृहां स कुर्याद्विषयात्मकाय ॥५३॥

जुन पुरुष दृष्टिसंपन्न भएर अन्धो, तथा मुक्त भएर बन्धन, धनी भएर गरीब, स्वस्थचित्त भएर उन्मत्तचित्त हुने इच्छा गर्ला, त्यही पुरुष विषयी हुने इच्छा गर्ला। (अर्थात् ज्ञानी कुनै पुरुष पनि विषयको इच्छा गर्दैनन्) ॥५३॥

भैक्षोपभोगीति च नानुकम्प्यः कृती जरामृत्युभयं तितीर्षुः ।
इहोत्तमं शान्तिसुखं च यस्य परत्र दुःखानि च संवृतानि ॥५४॥

जो भिक्षाको अन्नमा निर्भर रहन्छ, त्यो पुरुष दयापात्र हुँदैन। जो कुशल पुरुष जरामृत्युको भयदेखि पार हुने इच्छा गर्छ। उसले यस लोकमा उत्तम शान्ति र सुख पाउँछ र उसका परलोकका दुःख पनि नष्ट हुन्छन् ॥५४॥

लक्ष्म्यां महत्यामपि वर्तमानस्तृष्णाभिभूतस्त्वनुकम्पितव्यः ।
प्राप्नोति यः शान्तिसुखं न चेह परत्र दुःखैः प्रतिगृह्यते च ॥५५॥

जो ठूलो संपत्ति भएर पनि तृष्णाले आक्रान्त छ, त्यो पुरुष दयापात्र हो, त्यो पुरुष यस लोकमा सुखशान्ति र परलोकमा पनि दुःखबाट मुक्ति पाउँदैन ॥५५॥

एवं तु वक्तुं भवतोऽनुरूपं सत्त्वस्य वृत्तस्य कुलस्य चैव ॥
ममापि वोढुं सदृशं प्रतिज्ञां सत्त्वस्य वृत्तस्य कुलस्य चैव ॥५६॥

तपाईंले भलाई यस्तो उपदेश दिनु यो तपाईंको ज्ञान आचार र वंशको अनुरूप छ। मैले पनि यस प्रतिज्ञाको पालन गर्नु मेरो ज्ञान आचार र कुलको अनुरूप छ। ॥५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहं हि संसारशरेण विद्धो विनिःसृतः शान्तिमवाप्तुकामः ॥
नेच्छेयमाप्तुं त्रिदिवेऽपि राज्यं निरामयं किं बत मानुषेषु ॥ ७॥

म संसाररूपी बाणले विद्ध भएर शान्ति पाउने इच्छाले निस्केको हूँ । म स्वर्गको निष्कण्टक राज्य पनि लिन इच्छा गर्दिन भने मानवराज्यको न के कुरा ? ॥५७॥

त्रिवर्गसेवां नृप यत्नु कृत्स्नतः परो मनुष्यार्थ इति त्वमात्थ माम् ॥
अनर्थ इत्येव ममात्र दर्शनं त्रयी त्रिवर्गो हि न चापि तर्पकः ॥५८॥

हे महाराज! तपाईंले मलाई त्रिवर्ग [धर्म, अर्थ, काम,] को संपूर्णरूपले सेवन गर्नु नै परम पुरुषार्थ हो भनी जुन कुरा भन्नु भो, त्यसमा म अनर्थ नै देख्छु, किन भने त्रिवर्ग नाशवान् छ संतोषदायक छैन ॥५८॥

पदे तु यस्मिन्न जरा न भीर्न रुङ् न जन्म नैवोपरमो न चाधयः ॥
तमेव मन्ये पुरुषार्थ-उत्तमं न विद्यते यत्र पुनः पुनः क्रिया ॥५९॥

जुन पदमा न बुढ्याइँ छ, न भय छ, न रोग छ, न जन्म छ, न मृत्यु छ, न आधिहरू छन्, त्यसैलाई म परम पुरुषार्थ मान्दछु, जसमा बारंबार कर्म गर्नु पर्दैन ॥५९॥

यदप्यवोचः परिगल्भतां जरा नवं वयो गच्छति विक्रियामिति ।
अनिश्चयोऽयं बहुशो हि दृश्यते जराप्यधोरा धृतिमच्च यौवनम् ॥६०॥

तपाईं वृद्धावस्थाको प्रतीक्षा गर्नुहोस् , नयाँ उमेरमा विकारहरु हुन्छन् भनी जुन कुरा भन्नु भो, त्यो निश्चित छैन । किनभने धेरैजसो मानिस बूढो उमेरमा पनि अधीर र भरखरको उमेरमा पनि धैर्यवान् देखिन्छन् ॥६०॥

स्वकर्मदत्तश्च यदान्तको जगद् वयःसु सर्वेष्ववशं विकर्षति ।
विनाशकाले कथमव्यवस्थिते जरा प्रतीक्ष्या विदुषा शमेप्सुना ॥६१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नू काममा चतुरा यमराजले यस संसारलाई सबै अवस्थामा बलपूर्वक आफूतर्फ तान्दछन । अतः मृत्युको समय अनिश्चित हुनाले कल्याणको इच्छा गर्ने विद्वान पुरुष वृद्धावस्थाको किन प्रतीक्षा गर्दछ र ? ॥६१॥

जरायुधो व्याधिविकीर्णसायकौ यदान्तको व्याध इवाशितः स्थितः ।
प्रजामृगान् भाग्यवनाश्रिताँस्तुदन् वयःप्रकर्षे प्रति को मनोरथः ॥६२॥

यमराज अमङ्गलकारी व्याधा झैं बुढ्याइँरूपी धनु लिएर उभिई, रोगरूपी बाण छोड्दै, भोगरूपी वनमा रहने प्रजारूपी मृगलाई हान्दछ भने मानिसले बुढ्याइँको किन इच्छा गर्नु ? ॥ अर्थात् बूढो अवस्थामा धर्म गर्ने इच्छा हुन नै गाह्रो हुन्छ ॥६२॥

अतो युवा वा स्थविरोऽथवा शिशुस्तथा त्वरावानिह कर्तुमर्हति ॥
यथाभवेद्धर्मवतः कृतात्मनः प्रवृत्तिरिष्टा विनिवृत्तिरेव वा ॥६३॥

यही कारणले मनुष्य तन्नेरी, बूढो, अथवा बालक जे होस्, उसले चाँडै नै यस्तो गर्नु पर्छ, जे गर्नाले धर्मात्मा मानिस कृतार्थ भएर (स्वर्ग प्राप्तिद्वारा) इष्ट मार्गमा प्रवृत्ति या (मोक्ष प्राप्तिद्वारा) इष्ट निवृत्ति पाओस् ॥६३॥

यदात्थ चापीरष्टफलां कुलोचितां कुरुष्व धर्माय मखक्रियामिति ॥
नमो मखेभ्यो न हि कामये सुखं परस्य दुःखक्रियया यदिष्यते ॥६४॥

तपाईंले धर्मका निंति इष्टफल दिने कुलोचित यज्ञक्रिया गर भनी जो भन्नु भो, त्यस्तो यज्ञलाई मेरो नमस्कार छ । म अरुलाई दुःख दिएर हुने सुखको इच्छा गर्दिनँ ॥६४॥

परं हि हन्तुं विवशं फलेप्सया न युक्तरूपं करुणात्मनः सतः ॥
क्रतोः फलं यद्यपि शाश्वतं भवेत्तथापि कृत्वा किमु यत्क्षयात्मकम् ॥६५

दयावान् सज्जन पुरुषले फलको इच्छा गरी अरु विवश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवलाई मार्नु उचित होइन । यज्ञको फल नित्य भए पनि यस्तो घातक कर्म गर्नु के उचित होला ? ॥६५॥

भवेच्च धर्मो यदि नापरो विधिर्व्रतेन शीलेन मनःशमेन वा ॥
तथापि नैवार्हति सेवितुं क्रतुं विशेष्य यस्मिन् परमुच्यते फलम्॥६६॥

यदि व्रत शील वा मनको शान्तिद्वारा धर्म प्राप्त हुने अरु उपाय नहून्, तापनि यज्ञको सेवन गर्नु उचित छैन । जसमा अरुलाई मारेर फल प्राप्ति हुन्छ भनेको छ ॥६६॥

इहापि तावत्पुरुषस्य तिष्ठतः प्रवर्तते यत्परहिंसया सुखम् ॥
तदप्यनिष्टं सघृणस्य धीमतो भवान्तरे किं बत यन्न दृश्यते ॥६७॥

यहाँ बसेका पुरुषलाई अर्काको हिंसाले जुन सुख हुन्छ, त्यो पनि दयालु बुद्धिमानलाई इष्ट छैन । नदेखिने अर्को जन्मको त कुरै के भो र ? ॥६७॥

न च प्रतार्योऽस्मि फलप्रवृत्तये भवेषु राजन् रमते न मे मनः ।
लता इवाम्भोधर वृष्टिताडिताः प्रवृत्तयः सर्वगता हि चञ्चलाः ॥६८॥

हे राजन्! संसारमा मेरो मन रमाउँदैन । त्यसैले म फलतर्फ प्रवृत्त भएर ठगिने होइन । किनभने मेघको वर्षाले चुटिएको लहरा झैं विश्वव्यापी प्रवृत्तिहरु चञ्चल छन् ॥६८॥

इहागतश्चाहमितो दिदृक्षया मुनेरराडस्य विमोक्षवादिनः ॥
प्रयामि चाद्यैव नृपास्तु ते शिवं वचः क्षमेथा मम तत्त्वनिष्ठुरम ॥६९॥

यहाँ आएँ । अब यहाँबाट आजै नै मोक्षवादी अराड मुनिको दर्शन गर्ने इच्छाले जाँदैछु । हे महाराज ! तपाईको कल्याण होस् । यो मेरो सत्य र निष्ठुर वचनलाई क्षमा गर्नु होस् ॥६९॥

अवेन्द्रवद्दिव्यव शश्वदर्कवद् गुणैरव श्रेय इहाव गामव ॥
अवायुरार्यैरवसत्सुतानव श्रियश्च राजन्नव धर्ममात्मनः ॥७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे राजन्! स्वर्गमा इन्द्रले रक्षा गरे झैं रक्षा गर्नु होस्, सूर्यले झैं निरन्तर रक्षा गर्नु होस्। गुरुले कल्याणको रक्षा गर्नु होस्, पृथ्वीको रक्षा गर्नुहोस्। आयुको रक्षा गर्नु होस्। आर्यपुत्रको रक्षा गर्नु होस्। लक्ष्मीको रक्षा गर्नु होस्। तथा आफ्नू धर्मको रक्षा गर्नु होस्। ॥७०॥

हिमारिकेतूद्भवसम्भवान्तरे यथा द्विजो याति विमोक्षयंस्तनुम्
हिमारिशत्रुक्षयशत्रुघातने तथान्तरे याहि विमोक्षयन्मनः ७१॥

अग्निको ध्वजारूपी धूवांबाट उत्पन्न हुने बादलद्वारा वृष्टि भएपछि अग्नि स्वयं शान्त भए झैं सूर्यको शत्रु तमको क्षय गर्ने शत्रुको विनाश गरी मनलाई बीचैमा मुक्त पारी जानुहोस् ॥७१॥

नृपोऽब्रवीत्साञ्जलिरागतस्पृहो यथेष्टमाप्नोतु भवानविघ्नतः ॥
अवाप्य काले कृतकृत्यतामिमां ममापि कार्यो भवता त्वनुग्रहः ॥७२॥

राजाले प्रेमपूर्वक हात जोडेर भने-तपाईं निर्विघ्नपूर्वक यथेष्ट सफलता प्राप्त गर्नु होस्। समयमा नै यसलाई प्राप्त गरी कृतकृत्य भई ममाथि पनि अनुग्रह गर्नु होस् ॥७२॥

स्थिरं प्रतिज्ञाय तथेति पार्थिवे ततः स वैश्वन्तरमाश्रमं ययौ।
परिव्रजन्तं तमुदीक्ष्य विस्मितो नृपोऽपि वव्राज पुरं गिरिव्रजम् ॥७३॥

त्यसपछि राजालाई हुन्छ भनी स्थिर प्रतिज्ञा गरी उनी त्यहाँबाट वैश्वन्तरको आश्रम तर्फ गए। उनको त्यस्तो परिव्राजक-रूप देखेर आश्चर्य मानेका राजा पनि गिरिव्रज नामक नगरमा गए ॥७३॥

❀ एघारौं सर्ग समाप्त ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्ध चरित्र

बाह्रौं सर्ग

अराड मुनिसंग भेटघाट

ततः शमविहारस्य मुनेरित्वाकुचन्द्रमाः ॥

अराडस्याश्रमं भेजे वपुषा पूर्यन्निव ।१॥

त्यसपछि इक्ष्वाकुवंशका चन्द्रमा जस्ता ती राजकुमार शान्ति मन पराउने अराडमुनिको आश्रममा आफ्नू शरीरका प्रभावले पूर्ण गर्दै पसे ॥१॥

स कालायसगोत्रेण तेनालोक्यैव दूरतः ॥

उच्चैः स्वागतमित्युक्तः समीपमुपजग्मिवान् ॥२॥

कालायस गोत्रमा उत्पन्न भएका ती मुनिले टाढाबाट देखेर ऊँचो स्वरले "स्वागत" छ भने । राजकुमार पनि उनको नगीचै गए ॥२॥

तावुभौ न्यायतः पृष्ट्वा धातुसाम्यं परस्परम् ।

दारव्योर्मेध्ययोर्वृष्योः शुचौ देशे निषेदतु ॥३॥

ती दुवै न्यायपूर्वक परस्परमा कुशल प्रश्न सोधी पवित्र स्थानमा पिर्कामाथि मृगको छाला ओछ्याइएको पवित्र आसनमा बसे । ३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तमासीनं नृपसुतं सोऽब्रवीन्मुनिसत्तमः ।।
बहुभाव विशालाभ्यां दर्शनाभ्यां पिबन्निव ।।४।।

ती उत्तम मुनिले आसनमा बसेका ती राजकुमारलाई अत्यन्त आदरपूर्वक ठूला ठूला आँखाले पान गरे झैं गरी भने ।।४।।

विदितं मे यथा सौम्य निष्क्रान्तो भवनादसि ।
छित्त्वा स्नेहमयं पाशं पाशं दृप्त इव द्विपः ।।५।।

हे शान्त राजकुमार ! मदमत्त हात्तीले बन्धन चुँडाले झैं गरी तपाईंले पनि स्नेहको बन्धन काटी आउनुभएको हो भन्ने कुरा मैले जानिसकेकोछु ।।५।।

सर्वथा धृतिमच्चैव प्राज्ञं चैव मनस्तव ।
यस्त्वं प्राप्तः श्रियं त्यक्त्वा लतां विषफलामिव ।।६।।

तपाईंको मन सबैतरहले धैर्यसम्पन्न र ज्ञानवान् छ । तपाईं विषाक्त फल दिने लहरा जस्ती लक्ष्मीलाई छोडी आउनु भएको हो ।।६।।

नाश्चर्यं जीर्णवयसो यज्जग्मुः पार्थिवा वनम् ।
अपत्येभ्यः श्रियं दत्त्वा भुक्तोच्छिष्टामिव स्रजम् ।।७।।

राजाहरू वृद्धवस्थामा आफ्ना सन्तानलाई भोगगरेको जूठो माला जस्तै गरी राज्यलक्ष्मी सुम्पी वनमा जान्छन् । यसमा कुनै आश्चर्य छैन ।।७।।

इदं मे मतमाश्चर्यं नवे वयसि यद्भवान् ।
अभुक्त्वैव श्रियं प्राप्तः स्थितो विषय गोचरे ।।८।।

विषयले भरिपूर्ण भएको स्थानमा बस्नु भएको तपाईं,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो नयाँ उमेरमा लक्ष्मीको भोग नगरी आउनु भएको देख्दा आश्चर्य मानिरहेको छु ॥८॥

तद्विज्ञातुमिमं धर्मं परमं भाजनं भवान् ।
ज्ञानप्लवमधिष्ठाय शीघ्रं दुःखार्णवं तर ॥९॥

त्यसैले यो धर्म सिक्नलाई तपाईं उत्तम पात्र हुनुहुन्छ । अब ज्ञानरूपी डुङ्गामा चढी यो दुःखसागरबाट चाँडै नै पार हुनुहोस् ॥९॥

शिष्ये यद्यपि विज्ञाते शास्त्रं कालेन वर्ण्यते ।
गाम्भीर्याद् व्यवसायाच्च न परीक्ष्यो भवान् मम ॥१०॥

हुन त शिष्यलाई चिनेरमात्र शास्त्र समयमा दिइन्छ । तर तपाईंको गम्भीरता एवं उद्योगले गर्दा म परीक्षा लिन्न समयोचित शिक्षा दिन्छु ॥१०॥

इतिवाक्यमराडस्य विज्ञाय स नरर्षभः ॥
बभूव परमप्रीतः प्रोवाचोत्तरमेव च ॥११॥

अराडमुनिको यस्तो कुरा सुनेर त नरश्रेष्ठले प्रसन्न भएर उत्तर दिए ॥११॥

विरक्तस्यापि यदिदं सौमुख्यं भवतः परम् ॥
अकृतार्थोऽप्यनेनास्मि कृतार्थ इव संप्रति ॥१२॥

विरक्त तपाईंको पनि यो जुन म उपरको अनुकूलता छ, त्यसले गर्दा अकृतार्थ म अहिले कृतार्थ जस्तो भएको छु ॥१२॥

दिदृक्षुरिव हि ज्योतिः पिपासुरिव दैशिकम् ॥
त्वद्दर्शनमहं मन्ये तितीर्षुरिव च प्लवम् ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेर्न इच्छा गर्ने पुरुषले प्रकाश, यात्राको इच्छा गर्ने पुरुषले बाटो देखाउने मानिस, पार हुन इच्छा गर्ने पुरुषले डुङ्गालाई माने मैं तपाईंको दर्शनलाई म ठान्छु ॥१३॥

तस्मादर्हसि तद्वक्तुं वक्तव्यं यदि मन्यसे ॥

जरामरणारोगेभ्यो यथायं परिमुच्यते ॥१४॥

त्यसैले तपाईं मलाई उपदेश दिन योग्य ठान्नु हुन्छ भने, तपाईंले त्यस्तो उपदेश दिनु पर्छ, जसले गर्दा यो जरामरणरूप रोगबाट म मुक्त हुन पाउँछु ॥१४॥

इत्यराडः कुमारस्य माहात्म्यादेव चोदितः ।

सक्षिप्तं कथयांचक्रे स्वस्य शास्त्रस्य निश्चयम् ॥१५॥

यसरी कुमारको प्रभावले प्रेरित भएका अराडले आफ्नू शास्त्रको सिद्धान्त संक्षेपले भने ॥१५॥

श्रूयतामयमस्माकं सिद्धान्तः शृण्वतां वर ।

यथा भवति संसारो यथा चैव निवर्तते ॥१६॥

हे श्रोतामा श्रेष्ठ कुमार ! यो संसार कसरी बन्दछ र कसरी नष्ट हुन्छ भन्ने हाम्रो सिद्धान्त सुन्नुहोस् ॥१६॥

प्रकृतिश्च विकारश्च जन्म मृत्युर्जरा च ।

तत्तावत्सत्त्वमित्युक्तं स्थिरसत्व परेहि तत् ॥१७॥

हे स्थिरसत्त्व ! प्रकृति, विकार, जन्म, जरा, मृत्यु, यिनलाई सत्व भन्दछन् भन्ने बुझ्नुहोस् ॥१७॥

तत्र तु प्रकृतिं नाम विद्धि प्रकृतिकाविद ।

पञ्च भूतान्यहंकारं बुद्धिमव्यक्तमेव च ॥१८॥

हे प्रकृतिका ज्ञाता ! पाँच महाभूत, अहंकार, बुद्धि र अव्यक्तलाई प्राकृतिक भनेर जान्नुहोस् ॥१८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकार इति बुध्यस्व विषयानिन्द्रियाणि च ।
पाणिपादं च वाचं च पायूपस्थं तथा मनः ॥१९॥

विषय र इन्द्रियलाई विकार भन्ने जान्नुहोस् । हात, खुट्टा, वचन, गुह्येन्द्रिय, लिङ्ग, मन यी इन्द्रिय हुन् ॥१९॥

अस्य क्षेत्रस्य विज्ञानात्क्षेत्रज्ञ इति संज्ञि च ।
क्षेत्रज्ञ इति चात्मानं कथयत्यात्मचिन्तकाः ॥ ०॥

चेतनले यो देहरूपी क्षेत्रलाई जान्ने हुँदा चेतन क्षेत्रज्ञ भनिन्छ । आत्म-चिन्तकहरू आत्मालाई नै क्षेत्रज्ञ भन्दछन् ॥२०॥

सशिष्यः कपिलश्चेह प्रतिबुद्ध इति स्मृतः ॥
सपुत्रः प्रतिबुद्धस्तु प्रजापतिरिहोच्यते ॥२१॥

यस संसारमा शिष्यसहित कपिललाई ज्ञानी हुन् भनी भन्दछन् । उनले छोराहरूसहित ज्ञान प्राप्त गरे । त्यसैले उनलाई प्रजापति पनि भन्दछन् ॥२१॥

जायते जीर्यते चैव बाध्यते म्रियते च यत् ।
तद्व्यक्तमिति विज्ञेयमव्यक्तं तु विपर्ययात् ॥२२॥

जो उत्पन्न हुन्छ, जीर्ण हुन्छ, पीडित हुन्छ, मर्दछ, त्यो व्यक्त हो र जो यसको विपरीत छ, त्यो अव्यक्त हो भनी जान ॥२२॥

अज्ञानं कर्म तृष्णा च ज्ञेयाः संसारहेतवः ॥
स्थितो ऽस्मिंस्त्रितये जन्तुस्तत्सत्त्वं नातिवर्तते ॥२३॥

अज्ञान, कर्म, तृष्णा यी संसारका कारण हुन् । यी तीन कुरामा अडिएको मनुष्य सत्त्व (जन्म, जरा, मृत्यु) को पार पुग्न सक्तैन ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विप्रत्ययादहङ्कारात्संदेहादभिसंप्लवात् ।
अविशेषानुपायाभ्यां सङ्गादभ्यवपाततः ॥२४॥

विप्रत्यय, अहङ्कार, सन्देह, अभिसंप्लव, अविशेष, अनुपाय, सङ्ग, अभ्यवपात यिनले गर्दा जीवले सत्त्वको अतिक्रमण गर्न सक्तैन ॥२४॥

तत्र विप्रत्ययो नाम विपरीतं प्रवर्तते ।
अन्यथा कुरुते कार्यं मन्तव्यं मन्यते ऽन्यथा ॥२५॥

त्यसमा विप्रत्यय भनेको विपरीत काममा प्रवृत्त हुनु, उल्टो काम गर्नु र उल्टो कुरा सम्झनु ॥२५॥

ब्रवीम्यहमहं वेद्मि गच्छाभ्यहमहं स्थितः ॥
इतीहैवमहंकार स्त्वनहंकार वर्तते ॥ ६॥

हे अहंकाररहित कुमार संसारमा म बोल्दछु, म जान्दछु, मजान्छु, म बसेको छु, यस्तो भावना हुनुलाई अहंकार भनिएको छ ॥२६॥

यस्तु भावानसंदिग्धानेकीभावेन पश्यति ।
मृत्पिण्डवदसंदेह संदेह स इहोच्यते ॥२७॥

हे संदेहरहित ! जुन पुरुष परस्परमा नमिलेका वस्तुलाई माटोको डल्लो जस्तो एकै ठान्दछ, त्यसैलाई यहाँ सन्देह भन्दछन् ॥२७॥

य एवाहं स एवेदं मनो बुद्धिश्च कर्म च ॥
यश्चैवैष गणः सोऽहमिति यः सोऽभिसंप्लवः ॥२८॥

यो जुन म छु, त्यही नै मन बुद्र र कर्म हुन् । यी जुन मन, बुद्धि, कर्म हुन्, तिनै नै म हूँ भन्ने यस्तो जुन ज्ञान हो, त्यही नै अभिसंप्लव हो ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविशेषं विशेषज्ञ प्रतिबुद्धाप्रबुद्धयोः ।
प्रकृतीनां च यो वेद सोऽविशेष इति स्मृतः ॥२९॥

हे विशेषज्ञ ! जुन पुरुष ज्ञानी, अज्ञानी र प्रकृतिहरूको भेद जान्दैन, त्यसैलाई अविशेष भन्दछन् ॥२९॥

नमस्कारवषट्कारौ प्रोक्षणाभ्युक्षणादयः ।
अनुपाय इति प्राज्ञैरुपायज्ञ प्रवेदितः ॥३०॥

हे उपायज्ञ ! नमस्कार, वषट्कार, प्रोक्षण अभ्युक्षण आदिलाई विद्वान्हरूले धर्मको उपाय नभएको 'अनुपाय' भनेका छन् ॥३०॥

सज्जते येन दुर्मेधा मनोवाग्बुद्धिकर्मभिः ॥
विषयेष्वनभिष्वङ्ग ! सोऽभिष्वङ्ग इतिस्मृतः ॥३१॥

हे सङ्गरहित कुमार ! जसले गर्दा दुर्बुद्धि पुरुष मन, वचन, बुद्धि र कर्मद्वारा विषयमा आवद्ध हुन्छ, त्यसैलाई अभिष्वङ्ग भन्दछन् ॥३१॥

ममेदमहमस्येति यद् दुःखमभिमन्यते ॥
विज्ञेयोऽभ्यवपातः स संसारे येन पात्यते ॥३२॥

यो मेरो हो, म यसको हुँ भन्ने यस प्रकारको भावलाई नै दुःख मानिएको छ, त्यसैलाई अभ्यवपात भन्दछन् । यसले गर्दा मनुष्यको संसारमा पतन हुन्छ ॥३२॥

इत्यविद्यां हि विद्वान् स पञ्चपर्वां समीहते ।
तमो मोहं महामोहं तामिस्रद्वयमेवच ॥३३॥

विद्वान्हरु अविद्यालाई पाँच पर्व (पाँच गाँठा) मा विभक्त भएको मान्दछन् । ती तम, मोह, महामोह, तामिस्र, अन्ध तामिस्र यिनै हुन् ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्रालस्यं तमो विद्धि मोहं मृत्युं च जन्म च ।
महामोहस्त्वसंमोह ! काम इत्येव गम्यताम् ॥३४॥

हे मोहरहित ! त्यसमध्ये आलस्यलाई तम, जन्ममृत्युलाई मोह र कामलाई महामोह हो भन्ने जान ॥३४॥

यस्मादत्र च भूतानि प्रमुह्यन्ति महान्त्यपि ।
तस्मादेष महाबाहो महामोह इतिःमृतः ॥३५॥

हे महाबाहो ! ठुलठूला प्राणीहरु पनि यही कामले गर्दा मूढ जस्तो हुने हुनाले यसलाई महामोह मानेको हो ॥३५॥

तामिस्रमिति चाक्रोध ! क्रोधमेवाधिकुर्वते ।
विषादं चान्धतामिस्रमविषाद ! प्रचक्षते ॥३६॥

हे अक्रोध ! क्रोधलाई नै तामिस्र हो भन्दछन्, तथा हे विषादरहित ! विषाद (खेद) मान्नु नै अन्धतामिस्र हो भन्दछन् ॥३६॥

अनयाऽविद्यया बालः संयुक्तः पञ्चपर्वया ॥
संसारे दुःखभूयिष्ठे जन्म स्वभिनिषिच्यते ॥३७॥

यो पाँच आँखा भएको, अविद्यायुक्त, दुःखबहुल संसारमा मूर्ख मनुष्य बारंबार जन्म लिन्छ ॥३७॥

द्रष्टा श्रोता च मन्ता च कार्यकारणमेव च ।
अहमित्येवमागम्य संसारे परिवर्तते ॥३८॥

देख्ने, सुन्ने, जान्ने र कार्य कारण सबै म नै हुँ भनी मान्दै यस संसारमा यताउति घुम्दछ ॥३८॥

इहैभिर्हेतुभिधीर्मन ! जन्मस्रोतः प्रवर्तते ॥
हेत्वभावात्फलाभाव इति विज्ञातुमर्हसि ॥३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हु बुद्धिमान् ! यस संसारमा यिनै कारणले गर्दा जन्मको स्रोत बग्छ । कारणको अभावमा फलको पनि अभाव हुन्छ भन्ने जान ॥३६॥

तत्र सम्यङ्मतिर्विद्यान्मोक्षकाम चतुष्टयम् ॥
प्रतिबुद्धाप्रबुद्धौ च व्यक्तमव्यक्तमेव च ॥४०॥

हे मोक्षेच्छु ! बुद्धिमान् पुरुषले प्रतिबुद्ध, अप्रतिबुद्ध, व्यक्त, अव्यक्त यी चार कुरालाई राम्रोसँग जान्नु पछ ॥४०॥

यथावदेतद्विज्ञाय क्षेत्रज्ञो हि चतुष्टयम् ·
आजवंजवतां हित्वा प्राप्नोति पदमक्षरम् ॥४१॥

क्षेत्रज्ञ आत्माले यी चार कुरालाई राम्रोसंग जानी, जन्म मरणरूपी आवागमनलाई छोडी अक्षय अविनाशी पद पाउँछ ॥४१॥

इत्यर्थं ब्राह्मणा लोके परम ब्रह्मवादिनः ॥
ब्रह्मचर्यं चरन्तीह ब्राह्मणान्वासयन्ति च ॥४२॥

यस संसारमा यसैका निंति परम ब्रह्मज्ञानी ब्रह्मचर्यको आचरण गर्दछन तथा ब्राह्मणहरुलाई यसको शिक्षा पनि दिन्छन् ॥४२॥

इति वाक्यमिदं श्रुत्वा मुनेस्तस्य नृपात्मजः ॥
अभ्युपायं च पप्रच्छ पदमेव च नैष्ठिकम् ॥४३॥

राजपुत्रले ती मुनिको यस्तो वचन सुनी उपाय र नैष्ठिक पदको सम्बन्धमा सोधे ॥४३॥

ब्रह्मचर्यमिदं चर्यं यथा यावच्च यत्र च ॥
धर्मव्यास्य च पर्यन्तं भवान् व्याख्यातुमर्हति ॥४४॥

हे भगवन् ! ब्रह्मचर्य जसरी जहिले जहाँ गर्नुपर्छ, सो र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस धर्मको अन्त (समाप्ति) कहाँ हुन्छ ? यसको व्याख्या गर्नुहोस् ।४४।।

इत्यराडो यथाशास्त्रं विस्पष्टार्थं समासतः ॥
तमेवान्येन कल्पेन धर्ममस्मै व्यभाषत ॥४५॥

यस्तो प्रश्न गरेपछि अराडमुनिले शास्त्रानुसार स्पष्ट अर्थमा संक्षेपले त्यसै धमलाई अर्को रीतिले भने ॥४५॥

अयमादौ गृहान्मुक्त्वा भैक्षाकं लिङ्गमाश्रितः
समुदाचारविस्तीर्णं शीलमादाय वर्तते ॥४६॥

यो व्रत गर्ने व्यक्ति पहिले घर छोडी भिक्षुकको वेष धारण गर्छ र राम्रो उदार आचरणले युक्त भएको शील ग्रहण गर्छ ॥४६॥

संतोषं परमास्थाय येन तेन यतस्ततः ॥
विविक्तं सेवते वासं निर्द्वन्द्वः शास्त्रवित्कृती ॥४७॥

जहाँ तहाँबाट जसरी तसरी जे प्राप्त हुन्छ त्यसैमा परम संतोष गरी कुशलतापूर्वक शास्त्रको चिन्तन गर्दै निर्द्वन्द्व भएर एकान्तवास गर्दछ ॥४७॥

ततोरागाद्भयं दृष्ट्वा वैराग्याच्च परं शिवम् ॥
निगृह्णन्निन्द्रियग्रामं यतते मनसः शमे ॥४८॥

त्यसपछि रागबाट भय र वैराग्यबाट परम कल्याण हुन्छ भन्ने जानी इन्द्रियसमुदायलाई वश पारी मन शान्त पार्ने यत्न गर्दछ ॥४८॥

अथो विविक्तं कामेभ्यो व्यापादादिभ्य एव च ।
विवेकजमवाप्नोति पूर्वध्यानं वितर्कवत् ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि काम, क्रोध, लोभ आदिबाट शून्य भै विवेकजन्य युक्तिपूर्ण पूर्वध्यान (पहिलो समाधि) पाउँछ ॥४६॥

तच्च ध्यानसुखं प्राप्य तत्तदेव वितर्कयन् ॥
अपूर्वसुखलाभेन ह्रियते बालिशो जनः ॥५०॥

त्यस्तो ध्यान सुख पाएको मूर्ख मनुष्य वितर्क गर्नाले विलक्षण सुखको प्राप्तिबाट च्युत हुन्छ ॥५०॥

शमेनैवं विधेनायं कामद्वेष विगर्हिणा ।
ब्रह्मलोकमवाप्नोति परितोषेण वञ्चितः ॥५१॥

काम र द्वेषको विरोधी भएको यस्तो शान्तिले ब्रह्मलोक प्राप्ति हुन्छ । यसमा जो वितर्क गर्दै मिथ्याभिमान गर्दछ, त्यो ठगिन्छ ॥५१॥

ज्ञात्वा विद्वान् वितर्कांस्तु मनः संक्षोभकारकान् ।
तद्वियुक्तमवाप्नोति ध्यानं प्रीतिसुखान्वितम् ॥५२॥

तर विद्वान् पुरुष मन संक्षोभ पार्ने वितर्कलाई जानेर त्यसदेखि रहित हुन्छ भने प्रीतिसुखले युक्त ध्यान प्राप्त गर्दछ ॥५२॥

ह्रियमाणस्तया प्रीत्या यो विशेषं न पश्यति ।
स्थानं भास्वरमाप्नोति देवेष्वाभास्वरेषु सः ॥५३॥

जुन पुरुष त्यो प्रीतिले आकृष्ट भै आफ्नू विशिष्ट तत्त्वलाई देख्दैन, त्यो आभास्वर देवहरूका बीचको उज्ज्वल स्थान पाउँछ ॥५३॥

यस्तु प्रीतिसुखात्तस्माद्विवेचयति मानसम् ।
तृतीयं लभते ध्यानं सुखं प्रीतिविवर्जितम् ॥५४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन पुरुष त्यो प्रीति-सुखलाई आफ्नो मनमा पस्न दिंदैन, त्यसले सुखमय प्रीतिरहित तृतीय ध्यान प्राप्त गर्छ ॥५४॥

यस्तु तस्मिन्सुखे मग्नो न विशेषाय यत्नवान् ।
शुभकृत्स्नैः स सामान्यं सुखं प्राप्नोति दैवतैः ॥५५॥

जुन पुरुष त्यो सुखमा मग्न भई विशेष सुखको यत्न गर्दैन, त्यो शुभकृत्स्नदेवताहरूका साथ सामान्य सुख पाउँछ ॥५५॥

तादृशं सुखमासाद्य यो न रज्यत्युपेक्षकः ।
चतुर्थं ध्यानमाप्नोति सुखदुःखविवर्जितम् ॥५६॥

जुन पुरुष त्यस्तो सुख पाउँदा पनि अनुरक्त नभई उदासीन रहन्छ, त्यो सुख-दुःखरहित चौथो ध्यान प्राप्त गर्दछ ॥५६॥

तत्र केचिद् व्यवस्यन्ति मोक्ष इत्याभिमानिनः ।
सुख दुःख परित्यागादव्यापाराच्च चेतसः ॥५७॥

त्यहाँ सुख-दुःख नहुनाले र मनको व्यापार पनि नहुनाले, कुनै अभिमानी पुरुष त्यसैलाई मोक्ष भन्दछन् ॥५७॥

अस्य ध्यानस्य तु फलं समं देवैर्वृहत्फलैः ॥
कथयन्ति वृहत्कालं वृहत्प्रज्ञापरीक्षकः ॥५८॥

ब्रह्मज्ञानका परीक्षकहरू यस ध्यानको फल वृहत्फल नाम भएका देवताका साथ धेरै कालसम्म संगै बस्नु हो भन्दछन् ॥५८॥

समाधेर्व्युत्थितस्तस्माद् दृष्ट्वा दोषाञ्छरीरिणाम् ॥
ज्ञातमारोहति प्राज्ञः शरीरविनिवृत्तये ॥५९॥

शरीरधारीको दोष देखेका बुद्धिमान् पुरुष समाधिबाट उठेर शरीरनिवृत्तिका लागि ज्ञानमार्गमा आरूढ हुन्छन् ॥५९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततस्तदध्यानमुत्सृज्य विशेषे कृतनिश्चयः ॥
कामेभ्य इव स प्राज्ञो रूपादपि विरज्यते ॥६०॥

त्यसपछि त्यो ध्यान छोडी विशेषका निम्ति निश्चय गरेको बुद्धिमान् पुरुष कामहरूदेखि झैं रूपदेखि पनि विरक्त हुन्छ ॥६०॥

शरीरे खानि यान्यस्मिंस्तान्यादौ परिकल्पयन् ।
घनेष्वपि ततो द्रव्येष्वाकाशमधिमुच्यते ॥६१॥

अनि यस शरीरमा जति छिद्र छन्, तिनमा शून्यको कल्पना गर्दछ र स्थूल पदार्थमा पनि आकाशको भावना गर्दछ ॥६१॥

आकाशगतमात्मानं संक्षिप्य त्वपरो बुधः ॥
तदेवानन्ततः पश्यन्विशेषमधिगच्छति ॥६२॥

अर्को विद्वान् पुरुष आकाशमा रहेको आत्मा (जीवात्मा या अहमात्मा) लाई संक्षेप गरी (विषयवासनादेखि हटाई) त्यसैलाई अनन्त स्वरूप देख्दै विशेषमा पुग्दछ ॥६२॥

अध्यात्मकुशलस्त्वन्यो निवर्त्यात्मानमात्मना ।
किंचिन्नास्तीति संपश्यन्नाकिंचन्य इति स्मृतः ॥६३॥

अध्यात्मकुशल अर्को पुरुष आत्माद्वारा आत्मालाई निवृत्त गरी केही पनि छैन भन्ने देख्दै अकिञ्चन भावको स्मरण गर्दछ ॥६३॥

ततो मुञ्जादिषीकेव शकुनिः पञ्जरादिव ।
क्षेत्रज्ञो निःसृतो देहान्मुक्त इत्यभिधीयते ॥६४॥

त्यसैले मूजबाट निस्केको सीक जस्तो पिंजडाबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निस्केको पंक्षी जस्तो देहबाट निस्केको (अलग्ग रहेको) क्षेत्रज्ञ आत्मालाई मुक्त भन्दछन् ॥६४॥

एतत्तत्परमं ब्रह्म निर्लिङ्गं ध्रुवमक्षरम् ॥
यन्मोक्ष इति तत्त्वज्ञाः कथयन्ति मनीषिणः ॥६५॥

यो त्यही नै चिन्हरहित अटल अविनाशी परब्रम्ह पद हो। जसलाई तत्त्वज्ञानी विद्वानहरू मोक्ष भन्दछन ॥६५॥

इत्युपायश्च मोक्षश्च मया संदर्शितस्तव ।
यदिज्ञातं यदि रुचिर्यथावत् प्रतिपद्यताम् ॥६६॥

यसप्रकारको उपाय र मोक्ष मैले तपाईंलाई भनें। यसलाई बुझ्नु भो र रुचि पनि छ भने योग्य उपायले यसलाई प्राप्त गर्नुहोस् ॥६६॥

जैगीषव्योऽथ जनको वृद्धश्चैव पराशरः ॥
इमं पन्थानमासाद्य मुक्ता ह्यन्ये च मोक्षिणः ॥६७॥

जैगीषव्य, जनक, वृद्ध पराशर र अरु अरु मोक्षको इच्छा गर्ने पुरुष पनि यसै बाटोबाट मुक्त भए ॥६७॥

इति तस्य स तद्वाक्यं गृहीत्वा तु विचार्य च ॥
पूर्वहेतुबलप्राप्तः प्रत्युत्तरमुवाच ह ॥६८॥

अराडमुनिको यस्तो वचन सुनी विचार गरेर पूर्व जन्मको हेतुबल (तीन कुलश मूलक शक्ति) सम्पन्न राजकुमारले उत्तर दिए ॥६८॥

श्रुतं ज्ञातमिदं सूक्ष्मं परतः परतः शिवम् ॥
क्षेत्रज्ञस्यापरित्यागादवैम्येतदनैष्ठिकम् ॥६९॥

उत्तरोत्तर कल्याण गर्ने यो सुसूक्ष्म ज्ञान मैले सुनें। क्षेत्रज्ञको परित्याग नहुनाले म यसलाई नैष्ठिक पद मान्दिनँ ॥६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकारप्रकृतिभ्यो हि क्षेत्रज्ञं मुक्तमप्यहम् ।
मन्ये प्रसवधर्माणं बीजधर्माणमेव च ॥७०॥

विकार र प्रकृतिहरुबाट मुक्त भएर पनि क्षेत्रज्ञमा उत्पत्ति गर्ने धर्म र बीज धर्म रहन्छ भनी म मान्दछु ॥७०॥

विशुद्धो यद्यपि ह्यात्मा निर्मुक्त इति कल्प्यते ॥
भूयः प्रत्ययसद्भावादमुक्तः स भविष्यति ॥७१॥

यद्यपि विशुद्ध आत्मालाई मुक्त भनी मान्दछन्, तर पनि अस्तित्वको विश्वास रहुञ्जेल त्यो अमुक्त नै हुन्छ ॥७१॥

ऋतुभूम्यम्बुविरहाद्यथा बीजं न रोहति ॥
रोहति प्रत्ययैस्तैस्तैस्तद्वत्सोऽपि मतो मम ॥७२॥

जस्तो ऋतु, भूमि र जलको अभावमा बीज अङ्कुरित हुँदैन, तर कारणको सद्भावमा अंकुरित हुन्छ, त्यस्तै यसमा पनि यो नियम लाग्दछ भनी म ठान्छु ॥७२॥

यत्कर्माज्ञानतृष्णानां त्यागान्मोक्षश्च कल्प्यते ।
अत्यन्तस्तत्परित्यागः सत्यात्मनि न विद्यते ॥७३॥

जुन कर्म, अज्ञान, तृष्णाको त्याग गर्दा मोक्षको कल्पना गरिन्छ, त्यही आत्मा छँदाछँदै सर्वथा त्याग हुन सक्तैन ॥७३॥

हित्वा हित्वा त्रयमिदं विशेषस्तूपलभ्यते ॥
आत्मनस्तु स्थितिर्यत्र तत्र सूक्ष्ममिदं त्रयम् ॥७४॥

यी तीनै बिस्तारै बिस्तारै त्याग गर्दा विशेषको प्राप्ति हुन्छ । तर जहाँ आत्माको स्थिति हुन्छ, त्यहीं यी तीनै सूक्ष्मरूपमा रहन्छन् ॥७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूक्ष्मत्वाच्चैव दोषाणामव्यापाराच्च चेतसः ।
दीर्घत्वादायुषश्चैव मोक्षस्तु परिकल्प्यते ।।७५।।

दोषहरू सूक्ष्म रूपमा रहनाले, चित्तको व्यापार नहुनाले र लामो आयु हुनाले मोक्षको कल्पना गर्छन् ।।७५।।

अहंकारपरित्यागो यश्चैष परिकल्प्यते ।
सत्यात्मनि परित्यागो नाहंकारस्य विद्यते ।।७६।।

जुन पुरुष अहंकार परित्यागको कल्पना गर्दछन्, सो आत्मा विद्यमान हुँदा परित्याग हुन सक्तैन ।।७६।।

संख्यादिभिरमुक्तश्च निर्गुणो न भवत्ययम् ।।
तस्मादसति नैर्गुण्ये नास्य मोक्षोऽभिधीयते ।।७७।।

संख्या आदिबाट मुक्त नभई निर्गुण हुन सक्तैन । निर्गुण नभई मोक्ष भयो भन्न सकिन्न ।।७७।।

गुणिनो हि गुणानाञ्च व्यतिरेको न विद्यते ।
रूपोष्णाभ्यां विरहितो न ह्यग्निरूपलभ्यते ।।७८।।

जस्तो रूप र उष्णता नभएको आगो पाउन सकिन्न । त्यस्तै गुण र गुणी पनि भिन्न भिन्न रहन सक्तैनन् ।।७८।।

प्राग्देहान्नमवेद्देही प्राग्गुणेभ्यस्तथा गुणी ।
तस्मादादौ विमुक्तः सन् शरीरी बध्यते पुनः ।।७९।।

देहभन्दा पहिले देही थिएन । त्यस्तै गुणभन्दा पहिले गुणी थिएन । त्यसैले पहिले मुक्त भए तापनि शरीरी आत्मा पुनः शरीरमा बद्ध हुन्छ ।।७९।।

क्षेत्रज्ञो विशरीरश्च ज्ञो वा स्यादज्ञ एव वा ।
यदि ज्ञो ज्ञेयमस्यास्ति ज्ञेये सति नमुच्यते ।।८०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीररहित क्षेत्रज्ञ ज्ञ हो वा अज्ञ हो । यदि ज्ञ हो भने ज्ञेयको आवश्यकता पर्छ । ज्ञेय रहेसम्म मुक्त हुँदैन ॥८०।

अथाज्ञ इति सिद्धो वः कल्पितेन किमात्मना ।।
विनापि ह्यात्मनाज्ञानं प्रसिद्धं काष्ठकुड्यवत् ॥८१।

यदि तपाईहरूको भनाइ अनुसार क्षेत्रज्ञ अज्ञ नै हो भने आत्माको कल्पना गर्नाले के प्रयोजन ? । आत्मा नभईकन पनि काठ र भित्ता मैं अज्ञानको अस्तित्व सिद्ध छ ॥८१॥

परतः परतस्त्यागो यस्मात्तु गुणवान् स्मृतः ।
तस्मात्सर्वपरित्यागान्मन्ये कृत्स्नां कृतार्थताम् ॥८२॥

जो एकपछि अर्को, अर्कोपछि अर्को गरी गुणको परित्याग गर्दछ, त्यसैलाई गुणवान् भन्दछन् । यसरी नै सबैको त्याग गर्नाले पूर्ण कृतार्थता हुन्छ भन्ने म मान्दछु ॥८२॥

इति धर्ममराडस्य विदित्वा न तुतोष सः ।
अकृत्स्नामिति विज्ञाय ततः प्रतिजगाम ह ॥८३॥

अराड़मुनिको धर्मले उनलाई संतोष भएन । यो धर्म पनि अपूर्ण छ भन्ने जानी उनी त्यहाँबाट हिँडे ॥८३॥

विशेषमथ शुश्रूषुरुद्रकस्याश्रमं ययौ ॥
आत्मग्राहाच्च तस्यापि जगृहे न स दर्शनम् ॥८४॥

यसपछि विशेष सुन्ने इच्छाले उनो उद्रकको आश्रममा गए । तर आत्मालाई स्वीकार गरेको हुनाले उनको दार्शनिक विचार राजकुमारले ग्रहण गरेनन् ॥८४॥

संज्ञासंज्ञित्वयोर्दोषं ज्ञात्वा हि मुनिरुद्रकः ॥
आकिंचन्यात्परं लेभेऽसज्ञामंज्ञात्मिकां मतिम् ॥८५॥

चेतन र जडमा दोष देखेका उद्रक मुनिले अकिञ्चन भावभन्दा पर संज्ञा असंज्ञा रहित तत्त्वज्ञान पाएका थिए ॥८५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्माच्चालम्बने सूक्ष्मे संज्ञासंज्ञे ततः परम् ।
नासंज्ञी नैव संज्ञीति तस्मात्तत्रगतस्पृहः ॥८६॥

किनभने सूक्ष्म कारण संज्ञा तथा असंज्ञा (चेतन र जड) कर्मको अधिष्ठान हो। त्यसभन्दा पर न संज्ञावान् तत्त्व छ, न असंज्ञावान् तत्त्व छ। ती मुनि यही तत्त्वको अभिलाषी थिए ॥८६॥

यतश्च बुद्धिस्तत्रैव स्थितान्यत्राप्रचारिणी ।
सूक्ष्मापट्वी ततस्तत्र नासंज्ञित्वं न संज्ञिता ॥८७॥

किनभने बुद्धि सूक्ष्म र कर्मरहित स्थिर भएर त्यहीं रोकिन्छ, अन्यत्र जाँदैन । त्यसैले त्यहाँ संज्ञा असंज्ञा केही पनि हुँदैन ॥८७॥

यस्माच्च तदपि प्राप्य पुनरावर्तते जगद् ।
बोधिसत्त्वः परं प्रेप्सुस्तस्मादुद्रकमत्यजत् ॥८८॥

तर त्यो पद पाएर पनि जीव यस संसारमा फेरि फर्कन्छ । त्यसैले बोधिसत्त्वले परम पद पाउने इच्छाले उद्रकलाई त्यागे ॥८८॥

ततो हित्वा श्रमं तस्य श्रेयोऽर्थी कृतनिश्चयः ।
भेजे गयस्य राजर्षेर्नगरीसंज्ञमाश्रमम् ॥८९॥

त्यसपछि कल्याण पाउने इच्छा गरेका तथा सो प्राप्त गर्ने निश्चय गरेका ती मुनि उनको आश्रम छोडी राजर्षि गयको नगरी नामको आश्रम तर्फ गए ॥८९॥

अथ नैरञ्जरातीरे शुचौ शुचिपराक्रमः ॥
चकार वासमेकान्त विराभिरतिर्मुनिः ॥९०॥

त्यसपछि पवित्र पराक्रम भएका एकान्त विहारमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्द मान्ने ती मुनिले नैरञ्जना नदीको पवित्र किनारामा वास गरे ॥६०॥

अगतान् तत्र तत्पूर्वं पञ्चेन्द्रियवशोद्धतान्
तपःप्रवृत्तान् व्रतिनो भिक्षून् पञ्च ददर्श सः ॥६१॥

आफूभन्दा पहिले नै त्यहाँ आएका, पाँचै इन्द्रिय वश गर्नाले अभिमानी भएका तपस्यामा लागेका व्रतनिष्ठ पाँच भिक्षुलाई उनले देखे ॥६१॥

ते चोपतस्थुर्दृष्ट्वैत्र भिक्षवस्तं मुमुक्षवः ॥
पुण्यार्जितधनारोग्यमिन्द्रियार्था इवेश्वरम् ॥६२॥

आफ्नू पुण्यले धन र आरोग्य आर्जन गरेको ऐश्वर्यशाली पुरुषको सेवामा इन्द्रियका विषयहरू उपस्थित भए झैं, ती मुनि त्यहाँ आएको देखी मोक्षको इच्छा गर्ने भिक्षुहरू उपस्थित भए ॥६२॥

सम्पूज्यमानस्तैः प्रह्वैर्विनयादनुवर्तिभिः ॥
तद्वशस्थायिभिः शिष्यैर्लोलैर्मन इवेन्द्रियैः ॥६३॥

चञ्चल इन्द्रियले मनको सेवा गरे झैं आफ्ना वशमा रहेका, नम्र, आज्ञाकारी शिष्यहरूद्वारा उनी सेवा गरिए ॥६३॥

मृत्युजन्मान्तकरणो स्यादुपायोऽयमित्यथ ॥
दुष्कराणि समारेभे तपांस्यनशनेन सः ॥६४

मृत्यु र जन्मको अन्त गर्ने यो उपाय हो भन्ने सम्झेका उनले निराहार बसी दुष्कर तपस्या आरम्भ गरे ॥६४॥

उपवासविधीन्नैकान् कुर्वन्नरदुराचरान् ।
वर्षाणि षट् शमप्रेप्सुरकरोत्काश्यमात्मनः ॥६५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्ति पाउन इच्छा भएका उनले अरू मनुष्यले गर्न नसक्ने अनेक प्रकारका उपावास व्रतहरू छ वर्षसम्म गर्दै आफूलाई दुब्लो तुल्याए ॥९५॥

अन्नकालेषु चैकैकैः स कोलतिलतिलतण्डुलैः
अपारपारसंसारपारं प्रेप्सुरपारयत् ॥९६॥

पार पाउनै नसकिने संसारको पार गर्ने इच्छाले उनले भोजनको समयमा एक एक बयर, तिल, चामलले व्रतको परायण गरे ॥९६॥

देहादपचयस्तेन तपसा तस्य यः कृतः ॥
स एवोपचयो भूयस्तेजसास्य कृतोऽभवत् ॥९७॥

तपस्याले गर्दा उनको देह जति दुब्लो भयो, त्यत्ति नै तपस्याको प्रभावले तेजको वृद्धि पनि भयो ॥९७॥

कृशोऽप्यकृशकीर्तिश्रीर्हार्दं चक्रे ऽचक्षुषाम् ।
कुमुदायामिव शरच्छुक्लपक्षादिचन्द्रमाः ॥९८॥

उनी शरीरले क्षीण भए, तापनि श्री र कीर्तिले क्षीण थिएनन् । शरद्ऋतुको शुक्लपक्षको आरंभमा चन्द्रमाले कुमुदलाई आनन्दित गराए झैं यिनले पनि अरूको आँखालाई सुखी तुल्याए ॥९८॥

त्वगस्थिशेषो निः शेषैर्मेदः पिशित शोणितैः ।
क्षीणोऽप्यक्षीणगाम्भीर्यः समुद्र इव स व्यभात् ९९

बोसो, मासु, रगतले रहित भएका खालि छाला र हाडमात्र बाँकी रहेका ती मुनि, अत्यन्त क्षीण भए, तापनि उनको गम्भीर्य क्षीण नभएको हुनाले समुद्र झैं शोभित भए ॥९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ कष्टतपः स्पष्टव्यर्थक्लिष्ट तनुर्मुनिः ।
भवभीरुरिमां चक्रे बुद्धि बुद्धत्वकाङ्क्षया ॥१००॥

संसारदेखि भय मान्ने ती मुनिले कठिन तपस्याद्वारा शरीरलाई व्यर्थ कष्ट हुने रहेछ भन्ने स्पष्ट बुझी बुद्धत्व प्राप्तिको इच्छाले यस्तो विचार गरे ॥१००॥

नायं धर्मो विरागाय न बोधाय न मुक्तये
अम्बुमूले मया प्राप्तो नस्तदा स विधिर्ध्रुवः ॥१०१॥

यो (उपवास आदि) धर्मले भलाई न वैराग्य, न ज्ञान, न मुक्ति नै दिन सक्तछ । त्यसबखत जम्बुवृक्षको मुनि मैले जुन साधन पाएको थिएँ, त्यही नै ध्रुव सत्य हो ॥१०१॥

न चास्ते दुर्बलेनाप्तुं शक्यमित्यागतादरः ।
शरीरबलवृद्धचर्थमिदं भूयोऽन्वचिन्तयत् ॥१०२॥

दुर्बल पुरुषले त्यो तत्त्व पाउन सक्तैन भन्ने विचार गरी शरीरलाई आदर गर्न लागेका ती मुनिले शरीर–बलको वृद्धिका निम्ति फेरि यस्तो विचार गरे ॥१०२॥

क्षुत्पिपासाश्रमक्लान्तः श्रमादस्वस्थमानसः ।
प्राप्नुयान्मनसावाप्यं फलं कथमनिर्वृतः ॥१०३॥

भोक, तिर्खा औ थकाइले क्षीण र थाक्नाले अशान्त चित्त भएका मनुष्यहरू मनले चिताएको फल कसरी पाउन सक्लान् ? ॥१०३॥

निर्वृतिः प्राप्यते सम्यक् सततेन्द्रियतर्पणात् ।
संतर्पितेन्द्रियतया मनः स्वास्थ्यमवाप्यते ॥१०४॥

इन्द्रियहरूलाई सदा तृप्त राख्नाले राम्रो शान्ति प्राप्त हुन्छ । इन्द्रियहरू तृप्त रहनाले नै मानसिक स्थिरता हुन्छ ॥१०४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वस्थप्रसन्नमनसः समाधिरुपपद्यते ।
समाधियुक्तचित्तस्य ध्यानयोगःप्रवर्तते ॥१०५॥

स्थिर र प्रसन्न मन भएको पुरुषलाई समाधि सिद्ध हुन्छ । समाहित चित्त भएको पुरुषलाई ध्यानयोग प्राप्त हुन्छ ॥१०५॥

ध्यानप्रवर्तनाद्धर्माः प्राप्यन्तेयैरवाप्यते ।
दुर्लभं शान्तमजरं परं तदमृतं पदम् ॥१०६॥

ध्यान सिद्ध भएपछि नै ती धर्मप्राप्त हुन सक्तछन्, जसमा दुर्लभ, शान्त, अजर, परम अमृत पद छ ॥१०६॥

तस्मादाहारभूलो ऽयमुपाय इति निश्चयः ।
आहारकरणे धीरः कृत्वा ऽमितमतिर्मतिम् ॥१०७॥

त्यसैले यो सबै उपाय आहारमूलक छ भन्ने यस्तो निश्चय गरेका ती महान् बुद्धिमान् मुनिले भोजन गर्ने निश्चय गरे ॥१०७॥

स्नातो नैरञ्जनातीरादुत्ततार शनैः कृशः ॥
भक्त्यावनतशाखाग्रं दत्तहस्तस्तटद्रुमैः ॥१०८॥

दुर्बल शरीर भएका ती राजकुमार स्नान गरी नैरञ्जरा नदीको तीबराट बिस्तारै मास्तिर उक्ले । त्यस बखत तटवर्ती बृक्षहरूले हाँगाको टुप्पा निहुराई उनलाई हातको सहारा दिए ॥१०८॥

अथ गोपाधिपसुता देवतैरभिचोदिता ।
उद्भूतहृदयानन्दा तत्र नन्दबलागमत् ॥१०९॥

त्यसपछि देवताहरूले पठाएकी गोपराजकी छोरी 'नन्दबला' प्रफुल्लित हृदयले त्यहाँ आइन् ॥१०९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सितशंखोज्ज्वलभुजा नीलकम्बलवासिनी ।
सफेनमाला नीलाम्बु र्यमुनेव सरिद्वरा ११०

उनी फींजको माला लगाएकी, नीलो जल भएकी श्रेष्ठ नदी यमुना झैं सेतो शंख लाउनाले उज्ज्वल हात भएकी नीलो ऊनी वस्त्र लगाएकी थिइन् ॥११०॥

सा श्रद्धावर्जिप्रीतिर्विकसल्लोचनोत्पला ।
शिरसा प्राणिपत्यैनं ग्राहयामास पायसम् ॥१११॥

श्रद्धाले उनको प्रेम बढ्यो । नेत्ररूपी कमल फुले । शिरले मुनिलाई प्रणाम गरी उनले खीर खुवाइन् ॥१११॥

कृत्वा तदुपभोगेन प्राप्तजन्मफलां स ताम् ।
बोधिप्राप्तौ समर्थो ऽभूत्संतर्पितषडिन्द्रियः ॥११२॥

त्यो खीर खाएर उनले ती कन्याको जन्म सफल पारे । उनी छ इन्द्रियलाई नै त्यही खीरले तृप्त गराई ज्ञान प्राप्त गर्नमा समर्थ भए ॥११२॥

पर्याप्ताप्यानमूर्तिश्च सार्धं स्वयशसा मुनिः ।
कान्तिधैर्ये बभारैकः शशाङ्कार्णवयोर्द्वयोः ॥११३॥

ती मुनिले कीर्तिको साथसाथै पर्याप्तमात्रामा आफ्नू शरीरको पनि वृद्धि गरे । उनी एक्लैले चन्द्रमाको कान्ति र समुद्रको धैर्य धारण गरे ॥११३॥

आवृत्त इति विज्ञाय तं जहुः पञ्च भिक्षवः ॥
मनीषिणमिवात्मानं निर्मुक्तं पञ्च धातवः ॥११४॥

उनी धर्मबाट निवृत्त भएको ठानी, मुक्त भएका विद्वान्को आत्मालाई पाँचै धातुले छोडे झैं ती पाँच भिक्षुले पनि उनलाई छोडे ॥११४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवसायद्वितीयोऽथ शाद्वलास्तीर्णभूतलम् ।
सोऽश्वत्थमूलं प्रययौ बोधाय कृतनिश्चयः ॥११५॥

बुद्धत्व प्राप्तिका निम्ति निश्चय गरेका आफ्नू एकमात्र मित्र निश्चयलाई साथ लिएका ती मुनि पिप्पलवृक्षको मुनि हरियो घाँसले ढाकेको भूमिमा गए ॥११५॥

ततस्तदानीं गजराविक्रमः पदस्वनेनानुपमेन बोधितः ॥
महामुनेरागतबोधिनिश्चयो जगाद कालो भुजगोत्तमः स्तुतिम् ॥११६॥

त्यस बखत गजराज जस्तो पराक्रमी काल नाम भएको उत्तम सर्पले यी मुनि बोधि (ज्ञान) प्राप्त गर्न आएका हुन् भन्ने निश्चय गरी आफ्नू पदध्वनिले उनलाई जगाई ती महामुनिको स्तुति गर्न लाग्यो ॥११६॥

यथा मुने त्वच्चरणावपीडिता मुहुर्मुहुर्निष्टनतीव मेदिनी ॥
यथा च ते राजति सूर्यवत्प्रभा ध्रुवत्वमिष्टं फलमद्य भोक्ष्यसे ॥११७॥

हे मुनि ! तपाईंको चरणले पीडा पाएकी पृथ्वी बारम्बार गर्जन गर्दैछन् । तपाईंको तेज सूर्य झैं प्रकाशवान् छ । आज तपाईंले अवश्य नै इच्छा लागेको फल पाउनु हुनेछ ॥११७॥

यथा भ्रमन्त्यो दिवि चाषयङ्क्तयः प्रदक्षिणां त्वां कमलाक्ष कुर्वते
यथाच सौम्या दिवि वान्ति वायव स्त्वमद्य बुद्धो नियतं भविष्यसि॥११८॥

हे कमलनयन ! नीलकण्ठ पक्षीका पङ्क्तिहरू आज आकाशमा घुंदै तपाईंको परिक्रमा गर्दैछन् । आकाशमा मन्द वायु बहेको छ । आज तपाईं अवश्य नै बुद्ध हुनुहुन्छ ॥११८॥

ततो भुजङ्गप्रवरेण संस्तुतस्तृणान्पुपादाय शुचीनि लावकात्
कृतप्रतिज्ञो निषसाद बोधये महा तरोर्मूलमुपाश्रितः शुचेः ॥११९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि उत्तम सर्पद्वारा स्तुति गरिएका ती मुनि घाँसीहरूबाट पवित्र घाँस लिई बुद्धत्व प्राप्तिका निम्ति प्रतिज्ञा गरी पवित्र महावृक्षको आश्रय लिएर त्यसमुनि बसे ।।११६।।

ततः स पर्यङ्कमकम्प्यमुत्तमं बबन्ध सुप्तोरगभोगपिण्डितम् ।
भिनद्मि तावद्भुवि नैतदासनं न यामि यावत्कृतकृत्यतामिति ।।१२०।।

त्यसपछि ती मुनिले म जबसम्म कृतकृत्य हुन्न, तबसम्म यी पृथ्वीबाट यो आसन छोड्ने छैन भनी निश्चय गरी उत्तम, अचल, सुतेको सर्प जस्तो एकाकार भएको पद्मासन बाँधे ।।१२०।।

ततो ययुर्मुदमतुलां दिवौकसो ववाशिरे न मृगगणा न पक्षिणः ।।
न सस्वनुर्वनतरवोऽनिलाहताः कृतासने भगवति निश्चितात्मनि ।२१२।

भगवान्ले निश्चयपूर्वक आसन बाँध्नु भएपछि देवताहरू अत्यन्त खुशी भए । मृगगण र पक्षीहरू कुनै पनि बोलेनन् । वायु चलेको भए पनि वनका वृक्षहरूबाट शब्द आएनन् ।।१२१।।

॥ बाह्रौं सर्ग समाप्त ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेह्रौं सर्गः

कामदेवमा विजय पाउनु

तस्मिन्विमोक्षाय कृतप्रतिज्ञे राजर्षिवंशप्रभवे महर्षौ ॥
तत्रोपविष्टे प्रजहर्ष लोकस्तत्रास सद्धर्मरिपुस्तु मारः ॥१॥

राजर्षिवंशमा उत्पन्न भएका ती महर्षिले मोक्षका निंति प्रतिज्ञा गरेर बसेपछि सर्वत्र प्रसन्नता छायो, तर सद्धर्मको शत्रु कामदेव भयले डरायो ॥१॥

यं कामदेवं प्रवदन्ति लोके चित्रायुधं पुष्पशरं तथैव ।
कामप्रचाराधिपतिं तमेव मोक्षद्विषं मारमुदाहरन्ति ॥२॥

संसारमा जसलाई कामदेव, चित्रधन्वा, पुष्पबाण भन्दछन् । उसैलाई मोक्षको शत्रु कामप्रचारको अधिपति अनि मार पनि भन्दछन् ॥२॥

तस्यात्मजा विभ्रमहर्षदर्पास्तिस्रो ऽरतिप्रीतितृषश्च कन्याः ॥
पप्रच्छुरेनं मनसो विकारं स तांश्च ताश्चैव वचो ऽभ्युवाच ॥३॥

ती कामदेवका विभ्रम, हर्ष दर्प, नाम भएका तीन छोरा र अरती, प्रीति, तृषा नाम भएकी तीन छोरी छन् । ती छोरा-छोरीले कामदेवसँग मनमा दुःख लाग्नाको कारण सोधे । उनले ती पुत्र र कन्याहरूलाई यस्तो भने ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असौ मुनिर्निश्चयवर्म बिभ्रत्सत्त्वायुधं बुद्धिशरं विकृष्य ॥
जिगीषुरास्ते विषयान्मदीयान्तस्मादयं मे मनसो विषादः ॥४॥

यी मुनिले निश्चयरूप कवचलाई, सत्त्वरूप अनुधारण गरी, बुद्धिरूप बाण तानी, हाम्रो विषयरूप राज्य जित्ने इच्छा गरेका छन् । त्यसैले मलाई मानसिक दुःख छ ॥४॥

यदि ह्यसौ मामभिभूय याति सोकाय चाख्यात्यपवर्ग मार्गम् ॥
शून्यस्ततो ऽयं विषयो ममाद्य वृत्ताच्च्युतस्येव विदेहभर्तुः ॥५॥

यिनले मलाई जिते भने संसारमा मोक्षमार्ग बताउने छन् र सदाचारबाट च्युत हुँदा विदेहदेशका राजा निमिको राज्य शून्य भए झैं मेरो विषयहरूप राज्य पनि शून्य हुनेछ ॥५॥

तद्यावदेवैष न लब्धचक्षुर्मद्गोचेर तिष्ठति यावदेव ।
वास्यामि तावद्व्रतमस्य भेत्तुं सेतुं नदीवेग इवातिवृद्धः ॥६॥

त्यसैले यिनले ज्ञानदृष्टि नपाउँदै मेरो अगाडि छँदै, बाँध फोर्ने नदीमा बढेको वेगले झैं इनको व्रत भङ्ग गर्न तयार पर्छु ॥६॥

ततो धनुः पुष्पमयं गृहीत्वा शरान् जगन्योहकराश्च पञ्च ॥
सोऽश्वत्थमूलं ससुतोऽभ्यगच्छदस्वास्थ्यकारी मनसः प्रजानाम् ॥७॥

त्यसपछि जनताको मनलाई अस्वस्थ गराउने कामदेवले पुष्पमय धनु र संसारलाई मोह गर्ने पाँच बाण ली आफ्ना छोरा सहित पिप्पलको फेदमा गए ॥७॥

अथ प्रशान्तं मुनिमासनस्थं पारं तितीर्षुं भवसागरस्य ।
विषज्य सव्यं करमायुधाग्रे क्रीडन् शरेणोदमुवाच मारः ॥८॥

यसपछि धनुको अग्रभागमा देब्रे हात राखी बाणसंग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खेल्दै, आसनमा बसेका, शान्त, भवसागरको पार जान इच्छा गर्ने मुनिलाई कामदेवले यस्तो भने ॥८॥

उत्तिष्ठ भोः क्षत्रिय मृत्युभीत चर स्वधर्मं त्यज मोक्षधर्मम् ॥
बाणैश्च यज्ञैश्च विनीय लोकं लोकात्पद प्राप्नुहि वासवस्य ॥९॥

मृत्युदेखि डराएका हे क्षत्रिय, उठ ! आफ्नू धर्मको आचारण गर । मोक्षधर्मलाई त्याग । बाण र यज्ञद्वारा संसार-लाई जिती यसै लोकबाट इन्द्रपद प्राप्त गर ॥९॥

पन्था हि निर्यातुमयं यशस्यो यो वाहिनः पूर्वतमैर्नरेन्द्रैः ॥
जातस्य राजर्षिकुले विशाले भैक्षाकमश्लाघ्यमिदं प्रपत्तुम् ॥१०॥

यहाँबाट जाने यही नै प्रशंसनीय मार्ग हो । पहिलेका राजाहरूले पनि यही मार्गको सेवन गरेका थिए । ठूलो राजर्षि-कुलमा जन्मेका तपाईंजस्ता पुरुषलाई यो भिक्षा—वृत्तिको सहारा शोभा दिंदैन ॥१०॥

अथाद्य नोत्तिष्ठसि निश्चयात्मन् भवस्थिरो मा विमुचः प्रतिज्ञाम् ।
मयोद्यतो ह्येष शरः स एव यः शूर्पके मीनरियौ विमुक्तः ॥११॥

हे निश्चयात्मन् ! आज उठ्दैनौ भने स्थि भएर बस । आफ्ना प्रतिज्ञा नछोड । मैले यो त्यही बाण उठाएँ, जुन बाण माछाको शत्रु कछुवालाई छोडेको थिएँ ॥११॥

स्पृष्टः स चाने कथंचिदैडः सोमस्य नम्राप्यभवद्धिचित्तः ।
स चाभवच्छन्तनुरस्वतन्त्रः क्षीणे युगे किं बत दुर्बलोऽन्यः ॥१२॥

चन्द्रमाका नाति ऐड यो बाणको स्पर्शमात्रले विचलित भएका थिए । तथा शन्तनु पनि परवश भएका थिए भने यो क्षीणयुगमा अरू दुर्बल मनुष्यको त के कुरा ? ॥१२॥

तत्क्षिप्रमुत्तिष्ठ लभस्व संज्ञां बाणो ह्ययं तिष्ठति लेलिहानः ।
प्रियाविधेयेषु रतिप्रियेषु यं चक्रवाकेष्विव नोत्सृजामि ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैले चाँडै उठ । अब बौर । यो बाण चाट्न तयार छ । जो चखेवा झैं रतिप्रिय छ तथा आफ्नी प्रियामा अनुकूल छ, त्यस्तालाई म यो बाण हान्दिनँ ॥१३॥

इत्येवमुक्तोऽपि यदा निरास्थो नैवासनं शाक्यमुनिर्विभेद ।
शरं ततोऽस्मै विससर्ज मारः कन्याश्च कृत्वा पुरतः सुतांश्च ॥१४॥

यसरी भन्दा पनि जब शाक्यमुनिले उपेक्षा गरेर आसन छोडेनन्, तब छोराछोरीहरू अगि लगाएका कामदेवले उनी माथि बाणप्रहार गरे ॥१४॥

तस्मिंस्तु बाणोऽपि स विप्रमुक्ते चकार नास्थां न धृतेश्चचाल ।
दृष्ट्वा तथैनं विषसाद मारश्चिन्तापरीतश्च शनैर्जगाद ॥१५॥

तर त्यो बाण छोडेपछि पनि उनले न त्यसतर्फ ध्यान दिए, न धैर्य छोडे । उनलाई यस्तो अवस्थाको देखी कामदेव दुःखी भएर चिन्तायुक्त भई विस्तारसँग भन्नलागे ॥१५॥

शैलेन्द्रपुत्रीं प्रति येन विद्धो देवोऽपि शम्भुश्चलितो बभूव ।
न चिन्तयत्येष तमेव बाणं किंस्यादचित्तो न शरः स एषः ॥१६॥

जुन बाण विद्ध हुँदा महादेश पनि पार्वतीमा चल-चित्त हुनु भएको थियो । यिनी त्यही बाणको पनि चिन्ता गर्दैनन् । के यिनको चित्त छैन ? अथवा यो त्यो बाण नै होइन ।१६॥

तस्मादयं नार्हति पुष्पबाणं न हर्षणं नापि रतेर्नियोगम ।
अर्हत्ययं भूतगणैरसौम्यैः संत्रासनातर्जनताडनानि ॥१७॥

त्यसैले यी मुनि पुष्पबाण, खुशी वा रतिप्रयोगका योग्य रहेनछन् । यिनलाइ अभद्र भूतगणद्वारा तर्साउनु पिट्नु नै योग्य छ ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सस्मार मारश्च ततः स्वसैन्यं विघ्नं शमे शाक्यमुने श्चिकीर्षन् ।
नानाश्रयाश्चानुचराः परीयुः शैलद्रुमप्रासगदासिहस्ताः ॥१८॥

त्यसपछि शाक्यमुनिको शान्तिमा बिघ्न गर्ने इच्छाले कामदेवले आफ्ना सैन्यको स्मरण गरे । संझनासाथ नै पर्वत, वृक्ष, भाला, गदा, तरबार हातमा लिएका अनेक आकार भएका अनुचरले उनलाई चारैतर्फबाट घेरे ॥१८॥

वराहमोनाश्वखरोष्ट्रवक्त्रा व्याघ्रर्क्षसिंहद्विरदाननाश्च
एकेक्षणा नैकमुखास्त्रिशीर्षा लम्बोदराश्चैव पृषोदराश्च ॥१९॥

ती बँदेल, माछो, घोडा, गधा, ऊँट, बाघ, भालु, सिंह र हात्तीको जस्तो मुख भएका, एक आँखा, अनेक मुख,तीन शिर, लामू पेट र पेटमा थोप्लै थोप्ला भएका थिए ॥१९॥

अजानुसक्था घटजानवश्च दंष्ट्रायुधाश्चैव नखायुधाश्च ।
करंकवक्त्रा बहुमूर्तयश्च भग्नार्धवक्त्राश्च महामुखाश्च ॥२०॥

ती घुँडा र जाँघले रहित थिए वा घडा जस्ता जाँघ भएका थिए । तीखा दाँत, तीखा नङ, कंकालसमान मुख, नाना प्रकारका रूप, आधामुख काटिएका र विकराल मुख भएका थिए ॥२०॥

भस्मारुणा लोहितविन्दुचित्राः खट्वाङ्गहस्ता हरिधूम्रकेशाः ॥
लम्बस्रजो वारणलम्बकर्णा श्चर्माम्बराश्चैव निरम्बराश्च ॥२१॥

ती खरानीले रंगिएका, राता कोठीले चित्रविचित्र भएका, हाटमा खाटको खुट्टा या नरकंकाल लिएका, वानरको जस्तो खैरो रौं भएका,लामा लामा माला लगाएका, हात्तीको जस्तो लामा कान भएका, छालाको लुगा लगाएका र कोही नाङ्गा थिए ॥२१॥

श्वेतार्धवक्त्रा हरितार्धकायास्ताम्राश्च धूम्रा हरयोऽसिताश्च ।
व्यालोत्तरासङ्गभुजास्तथैव प्रघुष्टघण्टकुलमेलखाश्च ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनका आधा मुख सेता थिए । आधा शरीर हरिया थिए । ती राता, फुस्रा, पहेंला र काला थिए । कसैको हात सर्पले ढाकिएको थियो । कसैका कटिसूत्रका घंटी बजिरहेका थिए ॥२२॥

तालप्रमाणाश्च गृहीतशूला दंष्ट्राकरालाश्च शिशुप्रमाणाः ॥
उरभ्रवक्त्राश्च विहंगमाक्षा मार्जारवक्त्राश्च मनुष्यकायाः ॥२३॥

कोही तालवृक्ष झैं अग्ला, त्रिशूल लिएका, केटाकेटीहरु जस्तै साना र दाह्राले भयङ्कर देखिन्थे । तिनको मुख भेडाको जस्तो थियो तथा चराको जस्तो आँखा, बिरालाको जस्तो मुख र मनुष्यको जस्तो शरीर थियो ॥२३॥

प्रकीर्णकेशाः शिखिनोऽर्धमुण्डा रक्ताम्बरा व्याकुलवेष्टनाश्च ।
प्रहृष्टवक्त्रा भृकुटीमुखाश्च तेजोहराश्चैव मनोहराश्च ॥२४॥

कसैको कपाल छरिएका थिए । ती शिखाधारी थिए । अर्धमुण्ड र राता वस्त्र लगाएका थिए । तिनको पगरी उल्टोपाल्टो परेको थियो । मुख हँसिलो थियो । आँखीभौंले मुख ढाकिएको थियो । ती तेज र मन हरण गर्न समर्थ थिए ॥२४॥

केचिद्व्रजन्तो भृशमाववल्गुरन्योन्यमापुप्लुविरे तथान्ये ।
चिक्रीडुराकाशगताश्च केचिच्चचेरूस्तरु मस्तकेषु ॥२५॥

कोही हिंड्दा हिंड्दै बेसरी दगुर्थे । अरु अरुमाथि उफ्रन्थे । कोही आकाशमा गै खेल्दथे । कोही रूखका टुप्पा टुप्पै चहार्थे ॥२५॥

ननर्त कश्चिद् भ्रमयंस्त्रिशूलं कश्चिद्विपुस्फूर्ज गदा विकर्षन् ।
हर्षेण कश्चिद् वृषवन्ननर्द कश्चित्प्रजज्वाल तनूरुहेभ्यः ॥२६॥

कोही त्रिशूल घुमाउँदै नाच्दथे । कोही गदा तान्दै गर्जन्थे । कोही हर्षले साँढे झैं गर्जन्थे । कोही आफ्ना रौंबाट ज्वाला झिक्थे ॥२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवंविधा भूतगणाः समन्तात्तद्बोधिमूलं परिवार्य तस्थुः ॥
जिघृक्षवश्चैव जिघांसवश्च भर्तुर्नियोगं परिपालयन्तः ॥२७॥

यसप्रकार तो भूतगणहरु बोधिवृक्षको फेदलाई चारैतर्फबाट घेरी उभिएका थिए। तिनीहरु पक्रन इच्छा गर्थे, मार्न इच्छा गर्थे र स्वामीका आज्ञाको प्रतीक्षामा थिए ॥२७॥

तं प्रेक्ष्य मारस्य च पूर्वरात्रे शाक्यर्षभस्यैव च युद्धकालम् ॥
न द्यौश्चकाशे पृथिवी चकम्पे प्रजज्वलुश्चैव दिशः सशब्दा; ॥२८॥

रात्रिको आरंभमा शाक्यकुलका श्रेष्ठ मुनिको र कामदेवको युद्धदेखि आकाश मलिन भयो। पृथ्वी कामिन्। दिशाहरु शब्द-गर्दै बल्न लागे ॥२८॥

विष्वग्ववौ वायुरुदीर्णवेग स्तारा न रेजु न बभौ शशाङ्कः ॥
तमश्च भूयो वितनान रात्रिः सर्वे च संचुक्षुभिरे समुद्राः ॥२९॥

चारैतर्फ हावा वेगसँग चल्न थाल्यो। तारागणले शोभा पाएनन्। न चन्द्रमाले नै शोभा पाए। रात्रिले घेरै अन्धकार फिजायो ॥२९॥

महीभृतो धर्मपराश्च नागा महामुनेर्विघ्नममृष्यमाणाः ॥
मारं प्रति क्रोधविवृत्तनेत्रा निःश्वसुश्चैव जजृम्भिरे च ॥३०॥

पृथ्वी धारण गर्ने धर्ममा तत्पर नागहरु महामुनिलाई गरेको विघ्न सहन नसकी कामदेवलाई क्रोधले आँखा तरी फुङ्कार गर्न लागे तथा हाई गर्न लागे ॥३०॥

शुद्धाधिवासा विबुधर्षयस्तु सद्धर्मसिद्धयर्थमभिप्रवृत्ताः ।
मारेऽनुकम्पां मनसा प्रचक्रुर्विरागभावात्तु न रोषमीयुः ॥३१॥

सद्धर्मको सिद्धिमा लागेका शुद्धाधिवास देवता र ऋषिह-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुले मनले कामदेवमा दया गरे। उनीहरु उदासीन हुनाले क्रोध गरेनन् ॥३१॥

तद्बोधिमूलं समवेक्ष्य कीर्णं हिंसात्मना मारबलेन तेन ।
धर्मात्मभिर्लोक विमोक्षकामैर्वभूव हाहाकृतमन्तरीक्षे ॥३२॥

ती हिंसा गर्न तत्पर कामदेवको सेनाले त्यो बोधिवृक्षको फेदलाई चारैतर्फबाट ढाकिएको देखी संसारबाट मोक्षको इच्छा गर्ने धर्मात्माहरुले अन्तरिक्षमा हाहाकार गरे ॥३२॥

उपप्लवं धर्मविधेस्तु तस्य दृष्ट्वा स्थितं मारबलं महर्षिः ।
न चुक्षुभे नापि ययौ विकारं मध्ये गवां सिंह इवोपविष्टः ॥३३॥

ती महर्षि धर्मविधिमा विघ्नस्वरूप हुन आएको कामदेवको सैन्य देखी गाईको बीचमा बसेको सिंह झैं न क्षुब्ध भए। न विकृत नै भए ॥३३॥

मारस्ततो भूतचमूमुदीर्णमाज्ञापयामास भयाय तस्य ।
स्वैः स्वैः प्रभावैरथ सास्य सेना तद्धैर्यभेदाय मतिं चकार ॥३४॥

त्यसपछि कामदेवले उद्यत भूतको सैन्यलाई ती मुनिलाई तर्साउने आज्ञा दिए। उनका सेनाले पनि आफ्ना आफ्ना प्रभावले मुनिको धैर्य नाश पार्ने विचार गरे ॥३४॥

केचिच्चलन्नैकविलम्बिजिह्वास्तीक्ष्णाग्रदंष्ट्रा हरिमण्डलाक्षाः ॥
विदारितास्याः स्थिरशंकुकर्णाः संत्रासयन्तः किलनाम तस्थुः ॥३५॥

कोही भूतका लपलपाउँदा अनेक लामा जिब्रा, अगाडिका तीखा दाँत, सूर्यमण्डल जस्ता ठुलठूला आँखा, वज्रजस्ता दृढ कान थिए। ती मुख बाई उनलाई तर्साउँदै अगाडि उभिए ॥३५॥

तेभ्यः स्थितेभ्यः स तथाविधेभ्यः रूपेण भावेन च दारुणेभ्यः ॥
न विव्यथे नोद्विविजे महर्षिः क्रीडत्सु बालेभ्य इवोद्धतेभ्यः ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो खेलमा उत्ते जित बालकबाट न व्यथा हुन्छ, न उद्वेग हुन्छ । त्यस्तै अगाडि उभिई त्यस्तो रूप र भावले भयङ्कर भएका भूतगणबाट महर्षिलाई न व्यथा भयो, न उद्विग्नता नै भयो ॥३६॥

कश्चित्ततो रोषविवृत्तदृष्टिस्तस्मै गदामुद्यमयांचकार ।
तस्तमभ बाहुः सगदस्ततोऽस्य पुरन्दरस्येव पुरासवज्रः ॥३७॥

त्यसपछि कुनैले रीसले आँखा तरी उनमा प्रहार गर्न गदा उठायो । तर प्राचीन कालमा इन्द्रले वज्र हान्न उठाएको हात स्तम्भित भएझैं गदासहित उसको हात स्तम्भित भयो ॥३७॥

केचित्समुद्यम्य शिलास्तरूंश्चवि षेविहिरे नैव मुनौ विमोक्तुम् ॥
पेतुः सवृक्षाः सशिलास्तयैव वज्रावभग्ना इव बिन्ध्यपादाः ॥३८॥

कुनै भूतले मुनिलाई हान्न ढुङ्गा र वृक्षहरु हातमा लिए, तर प्रहार गर्न सकेनन् । ती वृक्ष र ढुङ्गाहरुसहित वज्रले फुटेको बिन्ध्यशिखर झैं स्वयं पछारिए ॥३८॥

कैश्चित्समुत्पत्य नभो विमुक्ताः शिलाश्च वृक्षाश्च परश्वधाश्च ।
तस्थुर्नभस्येव न चावपेतुः संध्याभ्रपादा इव नैकवर्णाः ॥३९॥

कुनैले आकाशमा उडी ढुङ्गा, वृक्ष र वज्रराहरु फ्याँके, तर ती तल खसेनन् । सन्ध्या कालको चित्रविचित्रको मेघको टुक्रा झैं आकाशमा नै अडिए ॥३९॥

चिक्षेप तस्योपरि दीप्तमन्यः कडङ्करं पर्वतशृङ्गमात्रम् ।
यन्मुक्तमात्रं गगनस्थमेव तस्यानुभावाच्छतधा पफाल ॥४०॥

अर्को कुनैले पर्वतको शिखर जत्रो बल्दो परालको मूठो फ्यांक्यो, तर फ्यांक्नासाथ मुनिका प्रभावले त्यो आकाशमा नै शयौं टुक्रा भई छिन्नभिन्न भयो ॥४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कश्चिज्ज्वलन्नर्क इवोदितः खादङ्गारवर्षं महदुत्ससर्ज ।
चूर्णानि चमीकरकन्दराणां कल्पात्यये मेरुरिव प्रदीप्तः ॥४१॥

कुनैले उदाउन लागेको सूर्य झैं आकाशबाट ठूला बलेका अगुल्टाहरूको वर्षा गरे । त्यस कल्पको अन्तमा बलेको सुमेरु पर्वतको सुवर्णमय कन्दराका शिलाको चूर्णको वर्षा गरे झैं थियो॥४१॥

तद्बोधिमूले प्रविकीर्यमाणमंगारवर्षं तु सविस्फुलिङ्गम्
मैत्री विहारादृषिसत्तमस्य बभूव रक्तोत्पलपत्रवर्षः ॥४२॥

त्यस बोधिवृक्षको मुनि आगाका फिलिङ्गाहरुका साथ अङ्गारको जो वृष्टि भयो, त्यो ऋषिश्रेष्ठ मुनिले सबैमा मैत्रीभाव राखेको हुनाले कमलको रातो पत्ती बनी वृष्टिमा परिणत भयो॥४२॥

शरीरचित्तव्यसनातपैस्तैरेवंविधैस्तैश्च निपात्यमानैः ॥
नैवासनाच्छाक्य मुनिश्चचाल स्वनिश्चयं बन्धुमिवोपगुह्य ॥४३॥

शरीर र मनलाई दुःखदायी र संतप्त गर्ने दुःख पर्दा पनि आफ्नू निश्चयलाई बन्धु जस्तै समाती शाक्यमुनि विचलित भएनन् ॥४३॥

अथापरे निर्जिगिलुमुखेभ्यः सर्पान्विजीर्णेभ्य इव द्रुमेभ्यः ॥
ते मन्त्रबद्धा इव तत्समीपे न शश्वसुर्नोत्ससृपुर्नचेलु ॥४४॥

यसपछि अर्का थरी भूतले पुरानू जीर्ण वृक्षबाट सर्प निस्के झैं गरी आफ्नू मुखबाट सर्प उकेले, तर ती सर्प मन्त्रले बाँधिए झैं गरी, न उनको नजीकमा आई फुङ्कार गरे, न उठे, न हिंडे ॥४४॥

भूत्वापरे वारिधरा बृहन्तः सविद्युतः साशनिचण्डघोषाः ॥
तस्मिन्द्रुमे तत्यजुरश्मवर्षं तत्पुष्पवर्षं रुचिरं बभूव ॥४५॥

कोही भूतले वज्रको भयङ्कर गर्जना र बिजुलीसहितको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशाल बादल बनी त्यस बोधिवृक्षमाथि दुङ्गाको वर्षा गरे। तर त्यो पनि सुन्दर पुष्पवृष्टि बन्यो ॥४५॥

चापेऽथ बाणो निहितोऽपरेण जज्वाल तत्रैव न निष्पपात ॥
अनीश्वरस्यात्मनि धूयमानो दुर्मर्षणस्येव नरस्य मन्युः ॥४६॥

जस्तो गरीब क्रोधी मनुष्यको क्रोध भित्र भित्रै धुवाउँछ र बाहिर निस्कँदैन, त्यस्तै अर्को कुनै एक भूतले धनुमा राखेको बाण त्यहीं नै बल्यो, निस्केर अगाडि गएन ॥४६॥

पञ्चेषवोऽन्येन तु विप्रमुक्तास्तस्थुर्नभस्येव मुनौ न पेतुः ॥
संसारभीरोर्विषयप्रवृत्तौ पञ्चेन्द्रियाणीव परीक्षकस्य ॥४७॥

संसारदेखि उद्विग्न साधकका पाँचै इन्द्रियहरु विषयमा प्रवृत्त नभए झैं अरु भूतले छोडेका पाँचै बाणहरु आकाशमा नै अडिए, मुनिमाथि खसेनन् ॥४७॥

जिघांसयान्यः प्रससार रुष्टो गदां गृहीत्वाभिमुखो महर्षेः।
सोऽप्राप्तकामो विवशः पपात दोषेष्विवानर्थ करेषु लोकः ॥४८॥

अर्को एक भूत मुनिलाई मार्ने इच्छाले रिसाएर गदा ली मुनी तर्फ दौड्यो, तर बीचैमा विफल-मनोरथ भई विवश मनुष्य अनर्थकारी विषयमा खसे झैं खस्यो ॥४८॥

स्त्री मेघकाली तु कपालहस्ता कर्तुं महर्षेः किल चित्तमोहम्।
बभ्राम तत्रानियतं न तस्थौ चलात्मनो बुद्धिरिवागमेषु ॥४९॥

मेघ जस्ती काली कुनै एक स्त्री हातमा खप्पर लिएर महर्षिको चित्त मोह पार्न आई तर चञ्चल चित्त भएका पुरुषको बुद्धि शास्त्रमा स्थिर नभए झैं अनियन्त्रित चित्त भएर घुम्न थाली, स्थिर भएर बस्न सकिन ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कश्चित्प्रदीप्तं प्रणिधाय चक्षुर्नेत्राग्निनाशीविषवद्दिधक्षुः ॥
तत्रैव नासीनमृषिं ददर्श कामात्मकः श्रेय इवोपदिष्टम् ॥५०॥

कुनै भूतले आँखा तीखो पारी नेत्राग्निले उनलाई सर्पले झैं आक्रमण गर्ने इच्छा गऱ्यो। तर कामी पुरुषले अरुले बताएको कल्याण नसंझे झैं त्यहीं बसेका ऋषिलाई देखेन ॥५०॥

गुर्वीं शिलामुद्यमयंस्तथान्यः शश्राम मोघं विहतप्रयत्नः ॥
निःश्रेयसं ज्ञानसमाधिगम्यं कायक्लमैर्धर्ममिवाप्तुकामः ॥५१॥

ज्ञान र समाधिले पाइने मोक्षधर्मलाई शारीरिक कष्टद्वारा पाउन इच्छा गर्नेको परिश्रम व्यर्थ भए झैं कुनै भूतले ठूलो ढुङ्गा उठाई हान्ने प्रयत्न गऱ्यो, तर सकेन। विफल-प्रयत्न भै थाक्यो ॥५१॥

तरक्षुसिंहाकृतयस्तथान्ये प्रणेदुरुच्चैर्महतः प्रणादान्।
सत्त्वानि यैः संचुकुचुः समन्ताद्वज्राहता द्यौः फलतीति मत्वा ॥५२॥

बाघ र सिंहको आकार भएका केही अरु भूतले उच्च स्वरमा ठूलो गर्जना गरे। जसले गर्दा भयभीत भएका जीवजन्तुहरु वज्रको आघातले आकाश फाट्दैछ भन्ने ठानी चारैतर्फ लुके ॥५२॥

मृगा गजाश्चार्तरवान् सृजन्तो विद्रुद्रुवुश्चैव निलिल्यिरे च।
रात्रौ च तस्यामहनीव दिग्भ्यः खगा रुवन्तः परिपेतुरार्ताः ॥५३॥

मृग र हात्तीहरु आर्तनाद गर्दै भागे तथा लुके। पक्षीहरु डराएर रातीमा पनि दिनमा झैं शब्द गर्दै चारैतर्फ उड्न लागे ॥५३॥

तेषां प्रणादैस्तु तथाविधैस्तैः सर्वेषु भूतेष्वपि कम्पितेषु।
मुनिर्न तत्रास न संचुकोच रवैर्गरुत्मानिव वायसानाम् ॥५४॥

तिनीहरुका तत्तत् किसिमका शब्दले सबै जीव भयकम्पित भए, तापनि कागको शब्दले गरुडलाई भय नभए झैं ती मुनि न त डराए, न कातर भए ॥५४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भयावहैभ्यः परिषद्गणेभ्यो यथा यथा नैव मुनिर्बिभाय ।
तथा तथा धर्मभृतां सपत्नः शोकाच्च रोषाच्च ससाद मारः ॥५५॥

जसो जसो डरलाग्दो परिषद्-गणबाट मुनि डराएनन्,
उसो उसो धर्मात्माका शत्रु कामदेवलाई शोक र क्रोधले गर्दा विषाद (दुःख) भयो ॥५५॥

भूतं ततः किंचिददृश्यरूपं विशिष्टभूतं गगनस्थमेव ॥
दृष्ट्वर्षये द्रुग्धमवैररुष्टं मारं बभाषे महता स्वरेण ॥५६॥

त्यसपछि अदृश्यरूप लिएका कुनै विशिष्ट जीवले आकाशमा बसेर कामदेवलाई ऋषिको द्रोह गर्न लागेको र वैरभाव नभईकन पनि क्रुद्ध भएको देखी गम्भीर स्वरमा भन्नलागे ॥५६॥

मोघं श्रमं नार्हसि मार कर्तुं हिंस्रात्मतामुत्सृज गच्छ शर्म ॥
नैष त्वया कम्पयितुं हि शक्यो महागिरि मेरुरिवानिलेन ॥५७॥

हे कामदेव! व्यर्थ-परिश्रम नगर । हिंसाभावलाई छोडी शान्त बन । हावाले महापर्वत मेरुलाई हल्लाउन नसके झैं तिमीयिनलाई निश्चयनै हल्लाउन सक्तैनौ ॥५७॥

अप्युष्णभावं ज्वलनः प्रजह्यादापो द्रवत्वं पृथिवी स्थिरत्वम् ॥
अनेककल्पार्जितपुण्यकर्मा नत्वेव जह्याद् व्यवसायमेषः ॥५८॥

अग्नि आफ्नू उष्णता छोडोस्, पानी आफ्नू द्रवत्व छोडोस्, पृथिवी आफ्नू स्थिरता छोडोस्, तर अनेक जन्मको पुण्य एकत्र गर्नै मुनि आफ्नू निश्चयलाई छोड्ने छैनन् ॥५८॥

यो निश्चयो ह्यस्य पराक्रमश्च तेजश्च यद् या च दया प्रजासु ॥
अप्राप्य नोत्थास्यति तत्त्वमेष तमांस्यहत्वेव सहस्ररश्मिः ॥५९॥

यिनको जुन निश्चय, पराक्रम, तेज र प्राणीहरुमा दया छ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनले गर्दा (यस कुराको ज्ञान हुन्छ) यिनी अन्धकार नष्ट नगरी सूर्य नउदाए झैं तत्त्वको ज्ञप्ति नगरी उठ्दैनन् ॥५६॥

काष्ठं हि मथ्नन् लभते हुताशं भूमिं खनन्विन्दति चापि तोयम् ।
निर्बन्धिनः किंचन नास्त्यसाध्यं न्यायेन युक्तं च कृतं च सर्वम् ॥६०॥

मनुष्य काठ घोट्दा घोट्दै अग्नि पाउँछ । पृथ्वी खन्दा खन्दै पानी पाउँछ । दृढप्रतिज्ञ पुरुषलाई असाध्य भन्ने कुरै छैन । न्यायपूर्वक गर्दा सबै कुरा राम्ररी गर्न सकिन्छ ॥६०॥

तल्लोकमार्तं करुणायमानो रोगेषु रागादिषु वर्तमानम् ।
महाभिषङ् नार्हति विघ्नमेष ज्ञानौषधार्थं परिखिद्यमानः ॥६१॥

शारीरिक एवं मानसिक रोगले दुःखी भएका मनुष्यमा करुणा गर्ने यो मुनिलाई बिघ्न गर्नु उचित छैन । यी महावैद्य ज्ञानरूपी औषधी पाउन कष्ट सही बसेका छन् ॥६१॥

हृते च लोके बहुभिः कुमार्गैः सन्मार्गमन्विच्छति यः श्रमेण ।
स दैशिकः क्षोभयितुं न युक्तं सुदेशिकः सार्थ इव प्रनष्टे ॥६२॥

यी मुनि अनेक नजाती बाटोद्वारा हरण गरिएका संसारी मनुष्यका निंति परिश्रमपूर्वक सन्मार्ग खोज्दैछन् । त्यस्ता पथप्रदर्शकलाई—वनमा भुलेको व्यापारीलाई मार्गदर्शकले झैं यी-उपदेशक मुनिलाई क्षुब्ध पार्नु उचित हुनेछैन ॥६२॥

सत्त्वेषु नष्टेषु महान्धकारे ज्ञानप्रदीपः क्रियमाण एषः ॥
आर्यस्य निर्वारयितुं न साधु प्रज्वाल्यमान स्तमसीव दीपः ॥६३॥

संसारमा सात्त्विक भाव नष्ट भएपछि ठूलो अन्धकार फिँजिने छ । त्यस समयमा यिनले ज्ञानरूपी बत्ती बाल्नेछन् । अँध्यारामा बलेको बत्ती निभाउनु आर्यपुरुषको लक्षण होइन ॥६३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्ट्वा च संसारमये महौघे मग्नं जगत्पारमविन्दमानम् ।
यश्चेदमुत्तारयितुं प्रवृत्तः क्रश्चिन्तयेत्तस्य तु पापमार्यः ॥६४॥

संसाररूपी ठूलो प्रवाहमा डुबेको जगत्बाट पार पाइने नदेखी त्यसबाट उद्धार गर्न प्रवृत्त भएको पुरुषप्रति कुन आर्य-पुरुष पापकर्म गर्न प्रवृत्त होला ? ॥६४॥

क्षमाशिफो धैर्यविगाढमूलश्चारित्र पुष्पःस्मृतिबुद्धिशाखः ॥
ज्ञानद्रुमो धर्मफलप्रदाता नोत्पाटनं ह्यर्हति वर्धमानः॥६५॥

क्षमारूपी जटा (पातहरुले भर्याम्म) धैर्यरूपी ठूलो फेद, चरित्ररूपी फूल, स्मृति र बुद्धिरूपी हाँगा तथा धर्मरूपी फल दिने बढ्दो ज्ञानरूपी वृक्षलाई उखेल्नु योग्य छैन ॥६५॥

बद्धां दृढे श्चेतसि मोहपाशैर्यस्य प्रजां मोक्षयितुं मनीषा ।
तस्मिन् जिघांसा तव नोपपन्ना श्रान्ते जगद्बन्धनमोक्षहेतोः ॥६६॥

यिनी मनमा प्रबल मोहपाशले बाँधिएका प्रजालाई बन्ध-नबाट मुक्त गर्ने इच्छा गर्छन् । जगत्को बन्धन काट्न उद्योग गर्दा थाकेका मुनिलाई मार्ने तिम्रो इच्छा उचित देखिंदैन ॥६६॥

बोधाय कर्माणि हि यान्यनेन कृतानि तेषां नियतो द्यकालः ॥
स्थाने तथास्मिन्नुपविष्ट एष यथैव पूर्वं मुनयस्तथैव ॥६७॥

यिनले बुद्धत्व प्राप्तिका निंति जुन कर्म गरे, त्यसको परि-पाक हुने आज नियत समय हो । पूर्वकालमा मुनिहरू जसरी बस्दथे, त्यसरी नै यस ठाउँमा यिनी बसेका छन् ॥६७॥

एषा हि नाभिर्वसुधातलस्य कृत्स्नेन युक्ता परमेण धाम्ना ।
भूमेरतोऽन्योऽस्ति हि न प्रदेशो वेगं समाधेर्विषहेत योऽस्य ॥६८॥

यो ठाउँ पृथ्वीको नाभि हो । यो संपूर्ण असल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभावले संयुक्त भएको छ । यिनको समाधिको वेग सहन सक्ने पृथ्वीसँग अर्को यस्तो स्थान छैन ॥६८॥

तन्मा कृथाः शोकमुपेहि शान्तिं मा भून्महिम्ना तव मार मानः ॥
विश्रम्भितुं न क्षममध्रुवा श्रीश्चले पदे किं मदमभ्युपैषि ॥६९॥

त्यसैले हे कामदेव ! शोक नगर । शान्त होऊ । तिमी आफ्नू महिमाको अभिमान नगर । नश्वर ऐश्वर्यमा विश्वास गर्नु योग्य छैन । आफ्नू अनिश्चित पदमा किन मदमत्त हुन्छौ ? ॥६९॥

ततः स सश्रुत्य च तस्य तद्वचो महामुनेः प्रेक्ष्य च निष्प्रकम्पताम् ।
जगाम मारो विमनो हतोद्यमः शरैर्जगच्चेतसि यैर्विहन्यते ॥७०॥

त्यसपछि उनको यस्तो वचन सुनी तथा महामुनिको निश्चलता देखी विफल--प्रयास भएका कामदेव, जुन बाणद्वारा संसारको चित्त हरण गर्थे, ती बाण देखि खिन्न भई त्यहाँबाट हिंडे ॥७०॥

गतप्रहर्षं विफलीकृतश्रमा प्रविद्धपाषाणकडङ्गरद्रुमा ॥
दिशः प्रदुद्राव ततोऽस्य सा चमूर्हतानाश्रयेव द्विषता द्विषच्चमूः ॥७१॥

त्यसपछि आनन्दले रहित भएका, आफ्नू परिश्रम विफल भएका, ढुङ्गा र आगाका गोला तथा वृक्षादि आयुध छरिएका तो कामदेवका सेना शत्रुद्वारा नायक मारिएपछि विपक्षीको सेना झैं चारैतर्फ भागे ॥७१॥

द्रवति सपरिक्षे निर्जिते पुष्पकेतौ
ज्यति जिततमस्के नीरजस्के महर्षौ ॥
युवतिरिव सहासा द्यौश्चकाशे सचन्द्रा
सुरभि च जलगर्भं पुष्पवर्षं पपात ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कामदेव पराजित भएर आफ्ना पक्षपातीहरुका साथ भागे पछि, अज्ञानरूपी अन्धकारलाई जित्ने निर्मल (रागरहित) महर्षिको विजय भएपछि, चन्द्रमासहित आकाशले हाँसेकी युवती झैं शोभा पायो तथा सुगन्धी जलले युक्त भएको पुष्पको वर्षा भयो ॥७२॥

तथापि पापीयसि निर्जिते गते दिशः प्रसेदुः प्रबभौ निशाकरः ॥
दिवो निपेतुर्भुवि पुष्पवृष्टयो रराज योषेव विकल्मषा निशा ॥७३॥

त्यसरी जब पापीहरु हारेर गए। तब (अनि) दिशाहरु प्रसन्न भए। चन्द्रमाले शोभा पाए। आकाशबाट पृथ्वीमा पुष्पको वृष्टि भयो। निष्पाप-स्त्रीसमान निर्मल रातले शोभा पायो ॥७३॥

❋ तेह्रौं सर्ग समाप्त ❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

चौधौं सर्ग

बुद्धत्व-प्राप्ति

ततो मारबलं जित्वा धैर्येण च शमेन च ।।
परमार्थं विजिज्ञासुः स दध्यौ ध्यानकोविदः ॥१॥

त्यसपछि ध्यान-निपुण ती मुनिले कामदेवको सेनालाई धैर्य र शान्तिले जिती परम तत्त्व जान्ने इच्छाले ध्यान गरे ॥१॥

सर्वेषु ध्यानविधिषु प्राप्य चैश्वर्यमुत्तमम् ॥
सस्मार प्रथमे यामे पूर्वजन्मपरंपराम् ॥२॥

सबै प्रकारका ध्यानविधिमा पूर्ण प्रभुता पाएका ती मुनिले प्रथम प्रहरमा आफ्नू पूर्वजन्मको परंपरा स्मरण गरे ॥२॥

अमुत्राहमयं नाम च्युतस्तस्मादिहागतः ॥
इति जन्मसहस्राणि सस्मारानुभवन्निव ॥३॥

यस ठाउँमा म यस्तो थिएँ। त्यहाँबाट खसेर यहाँ आएँ भनी यस्ता हजारौं पूर्वजन्मका कुराहरु प्रत्यक्ष अनुभव गरे झैं स्मरण गरे ॥३॥

स्मृत्वा जन्म च मृत्युं च तासु तासूपपत्तिषु ।
ततः सत्त्वेषु कारुण्यं चकार करुणात्मकः ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि ती ती जन्मका जन्म-मृत्युको स्मरण गर्दै ती दयालु आत्माले प्राणीहरूमा दया गरे ॥४॥

कृत्वेह स्वजनोत्सर्गं पुनरन्यत्र च क्रियाः ॥
अत्राणः खलु लोकोऽयं परिभ्रमति चक्रवत् ॥५॥

(प्राणी) यहाँ स्वजनलाई छोडी फेरि अन्यत्र (जन्म लिएर) काम गर्दछ । निश्चय नै संसार अरक्षित छ । जो चक्र झैं घुमेको छ ॥५॥

इत्येवं स्मरतस्तस्य बभूव नियतात्मनः ॥
कदलीगर्भनिःसारः संसार इति निश्चयः ॥६॥

संसार केराको गुवो झैं निःसार रहेछ भन्ने कुरा यसरी चिन्तन गर्ने ती जितेन्द्रिय पुरुषलाई निश्चय भयो ॥६॥

द्वितीये त्वागते यामे सोऽद्वितीयपराक्रमः ॥
दिव्यं लेभे परं चक्षुः सर्व चक्षुष्मतां वरः ॥७॥

अद्वितीय पराक्रमी दृष्टिमान् पुरुषमध्येमाका श्रेष्ठ ती मुनिले दोस्रो प्रहर आएपछि परम दिव्यचक्षु पाए ॥७॥

ततस्तेन स दिव्येन परिशुद्धेन चक्षुषा ॥
ददर्श निखिलं लोकमादर्श इव निर्मले ॥८॥

त्यसपछि उनले त्यो अत्यन्त शुद्ध तथा दिव्य चक्षुद्वारा संपूर्ण विश्वलाई निर्मल ऐनामा प्रतिविम्ब झैं देखे ॥८॥

सत्त्वानां पश्यतस्तस्य निकृष्टोत्कृष्टकर्मणाम् ।
प्रच्युतिं चोपपत्तिं च ववृधे करुणात्मता ॥९॥

खराब (नीच) र असल (उच्च) काम गर्ने प्राणीहरुको पतन र उत्थान देख्दा उनमा दयाभाव बढ्यो ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इमे दुष्कृतकर्माणः प्राणिनो यान्ति दुर्गतिम् ।।
इमेऽन्ये शुभकर्माणः प्रतिष्ठन्ते त्रिविष्टपे ।।१०।।

यी दुष्कर्म गर्ने प्राणीहरु दुर्गति पाउँछन् । अरु यी शुभ कर्म गर्नेहरु स्वर्गमा प्रतिष्ठा पाउँछन् ।।१०।।

उपपन्नाः प्रतिभये नरके भृशदारुणे ।।
अमी दुःखैर्बहुविधैः पीड्यन्ते कृपणं बत ।।११।।

यी दुष्कर्मी पुरुषहरु अति घोर भयानक नरकमा परेर नाना तरहका दुःखले दुःखित हुन्छन् ।।११।।

पाय्यन्ते क्वथितं केचिदग्निवर्णमयोरसम् ।
आरोप्यन्ते रुवन्तोऽन्ये निष्टप्तस्तम्भमायसम् ।।१२।।

कुनैलाई तताइएको अग्निसमान फलामको रस-पान गर्न लगाइन्छ । कुनै अर्को रुन लागेकोलाई तताएको फलामको खम्बामा राखिन्छ ।।१२।।

पच्यन्ते पिष्टवत्केचिदयस्कुम्भीष्ववाङ्मुखाः ।।
दह्यन्ते करुणं केचिद्दीप्तेष्वङ्गारराशिषु ।।१३।।

फलामको कहारीमा पिनेको पीठो झैं कुनै जीवलाई तलतिर मुख फर्काई पकाइन्छ । कुनैलाई करुण पुकारका साथ बलेको आगोमा पोलिन्छ ।।१३।।

केचितीक्ष्णैरयोदंष्ट्रैर्भक्ष्यन्ते दारुणैः श्वभिः ।।
केचित्तीक्ष्णैरयस्तुण्डैर्वायसैरायसैरिव ।।१४।।

कुनै कुनै तीखा फलामका दाँत र भयङ्कर आकृति भएका कुक्कुरले लुछिएका छन् । कुनै फलामको चुच्चो भएका फलामकै शरीर भएका दुष्ट-कागले ठुँगिएका छन् ।।१४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केचिद्दाहपरिश्रान्ताः शीतच्छायाभिकाङ्क्षिणः ॥
असिपत्रवनं नीलं बद्धा इव विशन्त्यमी ॥१५॥

कोही तापले संतप्त भै शीतल छायाको अभिलाषा गर्छन्, ती नीलो असिपत्र वनमा बन्दी जस्तो भएर प्रवेश गर्छन् ॥१५॥

पाठ्यन्ते दारुवत्केचित्कुठारैर्बद्धबाहवः ॥
दुःखेऽपि न विपच्यन्ते कर्मभिर्धारितासवः ॥१६॥

हात बाँधिएका कुनै जीव बञ्चराले दाउरा काटेझैं काट्टिन्छन्, तर कर्मले प्राण धारण गरेका ती दुःख पाएर पनि मर्दैनन् ॥१६॥

सुखं स्यादिति यत्कर्म कृतं दुःखनिवृत्तये ॥
फलं तस्येदमवशैर्दुखमेवोपभुज्यते ॥ ७॥

ती परवश भएका पुरुषहरु सुख पाइन्छ कि भन्ने आशाले दुःख निवृत्तिका निंति जुन कर्म गर्दछन्, त्यसले पनि दुःखदायी फल नै भोग गर्दछन् ॥१७॥

सुखार्थमशुभं कृत्वा य एते भृशदुःखिताः ॥
आस्वादः स किमेतेषां करोतिसुखमणवपि ॥१८॥

जुन सुखका निंति अशुभ कर्म गरी यी दुःखी भएका छन्, त्यस सुखको आस्वादले के यिनलाई थोरै सुख पनि दिएको छ ? ॥१८॥

हसद्भिर्यत्कृतं कर्म कलुषं कलुषात्मभिः ॥
एतत्परिणते काले क्रोशद्भिरनुभूयते ॥१९॥

यी पापीहरुले हाँस्दै जुन पाप कर्म गरेका थिए, समयले परिपक्व भएपछि त्यसको फल रुँदै भोग्दछन् ॥१९॥

यद्येवं पापकर्माणः पश्येयुः कर्मणां फलम् ॥
वमेयुरुष्णं रुधिरं मर्मस्वभिहता इव ॥५०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि यी पाप गर्ने पुरुषले पाप कर्मको फल प्रत्यक्ष देखेका भए मर्ममा आघात भए झैं तातो रगत वमन गर्ने छन् ॥२०॥

इमेऽन्ये कर्मभिश्चित्रैश्चित्तविस्पन्दसंभवैः ॥
तिर्यग्योनौ विचित्रायामुपपन्नास्तपस्विनः ॥२१॥

यी बिचरा अरुहरु चित्तको चञ्चलताबाट हुने नाना किसिमका कर्मले चित्र विचित्र भएको पशुपक्षीयोनिमा उत्पन्न भएका छन् ॥२१॥

मांसत्वग्बालदन्तार्थं वैरादपि मदादपि ॥
हन्यन्ते कृपणं यत्र बन्धूनां पश्यतामपि ॥२२॥

जहाँ मासु, छाला, रौं, दाँतका निंति या वैरभाव अथवा मदले दाजुभाइले देख्दा देख्दै पनि दीनतापूर्वक अरुद्वारा मारिन्छन् ॥२२॥

अशक्नुवन्तोऽप्यवशाः क्षुत्तर्षश्रमपीडिताः ॥
गोऽश्वभूताश्च वाह्यन्ते प्रतोदक्षतमूर्तयः ॥२३॥

यी गोरु घोडाहरु भोक तिर्खा र थकाइको पीडाले विवश र अशक्त हुँदा पनि अङ्कुशले यत्र तत्र घाउ पारी हाँकिन्छन् ॥२३॥

वाह्यन्ते गजभूताश्च बलीयांसोऽपि दुर्बलैः ॥
अङ्कुशक्लिष्ट मूर्धानस्ताडिताः पादपार्ष्णिभिः ॥२४॥

यी हात्ती बलवान् भएर पनि दुर्बल पुरुषद्वारा अङ्कुशले शिरमा क्लेश र कुर्कुचाद्वारा ताडना पाई हाँकिन्छन् ॥२४॥

सत्स्वप्यन्येषु दुःखेषु दुःखं यत्र विशेषतः ॥
परस्पर विरोधाच्च पराधीनतयैव च ॥२५॥

अरु अरु दुःख छँदाछँदै पनि पशुपक्षीयोनिमा परस्परमा विरोध र पराधीनताले गर्दा विशेष दुःख हुन्छ ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खस्थाः खस्थैर्हि बाध्यन्ते जलस्था जलचारिभिः ।
स्थलस्थाः स्थलसंस्थैश्च प्राप्य चैवेतरेतरैः ॥२६॥

आकाशमा घुम्ने चराहरुलाई आकाशमा घुम्ने चराहरुले, जलचारीलाई जलचारीले र स्थलचारीलाई स्थलचारीले नै परस्परमा दुःख दिन्छन् ॥२६॥

उपपन्नास्तथा चेमे मात्सर्याक्रान्तचेतसः ॥
पितृलोके निरालोके कृपणा भुञ्जते फलम् ॥२७॥

त्यस्तै यी मात्सर्य-दोषले दूषित चित्त भएका पुरुष पनि प्रकाशरहित भएको प्रेतलोकमा उत्पन्न भै दुःखी अवस्थामा कर्म-फलको भोग गर्दछन् ॥२७॥

सूचीछिद्रोपममुखाः पर्वतोपमकुक्षयः ॥
क्षुत्तर्षजनितैर्दुःखै पीड्यन्ते दुःखमागिनः ॥२८॥

सीयोको टुप्पो जस्तो मुख भएका तथा पर्वताकार पेट भएका यी दुःखी जीवहरु भोक-तिर्खाबाट उत्पन्न भएको दुःखले दुःखी हुन्छन् ॥२८॥

आशया समतिक्रान्ता धार्यमाणाः स्वकर्मभिः ॥
लभन्ते न ह्यमी भोक्तुं प्रविद्धान्यशुचीन्यपि ॥२९॥

यी निराश हुँदा पनि आफ्नू कर्मद्वारा धारण गरिन्छन् (अर्थात् मर्दैनन्) तथा कसैले फ्याँकेको अपवित्र वस्तुसम्म पनि खान पाउँदैनन् ॥२९॥

पुरुषो यदि जानीत मात्सर्यस्येदृशं फलम् ॥
सर्वथा शिविवद्दद्याच्छरीरावयवानपि ॥३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुष यदि मात्सर्यको फल यस्तो हुँदोरहेछ भनी जान्दो हो ता सबै तरहबाट शिवि मैं आफ्ना शरीरका अवयव दान गर्दो हो ॥३०॥

इमेऽन्ये नरकप्रख्ये गर्भसंज्ञेऽशुचिह्रदे ॥
उपपन्ना मनुष्येषु दुःखमर्छन्ति जन्तवः ॥३१॥

यी अरु प्राणीहरु नरक जस्तो गर्भ नाम भएको अपवित्र तलाउमा खसी मानुष्ययोनिमा दुःख भोग्दछन् ॥३१॥

(उपलब्ध संस्कृत अंश, पूर्व भाग समाप्त)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवशेष अंश

बुद्धचरित्र

चोधौं सर्ग

बुद्धत्व प्राप्ति

उनीहरु जन्मदाखेरि धाईहरुका कठोर हातले समात्दा तीखा हतियारले काटे जस्तो भई विह्वल भएर रुन्छन् ॥३२॥

आमाबाबुहरु प्यारो गरी उसको पालनपोषण तथा रक्षा गर्छन् । बडो ध्यानपूर्वक उनलाई बढाउँछन् , तर पछि आफ्नू कर्म अनुसार ठूलो दुःखमा परी कलुषित (दुःखी) हुन्छन् ॥३३॥

त्यस्तो अवस्थामा पनि तृष्णाले आक्रान्त भएका (जकडिएका) ती मनुष्य यो गर्नु छ , उ गर्नु छ भन्दै चिन्तारूपी नदीको धारमा निरन्तर बगिरहन्छन् ॥३४॥

पुण्य संचय गर्ने अर्का थरी स्वर्गमा जन्म लिन्छन्, तर ती ती पनि आगाको ज्वालामा झैं कामको ज्वालामा जल्दछन् (पोलिन्छन्) ॥३५॥

ती विषयबाट तृप्त नहुँदै खस्दछन् । ती आँखा माथितिर लगाएका, निस्तेज तथा माला ओइलाउनाले निस्तेज भएका हुन्छन् । ॥३६॥

अप्सराहरुका प्रेमी ती जब असहाय भएर खस्छन् , तब

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अप्सराहरु करुणापूर्ण नेत्रले हेर्छन् र हातले तिनको वस्त्र समात्छन् ॥३७॥

दुःखपूर्वक विमानबाट खस्न लागेको आफ्नू प्रेमीलाई पक्रने उद्योग गर्न लागेका केही अप्सराहरु यस्ता देखिन्छन्, जो हल्लिरहेका मोतीका झुप्पाका साथ पृथ्वीमा खसिरहेका छन् ॥३८॥

अर्का थरी नाना किसिमका माला र गहनाहरु लगाएर आफ्ना प्रेमीदुःखमा परेकोले दुःखित भै सहानुभूतिपूर्वक चञ्चल आँखाले उनैको अनुसरण गर्दछन् ॥३९॥

ती खसेका मानिसहरुसँग प्रेम हुँदा अप्सराहरु हातले छाती पिट्दै ठूलो दुःख परेको दुःखी झैं उनमा आसक्त हुन्छन् ॥४०॥

स्वर्गमा बसेका ती पुरुषहरु हा चैत्ररथ वन ! हा दिव्य सरोवर ! हा मन्दाकिनी ! हा प्रेयसी ! भनी विलाप गर्दै दुःखी भएर पृथ्वीमा खस्छन् ॥४१॥

यस्तो दुःख गरेर प्राप्त हुने (पाइने) देवलोक पनि अनिश्चित र क्षणिक रहेछ । अतः यो अवश्यंभावी वियोग दुःखदायी छ ॥४२॥

जगत्मा यो नियम विशेष रूपले सत्य छ । जगत्को यो स्वभाव नै हो, तर पनि मनुष्यहरु यसलाई हेयदृष्टिले हेर्दैनन् ॥४३॥

जुन जितेन्द्रिय पुरुषहरु स्वर्गलाई नित्य संझी गए, तिनको पनि मनोरथ नष्ट भयो । ती पनि दुःखी भएर स्वर्गबाट खसे ॥४४॥

नरकमा अत्यन्त दुःख छ । पशुहरु परस्परमा एकले अर्कोलाई खान्छन् । प्रतयोनिमा भोक र तिर्खाको दुःख छ । मनुष्ययोनिमा तृष्णाहरुको दुःख छ ॥४५॥

स्वर्ग तथा नरकमा बारंबार जन्म लिनु र मर्नु पर्ने हुँदा अत्यन्त दुःख छ । यसरी निरन्तर घुमिरहने जीवलाई वास्तविक सुख कहिल्यै पनि हुँदैन ॥४६॥

संसारचक्रको यो प्रवाह निराधार र मरणशील छ । यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकार चारै तर्फबाट घेरिएको यस जीवले कहीं पनि विश्रामस्थल पाउँदैन ॥४७॥

यसरी दिव्यदृष्टिद्वारा उनले पाँच जीवलोकको निरीक्षण गरे । उनले जीवनमा केराको बोट काटिंदा सारभूत वस्तु नभनिस्के झैं केही पनि सारभूत वस्तु पाएनन् ॥४८॥

ध्यानीहरुमा श्रेष्ठ ती मुनिले आधारात बितिसकेपछि जगत्तत्त्व जान्ने इच्छाले ध्यानगरे ॥४९॥

अहो ! यी प्राणीहरु बारंबार जन्म लिन्छन्, बूढा हुन्छन्, मर्छन्, पुनः जन्मलिन्छन् यस परिपाटीले यी कहिल्यै पनि विश्राम लिन नपाई दुःखी हुँदारहेछन् ॥५०॥

मनुष्यको दृष्टि, काम तथा मोहरूपी अन्धकारले ढाकिएको हुन्छ । आफूमा रहेको अन्धकारको अधिकताले यो महादुःखबाट निस्कने मार्ग पहिल्याउँदा रहेनछन् ॥५१॥

अहो! वास्तविकता के हो ? जसको अस्तित्व नै जरा र मृत्युको कारण छ भनी विचार गरे ॥५२॥

सत्यताको भित्रसंम प्रवेश गरी उनले यो कुरा जाने कि जन्म हुनाले नै जरा-मरणको उत्पत्ति हुन्छ ॥५३॥

शिर भएका पुरुषलाई नै शिर दुख्दछ । वृक्षको जन्म भएपछि नै उसलाई काटेर लडाउँछन् भन्ने उनले विचार गरे ॥५४॥

जन्म केबाट हुन्छ ? भनी उनले विचार गर्दा, कर्मभ-वबाट जन्म हुन्छ भन्ने कुराको पत्ता लगाए ॥५५॥

उनले आफ्नू दिव्यदृष्टिद्वारा प्रवृत्ति (जीवन) कर्मद्वारा हुन्छ, यो स्रष्टाद्वारा या प्रकृति या आत्मा या अकारण नै हुने होइन भन्ने पत्ता लगाए ॥५६॥

जस्तो बाँसको पहिलो आँखला राम्रोसँग काट्दा अरु सबै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सजिलैसँग चिरिन्छन् । त्यस्तै उनको ज्ञान पनि राम्रो क्रमले बढ्यो ॥५७॥

त्यसपछि ऋषिले भवको (संसार) कारण जान्नतिर आफ्नु मन लगाए । उनले उपादान नै भवको कारण रहेछ भनी पत्तो लगाए ॥५८॥

जस्तो दाउराबाट अग्नि उत्पन्न हुन्छ, त्यस्तै जीवनका विविध व्रत, काम, असम्यक दृष्टि ग्रहण गर्नाले आत्माबाट कर्म (उपादान) उत्पन्न हुन्छ ॥५९॥

यो उपादान (कर्म) कुन कारणबाट उत्पन्न हुन्छ ? भनी उनले विचार गर्दा तृष्णालाई पहिले देखे ॥६०॥

जस्तो सानो आगोले पनि हावा साथी पायो भने जङ्गल-लाई भस्म पार्दछ, त्यस्तै तृष्णाले गर्दा काम आदि महापाप हुन्छन् ॥६१॥

तृष्णा के बाट उत्पन्न हुन्छ ? भनी उनले ध्यान गर्दा तृष्णाको कारण वेदना हो भनी जाने ॥६२॥

जस्तो तिर्खाले आकुल भएको पुरुष पानी भएको ठाउँमा जान्छ, त्यस्तै यस संसारमा वेदनाले आकृष्ट भएको मनुष्य तृप्तिका निति दौडिन्छ ॥६३॥

फेरि जितेन्द्रिय यी मुनिले वेदनाको कारण पत्तो लगाउन ध्यान गरे । वेदनाको अन्त गर्ने ती मुनिले वेदनाको उद्गम-स्थान स्पर्श हो भनी जाने ॥६४॥

जस्तो दुइटा अरणिकाठको मन्थनबाट आगो उत्पत्ति हुन्छ । त्यस्तै वस्तुमा इन्द्रिय मनको संयोग हुनु नै स्पर्श हो, जसबाट वेदनाको उत्पत्ति हुन्छ ॥६५॥

अन्धो मनुष्य वस्तुलाई देख्दैन । किनभने उसको आँखा मनको साथ त्यस वस्तुको संयोग गराउन सक्तैन । दृष्टि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएमा मात्र संयोग हुन्छ। त्यसैले छ आयतन भएमात्र स्पर्श हुन्छ ॥६७॥

त्यसपछि तत्वज्ञ ती मुनिले छ आयतनको कारण के हो ? भनी निरन्तर चिन्तन गर्दा नाम रूप नै छ आयतनको उद्गम स्थान हो भन्ने ज्ञान गरे ॥६८॥

जस्तो अङ्कुर भएमा मात्र पात र हाँगाहरूको उत्पत्ति हुन्छ, त्यस्तै नाम रूप रहेमा मात्र आयतनको उद्गम हुन्छ ॥६९॥

ज्ञानका पारंगत ती मुनिले नाम रूपको कारण के हो ? भनी विचार गर्दा विज्ञान (संज्ञा, चेतना) लाई देखे ॥७०॥

जस्तो बीजको राम्रो विकास भएमात्र अङ्कुरले शारीरिक रूप धारण गर्छ, त्यस्तै विज्ञानको उदय भएपछि मात्र नाम रूप उत्पन्न हुन्छ ॥७१॥

फेरि उनले विज्ञान केबाट उत्पन्न हुन्छ ? भनी विचार गर्दा नामरूपको आश्रय ली विज्ञान उत्पन्न हुन्छ भन्ने जाने ॥७२॥

निमित्त-नैमित्तिकको क्रम संझेपछि उनको मन आफूले निश्चय गरेको विचारमा नै अडियो, अरू तर्फ गएन ॥७३॥

विज्ञान प्रत्यय हो, जसबाट नाम रूप उत्पन्न हुन्छ, तथा नाम रूप आधार हो, जसमा विज्ञान अश्रित छ ॥७४॥

जस्तो पानीमा डुङ्गाले मनुष्यहरूलाई बोक्छ, स्थलमा मनुष्यले डुङ्गालाई बोक्छ। त्यस्तै विज्ञान र नामरूप पनि एक अर्काको कारण मानिन्छन् ॥७५॥

जस्तो तातेको फलामले झारपात सल्काउँछ। सल्केको झारपातले फलामलाई तताउँछ। यस्तै यिनको पनि पारस्परिक कार्य - कारण सम्बन्ध छ ॥७६॥

तत्वज्ञानी ती मुनिले विज्ञानबाट नामरूप, नामरूपबाट आयतन, आयतनबाट स्पर्श उदय हुन्छ भनी जाने ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पर्शबाट वेदना, वेदनाबाट तृष्णा, तृष्णबाट उपदान, उपदानबाट भव उत्पन्न हुन्छ भन्ने जाने ॥७८॥

भववाट जन्म, जन्मबाट जरामरणको उदय हुन्छ भन्ने पनि जाने। प्रत्ययबाट संसारको उत्पत्ति रहेछ भन्ने कुरा उनले राम्रोसंग संझे ॥७९॥

जन्म नहुँदा जरा-मरणको निरोध हुन्छ भनी उनलाई निश्चय भयो। भव-विनाशबाट जन्म नष्ट हुन्छ, उपादानको निषेधले भव बन्द हुन्छ भनी उनले जाने ॥८०॥

तृष्णाको निरोधले उपादानको निरोध हुन्छ । वेदनाको अस्तित्त्व नरहेमा तृष्णाको अस्तित्त्व रहँदैन । स्पर्शको नाशमा वेदनाको उत्पत्ति हुंदैन। छ आयतनको अस्तित्त्व नरहेमा स्पर्शको नाश हुन्छ ॥८१॥

नाम रूपको निरोधमा छ आयतन पनि नष्ट हुन्छ । विज्ञानको निरोधमा नामरूपको निरोध हुन्छ । संस्कारको निरोधमा विज्ञानको निरोध हुन्छ ॥८२॥

अविद्याको सर्वथा अभावमा संस्कारहरुको निरोध हुन्छ भनी ती मुनिले जाने । यसरी उनले ज्ञेय—वस्तुलाई राम्रो रीतिले बुझे र उनी संसारको अगाडि बुद्ध भएर उभिए ॥८३॥

ती नरश्रेष्ठले संसारमा माथिदेखि तलसंम कहीँ पनि आत्मालाई देखेनन् र परम ज्ञानप्राप्तिका लागि दाउरा बलिसके पछि अग्नि शान्त भए झैं शान्ति दिने, प्रारम्भ गरेको थोरै समयमा नै इष्ट स्थानमा पुऱ्याउने अष्टाङ्गिक मार्गद्वारा नै परम शान्ति पाए ॥८४॥

पूर्णता प्राप्त गरेपछि उनको मनमा यस्तो विचार उठ्यो:-- मैले यो पूर्ण मार्ग पाएँ, जुन मार्गमा सत्यका ज्ञाता महर्षिगण परमार्थका निंति हिंडेथे ॥८५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा चराचर शान्त भएको, उषाको आगमनकाल भएको चोथो प्रहरमा ती महर्षिले अविनाशी पद पाए तथा ती असल नायकले सर्वज्ञता पनि पाए ॥८६॥

जब बुद्ध भएर उनले तत्त्वज्ञान पाए, तब मदिराले मात्तिएकी कामिनी झैं पृथ्वी काँपिन । सिद्ध समुदायका साथै दिशाहरु प्रकाशमान् भए । आकाशमा ठुलठूला दुन्दुभि बाजाहरु बज्न थाले ॥८७॥

सुख दिने हावा विस्तार विस्तार बहन थाल्यो । बादल विनाकै वर्षा भयो । वृक्षहरुले उनको सम्मान गर्न लागेको हो कि भने झैं गर्ी असमयमा नै फलफूल खसाले ॥८८॥

त्यसबखत स्वर्गबाट सुवर्ण, मणि, माणिक्य तथा मन्दारपुष्प आदिको वृष्टि भयो, जसले गर्दा शाक्यमुनिको आश्रम भरियो ॥८९॥

त्यसबखत कसैलाई क्रोध भएन, कोही विरामी भएनन् । कसैले पनि पाप मार्गको आश्रय लिएनन् । कसैको मनमा पनि अहकारको उदय भएन । उनले पूर्णता पाएपछि जगत्मा शान्ति छायो ॥९०॥

मोक्षमा प्रवृत्त भएका देवसमुदायहरु प्रसन्न भए । तल्ला लोकमा रहने जीवहरु पनि आनन्दित भए । प्यारो धर्मसङ्घको समृद्धिले धर्मको चारैतर्फ प्रचार भयो । काम र अज्ञानरूप अन्धकारबाट जगत् माथि उठ्यो ॥९१॥

इक्ष्वाकुवंशका ऋषिको सिद्धिमा सन्तुष्ट भएका देवता र महर्षिहरु उनको सम्मान गर्नाका निंति दिव्य विमानमा चढेर त्यहीं आ ॥९२॥

अदृश्य भएर सिद्ध, देवता, महर्षिहरुले उच्च स्वरमा उनको स्तुति गरे । जीवसमूह पनि आफ्नू उन्नति भएको ठानी आनन्दित भयो, तर कामदेव भने ठूला विपत्तिको पहिलो अवस्थामा झैं निराश भयो ॥९३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि उनी सात दिनसम्म शरीरसम्बन्धी क्लेशबाट मुक्त भै निरन्तर निश्चल नेत्रले आफ्नू चित्तलाई हेरेर बसे। मैले यस ठाउँमा मुक्ति पाएँ भनी चिन्तन गर्ने ती मुनिले आफ्नू हृदयको अभिलाषा पूरा गरे ॥६४॥

कार्य-कारणको सिद्धान्तलाई जानेका तथा अनात्मवादको पद्धतिमा दृढ़तापूर्वक रहेका ती मुनिले महाकरुणाले युक्त भई जगत्को शान्तिका निंति आफ्नू बुद्धदृष्टिले हेरे ॥६५॥

ती मुनि जगत्लाई मिथ्या व्यवहारमा लागेको, व्यर्थप्रयास गर्ने धेरै कामवासनाले युक्त, पतित र मोक्षमार्गलाई अत्यन्त सूक्ष्म देखि अविचल भावमा रहने निश्चय गरे ॥६६॥

त्यसपछि उनले आफूले पहिले गरेको प्रतिज्ञा संझेर शान्तिको उपदेश दिने निश्चय गरे। उनको मनमा यहाँका मानिसमध्ये कसैमा धेरै काम-वासना र कसैमा थोरै काम-वासना किन भयो ? भन्ने विचार आयो ॥६७॥

त्यसपछि सुगतले शान्तिको उपदेश दिने निश्चय गरे। यो निश्चय जानेर स्वर्गवासी दुई प्रधान देवता जगत्को हितका खातिर त्यहाँ आई उनको नजीकमा गए ॥६८॥

पाप त्याग गरी आफ्नू लक्ष्य सिद्ध गरी उत्तम धर्मलाई असल साथी संझी ती मुनि बसेका थिए। ती दुवै देवताले संमानपूर्वक उनको स्तुति गरेर जगत्को हितका निंति यी वचन बोले ॥६९॥

अहो ! के संसार यो सौभाग्यको योग्य छैन ? जो कि तपाईंको चित्त जीवमा करुणाको अनुभव गरोस्। संसारमा नाना तरहका प्राणी छन। कसैमा काम-वासना धेरै छ, कसैमा कम छ ॥१००॥

हे मुनि ! तपाईं स्वयं आफू, जो भवसागरबाट पार हुनु भएको छ, अब तपाईं यस दुःखमा डुबेको जगत्को उद्धार गर्नुहोस्। जस्तो धनी साहू धन दान दिन्छ, त्यस्तै तपाईं पनि अरूलाई आफ्नू गुण दिनुहोस् ॥१०१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारका घेरैजसो मनुष्य इहलोक या परलोकमा आफ्नू मात्र हितको विचार गरी त्यसै काममा लाग्छन । जगत्को हितका निंति काम गर्ने मनुष्यता यो संसारमा त के कुरा, स्वर्गमा पनि दुर्लभ छ ॥१०२॥

यस्तो महर्षिलाई विन्ति चढाई ती प्रधानदेव जुन बाटोबाट आएका थिए, त्यसैतर्फ गए । ऋषिले पनि उनको कुरालाई योग्य ठानी जगत्को मुक्तिका निमित्त निश्चय गर्नु भो ॥१०३॥

भिक्षाटनको समयमा चारै दिशाका देवताहरुले ऋषिलाई भिक्षापात्र दिए । गौतमले त्यो भिक्षापात्र ग्रहण गरी धर्मका निंति चारैलाई एउटै बनाउनु भयो ॥१०४॥

त्यसबखत बाटामा जान लागेका फौजका दुई सेठले देवताबाट प्रेरणा पाई उदारचित्तले ऋषिको पूजा गरी पहिलो भिक्षा ऋषिलाई दिए ॥१०५॥

मुनिले, रामपुत्र अराड तथा उद्रक धर्मग्रहण गर्न योग्य थिए, तर ती दुवै स्वर्गवास भैसकेको जानी पाँच भिक्षुको संझना गर्नु भयो ॥१०६॥

त्यसपछि जस्तो उदाएको सूर्यले अन्धकार नाश गर्छ,त्यस्तै अज्ञानरूप अन्धकार नाश गर्न र शान्तिको उपदेश दिने इच्छाले गौतम मुनि भीमरथलाई प्यारो लाग्ने धन्य नगरी तर्फ जाने निश्चय गरे । जसको वन वाराणसीले शोभायमान थियो ॥१०७॥

मत्ता हात्तिको जस्तो गति भएका , साँडेको जस्तो आँखा भएका मुनिले मनुष्यहरुलाई शिक्षा दिनाका लागि काशी जाने निश्चय गरेकाले आफ्नू सबै शरीर घुमाई बोधिवृक्षमा आफ्नू निश्चल नेत्र स्थिर पार्नु भयो ॥१०८॥

* शेष चतुर्दश सर्ग समाप्त *

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्ध चरित्र

पन्ध्रौं सर्ग

धर्म—चक्र फैलाउनु, बुद्धको काशी—गमन

आफ्नू काम पूरा गरेपछि उनलाई शान्तिको शक्ति यति हुँदोरहेछ भन्ने ज्ञान भयो। उनी एक्लै थिए, तर पनि उनलाई मेरो साथमा धेरै मानिस आइरहेकाछन् जस्तो लाग्यो ! बाटामा उनलाई एक जना धर्मात्मा भिक्षुले देखेर हात जोडी भने ॥१॥

जुन पुरुष आसक्तिका अधीन छन्, इन्द्रियरूपी घोडा रोक्न सक्तैनन्, तिनीहरुका बीचमा तपाईं आसक्तिरहित र जितेन्द्रिय हुनुहुन्छ। चन्द्रमाको जस्तो तपाईंको आकृति भरखर उत्पन्न भएको मधुर रसद्वारा हृदयदेखि नै संतोष प्रकट गरिरहेको छ ॥२॥

तपाईंको गम्भीर आकृति तेजिलो छ। तपाईंले इन्द्रियहरु वश गर्नु भएको छ। तपाईंको आँखा बलियो साँढेको जस्तो छ। तपाईं अवश्य नै कृतार्थ हुनुहुन्छ। हे आर्य ! तपाईंका गुरु को हुन् ? तपाईंले कोबाट यो सिद्धि पाउनु भो ? ॥३॥

यस्तो सुनी उनले उत्तर दिए। मैले मान्नु पर्ने कुनै छैनन्। मेरा निंति निन्दनीय पनि कुनै छैनन्। मैले निर्वाण पाएको छु। म अरु जस्तो छैन। मलाई स्वयंभू भनी जान ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले त्यस वस्तुलाई राम्रोसँग संझेको छु। जुन वस्तु जान्न योग्य छ। जसलाई अरुले जानेको छैन। त्यसैले म बुद्ध हुँ। मैले दुःखलाई शत्रु झैं संझी जितेको छु। मलाई शान्तिमय स्वरूप संझ ॥५॥

हेबाबु ! ऐल्हे म अमर धर्मको बाजा बजाउन बनारस जाँदैछु। त्यसले मलाई कीर्तिसुख होला भनेर होइन, तथा अभिमानले पनि होइन। किनभने दुःखले पीडित साथीहरुको हित होला भन्ने आशाले हो ॥६॥

पहिले यस संसारका प्राणीहरुलाई दुःखी देखी, म आफू पार भएपछि यस् जगत्लाई पार लगाउने छु तथा आफू मुक्त भएपछि यहाँ भएका सबैलाई मुक्त गराउने छु भनी मैले प्रतिज्ञा गरेको थिएँ ॥७॥

यस संसारका केही मानिसहरु धन कमाई खालि आफ्नै निंतिमात्र राख्छन्। यो लज्जाको विषय हो। तर विशेष संपत्ति पाई नेत्र खुलेका महापुरुषहरु त्यही धनमात्र रुचाउँछन्, जुन धन अरुलाई वितरण गर्न सकिन्छ ॥८॥

पृथ्वीमा उभिएको मानिसले नदीको धारमा बग्न लागेको मानिस देखी त्यसलाई तान्ने उपाय गर्दैन भने त्यो वीर होइन। त्यस्तै संपत्ति भएको पुरुष गरीबहरुलाई दिदैन भने त्यो दाता पनि होइन ॥९॥

स्वस्थ (निरोगी) मनुष्यले सजिलो उपायद्वारा रोगले ग्रस्त भएका पुरुषको औषधी गर्नु पर्छ। बाटो देखेका पुरुषले कुमार्गमा जान लागेका पुरुषलाई उचित मार्ग देखाउनु पर्छ ॥१०॥

जस्तो बत्ती बलेपछि अन्धकार रहँदैन, त्यस्तै बुद्धले ज्ञानप्रदीप बालेपछि मनुष्य कामको वशीभूत हुँदैन ॥११॥

जस्तो काठमा अग्नि हुनु, आकाशमा हावा हुनु, पृथ्वीमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पानी हुनु नियत (स्वभावै) छ । त्यस्तै गयामा मुनिहरुलाई बुद्धत्व प्राप्ति हुनु र काशीमा उनको उपदेश हुनु पनि नियत छ ॥१२॥

त्यसपछि ती धर्मात्मा भिक्षुले बिस्तारै उनको प्रशंसा गरी बुद्धलाई छोडी इच्छानुसार आफ्नो बाटो लागे । तर बडो उत्कण्ठित भै आश्चर्यचकित नेत्रले उनलाई बारंबार हेर्दै रहे ॥१३॥

त्यसपछि मुनिले कोशगृहको भित्री भाग जस्तो काशीसह-हरलाई देखे । जसलाई भागीरथी र वाराणसीले एकै साथ मिली सखीहरुले आलिङ्गन गरे भैं आलिङ्गन गरेका छन् ॥१४॥

त्यसपछि शक्ति र गरिमाले उज्वल भएका ती मुनि सूर्य भैं चंकदै मृगदावमा गए, जहाँ कोइलीको ध्वनिले गुञ्जिएका वृक्षको मनि महर्षिहरु बस्दथे ॥१५॥

त्यसपछि त्यहाँ बसेका कौण्डिन्य, महानाम, वाष्प, अश्वजित् तथा भद्रजित् यी पाँच भिक्षुले टाढैबाट उनलाई देखी परस्परमा कुरा गरे ॥१६॥

भिक्षु गौतम यतैं नै आउँदैछन् । ती विश्राम खोजी तपस्या बाट विमुख भएका देखिन्छन् । हामीले उनलाई नमस्कार आदि र भेटघाट गर्नु हुँदैन । व्रतबाट विमुख भएको व्यक्ति सम्मा नको योग्य हुँदैन ॥१७॥

यदि उ पहिले बोल्न आयो भने हामी पनि अवश्य बोलौं, किनभने अतिथिको सत्कार गर्नु आर्यको धर्म हो । अतिथिको चरित्र जस्तोसुकै होस् ॥१८॥

यस्तो निश्चय गरेर बसे, तापनि मुनि आफूतिर नै आउन लागेको देखी बिस्तार बिस्तार उनीहरुले आफ्नू निश्चयलाई शिथिल गर्दै लगे ॥१९॥

ती मध्ये एउटाले मुनिको वस्त्र बोके, अर्काले हात जोडेर भिक्षापात्र समाते, तेस्रोले योग्य आसन दिए, बाँकी दुईले मुनिको पाउ धुन जल टक्याए ॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी उनीहरुले अनेक प्रकारले उनको सेवा गरी (उनी-सँग) गुरु भैं व्यवहार गरे । तर उनको गोत्र नाम लिई बोलाउन भने छोडेनन् र भगवान्‌ले करुणापूर्वक उनलाई भने ॥२१॥

हे भिक्षुहो ! पूज्य अर्हन्‌संग पहिलेको जस्तो गरी असम्मान पूर्वक नबोल । यद्यपि म प्रशंसा र निन्दाबाट उदासीन छु, तर पनि तिमीहरुलाई पापबाट रक्षा गर्ने इच्छा गर्छु ॥२२॥

जगत्को हितकामना गरी बुद्धले शाश्वत बोध प्राप्त गर्छ । उ सबै जीवको हितकामनामा रत हुन्छ । आफ्नू गुरुको नाम लिई बोलाउनाले धर्म उच्छिन्न हुन्छ । जस्तो आमा-बाबुको तिरस्कार गर्नाले सन्तानको धर्म क्षय हुन्छ ॥२३॥

यसरी वक्तामा श्रेष्ठ महर्षिले करुणापूर्ण चित्तले उनलाई सारगर्भित उपदेश दिए, तर मोहलेगर्दा उनले त्यो उपदेश ग्रहण गरेनन् र भन्न लागे ॥२४॥

हेगौतम ! तिमीले परम उत्कृष्ट तपस्याद्वारा तत्वलाई जानेका छैनौ । यद्यपि कष्ट गरेर नै लक्ष्य प्राप्त हुन्छ, तर पनि तिमी आरामप्रिय छौ । मैले तत्त्व जानें भनी कसरी भन्न सक्छौ ? ॥२५॥

जब भिक्षुहरूले तथागतको बारेमा यस्तो अविश्वास प्रकट गरे । तब ती मार्गदर्शी बुद्धले ज्ञानमार्ग र तपोमार्ग फरक हो भनी उनलाई यसरी व्याख्या गरे ॥२६॥

आफूलाई दुःख दिने अज्ञानी र इन्द्रियका विषयमा आसक्त रहनेलाई दोषी हुन् भनी तिमीहरूले जान्नु पर्दछ, किनभने तिनीहरूले ग्रहण गरेको मार्गद्वारा अमृतपद प्राप्त हुँदैन ॥२७॥

अज्ञानी पुरुषको शरीर हठधर्म र तपस्याद्वारा क्षीण हुन्छ । चित्त मोहित हुन्छ । त्यो चित्तले व्यवहारको काम पनि हुँदैन भने, तत्त्वको के कुरा ? ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशको इच्छा गर्ने पुरुष पानीले अन्धकारलाई सेचन गर्ने व्यर्थ प्रयास गर्दैन। ज्ञानद्वारा नष्ट हुने अज्ञान शारीरिक क्रियाद्वारा नष्ट हुन सक्तैन ॥२६॥

जस्तो आगो लिन इच्छा गर्ने पुरुषले काठलाई चिरेर या त्यसलाई प्वाल पारेर आगो पाउँदैन, उचित उपाय गर्नाले नै सफल हुन्छ, त्यस्तै योगद्वारा अमरत्व पद प्राप्त हुन्छ। शारीरिक क्लेशद्वारा हुन सक्दैन ॥३०॥

कामासक्त पुरुषको चित्त सर्वदा रजोगुण र तमोगुणले ढाकिएको हुन्छ। अतः ती निरोधद्वारा प्राप्त हुने पद सन्मार्गमा लाग्न सक्दैनन् ॥३१॥

जस्तै कुपथ सेवन गर्ने रोगीको रोग छुट्दैन, त्यस्तै भोगासक्त मनुष्यको अज्ञानरूप रोग छुटदैन। अतः ले शान्ति पाउन सक्तैन ॥३२॥

जस्तो हावा लागेको समयमा सुकेका झारपातमा लागेको आगो शान्त हुँदैन। त्यस्तै रागको साथ र कामको आश्रय पाएको चित्त पनि शान्त हुँदैन ॥३३॥

अब मैले तपस्याको अन्त र भोगको अन्तलाई छोडी तेस्रो मार्ग लिएको छु। जसलाई मध्यम मार्ग भन्दछन्। जसले दुःखको अन्त गरी प्रीतिसुखभन्दा पर लैजान्छ ॥३४॥

सम्यग् दृष्टिरूपी सूर्यले यसलाई प्रकाश परेको छ। सम्यक् संकल्परूपी रथ यसमा हिँड्दछ। ठीकसँग बोलिएको सम्यक् वाणी यसको विश्रामस्थल हो। यो सम्यक् कर्मान्त (सदाचार) रूपी उपवनले प्रसन्न (उज्वल) छ ॥३५॥

यो (मध्यम मार्ग) सम्यक आजीविका रूपी सुभिक्षा (सुलभ भिक्षा) को उपभोग गर्दछ, सम्यक व्यायाम (प्रयत्न) रूपी सेनाले युक्त छ। सम्यक् स्मृति (सावधानी) रूपी किल्ला-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बन्दीले सबैतर्फ सुरक्षित छ । सम्यक् समाधि (मानसिक एकाग्रता) रूपी आसनले सुसज्जित छ ॥३६॥

संसारमा यही नै परमोत्तम अष्टांगिक मार्ग हो । जसले गर्दा मृत्यु बुढ्याई तथा रोगबाट मुक्ति पाइन्छ ॥३७॥

दुःख, दुःखको उद्गमस्थान, दुःखको निरोध, दुःखनिरोधको उपाय, यी सबैको ज्ञान निर्वाण प्राप्तिका कारण छन्, जो मैले आफ्नै आँखाले देखेको छु ॥३८॥

जन्म, बुढ्याई, रोग, मरण, इष्ट-वियोग, अनिष्ट-संयोग, र इच्छा गरेका वस्तुको अप्राप्ति आदि विविध दुःखले यस ससारमा मनुष्यहरु दुःखी छन् ॥३९॥

मनुष्य काम-वासनाको अधीन होस् या नहोस्, शरीर धारण गरेको होस् या नहोस्, यदि कुनै गुण उसमा छैन भने त्यो दुखी हो भनी जान ॥४०॥

जस्तो ज्वाला शान्त भए पनि अग्निका सोना कणहरुले आफ्नो उष्ण स्वभावलाई छोड्दैनन् । त्यस्तै शान्ति आदि उपायले अति सूक्ष्म भए पनि अहंभाव दुःखदायी नै हुन्छ ॥४१॥

जस्तो भूमि, जल, बीज, ऋतु अंकुरका कारण-स्वरूप छन्, त्यस्तै काम र राग आदि दोषद्वारा हुने कर्म पनि दुःखका कारण हुन् ॥४२॥

स्वर्गमा या तलका लोकमा यो भवप्रवाह हुनाको कारण काम र राग आदि दोष-समूह नै हुन्, त्यस्तै इहलोक र परलोकमा पनि नीच, मध्य र उच्च आदि भेदको मूलकारण कर्म नै हो ॥४३॥

दोषको क्षय भएमा यो भवचक्र आफैं रोकिन्छ । एवं कर्मक्षय भएमा दुःखको अवश्य नै नाश हुन्छ । बीज नभएपछि अंकुर कहाँबाट पैदा होला ? ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसमा जन्म, जरा,मरण हुँदैन। जो अग्नि, पृथ्वी, जल, आँकाश, वायु पनि व्हैन। जो अनादि, अनन्त, अहार्य, आर्य, सुख, अविनाशी अक्षरपद छ, त्यसैलाई निरोध भनी जान ॥४५॥

अष्टाङ्गिक मार्ग नै साँचो मार्ग हो, जसलाई छोडेर लक्ष्य-प्राप्ति गर्ने अर्को उपाय छैन। यो मार्ग नदेखेका मानिसहरु अरु अरु बाटामा त्यसै भौँतारिन्छन् ॥४६॥

मनुष्यले दुःखलाई जान्नुपर्दछ तथा दुःखको कारणलाई त्याग्नु पर्छ। निरोध (उत्पत्तिस्थान) को अनुभव गर्नु पर्छ साधनमा प्रयत्न गर्नु पर्छ ॥४७॥

जब मलाई ज्ञानात्मक दृष्टि विकसित भयो, तब मैले दुःखलाई जानें। त्यसको कारणलाई छोडें, निरोधको (उद्गमस्थान) अनुभव गरेँ तथा मार्गको साधना गरें ॥४८॥

जबसम्म मैले यी आर्य-सत्यका चार अवस्था जानेको थिइनँ, तबसम्म यस जगत्मा मुक्त हुने प्रतिज्ञा गर्न सकेको थिइनँ, तथा आफ्नू लक्ष्यप्राप्तिको अनुभव पनि गरेको थिइनँ ॥४९॥

जब मैले यी आर्यसत्यलाई देखें र यिनको राम्रो आचरण गरें, तबमात्र मलाई लक्ष्य प्राप्त गरेको र मुक्त भएको अनुभव भयो ॥५०॥

यसरी करुणापूर्ण ऋषिको मुखबाट धर्मयुक्त वाणी सुनेका कौण्डिन्य आदि ऋषि र सय देवताले दिव्य ज्ञानदृष्टि पाए ॥५१॥

त्यसपछि ज्ञानवान् मुनिले साँढेको जस्तो उच्च स्वरले तपाईंहरूलाई ज्ञान प्राप्त भो भनी सोधे। अनि ती महात्माहरूले हामीले उत्तम ज्ञान पायौं भनी उत्तर दिए ॥५२॥

तिनीहरूमध्ये सर्वप्रथम कौण्डिन्यले नै मैले जानेँ भनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विन्ती चढाए। उनी सबै भिक्षुहरूमध्ये प्रधान धर्मवेत्ता भए ॥५३॥

त्यसबखत पर्वतमा बसेका यक्षहरूले सिंहनाद गर्दै मुनिले जनसुखका निंति धर्मचक्र प्रवर्तन गरे भनी घोषणा गरे ॥५४॥

यस अपूर्व धर्मचक्रको शील रूपी किलो छ। शम र विनयरूपी नेमी (पुट्ठा) छ। बुद्धि र स्मृतिरूपी चक्काले सुशोभित छ। लज्जारूपी नाभि छ। सत्य र अहिंसा रूपी धुरोले युक्त तीनै लोकमा अनिवार्य गति भएको यो धर्म-शंकटलाई अरु शास्त्रद्वारा पल्टाउन सकिंदैन। यसैमा चढेर संसारले शान्ति पाउँछ ॥५५॥

पर्वतमा बसेका यक्षहरूको यस्तो घोषणा स्वर्गमा देवताहरूले सुने। यसरी माथि माथि हुँदै गएको यो उद्घोष ब्रह्मलोकसम्म पुग्यो ॥५६॥

देवताहरूले पनि तीनै लोक अनित्य रहेछ भन्ने जानी विषयबाट विमुख भै अक्षय सुख पाए ॥५७॥

जब स्वर्ग, मर्त्य, पाताल, यी तीनै लोकमा यो शुभ्र धर्मचक्र सुख शान्तिका लागि घुम्नलाग्यो, तब पृथ्वीका दशै दिशामा रहेका मनुष्यहरु देवताहरु र अरु सबै प्राणिसमूहले फूलको वर्षा गरी ती सब नाच्न गाउन लागे ॥५८॥

❀ पन्ध्रौं सर्ग समाप्त ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

सोह्रौं सर्ग

शिष्यहरूलाई दीक्षा दिनु

त्यसपछि ती ऋषिले निर्वाण नामको त्यस धर्मको अश्वजित् आदि संयमी मुनिहरूलाई दीक्षा दिए ॥१॥

ताराहरूका बीचमा चन्द्रमा प्रकाशमान भए झैं ती तथागत पनि आफ्नो महिमाले नै पाँच भिक्षुहरूको बीचमा लोक-प्रसिद्ध भै शोभा पाए ॥२॥

कुनै समय 'यश' नामक कुलपुत्रको चित्तमा, सुतेका केही स्त्रीहरूको शरीरमा कपडा नदेखी क्षोभ उत्पन्न भयो ॥३॥

अहो ! यी कति सुन्दरी रहिछन् भनी बारंबार भन्दै गहनाले भरपूर भएका ती यज्ञ स्थिरचित्त भएका बुद्धकहाँ गए ॥४॥

मनुष्यहरूको दोष र अभिप्रायलाई संझने ती तथागत बुद्धले यशलाई मोक्ष हुन कुनै समयको आवश्यकता छैन, त्यसैले तिमी अहिले नै सुगतभाव र बुद्धभावमा आऊ भने ॥५॥

चारैतिर कीर्ति फैलिएका गौतम बुद्धको यस्तो वचन सुनी ती कुलपुत्रले पनि घामले तातेको पुरुषले नदीको जलधारा भेटे झैं शान्ति पाए ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती कुलपुत्र गृहस्थ थिए, तापनि पहिलेदेखिको अभ्यासले गर्दा चाँडै नै शरीरले अर्हत र मनले बुद्धत्व प्राप्त गरे ॥७॥

जस्तो धोएको सेतो कपडा जुन रङ्गमा हाले पनि चाँडो रङ्गिन्छ, त्यस्तै यी कुलपुत्र यशले पनि सुनेर यो सध्दर्म सहर्ष ग्रहण गरे ॥८॥

बोल्नामा सिपालु बुद्धले जान्नु पर्ने कुरा जानेका कृतार्थ, आफ्नू वेशभूषा (पहिरन) देखी आफैँ लज्जित भएका कुलपुत्र यशलाई भने ॥९॥

कोही गहनाहरु लगाएको होस् वा कोही शिर मुण्डन गरेको होस्, तापनि जो समदर्शी र जितेन्द्रिय छभने त्यही नै धर्मयोग्य पुरुष हो। शिखा,सूत्र, तिलक आदि धर्मका कारण होइनन् ॥१०॥

जुन पुरुष शरीरले घर छोडी वनमा बसेर पनि इन्द्रियका भोगसामग्रीको स्मरण पार्दछ, (त्यसलाई) गृहस्थ नै भने पनि हुन्छ ॥११॥

जुन पुरुष शरीरले घर नछोडेर पनि मोहलाई जिती मनले इन्द्रियहरु वश गर्दछ, त्यो बुद्धिमान् पुरुष घरमा बसे पनि वनस्थ नै कहिन्छ ॥१२॥

यसरी ईर्ष्या आदिको त्याग गरी सिद्धि प्राप्त गरेका भिक्षु जुनसुकै आश्रममा बसे पनि मुक्त भएको नै भनिन्छ ॥१३॥

जसरी राजा शत्रु-सेनालाई जित्ने इच्छाले कवच धारण गर्दछन्, त्यस्तै दोषरूपी सेना जित्ने इच्छाले भिक्षुहरु त्यो वेष धारण गर्दछन् ॥१४॥

त्यसपछि महर्षि गौतमले 'हे भिक्षु ! यहाँ आऊ' भनेको सुनी ती कुलपुत्र यश गृहस्थ-वेषमा नै त्यहाँ गए ॥१५॥

उनीसँग प्रेम गर्ने र उनको अनुकरण गर्ने ५४ (चौवन्न) जना व्यक्ति पनि उनको साथसाथै युद्धद्वारा सद्धर्ममा दीक्षित भए ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो सोडा परेको वस्त्र (कपडा) धोएपछि स्वच्छ हुन्छ, त्यस्तै पहिलेको पुण्यले पवित्र भएका ती पुरुष सत्सङ्गले गर्दा स्वच्छ भए ॥१७॥

शिष्यहरुमध्ये अर्हत प्राप्त गरेका आठ शिष्यका प्रथम दलले राम्रोसंग पूजा गरिएको अर्हत्मा श्रेष्ठ गौतमले भने ॥१८॥

हे भिक्षु हो ! अवश्य नै तिमीहरु सबै कृतार्थ छौ र दुःखबाट टाढा छौ। अब तिमीहरु आज पनि दुःखी रहेका पुरुषहरुको सहायता गर !

॥१९॥

अब तिमीहरू सबै संपूर्ण संसारमा घुम र दया-भाव राखी संपूर्ण दीनहीन पुरुषलाई उपदेश गर। म पनि सिद्धिको अभिमानले मदमत्त भएका काश्यपहरुलाई नम्र बनाउन राजर्षिहरुको निवासभूमि गयामा आजै जान्छु ॥२०-२१॥

त्यसपछि गौतमको आज्ञा पाएका ती तत्त्वज्ञानी भिक्षुक-हरू त्यहाँबाट हिंडे। गौतम निश्चिन्त भएर गयातर्फ लागे ॥२२॥

जाँदा जाँदा तपोवनमा पुगेका बुद्धले त्यहाँ बसेका तपस्याका मूर्तिजस्ता मुनिश्रेष्ठ काश्यपलाई देखे ॥२३॥

पहाड अथवा उपवन, जहाँ पनि बस्न सक्ने ती संयमी गौतमले काश्यपसँग बस्नाका निंति स्थानको याचना गरे ॥२४॥

काश्यपले ईर्ष्यावश गौतमलाई मार्ने इच्छा राखी अग्नि-शालामा बस्ने ठाउँ दिए, जहाँ एउटा ठूलो सर्प थियो ॥२५॥

त्यस महासर्पले, निर्भय, अक्षुब्ध भावमा शान्त भै बसेका मुनिलाई देखी क्रोधले विष उकेल्यो ॥२६॥

क्रोधमय त्यस विषको अग्निले अग्निशाला बल्न थाल्यो, तर डराएका ती अग्निले महात्माको स्पर्शसम्म पनि गरेनन् ॥२७॥

जस्तो कल्पको अन्तमा सारा संसार नष्ट भए पनि ब्रह्मा रहन्छन्, त्यस्तै त्यो अग्निशाला बले पनि आफ्नू तपस्याको बलले गौतमलाई केही भएन ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस महासर्पले मुनिलाई कतै पनि विषको आगोले नपो-लेको, शान्त, निर्भय भएर बसेको देखी आश्चर्य मानी प्रणाम गऱ्यो ॥२६॥

भिक्षुलाई आगोले खायो भन्ने संझी दयाले आँखा भरी आँसु पारेका आश्रमवासीहरू कोलाहल शब्द गर्न लागे ॥३०॥

बिहान सबेरै गौतमले आफ्नू भिक्षापात्रमा त्यही महा-सर्पलाई राखी शान्तिपूर्वक केही हाँसी काश्यपलाई देखाए ॥३१॥

काश्यपले ती तपस्वी गौतमको ठूलो आश्चर्यमय प्रभाव देखे, तापनि यस संसारमा आफूभन्दा ठूलो कसैलाई देखेनन् ॥३२॥

त्यसपछि दयावान् बुद्धले उनको विचारलाई जानेर अनेक उपायद्वारा उनका हृदयको कालुष्य हटाए ॥३३॥

त्यसपछि काश्यपले बुद्धलाई आफूभन्दा श्रेष्ठ ठानी उनको प्रभावद्वारा महिमाले तिरस्कृत भै आफ्नू मन बुद्धधर्मतिर फर्काए ॥३४॥

त्यस बखत गय-काश्यपको बुद्धि परिवर्तन भएको देखी औरूविल्वले पनि आफ्ना ५०० शिष्यका साथै बुद्ध धर्म ग्रहण गरे ॥३५॥

गय-काश्यप र औरूविल्व काश्यपले दुःखसागर पार गरे। उनीहरू वल्कल-वस्त्रपर्यन्त पनि त्याग गरी शिष्य-हरूका साथ घुम्न थाले ॥३६॥

गय-काश्यप र नदीकाश्यप नाम भएका काश्यपका भाइ-हरू पनि आफ्ना दाजू सन्मार्गमा लागेको देखी उनैको पछि पछि लागे ॥३७॥

त्यसपछि गयशीर्ष नाम भएको पहाडमा आफ्ना शिष्य-हरूसहित ती तीन जना काश्यपलाई पाई तत्त्वदर्शी सुगतले राम्रोसँग निर्वाणको उपदेश गरे ॥३८॥

यो संसार वितर्करूपी दाउराबाट उत्पन्न भएको, मोह-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपी धूवाँले ढाकिएको द्वेषरूपी अग्निले विवशपूर्वक जलि-रहेको छ ॥३६॥

शान्ति, ज्ञान, तथा नेता नपाई, बुढ्याई, मृत्यु र रोग-द्वारा पीडित यो ससार बारंबार नष्ट हुन्छ ॥४०॥

अनेक प्रकारको दुःखरूपी अग्निमा जल्न लागेको यस संसारलाई देखी ज्ञानीहरूको शरीरमा निर्मल संवेग उत्पन्न हुन्छ ॥४१॥

चित्त जित्ने व्यक्तिलाई संवेगबाट निरीहता हुन्छ । निरीहताबाट मुक्ति हुन्छ । अनि म मुक्त हूँ भनी मान्न थाल्दछ ॥४२॥

त्यसपछि संसारको प्रवाह देखेर आनन्दपूर्वक संन्यास लिन्छ । जन्मेको काम पूर्ण गर्ने त्यस व्यक्तिको फेरि जन्म हुँदैन ॥४३॥

यस्तो उत्तम ज्ञान सुनेका ती हजारौं भिक्षुहरु ज्ञानद्वारा संपूर्ण पाप पखाली आनन्दमा मग्न भए ॥४४॥

ती तीन महाविद्वान् काश्यपबन्धुले घेरिएका ती मुनि गौतम, स्वर्गमा शील, दान, संमानले घेरिएका धर्मराज झैं शोभा पाए ॥४५॥

ती सबै जना त्यहाँबाट गएपछि त्यो ठाउँ, धन, धर्म र सुखले रहित मनुष्यको जन्म झैं अत्यन्त निस्तेज भयो ॥४६॥

पहिले मगधदेशका राजालाई आफूले गरेको प्रतिज्ञा संझी बद्धदेव काश्यपहरुलाई साथमा ली चाँडै नै राजगृह (मगधदेशको राजधानी) मा गए ॥४७॥

बुद्ध वेणुवनमा आउनुभएको समाचार सुनी अत्यन्त प्रसन्न भएका मगधदेशका राजा, मन्त्रीहरु र नगरवासीहरुलाई साथै ली दर्शन गर्न हिंडे ॥४८॥

राजाका साथसाथै हात्ती, घोडा, रथमा चढेका, बुद्धदेवको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शन गर्न उत्सुक मन भएका मानिसहरु पहाडी बाटोबाट चाँडै चाँडै हिंडे ॥४६॥

मगधराज टाढादेखि नै मुनिवरलाई देखेर आदर-खातिर मन्त्रीहरुसहित चाँडै नै रथबाट ओर्लिए ॥५०॥

सेवकहरुले चमर र पङ्खा त्याग गरेका राजा नम्र भएर ब्रम्हाकहाँ इन्द्र गए जस्तै गरी मुनि भएका ठाँउमा गए ॥५१॥

राजा श्रीपेच लगाएको शिरले मुनिको चरण स्पर्श गरी दण्डवत गरेर उनको आज्ञा पाई झारले ढाकिएको भूमिमा बसे ॥५२॥

अहो ! यी बुद्धदेवको ठूलो प्रभाव छ, काश्यप पनि यिनको चेला बने भनी त्यहाँ आएका मानिसहरुले परस्परमा कुराकानी गरे ॥५३॥

तिनीहरुको अभिप्राय बुझेका बुद्धले तिमीले कुन कुराको विचार गरी अग्निको पूजा गर्न छोड्यौ भनी काश्यपसँग सोधे ॥५४॥

सभामा गुरुद्वारा मेघजस्तो गम्भीर बाणीले सोधिएका काश्यप हात जोडी नम्रताको साथ उच्चस्वरमा भन्न लागे ॥५५॥

अग्निको पूजा गर्नाले र आहुति दिनाले फेरि पनि यस संसारमा जन्म लिने प्रवृत्ति र शारीरिक तथा मानसिक पीडा भइरहन्छ भनी विचार गरेकोले मैले अग्निपूजा त्याग गरेको हुँ ॥५६॥

अग्निपूजा गर्दा र आहुति दिंदा मन्त्रोच्चारणका साथै कामना पनि विद्यमान हुन्छ । पछि ती कामनाहरु बढ्दै जान्छन् । त्यसैले मैले अग्निपूजा त्याग गरेको हुँ ॥५७॥

मन्त्रोच्चारणपूर्वक अग्निमा आहुति दिनाले मनुष्यको जन्म-बन्धनबाट मुक्ति हुंदैन । जन्म हुनु नै ठूलो दुःख हो । हे मुनि ! त्यसैले मैले यो पूजाकर्म छोडेको हुं ॥५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञ, कर्म, तथा तपस्याले कल्याणको प्राप्ति हुन्छ भन्ने विश्वास गर्नु झूठो हो। त्यसैले मैले यो पूजा-कर्म त्याग गरेको हुँ ॥५९॥

म जन्म, मृत्यु, तथा वृद्धावस्थाबाट मुक्त भई अव्यय, अक्षर तथा उपादान (कारण) लाई जान्दछु। त्यसैले (अग्नि) पूजा त्याग गरेको हुँ ॥६०॥

व्रतमा दीक्षा लिने ती नम्रशिष्य काश्यपको यस्तो हितकारी र श्रद्धायुक्त वचन सुनी बुद्धले भने ॥६१॥

हे महाभाग काश्यप ! तिमी विजयी होऊ। तिमीले धर्म मध्येको उत्तम धर्म पायौ। अर्थात् कुनै पनि शङ्का नभएको कल्याणदायी वस्तुको सम्पादन गऱ्यौ ॥६२॥

धनी व्यक्ति जसरी आफ्नू ऐश्वर्य देखाएर अरुलाई आश्चर्य पार्दछन्, त्यसरी नै तिमी पनि आफ्नू दिव्यशक्ति-द्वारा यस सभालाई उत्कण्ठित पार ॥६३॥

उनले आज्ञा शिरोपर गरी आफूमा आफ्नो संकोच गरी अर्थात् सानो भई आकाशमा पक्षी उडे झैं गरी हावामा उडे ॥६४॥

सिद्धि प्राप्त गर्नमा चतुरा ती काश्यप रुखको हाँगामा बसे झैं गरी आकाशमा अडे र पलङ्गमा सुते झैं सुते, तथा पृथ्वीमा हिंडे झैं हिंड्नलागे ॥६५॥

ती (काश्यप) अग्नि झैं बल्न लागे, कहीं मेघ झैं बर्सन लागे। कहीं कहीं ता एकै साथ बल्न र बर्सन थाले ॥६६॥

एकै साथ बल्न, बर्सन, तथा लामो भै जान लागेका ती काश्यपले वर्षाकालमा बिजुलीको चमकद्वारा मेघले शोभा पाए झैं शोभा पाए ॥६७॥

उनको यस्तो चमत्कारले संतुष्ट भएका र उनलाई हेर्न उत्कण्ठित भएका ती मगधनिवासीहरु मेघ झैं गम्भीर शब्द गर्ने उनलाई प्रणाम गर्न लागे ॥६८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि ऋद्धिहरुको वैभवलाई जितेका ती काश्यपले शिर झुकाई यो सबै चमत्कार गर्ने म हजूरको शिष्य हुं, हजूर मेरो गुरु हुनुहुन्छ भने ॥६६॥

शिर निहुराई प्रणाम गर्न लागेका काश्यपलाई देखी मगध वासीहरुलाई निश्चय भयो र बुद्ध नै सर्वज्ञ रहेछन् भनी परस्परमा कुरा गर्न लागे ॥७०॥

त्यसपछि कल्याणको आराम उपवन-स्वरूप र बुद्धले यो ज्ञान दिन-योग्य स्थल (ठाउँ) छ भन्ने जानी ती जिज्ञासु-श्रेणी (विम्बसार-मगधराज) लाई हितकारी वचन भने ॥७१॥

हे जितेन्द्रिय महाराज! विषयको उदय र अस्त चित्त र इन्द्रियहरुका साथ सदा भइ नै रहन्छन् ॥७२॥

हे बाबु! यी दुवै उदय अस्त धर्मका वृद्धिका निंति हो भनी बुझ्नु पर्छ र शरीरको स्थिति पनि रास्रोसँग जान्नु पर्छ ॥७३॥

शरीर र इन्द्रियहरु मनका कल्पना हुन्, यथार्थमा छैनन्। यी दुःख उत्पन्न गराई संताप गराउँछन् र विलीन हुन्छन् ॥७४॥

यो देखिइरहेको जगत् मेरो होइन र म पनि होइन भनी जसले जान्यो, त्यसैलाई अक्षय, अव्यय, निर्मल निर्वाणपद प्राप्त हुन्छ ॥७५॥

हे बाबु! आत्मा छ भन्ने मत भएको पुरुष मिथ्यादृष्टि भएको हो। बुद्धिमान् पुरुषहरु आत्मा छैन भन्ने मतलाई नै रास्रो विचार हो भनी ठान्दछन् ॥७६॥

मिथ्यादृष्टिले बन्धनमा पार्दछ। सम्यक्-दृष्टिले मुक्त पार्दछ। आत्मालाई मान्ने पुरुषद्वारा कहिले पनि सत्यको प्राप्ति हुँदैन ॥७७॥

यदि आत्मा छ भनूँ भने पनि त्यो नित्य छ या अनित्य छ? यी दुवै मतमा ठूला ठूला दोषहरु देखा पर्छन् ॥७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि आत्मा अनित्य छ भने कर्मफल हुनेछैन र पुनर्जन्म पनि हुनेछैन । निर्वाण मुक्ति ता निश्चित नै छ ॥७६॥

यदि आत्मालाई नित्य मानेमा पनि जन्म मरण हुने छैन । व्यापक, नित्य, शून्य आत्माको उदय तथा अस्त कसरी संभव हुन्छ ? ॥८०॥

यो आत्मा स्वभावले नै सर्वव्यापक मानेमा यो नभएको स्थान कुनै हुनेछैन । जब यसको अस्त होला, यसको साथ साथै सबैको अन्त हुनु पनि छ ॥८१॥

यदि यसलाई स्वभावैले सर्वव्यापक मानेमा कर्मशील कसरी हुन सक्छ ? । कर्म नभएमा कर्मबाट उत्पन्न हुने कर्म-फलको संयोग कसरी हुन सक्ला ? ॥८२॥

यदि आत्मा नै कर्मको कर्ता हो भने त्यो दुःख--भागी कसरी हुन सक्छ ? स्वयं कर्मको मालिक भएर आँफैलाई दुःख हुने काम कसरी गर्न सक्ला ? ॥८३॥

नित्य हुनाले आत्मा परिवर्तनशील छैन भनूँ भने पनि सुख-दुखःको स्पर्श हुँदा यसमा परिवर्तन भएको देखिन्छ ॥८४॥

संसारमा दोषको त्याग तथा ज्ञानको प्राप्तिले निर्वाण हुन्छ भने सर्वव्यापक एवं कर्म नगर्ने आत्माको कसरी निर्वाण हुनसक्छ ॥८५॥

त्यसकारण कुनै प्रकारले पनि आत्माको अस्तित्व स्वीकार गर्नु उचित हुँदैन । जुन मानिस बताइएका घेरै कारण--द्वारा आत्माको अस्तित्व स्वीकार गर्दछन्, त्यो सत्य छैन ॥८६॥

कर्तव्य के हो ? र कर्ता को हो ? यो यथार्थ छैन । नित्य के हो ? अनित्य के हो ? यो पनि स्पष्ट छैन ! त्यसैले न आत्मा छ ! न आत्माको अस्तित्व छ ॥८७॥

ज्ञान-वृद्धिका निंति परम गुह्यज्ञान सुन ! सुन्न इच्छा गर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूलाई म असल कुरा भन्दछु । जसलाई जानेर अशुभबाट मुक्त हुनेछौ ॥८८॥

जसमा न कुनै आदेश दिने छ । न कर्ता छ, न वेदनाको अनुभव गर्नेछ । त्यही नै यस शरीरलाई धारण गरी संसारमा प्रवृत्त भएको छ । जसरी यो संसार प्रवृत्त भएको छ, त्यो सुन ॥८९॥

छ इन्द्रियको, छ विषयकासाथ र छ प्रकारको संयोगले चेतनाको उत्पत्ति हुन्छ । हे बाबु त्यही चेतनाबाट वेदनाको जन्म हुन्छ ॥९०॥

हे बाबु! यी तीन समूहको सम्बन्धमा (इन्द्रिय, विषय, संयोग) पृथक् पृथक् स्पर्शद्वारा इच्छा, कर्म र स्मृतिको प्रवृत्ति हुन्छ ॥९१॥

जस्तो सूर्यकान्त मणिमा सूर्य र दाउराको संयोग हुँदा अग्नि प्रकट हुन्छ, त्यस्तै विषय, बुद्धि र इन्द्रियको संयोगले चेतनाको जन्म हुन्छ ॥९२॥

जस्तो बीजबाट उत्पन्न हुने अङ्कुर बीजभन्दा भिन्न र अभिन्न पनि छ । त्यस्तै शरीर, इन्द्रिय र चेतनाको सम्बन्ध एकबाट अर्कोसँग भिन्न र अभिन्न पनि छ ॥९३॥

मगधराज बिम्बसारले चन्द्रमाको कान्तिले सुशोभित भएको मुनिको सुन्दर मुखबाट यस्तो अद्भुत परमार्थदायी सरस ज्ञानरूपी अमृत पान गरेर आफ्नू पाप पखाली शुद्ध मन गरी दिव्य, शोक-मोहरहित श्रद्धाले परिपूर्ण धर्मदृष्टि प्राप्त गरे ॥९४॥

त्यहाँ आएका मगध-देशवासी र दिव्य स्वर्गलोकका निवासीहरुले पनि मुनिको ज्ञानले पूर्ण भएको उपदेश सुनी चाँडै नै विनम्रभावले अखण्डपद प्राप्त गरे ॥९५॥

सोह्रौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

सत्रौं सर्ग

महाशिष्यहरूको संन्यास

राजा विम्बसारले बुद्धलाई वेणुवनमा बस्नुहुन निवेदन गरी वहाँको उपदेशले शान्तचित्त भै वहाँबाट आज्ञा पाई हिंडे ॥१॥

मुक्ति दिने ती बुध्द ज्ञानरूपी बत्ती लिएर वेणुवनको विहारमा आर्यजनहरूका साथ देवताहरूका साथमा ब्रह्मा बसे झैं बस्नथाले ॥२॥

अश्वजित् नामका एक भिक्षुका निंति सहरमा गए। उनले आफ्नू शान्ति तथा कान्तिको प्रभावले मनुष्यहरूलाई आकृष्ट पारे ॥३॥

शारद्वतीका छोरा, ठूलो प्रभाव भएका, एक संन्यासी कापिलेयले आफ्ना धेरै शिष्यका साथ बाटामा जान लागेका ती अश्वजित्लाई देखी भने ॥४॥

हे बाबु ! हे मानद ! तिम्रो यो नयाँ वेष देखी मेरो मन आश्चर्य-चकित छ। तिम्रा गुरु को हुन् ? उनको शिक्षा के छ ? त्यो सबै मलाई बताऊ ॥५॥

यस्तो प्रश्न सुनी अश्वजित्ले भने, इक्ष्वाकु-वंशमा जन्मलिएका सर्वज्ञ, अद्वितीय, सुगत बुद्ध मेरा गुरु हुन् ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे विद्वान् ! म अज्ञानी छु र अहिलेमात्र धर्मको शरणमा आएको हुँ । त्यसैले म बुद्धको शिक्षा बताउन असमर्थ छु, तापनि संक्षेपमा केही भन्दछु, सुन्नुहोस् ॥७॥

ती परम ऋषिले सबै धर्महरू कारणबाट उत्पन्न हुन्छन् भनी भन्नुभो र वहाँले त्यसको निरोध र निरोध मार्गको पनि व्याख्या गर्नु भो ॥८॥

यो कुरा सुनी अतिव्य नामका ती ब्राह्मणको आँखा धर्म-विषयमा खुल्यो। उनको अन्तःकरण शुद्ध र निर्दोष भयो ।९॥

अकर्ता र अभोक्ता भएको कुनै क्षेत्रज्ञ नै ईश्वर हो, प्रकृति नै सबै गर्दछ, सबै वस्तु-परिणामबाट हुन्छ ॥१०॥

उनको यस्तो मत छ भन्ने कुरा ती ब्राह्मणलाई पहिले नै ज्ञान थियो, तर उनले अब यथार्थमा आत्मा छैन भन्ने कुरा पनि जाने ॥११॥

सांख्य शास्त्रमा बताइएका चौबीस तत्त्वसमूह नै शरीर हो। अन्तमा तिनमा रहेका स्थूल दोषहरूको मात्रा नाश हुन्छ ॥१२॥

यो उनको पहिलो विचार थियो । अब बुद्धको शिक्षाले दुवै प्रकारका स्थूल, सूक्ष्म, दोषहरू समानरूपले नाश हुन्छन् भन्ने उनको विचार छ ॥१३॥

आत्माको स्वीकार गरेमा अहंभावको समाप्ति हुँदैन । सूर्य र बत्ती रहेसंम प्रकाश कसरी नाश हुन्छ ? ॥१४॥

कमलको डाँठ भाँचिएमा पनि जस्तो तन्तुहरूले जोडिएकै हुन्छ, त्यस्तै कपिलको सांख्यमत हो। बुद्धको मत ता ढुङ्गाको सेलासमान छ ॥१५॥

यस्तो कुरा जानी उपशिव्य नामका ती ब्राह्मण अश्वजित्लाई प्रणाम गरी भिक्षा ली सन्तुष्ट भएर वेणुवनतर्फ गए ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनलाई शान्त, गम्भीर, ज्ञान हुनाले प्रसन्न मुख, ज्ञान र विद्यासमान आउन लागेका ती अश्वजित्लाई मौद्गल्यायनले भने ॥१७॥

तिमी अकैं पुरुष भैं अत्यन्त तेजस्वी देखिन्छौ । के तिमीले धर्मको प्राप्ति गऱ्यौ ? तिमीमा अपूर्व धर्म देखिन्छ । अवश्य नै यो शान्ति कुनै अकारणले भएको छैन ॥१८॥

त्यसपछि ती अश्वजित्ले बुद्धका संपूर्ण तत्वहरू उनलाई सुनाए । सुन्नाले मात्र पनि ती मौद्गल्यायनलाई सम्यक् दृष्टिको उदय भयो ॥१९॥

कर्मरूपी आशयबाट मुक्त, शुद्धचित्त, गुरुका प्यारा मौद्गल्यायन हातमा रहेको अमला भैं तत्वज्ञान जानेर गुरु भएको ठाउँमा गए ॥२०॥

शिष्यहरूका साथ आउन लागेका ती दुवै अश्वजित् र मौद्गल्यायन लाई देखी महामुनि बुद्धले भने--यी दुवै मेरा प्रधान शिष्य हुन् । यिनमध्ये एउटा ज्ञानी र अर्को कलालाई धारण गर्ने दिव्यशक्ति भएको हुनेछ ॥२१॥

मुनिले मेघ जस्तो गम्भीर शब्दले ती दुवैलाई शान्तिका इच्छुक तिमीहरू उत्तम धर्म राम्रोसंग बुझ भनी भने ॥२२॥

तथागतको वाक्य सुनी ती दुवै क्षणभर मन्त्रमुग्ध भैं भए । पछाडि जटा र दण्ड त्याग गरी गेरु-वस्त्र धारण गरे ॥२३॥

त्यस्ता भएका (त्यस्तो भेष धारण गरेका) ती दुवैले आफ्ना सबै शिष्यहरूका साथ शिर झुकाई मुनिलाई प्रणाम गरे । मुनिद्वारा उपदेश पाई क्रमैले नैष्ठिकपद प्राप्त गरे ॥२४॥

एउटा अर्को धनी काश्यपवंशमा सूर्यसमान तेजिलो ब्राह्मण आफ्नी पत्नी र सम्पत्तिलाई त्यागी निर्वाणको इच्छा गरी त्यहाँ आए ॥२५॥

ती ब्राह्मणले ब्रह्मपुत्रक चैत्यको नजीकमा बसेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुवर्णको जस्तो कान्ति भएका, धर्मरूपी ध्वजाको दण्डसमान शोभायमान, सर्वज्ञ बुद्धलाई देखे ।२६॥

टाढादेखि नै शिर झुकाई, हात जोडेर प्रणाम गरी उच्च स्वरमा हे गुरु ! म तपाँईको शिष्य हुँ। हे सुव्रत ! यो अन्धकारमा प्रकाश हुनुहोस् भनी भने ॥२७॥

त्यसपछि बुद्धले आफ्नो वचनरूपी जलले उसलाई तृप्त पार्न र उसले इच्छा गरेको ज्ञान र मुक्तिरूपी आशय शुद्ध गर्नाका निंति यस्तो भने ॥२८॥

हे ब्राह्मण-श्रेष्ठ ! तिमी अविनाशी शान्तिको खोज र शुद्ध नैष्ठिक ज्ञानको इच्छाले यहाँ आएका व्हौ । तिम्रो कल्याण होस् । यहाँ बस ? ॥२०॥

ती सर्वज्ञ बुद्धले व्यथाले रहित भएका, शुद्ध, निर्वाण पद पाउन इच्छा गर्ने वर्शवद तो ब्राह्मणलाई धर्मको सार उपदेश दिए ॥३०॥

ती ब्राम्हण आफ्नू तेजिलो बुद्धिद्वारा तथागत (बुद्ध) बाट चाँडै नै धर्मलाई जानी धर्ममा चतुरा भै महाकाश्यप कहलाइए ॥३१॥

पहिले उनले म, मेरो यो हुवै आत्मा हो । त्यो शरीरदेखि भिन्न छ र अभिन्न पनि छ भनी मानेका थिए, तर यो हैन भनी आज जाने ॥३२॥

पहिले उनी व्रत र शीलद्वारा पवित्रता प्राप्त गर्न इच्छा गर्थे, तर त्यो ह्वैन रहेछ भन्ने र जसलाई संसारको कारण भनी मानेका थिए, त्यो पनि ह्वैन रहेछ भनी ती ब्राम्हणले जाने । ३३॥

आजसम्म भौतारिएका उनले आजमात्र राम्रो बाटो पहिल्याए। उनले चार सत्यको क्रमलाई जाने र आफ्नू शङ्का पनि नष्ट गरे ॥३४॥

ती काश्यप जुन कामको वशमा भएका मनुष्यहरु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बारम्बार मोहमा पर्दछन । त्यस कामलाई अनर्थ र मल जस्तो संझी समूल (जरैदेखि) त्याग गरिदिए ॥३५॥

शत्रु र मित्रमा समान दृष्टि राखेका, संपूर्ण प्राणीको हितमा रमाउने, मानसिक संतापबाट मुक्त भएका ती काश्यप आत्माराम भए ॥३६॥

उनले रूप र रूपबाट हुने प्रतिघात (आघात) लाई त्यागे । रूपमा रहेको नामलाई पनि विच्छेद गरे, तथा रूपगत दोषलाई जानेर रूपमा रहेको आसक्तिलाई त्याग गरे ॥३७॥

रूप नभएका देवताहरुको ध्यान गर्नाले निर्वाण हुन्छ भन्ने संझी उनले आफ्नू चित्तलाई शुन्यावस्थामा पुऱ्याए ॥३८॥

नदीको वेग झैं चंचल इन्द्रियहरु नै विघ्नको मूलकारण हुन् भन्ने संझेका उनले आलस्यलाई त्यागी इन्द्रियहरु वश गरे । त्यसपछि उनी तलाउ झैं शान्त भए ॥३९॥

उनले कालरूपी सर्पको मुखमा रहेको जीवनलाई क्षणिक ठानी सम्पूर्ण प्राणीमा समभाव राखी स्वस्थ भएर आफ्नू मिथ्या अहंभावलाई त्याग गरे ॥४०॥

उनले ज्ञानदीपले अज्ञान र योगविद्याले अविद्याको भेदन गरी अनित्य संसारबाट भिन्न, नित्य तत्त्वको दर्शन गरे ॥४१॥

दशै बन्धनबाट मुक्त भएका ती काश्यप भावनारुपी शिखाले युक्त भै, दुई हात जोडी, समाहित चित्त भै मुनिको दर्शन गरिरहे ॥४२॥

जसले आस्रवहरु क्षीण गरेका छन्, जो शील समाधि र प्रज्ञाले युक्त, तीनै विद्याका ज्ञाता, आफ्ना तीन शिष्यले घेरिएका ती बुद्ध तीनै लोकमा चारैतर्फबाट आक्रान्त गर्ने (ढाक्ने) वामन झैं शोभा पाए ॥४३॥

सत्रौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

अठारौं सर्ग

अनाथपिराडलाई दीक्षा दिनु

कोशल देशका सुदत्तनामले प्रसिद्ध अत्यन्त धनवान् राजा उत्तर दिशातर्फ आए। उनी ठूला दानी थिए ॥१॥

यहाँ मुनि बस्नुभएको छ भन्ने सुनी दर्शन गर्न इच्छा गर्ने ती राजा रातमा मुनिको नजीक गए र लठ्ठी झैं पृथ्वीमा गिरी ठूलो अनुरागले प्रणाम गरे ॥२॥

मुनिश्रेष्ठले राजालाई भने–हे बुद्धिमान् राजा ! तिमी धर्मज्ञ रहेछौ। निद्रा त्यागी यहाँ आएका छौ। नैष्टिकपद पाउने आधिकारी छौ। अब त्यो पद हेर ॥३॥

हेराजन्! तिमीमा धैर्य, आमय शुद्धि (चित्त-शुद्धि)श्रद्धाको आधिक्य, उदारता आदि उत्तम गुणहरू देखिइन्छन् . यो तिम्रो पुण्यको प्रभाव हो ॥४॥

उत्तम (निष्काम) दान दिनाले संसारमा उज्वल कीर्ति र परलोकमा पनि उत्तम फल प्राप्त हुन्छ (पाइन्छ)। यो कुरा जानी दुःखीहरूलाई धन देऊ ॥५॥

हे पण्डित ! शील र आचरणलाई यत्नपूर्वक शुद्ध पार। शीलद्वारा पापरहित भएका मनुष्यहरू निर्वाणपद प्राप्त गर्दछन् (पाउँछन्) ॥६॥

तिमी विषयाशक्तिका दोष तथा विषयत्या गकागुणहरूमा सत् असत् छुट्याउने विवेकरूपी दृष्टिले हेर ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस जगत्मा बारम्बार जन्म लिनु दुःख, बुढ्याईको दुःख, मृत्युको दुःख देखेर मुक्तिको निंति प्रयत्नशील होऊ ॥८॥

जस्तो यो सारा दृश्यमान जगत् अनित्य छ, त्यस्तै स्वर्ग पनि अनित्य छ । यी दुवै लोक--प्रवृत्तिले प्राप्त हुन्छन् । त्यसैले तिमी प्रवृत्तिलाई त्याग गर ॥९॥

जो अनित्य छ, त्यसैलाई तिमी दुःख र रोग हो भनी जान । धातुबाट बनेको अनात्म एवं अनित्य यस देहमा सुख कहाँ बाट प्राप्तहुन्छ ? ॥१०॥

दुःख, दुःखको उदय, निरोध (विषयबाट निवृत्ति) उपशम (दुःखनाशको उपाय) यी चार आर्यसत्यको ज्ञान गर ॥११॥

अस्तित्व (जीवन) र मृत्युलाई समान जान । 'म' भन्ने भावना र 'मेरो' भन्ने भावनाबाट रहित भै त्यसलाई शून्य र मायिक भनी जान ॥१२॥

यस संसार र शरीरलाई धातुको विकार हो भनी जान । अनित्य जीवनबाट चित्तलाई चाँडै नै मुक्त पार ॥१३॥

यस संसारलाई कालरूपी अग्निमा पाक्न लागेको जान । जन्म, वृद्धावस्था आदि दुःखलाई हेरी निर्गुण आत्माको ज्ञान गर ॥१४॥

राजाले मुनिको धर्मयुक्त वचन सुनी धर्मको फल प्राप्त गरे । त्यस बखत उनले आफ्नू दुःख-समुद्रलाई र संपूर्ण विश्वलाई गोखुर मैं सानू ठाने ॥१५॥

गृहस्थ भएर पनि ती राजाले मुक्ति र तत्त्वज्ञान पाए । तत्वज्ञान हुनुमा संन्यासी हुनु वा गृहस्थी हुनु कुनै कारण छैन ॥१६॥

मिथ्यादृष्टि (संसारलाई सत्य संझने पुरुष) तथा गुण (विषय) मा बृद्ध भएको पुरुष अज्ञानी हो र नष्ट हुन्छ । तर जितेन्द्रिय पुरुषहरु रागले रहित भएर अनामय कैवल्य पद प्राप्त गर्दछन् ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजालाई सम्यक् दृष्टि उत्पन्न भएकोले शरत्कालको निर्मल मेघ झैं उज्ज्वल ज्ञान प्राप्त गरे । त्यस बखत उनले संसारलाई अकारण नै बनेको या ईश्वररचित हो भन्ने कुनै कुरा पनि मानेनन् ॥१८॥

विश्वको रचनामा तृष्णाको परिणामलाई छोडेर अर्को कुनै उपादान कारण छैन । खालि तृष्णा आदि दोषको नै परिणाम हो भनी जाने ॥१९॥

यदि यो जगत् ईश्वर निर्मित भएको भए यस किसिमको व्यवस्था हुने थिएन । कुनै प्राणी दुःखले पीडित हुने थिएन । नाना योनिमा पनि घुम्ने नै थिएन ॥२०॥

देहधारीहरुका निम्ति आफ्नू इच्छा या अनिच्छाले कुनै पनि काम हुने थिएन । यदि देहधारीलाई त्यो प्राप्त हुन सक्थ्यो भने त्यो ईश्वरलाई पनि सम्भव थियो ॥२१॥

यदि साँच्चै नै ईश्वर भएको भए उनको बारेमा सन्देह हुने थिएन । मनुष्यहरु विपत्तिको समयमा ईश्वरलाई अपशब्द गर्ने थिएनन् । तथा अरु देवताको पूजा पनि गर्ने थिएनन् ॥२२॥

यो दृष्यजगत् ईश्वरको सङ्कल्प हो भन्ने कुरा पनि सिद्ध हुँदैन । किनभने ईश्वर यहाँ विद्यमान छैनन , तर पनि जगत्को सञ्चालन छ, त्यो कसरी संभव हुन सक्छ ? ॥२३॥

यदि ईश्वरको सङ्कल्प नै निरन्तर जगत्को सञ्चालन गरिरहन्छ भने सङ्कल्पलाइ नै कर्ता माने भयो र ईश्वर पनि सङ्कल्पलाई नै मानेमा किन नहुनु ? ॥२४॥

यदि ईश्वर नै विनासङ्कल्प र विनाकारणले जगत्को रचना गर्छ भनी मानेमा उनी बालक झैं बुद्धिरहित हुनेछन् या आफ्नू चित्तलाई समाल्न नसक्ने भन्ने अपवाद आउनेछ ॥२५॥

यदि ती व्यापक ईश्वर आफ्नू इच्छाले मनुष्यलाई सुख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुःख दिन्छन् भनी मानेमा पनि उनी इच्छाको अधीन भए। स्वतन्त्र कर्ता भन्ने सिद्धान्त बनेन ॥२६॥

यदि मनुष्य ईश्वरको इच्छाले कर्म गर्दछ भनी मानेमा ईश्वर नै फलभोक्ता हुनेछ, मनुष्य हुनेछैन ॥२७॥

यदि व्यापक ईश्वर नै जगत् रूपमा परिणत हुन्छन् भनी मानूँ भने त्यही रूप हुनाले सबै मनुष्य ईश्वर भए, मनुष्य रहेनन् ॥२८॥

यदि ईश्वर कुनै अरुको इच्छाले जगत्को रचना गर्छ भनी मानेमा त्यो पनि अरुको इच्छाले, त्यो पनि अरुको इच्छाले भन्दा अनवस्था दोषले गर्दा जगत्को कर्ता नै सिद्ध हुनेछैन ॥२९॥

यसरी ती राजाले ईश्वरवादी सिद्धान्तमा परस्पर दोष देखे तथा स्वभाववादीको मत पनि दूषित देखे ॥३०॥

जगत्को कुनै कारण छैन, स्वभावले नै जगत् बन्दछ भन्ने मत पनि दोष रहित छैन। किनभने संसारमा कारणरूप बीज-बाट नै कार्यरूप अङ्कुर बनेको देखिन्छ ॥३१॥

एक कर्ता अनेक वस्तुको कारण बन्न सक्तैन। एक सङ्कल्प-स्वभाव भएको पुरुष अनेकानेक वस्तुको संघात स्वरूप विश्वको कर्ता कसरी हुन सक्छ ? ॥३२॥

यिनलाई 'विभु' भन्दछन्। व्यापक पदार्थबाट कुनै परि-णामको पैदा हुँदैन, न उत्पादक नै हुन्छ। त्यसैले स्वभाव पनि कारण हुँदैन ॥३३॥

स्वभाव व्यापक छ, सर्वत्र समान रूपले रहने हुँदा, सबै वस्तुको कारण पनि समानै रूपले हुनु पर्ने थियो, तर यस्तो देखिदैन। जगत्मा कहीं थोरै र कहीं धेरै कारणहरू देखिन्छन् ॥३४॥

अर्को कुरा, कारण अनुसार नै कार्य भएको देखिन्छ। यो प्रत्यक्ष छ। त्यसैले निगुर्ण स्वभाव भएको वस्तु जगत्को कारण कसरी हुन सक्छ ? ॥३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि अविकारी स्वरूप भए पनि जगत्को कारण हुन सक्छ भनी मानेमा यो कार्य संघात जगत् सविकारी कसरी हुन सक्छ ? ॥३६॥

यदि नित्य स्वभाव उत्पादक पनि हुन सक्छ, त्यसैले कारण हुन सक्छ भन्ने मानेमा कार्य समुदायको कहिले पनि नाश हुने छैन, तर त्यो त्यस्तो पनि देखिंदैन ॥३७॥

प्राणीहरूको विषयमा प्रवृत्ति स्वभावले नै हुन्छ । त्यो स्वभाव नित्य र अपरिवर्तनीय छ भनी मानेमा मुक्ति हुनु असंभव हुनेछ ॥३८॥

यदि स्वभावलाई उत्पादक मानेमा कार्य पनि उत्पादक हुनेछ । तर संसारमा कुनै कार्यलाई पनि उत्पादक मानेको छैन ॥३९॥

स्वभावको प्रवृत्ति (कर्ताको प्रवृत्ति जस्तै) मनले जान्न सकिन्न, तर फल मनले देखिन्छ । त्यसैले स्वभाव कारण हुन सक्तैन ॥४०॥

स्वभावलाई अचेतन जड मानेमा त्यो चेतन गाई-मनुष्य आदि शरीरधारीको कारण कसरी हुन सक्छ ? ॥४१॥

जस्तो सुवर्ण कंकण आदि गहनाको प्रत्यक्ष कारण देखिन्छ, त्यस्तो स्वभावको प्रत्यक्ष कारण देखिन्न । त्यसैले स्वभावलाई जगत्को कारण मान्न सकिन्न ॥४२॥

काललाई पनि जगत्को कारण मान्न सकिन्न । किन भने काल सनातन मानिएको छ । सनातन कारणको निरन्तर प्रवृत्ति हुने हुँदा मोक्ष कहिल्यै पनि हुनेछैन ॥४३॥

यदि पुरुषलाई नै कारण मानूँ भने पनि सबै प्राणी आफ्नू इच्छित फल प्राप्त गर्नेछन् । कुनै पनि व्यक्ति आफ्नू दुःखको निमित्त आफैं बन्ने थिएन ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इच्छित सुख प्राप्त हुँदैन। अनिच्छित दुःख प्राप्त हुन्छ। त्यसैले पुरुष पराधीन प्रतीत हुन्छ। त्यो कर्ता कसरी हुन सक्छ ? ॥४५॥

यदि पुरुष कर्ता हुँदो हो ता इष्ट कार्य गर्ने थियो। विरुद्ध कार्य गर्ने थिएन। तर पुरुषले दुवै किसिमको कार्य गरेको देखिन्छ ॥४६॥

त्यो पुरुष शुभकर्म गर्ने प्रयास गर्दछ। अशुभकर्मदेखि डराउँछ। तर पनि अशुभकर्म हुन जान्छन्। शुभकर्म गर्न पाउँदैन ॥४७॥

शीत, गर्मी, वर्षा आदि र तथा रोग शोक आदिले पुरुषको उद्योग निष्फल हुन्छ। त्यसैले पुरुष स्वतन्त्र छैन ॥४८॥

यो जगत् निर्हेतुक (अकारण) पनि छैन। पृथ्वी--जल आदि कारणबाट वृक्षादि कार्य र बीजबाट अङ्कुर तथा वृक्षबाट फल भएको देखिन्छ ॥४९॥

यदि यो जगत् अकारण नै हुँदो हो ता कर्ममा प्रवृत्ति हुने थिएन। सबलाई सबै कुरा प्राप्त हुन्थ्यो र कर्ममा निश्चित--सिद्धि हुन्थ्यो ॥५०॥

प्राणीहरूलाई विना कारण नै सुख दुःख प्राप्त हुन संभव भएमा कर्मको फल व्यर्थ हुने थियो तथा आकरण नै हुने हुँदा सुखदुःखको प्रतीति पनि हुने थिएन ॥५१॥

यो र अरु यस्तै दोषहरु सकारण र अकारणवादमा हुन्छन्। त्यसलाई राजा सुदत्तले सावधानी पूर्वक सुन्दर तर्क द्वारा देखे ॥५२॥

जो सार्वभौमिक कारण छ, त्यसलाई मनुष्यहरुले जानेका छैनन्। यो चराचर विश्व कारणबिना कसरी हुन सक्छ ? ॥५३॥

यस्तो सर्वोत्तम दान पाएका तथा सौगत (बुद्ध) सम्बन्धी ज्ञान बुझेका राजा सुदत्त श्रद्धाले गद्गद् भई आदरपूर्वक मुनिसँग बोले ॥५४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे मानद ! (मान दिन सक्ने) सूर्यवंशका राजाले शासन गरेको श्रावस्ति नामको मेरो नगर छ । हजूर बस्नका निंति त्यहाँ विहार (मठ) बनाउँछु ॥५५॥

अनासक्त हुनु भएका हजूरलाई राजभवन या वन दुवै बराबर छन् । तर पनि त्यहाँ विराजमान भई म दुःखीमाथि दया गर्नु होस् ॥५६॥

चन्द्रमा झैं निर्मल चित्त भएका दृढव्रत बुद्धले राजाको विचारलाई उचित्त ठानी, नम्र, दान दिन उत्कण्ठित जानी भन्न लागे ॥५७॥

बाबु ! तिमी धन्य छौ । बिजुली झैं चञ्चल सम्पत्तिदेखि उदासीन रहेछौ । धर्मका--र्यमा धनको त्याग गर्नाले निर्मल फल प्राप्त हुन्छ । ॥५८॥

अविनाशी धर्ममा तिम्रो अभिरुचि रहेछ । दान दिने काममा रमाउँदा रहेछौ । त्यसैले हे मुनिश्रेष्ठ ! संशयरहित सत्य देख्नमा समर्थ हुनेछौ ॥५९॥

जस्तो बल्न लागेको घरबाट जति वस्तु झिकिन्छ, त्यति नै बचेको (सुरक्षित संझनु पर्छ । त्यस्तै कालरूपी अग्निमा बल्न लागेको वस्तुमध्ये जति दान गरिन्छ, त्यसैलाईमात्र सुरक्षित संझनु पर्छ ॥६०॥

विद्वान् पुरुष दानलाई नै धनको उत्तम उपभोग मान्दछन् । मूर्खहरु विषयभोगका निंति नाशवान् धनको रक्षा गर्दछन् ॥६१॥

बखतमा उत्तम मनुष्यलाई दिएको दान युद्धमा वीर पुरुषले वीरतापूर्वक लडे झैं हुन्छ । जस्तो मृत्युसँग डराउने छेरुवाहरु लड्दैनन्, त्यस्तै विषयासक्त पुरुष पनि दान दिन डराउँछन् ॥६२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन प्राणी सदा अनासक्त भएर दान दिन्छ तथा दान दिएर प्रसन्न हुन्छ । त्यसैको जनतामा संमान हुन्छ र सफल जीवन पनि त्यही हो ॥६३॥

दानशील प्राणी संसारमा ठूलो दुःखदेखि टाढा र सुखी रहन्छ । दानरूप सत्कर्मको पुण्यले मृत्यु--समयमा पनि मोहमा पर्दैन ॥६४॥

यसलोकमा दानको फल सानै भए पनि परलोकमा ठूलो फल हुन्छ । मनुष्यको दान बराबरको कुनै अर्को मित्र छैन ॥३५॥

दानी पुरुष यसलोकमा जन्मे राजा हुन्छ । स्वर्गमा देवताको राजा इन्द्र हुन्छ । कदाचित् पशुपक्षी योनिमा जन्म भए पनि सबैभन्दा श्रेष्ठ बन्दछ ॥६६॥

दानी देवता तुल्य हुन्छ । भोग उसका पछि पछि लाग्छन् । स्वर्ग अगाडि नै हुन्छ । शान्ति, शील र क्षमा उसका रक्षक हुन्छन् ॥६७॥

दान अमरताको कारण र सुखको उत्पत्तिस्थान हो । आनन्दको खानी तथा चित्त--निरोधको असाधारण कारण हो ॥६८॥

दान दिनाले दुःखको कारण र दुःखनाशको उपायको राम्रो ज्ञान हुन्छ । दान दिने पुरुषको मित्र रहेको मल अवश्य नै नष्ट हुन्छ ॥६९॥

दान गर्नाले धन कमाउँदा हुने पापहरुबाट निर्मल अनाशक्ति हुन्छ । प्रेमपूर्वक दिने दाताले तत्कालैमा क्रोधलाई जित्दछ ॥७०॥

जुन दान दिने पुरुष दान लिनेको आनन्ददेखि प्रसन्न हुन्छ । त्यस दाताको मोहरूपी संपूर्ण अज्ञान तुरुन्त नष्ट हुन्छ ॥७१॥

दान निर्वाण--साधनको एउटा प्रमुख अङ्ग हो । यसले निर्वाणका प्रबल बिघ्न तृष्णा आदिमा विजय गर्दछ ॥७२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो मनुष्य छाया, फल र फूलको लागि वृक्षको आश्रय लिन्छन, त्यस्तै विद्वान् पुरुष शान्ति र धनका निंति दानको आश्रय लिन्छन् ॥७३॥

संचित गरेका धनको सुपात्रमा दान दिनु पनि रक्षा नै हो। गृहस्थ पुरुष पनि दान दिएर सार निर्मल कीर्ति प्राप्त गर्दछ ॥७४॥

अन्नदान दिनेले बल दिन्छ। वस्त्रदान दिनेले सौन्दर्य दिन्छ। तर मुनिहरुलाई वास दिनेले सबै किसिमको दान दिएको ठहर्छ ॥७५॥

वाहनदानले सुख दिन्छ। दीपदानले प्रकाश दिन्छ। तर ज्ञानदिनाले कहिल्यै पनि नाश नहुने अमरपद दिन्छ ॥७६॥

कुनै मनुष्य दान दिएर भोगको कुनै, कीर्तिको र कुनै स्वर्गको चाहना गर्छन्, तर तिमी कुनै कामना नराखी दान दिँदैछौ, त्यसैले धर्मज्ञ छौ ॥७७॥

हे बाबु ! धन्य छौ। पुण्यात्मा छौ। चाँडै नै आफ्नू मनोरथ पूर्ण पार। ज्ञान प्राप्त गरी रज र तमदेखि विनिर्मुक्त होऊ ॥७८॥

मुनिबाट विहार निर्माणको आज्ञा पाएका राजा सुदत्त प्रसन्न भै उपतिष्यका साथ त्यहाँबाट हिंडे ॥७९॥

ती राजाले कोशलेन्द्रको राज्यमा घुम्दै सबै कालमा सुख दिने सुन्दर वृक्षहरुले सुशोभित रमणीय जेत नामको वन देखे ॥८०॥

त्यो वन किन्ने इच्छाले राजाले त्यो जेतवनको स्वामी सँग प्रार्थना गरे, तर त्यो लोभी थियो। उसले यस पृथ्वीलाई धनले ढाके पनि दिन्न भनी राजालाई भन्यो ॥८१॥

तपोवन बनाउने इच्छाले तिमीसँग आग्रहपूर्वक मागेको हूँ भनी उसलाई अक्षय धन दी त्यो वन धर्मका निंति किने ॥८२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा सुदत्तको यस्तो उदारता देखी जेतलाई शान्ति मिल्यो। उनी पनि बुद्धमा अनुरक्त भै संपूर्ण वन उनले बुद्धलाई दिए ॥८३॥

वृक्ष र लहराहरुले सघन, पवित्र र रमणीय त्यस ठाउँमा दिव्य विहार बनाउने इच्छाले अनाथपिण्ड मुनिले बनाउने काममा योग्य उपतिष्यलाई त्यस कामको प्रमुख निर्माणमा नियुक्त गरी, बुद्धमा अत्यन्त अनुराग गर्दै शीघ्रातिशीघ्र काम प्रारम्भ गरे ॥८४॥

त्यो विहार ती राजाका शक्तिको, वैभवको र ज्ञानको मूर्ति समान भयो। कुबेरको दरबार स्वर्गबाट पृथ्वीमा आए झैं लोक विलक्षण भयो। उत्तर कोशल देशका राजाका राज्य-लक्ष्मीको अद्भुत सौभाग्य झैं शोभायमान र ज्ञानरूपी अमृत निरन्तर प्राप्त गर्ने अक्षय क्षेत्र भयो ॥८५॥

❀ अठारौं सर्ग समाप्त ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

उएडाइसौं सर्ग

बाबु र छोराको समागम

त्यसपछि बुद्धले ज्ञानद्वारा अनेक शास्त्रज्ञ विद्वान्हरुलाई जिती राजगृहबाट निस्की आफ्ना बुबाज्यू महाराजको नगरमा जानुभो ॥१॥

त्यहाँबाट हजारौं प्रव्रिाजक भिक्षुहरुले घेरिएर जाँदै पिताजीमा दया गर्दै वहाँको सहरको नजीकमा बस्नु भो ॥२॥

पुरोहित र मन्त्रीहरुले गुप्तचरद्वारा बुद्धले लक्ष्य प्राप्त गरेर फर्केको सुनी महाराज शुध्दोदनकहाँ गई विन्ती चढाए ॥३॥

आर्यको आगमन सुनेर आनन्दका आँसुले मुख भिजाएका राजा बुध्दलाई हेर्ने इच्छाले पुरवासीहरुका साथ उत्सुकतापूर्वक चाँडै नै हिंडे ॥४॥

ऋषिहरुले ब्रह्मालाई घेरे झैं शिष्यहरुले घेरेका बुध्दलाई टाढैदेखि देखी धर्मको विचार गरी वाहन छोडी हिंडेरै गए ॥५॥

मुनिवेषमा उनलाई देखेर राजाको मन विह्वल भयो, वाणी रोकियो, आश्चर्यमा परेका राजाले उनलाई न मुनि नै भन्न सके, न छोरा नै भन्न सके ॥६॥

आफू स्वयं गहना कपडाले विभूषित र छोरालाई मुनिवेष मा देखी राजाको आँखाबाट आँसु बग्यो, हृदय क्षुब्ध भयो इन्द्रियहरु व्याकुल भए र राजा विलाप गर्न लागे ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ममता र स्नेहले रहित पुत्रलाई देखी शुष्क तलाउदेखि तिर्खाएको बटुवा हताश भए झैं राजा हताश भए ॥८॥

तसवीरमा लेखिए झैं उदासीन भएर बसेका आफ्ना प्रिय पुत्रलाई सम्मुख देखेर पनि राजाले पुत्रदर्शन--सुखको आनन्द पाउन सकेनन् ॥९॥

समुद्ररूपी वस्त्र पहिरेकी सम्पूर्ण पृथ्वी मान्धाताको झैं यिनको पनि हुन्थ्यो, यिनै बुद्ध भिक्षु जस्तै बनी आज कसरी भिक्षा माग्दछन् ? ॥१०॥

जुन बुद्ध धैर्यमा मेरु पर्वत जस्ता, प्रतापमा सूर्य जस्ता, कान्तिमा चन्द्रमा जस्ता छन्, तर पनि भिक्षा गरेको अन्न खान्छन् ॥११॥

मेरा बुबाज्यू ऐल्हे पनि मलाई छोरा नै मान्नुहुन्छ भन्ने जानी बुद्ध त्यहाँबाट मेघभन्दा माथि उडे ॥१२॥

ती बुद्ध वायुभन्दा माथि घुम्न थाले। बुद्धले सूर्यको रथ छोए। अनेकन शरीर ग्रहण गरे। फेरि एक शरीर बनाए ॥ ३॥

ती बुद्ध पृथ्वीमा निर्विघ्नपूर्वक प्रवेश गर्दथे। उनी पानीमा पैदल हिंडे। आकाशमा पक्षी दौडे झैं पर्वतको पेट भित्रभित्रै दौड़े ॥१४॥

ती बुद्धले आधा शरीरले मेघ झैं घेरै जल--वर्षा गरे। आधा शरीरले आकाशमा सूर्य चम्के झैं प्रकाशमान भए ॥१५॥

यसरी बुद्धले आफ्नू योग-वैभव देखाई र जालाई आनन्द पारे तथा अर्को सूर्य झैं आकाशमा रहेर धर्मोपदेश गर्न लागे ॥१६॥

हे महाराज ! तपाईंको भाव जान्दछु। हे पुत्रवत्सल ! शोक नगर्नुहोस् , छोराको आनन्द छोडी अब धर्मानन्दको अनुभव गर्नुहोस ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आजभन्दा पहिले कुनै पुत्रले पितालाई अथवा पिताले पुत्रलाई दिनु लिनु नगरेको बोध--रूप अमृत ग्रहण गर्नु होस् ॥१८॥

हे महाराज ! कर्मको स्वभाव, कर्मको कारण, कर्मको विपाक र कर्मको आश्रय यी चार रहस्य छन् । राजन् ! यसलाई जान्नुहोस् ॥१९॥

हे सुव्रत ! यो संपूर्ण विश्व कर्ममा आबद्ध छ भनी जान्नोस । त्यसैले तिमी त्यो काम गर, जुन काम गर्दा विश्वको कल्याण हुन्छ ॥२०॥

मरे पछि-साथमा यो राज्य, यी नोकर तपाईंका चाकर, यी दाजुभाइ कुनै पनि पछि लाग्दैनन् , तर शुभ—अशुभ कर्म भने तपाईंको पछि लाग्दछन् ॥२१॥

सत्कर्म प्राणीको मित्र हो । पापकर्मलाई शत्रु भन्दछन् । त्यसैले संसारमा रहस्यसहित कर्मज्ञान प्राप्त गर्नु पर्छ ॥२२॥

हे महाराज ! प्राणी कर्मद्वारा नै स्वर्ग अथवा नरकमा घुम्छन् । कर्मको (शुभ, अशुभ, मिश्रित गरी) तीन भन्दछन् । यिनै तीन जगत्को कारण छन् ॥२३॥

त्यसैले आफूलाई धर्म र मोक्षमा राम्रोसँग लगाउनु पर्छ । मन र वचनको कर्मलाई शुद्ध पारी शान्ति पाउनुहोस् ॥२४॥

संसारलाई समुद्रको तरङ्गसमान चंचल जानी उदासीन भई धार्मिक कर्मद्वारा कर्मासक्ति काट्नु पर्छ ॥२५॥

ग्रह-मण्डल झैं यो ब्रह्माण्ड पनि निरन्तर घुमिरहेको छ । समय आएपछि देवता पनि खस्दछन् भने मनुष्य प्राणीको ता के कुरा ? ॥२६॥

आत्माको आनन्द नै परम-आनन्द हो । निर्वाण नै परम सुख हो । यस संसारको ऐश्वर्य सुख ता सर्प भएको घरमा बास बस्नु जस्तो हो ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो संसार आगो लागेको घर झैं विपत्तिले ग्रस्त छ। त्यसैले जन्म 'जरा' मृत्युले रहित पदको खोज गर्नोस् ॥२८॥

हे राजन् ! काम, राग आदिको ठूलो सैन्यलाई जित्नोस्। सलाई जितेपछि अरु जित्न बाँकी रहदैन ॥२९॥

दुःख, दुःखको उद्गम (उत्पत्तिस्थान) दुःखनाश तथा दुःखनाशको उपाय, यी सब जानेपछि मल (अज्ञान) र भय नष्ट हुन्छन् ॥३०॥

राजाले यस्तो उनको वचन सुनी उनको यस्तो सामर्थ्य देखी सन्तोष र आनन्दको अनुभव गरी प्रेमपूर्वक नम्र भएर भन्न लागे ॥३१॥

हे आर्य ! तपाईंले कृपा गरी मलाई महामोहरूप ठूलो दुःखदेखि छुटाउनु भयो। हे बाबु ! तपाईंको जन्म सफल छ। अब म पुत्रवान् भएँ ॥३२॥

तपाईंले राज्यश्री त्याग गर्नु भो, ठीक छ। प्रियजनको त्याग गर्नु भो, त्यो पनि ठीक भो। कठोर तपस्या गर्नु भो। मलाई पनि उचित कृपा गर्नु भो ॥३३॥

पहिलेका योग्य राजर्षिहरुले तथा ब्रह्मर्षिहरुले पाउन नसकेको नैष्टिकज्ञानलाई दुःखीजनको रक्षाखातिर तपाईंले पाउनु भो ॥३४॥

यदि तपाईं चक्रवर्ती राजा भएको भए पनि आज जति सुख भएको छ, त्यति सुख दिन सक्नुहुने थिएन ॥३५॥

तपाईं राजा भएर घरमा बसेका प्राणीहरुको पालना मात्र गर्नु हुन्थ्यो, तर मुनि भएर भवचक्रको छेदन गरी तिनीहरुको उद्धार गर्नु हुन्छ ॥३६॥

तपाईंले ज्ञान र सिद्धिद्वारा भवचक्रलाई जित्नु भएको छ। राज्य नगरीकन नै संपूर्ण संसारको चक्रवर्ती झैं शोभा पाउनु भएको छ ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बारंबार यसो भन्दै सत्यको आश्रय लिएका धर्मज्ञ राजाले छोरालाई प्रणाम गरे। यद्यपि उनी राजा थिए, तथा पिता पनि थिए ॥३८॥

त्यस बखत योग ऐश्वर्यले सम्पन्न र बाबुबाट पनि सत्कार पाएका बुद्धलाई देखी धेरै मानिसहरुले घर छोड्ने निश्चय गरे ॥३९॥

यिनको धर्म सुनी अनेकन राजकुमार विरक्त भए। तिनले रुन लागेका दाजुभाइ, प्रियजनहरु र प्यारो भोग-सामग्रीलाई पनि त्यागे ॥४०॥

कृमिल, उपनन्द, कुण्डधान्य, अनिरुद्धक, आनन्द र नन्दले बुद्धबाट धर्मोपदेश सुनी घर त्यागे ॥४१॥

ती राजकुमारहरुलाई मिथ्या उपदेश गर्ने देवदत्तले पनि त्यसै गरी घर त्याग गरे। तथा उदायि नामक गुरुपुत्रले पनि सोही मार्गको अनुसरण गरे ॥४२॥

अम्रिका छोरा उपालिले पनि ती सबैलाई भिक्षुमार्गमा लागेको देखी एकै क्षणमा सबै त्यागी सौगतमत ग्रहण गरे ॥४३॥

त्यसपछि राजा शुद्धोदन पनि आफ्नू छोराको वैराग्य देखी भाइहरुलाई राज्यभार सुम्पी राजर्षि जस्तो भई बसे ॥४४॥

ती बुद्धमतमा दीक्षित भएपछि पुरवासीहरुका साथ बुद्ध सहरमा आए। आँसुले मुख भिजाएका सहरवासीहरुले बारंबार पुष्प-वर्षा गरे ॥४५॥

त्यस बखत राजकुमार सहरमा आएको कुरा सुनी स्त्रीहरु अन्तःपुरबाट भयालमा आई हेर्न थाले ॥४६॥

मुनिवस्त्र धारण गरेका भए पनि संध्याकालको मेघमा छिपेका सूर्यको कान्ति झैं देदीप्यमान उनको मुखमण्डल देखी स्त्रीहरु रुन लागे ॥४७॥

तलतिर दृष्टि लगाएका, शान्तचित्त, तपस्याको तेजले प्रका-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शित बुद्धलाई देखी दुःखी र विह्वल भएका स्त्रीहरु परस्परमा भन्नलागे ॥४८॥

यद्यपि कन्था धारण गर्ने र शिर मुण्डन गर्नाले यिनको सौन्दर्य ढाकिएको छ, तर पनि यी तेजले गर्दा महान् प्रतीत हुन्छन् ॥४९॥

हतियार लिएका सैनिकहरुका अगाडि छाता र चमरहरुले सजिसजाउ भई हिंड्न लायक यी वीर कमण्डलु लिई पृथ्वीमा पैदल हिंडिरहेका छन् ॥५०॥

जसको साथमा हात्ती, घोडा, रथ आदि वाहन हुन्थे, उनै आज भिक्षापात्र लिएर सधैं भिक्षा माग्दै हिंड्छन् ॥५१॥

जसलाई गहना लुगाहरुले सिंगारिई बाटामा हिंड्दा तरुनी स्त्रीहरु स्नेहपूर्वक हेर्दथे । उनै आज तलतिर दृष्टि लगाई जाँदैछन् ॥५२॥

यिनले कुन तत्व खोज्न यो वेष धारण गरेका हुन् ? स्त्री पुत्र आदिको सुख छोडी यो व्रतले कसरी प्रसन्न हुन्छन् ? ॥५३॥

राजपुत्री यशोधरा निश्चय नै शोकले कति व्याकुल होलिन ? तर पनि यो निश्चय नै धीर रहिछन्, अहिलेसम्म पनि प्राण धारण गरेकी छन् ॥५४॥

पूर्णचन्द्र जस्तो मुख भएका आफ्ना प्रियपुत्रलाई तपस्वीको भेषमा देखी राजा के प्रसन्न भए होलान् ? अथवा दुःखी भए होलान् ? ॥५५॥

आँसुले भिजेको मुख लिएका आफ्ना प्रियपुत्र राहुलको मुख देखेर पनि यदि यिनमा मोह आएन भने यिनको व्रत अत्यन्त कठिन रहेछ ॥५६॥

यस महाव्रतले यिनको शरीर क्षीण भएको छ, तर सौन्दर्य जस्ताको तस्तै छ । अवश्य नै जितेन्द्रिय यिनले निश्चल शान्ति पाएका छन् ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्रीहरू यसरी विलाप गर्दै यिनलाई हेरिरहेका थिए । तर अनासक्त यी बुद्ध भिक्षा लिई फेरि वरको वनतिर गए ॥५८॥

जुन संसारी पुरुषहरू पुण्यकर्मले रहित छन् । भिक्षु-हरूलाई भिक्षा दिन असमर्थ छन् । जुन संन्यासीहरू मनलाई जित्न सकेका छैनन् तथा शान्ति प्राप्त गर्न असमर्थ छन्, तिनले कसरी मोक्ष प्राप्त गर्छन् ? जगत्को कल्याण कसरी हुन्छ ? यी सबै कुरा मनमा विचार गरी धर्मज्ञ बुद्ध सहरमा गएर पनि फेरि बाहिर नै फर्के ॥५९॥

※ उण्डाइसौं सर्ग समाप्त ※

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

बीसौं सर्ग

जेतवनको स्वीकार

त्यसपछि जगत्का आत्मा, लोकका प्यारा, तथागत मनुष्य-समूहमा दया गर्दै कपिलवस्तुमा केही कालसम्म बसे ॥१॥

सूर्य-किरणले अन्धकारलाई हटाए झैं आफ्नू तेजले मनुष्यभित्र रहेको अन्धकारलाई हटाई प्रसेनजित्ले पालना गरिएको रम्य नगरमा प्रस्थान गरे ॥२॥

त्यहाँबाट हिंडी कैलाश झैं सेतो अटालीहरुले सुशोभित, फुलेका अशोक वृक्षका पंक्तिले रमणीय, जहाँ कौइली चराले कोहो कोहो गर्दछन्, त्यस्तो जेतवनमा पुगे ॥६॥

सुवर्णको माला धारण गरेका राजा सुदत्तले कलशमा रहेको पवित्र जल धारण गरी द्रव्य आदिले पूजा गरी तथागत लाई जेतवन दिए ॥४॥

त्यस समयमा शाक्यमुनि बुद्धको दर्शन गर्न राजा प्रसेन-जित् जेतवनमा आए र श्रद्धापूर्वक उनलाई प्रणाम गरी भन्नलागे ॥५॥

हे मुने! तपाईं यहाँ बस्नु भएकोले कोशलवासीहरुको बडो सौभाग्य रहेछ, तपाईंदेखि वञ्चित भएका ती देश अभागी हुन् ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे सर्वज्ञ ! तपाईंको दर्शनले प्रजासहित म कृतार्थ भएँ। महापुरुषको पुण्यदायी दर्शन कुनै भाग्यमानीलाई मात्र हुन्छ ॥७॥

वायु पनि फूलको संगले तत्कालमा सुगन्धित हुन्छ। सुमेरु पर्वतको संगले पक्षी पनि सुवर्णकै हुन्छ ॥८॥

हे तीन लोकका अधिपति ! तपाईं बस्नाले यो वन पवित्र भयो। जस्तो विश्वामित्र बस्नाले त्रिशङ्कुको दरबार पवित्र भयो ॥९॥

हे महामुने ! यस संसारमा नाना किसिमका धनपुत्रादि लाभ सबै नाशवान् छन्, खालि तपाईंको सत्संगमात्र अविनाशी प्रतीत हुन्छ ॥१०॥

हे दयासिन्धो ! म जस्तो अधमलाई निरन्तर तपाईंको दर्शन हुँदै रहोस्। हे साधो ! म राग र राजधर्मदेखि अत्यन्त पीडित छु ॥११॥

इन्द्रसमान राजा प्रसेनजित्को यस्तो वचन सुनी उनलाई कामना र लोभले युक्त भएको संझी प्रेरणा दिन ती बुद्ध यस तरहले भन्न लागे ॥१२॥

हे राजर्षिहरुमा श्रेष्ठ राजन् ! तिम्रो बुद्धि राम्रोसँग व्यवस्थित छ। समचित्त साधुहरुमा मात्र यस्तो श्रद्धा उत्पन्न भएको देखिन्छ ॥१३॥

जुन नरश्रेष्ठ पुरुषहरु आर्य साधुको संग चाहन्छन्, ती निश्चय नै तल्लो स्थानबाट चाँडै माथि उठ्न इच्छा गर्छन् ॥१४॥

हे राजेन्द्र ! तिम्रो मन चञ्चल रहेछ। त्यसैले म तिमीलाई केही हितका कुरा भन्दछु। ती कामहरु गर। जुन काम गर्दा मेरा उपदेशहरु सफल हुनेछन् ॥१५॥

जब निष्ठुर काल तिमीलाई बेसरी समातेर तान्नेछ। त्यस बखत तिम्रो साथ कोही पनि जाने छैनन्। खालि कर्ममात्र जानेछ ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि तिमी उज्वल कीर्तिको इच्छा गर्छौं भने धर्मपूर्वक प्रजाको पालना गर । मोहले धर्मलाई छोड्दा स्वर्गमा स्थान पाइँदैन ॥१७॥

ती कुशाश्व राजाले धर्मपूर्वक पृथ्वीको पालन गर्नाले स्वर्ग पाए । धमदेखि भ्रष्ट भएको निकुम्भ काशीमा पृथ्वीभित्र धसियो ॥१८॥

हे बाबु ! मैले तिमीलाई शुभ अशुभ कर्मको उदाहरण दिएं । अतः धमले संसारको पालना गर्दै कीर्तिका निंति प्रयत्नशील बन ॥१९॥

हे बाबु ! मनुष्यहरूलाई दुःख नदेऊ । इन्द्रियहरूलाई स्वतन्त्र नछोड । पापीहरूको साथ नगर । कुमार्गमा मन नलगाऊ ॥२०॥

धर्मज्ञ पुरुषको अपमान नगर ! तपस्वीहरूलाई दुःख नदेऊ । पापमा मन लगाएर कहिल्यै पनि पवित्र व्रतहरू नगर ॥२१॥

अशुभ बासनाको सहारा नलेऊ । खराब काम नगर । मदले अल्छी नबन । प्रसन्न मनले सुन ॥२२॥

उज्वल कीर्तिको नाश नगर । तिम्रो मन कहिले पनि असत्यतिर नजाओस ! हे बाबु, शास्त्रमा वर्णित पृथ्वीको छैटौं अंशमात्र तिमीले कर लिनु उचित छ ॥२३॥

सद्धर्म बुद्धधर्म मा मन लगाएर साधुहरूको सत्संग गर । यस जन्ममा नै यस्तो साधन गर्नु पर्छ, जसले परमपद प्राप्त होस् ॥२४॥

ब्रम्हचर्यको पालना गर्दै, तथा ज्ञानोपार्जन गर्दै, धैर्य धारण गर्दै, मृत्युको स्मरण गर्दै अविद्याहरूलाई जिती सन्मार्गको आश्रय लेऊ ॥२५॥

बुद्धिमान् पुरुषहरू जसको फल पहिले देखेको छ, त्यसको बीज मात्र रोप्छन्, अन्यथा रोप्दैनन् । त्यसैले तिमी पनि त्यस्तो कर्म गर, जसको फल महात्माहरूले पहिले देखेका छन् ॥२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारमा उच्च पदमा रहेर पनि जो पापमा रत रहन्छ । त्यही प्रकाशमय भए तापनि त्यसको चित्त सदा अन्धकारमा नै रहन्छ ॥२७॥

जो धीर पुरुष धर्मपरायण छ, त्यसको प्रसिध्दि नभई अन्धकारमा रहे पनि उसको चित्त प्रकाशमा नै रहन्छ ॥२८॥

उच्चकुल र उच्च पदमा रहेका प्राणीको मन धर्मले विशुध्द हुन्छ । नीच कुलमा जन्मेका नीच प्राणीको मन अन्धकारमा विलीन हुन्छ ॥२९॥

भोगमा लोलुप मनुष्यको प्रवृत्ति निम्नगामी (नीच विचार-गर्ने) हुन्छ । उच्च विचार गर्ने हुँदैन । हे राजन् ! यस्तो अवस्थामा तिमी जस्तो इच्छा गर्छौ, त्यही नै गर ॥३०॥

कुनै पनि प्राणी परमार्थका निंति पुण्यकर्म गर्न योग्य छैन । यदि गर्छ भने पनि त्यसको फल अरुका निंति कहिल्यै पनि हुँदैन ॥३१॥

जो कर्ता छ, त्यही नै भोक्ता हो । कर्मको फल अवश्य हुन्छ । जो कर्म गरेको छैन, त्यसको निश्चित फल कहिले पनि प्राप्त हुन सक्दैन ॥३२॥

कर्म नगरीकन यस लोकमा होस् अथवा परलोकमा होस् कुनै फल (भोग) प्राप्त हुन सक्तैन र जन्ममृत्युको विनाश पनि हुन सक्तैन । त्यसैले तिमी पनि सत्कर्म गर्ने होऊ ॥३३॥

त्यो पापरत पुरुषलाई यस जीव-लोकमा सुख प्राप्त हुन सक्दैन तथा त्यो आत्मघाती पुरुष परलोकमा पनि आफूले गरेका पापको फल भोग्दछ ॥३४॥

जन्म, मृत्यु, वृध्दावस्था तथा व्याधि यी चार पर्वत समान दुःख छन् । यिनले घेरिएको मूढ मनुष्य पराधीन भएर संसारमा सदा भौंतारिदै रहन्छ ॥३५॥

जब यी दुःखहरू परवश मनुष्यमा आईपर्छन् । दुःख-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाशको उपाय मनमा संझना हुँदैन। त्यसबखत एकमात्र रक्षक धर्म नै हुन्छ ॥३६॥

आयु बिजुली झैं एक छिन चंकने मात्र हो। इन्द्रियको सुखभोग पनि क्षणिक छ। यो जगत् मृत्युको मुट्ठीमा छ। केवल धर्ममात्र अचल छ ॥३७॥

हे बाबु, युद्धमा देवताहरूलाई पनि जितेका इन्द्रसमान शक्तिशाली राजाहरू पनि अन्तमा दुःखभागी बने ॥३८॥

कालले गर्दा पृथ्वी विलीन हुन्छिन्। प्रलयको अग्निले सुमेरु बल्दछ। समुद्र सुक्छ। मनुष्य प्राणीको त के कुरा? ॥३९॥

वायु बेसरी घुमी रोकिन्छ। सूर्य तातेर तल्तिर खस्छन् आगो बलेर निभ्दछ। संसारमा सबै वस्तु परिवर्तनशील छन् ॥४०॥

मनुष्य ठूलो सावधान भएर निरन्तर यस देहको पालना गर्दछ। अनेक किसिमका उपभोगको सामग्रीलाई प्यारो गर्दछ। तर पनि यो बन्दैन (जीवित रहँदैन) ॥४१॥

संसारको यस्तो स्थिति छ। मनुष्यहरू मान, मोह तथा मदमा मत्त भएर सुखरूपी पलङ्मा सुत्दछन्; तर हे भूपते, तिमी नसुत ॥४२॥

चंचल संसाररूपी पीड०मा चढेका मूढ मनुष्य संसारमा विश्वास गर्छन्, तर निश्चत र नजीकमा आएको मृत्युलाई देख्दैनन् ॥४३॥

हे पापरहित! जो परिणाममा दुःखदायी छ, तिमीले त्यसको सेवन नगर्नू। जसको फल खराब छ, त्यस्तो काम पनि नगर्नू ॥४४॥

जसमा मित्रमा हुनुपर्ने सुन्दर गुणहरु छैनन्, त्यो मित्र होइन। यस्तै जसमा दुःख नाश गर्ने शक्ति छैन, त्यो उत्तम ज्ञान ह्वैन ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे राजेन्द्र ! यदि तिमीमा ज्ञान छ भने निश्चय नै तिम्रो जन्म हुनेछैन । हे वत्स ! कुनै तरहबाट जन्म भए पनि त्यो रूपरहित हुनेछ ॥४६॥

अनित्य,अमंगलको घर, यो शरीर, यदि तिमी बारम्बार धारण गरिरहन्छौ भने विषयबाट मुक्त हुनेछैनौ ॥४७॥

रूप नभएका देवताहरु पनि कर्मका अधीन र अनित्य छन् । तिमी निवृत्ति मार्गमा मन लगाऊ । प्रवृत्ति मार्गमा शान्ति छन ॥४८॥

गति, स्थिति र क्रिया (काम) को आधार भएको यो शरीर दुःखको कारण छ । अतः निर्वाण ज्ञान गर्नाले चाँडै नै शारीरिक ऋण नाश हुनेछ ॥४९॥

वासना नै जन्मको मूल कारण हो । प्रणीहरूले जन्म लिनु नै दुःख हो । अतः वासनाबाट मुक्त भएको व्यक्ति सबै दुःखबाट मुक्त हुन्छ ॥५०॥

साकारमा, निराकारमा र देवताहरूमा पनि वासना रहन्छ । यसबाट प्रवृत्तिको निवारण हुँदैन । त्यसैले बारंबार जन्म हुन्छ ॥५१॥

जो पुरुष छ प्रकारका काम-वासनाहरूका क्षेत्रमा विचरण गर्दछन, तिनीहरूको पुनर्जन्म र प्रवृत्ति कसरी रोकिन सक्छ ? ॥५२॥

यही नै परम क्षेम हो । यो नै परम बुध्दि हो । यही नै परम ज्ञान हो । यसभन्दा अरु केही छैन ॥५३॥

यो गृहस्थको धर्म ह्वैन भनी तर्क वितर्क नगर्नू । गृहस्थ होस् वा वनमा रहने होस्, जो शान्ति पाउँछ, त्यही नै बाँच्दछ ॥५४॥

घामले तातेका पुरुष पानीमा पसी सुखी हुन्छन् । मेघको वर्षाले सबैलाई सुख हुन्छ । बत्तीले अन्धकारमा पनि सबै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिन्छ । त्यसैले कसैको पनि आयु आदर-योग्य हुँदैन, योग नै आदरणीय हुन्छ ॥५५॥

कुनै कुनै मानिस कहिलेकहीं बूढो भएपछि वनमा बस्छन् । तर ती योगकर्ममा लाग्न सक्तैनन् । व्रतभङ्ग हुनाले उनको अधः पतन हुन्छ ॥५६॥

अरु घरमा रहेर पनि सदा आफ्नू कर्ममा लागेका सावधान र पूर्णशुद्ध रहन्छन् भने ती नैष्ठिकपद प्राप्त गछंन् ॥५७॥

यस तरहका ती मानिसहरू अज्ञानान्धकार रूपी सागरमा, वासनारूपी लहरमा, जन्मरूपी जलमा डुब्दै उत्रँदै रहन्छन्, तर पराक्रम र राम्रो बुद्धिरूपी दाबिलो (पतवार) ले युक्त ज्ञानरूपी नाउद्वारा ती पार हुन्छन् ॥५८॥

त्यसपछि राजाले ती मुनि गौतमको मुखबाट धर्म-सहितको ज्ञान प्राप्त गरी आफ्नू राज्यलाई नश्वर संझी फेरि उनी श्रावस्तीमा फर्के ॥५९॥

यस तरहबाट नम्र भएको राजालाई देखी मुनिका डाह गर्ने पण्डितहरूले उनलाई जित्ने इच्छाले आग्रह गर्दै दिव्य शक्ति देखाउने आग्रह गरे ॥६०॥

राजाको पनि अनुरोध हुँदा ती जितेन्द्रिय श्रेष्ठ मुनिले आफ्नू दिव्य महात्म्य देखाउन आरम्भ गरे ॥६१॥

जसरी सूर्यनारायण तारा-समूहलाई प्रभाहीन गरी उदाउँछन्, त्यसरी नै तथागत पनि आफ्नू तेजले प्रकाशमान भै नायकको रूपमा प्रकाशित भए ॥६२॥

अरु अरु पनि अत्यन्त आश्चर्यजनक दिव्य शक्तिहरूको प्रदर्शन गरी तथा ती सबै नाना मतका प्रतिपादक गुरुहरूलाई पराजय गरी उनले सन्तोष गरे ॥६३॥

सिद्धिको दर्शन पाएपछि श्रावस्तीमा बस्ने जनहरूले पूजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएका ती बुद्ध आफ्नी आमालाई धर्मको दीक्षा दिन स्वर्गमा गए ॥६४॥

त्यहाँ उनी आमालाई दीक्षा दिई चतुर्मास बसे, तथा देवताहरूबाट भिक्षा ग्रहण गरी पुनः पृथ्वीमा प्रस्थान गरे ॥६५॥

शान्ति प्राप्त गरेका देवगण स्वच्छ हृदयले आफ्ना आफ्ना विमानमा बसेर आँखाले पृथ्वीतिर ओर्लें झैं घेरैबेर सम्म बुद्धलाई हेरिरहे । पृथ्वीका घेरै राजाहरूले माथितिर मुख फर्काई सूर्यसमान तेजस्वी ती बुद्धको सम्मान गर्दै हात जोडी उच्च स्वरमा जयजयकार गर्दै उनलाई प्रणाम गरे ॥६६॥

बीसौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

एक्काईसौं सर्ग

संन्यासको झरना

तथागतले आफ्नी आमा र देवताहरुलाई दीक्षा दिई यस पृथ्वीतलमा योग्य मनुष्यलाई दीक्षा दिन भ्रमण गरे ॥१॥

उनले पाँच पहाडको बीचमा बसेको गाउँमा ज्योतिष्क, जीवक, शूर, श्रेण र अङ्गदकलाई दीक्षा दिए ॥२॥

उनले दुई अन्त (अर्थात् नित्यता र विनाश) को मतलाई मान्ने अभय, उपालि, श्रीगुप्त, न्यग्रोध आदि राजाहरुलाई त्यस मतबाट विमुख पारिदिए ॥३॥

बुद्धले गान्धार देशका राजा पुष्करलाई पनि दीक्षा दिए। जसले दीक्षित हुनासाथ तुरन्त राज्यलक्ष्मी त्याग गरे ॥४॥

त्यसपछि फेरि महान् तेजस्वी बुद्धले विपुल नामक पर्वतमा हैमवत र साताग्र नाम भएका दुई यक्षलाई पनि उपदेश दिए ॥५॥

धर्मज्ञमा श्रेष्ठ भएका ती बुद्धले जीवकको आम्रवनमा राती पाँच शय भार्याले सहित भएका अजातशत्रुलाई बौद्धधर्ममा दीक्षा दिए ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि बुद्धले पाषाण पर्वतमा कल्याण मार्गमा लागेका पारायण नामका श्रेष्ठ ब्राह्मणलाई आधी गाथामा बताएको ज्ञानद्वारा दीक्षित गरे ॥७॥

त्यसपछि नन्दकी पतिव्रता आमाले वेणुकण्टक नामक स्थानमा बुद्धसँग दीक्षा लिइन् । उनी पृथ्वीमा छिपेको सम्पत्ति लाई आफ्नू दृष्टिले हेर्न सक्थिन् ॥८॥

जितेन्द्रिय बुद्धले स्थाणुमती नामक सुन्दर नगरमा यज्ञको इच्छा गर्ने नीरोग कूटदन्त ब्राह्मणलाई निर्वाण धर्ममा प्रवेश गराए ॥९॥

त्यसपछि विदेह नामक पर्वतमा बसेका पञ्चशिख आदि राक्षस र देवताहरुलाई पनि धर्ममा दृढ विश्वास भया ॥१०॥

त्यसपछि उनले अङ्ग नगरमा श्रेष्ठ, पिंगल, चण्ड, दण्ड र श्वेत आदि नाम भएका नागलाई तथा पूर्णभद्र नामक यक्षलाई दीक्षा दिए ॥११॥

अनि बुद्धले आपण नाम भएको नगरमा स्वर्गको इच्छाले तपस्या गर्ने केन्य र शेल नाम भएका उत्तम ब्राम्हणलाई निर्वाण मार्गमा लगाए ॥१२॥

भगवान् बुद्धले सौदास जस्तो क्रूर अङ्गुलिमाल नाम भएको ब्राह्मणलाई आफ्नो दिव्य शक्तिको प्रभावले गुह्यकहरुको अगाडि नम्र बनाए ॥१३॥

त्यसपछि महातेजस्वी बुध्दले भद्रदेशमा कुनै भद्रपुरुषको शान्त, दान्त, उदार, समृद्ध, सुखी, पूर्णभद्र जस्तै धनी, मेण्ढक नामक पुत्रलाई दिव्य सम्यग् दृष्टि दिए ॥१४-१५॥

त्यसपछि ती बोल्नमा सिपालु बुद्धले विदेह नगरमा ब्रम्हाको जस्तै लामो आयु भएका ब्रह्मायुलाई शास्त्रार्थमा जिते ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती बुध्दले वैशालीको जलाशयमा बस्ने अत्यन्त दुष्ट मासु खाने मर्कट नाम भएको राक्षसलाई पनि बुध्द-धर्ममा दीक्षित गराए ॥१७॥

दयालु मन भएका ती भगवान् बुध्दले उत्तर, सत्यक, सिंह आदि सबै लिच्छविहरुलाई दीक्षित गराए ॥१८॥

आर्यकर्मा ती बुद्धले अलकावती सहरमा रात्रो विचार भएका भद्र नाम भएका यक्षलाई सुगत-धर्ममा दीक्षित गरे ॥१९॥

ती भगवान् बुद्धले ठूलो जङ्गलमा घुंदा जङ्गली यक्षलाई र कुमार हस्तकलाई हितकारी शिक्षा दिए ॥२०॥

उनले नागायन नामक यक्षराजलाई निर्वाण मार्गको उपदेश दिए। ती यक्षराजले पनि निर्वाणदर्शी (निर्वाणको दर्शन गर्ने) बुद्धलाई प्रणाम गरे ॥२१॥

त्यसपछि ती शिक्षक बुद्धले गयाको गुफामा बस्ने ऋषिहरुलाई तथा शूचीलोम र खर नामक दुई क्रूरकर्मा यक्षलाई पनि धर्मको उपदेश दिए ॥२२।

त्यसपछि काशीमा ती दशबल बुद्धले असितका भानिज श्रेष्ठ कात्यायन नामका ब्राम्हणलाई पूर्णरूपले दीक्षित गरे ॥२३॥

त्यसपछि दिव्य प्रभाव भएका ती गौतम बुध्दले शूर्पारक नगरमा स्तवकर्णी नाम भएका प्रसिध्द सेठलाई उपदेश दिए ॥२४॥

ती साहूको बुध्दमा अत्यन्त श्रध्दा भएकोले एउटा दिव्य आनन्दले पूर्ण चन्दनले बनी भएको विहार बनाई मुनिलाई दिए ॥२५॥

मुनिको चरणचक्रले अङ्कित (चिन्ह) शिलाखण्ड (पत्थर) भएको महीवती नगरीमा मुनिले कपिल नाम भएका तपस्वीलाई बुध्द बनाए ॥२६॥

ती दुःखीमा दया गर्ने श्रेष्ठ मुनिले वरणमा वारण नाम भएको यक्षलाई र मथुरामा डरलाग्दो गधालाई दीक्षित गरे ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनले स्थूल कोष्ठक नाम भएको सहरमा राजाको जस्तै ऐश्वर्य भएको राष्ट्रपाल नाम भएको व्यक्तिलाई दीक्षा दिए ॥२८॥

त्यस्तै बिरंजा शहरमा ब्रह्मा जस्तै वेद जान्ने ब्राह्मणले तथा कल्माषदम्य नामको स्थानमा भारद्वाजले दीक्षा लिए ॥२९॥

त्यसपछि मुनिले श्रावस्तीमा गई निर्ग्रन्थहरू, नप्तृपुत्रहरू, सभिय तथा तीर्थिकहरूको अज्ञानरूपी अन्धकार हटाए ॥३०॥

त्यसपछि पुष्कल, सादी याज्ञिक, कोसलराज तथा जाति श्रेणी ब्राम्हण पनि बुद्धधर्ममा दीक्षित गरिए ॥३१॥

शेतविक वनमा असल शिक्षक ती मुनिले ब्राह्मण जस्तो एउटा मैना र एउटा सुगालाई विद्या पढाए ॥३२॥

जङ्गली, नागर, क्रूरकर्मा, कालक तथा कुम्भीर यी सबैले बुद्ध-धर्म ग्रहण गरे ॥३३॥

अनि उनले भार्गसहरूको बीचमा रहेका भेषक नाम भएको यक्षलाई दीक्षा दिए। त्यस्तै नकुलका वृद्ध माता-पितालाई पनि दीक्षा दिए ॥३४॥

त्यस बखत उनले कौशाम्बी सहरमा धनी घोषल तथा अरु महाजनहरू, कुब्जा, उत्तरा आदि स्त्रीहरू सबै-लाई सद्धर्ममा दीक्षित गरे ॥३५॥

ती गौतमले गान्धार देशमा रहने अपलाप नाम भएको सर्पलाई आफ्नो प्रभावले नम्र, विषहीन र जितेन्द्रिय बनाए ॥३६॥

त्यसपछि उनले काल भैं संसार जलाउन समर्थ भएका घेरै सर्पहरूलाई क्रमैले दीक्षा दिंदै धर्मको उपदेश दिए ॥३७॥

अरु जलमा रहने र आकाशमा घुम्ने प्राणीहरूलाई दीक्षा दिनाले बुद्धको कीर्ति पूर्णिमाको समुद्र भैं बढ्न थाल्यो ॥३८॥

परन्तु बुद्धको यस्तो उन्नति देखी देवदत्त रिसाए। उनी द्वेषले गर्दा संयम छोडी घेरै कुकृत्य गर्न लागे ॥३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनले मनमा द्व ष लिएकाले संघमा फूट पारे। बुद्धलाई स्नेह गर्नुको बदला कष्ट दिन तत्पर भए ॥४०॥

मूर्ख बुद्धि भएका देवदत्तले मुनिको लक्ष्य गरी गृध्रकूट पर्वतबाट एउटा पत्थर खसाले, तर भाग्यले त्यो पत्थर मुनि भएको ठाउँमा नखसी अन्यत्रै टुक्रा टुक्रा भएर खस्यो ॥४१॥

ती देवदत्तले बुद्धको लक्ष्य गरी राजमार्गमा एउटा यमराज जस्तो हात्ती छोड्यो, जुन हात्ती आँधीजस्तो गरी दौडन्थ्यो र मेघजस्तो गर्जन्थ्यो ॥४२॥

त्यो यमस्वरूप हात्ती दौडनाले मरेका मनुष्यहरूको आन्द्रा, भुँडी, हाड, रगतको अधिक्यले सबै राजमार्ग दुर्गन्धी हुँदा हिंड्न कठिन थियो ॥४३॥

त्यो हात्ती मत्त भएर दाह्रा घसी जाँघ फोर्दथ्यो तथा आफ्नो सूँडले आन्द्राहरू निकाली आकाशमा फ्याँक्थ्यो ॥४४॥

त्यस बखत रगतमा मुछिएको त्यस हात्तीको रूप प्रलयकालको भयानक विकराल कालको जस्तो थियो ॥४५॥

गनाएको मासु र बोसो टाँसिएको, रगतले रँगिएको, क्रोधले मत्त भएर दौडने, त्यस हात्तीलाई देखी डराएका नगरवासीहरू चाँड चाँडै नै दौडन थाले ॥४६॥

त्यस हात्तीलाई कालको दण्ड झैं भयङ्कर, प्रलयकालका अग्निको ज्वाला झैं आँखा, गर्जने, कठोर रूप भएको देखेर सहरमा बस्ने मानिसहरू हाहाकार गर्न लागे ॥४७॥

कुनै सहरबाट बाहिर भागे, कोही अर्काको घरभित्र पसे। कोही आफूमात्र भागे। कोही अत्यन्तै डराएर लुके ॥४८॥

सिंहजस्तै पराक्रम भएका कुनै मनुष्यहरू 'यस हात्तीले बुद्धलाई दुःख नदेओस्' भन्ने यस्तो विचार गरी आफ्नो प्राणको पनि वास्ता नगरी हात्ती भएतर्फ दौडे ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै माहुतेलाई बोलाउन थाले। कुनै हात्तीलाई नै तर्साउन लागे। कुनै लोभ्याउन थाले। कुनै हात जोडेर प्रसन्न गराउन लागे ॥५०॥

कौसीमा बसेका स्त्रीहरू हात पसारी रुन थाले। कुनै डरले व्याकुल हुँदै हातले आँखा ढाकी ढाकी रुन थाले ॥५१॥

त्यो दुष्ट, हिंसा गर्न तत्पर भएको हात्ती, दुःखले व्याकुल मनुष्यले रोक्दा रोक्दै पनि चाँडै नै बुद्धको अगाडि दौडेर आयो ॥५२॥

तर पनि बुध्द मौन, शान्त, अविचल र स्थिरचित्त नै रहे। उनी न त डराए, न उभिए, न रिसाए। तर अगाडि हिंड्दै रहे ॥५३॥

जुन बुद्धको सबै प्राणीमा दया र मित्रता छ तथा जुन बुद्धका देवताहरु पनि पछि लाग्छन, उनै बुद्धलाई हात्ती कसरी द्रोह गर्न सक्ला ? ॥५४॥

त्यस मत्त हात्तीलाई देखी बुद्धका सबै अनुचर शिष्यहरु टाढैदेखि भागे। खालि एउटा आनन्दमात्र छाया झैं उनको पछि लागे ॥५५॥

रिसाएको त्यो हात्ती दौडदै जब मुनिको नजीकमा आयो, तब मुनिको दिव्य प्रभावले भित्र ज्ञान उत्पन्न भए झैं भयो ॥५६॥

उसले आफ्नो शरीर झुकाई, पखेटा काटिएको पर्वत झैं सूँड नीचा गरी, शिर निहुराउँदै मुनिका चरणको स्पर्श गऱ्यो ॥५७॥

जसरी सूर्यले बादलमा आफ्नो किरणहरु फैलाउँछन्, त्यस्तै गरी सर्वज्ञ मुनिले गजराजको शिरमा आफ्नो सुन्दर हात राखे ॥५८॥

जलसहितको मेघ झैं अचल कान भएको त्यो हात्ती झुकेको देखी त्यस महान् हात्तीलाई मुनिले शम धर्मको उपदेश दिए ॥५९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै प्राणीहरुको हिंसा नगर । विशेष गरेर निरपराधको हिंसा ता गर्दै नगर । हे हात्ती, हिंसा गर्नाले सात जन्ममा पनि कल्याण प्राप्ति हुँदैन ॥६०॥

काम, मोह, घृणा यी तीन मद हुन् । यिनलाई जित्न बडो कठिन छ । यिनलाई जितेर नै मुनि मुक्त हुन्छन् । हे गजराज ! तिमी पनि त्यस्तै बन ॥६१॥

अन्धकार (अज्ञान) मा आसक्ति छोडी स्वाभाविक गतिमा आऊ । हे हात्ती ! तिमी काममा आसक्त भै फेरि यस संसाररूपी हिलोमा नखस ॥६२॥

बुद्धको यस्तो वचन सुनी त्यो हात्ती मदरहित भै स्वाभाविक गतिमा आयो । उसले अमृत पान गरे झैं परम आनन्द पायो ॥६३॥

क्रोध छोडेको त्यस हात्तीले चाँडै नै मुनिको चरणमा प्रणाम गऱ्यो । त्यसपछि हर्षले प्रसन्न मुख भएका मनुष्यहरुले बुद्धको जयजयकार गरे ॥६४॥

उनीहरुले मुनिको निर्मल कीर्तिको गान गरे । कुनै हात्तीको आर्यपनालाई प्रशंसा गर्न लागे । बुद्धको पूजा गर्न लागे । कुनै गजराजको पूजा गर्नथाले ॥६५॥

सहर र राजभवनदेखि हजारौंको संख्यामा आएका नारीहरुले वस्त्र र गहनाद्वारा मुनिको संमान गर्न लागे ॥६६॥

हात्ती पनि राम्रो विद्या पाएको विद्यार्थीसमान नम्र भै, शिर निहुराई, नेत्र (आँखा) बन्द गरी बुध्दको नगीचमा बस्यो ॥६७॥

जुन मनुष्यहरुलाई पहिले धर्ममा श्रध्दा थिएन । अब उनलाई पनि श्रद्धा हुन थाल्यो । जसलाई पहिले अलिकता श्रद्धा थियो, अब उसको श्रध्दा बढ्यो ॥६८॥

अजातशत्रुले राजभवनबाट मत्त हात्तीले बुद्धको समक्ष निहुरेको देखी उनलाई अत्यन्त आश्चर्य, भय तथा बुध्दमा श्रध्दा पनि भयो ॥६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो कलियुग बिती सत्ययुग आउँदा धर्म, अर्थ, दुबैको वृध्दि हुन्छ, त्यस्तै बुध्दको पनि शुभयश र शुभधर्म दुबै बढ्दै गयो ॥७०॥

देवदत्त आफ्नो दुष्टताले गर्दा मुनिका सम्बन्धमा अत्यन्त पाप र अति निन्दित कर्म गरी राजा, प्रजा, मुनि र ब्राह्मणद्वारा निन्दित भई अधोगतिमा गिऱ्यो ॥७१॥

एक्काईसौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

बाईसौं सर्ग

आम्रपालीको उपवनमा

तथागतले समय बित्तै जाँदा संसारमा दया गरी आफ्नो धर्मको स्थापना गरेर निर्वाणतर्फ बुद्धि लगाए ॥१॥

केही समयपछि उनी राजगृहबाट पाटलिपुत्र (पटना) आए। कालका ज्ञाता ती बुद्ध त्यहाँ उनैको नामबाट प्रसिद्ध भएको पाटलिपुत्र चैत्यमा बसे ॥२॥

मगधराजका मन्त्री वर्षकारले त्यहाँ लिच्छविहरुका निंति एउटा बलियो शरण पाउन योग्य किल्ला बनाएका थिए ॥३॥

त्यस किल्लामा स्वर्गबाट देवताहरुले धन ल्याउन लागेको बुद्धले देखे। त्यो देखेर उनले भने संसारमा यो प्रसिध्द एउटा नगर हुनेछ ॥४॥

काम गर्न जान्ने वर्षकारले ती बुध्दको विधिपूर्वक पूजा गरे। त्यसपछि उनी सिन्धुपत्नी गंगाको किनारमा आए ॥५॥

भगवान् बुद्ध जुन ढोकाबाट निस्के, वर्षकारले त्यस ढोकाको नाम 'गौतमद्वार' भनी राखे ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसाररूपी सागरको पार देख्ने योगका ज्ञाता ती बुद्ध, गङ्गाको किनारमा पुगेर अनेक प्रकारका चित्र विचित्रका नाउमा चढी पार जान लागेका मनुष्यहरुलाई देखी विचार गर्न लागे ॥७॥

मैले पनि नाउद्वारा गंगाको पार जानु उचित छैन। अतः मैले योगबलद्वारा चाँडै नै उसपार जानु पर्दछ ॥८॥

त्यसपछि उनी हेर्ने मनुष्यहरुको दृष्टिमा अन्तर्धान भई सबै शिष्यहरुका साथ, योगबलद्वारा नै हाबाभन्दा चाँडो आकाशमार्गबाट उसपार गए ॥९॥

दुःखको समुद्र ज्ञानरूपी नाउद्वारा नै पार गर्न सकिन्छ भनी जान्ने ती जितेन्द्रिय बुद्धले सांसारिक काठको नाउबिना नै गंगा पार गरे ॥१०॥

त्यस बखत ती मुनिलाई यसरी पार भएको देखी, त्यहाँ गङ्गाको पार गर्न इच्छा गर्ने, पार गरिरहेका र पार गरिसकेका सबै मनुष्य आश्चर्यमा परे ॥११॥

ती इन्द्रिय वश गरेका भगवान् बुद्ध जुन घाटबाट गङ्गाको पार गए, त्यस ठाउँको नाउँ संसारभर 'गौतमतीर्थ' ले प्रसिद्ध भयो ॥१२॥

त्यसपछि गौतम बुद्ध गंगाको तीरबाट कुर्ट ग्राममा गए। त्यहाँ उनले शमधर्मको उपदेश दिए। अनि उनी नादीग्राम गए ॥१३॥

त्यहाँ धेरै मानिस मरेका थिए। ती मध्ये को कुन लोकमा के भएर जन्मेको छ, त्यो सबै उनले बताए ॥१४॥

उनी त्यहाँ एक रात बसी वैशाली सहरमा गए। त्यहाँ उनी आम्रपालीको उपवनमा दुःखी गरीबहरुको कल्याण गर्दै रहन लागे ॥१५॥

मुनि आउनुभएको समाचार सुनी प्रसन्न भएकी ती सुन्दरी आम्रपाली रथमा चढी बुद्ध भएको ठाउँमा गइन् ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनी पूजा गर्न निस्केकी कुल-बधू जस्तै सादा वेषमा, सेतो वस्त्र लगाएकी, माउर, गाजल, अङ्गराग–गहनाहरु त्यागी विनम्र भएर आइन् ॥१७॥

उनी सदा सुन्दरताको अभिमान र यौवनको मत्तपनाले लिच्छविहरुको मन र धनलाई हरण गर्दथिन् ॥१८॥

आफ्नो रूप र यौवनको गर्वमा डुबेकी, सुन्दर अङ्ग भएकी उनी वनदेवी झैं रथबाट ओर्ली चाँडै नै शान्त उपवनतर्फ प्रवेश गरिन् ॥१९॥

चंचल नेत्र भएकी तथा कुलबधुद्वारा निन्दा गरिएकी ती आम्रपालीलाई देखेका ऋषि बुद्धले मेघसमान गम्भीर स्वरमा शिष्यहरुलाई भने ।२०॥

दुर्बल मनुष्यको मनलाई पीडा दिने सुन्दरी आम्रपाली आइरहेकी छन् । अतः तिमीहरु बोधरूपी औषधीले आफूलाई संयम गरी ज्ञानमा स्थिर होऊ ॥२१॥

ज्ञान र विज्ञानले रहित भएका पुरुषहरुको निंति स्त्रीको नजीक रहनुको अपेक्षा शस्त्रधारी शत्रु अथवा सर्पको नजीक रहनु धेरै असल हुन्छ ।२२॥

सुतेकी, बसेकी, उभिएकी, हिंडेकी अथवा चित्रमा लेखिएकी स्त्रीले पनि हरेक अवस्थामा पुरुषको हृदयलाई हरण गर्दछन् ॥२३॥

आपत्तिमा परेकी, रुन लागेकी, दुःखी, कपाल छरिएकी, अथवा भयङ्कर अग्निमा जल्न लागेकी भए पनि पुरुषको हृदय आकर्षक नै हुन्छन् ॥२४॥

स्त्रीहरु बनाएको सिंगारपटारले आफ्नो भित्रको दोषलाई छिपाउँछन् । देखावटी गुणहरुले मूर्खहरुलाई मोहमा पारी नष्ट पार्दछन् ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्रीहरु दुःखमय, अनात्मस्वरूप, अपवित्र र अनित्य हुन्छन् भनी संझने पुरुषको मनलाई हरण गर्न सक्तैनन् ॥२६॥

जुन पुरुषको मनले, भोग प्रत्यक्ष विष हो भन्ने जानेको छ, उसलाई योग नाश गर्ने भोगले मोहमा पार्न सक्तैन ॥२७॥

त्यसैले प्रज्ञा रूपी बाण, शक्तिरूपी धनु हातमा धारण गरी स्मृतिरूपी कवच लगाई भोगरूपी गर्भको विचार गर ॥२८॥

चंचल चित्तले चंचल नेत्र भएका स्त्रीहरुको मुख हेर्नु भन्दा, ततापको सुइरोले आफ्नो आँखा पोल्नु नै धेरै असल हो ॥२९॥

विषयको चिन्तन गर्ने पुरुष जब अन्त्यमा शरीर त्याग्दछ, तब त्यो अन्त्यमा निश्चय नै विवश भएर नर्कमा अथवा पशुयोनिमा पर्दछ ॥३०॥

त्यसैले यो भय जानी बाहिरी रूपमा गिर्नु हुँदैन । जो शुद्ध आन्तरिक (भित्रको) रूपलाई देख्दछ, त्यो नै ठीक देख्दछ ॥३१॥

न विषयहरूको वशमा इन्द्रिय छन् , न इन्द्रियहरूको वशमा विषय छ । जो व्यक्ति विषयको कामना गर्दछ, त्यही नै त्यसबाट बाँधिन्छ ॥३२॥

विषय र इन्द्रियहरू परस्परमा एक अर्कोसंग बाँधिएका छन् । जस्तो दुई गोरु एउटै जुवामा बाँधिएका हुन्छन् ॥३३॥

आँखाले रूप देख्दछ । त्यसपछि मनले ध्यान गर्छ । त्यही ध्यानद्वारा कामनाको उत्पत्ति हुन्छ तथा निष्कामताको पनि उत्पत्ति हुन्छ ॥३४॥

भोगहरूको राम्रो विचार नगरी सेवन गर्नु नै दुःखको कारण हो । निश्चयपूर्वक विषयमा आसक्ति हुनु नै मनुष्यका विपत्तिको मूल कारण हो ॥३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैले तिमीहरूले स्मृतिलाई नबिर्सी, आफ्नो हितको ध्यान गर्नु पर्छ तथा सावधान भएर आफ्नो स्वरूपको ध्यान राख्नु पर्छ ॥३६॥

यसरी रूपको उसपारमा नपुगेका शिष्यहरूलाई उपदेश दिन लागेका बुद्धको अगाडि ती सुन्दरी आम्रपाली हात जोडेर उभिइन् ॥३७॥

वृक्षको छायामनि नेत्र बन्द गरेर बसेका मुनिलाई देखी तथा उनैले बगैंचाको उपभोग गरेको जानी आम्रपाली प्रसन्न भइन् ॥३८॥

उनले स्वभावले नै चंचल भएका आफ्ना आँखालाई प्रयत्नपूर्वक सम्हाली श्रद्धाले नम्र र शान्त भै ती सर्वज्ञ मुनिलाई प्रणाम गरिन् ॥३९॥

मुनिको आज्ञा पाएकी उनी बसिन् । उनले दुबै हात जोडेकी थिइन् । मुनिले उनले संझन सक्ने, रात्रा धर्मयुक्त शब्दमा यस्तो भने ॥४०॥

तिम्रो विचार पवित्र रहेछ । तिम्रो मन पनि पूर्णतः शुद्ध छ । तर पनि युवती स्त्रीहरूमा धर्मको जिज्ञासा हुनु कठिन छ ॥४१॥

आपत्तिमा परेका स्त्रीहरूको, रोगीहरूको, संयमी पुरुषको तथा बुद्धिमान्हरूको अवश्य नै धर्ममा रुचि हुन्छ । यसमा संदेह छैन ॥४२॥

स्वभावले नै चञ्चल इन्द्रिय भएका युवती स्त्रीहरू विषयभोगले पूर्ण भएको यस संसारमा धार्मिक कर्मको पोषण गर्दछन् भने यो आश्चर्यको कुरा हो ॥४३॥

यही नै तिम्रो श्रेष्ठ धन हो, जो तिम्रो मन धर्मतर्फ लागेको छ । यस अनित्य संसारमा धर्म नै सर्वोत्तम धन हो ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयु बितेपछि यौवन नष्ट हुन्छ । मरणमा जीवन नष्ट हुन्छ । रोगले शरीरको नाश पार्छ, तर धर्मको नाश कसैले पार्न सक्तैन ॥४५॥

सुखको पछि लाग्ने मनुष्यहरुलाई अवश्य नै कहिले कहीँ अप्रिय वस्तुसँगको संयोग र प्रिय वस्तुको वियोग हुन्छ । अतः केवल धर्ममार्ग मात्र अचल र अटल छ ॥४६॥

पराधीनतामा अत्यन्त दुःख हुन्छ । स्वाधीनतामा ठूलो सुख छ । मनुष्यमात्रमा उत्पन्न स्त्रीहरु सबै पराधीन छन् ॥४७॥

स्त्रीहरुलाई अर्कोको अधीनमा रहनु परेकोले र प्रसव वेदनाले ठूलो दुःख हुन्छ । अतः हे आम्रपाली ! तिमीले कुनै उचित सिद्धान्तमा (निष्कर्षमा) पुग्नु पर्छ ॥४८॥

यद्यपि आम्रपाली तरुनी थिइन्, तर पनि बुद्धिको गम्भीरता र शुद्ध आशय (विचार) ले गर्दा वृद्धा जस्ती उनले मुनिको वचन प्रसन्न भएर सुनिन् ॥४९॥

उनले मुनिको धर्मयुक्त वचन सुनी आफ्नो मनमा रहेको सबै वासना त्यागिन् । आफ्नो स्त्रीभावलाई तुच्छ जानी वेश्यावृत्तिमा पनि घृणा गर्न लागिन ॥५०॥

आँपको फुलेको मञ्जरी जस्तै ती आम्रपाली मुनिको चरणमा (निहुरिन्) परिन् तथा धर्म भावनामा डुबेर फेरि उठिन् ॥५१॥

ती नारी अत्यन्त उत्कट जिज्ञासा हुनाले त्यसबाट प्रेरित भई,दुवै हात जोडी मधुर स्वरमा बुद्ध भगवान्लाई भन्न लागिन् ॥५२॥

हे देव ! तपाईंले लक्ष्य प्राप्त गरी भवसागर पार गर्नु भएको छ ! हे साधो ! मेरो धर्मलाभका निंति भिक्षा सफल गर्नुहोस् ॥५३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुनिले संसार अन्नको आश्रित जानी तथा उनको अटल भक्ति देखेर प्रसन्नतापूर्वक मौनभावले नै आफ्नो स्वीकृति दिए ।।५४।।

जस्तो कुशल खेतीवाल राम्रो समयमा खेतमा बीज रोपी सन्तुष्ट हुन्छ, त्यस्तै ती कालवेत्ता मुनि पनि आम्रपालीलाई विधिपूर्वक उपदेश गरेर सन्तुष्ट भए ।।५५।।

बाईसौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेईसौं सर्ग

आयुको निर्णय

यसपछि ती आम्रपाली मुनिको आशय जानी उनलाई प्रणाम गरी आफ्नो घरतर्फ गइन्। लिच्छविहरु यो समाचार सुनी मुनिको दर्शन गर्न उत्सुक भए ॥१॥

कसैका हात्ती, घोडा, हार, कपडाहरू सेता थिए। कसैका छाता, ध्वजा, रथहरू नीला र कसैका पँहेला थिए ॥२॥

धेरै मोल पर्ने माणिक तथा मोतीहरूले युक्त धेरै मोल पर्ने चित्र विचित्रका गहना लगाएका र आफ्ना आफ्ना मनको अनुकूल वस्त्र धारण गरेका ती लिच्छविहरू घरबाट निस्के ॥३॥

चौडा छाती, साँढेका जुरोसमान काँध, शङ्ख जस्तो घाँटी, सुन्दरमुख, घुँडासम्म पुग्ने लामा हात भएका ती सबै स्वर्गका देवता झैं शोभा पाएका थिए ॥४॥

जुन बखत तिनले आफ्ना वाहनबाट ओर्लन शरीर चलबलाएका थिए, त्यसबखत बिजुली चंकदाको सन्ध्याकालको मेघको शोभा पाए ॥५॥

उनीहरूले चंचल पगरी लगाएका शिरले पृथ्वीको स्पर्श-गरी मुनिलाई प्रमाण गरे। यद्यपि ती अभिमानी थिए, तर पनि धर्मको लोभले तल बसे ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धको सम्मुख बसेको स्वच्छ चित्रविचित्रको लिच्छविहरुको मण्डलले मेघरहित सूर्यका नगीचमा रहेको इन्द्रधनु झैं शोभा पायो ॥७॥

त्यसपछि लिच्छविहरूका राजा सिंह सुवर्णले बनेको मनोहर सिंहसनमा बसे। अरू सबै पृथ्वीमा बसे ॥८॥

त्यसपछि देश, कालको ज्ञानमा श्रेष्ठ भगवान् बुद्धले धर्म, यश र आयु बढाउने मनोहर वचन भने ॥९॥

हे राजन्! तिम्रो धर्ममा जुन यो उज्वल भक्ति भएको छ, त्यो राज्य, रूप र बलभन्दा पनि अत्यन्त मूल्यवान् छ ॥१०॥

तिमीलाई शील (सात्त्विक भाव) ले जति शोभा दिएको छ, त्यो तिम्रो सुन्दर रूप, गहना तथा धेरै मोल पर्ने कपडाहरूले दिएको छैन ॥११॥

यी वृज्जियहरू कृतार्थ र भाग्यमानी रहेछन् भनी म संझन्छु, जसका तिमी जस्ता सत्यको खोज गर्ने र धर्मज्ञ राजा छन् ॥१२॥

यस संसारमा धर्मात्मा, क्रोध नभएका, सत्य प्रतिज्ञा गर्ने, दृढव्रत भएका राजा पुण्य नगर्ने प्रजाका निति अत्यन्त दुर्लभ हुन्छन् ॥१३॥

तिमी जस्तो ज्ञानी र धर्मात्मा शासक भएकोले यस देशमा धर्मको ठूलो कृपा रहेछ ॥१४॥

जस्तो नदी तर्न लागेका गाईहरू साँढेको पछि लाग्छन्, त्यस्तै राजाले सुरक्षित गरिएको देशमा प्रजाहरू सुखसँग बस्छन् ॥१५॥

तिमीले यस प्रकार शीलको यत्नपूर्वक सदा रक्षा गर्नु पर्छ। कामभन्दा पनि सुन्दर कीर्तिलाई कहिले पनि त्याग गर्नु हुँदैन ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे मानद ! शान्ति, कीर्ति, विश्वास तथा परलोकको आनन्द यी सबै शीलरूपी वृक्षका पाकेका फल हुन् ॥१७॥

जस्तो यस चराचर विश्वको आधार पृथ्वी छन् , त्यस्तै शील पनि संपूर्ण गुणको शुभ आश्रय छ ॥१८॥

जस्तो पखेटा नभई उड्न सकिंदैन, नाउ नभई नदी पार गर्न सकिंदैन, त्यस्तै शील नभई मोक्ष पाउन सकिंदैन ॥१९॥

धनी रूपवान् मनुष्य पनि यदि शील छैन भने, फल फूलले सुशोभित वृक्षमा काँडा भए जस्तै हुन्छ ॥२०॥

यदि गहना र वस्त्रहरूले सजिएको होस्, दरबारमा बसोस्, तर पनि शील (स्वभाव) सुन्दर छ भने त्यो साक्षात् महर्षि हो ॥२१॥

वल्कल धारण गरी, जटा पाली, कुटीमा रहे पनि यदि शील छैन भने त्यो मुनि मिथ्याचारी कहिन्छ ॥२२॥

तपस्वी छ, त्रिकाल तीर्थमा स्नान गर्छ, त्रिकाल हवन गर्छ, तर पनि शील छैन भने त्यस्तो परिश्रम व्यर्थ छ ॥२३॥

यदि माथिबाट हाम्फाल्न सकोस्, पानीमा र आगोमा प्रवेश गर्न सकोस्, शक्ति-संपन्न होस्, तर पनि शील छैन भने त्यो केही नगर्ने हो ॥२४॥

पानी खाएर बस्ने, हावा खाएर बस्ने, अलिकता खाएर बस्ने, फल--पात खाएर बस्ने पनि यदि शील छैन भने त्यो कहिल्यै पनि शुद्ध हुन सक्तैन ॥२५॥

दुःशील प्राणी पशु जस्तै हुन्छ । त्यो धर्मको भागी हुँदैन (धर्म धारण गर्न सक्तैन), जस्तो प्वाल परेको भाँडाले पानी धारण गर्न सक्तैन ॥२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस संसारमा दुष्ट स्वभाव भएका प्राणीलाई भय, अविश्वास, अकीर्ति तथा कहिले पनि नसिद्धिने अशान्ति हुन्छ। मरेपछि पनि दुःख भोग्नु पर्दछ ॥२७॥

शील स्वर्गमार्गको उज्ज्वल संकेत हो तथा आफैं हिंड्ने स्वर्ग जाने बलियो नाउ हो ॥२८॥

काम-क्रोधादि दोषले व्याकुल चित्त भएका मनुष्यको शुभकर्म सबै नष्ट हुन्छन्। अतः सर्वप्रथम शीलद्वारा दोषहरुलाई आक्रमण गरी चित्तलाई शुद्ध पार ॥२९॥

आफ्नो कल्याणको इच्छा गर्ने पुरुषले पहिले अहंभाव त्याग गर्नु पर्छ। धूवाँले अग्निलाई ढाके झैं अहंभावले गुणहरुलाई ढाक्छ ॥३०॥

गुण रहे पनि अहंकारले ढाक्यो भने प्रकाशित हुँदैन। आकाशमा तारा, सूर्य र चन्द्रमा रहे पनि मेघले ढाक्यो भने देखिंदैनन् ॥३१॥

चंचलताले लाज नष्ट पार्दछ, त्यस्तै शोकले धैर्य, वृध्दावस्थाले कान्ति नष्ट पार्छ। अहङ्कारले त गुणहरुको भूल जरोलाई नै उखेली फ्याँक्छ ॥३२॥

जुन मनुष्य यस क्षणिक जीवनमा आफूलाई बडो ठान्दछ, सानो संझँदैन भने त्यो बुद्धिमान् कहिंदैन ॥३३॥

द्वेष र अभिमान रूपी दोषले नै दैत्यहरू देवताहरूद्वारा पराजित भए तथा पातालमा खसालिए र त्रिपुरासुर मारियो ॥३४॥

जन्म लिनु नै विकार हो। प्राणी सदा मृत्युको मुखमा स्थित छ। तर पनि अज्ञानी मनुष्य अहंकार गर्दछ। यसभन्दा घेरै मूर्ख अर्को को हुन सक्छ ? ॥३५॥

काम र राग स्वाभाविक एवं बलिया गुप्त शत्रु हुन्। यी मित्रको वेष (पहिरन) मा मिली सबै मर्मलाई काट्दछन् ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम र रागरूपी अग्नि र भौतिक अग्नि दुवै समान छन, तर कामरूप अग्निको शिखा प्रज्वलित भएमा रातमा निद्रा लाग्दैन ॥३७॥

काम-रागरूप अग्नि जस्तो अर्को अग्नि शक्तिशाली हुँदैन। भौतिक अग्नि पानीले शान्त हुन्छ, तर यो कामरूप अग्नि तलाउ आदिमा हाले पनि शान्त हुँदैन ॥३८॥

अग्निले जलेको वनमा समय पाएर पुनः वृक्षहरु आँकुरा हाल्छन्। काम--रागरूपी आगोले डढेको हृदयमा फेरि धर्म उम्रदैन ॥३९॥

काम-रागद्वारा प्रेरित मनुष्य दिन-रात सुखको खोजमा रत रहन्छ। सुखको इच्छा गर्दै खराब कर्म गर्छ र अधोगतिमा पर्दछ ॥४०॥

कामले राग उत्पन्न हुन्छ, रागद्वारा इच्छा उत्पन्न हुन्छ, इच्छाद्वारा आसक्ति हुन्छ, आसक्तिले दुःख हुन्छ। त्यसैले काम जस्तो ठूलो अर्को शत्रु कुनै छैन ॥४१॥

मूढ बुद्धि भएका मनुष्यहरु काम भएको महाव्याधिलाई देख्न सक्दैनन्। तपाईं (राजा 'सिंह') संयममा रहेर आत्मघाती कामलाई हेर्नु होस् ॥४२॥

विद्वान् पुरुष कामलाई अनात्मा (निस्सार) दुःख, अनित्य तथा मलिन जानेर पापरूप कामदेखि निवृत्त हुन्छन ॥४३॥

वस्तुको यथार्थ ज्ञानले चित्त चाँडो नै रागरहित हुन्छ। त्यसपछि कहिल्यै पनि सत् असत् वस्तुमा काम पैदा हुँदैन ॥४४॥

वस्तुका गुणको चिन्तन गर्दा मनुष्यको वस्तुमा जसरी राग उत्पन्न हुन्छ। त्यसै गरी वस्तुका दोषको विचार गर्दा क्रोधको उत्पत्ति हुन्छ ॥४५॥

जो क्रोधलाई जित्न चाहन्छ, त्यसले रागको अधीन हुनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैन । जसरी आगोबाट धूवाँ हुन्छ, त्यसै गरी रागबाट क्रोध हुन्छ ॥४६॥

क्रोध चित्तको गाढा अन्धकार हो, मित्रताको प्रधान शत्रु हो, मानको घातक र अपमानको उत्पत्ति गर्ने हो ॥४७॥

त्यसैले क्रोध गर्नु हुँदैन । क्रोधलाई प्रयत्नपूर्वक त्याग्नु पर्छ । जस्तो बुद्धिमान् पुरुषहरु विषालु सर्पको पछि लाग्दैनन् ॥४८॥

जो क्रोधलाई उन्मार्गगामी रथ जस्तै साधना गर्दछ, त्यो नै उत्तम सारथी हो । अरु ता लगाम समात्ने मात्र हुन् ॥४९॥

जुन मूर्ख मनुष्य क्रोध गर्दछ, तर त्यसलाई रोक्ने उपाय जान्दैन, त्यो चीसो दाउरा झैं धूवाँ लिएर मित्र मित्रै निरन्तर जलिरहन्छ ॥५०॥

क्रोधाग्निले पहिले क्रोध गर्ने पुरुषको हृदयलाई जलाउँछ । अनि पछिबाट बढेको त्यस क्रोधले अरुलाई सन्ताप दिन्छ ॥५१॥

ती देहधारी शत्रुहरुसँग द्रोह गर्नाले के लाभ हुन्छ ? जो सहज र नित्य रोगादिले स्वयं पीडित छन् ॥५२॥

त्यसैले कल्याणको इच्छा गर्ने तपाईंले क्रोध जित्नाका निंति जीवहरुमा करुणा र मैत्री गर्नु पर्छ ॥५३॥

प्राणीहरुको हितमा रत भएका मुनिले राजालाई दोषयुक्त जानी करुणबुद्धिले उनलाई यथार्थ उपदेश दिए ॥५४॥

वैद्यहरु रोगीलाई रोगको बलाबल जानी देश-कालमा उचित द्रव्यहरु दिन्छन् ॥५५॥

मुनिले जन्म, जरा, (वृद्धावस्था) मृत्यु आदि महाव्याधिबाट मुक्ति पाउन तत्त्वज्ञानरूप दिव्य औषधि संग्नी लिच्छविहरुलाई तत्त्वज्ञान दिए ॥५६॥

उपदेश सुनेर प्रसन्न भएका लिच्छविहरुले केयूर-हार-कुण्डलहरु चञ्चल पार्दै शिर नुहाई मुनिलाई प्रणाम गरे ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो देवताहरु आफ्ना गुरु बृहस्पतिलाई निवेदन गर्दछन्, त्यस्तै मुनिलाई घर लैजान उत्सुक भएका ती सबैले हात जोडेर भिक्षाका निंति प्रार्थना गरे ॥५८॥

मुनिले भने, आम्रपालीलाई पहिले नै वचन दिएको छु। कुलीन र धनीका निंति कुनै नीचको वंचना गर्नु (उपेक्षा गर्नु) उचित हुँदैन ॥५९॥

मुनिको आतिथ्य-सत्कार हामीभन्दा पहिले एउटी साधारण स्त्रीले गरिन् भन्ने विषयलाई लिएर आफ्नो अपमान संझेका ती लिच्छविहरु रिसाए ॥६०॥

जस्तो मन्त्रको प्रभावले सर्पको विष हट्दछ, त्यस्तै मुनीन्द्रको उपदेश पाएका ती लिच्छविहरु पुनः शान्त भए ॥६१॥

त्यसपछि आम्रपालीले प्रातः कालमा उनको आतिथ्य सत्कार गरिन्। बुद्ध पनि त्यहाँबाट चतुर्मास बस्नाका निमित्त वेणुमती नगरमा गए ॥६२॥

ती सर्वज्ञ मुनि वर्षाकालसंम त्यहाँ बसी पुनः वैशालीमा फर्केर मर्कट नामको सरोवरको तटमा बसे ॥६३॥

त्यहाँ एउटा वृक्षको (जरोमा) मूलमा बसेका श्रेष्ठ मुनिको नजीक आई कामदेवले शिर निहुराई भन्न थाल्यो ॥६४॥

हे पापरहित मुनि ? नैरंजना नदीको तीरमा मैले पहिले नै भनेको थिएँ कि काम समाप्त भएको छ, अब निर्वाणमा मन लगाउनुहोस ॥६५॥

जबसम्म पीडित पापीहरुको उद्धार गर्न सक्तिन, तब सम्म निर्वाण हुनेछैन भनी तपाईंले प्रतिज्ञा गर्नु भएको थियो ॥६६॥

अहिलेसम्म ता घेरै मुक्त भैसके। घेरै मुक्तिमार्गमा स्थित छन्। ती सबै निर्वाण हुन्छन्। अब तपाईं पनि निर्वाण हुनुहोस् ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्हत् श्रेष्ठ मुनिले उसको वचन सुनी भने, आज देखि लिएर तेस्रो महीनामा म निर्वाण हुनेछु । तिमी शोक नगर ॥६८॥

कामदेव उनको प्रतिज्ञा सुनी सफल-मनोरथ भयो । आफ्नो काम समाप्त भएको संझी इच्छा लागेको ठाउँतर्फ गयो ॥६९॥

त्यसपछि मुनिले शरीरदेखि आयु खिचेर चित्तमा लगाएर चित्तलाई प्राणमा समाधान गरी प्राणलाई योगमा जोडे ॥७०॥

जब मुनिले प्राण निरोध गरे, त्यस बखत आकाशमा डरलाग्दा सुमेरु पर्वतका पत्थर जस्ता उल्कापातहरु भए तथा पहाडसहित पृथ्वी काँपिन् ॥७१॥

ज्वालाको मालाले व्याप्त भएको आकाशमा भयङ्कर बिजुली चंकन लाग्यो । तीनै लोकमा चारैतिर गर्जदै वज्रको संचार हुन लाग्यो ॥७२॥

जुन पर्वतका माथिका पत्थर र वृक्षहरु उडेका छन्, ती पर्वत बारंबार भयङ्कर ध्वनि गर्दै सबै दिशाहरुलाई जलाउन थाले तथा आफू पनि ज्वालासहित जल्नलागे ॥७३॥

त्यो प्रलयकालको जस्तो सार्वभौमिक संक्षोभ भएपछि प्राणायामबाट विश्राम लिएका मुनी-नायकले भने ॥७४॥

म धुरा टुटेको रथ जस्तै आयु सिद्धिएको यस शरीरलाई आफ्नो शक्तिको ठूलो युक्तिले वहन गरिरहेको छु । जस्तो फुटेको अण्डाबाट पक्षी निस्कन्छ, त्यस्तै म पनि भव-बन्धन दिने आयुबाट निस्केको छु ॥७५॥

॥ तेईसौं सर्ग समाप्त ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौबीसौं सर्ग

लिच्छविहरूमा दया

त्यो भूकम्प देखेर आनन्दलाई कम्प छुट्यो र जरो काटिएको रुख झैं रिगँटा लागी पृथ्वीमा लडे ।।१।।

ती निमित्त जान्ने सर्वज्ञ मुनिसँग उनले कारण सोधे । विनायक बुद्धले पनि मत्तसिंहको जस्तो गम्भीर ध्वनिले आनन्दलाई भने ।।२।।

मेरो पृथ्वीमा बस्ने दिन समाप्त भो । यस भूकम्पको कारण यही नै हो । हे बाबु ! अब मेरो आयु तीन महीना बाँकी छ ।।३।।

यस्तो सुनी आनन्दलाई मर्मान्तक शोक भयो । हात्तीले भाँचेको वृक्षबाट रस बगे झैं उनका नेत्रबाट अश्रुपात हुन लाग्यो ।।४।।

त्यहाँ तथागत उनका गुरु, स्वजन, तथा अरु सबै थिए । त्यसैले शोक-संतप्त भएका उनी दुःखपूर्वक अत्यन्त रुन लागे ।।५।।

पूज्य गुरुको निश्चित प्रस्थानले मेरो मन अत्यन्त दुःखी भएको छ, मेरो शरीर संतप्त भएको छ ! सुनेको धर्म पनि लोप हुँदैछ ।।६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहो ! पुरुषपूज्य यी गुरु निर्वाण (देहपरित्याग) को इच्छा गर्दैछन । अब संपूर्ण लोकको प्रकाश सहसा अस्त हुनेछ ॥७॥

पापरूपी जङ्गलमा भौतार्गिने, सन्मार्गमा विचलित हुने पुरुषलाई बाटो देखाउने ती गौतम अकस्मात् अन्तर्धान हुँदैछन् ॥८॥

दूरगामी निर्वाणपथमा प्रस्थान गर्ने पिपासुहरूलाई थकाइ बाट हुने दोष हरण गर्ने निर्मल तलाउ सहसा सुक्दैछ ॥९॥

ज्ञानले विकसित भएको सुन्दर काला परेला युक्त, पवित्रले त्रिकालको घटनालाई राम्रोसँग देख्ने ती लोकचक्षु बन्द हुँदैछन् ॥१०॥

संसारमा सुक्न लागेको ज्ञानरूपी खेतीमा बोधरूपी अमृतको वर्षा गर्ने जगत्-जीवनको आधाररूपी मेघ हा ! विलीन हुँदैन ॥११॥

जसको साथमा धन वस्त्र केही पनि छैन, जो अज्ञान-रूपी शीतले काँपिरहेको छ, त्यस्ता पुरुषको जडता (अज्ञान) रूपी दोषलाई हरण गर्ने बलेको ज्ञानरूपी अग्नि शान्त हुँदैछ (निभ्दैछ) ॥१२॥

यसरी शोकले व्याकुल र भयले विह्वल आनन्द शिष्यलाई संझाउँदै तत्त्वज्ञानीहरूमा श्रेष्ठ बुद्ध भन्न लागे ॥१३॥

हे बाबु, आनन्द ! तिमीले जगत्को रहस्य जान्नु पर्छ । यस संसारमा उत्पन्न हुने कुनै पदार्थ पनि नित्य छैनन् ॥१४॥

हे बाबु ! द्वन्द्व (जोडी) मा आनन्द मान्ने पुरुषहरूलाई रागरहित चित्तले दयापूर्वक हेर भनी मैले पहिले नै भनेको थिएँ ॥१५॥

जो कर्ताबाट उत्पन्न हुन्छ, त्यो अनित्य छ । यस संसारमा स्वाधीन कुनै पनि छैन । त्यसैले कुनै पनि प्राणी यस संसारमा अमर हुन समर्थ छैन ॥१६॥

यदि शरीरधारी नै नित्य छ भनी मानेमा परिवर्तन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसको हुने ? मुक्तिको प्रयोजन के हुन्छ ? आदि र अन्त पनि समान हुनेछन् ॥१७॥

त्यस्तै हे बाबु ! समान स्थिति भएका अर्थात् अविनाशी स्थिति भएका तिमीमा र अरुमा अनि ममा यस प्रकारको अभिलाषा कसरी हुन्थ्यो ? ॥१८॥

यसरी मैले तिमीलाई दृढ़तापूर्वक सबै मार्गको प्रदर्शन गरें (देखाएँ) बुद्ध कसैसँग कुनै कुरा पनि छिपाउँदैन भन्ने विचार गर, संझ ॥१९॥

म शरीर राखूँ वा त्याग गरूँ, यसमा केही फरक छैन । किन भने बुद्ध धर्म-मूर्ति छ, अर्थात् नित्य छ । यो मर्त्य देहसँग तिम्रो के प्रयोजन छ ? ॥२०॥

मेरो महाप्रयाणको समयमा संवेग (वैराग्य) अप्रमाद (सावधानी) र श्रद्धाले मेरो धर्मोपदेशरूपी बत्ती बालिएको छ । त्यसैले त्यो सदा स्थायी (नित्य) रहन्छ ॥२१॥

यस बत्तीलाई आफ्नो संझी उत्सुकतापूर्वक जागा बस । निर्द्वन्द्व भएर लक्ष्य प्राप्त गर । तम (अज्ञान) देखि मनको रक्षा गर ॥२२॥

जस्तो बत्तीले मनुष्यका घरभित्र रहेको अन्धकार नाश हुन्छ, त्यस्तै यस बत्तीले पनि भित्रको अन्धकार नाश हुन्छ ॥२३॥

परम कल्याण प्राप्त गर्ने चार स्थान छन्, ती हुन्, आनात्मता, शरीर, चित्त र वेदना ॥२४॥

(१) स्कन्धको उत्पत्ति कारणबाट हुन्छ भनी जान्ने पुरुषको अहंभावको पोषक आत्मभाव निवृत्त हुन्छ ॥२५॥

(२) यो शरीर हाड, छाला, बोसो, मासु, मल, मूत्रले दुर्गन्धयुक्तछ भनी जान्ने पुरुषलाई यस संसारमा देहासक्ति हुँदैन ॥२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(३) जुन पुरुष मानस धर्म (सङ्कल्प) बाट हुने उत्पत्ति, स्थिति, प्रलयलाई शान्त चित्तले हेर्दछ, त्यो दृष्टिदोषबाट लिप्त हुँदैन ॥२७॥

(४) जुन पुरुष तत् तत् कर्मानुसार उत्पन्न हुने वेदना नै दुःख हो भनी जान्दछ, त्यो सुखको भावलाई जित्दछ ॥२८॥

हे सुव्रत ! (राम्रो व्रत गर्ने) यी चारै कुराको रहस्य संझ र दुःखनाशको एकमात्र कारण भएको यस मार्गमा तिमी प्रवृत्त होऊ ॥२९॥

म उसपार गएपछि पनि जो यस मार्गमा रहन्छन्, ती कसैले पनि हरण गर्न नसक्ने नैष्ठिक निर्वाणपद प्राप्त गर्दछन् ॥३०॥

यसरी विनायकले आफ्ना शिष्य आनन्दलाई उपदेश दिए ! यो कुरा थाह पाई लिच्छविहरुमा पनि भक्तिको उदय भएकोले चाँडो चाँडो गरी त्यहीं आए ॥३१॥

निर्वाणको कुरा सुनी मुनिमा भक्ति गर्ने लिच्छविहरुको हृदय संतप्त भयो र आफ्नो सुख र कामहरुसमेत सबै त्यागे ॥३२॥

ती लिच्छविहरु गुरुलाई प्रणाम गरी यही भन्न इच्छा गरी एकतर्फ उभिए ! उनको मनोभाव बुझेका विनायकले उनलाई भन्नुभयो ॥३३॥

मेरो सम्बन्धमा तपाईंहरुको चित्तमा जे उत्पन्न भएको छ, त्यो म जान्दछु । उनै तपाईंहरु शोकले गर्दा अकैं जस्तो भई आउनु भएको छ ॥३४॥

सम्पत्तिले युक्त भएर पनि तपाईंहरुमा दुर्लभ गुण विद्यमान छन् । आयु बढाउने शुद्ध कीर्ति र धर्म पनि तपाईंहरुको हृदयमा छ ॥३५॥

यदि मेरो वचनबाट तपाईंहरुलाई केही ज्ञान भएको छ भने, मेरो महाप्रयाणलाई लिएर व्यर्थ शोक कहिल्यै पनि नगर्नु होला ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिवर्तनशील यस संसारमा शरीर नै कालको भोजन हो । जीवन क्षणभङ्गुर छ । यहाँ कुनै वस्तु पनि नित्य छैन ॥३७॥

वसिष्ठ, अत्रि आदि ऊर्ध्वरेता तपस्वी महात्माहरु पनि कालको वश भए । यहाँका सबै वस्तु क्षणभङ्गुर छन् ॥३८॥

इन्द्रजस्ता श्रीमान् वसु, भूपति--मान्धाता, महाभाग नाभाग पनि यहाँबाट मरेरै गए ॥३९॥

यहा विद्वान्, बलवान, राजा तपस्वीहरुमध्ये कुनै पनि यस्ता छैनन्, जसको नाश नहोस ॥४०॥

रथी, भागीरथी, राम, ययाति, गतिमान् अज, कुत्सित, र कौरवहरु पनि कालकै गाँस बने ॥४१॥

समष आएपछि सूर्य पनि आकाशबाट खस्छन् । स्वर्गबाट देवताहरु पनि खस्छन् । सयौं इन्द्र समाप्त भए । यहाँ कुनै पनि सधैं रहँदैनन् ॥४२॥

यहाँ अरु अरु पनि जो जो बुद्ध भए, ती आफ्नो बुद्धिको प्रकाशले संसारलाई प्रकाशित पार्दै तेल समाप्त भएको बत्ती झैं निर्वाण भए ॥४३॥

भविष्यमा जो बुध्द तपस्वी हुन्छन्, ती पनि दाउरा बलि-सकेपछि अग्निशान्त भए झैं शान्त हुन्छन् ॥४४॥

मैले पनि विद्वान्हरुको त्यही बाटोबाट जानु पर्छ । नाम--रूपले युक्त यस शरीरलाई विनाकारणमा बोक्नु हुँदैन ॥४५॥

यस रमणीय वैशाली नगरीमा केही बुध्द धर्ममा दीक्षा नलिएका छन् । म यहाँबाट अब प्रस्थान गर्ने इच्छा गर्छु । तपाईंहरु शोक नगर्नु होला ॥४६॥

यस संसारलाई आश्रय नभएको, अनित्य, दीन र दुःखको समुद्र संझी अनासक्त भएर चाँडै नै वैराग्य प्राप्त गर्नु हवस् ॥४७॥

यसरी मुनिले सबै कुराको उपदेश गरी आफ्नू तेजले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निरन्तर प्रकाशमान् हुँदै ग्रीष्मकालको सूर्य झैं उत्तर दिशातर्फ प्रस्थान गरे ॥४८॥

त्यसपछि आँखाबाट आँसु बगाएका आर्त (दुःखी) लिच्छविहरु उनको पछि पछि लागे। उनीहरु हिँड्दा गहना-हरुकै शब्द निस्कन्थ्यो। तिनीहरु शिर नीचा गरी विलाप गर्दै थिए ॥४९॥

अहो! विशुध्द सुवर्णको झैं कान्ति भएका बत्तीस लक्षणले युक्त गुरुको देह पनि नष्ट हुनेछ। अतः भगवान् पनि अनित्य रहेछन् ॥५०॥

अहो! ज्ञानरूपी अमृत पान गर्न भोकले आकुल भएका अबोध बाच्छाजस्ता हामीहरुलाई ज्ञानरूपी दूध दिने आमा (भगवान् बुद्ध) सहसा त्याग गर्दैछन् ॥५१॥

जसले अन्धकार नाश गरे। तत्त्व प्रकाश गरे। ती मुनिरूप ज्ञान-सूर्य अस्त हुने इच्छा गर्दैछन् ॥५२॥

संसाररूप तापमा संतप्त भै जलाशयको इच्छा गर्ने हामीहरुको यो धर्म-सेतु अचानक भाँचिँदैछ अहो! यो दुःखको कुरा छ ॥५३॥

हा! मानसिक रोगले पीडित र पीडाले अत्यन्त रुने अज्ञानी रोगीहरुलाई ज्ञानद्वारा औषधी नगरीकन नै असल वैद्य (मुनि) जाँदैछन् ॥५४॥

मनरूपी हीरा जडेको, ज्ञानरूपी गहनाले शोभित, यो इन्द्रको ध्वजा आज नुहेको छ, जो विजयोत्सवको ध्वजा थियो ॥५५॥

संसाररूप बन्धनमा बाँधिएका, कालद्वारा तानिने मनुष्य-हरुलाई बन्धनबाट फुकाउने दयासिन्धु मुनि ऐल्हे उपेक्षा गर्दै जाँदैछन् ॥५६॥

यसरी विलाप गर्ने, शोकले निन्याउरो मुख लगाएका, गुण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नभएका दुःखी लिच्छविहरुलाई मुनिले घर जाने आज्ञा दिनु भो ॥५७॥

मुनिमा मन लगाएका ती लिच्छविहरु वियोगको दुःखले दुःखी हुँदै केही नलागी घरतर्फ फर्कन बडो कठिनताले स्वीकार गरे ॥५८॥

तातेको सुवर्णको जस्तो कान्ति भएका ती लिच्छविहरुले मुनिको चरणमा नमस्कार गर्दा, वायुले हल्लाउँदा कनेर (कर्णिकार) पुष्पको वृक्षले शोभा पाए झैं सुशोभित भए ॥५९॥

मुनिमा अनुरक्त बुद्धि भएका ती लिच्छविहरु शोकको आवेगले आफ्ना पाउ चलाउन असमर्थ भए, जस्तो प्रवाहको संमुख जाने लहर जान असमर्थ हुन्छन् ॥६०॥

केही महीना बसी सदाका निंति जान आँटेका प्रेमले मनलाई हरण गर्ने मुनिलाई लिच्छविहरुले स्वजनलाई झैं गरी हेरे ॥६१॥

धेरै समयका निंति वन जान लागेकी, थूनबाट दूध झारिरहेकी आफ्नी आमा-गाईलाई देखी दूध पान नगरेका बाच्छाले झैं ती लिच्छविहरु पनि कातर भएर अत्यन्त विलाप गर्न लागे ॥६२॥

यसरी दुःखले शरीर संतप्त पारेका, सर्वज्ञमा (बुद्धमा) चित्त लगाएका मनुष्यहरु मलामी फर्के झैं गरी पराधीन भई घरतर्फ फर्के ॥६३॥

जसले आफ्नू जन्मका, कहिल्यै पनि तिरस्कार र दुःख देखेको छैन। शस्त्र-विद्यामा निपुण जसले, तीखा बाणद्वारा शत्रुहरुलाई नाश पारेका छन् , जसको बल र वैभव राजा हुन योग्य छ, तिनै लिच्छविहरु आज उदास मन लिएर नगरमा प्रवेश गर्दैछन् ॥६४॥

चौबीसौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

पच्चीसौं सर्ग

निर्वाण मार्गमा

मुनि निर्वाणका निंति त्यहाँबाट गएपछि त्यो वैशाली शहर अन्धकारले घेरिएको राहुले सूर्यलाई ग्रास गर्दा दिशा को अवस्था झैं प्रभाशून्य भयो ॥१॥

रमणीय र रमणिक गुणले युक्त, तथा धन-धान्यले सम्पन्न हुँदा पनि त्यो सहर त्यहाँ बसेका प्रजाको सन्तापले गर्दा विधवा स्त्री झैं शोभाहीन भयो ॥२॥

विद्याविनाको रूप, क्रियाविनाको ज्ञान, शक्तिविनाको बुद्धि र संस्कार नभएको शक्ति तथा ॥३॥

सदाचारविनाको सम्पत्ति, श्रद्धाविनाको प्रेम, उद्योग-विनाको लक्ष्मी, कर्मविनाको धर्म तथा ॥४॥

शरद् ऋतुमा वर्षाको अभावमा सुकेको धानले गर्दा पृथ्वीले शोभा नपाए झैं मुनि नहुँदा त्यस नगरीले पनि शोभा पाएन ॥५॥

त्यस दिन शोकले गर्दा कसैले पनि आफ्नू खाने कुरा पकाएनन्। पानी पनि खाएनन्। तिनीहरू उत्तम मुनिका कीर्तिको गान गर्दै ज्यादै रुन लागे ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न कोही कसैसँग बोलचाल गरे । न केही सोधे, न केही काम गरे। जहाँ तहीँ सबै ठाउँमा रुँदै रुँदै बसे ॥७॥

त्यहाँका दुःखी र मलिन मुख लगाएका सेनापति सिंह पराक्रमी थिए, तापनि शोकले सन्तप्त भै विलाप गर्न लागे। उनका इन्द्रियहरू विकल थिए ॥८॥

अहो ! जसले झूठा दार्शनिकहरूलाई बलपूर्वक पराजय गरी उपदेश दिए, जसले रात्रोसँग धर्मको धारण गरे, ती मुनि अस्त हुँदै छन् ॥९॥

संसारका मालिक र दयाको सागर जस्ता थी मुनि, विलाप गर्न लागेका हामीहरू जस्ता प्राणीलाई छोडी शान्ति प्राप्त गर्न कसरी जाँदै छन् ? ॥१०॥

पूज्य गुरुको प्रस्थानले आज मेरो धैर्य पनि वृद्धावस्थाले गर्दा क्रमशः क्षीण हुन लागेको शरीरमा आज नष्ट भए झैं नष्ट हुँदै छ ॥११॥

जस्तो स्वर्गबाट खसेका पापरूप नहुष तेजहीन थिए, त्यस्तै यी पृथ्वी पनि यी महात्माको अभावमा शोक गर्न योग्य भएकी छन् ॥१२॥

जस्तो शीतले पीडित मनुष्यलाई अग्नि, घामले पीडित मनुष्यलाई जल शरण हुन्छ, त्यस्तै सुगत पनि दुःखी मनुष्यका शरण थिए। अब के हुन्छ ? ॥१३॥

धर्म उत्पन्न गर्न भस्त्रिका (खलाँती) स्वरूप लोकाचार्य (मुनि) को अन्त (निर्वाण) भएपछि उत्पत्तिको अभावमा धर्म अवश्य नै नष्ट हुनेछ ॥१४॥

पापी, मृत्युको वशमा परेका, दुःखी, खराब स्वभाव भएका र धर्मरहित भएका पुरुषलाई मुनि जस्तो अरु कसले तार्ला ? ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रीष्मकालमा शुकेको वृक्ष झैं कामले जलेका मनुष्यहरु-लाई मेघजस्ता यी मुनिबाहेक अरु कसले जीवित राख्न सक्नेछ ? ॥१६॥

कल्याण-मार्गमा लागेका मेरुसार जस्ता यी मुनि गए-पछि अत्यन्त कठोर उपायद्वारा सिद्ध हुने यस धर्ममा अर्को कसले विश्वास गराउला ? ॥१७॥

जसरी कालले प्रेरित वृक्षहरु तीखो आरोले काटिन्छन्, त्यसरी नै यी प्राणीहरु विनाशरूप आराले परवश भई चिरिन्छन् ॥१८॥

संपूर्ण दोषलाई जितेर पनि, ज्ञानरूपी शस्त्र धारण गरेका भए पनि, संसारका आचार्य सर्वज्ञ भए पनि, विनाश हुँदैछन् ॥१९॥

इच्छारूपी भयङ्कर लहर भएको कामरूपी ग्राहले व्याप्त भवसागरबाट पापीहरूलाई जुन मुनिले ज्ञानरूपी नाउद्वारा उद्धार गरे ॥२०॥

व्याधि (रोग) रूपी फूल, वृद्धावस्थारूपी हाँगाले युक्त, जन्म-मृत्यु-रूप फल दिने संसार-वृक्षलाई जुन बुद्धले ज्ञान-रूपी शास्त्रद्वारा काटे ॥२१॥

कामरूप ज्याला, विपत्तिरूप धूवाँ, विषयरूप दाउराले युक्त तथा मोहबाट उत्पन्न दोषरूप अग्निलाई जुन मुनिले ज्ञान-रूप जलद्वारा निभाए ॥२२॥

जसले शान्ति मार्गको आश्रय लिए तथा मोहद्वारा उत्पन्न अज्ञानलाई नष्ट गरे र नैष्ठिक ज्ञानलाई पाए, तिनै मुनिले त्यस वस्तुको यथार्थ रूपमा उपदेश गरे ॥२३॥

जसले दोषलाई बीजरहित पारे, जीवहरुमा पनि दया गरे तथा उपकारमा प्रेम गर्दै आफ्नोपनलाई त्याग गरे ॥२४॥

नरमसँग बोल्ने, लामा लामा हात, ठूलो छाती, साँढेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुरो जस्तो काँध भएका मुनि पनि नाश हुँदैछन् भने यस-लोकमा अरु को जीवित रहन सक्ला ? ॥२५॥

अतः जस्तो वनमा बाटो भुलेको व्यापारी धर्मको शरण लिन्छ, त्यस्तै बुद्धिमान् पुरुषले पनि चाँडो गरी धर्मको शरण लिनु पर्छ ॥२६॥

मृत्यु नित्य र समान छ । त्यो कसैमा भेद बुद्धि गर्दैन । यस्तो जानेर जो धर्ममा सावधान रहन्छ, त्यही नै देख्छ ॥२७॥

यसरी ज्ञानका उपभोक्ता (भोग गर्ने) तो नरश्रेष्ठ सिंहले जन्मरूपी दोषको निन्दा र जन्मनाशको स्तुति गरे ॥२८॥

जन्मको मूल उच्छेदन गर्न उत्तम व्रत प्राप्त गर्न तथा चञ्चल चित्तको निरोध गर्न उनले नैष्ठिक मतलाई नै स्वीकार गरे ॥२९॥

उनले शान्तिमार्गमा हिंड्न, भवसागर पार गर्न तथा समदृष्टि प्राप्त गर्न जन्मनाशको प्रयत्न गरे ॥३०॥

त्यस बखत तो सिंहले मुनिको उद्देश्य गरी दान दिए। मोह त्याग गरे । शान्ति प्राप्त गरे । धर्म धारण गरे तथा पृथ्वीलाई शून्य माने (ठाने) ॥३१॥

त्यसपछि मत्ता हात्तीले झैं श्रीसम्पन्न शुध्दोदनका पुत्र मुनिले पनि आफ्नो सबै शरीर घुमाई सहरतर्फ हेर्दै भने ॥३२॥

हे वैशाली ! अब यस जन्ममा म तिमीलाई हेर्न पाउन्नँ । किनभने हे शुभे ! भद्रे ! म शुभ निर्वाणका निंति जाँदैछु ॥३३॥

प्रेमले शिर झुकाएका, आफ्ना पछि पछि आएका सबै धार्मिक प्राणीलाई इनको मन प्रवृत्ति-मार्गमा नै लागेको छ भन्ने जानी तिनलाई फर्काए ॥३४॥

त्यसपछि ती बुध्द क्रमैसँग हिँड्दा हिँड्दै भोगवती नाम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको सहरमा गए । त्यहाँ उनी केही क्षण रोकिई आफ्ना पछि लाग्नेलाई भने ॥३५॥

म गए (निर्वाण भए) पछि तिमीहरुले कुशलतापूर्वक धर्मको धारणा गर्नू । यही नै मेरो परम लक्ष्य छ । यसबाहेक अरु सबै थोक निश्चय नै मिथ्या छन् ॥३६॥

जो सूत्रमा लेखिएको छैन तथा जो विनयमा पनि आउँदैन, त्यसलाई मेरो मतको विरुद्ध जानी त्यसलाई मान्यता नदिनू ॥३७॥

जसमा विनय छैन, त्यो मेरो वचन ह्वैन र धर्म पनि ह्वैन । धेरै प्रकारले भने पनि त्यसलाई बकवाद संझेर त्याग गर्नु पर्छ ॥३८॥

शुद्ध मनुष्यको वचन ग्रहण गर्नु पर्छ, त्यो धर्म हो, त्यही नै विनय हो तथा त्यही नै मेरो वचन पनि हो । अरु सबै विनाश गर्ने हुन् ॥३९॥

जो श्रद्धेय (श्रद्धा गर्न योग्य) छ, त्यो सबै संक्षेपमा सूत्रमा दिएको छ, त्यही नै उदाहरण दिन योग्य र अनुकरणीय छ । त्यसभन्दा अर्को प्रमाण छैन ॥४०॥

धर्ममा हाम्रो अविश्वास तथा अज्ञान र अविचारले गर्दा अधर्मको उत्पत्ति हुनेछ र अनेक धर्मशास्त्रको उत्पत्ति हुनेछ ॥४१॥

तीखो बुद्धिको अभावले, भ्रमले अथवा विषयासक्तिले मनुष्यहरु बहुमूल्य मणि त्यागी काँचमणि ग्रहण गर्दछन् ॥४२॥

जसमा सौगत धर्म छैन, त्यो ठग धर्म हो भन्ने संझनु पर्छ । त्यसको उत्पत्ति पाखण्डबाट अथवा तत्त्वज्ञानको अभावबाट हुन्छ ॥४३॥

जसरी सुवर्णको छेदन, भेदन र तताई परीक्षा हुन्छ, त्यसरी नै तपाईंहरु सूत्र र आचारको बलमा धर्मको परीक्षा गर्नु होला ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्रको अध्ययन नगर्ने अज्ञानी पुरुषहरु उचितलाई अनुचित र अन्यायलाई न्याय हो भनी विरुद्ध संझन्छन् ॥४५॥

शास्त्रलाई अर्थद्वारा एवं शब्दद्वारा पनि विधिपूर्वक संझनु पर्छ, अन्यथा (यसो नगरेमा) उल्टा हतियार समात्नेले आफ्नो अङ्ग काटे झैं हुनेछ ॥४६॥

जस्तो आकार नदेखी पहिचान गर्न कठिन हुन्छ, त्यस्तै शब्द-ज्ञानविना शास्त्रको अर्थज्ञान पनि दुर्लभ हुन्छ ॥४७॥

संसारमा बुद्धिमान् पुरुष त्यही नै हो, जो वास्तविक अर्थग्रहण गर्न सक्छ। अर्थको ज्ञान भएन भने धर्मको नाश हुन्छ, त्यसबाट पात्रता (योग्यता) आइन सक्तैन ॥४८॥

यति भनी भगवान् बुद्ध समयमा नै पापापुरीमा गए। त्यहाँ मल्लहरुले सम्मिलित भएर समारोहका साथ उनको स्वागत गरे ॥४९॥

त्यहाँ दयाका खानी बुद्धले भक्त चुन्दको घरमा उसको कल्याणका निंति अन्तिम भोजन गरे। आफ्नो स्वार्थीपनाले होइन ॥५०॥

शिष्यसमुदायले भोजन गरेपछि भक्तवत्सल भगवान्ले चुन्दलाई उपदेश दिए र कुशी नगरतिर गए ॥५१॥

गौतम चुन्दका साथ इरावती नदी पार गरी नगरको सुन्दर उपवनको तलाउको किनारमा बसे ॥५२॥

सुगाका नङको कान्ति झैं कान्ति भएका ती गौतमले हिरण्यवती नदीमा स्नान गरे। त्यसपछि शोकले व्याकुल शिष्य आनन्दलाई यस्तो उपदेश दिए ॥५३॥

हे आनन्द ! ती दुई साल वृक्षको बीचमा मेरो शयनस्थान बनाऊ। हे महाभाग ! बुद्ध निर्वाण हुन्छ ॥५४॥

आनन्दले उनको यस्तो वचन सुनी, आँखाबाट आँसु बगाई,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अत्यन्त विलाप गर्दै उनको शयनस्थान बनाई हात जोडेर बिन्ती गरे ॥५५॥

त्यसपछि ती पुरुषसिंह अविनाशी चिरनिद्रा र सब्ब तरहका दुःखको सर्वथा उपशान्तिका निंति शान्त चित्त भएर अन्तिम शय्यामा गए ॥५६॥

त्यहाँ ती मुनि एउटा पाउमाथि अर्को पाउ राखी, हातलाई शिरको तकिया बनाई शिष्यहरुतर्फ मुख फर्काई सुते ॥५७॥

त्यस बखत सबै दिशाहरु शान्त भए । पक्षीहरु पनि चूपचाप लागे । सबै प्राणीहरु मौन थिए । जगत् नै स्तब्ध भए जस्तो (सन्नाटा छाए जस्तो) थियो ॥५८॥

मानसिक दुःखले गर्दा रोमाञ्चित भए झैं वायु नभए पनि वृक्षका पातहरु हल्लिरहेका थिए । ती वृक्षहरु मुनिको शोकमा आँसु बर्साए झैं गरी सुकेका फूलहरु खसाल्दै थिए ॥५९॥

जस्तो सूर्य अस्ताउने समयमा बटुवाहरुलाई हडबडी लाग्छ, त्यस्तै बुद्धको त्यो अवस्था देखी शिष्यहरुलाई ज्ञान प्राप्तिका निंति हडबडी पऱ्यो ॥६०॥

सदाका निंति विश्राम शय्यामा सुतेका करुणामय बुद्धले आँसुले मुख भिजाएका खिन्न चित्त पारेका आनन्दलाई यसरी भन्न लागे ॥६१॥

हे महामते आनन्द ! मल्लहरुलाई पनि मेरो निर्वाणको समय भयो भनी खबर गर । तिनीहरु पनि मेरो निर्वाण देखून् र पछि पश्चाताप नगरून् ॥६२॥

त्यसपछि ती दुःखी आनन्दले आँसु पुछदै गएर मल्लहरुलाई मुनि निर्वाणको इच्छा गरी सुत्नु भएको छ भनी बेसरी रुन लागे ॥६३॥

यस्तो दुःखदायी समाचार सुनी सबै इन्द्रिय संतप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारेका ती मल्लहरु सिंहको भयले व्याकुल भएको साँढे झैं अत्यन्त डराई घरबाट निस्के ॥६४॥

ती मल्लहरु पुण्य क्षीण हुँदा स्वर्गबाट खसेका देवताहरु झैं गहभरी आँसु लिएर थरथर काँपेर तथा फूल्को अनुहार लिएर, त्यहाँ आए ॥६५॥

आँसुले मुनिको चरण भिजाउँदै शोकले व्याकुल भएका ती मल्लहरू मुनिलाई हात जोडी प्रणाम गर्दै चूप लागेर मुनिको अगाडि उभिए ॥६६॥

मुनिले भने, सुखको समयमा दुःखको भावना गर्नु उचित हुँदैन। आफूले नै प्रार्थना गरेको यस दुर्लभ लक्षलाई मैले प्राप्त गरेको छु ॥६७॥

मलाई त्यो सुखमय पुण्य प्राप्त भएको छ, जो पञ्च महाभूतले छुन सकेको छैन। जो अजन्मा, दिव्य, इन्द्रियातीत र शान्त छ, जसलाई पाएपछि फेरि शोक हुँदैन ॥६८॥

मैले जन्म दिने कर्मलाई पहिले नै सबैतर्फबाट छेदन गरेको छु, बाँकी रहेका कर्मको सहारा लिई दोषको घर भएको यो मेरो शरीर आज पनि विद्यमान छ ॥६९॥

यो शोक गर्ने समय छैन। तिमीहरू व्यर्थमा किन रुन्छौ। दुःखको कारण यो मेरो भौतिक शरीर आज निवृत्त हुँदैछ ॥७०॥

त्यसपछि मुनिको मुखबाट निर्वाणको निश्चित काल सुनी ती मल्लहरूमध्ये एक जना वृद्धले सबैलाई सान्त्वना दिँदै यस्तो भन्न लागे ॥७१॥

सुगतका निंति शोक गर्न योग्य छैन। समय पुगेपछि देवताहरू पनि स्वर्गबाट च्युत हुन्छन्। यी गौतम तत्व बलेको घरबाट चाँडै निस्केका झैं छन् ॥७२॥

त्यसो हो, तापनि चित्त दुःखी हुँदैछ। यी 'जिन' सँग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भेटघाट हुनेछैन। जगत्को हित गर्ने पुरुष मरेमा कुन कृतज्ञ दुःखी नहोला ? ॥७३॥

शोक गर्न योग्य तिनै छन्, जो मुनिको दर्शन पाएर आज संम पनि सुमार्गमा लागेनन्। सुवर्णको खानीमा गएर पनि ती दरिद्र भएर नै फर्के ॥७४॥

छोराजस्तै प्यारा मल्लहरूको यस्तो वचन सुनेपछि मेघको झैं गम्भीर ध्वनि भएका ती महामुनिले अर्थले युक्त गम्भीर वचन भने ॥७५॥

अत्यन्त कठिन योगशास्त्रको राम्रो आचारण नगरी खालि मेरो दर्शनले मात्र मुक्ति सम्भव छैन ॥७६।

जो मनुष्य मेरो मतको नित्य अनुष्ठान गर्छन्, ती मेरो दर्शन नपाए पनि सम्पूर्ण दुःखबाट छुटछन् ॥७७॥

जस्तो औषधिको सेवा नगरी वैद्यको दर्शन गरेर मात्र मनुष्यले रोगबाट मुक्ति पाउँदैनन्। निर्वाण पनि त्यस्तै हो ॥७८॥

मेरो धर्ममा रहने मनुष्य मबाट टाढा रहे पनि भलाई देख्छन्। तर मेरो धर्ममा प्रेम नगर्ने मनुष्य मेरो अगाडि रहे पनि भलाई देख्दैनन् ॥७९॥

त्यसैले अल्छीपनालाई छोडी पराक्रमको अवलम्बन गरी कल्याणमार्गमा लागे। यो जीवन ठूलो हावामा राखिएको बत्तीको ज्वाला झैं चञ्चल छ ॥८०॥

यसरी मुनिको सुन्दर वाणीले (बोध) ज्ञान प्राप्त गरेका मुनिको विरह-जन्य विषादले क्षुब्धचित्त भएका मल्लसमूह अत्यन्त दुःखी हुँदै ठूलो प्रवाह भएको नदीको भङ्गालो पार गरे झैं अत्यन्त कठिनतापूर्वक रुँदै आ-आफ्नो घर पुगे ॥८१॥

पचीसौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

छब्बीसौं सर्ग

महापरिनिर्वाण

त्यसपछि सबै सद्गुणले युक्त भएका सुभद्र नाम भएका त्रिदण्डी निर्वाणको इच्छा गर्ने मुनिलाई हेर्न त्यहाँ आएर भने ॥१॥

म निर्वाणको अन्तिम क्षणमा रहेका यी मुनिलाई हेर्न यहाँ आएको हूँ। किनभने धर्म प्राप्त गरेका पुरुषको दर्शन पर्वकालका चन्द्रमाको दर्शन झैं दुर्लभ हुन्छ ॥२॥

दुःखको अन्तसंग जान इच्छा गर्ने ती मुनिलाई म हेर्दछु। ती सूर्यको मैले दर्शन नगर्दै उनलाई मेघले नढाकोस् ॥३॥

धर्म छोड्ने बहाना लिएर कहीँ यो विवाद (झगडा) नगरोस् भन्ने आशङ्का गरी ती आनन्दले उनलाई दर्शन दिन निषेध गरे ॥४॥

मनुष्यको आशय जान्नमा सिपालु मुनि नायकले ती ब्राह्मणलाई हताश भएको देखी यी भिक्षुलाई नरोक भने ॥५॥

त्यसपछि सन्तुष्ट मन र शान्त (इन्द्रिय दमन गनमा सिपालु) भएका ती सुभद्र नम्र भई बुद्ध भएको ठाउँमा गए, जिनलाई प्रणाम गरेर समयानुकूल वचन भन्न लागे ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे भगवन् ! तपाईंले जुन मोक्षमार्गको आश्रय लिनु भो, त्यो अरु दार्शनिकको मार्गभन्दा भिन्न भनी मैले सुनेको छु ॥७॥

हे कृपापुञ्ज ! त्यो मार्ग कस्तो छ ? मलाई बताउने कृपा गर्नुहोस् । म जिज्ञासा लिएर यहाँ आएको हुँ । विवाद गर्न आएको छैन ॥८॥

त्यसपछि सुगतले ती नम्र सुभद्रलाई सबै प्राणीका निंति सुलभ अष्टांग मार्गको व्याख्या गरे ॥९॥

यो सुनेपछि राम्रोसँग ज्ञानदृष्टि खुलेका ती सुभद्र, बाटो भुलेको व्यापारी देवसंयोगले गाउँमा पुगेर सुखी भए झैं भए ॥१०॥

जुन मार्गको आश्रय ली म आजसंम आएको थिएँ, त्यो मार्ग कल्याणकारी रहेनछ भनी जानेका ती सुभद्रले पहिलेको बाटोलाई तत्काल त्याग गरे ॥११॥

त्यस मार्गमा रज र तमले युक्त कर्मको संचय हुन्छ । सत्वयुक्त रजले राम्रो कर्मको वृद्धि हुन्छ ॥१२॥

बुद्धि, प्रयत्न र विद्याले बढेको त्यस कर्मले सत्यको उत्पत्ति गर्छ । त्यसपछि कर्मफलको क्षय हुन्छ ॥१३॥

यस्तो जनको विचार उचित देखिंदैन । कसरी कर्मको विलय हुन्छ ? गुणहरु नित्य छन्, तिनको नाश संभव छैन ॥१४॥

कहिले कहीं प्रयत्न गर्दा कसैको कर्म निवृत्त पनि होला, तर पनि कालको संयोगले उसको पुनः संचय हुन संभव हुन्छ ॥१५॥

सत्व (गुण) नित्य छ । त्यो नित्य सत्त्वको वृद्धि कसरी हुन सक्छ ? अतः कर्मको नाश हुन सक्तैन । त्यसैले नैष्ठिक शान्ति प्राप्त हुन सक्तैन ॥१६॥

त्यस मतले प्राणीहरुको जन्म स्वभावले हुन्छ भन्ने मानेको छ । स्वभाव अपरिवर्तनशील छ । अतः त्यस मतले मुक्ति कसरी हुन सकछ ? ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जगत्को मूल कारण इच्छा नै हो भन्ने बुद्धमत नै उत्तम-मत हो । इच्छा नाश भएमा जगत्को नाश हुन्छ । कारणको अभावमा कार्यको अभाव हुनु ठीकै हो ॥१८॥

'देहभन्दा भिन्न कुनै नित्य आत्मा छैन' यो निश्चित सिद्धान्त हो । तथा यो जगत् आत्माको परिणाम ह्वैन र ईश्वररहित छ ॥१९॥

अनेक धर्मको परस्परमा सम्मिश्रण हुनाले प्राणीहरुको जन्म हुन्छ भन्ने यो बुद्ध-मत नै योग्य मत हो ॥२०॥

यो सनातन संसार, स्वरूपबाट नै निरन्तर परिणामयुक्त हुन्छ । अतः यसको प्रलय हुँदैन र यसमा नित्यता पनि छैन ॥२१॥

ती ब्राह्मणले यस प्रकारको बुद्धमत जानेर तर्कद्वारा त्यसलाई मन्थन गरी पूर्वमतलाई परित्याग गरी उत्तम बुद्ध मत ग्रहण गरे ॥२२॥

उनी सर्वोत्तम धर्म प्राप्त गरी सुखरूपी समुद्रमा निमग्न भए झैं भए । सुतेका मुनिलाई देखी ती कृतज्ञ ब्राह्मण यस्तो भन्नलागे ॥२३॥

मेरो निंति पूज्य श्रेष्ठ गुरुको मृत्यु--दर्शन उचित हुँदैन । त्यसैले यसभन्दा पहिले नै यो देह छोडी उत्तम अविनाशी निर्वाण प्राप्त गर्दछु ॥२४॥

त्यसपछि उनले मुनिलाई प्रणाम गरी पर्वत जस्तै स्थिर र मौन धारण गरी एकै क्षणमा वायुले ताडना गरेको बत्ती झैं निर्वाण प्राप्त गरे ॥२५॥

संस्कारका ज्ञाता मुनिले ती सुभद्रको अन्तिम संस्कार गर्ने आज्ञा दिए र यो मेरो उत्तम तथा अन्तिम शिष्यको आज अन्त भएको छ भने ॥२६॥

आधा रात बितेपछि जब चन्द्रमाको किरण फैलियो तथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनमा शून्यता छायो, तब विनायक (बुद्ध) ले शिष्यहरुलाई आदेश (आज्ञा) दिए ॥२७॥

म निर्वाण भएपछि मेरो प्राति-मोक्ष (ग्रन्थविशेष) नै तिमीहरुको निश्चित आचार्य, प्रकाशक र उपदेश गर्ने बनोस् ॥२८॥

तिमीहरुले त्यसैको अधीन रहनु पर्छ, उसैको आज्ञा मुताबिक कर्म गर्नु पर्छ । म मरेपछि पनि त्यसको स्वाध्याय आज जसरी गर्दछौ, त्यसरी नै गर्नु पर्छ ॥२९॥

मन, वचन र शरीर शुद्धिका लागि लौकिक वृत्तिलाई त्याग । दुकुटी र पृथ्वीको संग्रहलाई तातेको फलाम झैं पोल्ने संझी त्याग गर ॥३०॥

वृक्षहरुको छेदन (काटनु) पृथ्वीलाई जोत्नु, खन्नु तथा रस आउने पदार्थको बिक्री गर्नु, यी तिमीहरुका निंति उचित वृत्ति हुने छैन ॥३१॥

कतै मध्यस्थता, चतुर्‍याइँ, मंत्र, तंत्र, धूर्तता, कुटिलता र सिद्धिहरू गर्नु, यी सबै दुःखदायी छन् । यिनलाई त्याग गर्नु पर्छ ॥३२॥

यही नै प्रातिमोक्ष शीलको सार, मुक्तिको मूल र समाधिजन्य ज्ञान हो । यही नै अन्तिम उद्देश्यवाहक हो ॥३३॥

शील नै परम ज्ञान हो । शील नै परम तपस्या हो । शील नै परम धर्म हो । शीलद्वारा नै नैष्ठिक मोक्ष हुन्छ ॥३४॥

जसरी गोठालाहरू लट्ठीले गाईहरूलाई धानहरूबाट रोक्छन् । त्यसरी नै शीलद्वारा छ इन्द्रियलाई विषयहरूदेखि रोक्नु पर्छ ॥३५॥

जसका इन्द्रिय वशमा छैनन्, त्यसले सन्मार्ग पाउन सक्तैन । जस्तो बदमाश घोडा चढ्ने पुरुष सुख पाउँदैन, त्यस्तै यो पुरुष सर्वदा विपत्तिले ग्रस्त हुन्छ ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बलिया शत्रुहरूद्वारा खालि यसै लोकमा मात्र दुःख हुन्छ। तर भोग रूप शत्रुको वशमा पऱ्यो भने त यसलोक परलोक र सबै ठाउँमा दुःख भोग्नु पर्छ ॥३७॥

त्यसैले इन्द्रियहरूलाई सदा वश पार्नु पर्छ। इन्द्रियहरूको वशमा पर्नु हुँदैन। जसरी मृगहरू व्याधाको वशमा पर्छन्, त्यसरी नै भोगको इच्छा गर्ने पुरुष इन्द्रियहरूको वशमा पर्छन् ॥३८॥

विद्वानहरूलाई विषय-लिप्त इन्द्रियहरूबाट जति डर हुन्छ, त्यति सर्प, सिंह, अग्नि र शस्त्रबाट हुँदैन ॥३९॥

जस्तो सेना (फौज) को अध्यक्ष सेनापति हुन्छ, त्यस्तै इन्द्रियहरूको अध्यक्ष मन हो। त्यस मनलाई जितेपछि सबै इन्द्रियहरू जितिन्छन् (वश हुन्छन्) ॥४०॥

सबैको मन वानर झैं स्वभावैले चञ्चल हुन्छ। विद्वान् पुरुषले त्यसलाई युक्ति, भक्ति र शक्तिद्वारा वश पार्नु पर्छ ॥४१॥

रागद्वेषबाट विमुक्त भई औषधीको मात्रा झैं भोक शान्तिको निंति अथवा शरीर धारणको निंति मात्र अन्न खानु पर्छ ॥४२॥

जस्तो भमरा फूलको रस लिन्छ, तर फूललाई च्यात्नु, नाश गर्नु आदि केही गर्दैन। त्यस्तै आफ्नो वृत्तिलाई औषधीको मात्रा झैं अरूबाट अलिअलि मात्र लिई कसैलाई पनि पीडा नदिन् ॥४३॥

धेरै संग्रह गर्नु पनि ठीक हुँदैन। संग्रह गरेमा दुःखको भागी हुनु पर्नेछ। जस्तो मह जम्बा गर्नाले मौरीलाई व्याधाहरू जडाइदिइन्छन् ॥४४॥

दिनरात जागा भएर योगाचरणको अभ्यास गर्नु पर्छ। धेरै स्वप्न र धेरै जागरण नगरी संसारको हित चिन्तन गर्नु पर्छ ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो संसार कालरूपी अग्निले अत्यन्त चाँडो बल्न लाग्दा र दोषरूपी शत्रु जाग्रत रहँदासंम कुन पुरुष सुखको निद्रामा सुत्न पाउला ? ॥४६॥

जसरी मंत्र-तंत्रद्वारा सर्पलाई घरबाट निकाल्दछन् । त्यसरी नै ज्ञानद्वारा दोषहरू निकाली सुत । दोष ननिकाली सुत्नु योग्य हुँदैन ॥४७॥

लज्जा (लाज मान्नु) कामको आवरण (ढकनी) र शीलको भूषण (गहना) एवं दोषरूपी हात्तीको अङ्कुश हो त्यसैले लज्जा-संपन्न हुनु पर्छ ॥४८॥

लज्जावान् मनुष्य संसारमा पुजिन्छ र विद्वान्हरुबाट आदर पाउँछ । किन्तु यो हित यो अहित भनी नजान्ने निर्लज्ज पुरुष पशु-बराबर हो ॥४९॥

बलवान् शत्रु यदि आफूलाई आघात पुऱ्याउँछ भने पनि उसलाई प्रतिघात नगर्नू । दुष्ट बोली पनि नगर्नू । यही नै उत्तम प्रतिघात (बदलाको भावना) हो ॥५०॥

क्षमा (सहनु) नै ठूलो शक्ति हो । क्षमा नै ठूलो तपस्या हो । क्षमा नै धर्मको मूल हो । क्षमा जस्तो अर्को मित्र कुनै छैन ॥५१॥

धर्म, कीर्ति, रूप, गुण, ज्ञान र संपत्ति यी सबैलाई क्रोधले नष्ट पार्दछ । अतः क्रोधबराबरको अर्को शत्रु कुनै छैन ॥५२॥

क्रोध (रिस) जोगीहरूका निंति प्रतिकूल (विरोधी) छ । जस्तो हिउँको प्रतिकूल अग्नि छ । तर त्यही वस्तु (अग्नि) गृहस्थीहरूका निंति अनुकूल छ । जस्तो विषजीवीहरूका निंति विष अनुकूल हुन्छ ॥५३॥

तिमीहरूको हृदयमा कहिले कहीं अभिमान उदय भयो भने आफ्नो गेरुवा वस्त्र, मुण्डन गरेको शिर र कमण्डलु-लाई हेर ! ॥५४॥

जब अभिमान नाश पार्न गृहस्थहरू पनि प्रयत्न गर्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने, तब व्रतमा दीक्षित (मन्त्रग्रहण गरेको) हुने, भिक्षाको अन्न खाने, शिर मुण्डन गर्नेले ता अवश्य नै अभिमान त्याग्नु पर्छ ॥५५॥

छल र धर्म यी दुई चीज परस्परमा असंगत (विरुद्ध) छन् । छल संसारलाई छल गर्नाका निति र धर्म संसारको हितकालागि हुन्छ ॥५६॥

नाना विषयको इच्छा गर्नेलाई जुन दुःख हुन्छ, त्यो इच्छारहित पुरुषलाई हुँदैन । अतः गुणग्राही पुरुषले सदा निरिच्छाको नै अभ्यास गर्नु पर्छ ॥५७॥

जो धनीहरूलाई देखेर क्षुब्ध हुँदैन, गरीबलाई देखेर धनको इच्छा पनि गर्दैन तथा इच्छालाई वश गरेको छ, उसको हातमा मोक्ष रहन्छ ॥५८॥

यदि तिमी पूर्ण सुखको इच्छा गर्छौं भने संतोषको शरण लेऊ । संतोषी पुरुष पृथ्वीमा पनि सुखसँग सुत्दछ । असन्तोषी पुरुष स्वर्गमा पनि सुख पाउँदैन ॥५९॥

असंतोषी पुरुष धेरै धन भएमा पनि सदा दरिद्र नै रहन्छ । संतोषी पुरुष निर्धन भएर पनि सदा धनवान् नै हुन्छ ॥६०॥

परम शान्तिको इच्छा गर्ने बुद्धिमान् पुरुषले सुखमा आसक्ति गर्नु हुँदैन । सुखी पुरुषहरूलाई देखी सुखको इच्छा गर्ने इन्द्रादि देवता पनि वैरभाव गर्छन् ॥६१॥

आसक्ति नै दुःखरूपी वृक्षको जरो हो । अतः आसक्तिलाई परित्याग गर्नु पर्छ । जस्तो बूढो हात्ती हिलोमा गाडिन्छ, त्यस्तै आसक्त पुरुष संसारमा बाँधिन्छ ॥६२॥

गर्न नसकिने काम पनि उद्योग गर्दा सिद्ध हुन्छन् । जस्तो बारंबार पानी खस्दा ढुङ्गो पनि पातलो हुन्छ ॥६३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो अरणी मन्थन गर्दा कहिले पनि थकाई नमानेले नै आगो पाउँछ, सिद्धि पाउँदा पनि त्यस्तै रीति हो ॥६४॥

देहधारीको स्मृति मित्र हो । त्यसैले तिमी स्मृतिमान होऊ । स्मृति रहुञ्जेलसम्म चित्तमा दोषहरूको प्रादुर्भाव हुँदैन ॥६५॥

इन्द्रिय जितेका योगीहरूका निति स्मृति बलियो कवच हो । जस्तो मत्तवीरहरु युद्धमा लड्छन् , त्यस्तै स्मृतिरूपी कवच लगाएर योगीहरू विषयरूपी शत्रुसँग लड्छन् ॥६६॥

जसको चित्त समाधिले रोकिएको र भावले शुद्ध छ, त्यस्ता मानसिक समाधिले सिद्ध भएका पुरुषको मनमा मानसिक दुःख हुँदैन ॥६७॥

जस्तो पक्का बाँध बाँध्नाले प्रवाह रोकिन्छ, त्यस्तै समाधि-द्वारा पनि चित्त रोकिन्छ र चित्त-शोधन पनि हुन्छ ॥६८॥

जस्तो धनीहरुको रक्षा धन, धर्म, जन र घरबाट हुन्छ, त्यस्तै योगीहरुको रक्षा खालि समाधिले मात्र हुन्छ, ॥६९॥

प्रज्ञा (ज्ञान) भ्रमरूप अन्धकारको वत्ती तथा रोगहरुको परम औषधी हो । तो प्रज्ञालाई जन्म जरावस्थारूप समुद्रको नाउ र दोषरूप वृक्षको शस्त्र भनिएको छ ॥७०॥

ज्ञान र विद्याद्वारा प्रज्ञालाई निरन्तर बढाउनु पर्छ । जसको प्रज्ञामय चक्षु छ, त्यही मनुष्य नै चक्षुष्मान् (आँखाले युक्त) भनिन्छ ॥७१॥

जसले आफ्नो घर त्याग गरेर पनि चित्तको व्यापारलाई त्याग गरेको छैन, त्यसले दुवै लोक नष्ट गऱ्यो । त्यसको रक्षा कसरी हुन सक्छ ? ॥७२॥

उद्योगलाई मित्र झैं ग्रहण गर्नु पर्छ । प्रमादलाई शत्रु झैं त्याग गर्नु पर्छ । उद्योगले परम सिद्धि प्राप्त हुन्छ । प्रमादले क्षय हुन्छ ॥७३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दयालु गुरुको जुन कर्तव्य हो, मैले यहाँ पालन गरे । यसपछि तिमीहरुले नै महान् साधन गर्नु पर्छ ॥७४॥

तिमीहरुले विहारमा, पर्वतमा, वनमा, जहाँ कँही बसे पनि आफ्नो धर्माचरण गर्नु पर्छ, प्रमादी हुनुहुँदैन ॥७५॥

वैद्य रोगीको वलाबल विचार गरी औषधी दिने मात्र हो । त्यस औषधीलाई संयमपूर्वक समयमा खानु रोगीको अधिकारको कुरा हो ॥७६॥

जुन पथिक (बटुवा) राम्रो बाटो बताउँदा पनि खराब बाटोबाट हिँड्छ त्यो बाटो बताउने पुरुषको कुनै दोष छैन । न त्यो उसको ऋणी हो ॥७७॥

यदि मैले बताएका चार आर्यसत्यमा तिमीहरु कसैलाई कुनै शङ्का भए त्यो निस्सन्देह सोध ॥७८॥

मुनिले त्यसरी भन्दा पनि ती सबै मौन र शान्त रहे । उनीहरु भ्रमरहित थिए । कसैले केही भनेनन् । त्यसपछि उनको मनोभाव जानेर अनिरुद्ध यस्तो भन्न लागे ॥७९॥

सूर्य पसीनाले भिजून् । हावाको गति बन्द होस् । चन्द्रमा तातो बनून्, तर यी चार आर्य-सत्यलाई कसैले मिथ्या गर्न सक्तैन ॥८०॥

जो दुःख छ, त्यो सुख हुन सक्तैन । दुःखको कारण दुःख नै हो । दुःखको नाश भएपछि मुक्ति अवश्य हुन्छ । निरोध दुःखनाशको कारण हो ॥८१॥

त्यसैले हे सुगत ! चार आर्यसत्यमा कसैलाई कुनै कुराको पनि भ्रम छैन । जो आजसम्म लक्ष्य प्राप्त गरेका छैनन्, तीतपाईं निर्वाण हुनुहुन्छ भन्ने जानी दुःखी छन् ॥८२॥

जो अहिले यहाँ भरखर दीक्षित भएका छन् । जसले लक्ष्य प्राप्त गरेका छैनन्, तिनले पनि बिजुलीको चमकमा वस्तु देखे झैं तपाईंको वचनले तत्काल लक्ष्य प्राप्त गरे ॥८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले आफ्नो कर्तव्यलाई विशेषरूपमा समाप्त गरेका छन्, जो परमपदमा पुगेका छन्, तो पनि तपाईंको वियोगको दुःखले अत्यन्त कातर छन् ॥८४॥

यस प्रकारको आर्य अनिरुद्धको वचन सुनी तत्त्वज्ञानी सुगतले उनको वचनलाई शिष्यहरुको चित्तमा गडाउँदै दृढता पूर्वक भने ॥८५॥

हे अनिरुद्ध ! सबै प्राणीको मृत्यु निश्चित छ । युगपर्यन्त आयु भएका पनि अवश्य मर्छन् । तथा प्राणीहरुको संयोग र वियोग कहिल्यै पनि नित्य छैन ॥८६॥

मैले आफ्नो र अरुको सबै काम पूरा गरें । अतः म धेरै दिन बाँच्नाले संसारलाई के लाभ हुन्छ ? ॥८७॥

स्वर्गलोकमा र यस संसारमा जो दीक्षा पाउन योग्य थिए, ती सबै दीक्षित भैसके । तो सबैलाई मैले धर्ममार्गमा अनुसरण गराएँ ॥८८॥

मेरो यो धर्म यिनैद्वारा संसारमा प्रचलित हुनेछ । संसारमा यस धर्मले स्थायी शान्ति हुनेछ ॥८९॥

तिमीहरुले जगत्को यस स्वरूपलाई संझी तमबाट उत्पन्न यस शोकलाई त्याग र यस्तो नित्य प्रयत्न गर, जसबाट फेरि जन्मनु नपरोस् ॥९०॥

जब ज्ञानद्वारा यस संसारमा सारशून्य रहेछ भन्ने ज्ञान हुनेछ, त्यस बखत उसलाई मरेर फेरि बाँच्दामा हुने जस्तो सुख हुनेछ ॥९१॥

यो शरीर दुःखको घर र प्रपंचको मूल कारण हो । यो नष्ट भएमा संसारमा कसलाई आत्यन्तिक सुख प्राप्त हुँदैन ? अवश्य हुन्छ ॥९२॥

सबै वस्तु काल आएपछि नष्ट हुन्छन् । मेरो पनि यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काल आयो । तिमीहरू पनि शोक त्यागी जाँगरी (तमतयार) होऊ । मेरो यो अन्तिम वचन हो ॥६३॥

त्यसपछि ती ध्यानवान् मुनिले प्रथम ध्यानमा प्रवेश गरे त्यसपछि दोस्रो, तेस्रो गर्दै अन्तिम ध्यानमा प्रवेश गरे । ॥६४॥

ध्यानहरूको क्रममा माथिका नौ समाधिमा जाँदै फेरि क्रमैले तल ओर्लदै प्रथम ध्यानमा आए ॥६५॥

त्यसपछि फेरि त्यस समाधिबाट निस्की चतुर्थ ध्यानमा गए । पुनः चतुर्थ ध्यानबाट आई, ती जिन सदाका निति शान्त भए ॥६६॥

जुन समयमा मुनिले शरीर छोडे, त्यस वखत महावायुले हानिएको नाउ झैं पृथ्वी ठूलो वेगले काँपिन् । चारैतर्फ उल्कापात हुन लाग्यो ॥६७॥

दिव्य चैत्रवन जलाउन स्वर्गमा दावानलको ज्वाला उठे झैं गरी हावा रोकिएपछि पनि विनादाउराको अग्नि धूवाँ नभैकन बल्न थाल्यो ॥६८॥

क्रोधी इन्द्रले दानवहरूलाई जित्न वज्र छोडे झैं गरी आकाशमा शयौं ज्वालाहरू उकेल्दै भीषण वज्रपात हुन लाग्यो ॥६९॥

वृक्षहरूलाई उखेल्दै धूलो मिसिएको हावा बहन लाग्यो । झंझावातले पिटिएका पर्वतहरू आफ्ना टाकुरालाई आकाशमा फ्याँक्न लागे ॥१००॥

हिलो लिपिएको सिमालीको बीचमा रहेको हाँस झैं मलिन किरण भएको चन्द्रमा परिवेष (मण्डल) ले गर्दा कान्ति-रहित भए (देखिए) ॥१०१॥

मेघरहित भए पनि चन्द्रमासहित आकाश अन्धकारले ढाकियो । मुनिको संतापले संतप्त भएर हो कि नदीको पानी पनि तातो भयो ॥१०२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगाडिका सालवृक्षले सुन्दर हाँगारूपी हातद्वारा कोमल कोमल फूलहरू उनको शरीरमा वृष्टि गरे ॥१०३॥

शोकले राता राता आँखा पारेका नागहरू भक्तिले शिर निहुराई, मुनिलाई हेर्दै स्थिर र शान्त भै आकाशमा रहे ॥१०४॥

स्वर्गमा रहेको कुबेरको सभा कर्ममा आसक्त र धर्ममा अनुरक्त भएकोले आकुल नहुँदै शोक गरेन ॥१०५॥

कृतज्ञ देवसमूह मुनिमा श्रद्धा भए पनि लोक-स्थिति जानेकाले शान्त रहे। क्षुब्ध भएनन् ॥१०६॥

सद्धर्ममा सन्तोष प्राप्त गर्ने देवता, यक्ष, किन्नरहरू शोकले व्याकुल हुँदै त्यहाँ आए। उच्च स्वरमा अत्यन्त रुन लागे ॥१०७॥

ठूलो कठिनताले पूर्ण-मनोरथ भएको कामदेव आफ्नो दलसहित सन्तुष्ट भयो। अट्टहास गर्दै उच्चस्वरमा गाउन लाग्यो। शंख फुकेर नाच्न लाग्यो ॥१०८॥

त्यस बखत वज्रले पखेटा काटिएको पर्वत झैं, मद सुकेको हात्ती झैं, सीङ फुक्लेको साँढे झैं, यस संसारले पनि शोभा पाएन ॥१०९॥

त्यस बखत जस्तो चन्द्रमा नभएको आकाश कान्तिरहित हुन्छ, जस्तो हिउँले गर्दा कमल नष्ट भएको तलाउ कान्तिहीन हुन्छ, जस्तो धनविनाको विद्या विफल हुन्छ, मुनि नहुँदा यो संसार पनि त्यस्तै भयो ॥११०॥

छब्बीसौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

सत्ताईसौं सर्ग

निर्वाण प्रशंसा

यसपछि कुनै श्रेष्ठ देवताले आफ्नो मुख विमानबाट निकाली त्यस बखत सर्वज्ञलाई देखी विचार गर्दै यस्तो भन्न लागे ॥१॥

अहो ! यो सारा जगत् नश्वर छ। यहाँ मृत्युका निंति जन्म र जन्मका निंति मृत्यु हुन्छ। जसको यो जन्म-मृत्यु दुवै हुँदैन, त्यही नै भाग्यवान् हो ॥२॥

ज्ञानरूपी ज्वाला, कीर्तिरूपी ज्योति, जन्मरूपी दाउरा भएको बुद्धरूपी अग्निलाई यो अविनाशी कालरूपी जलले अत्यन्त नै शान्त पार्‍यो ॥३॥

स्वर्गमा रहँदा पनि त्यहाँको भोगबाट आकृष्ट नभएका आफ्नो व्रतमा दृढ भएका कुनै अर्को श्रेष्ठ मुनिले तथागतलाई हेर्दै बोल्यो ॥४॥

यस तीनै लोकमा नाश नहुने वस्तु कुनै छैन। जो यी साक्षात् संसारका गुरु छन्, ती पनि आज कालको वश भए ॥५॥

यो संसार अन्धो र मूढ छ। यसले तत्त्वज्ञानका सूर्य र शान्तिका दूत यी उत्तम मुनिलाई बुझ्न सकेन ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आसक्ति नष्ट भएका अनिरुद्धले मुनि नभएको यस संसारलाई प्रकाश नभएको देखेर धैर्यपूर्वक यस्तो भने ॥७॥

हे कर्मका अनुयायी मनुष्य हो ! संसारको स्थितिलाई हेर, आज कालरूपी वज्रले चुँडिएको यो मुनिरूपी दृढ पर्वत भग्न भएको छ ॥८॥

यो क्षणभङ्गुर संसारलाई जीवलोक भन्दछन् । यहाँ दोषरूपी हात्तीलाई नष्ट गर्ने मुनिरूप सिंह पनि आज स्वयं नष्ट भए ॥९॥

तीन थरीको कर्म (शुभ, अशुभ र मिश्रित) रूपी भाँडामा कामरूपी अग्निले पाकिरहेका पुरुषलाई ज्ञानरूपी अमृत दिने मुनि लीन भए ; अब यहाँ को रक्षा गर्छ ? ॥१०॥

एक अङ्कुर, दुई हाँगा, छ बीज (बीउ) र पाँच फल भएको दोषरूपी वृक्षलाई जुन् मुनिरूपी हात्तीले उखेलेका थिए यस्ता मुनि पनि रहेनन् ॥११॥

सम्राट्ले शत्रुहरुलाई जिते झैं, अग्निले दाउराहरु जलाए झैं दोषरूपी शत्रुहरुलाई नष्ट पारी मुनि जन्मबाट मुक्त भए ॥१२॥

जस्तो इन्द्र जलरूपी अमृतको वर्षा गरी तृप्त गराउँछन् । त्यस्तै शिष्यहरुलाई ज्ञानरूपी अमृतले तृप्त गराई यी मुनि गए ॥१३॥

जस्तो राजाधिराज कुबेर सबै तरहका धनीहरुका अधिपति (मालिक) हुन् । त्यस्तै यी मुनि पनि तपस्या, ज्ञान र गुणका अधिपति थिए ॥१४॥

जस्तो कुहिरोले ढाकेको वन, मेघले ढाकेको सूर्य शोभा पाउँदैन, त्यस्तै यिनको शोकले ढाकेको यस संसारले पनि शोभा पाएन ॥१५॥

उनले दुःख नमानीकन तपस्या गरेका थिए । आलस्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्याग गरी धर्म गरेका थिए । लोभ त्यागी योगाभ्यास गरेका थिए तथा मोहरहित भएर शरीर त्याग गरे ॥१६॥

जसरी सूर्यले अन्धकार नष्ट गर्छन्, त्यसै गरी यी मुनिले अज्ञानलाई बिलकुल नष्ट गरी आफ्नो जन्मले संसारलाई पवित्र पारी गए । अब उनी फर्केर आउँदैनन् ॥१७॥

सांसारिक दुःखनाशका निंति नै यिनको जन्म भएकोले घेरै मानिसहरु संसारबाट संतप्त भै यी मुनिको शरणमा गए ॥१८॥

मुनिले यस संसारमा कल्याण दिए । आफ्नो गुणले पृथ्वीलाई तारे । उनको आफ्नो तेजले नै उज्ज्वल कीर्ति बढ्यो ॥१९॥

उनले आफूलाई गाली गरेको सुनी दिक्दारी लिएनन् । दुःखीहरुको साथमा पनि कुराकानी गरे । अपवित्र भोजन स्वीकार गरेनन् । मीठो वस्तु खाँदा प्रसन्न पनि भएनन् ॥२०॥

उनले इन्द्रियसमूहलाई जिते । विषयमा आसक्ति छोडे । अरुले पाउन नसकिने नैष्कर्म्य (निष्कामता) लाई उनले पाए ॥२१॥

उनले आफ्नो धैर्यले राज्य त्यागे । गुणले मनुष्यहरुलाई आकृष्ट गरे । पहिले कसैले पनि दिन नसकेको दान यिनले लोभरहित भएर दिए ॥२२॥

उनका नेत्र सदा मुकुलित (आधा बन्द) रहन्थे । उनको चित्त सदाचारले घेरिएको हुन्थ्यो । ती योगको कल्याण सदा विकसित रहन्थ्यो ॥२३॥

उनले खराब काम कहिल्यै पनि गरेनन् । शुभ कर्म भने सधैं गरे । उनले कामरूपी शत्रुलाई वश गरी पापको मूलोच्छेदन गरे ॥२४॥

ती मुनिले योगद्वारा धर्मको रक्षा गरे तथा उत्तम सुखलाभ गरे । अक्षय कीर्ति कमाए तथा यम (इन्द्रिय–निग्रह) र कामलाई जिते ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती जितेन्द्रियले धैर्यद्वारा आठ (अपरा प्रकृति) लाई त्यागी पाँच कर्मेन्द्रियलाई जिते। तीन प्रकारका कर्मको त्याग गरी बुद्धिले तीनको विवेचना गरे ॥२६॥

उनले तीन प्रकारको दृष्टि प्राप्त गरी एकको मात्र रक्षा गरे। एवं सात गुरु-वस्तुलाई राम्रोसंग त्यागी एकको चिन्तन गरे ॥२७॥

सज्जनलाई श्रद्धामा पुऱ्याए। शान्तिमार्गको शोधन गरे। तथा पापवृक्षको छेदन गरी श्रद्धावान्लाई छुटाए ॥२८॥

उनले आफ्ना धेरै वचनरूपी अमृतले जगत्-वृक्षको सेचन गरे। शिष्यहरुलाई धर्ममा रमाए तथा तिनलाई शोकरहित पारे ॥२९॥

उनले आर्यपुरुषहरुमा सद्धर्म रोपे। उनलाई आर्यमार्गमा पुऱ्याए। अनार्यहरुलाई पनि दया गरी सद्धर्मको शिक्षा दिए ॥३०॥

ती विनायकले युक्तिद्वारा अरु दर्शन निराकरण गरी प्रत्यक्ष योगद्वारा तान्त्रिक सिद्धान्त देखाए ॥३१॥

उनले यस जगत्लाई अनात्म, अनित्य र सुखरहित बताई आफ्नो उन्नत कीर्तिरूपी पताका फहराए ॥३२॥

ती योगीको चित्त निन्दाले कहिले पनि विचलित भएन र सांसारिक कर्ममा उनको कहिले पनि इच्छा भएन ॥३३॥

ती महात्माले संसारबाट स्वयं पार भई मोहमा डुबेका मनुष्यहरूलाई पनि पार उतारे। स्वयं मुक्त भएर संसारका कर्म-ग्रन्थिको पनि मोचन गरे ॥३४॥

न्याय-अन्याय छुट्याउनमा सर्वश्रेष्ठ भएका धर्मप्रिय सर्वज्ञ ती मुनिले उत्तम ज्ञानको उपदेश गरी सज्जनले पाउने नित्य गति प्राप्त गरे ॥३५॥

गौरवमा सुमेरु पर्वत जस्ता, सहनामा पृथ्वी जस्ता, तथा दातामा मेघ जस्ता यी मुनि आज छैनन् ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले छोरालाई मैं संसारको लालना गरे, शिष्यलाई मैं संसारलाई शिक्षा दिए तथा प्रजा मैं पालना गरे। तौ मुनि आज छैनन् ॥३७॥

सेनासहित कुपित भएको काम जुन मुनिबाट अनेक बार पराजित भयो। अहिले त्यही काम मृत्युको साथ भई यी मुनिलाई जित्न समर्थ भयो ॥३८॥

यी देवता र मनुष्य आज शोकले व्याकुल हुँदै मोहमा परेका छन्। किनकि आज पनि शोकभन्दा पर रहेको शान्ति-मार्गलाई पाउन सकेका छैनन् ॥३९॥

यी मुनिले ऐनामा प्रतिविम्ब परे झैं आफूमा नै यस संसारलाई देखे तथा दिव्य कानले यस संसारभरको शब्दलाई नगीचमा नै सुने ॥४०॥

तौ सर्वज्ञ मुनिले कसैको पनि अवलम्बन नगरी स्वर्गारोहण गरे। कनेक रूप धारण गरे। बाधारहित भई पृथ्वीमा प्रवेश गरे। तथा नडुबीकन पानीमा हिंडे ॥४१॥

बटुवाले आफ्नो पहिलेको बासका हालचाल जाने झैं बितेका जन्मको घटना जाने। त्यस्तै अरुका मनमा रहेको भावलाई पनि जाने ॥४२॥

तौ पूर्णकाम, जितेन्द्रिय मुनिले चित्तको सबै मैलोपनाहरू काटे। तथा तौ सर्वज्ञले सबैका साथ समान व्यवहार गरे ॥४३॥

तौ दयालु सर्वज्ञ मुनिले चंचल चित्त भएका पुरुषलाई पनि दीक्षा दिए। उनले मन्दचित्त भएका पुरुषलाई पनि चतुरो बनाए। ॥४४॥

अब यहाँ हताश र पीडित पुरुषलाई कसले शान्ति दिने छ? स्वयं दोषरहित भएर संसारका दोषहरूको कसले छेदन गर्नेछ? ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारसागरमा डुबेका दुःखी मनुष्यको कसले उद्धार गर्नेछ ? तथा अज्ञानसागरमा डुबेका मनुष्यलाई नाउले झैं कसले पार लगाउला ? ॥४६॥

मुनि नभएको यो संसार जलन भएको समुद्र झैं, सूर्यास्त भएको आकाश झैं, राज्यभ्रष्ट भएको राजा झैं देखिएको छ, ॥४७॥

मुनि नभएको यो संसार बुद्धि नभएको विद्याजस्तो, आचार नभएको क्रियाजस्तो, दया नभएको धर्मजस्तो देखिएको छ ॥४८॥

ती मुनि नभएको यो संसार सेनापति नभएको सेनाजस्तो, सारथी नभएको रथजस्तो, पति नभएको पत्नीजस्तो भएको छ ॥४९॥

जस्तो चन्द्रमा नभएको रात्रि र राजा नभएको राज्यले शोभा पाउँदैनन्, त्यस्ते मुनि नभएको यस संसारले पनि शोभा पाएको छैन ॥५०॥

ती विनायक अर्हत तथा कृतार्थ भएर पनि गुरुप्रति कृतज्ञ भएकाले जगत्को दोष र गुरुका गुणको अनेक बार तिनले वर्णन गरे ॥५१॥

त्यहाँ तत्त्व नबुझेका भिक्षुहरु रुन थालेका थिए, तर जो तत्त्वज्ञ थिए, तिनले जगत्लाई नाशवान् संझी धैर्य छोडेनन् ॥५२॥

बुद्धको निर्वाण-वृत्तान्त सुनेर मल्लहरू दुःखी हुँदै त्यहाँ आए। उनीहरु सर्पले समातेको भ्यागुता झैं उच्च स्वरमा अत्यन्त विलाप गर्न लागे ॥५३॥

किरणरहित सूर्यजस्ता प्राणरहित मुनिलाई देखी मोहरूप अन्धकारमा डुबेका ती मल्लहरु भक्तिले गर्दा घेरै विलाप गर्न लागे ॥५४॥

धर्मगुरुको निर्वाणले शोकाकुल भएका मल्लहरूमध्ये एउटा बुझेका धर्मपरायण धीर मल्लले भने ॥५५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन जद्गुरुले सुतेका मनुष्यहरुलाई जगाए, उनै जगद्गुरु पश्चिम दिशामा अस्त हुन लागेको सूर्य झैं मृत्युशय्याको आश्रय लिएका छन् ॥५६॥

हा ! जसका तीखा ज्ञानरूपी किरणले अज्ञानरूप गाढ अन्धकारलाई निरन्तर नष्ट गरे, ती बुद्धरूपी सूर्य अस्त हुँदै-छन् ॥५७॥

ज्ञानरूपी विमान नष्ट भयो ! लोकचक्षु बन्द भयो ! धर्मको पुल भाँच्चियो ! हा, सबै नष्ट भयो ! ॥५८॥

यस तरहले कुनै रुन लागे । कुनै अत्यन्त विलाप गर्न लागे । कुनैले ज्ञानले धैर्य धारण गरे । कुनै चूप लागे ॥५९॥

त्यसपछि विलाप गर्न लागेका ती मल्लहरूले आफ्ना हात्तीका सूँड जस्ता हातले मुनिको शवलाई सुवर्णमय सुन्दर पाल्कीमा राखे ॥६०॥

नाना किसिमका फूल-माला र सुगन्धी द्रव्यले भक्तिपूर्वक विधिविधानले पूजा गरे । त्यसपछि ती सबैले पालकी उडाए ॥६१॥

सुकुमारी कुमारीहरूले गहना रगडिंदा शब्द गर्ने आफ्ना हातले बिजुली जस्तो चंकिलो चट्टुँवा पाल्कीमा लगाए ॥६२॥

कसैले सेतो मालाले सुसज्जित छाता धारण गरे । कसैले सुनको डण्डा लगाएको सेतो चमर डोलाए ॥६३॥

मल्लहरूले त्यो सुन्दर पालकी आफ्नो हातमा बोके । त्यस बखत वर्षाकालमा मेघ गर्जे झैं आकाशमा दुन्दुभि बाजा बज्न थाल्यो ॥६४॥

जलक्रीडामा मत्त भएका देवगजहरूको सूँडद्वारा विक्षिप्त भएर खसे झैं आकाशद्वारा देवगंगाका सुवर्णमय कमलका फूलको वर्षा भयो ॥६५॥

स्वर्गबाट देवताहरू र सिद्धहरुले नन्दन वनमा हुने पारि-जात आदि फूलले पुष्पाञ्जलि अर्पण गरे ॥६६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विमानमा बसेका गन्धर्व र देवताका रमणीहरु आँसुले आफ्ना स्तनमा रहेका मालाहरू भिजाउँदै बिस्तार बिस्तार मृत्युगीत गाइरहेका थिए ॥६७॥

मल्लहरू सेता र अग्ला फहराइरहेका पताकाहरूले सुशोभित त्यस पाल्कीलाई काँधमा बोकी बिस्तार बिस्तार पवित्र मार्ग-बाट हिंडे ॥६८॥

मनुष्यहरु बारंबार करुणापूर्वक मुनिका दिव्य स्तोत्रहरुको पाठ र श्रद्धाले प्रणाम गरिरहेका थिए। यसरी त्यो शवलाई गाउँको बीचबाट लगे ॥६९॥

तिनीहरुले नागद्वारबाट निस्की हिरण्यवती नदीलाई पार गरी मुकुट चैत्यको तल सुन्दर चिता बनाए ॥७०॥

ती मल्लहरुले दिव्य चन्दन, अगुरु तथा वल्कल आदिले रचिएको त्यस चितामा, चन्दनादिले सुवासित मुनिको शरीर-लाई राखे ॥७१॥

त्यसपछि बत्ती बाली तीन पटक चितामा लगाउँदा पनि मन्त्रले रोकिएको झैं गरी त्यो चिता जलेन ॥७२॥

दर्शन गर्न इच्छा गर्ने मुनिका शिष्य काश्यप, बाटामा आउँदै थिए। उनको भावनाले प्रतिबन्धित त्यो चिता त्यस बखत बलेन ॥७३॥

निन्याउरो मुख लगाएका ती काश्यप दौडँदै त्यहाँ आएर मुनिलाई प्रणाम गरे। त्यसपछि त्यो चिता स्वतः बल्यो ॥७४॥

जसलाई पापले जलाउन सकेको थिएन। त्यस्तो मुनिको मासु, छाला, रौं आदि सबै वस्तुलाई अग्निले जलायो, तर हाड जलाउन सकेन ॥७५॥

त्यसपछि ती मल्लहरुले ती हाडलाई धोई सुवर्णको कलशमा राखी आफ्नो आफ्नो सुन्दर नगरमा स्थापना गरे ॥७६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो ब्रह्माको धातुलाई प्रलयकालको अग्निले जलाउन सकेन, त्यस्तै त्यस घटमा पनि चिताको अग्निले जलाउन नसकेको धातु हो ॥७७॥

यो धातु मङ्गलमय र अमूल्य छ । संसारलाई पवित्र पार्न समर्थ छ । मुनिको भक्तिले यसलाई यहाँ स्थापना गर्छु । यसले विश्वलाई शान्ति दिनेछ ॥७८॥

जसले काम क्रोध र कठोर संसारलाई जिते, ती मुनिको यो कल्याणमय धातुले संसारलाई पवित्र गर्नेछ ॥७९॥

अहो ! काल कति निष्ठुर रहेछ । जसले यस्ता मुनिश्रेष्ठ-लाई पनि छोडेन । जुन मुनिको धर्म र कीर्तिले यो चराचर-विश्व व्याप्त छ ॥८०॥

जसको सूर्यसमान तेज थियो । जसले संसारलाई आलोकमय किरण दिए । ती मुनिको शरीरलाई अग्निले पनि हाडमात्र बाँकी राख्यो ॥८०॥

जसले संसार सागरलाई सुकायो । दोषरूपी महावनलाई जलायो । तर पनि ती मुनिको शरीरलाई अग्निले खरानी पार्‍यो ॥८२॥

जुन मल्लहरुले युद्धमा शत्रुहरुलाई जितेका थिए । कहिले पनि दुःखी हुँदैनथे तथा आत्मीय जनलाई शोकरहित पार्दथे, तर ती पनि रोइरहेका थिए ॥८३॥

ती मल्लहरु बलवान् भए, तापनि शोकाक्रान्त हुनाले दुर्बल भएका ती मल्लहरुले शून्य वनजस्तो सहरमा प्रवेश गरे । उनले ब्रह्माको हाँस स्वर्गबाट पृथ्वीमा आएको झैं मुनिको अस्थिलाई पूजा गर्ने भवन बनाए ॥८४॥

सत्ताईसौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धचरित्र

अट्ठाईसौं सर्ग

धातु–विभाजन

अनि केही कालपछि मल्लहरुले पूजा गरेको त्यस धातुलाई लिन छिमेकका सात राजाहरुका दूत क्रमैले त्यहाँ आए ॥१॥

धातुमा अत्यन्त श्रद्धा हुनाले र आफ्नो बलको गौरवले गर्दा मल्लहरुले धातु दिनुको सट्टा उनका साथ युद्ध गर्नु नै कल्याणकारी सम्झे ॥२॥

दूतहरुको मुखबाट यस्तो कुरा सुनी रिसाएका ती सात राजाहरु समुद्रको लहर झैं सेनाहरुको साथ त्यहाँ आए ॥३॥

फौजका घोडाको हिनहिनाहट तथा हात्तीहरुको चीत्कारले डराएका पुरवासीहरु बाहिरबाट चाँडै नै नगरमा प्रवेश गरे ॥४॥

ती सात राजाहरुले कुशपुरभन्दा बाहिर सेनाहरु बस्ने बलियो शिविर बनाई, क्रोधले मल्लहरुलाई युद्धमा ललकारे ॥५॥

त्यसपछि भयले व्याकुल स्त्री झैं त्यो पुरी (सहर) नेत्र (आँखा) रूपी द्वार र पलकरूपी खापाले चाँडो बन्द गरी शोक गर्न लाग्यो ॥६॥

सात ग्रह झैं सात राजा एकत्र हुनाले पृथ्वी उपद्रवयुक्त हुँदै समुद्रपर्वतसहित बडो वेगले काँप्न लागिन् ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हात्ती, घोडा, रथ र पैदल सैन्यको संचारले उठेको धूलो द्वारा सूर्य ढाकिनाले दुर्दिन (बदलीको दिन) भयो ॥८॥

जस्तो प्रलय कालमा समुद्रका चंचल तरङ्गले पृथ्वीलाई घेर्दछ, त्यस्तै राजाहरुले सेनाहरुद्वारा नगरलाई चारैतर्फबाट घेरे ॥९॥

पुरवासीहरु धैर्य धारण गरी, भय त्यागी, संगठित भएर परखालपरखालमा चाँडो चढी शत्रुलाई तीखा तीखा अस्त्र-शस्त्रहरु छोड्न लागे ॥१०॥

सिंहजस्ता पराक्रमी कुनै गर्जन थाले। अर्काथरी शंख बजाउन थाले। कुनै तरवार निकाली यताउति घुमाउँदै पयट लिन थाले ॥११॥

वीरका पत्नीहरुले विजयका निंति उत्सुक आफ्ना वीर पतिहरुलाई माङ्गलिक कुमकुम, फूल र रणगीतले पूजा गरे ॥१२॥

आमाहरुले आफ्ना काँपेका हातले युद्धमा पराक्रम देखाउने आफ्ना वीर-पुत्रलाई कवच, ढाल, धनु र ठोक्राहरुले सजाए ॥१३॥

कुनै कातर स्वभाव भएकी मृगनयनी आफ्ना पतिका हातमा रहेको धनुलाई समाती तलतिर मुख फर्काई न जानै सकिन्, न त्यहीँ रहन सकिन् ॥१४॥

त्यसपछि मल्लहरुलाई युद्धका निंति तय्यार हुँदै, सर्प झैं निस्कन लागेको देखी, अन्य राजाहरुले झन कुपित हुँदै महा-युद्धको निश्चय गरे ॥१५॥

तब करुणाले आकुल मन भएको द्रोण नाम भएको कुनै श्रेष्ठ ब्राह्मणले युद्धमा उन्मुख वीरहरुलाई देखी मीठो वचन भन्न थाले ॥१६॥

बाहिर भएका शत्रुहरुलाई शस्त्रले जित्नु सुलभ छ। तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परखालभित्र रहेका शत्रुहरुलाई जित्नु सुलभ छैन । त्यसमा पनि संगठित छन् भने ता अत्यन्त दुर्लभ हुन्छ ॥१७॥

कदाचित् सहरलाई नै घेरी शत्रुहरुलाई जिते पनि त्यो धार्मिक युद्ध हुने छैन । त्योत निरपराध पुरवासीको हत्या कहिनेछ ॥१८॥

यदि बल र शेखीले भित्र प्रवेश गरी अन्यायले युद्ध गरे पनि न्यायप्रिय मनुष्यहरुमा तपाईंहरुको विजय हुनेछैन ॥१९॥

सहरमा प्रवेश गरेको सुनी तुच्छ प्राणी पनि पराक्रम देखाउनेछ । पाउले थिचिएको सानो कीराले पनि वेसरी टोक्छ ॥२०॥

बूढा धार्मिक मनुष्यहरु रिसाएर पूर्वकालमा कुशपुरमा करन्धम राजालाई युद्धमा जितेका थिए ॥२१॥

जस जसले विषय भोग अथवा कीर्तिका निंति यो सारा पृथ्वी जितेका थिए । ती राजा पनि विकराल कालको गाँस बने ॥२२॥

अतः सुखको इच्छा गर्ने पुरुषले धर्म, अर्थ, कामको स्वरूपलाई बडो राम्रोसँग बुद्धिले विवेचना गरी शान्तिको उपायलाई व्यवहारमा ल्याउनुपर्छ ॥२३॥

शस्त्रले जितेको मनुष्यको मन फेरि पनि कुपित हुन्छ, तर शान्तिको उपायद्वारा जितेको मन निरन्तर शान्त रहन्छ ॥२४॥

तपाईंहरु जुन शाक्यमुनिको संमान गर्न इच्छा गर्नु हुन्छ । उनैको आज्ञा मानी यत्नपूर्वक शान्तिको आश्रय लिनुहोस् ॥२५॥

दयावान् ती ब्राम्हणले नडराईकन यस्तो स्पष्ट भनेपछि ती बलवान् तेजस्वी राजाहरु पनि शान्त भै यस्तो भन्न थाले ॥२६॥

तपाईंले मित्रले झैं यथार्थ र हितकर वचन बोल्नु भो । अब हाम्रा कुरा सुन्नुहोस् । हामीहरुलाई धर्ममा प्रेम र बलमा विश्वास छ । यही नै युद्धको कारण हो ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रायः यस संसारमा मानिसहरु इच्छा र लोभले गर्दा युध्द गर्दछन् । हामीहरुले त मुनिको भक्तिले गर्दा स्वभावैले शस्त्र ग्रहण गरेका हौं ॥२८॥

चेदिराजले अभिमानले कृष्णसँग युध्द गरेका थिए । जुन मुनिले अभिमान जिते, उनको पूजा हामी किन नगरौं ? ॥२९॥

वृष्णि र अन्धकहरुले कन्याको इच्छा गरी संग्राममा युध्द गरे । जुन मुनिले कामलाई राम्रोसँग जिते, हामी उनको पूजा किन नगरौं ? ॥३०॥

रावण कालरूपी सीतालाई ग्रहण गरी नष्ट भयो । जुन मुनिले संग्रहको त्याग गरे, हामी उनको पूजा किन नगरौं ॥३१॥

परशुरामले क्रोधले राजाहरुलाई समूल नष्ट पारे । जुन मुनिले क्रोध जिते, हामी उनको पूजा किन नगरौं ? ॥३२॥

संसारमा अनेक किसिमका अनुचित नरसंहारी युध्द अनेकौं पटक भए । । हामीहरु मुनिको पूजाका निति यो हितकर युध्द किन नगरौं ? ॥३३॥

मोहले गर्दा नै ऐलि र पक्क आपसमा युध्द गरी नष्ट भए । जुन मुनिले मोहलाई राम्रोसँग जिते, हामी उनको पूजा किन नगरौं ? ॥३४॥

हाम्रो यो उद्देश्य छ । तपाईं दूत भएर यहाँबाट जानुहोस् र युद्ध नगरीकन कार्यसिद्धि हुने प्रयत्न गर्नुहोस् ॥३५॥

हाम्रा साथमा तीखा हतियारहरु छन् तथा युध्दमा समर्थ पनि छौं । तर तपाईंको आग्रहले मन्त्रले मुग्ध भएको सर्प रोकिए झैं हाम्रो वेग पनि रोकिएको छ ॥३६॥

त्यसपछि ती ब्राह्मण राजाहरुको आज्ञा लिई, चाँडै नै मल्लराजकहाँ गए र नगरीप्रवेश गरी-ठीक समयमा मल्लहरुलाई बताए ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीखा बाणहरु लिएका कवचधारी ती वीर पुरुषहरु युद्धको इच्छाले तैय्यार भएर तपाईंका नगरको ढोकामा सिंहसमान गर्जिरहेका छन् ॥३८॥

ती, आफ्नो अमोघ हतियार र अजेय बल देखेर पनि मुनिको धर्म, स्मरण गरी डराइरहेका छन्, तर युध्ददेखि डराएका छैनन् ॥३९॥

हामी अहङ्कार अथवा राज्यको लोभले आएका होइनौं। खालि मुनिको भक्तिले यहाँ आएका हौं। हाम्रो वचन मान्नु पर्छ भनी ती भन्दछन् ॥४०॥

ती मुनि जस्तो तिमीहरुको गुरु छन्, त्यस्तै हाम्रा पनि गुरु हुन्। ती संसारका गुरु हुन्। उनको अस्थि (हाड) पूजाका निति यहाँ आएका हौं ॥४१॥

पृथ्वीमा धर्मको कार्पण्यले जति पाप लाग्छ, त्यत्ति पाप अरु कुनै तरहले हुँदैन। कृपण वचन बोल्नु पाप हो तथा धर्मको घात गर्नु पनि पाप हो ॥४२॥

यदि धातु दिन इच्छा गर्नु हुन्न भने सहरबाट बाहिर निस्की ढोकामा आएर बसेका वीर अतिथिहरुलाई बीर कर्मले स्वागत गर्नोस् ॥४३॥

राजाहरुको धीरता र मित्रताले मिसिएको यो सन्देश छ, जो मैले सुनाएँ। अब यसपछि मेरा पनि केही राम्रा कुरा सुन्नुहोला ॥४४॥

झगडा गर्नाले न सुख हुन्छ, न धर्म नै हुन्छ। मुनिले पनि सदा क्षमाकै उपदेश दिएका छन् ॥४५॥

संसारमा प्रायः मनुष्य कामका निति अथवा अर्थका निति युद्ध गर्छन्। जुन आर्यले धर्मको आश्रय लिएका छन्, उनको मतमा यी दुवै विपरीत छन् ॥४६॥

जुन मुनिले शान्ति प्राप्त गरे तथा अरुलाई पनि शान्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रदान गरे, ती दयालु मुनिको पूजाका निंति मनुष्यहत्या व्यर्थ नगरौं ॥४७॥

उनीहरूलाई धातु-प्रदान गर्नाले तपाईंहरू धर्म र कीर्तिको भागी हुनुहुनेछ । सबै राजा तपाईंका मित्र हुनेछन् तथा जनतामा शान्ति हुनेछ ॥४८॥

धर्मदेखि विमुख प्राणीहरूलाई प्रयत्नपूर्वक धर्ममा लगाउनु पर्छ । जुन धीर पुरुष यस्तो गर्छन्, ती धर्मका पात्र हुन् ॥४९॥

मुनिले सद्धर्मभन्दा ठूलो केही छैन भने । धनदाता-मनुष्य संसारमा सुलभ छन्, तर धर्मदाता अत्यन्य दुर्लभ छ ॥५०॥

द्रोणाचार्यको जस्तो विद्वान् ती द्रोणको धर्मदिने र कीर्ति दिने वचन सुनेपछि ती मल्लहरूले भने ॥५१॥

हे ब्राह्मण ! असल मित्रको जस्तो ब्राम्हण-गुणले संपन्न तपाईको वचन छ । तपाईले खराब बाटोमा जान लागेको दुष्ट घोडालाई झैं हामी सबैलाई सन्मार्गमा ल्याउनु भएको छ ॥५२॥

तपाईले जस्तो भन्नु भो, निश्चय नै हामी सबै त्यसै गर्छौं । किन भने मित्र-वचनको अनादर गर्ने पुरुषलाई विपत्तिले घेर्दछ ॥५३॥

त्यसपछि मल्लहरूले मुनिको त्यो मङ्गलमय धातुलाई आठ भाग गरी एक एक भाग सात राजालाई दिए । आठौं भाग स्वयं राखे ॥५४॥

धातु पाएर प्रसन्न भएका ती राजाहरू आफ्नो आफ्नो देशतर्फ गएर । उनीहरु सबैले आफ्नो नगरमा त्यो धातु राख्ने स्तूप बनाउन लगाए ॥५५॥

आफ्नो देशमा स्तूप बनाउनका लागि द्रोणले घट लिए । मुनिमा भक्ति भएकोले पिसल बचेको भस्ममात्र लिएर गए ॥५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी यस पृथ्वीमा धातु-गर्भित आठ, घट-गर्भित नवौं एक, र भस्म-गर्भित दशौं एक, गरी दश स्तूप बनाउन लगाए ॥५६॥

ध्वजा-पताकाले मनोहर एवं उज्ज्वल स्तूपहरुको सामन्त सहित राजाहरु, बन्धुबान्धवहरूले सहित ब्राम्हण र प्रजाहरूले पनि पूजा गर्न थाले ॥५८॥

स्तूपहरुमा अखण्ड बत्ती बल्न थाल्यो । दिनरात घण्टा बज्न थाल्यो । राजाहरू चन्दन, फूल, माला आदिले पूजा गरी स्तोत्र पाठ गर्न थाले ॥६०॥

त्यसपछि धर्मलाई स्थायी बनाउने उद्देश्यले सबै भिक्षु-हरू पर्वतको टाकुरामा सम्मिलित भई सावधानीपूर्वक मुनिका उपदेशहरूलाई संग्रह गरे ॥६१॥

ती सबैले, आनन्दले नै साक्षात् मुनिको मुखबाट सबै धर्मको श्रवण गरेका छन् भन्ने निश्चय गरी आनन्दलाई ती सबै उपदेशहरू फेरि दोहोऱ्याएर भन्न आग्रह गरे ॥६२॥

त्यसपछि ती आनन्द त्यहाँ बसेर बुद्ध भगवान्बाट जस्तो सुनेका थिए, त्यो सबै जस्ताको तस्तो गरी प्रसंग, समय र स्थान आदिसहित यथार्थ प्रवचन गरे ॥६३॥

यसरी आनन्दले बौद्धभिक्षुहरुसँग मिली, मुनिका धर्म-शास्त्रको निश्चय गरे। जसको ज्ञानले मनुष्यहरु शोकरूपी सागरको पार गए, जाँदै छन् र जानेपनि छन् ॥६४॥

त्यसपछि कालान्तरमा धर्म-प्रिय प्रियदर्शन अशोकको जन्म भयो । जसले सज्जनहरूलाई शोकरहित र दुर्जनलाई शोकसहित पारे ॥६५॥

ती मौर्य (अशोक) ले जनताको कल्याणका निति घेरै स्तूपहरू बनाए । अतः उनी चण्डाशोक(चण्ड-अशोक)बाट धर्मराज अशोक कहिन लागे ॥६६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मौर्य वंशका प्रदीप जितेन्द्रिय ती अशोकले सात धातु-गर्भित स्तूपहरूबाट मुनिको धातु लिएर अनेक भागमा विभाजन गरे ॥६७॥

ती काम गर्न सिपालु अशोकले विभाजित गरिएको धातु मध्येबाट एकै दिनमा असी हजार स्तूपहरूको क्रमशः स्थापना गरे ॥६८॥

यस रामपुरमा महात्मा बुद्धको आठौं मुख्य स्तूप थियो। विश्वासी नागहरू त्यसको रक्षा गर्थे। अतः त्यसबाट कुनै धातु लिन सकिएन ॥६९॥

चित्तलाई भ्रान्ति दिलाउने नाना किसिमका राज्यका सुखोपभोग भएर पनि घरैमा बसेर विशुद्ध चित्त भएका अशोकले उत्तम धर्मलाभ गरे ॥७०॥

यस प्रकार जो कसैले मुनिको पूजा गरे, गर्दछन् तथा गर्नेछन्, तिनले अवश्य नै उत्तम फल पाएका थिए, पाउँदछन् तथा पाउनेछन ॥७१

बाँचेका मुनिलाई नमस्कार गर्दा मनुष्यहरू जुन फल पाउँथे, त्यही फल मुनिका धातु पूजाले पाउनेछन्। यसमा सन्देह छैन ॥७२॥

यस पृथ्वीतलमा मनुष्यहरु त्यसैले अव्यय तथा परम धर्मका ज्ञाता बुद्धलाई परम श्रद्धा गरी पूजा गरून् ॥७३॥

जसले दुःखीहरूको उद्धार गरे तथा धर्ममार्गको शोधन गरे। यस्तो लोक-कल्याण-रत बुद्धलाई कृतज्ञ मनुष्यहरु किन पूजा नगरून ? ॥७४॥

जसले संसारमा जन्म र वृध्दावस्थाबाट हुने दुःख तथा स्वर्गबाट पतन हुने दुःख लाई जान्यो, त्यस्ता बुद्धसमान पूज्य यस संसारमा को छन् ? ॥७५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले यस संसारमा पुनर्जन्मरूप महान् दुःखबाट स्वयं मुक्त भई निरन्तर अरु प्राणीलाई पनि मुक्त पारे यस्ता बुध्द-समान पूज्य यस संसारमा अर्को को छ ? ॥७६॥

मनुष्यहरु ती महामुनिको चरित्र पढ्नाले तथा श्रवण गर्नाले पुनर्जन्मरूप दुःखबाट मुक्त हुनेछन् । यसमा सन्देह छैन ॥७७॥

बुध्दमा प्रेम हुँदा बुध्दशास्त्रको अनुसरण गरी लोकहित र शान्तिका निंति यस काव्यको रचना गरेको हुँ । काव्यकला र पाण्डित्यको निंति होइन ॥७८॥

महाकवि अश्वघोषले रचना गरेको
बुद्धचरित्र महाकाव्यरूप बौद्ध—ग्रन्थको

अट्ठाईसौं सर्ग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal